ISSN 2091-2013

# हाम्रो पुरुषार्थ

(त्रैमासिक)

## रेसुङ्गाक्षेत्र विशेषाङ्क



किरण पुस्तकालय
तम्घास, गुल्मी

# रेसुङ्गाक्षेत्रका महत्त्वपूर्ण मठ–मन्दिरहरू



रेसुङ्गा सिद्धस्थान



सानो रेसुङ्गामा अवस्थित ऋष्यशृङ्गाश्रम



शिवालय



विष्णुपादुका



शशिधर स्वामीको आश्रमस्थल



रेसुङ्गा महापोखरी

# हाम्रो पुरुषार्थ

(त्रैमासिक)

वर्ष : ५३ अङ्क : ३ सम्पूर्णाङ्क : ११० वैशाख-असार : २०८३

**सम्पादक**

शशि पन्थी

**सह-सम्पादक**

दीन पन्थी

**सहायक-सम्पादक**

भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**

गोपाल पन्थी

राधा पन्थी

हिमकला राना

**लेआउट**

झवीन्द्र पन्थी

**मुद्रण**

सफल इन्टरनेशनल मल्टीसर्भिसेज प्रा. लि, काठमाडौं ।

सम्पर्क फोन नं. : ९८५१०८१८०८

**प्रकाशक**

## किरण पुस्तकालय

तम्घास, गुल्मी, फोन : ०७९-५२०२८७, ९७६९२९७७८७

सम्पर्क फोन नं. : ०७९-५२०२६०,

मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८

Email : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com

Website : www.kiranpustakalaya.com

मूल्य रु.५००/-

आवरण : ऐतिहासिक तपोभूमि रेसुङ्गाको यज्ञशाला ।

# हाम्रो पुरुषार्थ (त्रैमासिक)

## काठमाडौं प्रतिनिधि

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ९८४९१४८३८५

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**डा. कृष्ण भण्डारी 'मुमुक्षु'**
फोन नं. ९८५६०३२४७७

## रुपन्देही प्रतिनिधि

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

## चितवन प्रतिनिधि

पूर्णप्रसाद अधिकारी
फोन नं. ९८५५०६१८६३

## दाङ प्रतिनिधि

प्रा.डा. अर्जुनप्रसाद भट्टराई
फोन नं. ९८६८६३०४६१

## पाल्पा प्रतिनिधि

कमल खत्री
फोन नं. ९८४७३०८९०८

## पोखरा प्रतिनिधि

शङ्कर ज्ञवाली
फोन नं. ९८५६०३१४४४

## विदेश प्रतिनिधि

**महेश आचार्य**
**सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका**
फोन नं. +१७०२-४२८-५५४०

**डा. गोपालप्रसाद शर्मा**
**के. २२/१८ पञ्चगङ्गाघाट**
**वाराणसी, उत्तरप्रदेश, भारत**
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
**गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला**
**देहरादून, उत्तराखण्ड, भारत**
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
**लेनकास्टर स्ट्रीट-२२**
**सिड्नी, अस्ट्रेलिया**
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
**पी. डब्लू. डी. कोलोनी**
**डिफू,कर्बी, एङ्गलो, आसाम, भारत**
फोन नं. ००९१३६७१२७३१८५

**सम्पादकीय**

# अमृत खसेको ठाउँ

- यो हो रेसुङ्गा तपोभूमि । यो हो अमृत खसेको ठाउँ । यो हो भगवान् शिव स्वयं सिद्ध बनी बसेको ठाउँ । यहीं हो महर्षि ऋष्यशृङ्को तपस्थली । यहीं सुनाएथे भगवान् श्रीकृष्णले अर्जुनलाई दोस्रो पल्ट गीताको उपदेश । यहीं हो सन्त शशिधर स्वामीको योगभूमि । यहींबाट बगेथ्यो जोसमनिको ज्योतिर्मय ज्ञानधारा । यहीं सुनिन्छन् महाप्रभु लक्ष्मीनारायणका चमत्कृतिहरू । यहीं बलिरहेको छ अखण्ड यज्ञधुनी प्रभु यदुकानन्दको यज्ञशालामा ।

- सत्य युगदेखि कलियुगसम्म यहाँ सधैं सत्यले पाइला टेकिरह्यो । कलि निस्केन यस भूमिमा कतैं । धर्मले छोडेन यस भूमिलाई कहिल्यै । पाप पस्न सकेन यस यज्ञधूमले सुवासित भूमिमा कहिल्यै । नक्कली विचार घुस्न सकेनन् यहाँ । यस शान्त, एकान्त वनप्रान्तमा सधैं शान्तिको बास भयो । स्यूँदोमा गुराँस फुलाएर सधैं मुस्कुराइरह्यो रेसुङ्गा ।

- श्रद्धाको, संस्कृतिको, आस्थाको केन्द्र हो रेसुङ्गा । हाम्रा विश्वासहरू छन् हामीले भर परेका । ती नभाँचियून्, नबिथोलिऊन् । यहाँको प्रकृति ननासियोस् । यहाँको संस्कृति नमासियोस् । चिरकालसम्म ती रहून् । ती बगून् नदीझैं । प्रकृतिको सौन्दर्यमा रमाउनेहरू आइरहून् । ध्यानी, ज्ञानी र योगीहरू यहाँ आऊन् । मरुभूमिबीच मरुद्यान झैं बनोस् रेसुङ्गा । चर्को तापमा एउटा सुन्दर, शीतल उद्यानझैं प्रियकर बनोस् । मान्छेहरूलाई शीतल र मधुर जल बाँडेर युगयुग बाँचून् रेसुङ्गा ।

- यस काननमा बाँचोस् हाम्रो सभ्यता र हाम्रो सांस्कृतिक सम्पदा । बाँचून् हाम्रा पूर्वीय संस्कृतिका उदात्त भावनाहरू । उठून् उचा विचारहरू । भागून् छुचा विचारहरू । शङ्खघण्ट बजून् शान्ति र चेतनाका । भावनाहरू उठून् देशभक्तिका र पहिचानका । हिमवत्खण्ड हो यो । पूर्वीय संस्कृतिको मियो हो यो । मन्त्रहरू गुन्जियून् यहाँ–विश्वशान्तिका, समताका र एकताका यस रेसुङ्गाको शिखरबाट–**समानो मन्त्रः समितिः समानी समानं मनः सह चित्तमेषाम् ।**

ooo

# कुटुरो फुकाउँदा

कति ? के ? कसको ? कहाँ ?


| | | |
|---|---|---|
| **अन्तर्वार्ता** | | |
| १. रेसुङ्गा तापत्रयबाट मुक्तक्षेत्र हो | ब्रह्मचारी तदर्थानन्द (तारा गुरु) | १ |
| २. तम्घासमा पहिले पाँच तालुकदार थिए | ताराप्रसाद पाण्डे | ३२० |
| **लेख/आलेख/निबन्ध/समीक्षा/टिप्पणी/संस्मरण/व्यक्तिवृत्त** | | |
| १. ऋष्यशृङ्ग ऋषि + ऋष्यशृङ्गाश्रम = रेसुङ्गा | डा. लक्ष्मीकान्त पन्थी | ४ |
| २. . . .अर्थात् रेसुङ्गा | दीन पन्थी | १५ |
| ३. तपोभूमि रेसुङ्गामा सुखानुभूति . . . | कृष्णबहादुर कुँवर | २२ |
| ४. रेसुङ्गा तपोभूमिको शैक्षिक . . . | राम झवाली | ३५ |
| ५. सिद्धभूमि रेसुङ्गा | सुरेशचन्द्र भुसाल | ५३ |
| ६. त्यो महोत्सव र त्यो पावन भूमि | रामप्रसाद पन्त | ५६ |
| ७. जाऊँ हिड रेसुङ्गा अभियान | खिलध्वज पन्थी | ६५ |
| ८. सर्वोच्चको ऐतिहासिक फैसला . . . | देवीराम भण्डारी | ७५ |
| ९. रेसुङ्गा : नेपालको आध्यात्मिक, . . . | इ. सरोजविक्रम कुँवर | ८३ |
| १०. रेसुङ्गा एक अनुभूति अनेक | भुवनप्रसाद श्रेष्ठ | ९६ |
| ११. तपोभूमि रेसुङ्गामा अवस्थित . . . | देवीप्रसाद रिजाल | ९८ |
| १२. रेसुङ्गा नगरपालिका संक्षिप्त चिनारी | शंकरप्रसाद गौतम | १२० |
| १३. ब्रह्मयोग र तपोभूमि रेसुङ्गा अवधारणा | विजयविक्रम बस्नेत | १४४ |
| १४. रेसुङ्गाका गुठी र पूजा व्यवस्था | रामचन्द्र पन्थी | १५४ |
| १५. रेसुङ्गाको पर्यटकीय महत्त्व | हिरा ए. सी. | १७१ |
| १६. रेसुङ्गाक्षेत्रको संस्कृति | गणेश श्रीपाली | १९० |
| १७. तपोभूमि रेसुङ्गाका विविध पक्ष | गोपाल पन्थी | १९८ |
| १८. रेसुङ्गा उन्नयनखातिरको हुटहुटी | बाबुराम पौडेल | २१३ |
| १९. रेसुङ्गाको इतिहास बोक्दै . . . | अधिवक्ता रमेशजङ्ग कुँवर | २१६ |

| कति ? के ? | कसको ? | कहाँ ? |
| --- | --- | --- |
| २०. जाऊँ हिँड रेसुङ्गाः इतिहास, . . . | सिता बोहरा | २२८ |
| २१. रेसुङ्गा सभ्यता रूपान्तरण तथा . . . | चक्र के.सी. | २३६ |
| २२. रेसुङ्गा गोशालाको अहिलेको अवस्था | पुष्कर पन्थी | २३९ |
| २३. रेसुङ्गाभ्रमण : एक सम्झना | प्रदीप पौडेल | २४६ |
| २४. धुलो उडाउँदै, तानसेन–तम्घास . . . | जयदेव गौतम | २४८ |
| २५. रामभक्तिधारामा रेसुङ्गाक्षेत्रको योगदान | भुवनप्रसाद अर्याल | २६३ |
| २६. तपोभूमि रेसुङ्गा : ऐतिहासिक, धार्मिक . . . | झवीन्द्र पन्थी | २७२ |
| २७. गोपर्वत रेसुङ्गा | इ. झवीन्द्र ज्ञवाली | २८१ |
| २८. तम्घासदेखि रेसुङ्गाको चुचुरासम्म पुग्दा | ज्ञानराज मरासिनी | २८५ |
| २९. तपोभूमि रेसुङ्गाधाम | | २९० |
| ३०. साहित्य, सङ्गीत, कला, सूचना, सञ्चार . . . | चन्द्रप्रकाश उपाध्याय | ३०३ |
| **आत्मकथा** | | |
| १. जनआस्था, प्रकृति र सभ्यताको . . . | डा. सीता सुवेदी पन्थी | ४४ |
| **गीत/कविता/गजल/मुक्तक/भजन** | | |
| १. आऊन् यात्रीहरू यहाँ | प्रा.डा. हिरण्यलाल ज्ञवाली | १३ |
| २. रेसुङ्गा छ गुराँसमा | डा. कृष्ण भण्डारी 'मुमुक्षु' | ३३ |
| ३. रेसुङ्गामहिमा | विष्णु घर्ती 'भनभनेली' | ८१ |
| ४. रेसुङ्गा | माया घिमिरे | १४१ |
| ५. जाऊँ जाऊँ हिड रेसुङ्गा | रामप्रसाद पन्थी | १६७ |
| ६. तपोभूमि रेसुङ्गा र यहाँका प्रमुख . . . | लक्ष्मणप्रसाद रिजाल | १८३ |
| ७. रेसुङ्गा | रुद्र ज्ञवाली | २७० |
| ८. हाम्रो रेसुङ्गा | नमोनारायण पन्थी | २८० |
| ९. रेसुङ्गाधाम | कविता पोखरेल | २८९ |
| **स्थायी स्तम्भहरू** | | |
| १. सम्पादकीय | सम्पादक | iii |
| २. भेटघाट | शशि पन्थी | १ |

**कति ?** **के ?** **कसको ?** **कहाँ ?**

| | | |
|---|---|---|
| ३. अनुभव/अनुभूति : ताराप्रसाद पाण्डे | शशि पन्थी | ३२० |
| ४. पुस्तकालय परिचय | भारद्वाज | ३२८ |
| ५. किरण पुस्तकालयको पातो | सचिव | ३३० |
| ६. नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | ३३२ |
| ७. यताउताबाट | रेडियो रेसुङ्गा, निष्पक्ष ध्वनि | ३४० |
| ८. पाठक-प्रतिक्रिया | रविचन्द्र शाक्य/कृष्णप्रसाद कोइराला | ३४८ |
| ९. किरण पुस्तकालयका आजीवन सदस्यहरूको परिचय | | ३५० |
| १०. हाम्रो पुरुषार्थका आजीवन /स्थायी ग्राहकहरूको नामावली | | ३५२ |


ooo

**रेसुङ्गाको संस्कृति, इतिहास**

**र प्रकृतिको संरक्षण गर्दै,**

**धार्मिक आस्था र जनविश्वासलाई**

**कायम राख्दै**

**तपोभूमि रेसुङ्गा धामको भौतिक विकास**

**गरौं ।**

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा प्रकाशित पुस्तकहरू

| क्र.सं. | पुस्तकको नाम | लेखक |
|---|---|---|
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण<br>योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा (२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा. टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. | हुटिट्याउँको मन (२०७६) | दीन पन्थी |
| १७. | अमृतपान (२०७६) | विष्णुप्रसाद खनाल |
| १८. | गजल चालिसा (२०७७) | मनबहादुर खत्री 'मनु' |
| १९. | बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र (२०७७) | प्रा.डा. बाबुराम ज्ञवाली |
| २०. | हाम्रो भौगोलिक इतिहास (२०७८) | युवराज भुसाल |
| २१. | सन्त प्रेमी (२०८३) | हरिराज भट्टराई |

# सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

- सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुऱ्याऔं ,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं,
- सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं/नगराऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

**सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो,**
**संरक्षण गर्नु हामी सबैको दायित्व हो ।**

## नेपाल सरकार
# विज्ञापन बोड

# रेसुङ्गा तापत्रयबाट मुक्तक्षेत्र हो



**✍ब्रह्मचारी तदर्थानन्द (तारा गुरु)**

(वर्तमान गुल्मी दरबार गाउँपालिका-६, मा पर्ने पाल्पाथोकमा वि.सं. २०३० फागुन १ गते जन्मनुभएका श्री तारा कार्की अहिले आफ्नो त्याग र तपस्याले तारा गुरु एवं ब्रह्मचारी तदर्थानन्द भनेर प्रख्यात हुनुहुन्छ । उहाँका माता-पिता टोपकुमारी कार्की र प्रेमबहादुर कार्की हुनुहुन्छ । तारा गुरुले माध्यमिक तहको शिक्षा स्थानीय विद्यालयमा र उच्च शिक्षा त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाबाट लिनुभयो । आध्यात्मिक क्षेत्रमा लागेपछि भारत उत्तराखण्डमा रहेको कैलास संन्यास आश्रममा बसेर उहाँले संस्कृत भाषाको पनि अध्ययन गर्नुभएको छ ।

सानैदेखि आध्यात्मिक क्षेत्रमा रुचि भएका तारा गुरु अहिले महर्षि ऋष्यशृङ्गको तपोभूमि रेसुङ्गा ऋष्यशृङ्गाश्रममा कठिन तपश्चर्यामा लीन हुनुहुन्छ । उहाँ वर्षौंदेखि फलाहारी हुनुहुन्छ । उहाँको आहार भनेको दूध, दही र फलफूल मात्र हो । यस्ता तपोनिष्ठ योगी तारा गुरुसँग "हाम्रो पुरुषार्थ"ले गरेको संवादको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ । **-सम्पादक**)

**१. यहाँको जन्म स्थान, जन्म मिति र घर परिवारबारे केही बताइदिन मिल्छ कि ?**

मेरो जन्मस्थान गुल्मी दरबार गाउँपालिका-६, मा पर्ने पाल्पाथोक हो । मेरा मातापिता टोपकुमारी कार्की र प्रेमबहादुर कार्की हुनुहुन्छ । मेरो जन्म २०३० साल फागुन १ गते भएको रहेछ ।

**२. यहाँले शिक्षा-दीक्षा के कसरी कहाँ कहाँबाट प्राप्त गर्नुभयो ?**

मैले प्राथमिक शिक्षा गंगा प्राथमिक विद्यालय र माध्यमिक शिक्षा ईश्वरी माध्यमिक विद्यालय गुल्मी दरबार देवीस्थानबाट लिएँ । उच्च शिक्षाको अध्ययन भने त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा गरें । अध्यात्मतर्फ लागेपछि भारत

उत्तराखण्डको कैलास संन्यास आश्रमबाट संस्कृत भाषाको साधारण शिक्षा लिएको हुँ ।

**३. यहाँको पारिवारिक स्थिति के कस्तो छ ?**

म मध्यमवर्गीय शिक्षित परिवारमा जन्मेको हुँ ।

**४. यहाँलाई आध्यात्मिक मार्गमा लाग्ने प्रेरणा कहिलेदेखि के कसरी प्राप्त भयो ?**

मेरो व्रतबन्ध भएपछि मेरै अन्तरात्माको सत्प्रेरणाबाट अध्यात्मतर्फको यात्रा प्रारम्भ भयो । कुनै सत्संगतले होइन आफ्नै अन्तर्प्रेरणाले मैले यो बाटो रोजेको हुँ ।

**५. यहाँले कहाँ कहाँ के कसरी ज्ञान, ध्यान र साधना गर्दै आउनुभयो ?**

मेरो आध्यात्मिक यात्रा घरबाटै सुरु भएको हो । मैले पहिल्यै भनिसकें मेरो प्रेरक मेरै आत्मा हो । मैले नेपाल र भारतका केही धार्मिक र तीर्थ क्षेत्रहरूको भ्रमण गरें । त्यस क्रममा स्वर्गद्वारी आश्रम र भारतको कैलास संन्यास आश्रममा विभिन्न साधनाहरू गरें ।

**६. यहाँको आहार-विहार के कस्तो छ ?**

मेरो आहार-विहार पूर्णतः सात्विक रहेको छ । मेरो आहार दूध, दही र फलफूल हो ।

**७. यहाँले आफ्नो मुख्य लक्ष्य केलाई बनाउनुभएको छ र त्यो लक्ष्य प्राप्तिमा के कति प्रगति भएको छ ?**

यही नै हो भनेर तोकेर देखाउने लक्ष्य बताउन सकिन्न । मेरो प्रारब्ध र सञ्चित कर्मले जे प्राप्त हुन्छ त्यही नै यो जन्मको गन्तव्य होला ।

**८. यहाँले आफ्नो साधना स्थलको रूपमा रेसुङ्गा नै किन रोज्नुभयो र रोज्नुको मुख्य कारण के हो ?**

मेरो घरबाटै प्रारम्भ भएको आध्यात्मिक यात्राले रेसुङ्गामा पुग्दा गुरुकुल भेटाएजस्तै भयो । यस ठाउँको आध्यात्मिक ऊर्जाले मलाई आकर्षित गऱ्यो र यसलाई मैले रोजें ।

**९. तपाईं बसेको सानो रेसुङ्गालाई आफ्नो आश्रम बनाउनुको मुख्य कारण के हो**

**नि ?**

रेसुङ्गा आध्यात्मिक, आधिदैविक र आधिभौतिक तापत्रयबाट मुक्त क्षेत्र हो जस्तो लाग्छ । यो तपोभूमि हो । ऊर्जामय भूमि पनि हो । यहाँ गरिएका तपस्या र साधनाहरू परिपूर्ण हुन्छन् भन्ने अनुभव गरेको छु ।

**१०. वर्तमान समयमा रेसुङ्गालाई आफ्नो आश्रम बनाउनुको मुख्य कारण के होनि ?**

मैले घरमा साधना गर्दैगर्दा अदृश्यरूपमा सत्संगत गर्न गराइएको यो स्थानको सम्भवतः मेरो पूर्वजन्मसँगको नाता थियो । त्यसैले यो स्थान रोजेको छु ।

**११. तपाईं बसेको आश्रमको पृष्ठभूमि के छ ?**

महर्षि ऋष्यशृङ्गको मुख्य साधनास्थल र मुख्य आश्रम यही नै हो भन्ने मलाई लाग्छ ।

**१२. अब रेसुङ्गालाई के कसरी व्यवस्थित गर्न सकिन्छ ?**

गुरुयोजना अनुसार यस तपोभूमि, सिद्धभूमि र पुण्यभूमिलाई असर नपुग्ने गरी भौतिक निर्माण गर्नुपर्छ । यहाँका पौराणिक,सांस्कृतिक र ऐतिहासिक मूल्यमान्यतालाई बेवास्ता गर्नु हुँदैन । धार्मिक आस्थामाथि प्रहार गर्नु हुँदैन ।

**१३. वर्तमान समयमा रेसुङ्गाको संरक्षण र विकास के कसरी भइराखेको छ ?**

यसबारेमा मलाई भन्दा रेसुङ्गा संरक्षण समितिलाई धेरै जानकारी छ ।

**१४. रेसुङ्गा भ्रमणमा आउनेलाई के सन्देश दिन चाहनुहुन्छ ?**

रेसुङ्गा मूलतः तपोभूमि हो । रेसुङ्गाले सधैं मान्छेमात्रको अभ्युदय र कल्याणको सन्देश दिइरहेछ । त्यसैले म के भन्छु भने रेसुङ्गामा बिग्रेका मान्छे बन्न आऊन्, बनेका मान्छे बिग्रन नआऊन् ।

ooo


**राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिका**

***"हाम्रो पुरुषार्थ"***

**मा विज्ञापन दिई लाभ उठाउनुहोस् ।**

# ऋष्यशृङ्ग ऋषि+ऋष्यशृङ्गाश्रम=रेसुङ्गा

✍ डा. लक्ष्मीकान्त पन्थी



त्रेतायुगको कुरा हो । ऋष्यशृङ्ग नाम भएका एक ऋषि थिए । तिनको आश्रम भएको स्थान भनौं या तपस्थली ऋष्यशृङ्गाश्रम गुल्मी जिल्लाको मध्यभागमा अवस्थित रेसुङ्गाक्षेत्र भनौं रेसुङ्गाशिखर नै थियो ।

प्रसिद्ध विद्वान् अन्वेषक चिन्तक समालोचक एवम् अनुसन्धाता डा. टीकाराम पन्थीले आफ्नो गहन चिन्तन र अनुसन्धानबाट ऋष्यशृङ्गाश्रम भन्नाले उनको तपस्थली यही शिखर हो भनेर बताइसक्नुभएको सर्वविदितै छ । यस लेखमा उहाँले महाभारत वनपर्वको १११ अध्यायदेखि ११३ अध्यायसम्म उल्लेख भएको कथामा ऋष्यशृङ्ग ऋषिसम्बन्धी प्राप्त प्रमाणवचनहरू तथा वाल्मीकिय रामायणमा उल्लिखित ऋष्यशृङ्ग ऋषिसम्बन्धी प्राप्त प्रमाणवचनहरू पनि उल्लेख गर्नुभएको छ । अहिले यस लेखमा मैले पनि तिनै प्रमाणवचनहरूलाई दोहोऱ्याएर उल्लेख गर्नुपर्ला जस्तो लाग्दैन । मसीना अक्षरमा छापिएको ३० पृष्ठ लामो त्यस लेखमा ऋष्यशृङ्ग ऋषि र उनको तपस्थली आश्रम रेसुङ्गासम्बन्धी प्रचलित जनश्रुतिका साथै अरू अरू पनि प्रमाणवचनहरू उहाँले उल्लेख गर्नुभएको छ । साथै, विद्वान् अन्वेषक योगी नरहरिनाथको २०३२ सालमा प्रकाशित हाम्रो देशदर्शन भन्ने पुस्तकमा ऋष्यशृङ्ग ऋषि र रेसुङ्गा आश्रम सम्बन्धमा उल्लेख गरिएका पंक्तिहरूलाई पनि उक्त लेखमा उद्धृत गर्नुभएको छ ।

त्रेतायुगमा विद्यमान अयोध्याका राजा दशरथकी छोरी शान्तासँग विवाह गरेका ऋष्यशृङ्ग ऋषिको समय पनि त्यति नै पुरानो हो जति राजा दशरथका छोराहरूको जन्मकथा पुरानो हो । त्यसबेलादेखि अहिलेसम्म भाषावैज्ञानिक विद्वान्हरूको मान्यताअनुसार यो ऋष्यशृङ्गाश्रम बोलचालको भाषामा परिणत हुँदैहुँदै आठौँ तह पार गरेर अहिलेको चलनचल्तीमा आएको देखिन्छ– ऋष्यशृङ्ग→ ऋस्यशृङ्ग→ रिस्सिश्रृंग→ रिस्सस्रिङ्ग→ रिस्ससिंङ्ग→

रिस्सिङ्ग→रिसिंग→रिसुंगा→रेसुंगा । यसको पछिल्लो रूप रेसुंगा हिजोआज चलनचल्तीमा छ । अहिले यही नामलाई नगरपालिकाअन्तर्गत रहेका विभिन्न संघसंस्था एवं विद्यालयहरूमा पनि जोडिएको देखिन्छ । जस्तै रेसुंगा क्याम्पस, रेसुंगा प्राथमिक विद्यालय, रेसुंगा साझासंस्था लिमिटेड, रेसुंगा प्रिन्टिङ प्रेस, रेसुंगा होटेल, रेसुंगा लज, आदि ।

यस सम्बन्धमा उहाँको लेख किरण पुस्तकालयबाट प्रकाशित भइसकेको छ । बढी जिज्ञासा राख्ने जनहरूले उक्त लेखरचना खोजेर पढ्नुहुन अनुरोध छ(केही जनश्रुतिहरू– डा. टीकाराम पन्थी, किरण पुस्तकालय २०४२) ।

अनुसन्धाता विद्वान् डा. टीकाराम पन्थीज्यूको लेखमा रामायण, महाभारत र पुराणादिबाट उद्धृत गरिएका धेरै प्रमाणहरू हुँदाहुँदै पनि पाठकहरूमा ऋष्यशृङ्गाश्रम यही नै हो अथवा होइन कि भन्ने शङ्का उठ्नु स्वभाविकै पनि मान्न सकिन्छ । यसको समाधानका लागि एउटा सानो शास्त्रार्थको नमुना यहाँ प्रस्तुत छ जो यस्तो छ –

(लोकमा ईश्वरीय सत्ता (परब्रह्म परमात्मतत्त्व) छ कि छैन भन्ने विषयमा चारवटा प्रमाणहरू देखाइएको छ । ती हुन् – १. प्रत्यक्षप्रमाण, २. अनुमानप्रमाण, ३. उपमानप्रमाण, ४. शब्दप्रमाण, छन् । यी बाहेक दुईवटा थप अन्वय र व्यतिरेकभाव पनि छन् । अब यहाँ ईश्वरको सत्तालाई प्रत्यक्ष देख्नसके त अरू प्रमाण खोजी गर्नै परेन । ऋष्यशृङ्गाश्रम भएको प्रत्यक्ष देख्ने व्यक्ति त अहिले कोही भेटिन्नन् । त्यसैले अनुमान प्रमाणको आधार लिनुपर्ने हुन्छ । क्षित्यंकुरादिकम् कर्तृजन्यम् कार्यत्वात्, घटवत् अर्थात् पृथ्वी, जल, तेज, वायू, आकाश र पृथ्वीमा उत्पन्न भएका अङ्कु आदि जीवहरू कुनै कर्ताद्वारा सिर्जित हुन् किनभने तिनीहरू कार्यरूपमा देखिएका छन् । कार्य देखिएपछि त्यसको कारण पनि छ भन्ने अनुमान लाग्छ जस्तै घट देखिएपछि घटको कर्ता कुमाले नदेखिए पनि भएको कुरा स्वीकार गरिन्छ । यहाँ पनि रेसुङ्गाजस्तै अरू ठाउँमा भृगुआश्रम, पुलहाश्रम, दुर्वासा आश्रम, पाणिनि आश्रम, व्यासाश्रम, और्वआश्रम भएजस्तै यहाँ पनि ऋष्यशृङ्गाश्रम थियो भन्ने अनुमान सहजै गर्न सकिन्छ । अर्को ऋष्यशृङ्गाश्रम नभेटिएसम्म हामीले शङ्का र विरोध गर्नुपरेन ।

गोसदृशो गवयः अर्थात् नीलगाई कस्तो हुन्छ भन्ने थाहा नपाउनेहरूका लागि गाईजस्तै हुन्छ भनेपछि नीलगाई चिन्न सजिलो पर्ने भएजस्तै यहाँ पनि आश्रम कस्तो हुन्छ भन्ने जान्नका लागि एकान्त शान्त बस्नयोग्य आनन्दमय वनभूमि नै तपस्थली वा आश्रम हुनका लागि योग्य ठहर्ने हुँदा त्यस्तो स्थिति त यहाँ धेरै पहिलेदेखि नै थियो र अहिले पनि छँदै छ । त्यसैले उपमान प्रमाण त स्वतः

सिद्ध छ । अब शब्दप्रमाणको पालो आउँछ । ईश्वरीय सत्ताको लागि शब्दप्रमाण भनेका वेदवेदान्त वाक्य हुन् जस्तै ब्रह्मसूत्रमा पनि जन्माद्यस्य यतः, शास्त्रयोनित्वात् जस्ता सूत्रहरूले यतो वा इमानि भूतानि जायन्ते जस्ता वेदान्त वाक्यहरूलाई प्रमाणित गर्दछन् । अर्थात् जहाँबाट सम्पूर्ण प्राणीहरूको सृष्टि हुन्छ भन्दा त्यसको कर्ता नदेखिए पनि कर्तृत्वसिद्धि हुन्छ । यो द्वापरयुगको अन्त्यमा (५००० वर्षअगाडि) भएको महाभारत युद्धको पहिलो दिन भगवान् कृष्णले अर्जुनलाई गीताको उपदेश गर्दैगर्दा क्षेत्र-क्षेत्रज्ञ विभाग योग बताउने सन्दर्भमा १३औँ अध्यायको चौथो श्लोकमा यसरी उल्लेख गरिएको छ –

ऋषिर्भिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक् ।
ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः । (१३ । ४)

यसबाट ब्रह्मसूत्र कति पुरानो रहेछ भन्ने पनि थाहा हुन्छ । उपनिषद् वाक्यहरू त त्योभन्दा पनि पुराना हुन् भन्ने स्वतः सिद्ध हुन्छ । वैदिक र लौकिक गरी दुई प्रकारका शब्दहरूले प्रमाण बताउँछन् । ईश्वरीय सत्ताको अस्तित्वमा वैदिक वाक्यहरू प्रमाण भएजस्तै उक्त आश्रमका बारेमा रामायण महाभारत आदिका लौकिक वाक्यहरू पनि प्रमाणका रूपमा रहेका देखिन्छन् ।

शब्दप्रमाणबाट पनि तात्पर्य ज्ञान हुनका लागि तीनवटा कारण हुन्छन् । ती हुन् – आसत्ति, योग्यता र आकांक्षा । उक्त स्थानमा यी तीनवटै कारणबाट आश्रम थियो भन्ने कुराको पुष्टि हुन्छ किनभने आश्रम हुन वा बन्न नमिल्दो वा नसुहाउँदो ठाउँ यो छैन । फेरि संसारको सृष्टि स्थिति र प्रलय गराउने ईश्वरबाहेक अरू कसैले मैले गरेको हुँ भन्न नआएजस्तै अन्यत्र कहीं ऋष्यशृङ्ग आश्रम यो ठाउँ हो भन्ने अर्को कुनै ठाउँ त भेटिएको छैन । अतः शब्दप्रमाणहरूबाट पनि यहाँ यो आश्रम थियो भन्ने कुरा सिद्ध छ ।

अब रह्यो अन्वय र व्यतिरेक भावको कुरा । पहिले अन्वय र व्यतिरेक भनेको के हो त्यसको जानकारी गरौँ । (तत्सत्वे तत्सत्ता अन्वयः, तदभावे तदभावो व्यतिरेकः) त्यो भएमा त्यो हुन्छ भन्ने भाव अन्वय हो । त्यो नभएमा त्यो हुँदैन भन्ने भाव व्यतिरेक हो । यसको उल्लेख श्रीमद्भागवत प्रथमस्कन्ध प्रथमाध्यायको प्रथम श्लोकमा पनि गरिएको छ । ईश्वर भएको हुनाले नै पृथ्वी आदि लोकको सृष्टि भएको हो । ईश्वर नभएको भए पृथ्वी आदि लोकको सृष्टि हुने थिएन भन्दा अन्वयव्यतिरेक भावबाट ईश्वरीय सत्ता सिद्ध भएजस्तै यहाँ पनि ऋष्यशृङ्गको तपोभूमि भएको हुनाले नै यो शिखर ऋष्यशृङ्गाश्रम भनेर प्रचलित भयो । यदि ऋष्यश्रृङ्गको तपोभूमि नभएको हुँदो हो त ऋष्यशृङ्गाश्रम भन्ने प्रचलन पनि नभएको हुन्थ्यो । त्यसैले अन्वय व्यतिरेक भावबाट पनि पुरानो

ऋष्यशृङ्गाश्रम यही हो भन्ने कुरा सिद्ध हुन्छ ।

त्यस्तै ऋष्यशृङ्गाश्रम यही हो भन्ने विषयमा पनि लोकमा किंवदन्तीहरू चलेकै छन् र रामायण महाभारत र पुराणादिका वचन पनि छँदैछन् भने होइन कि भनेर शङ्का गर्नुपर्ने कुनै कारण छैन ।

ईश्वरको अस्तित्व बुझाउने भनौं अथवा लोकको कर्तृत्व ईश्वर हो भन्ने बुझाउने वेदवाक्यहरू स्पष्ट नै छन् । हेर्न सकिन्छ शुक्ल यजुर्वेद अध्याय ३१ पुरुषसूक्त (मन्त्र ५-९) त्यस्तै-भगवद्गीतामा पनि भगवान् कृष्णले अर्जुनलाई संसारको कर्तृत्व आफूमा रहेको कुरा यसरी बताउनुभएको देखिन्छ -

मम योनिर्महद् ब्रह्म तस्मिन् गर्भं दधाम्यहम् ।
सम्भवः सर्वभूतानां ततो भवति भारत ॥३॥
सर्वयोनिषु कौन्तेय मूर्तयः सम्भवन्ति याः ।
तासां ब्रह्म महद् योनिरहं बीजप्रदः पिता ॥४॥ (अ. १४ श्लोक ३-४)

**त्यस्तै अर्को ठाउँमा पनि -**

अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः ।
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ॥१४॥
सर्वस्य चाहं हृदि सन्निविष्टो मत्तः स्मृतिर्ज्ञानमपोहनं च ।
वेदैश्च सर्वैरहमेव वेद्यो वेदान्तकृद् वेदविदेव चाहम् ॥१५॥(अ. १५ श्लोक १४-१५)

त्यसैगरी अर्को ठाउँमा लोकलाई विश्वास हुने गरी यस्तो भनिएको देखिन्छ -

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।
भ्रामयन् सर्वभूतानि यन्त्रारूढानि मायया ॥ (अ. १८ श्लोक ६१)

अर्को कुरा शृङ्गी ऋषिको आश्रम शृङ्गा भन्ने विषयमा शृङ्गी ऋषि द्वापरयुगको अन्त्य भएपछि कलियुग लाग्दैगर्दा हस्तिनापुरका राजा भएका परीक्षित महाराजलाई सातदिनभित्र तक्षक नागले डसेर मर्नु परोस् भनी श्राप दिने व्यक्ति हुन् । यिनको र ऋष्यशृङ्ग ऋषिको स्थितिकालमा धेरै अन्तराल भएको हुँदा यहाँ चर्चा गरिरहन आवश्यक परेन । अर्को कुरा शृङ्गा भन्ने स्थान पनि ऋष्यशृङ्ग ऋषिकै हिउँदे आश्रम हुनुपर्छ भन्ने विषयमा शङ्का गरिरहन आवश्यक छैन । नामैकदेशग्रहणात् नामग्रहणम् भन्ने न्यायले यो सिद्ध हुन्छ ।

येन लिङ्गेन यो देशो युक्तः समुपपद्यते
तेनैव नाम्ना तं देशं वाच्यमाहुर्मनीषिण : ॥

कुनै देश भन्नाले राष्ट्र, प्रान्त, प्रदेश, जनपद, जिल्ला, नगर, ग्राम, पर्वत, नदी, तट, सरोवर, झर्ना जस्ता ठाउँको नाम त्यहाँ प्रचलित ऐतिहासिक चिह्नका आधारमा रहेको वा राखिएको हुन्छ भनी विद्वान्हरूले भनेका छन् ।

ऋष्यशृङ्ग ऋषि को थिए भन्ने कुरा बुझ्नका लागि हामीले दुईवटा कथा प्रसङ्गको आश्रय लिनुपर्दछ ।

कथाप्रसङ्ग १ः त्रेतायुगसम्म हाम्रो नेपालका विभिन्न ठाउँ भनौँ अथवा तपस्थलीहरूमा विभिन्न ऋषिहरूका आश्रम थिए । त्यहाँ रहेबसेर उनीहरूले आफ्नो तपोबल बढाउने गर्दथे । यस सन्दर्भमा हाम्रो नेपालकै कोशी नदीको आसपासमा रहेकी नन्दा नाम गरेकी नदीमा विभाण्डक नामक ऋषिको आश्रम थियो । उनी त्यहाँ बसेर कठोर तपस्या गर्दथे । उनी आबाल ब्रह्मचारी थिए । उनी अमोघवीर्य (भन्नाले जसको वीर्य असफल हुँदैन) थिए । एकपटक नन्दा नदीको किनारमा स्नान गर्दैगर्दा उनले आफूभन्दा अलि पर उर्वशी नामकी अप्सरालाई स्नान गर्नैलागेको अवस्थामा देखेछन् । त्योभन्दा अघि कहिल्यै उनले नारीलाई देखेकै थिएनन् । त्यहाँ उर्वशीलाई देखेपछि यी पनि कुनै ऋषि होलान् भन्ने ठानेर उनको नजिकमा जाँदै गर्दा विभाण्डक ऋषिको वीर्य स्खलित भएछ र पानीमा बगेछ । यही बेला अलि तल कुनै गवय (भन्नाले नीलगाई, मृगविशेष) पानी पिउँदै रहेछ । उसले पानी पिउँदै गर्दा विभाण्डक ऋषिको स्खलित वीर्य त्यही नीलगाईले पिएछ । फलस्वरूपः त्यो नीलगाई गर्भिणी भइछ । यथासमयमा उनै विभाण्डक ऋषिको आश्रममा नीलगाईको गर्भबाट बच्चा जन्मेछ र उनले त्यस बच्चालाई लालनपालन गरे, हुर्काए बढाए र पढाए पनि । त्यस बच्चाको सबै किसिमको स्वभाव विभाण्डक ऋषिकै जस्तो थियो । परन्तु शिरमा नीलगाईकै जस्तो एउटा शिङ् पनि थियो । त्यसैले गर्दा विभाण्डक ऋषिले उनको नामै ऋष्यशृङ्ग भनी राखिदिएका थिए । ऋष्यशृङ्गको अर्थ हुन्छ ज्ञानी ऋषि । यिनी वनमा नै हुर्के बढेकाले कुनै अन्य महिला पुरुषको मुख देखेका थिएनन् । आबाल ब्रह्मचारी थिए । ऋषिहरू पनि सात प्रकारका हुन्छन् - ब्रह्मर्षि, देवर्षि, महर्षि, परमर्षि, काण्डर्षि, श्रुतर्षि, राजर्षि ।

सप्त ब्रह्मर्षि-देवर्षि-महर्षि-परमर्षयः ।
काण्डर्षिश्च श्रुतर्षिश्च राजर्षिश्च क्रमावराः ।

यिनी ऋषिहरूको क्रमअनुसार श्रेणी कम हुँदै जान्छ । सामान्यतया वेदका ऋचाहरूलाई साक्षात्कार गर्ने शक्ति भएकाहरूलाई ऋषि भनिएको छ । (ऋषयो मन्त्रद्रष्टारः) । ऋषिहरू ब्राह्मणहरूमा उच्चस्तरका मानिन्छन् । यिनीहरूमा पनि क्रमशः श्रेणी विभाजन यस्तो रहेको देखिन्छ – ब्रह्मर्षि वशिष्ठ आदि, देवर्षि

नारद आदि, महर्षि कश्यप आदि, काण्डर्षि वाल्मीकि, व्यास आदि, राजर्षि जनक आदि, श्रुतर्षि शौनक, याज्ञवल्क्य आदि । ब्रह्मर्षि र परमर्षिको श्रेणी एकै हो ।

कथाप्रसङ्ग २ः प्रसङ्गअनुसार अङ्ग देशमा रोमपाद नाम गरेका राजा थिए । उनी निःसन्तान थिए । उनको अयोध्याका दशरथ राजासँग मित्रता थियो । दशरथ राजाले आफ्नो पहिलो सन्तान जे जन्मिएला त्यो मैले हजुरलाई दिनेछु भनी उनीसँग वाचाकबुल गरेका थिए । राजा दशरथकी रानीबाट पहिले जन्मिएकी शान्ता नामकी पुत्री थिइन् । ती पुत्री उनले रोमपाद राजालाई दिएका थिए । रोमपादले पनि उनलाई धर्मपुत्रीका रूपमा लालनपालन गरी राम्रोसँग बढाएका, पढाएका थिए । यस्तैमा कुनै वर्ष रोमपाद राजाको राज्यमा उल्कापात भयो, ठूलो खडेरी पर्‍यो, पानी वर्षिएन । प्रजाहरूमा हाहाकार भयो अनि राजालाई धेरै चिन्ता बढ्यो । यस्तैमा पानी कसले बर्साउन सक्छ भन्ने कुराको खोजी गर्दा राजाले कतैबाट थाहा पाएछन् कि ऋष्यशृङ्ग ऋषिले पानी बर्साउने विद्या जानेका छन् । अब उनलाई यहाँ कसरी ल्याउने भन्ने उपाय सोच्न लागेछन् । यस्तैमा ऋष्यशृङ्ग ऋषिलाई ल्याएर पानी बर्साउनुपर्छ भन्ने उपायको खोजी गर्दा उनी तपस्यामा लीन भएका छन् उनलाई ल्याउने उपाय केही छैन । एकमात्र उपाय यो छ कि उनको विवाह भएको छैन, उनको विवाह गराएमा बल्ल उनले पानी बर्साउने छन् भन्ने उपाय बुझेपछि ऋष्यशृङ्ग ऋषिको आश्रममा गएर हामी हजुरको विवाह गराइदिन्छौँ हजुर आएर वर्षाका देवता इन्द्रलाई खुशी पारी अङ्ग देशमा वर्षा गराइदिनुपर्‍यो भनेपछि बल्लतल्ल उनी आउन राजी भएछन् । अनि उनलाई बोलाएर रोमपाद राजाले आफूले पालेर हुर्काएबढाएकी शीलवती कन्या शान्ताको ऋष्यशृङ्ग ऋषिसँग विवाह गराइदिएछन् । अनि मात्र उनले वर्षाकारक मन्त्रहरूद्वारा होम गराई अङ्ग देशमा जल वर्षा गराएका थिए ।

पछि अयोध्याका राजा दशरथलाई पुत्रप्राप्ति नभएकाले उनका गुरु वशिष्ठ ऋषिले पुत्रेष्टि यज्ञ गराउन सिपालु यिनै शान्ताका पति ऋष्यशृङ्ग ऋषिलाई बोलाएर पुत्रेष्टि यज्ञ गराएमा अवश्य पुत्र जन्मनेछन् भन्ने सल्लाह राजा दशरथलाई दिएका थिए ।

यसै कुरालाई लिएर हाम्रा आदिकवि भानुभक्त आचार्यले पनि आफ्नो नेपाली रामायणमा यसरी उल्लेख गरेका छन् -

टढढहुन्छन् पुत्र अवश्य जल्दि महाराज ! एक् यज्ञ ऐल्ये गर्‍या ।
शान्ताका पति ऋष्यशृङ्ग ऋषि छन् ती डाक्नु ऐल्हे पर्‍या ॥
ती हामी बसि यज्ञ एक् हजुरका खातिर् गरौँला जसै ।

चार् छोरा अति विर् हुनन् हजुरका सब् ताप छुट्नन् तसै ॥

यस्तो अर्ति वसिष्ठको जब सुन्या राजा बहुत् खुस् भया ।
शान्ताका पतिलाई डाकिकन खुप् याग् गर्न लागी गया ॥
ऋष्यैशृङ्ग वसिष्ठ दूइ ऋषिले होम् गर्न लाग्या जसै ।
पायस्को थलिया लिईकन तहाँ आया ति अग्नी तसै ॥

यस् पायस् कन आज लेउ भगवान् ! छोरा हुन्या छन् भनी ।
राजालाई दिया र पायस तहाँ लूक्या ति अग्नी पनी ॥
राजा खूसि भई दुबै ति ऋषिका कोमल् चरण्मा परी ।
कौशल्या र ति कैकयी कन दिया पायस् दुबै भाग् गरी ॥

खानू बाँकि थियो तसै बखतमा आइन् सुमित्रा पनी ।
कौशल्या र ति कैकयी सित भनिन् ख्वै भाग मेरो भनी ॥
दूबैले दुइ भाग देखि झिकि भाग् तिनको पुऱ्याई दिया ।
तिन् रानी मिलि तेहि पायस तहाँ सम्पूर्ण खाई लिया ॥ (बालकाण्ड ५२-५५)

उक्त प्रसङ्गलाई यहाँ उल्लेख गर्नुको तात्पर्य के हो भने महर्षि ऋष्यशृङ्ग अनेक विद्याहरूका ज्ञाता थिए । वेद-वेदाङ्ग विद्याहरू त उनले जानेका थिए नै त्यसमा पनि उनी ज्योतिषशास्त्रका तीनै काण्डहरू - सिद्धान्तज्योतिष, होराज्योतिष र संहिताज्योतिषका पनि विशेष जानकार थिए । संहिताज्योतिषअन्तर्गत विविध विषयहरू जस्तै उल्कापातहरूको शमन गर्ने, खडेरी परेको बेला आकाशबाट पानी बर्साउन सक्ने, पुत्रेष्टि यज्ञ गरेर पुत्रप्राप्ति गराउन सक्ने तथा अन्य खगोलीय, भूगोलीय तथा जलस्थलहरूमा हुनसक्ने उल्कापात, भूकम्प, सामुद्रिक उथलपुथल, अनिकाल, एवं सहकाल हुनसक्ने र तिनको शमन गर्ने उपाय पनि जान्दथे ।

खासगरी ऋष्यशृङ्ग आश्रम भन्नाले रेसुङ्गा शिखर त्रेतायुगदेखि नै वेद, वेदाङ्गहरू पढ्ने, पढाउने मुख्य केन्द्र थियो । यो परम्परा धेरैपछिसम्म कायम रहेको र बीचमा केही समय खण्डित पनि भएको बुझ्न सकिन्छ ।

अर्वाचीन समयमा अर्घाखाँचीका सन्त शशिधरले पनि यसलाई आफ्नो आश्रम बनाएर अध्ययन अध्यापनको परम्परा बसाले । उनले आफ्ना छोरा स्वामी लक्ष्मीनारायणलाई यसै आश्रममा वेदवेदाङ्ग विद्या पढाएका थिए । स्वामी लक्ष्मीनारायणले पनि त्यहाँ पढ्न आएका विद्यार्थीहरूलाई त्यहाँ राखेर पढाएका थिए भन्ने इतिहास प्रसिद्ध छ ।

पछिल्लो पुस्तामा भन्नाले श्री ३ महाराज जुद्ध शमशेरको राज्यकालतिर काठमाडौँको कालीमाटी क्षेत्रमा घर भएका रिजाल थरका ब्राह्मण स्वामी यदुकानन्द पनि यही रेसुङ्गा आश्रममा आएर लामो समयसम्म तपोमय जीवन बिताएका थिए । गुल्मीका यदुनाथ अर्ज्यालले यसै आश्रममा बसेर वेद पढेका थिए । उनी वेदविद् विद्वान् थिए । (तिनताक वेद पढेकाहरूलाई वेदुवा भन्ने चलन थियो) पछिल्लो समयमा उनले अर्घाखाँचीको खिदीममा स्थापित हरिहर सस्कृतविद्यालयमा वेद अध्यापक भएर गुल्मी, अर्घाखाँची, पाल्पा, प्युठान र बाग्लुङ् आदि क्षेत्रका धेरै विद्यार्थीहरूलाई वेद पढाएका थिए । त्यहाँ विद्यालय स्थापना भएको वर्ष १९९४ देखि पाँच वर्षसम्म वेद अध्यापक भएका उनी वृद्धावस्थाको कारणले अवकाश लिएर घर फर्केका थिए । त्यसपछिका रेसुङ्गाको आश्रममा वेद पढेका तम्घासनिवासी पं परशुराम उपाध्याय पन्थी पनि हुन् । जो १०४ वर्ष उमेरको दीर्घायु पाएर गतवर्षमात्र परमधाम भएका हुन् । ऋष्यशृङ्गाश्रमका संक्षिप्त जानकारी यिनै हुन् ।

अहिलेसम्म पनि त्यहाँ शिवमन्दिर, धर्मशाला र गोशालाहरू छन् र पूजाआजा गर्ने परम्परा चलिरहेकै छ । रेसुङ्गा शैलशिखरमा भएको लतावृक्ष-वनस्पति र त्यहाँको वातावरण सबै पाठकहरूमा परिचित भइसकेको हुनाले यहाँ सो विषयको विशेष वर्णन गर्नुपर्ने आवश्यकता देखिएन ।

निष्कर्षमा रेसुङ्गा आश्रम अनेक दृष्टिकोणले तीर्थक्षेत्र हो । यस ठाउँमा आएर धार्मिकहरूले दानधर्म आदि कार्य गरी आफ्नो पुण्य वृद्धि गर्दछन् भने पापीहरूले यहाँ आएर आफ्नो पाप कटाउने गर्छन् । अझै पनि यहाँ गोसेवा आदि कार्यका साथै शिवपूजा पनि नित्य निरन्तर चलिरहेका छन् । शास्त्रमा लेखिएको पनि छ -

विद्यातीर्थे जगति विबुधाः साधवः सत्यतीर्थे
गङ्गातीर्थे मलिनमनसो योगिनो ध्यानतीर्थे ।
धारातीर्थे धरणीपतयो दानतीर्थे धनाढ्या
लज्जातीर्थे कुलयुवतयः पातकं क्षालयन्ति ॥

(संसारमा विद्वान्हरूले विद्यातीर्थमा पुगेर अर्थात् विद्या पढेर आफूमा भएको मलिनता भन्नाले दोष हटाउँछन् । त्यस्तै साधुसज्जनहरूले सत्यतीर्थमा पुगेर भन्नाले सत्य बोलेर सत्य के हो भन्ने कुराको विचार गरेर अर्थात् ब्रह्मज्ञानको बाटो लागेर आफ्नो मलिनता अर्थात् दोषलाई हटाउँछन् । मलिनमनस भनेको मलिन मन भएका अर्थात् पापात्माहरूले गङ्गातीर्थमा पुगेर अर्थात् गङ्गास्नान गरेर

आफ्नो मनको मैला पखाल्छन् । योगिनो ध्यानतीर्थे–योगीहरू ध्यानतीर्थमा पुगेर अर्थात् आत्मतत्त्वको ध्यान गरेर मनको अन्धकारलाई हटाउँछन् । राजाहरू एवम् न्यायाधिकारीहरू धारातीर्थमा पुगेर भन्नाले कानूनका धाराहरूमा विचार गरेर अर्थात् सत्य र असत्यको निर्णय गरी आफूलाई शुद्ध राख्छन् वा राख्नुपर्छ । धनाढ्यहरू दानतीर्थमा पुगेर भन्नाले गरीब अशक्तहरूलाई दान गरेर आफ्नो मनको मलिनतालाई हटाउँछन् । (अर्थात् धनीहरूले कम्तीमा दशांश दान गरेर बाँकी धनलाई शुद्ध पार्नुपर्छ । कुलयुवती एवम् कुलवधूहरूले लज्जातीर्थमा पुगेर आफ्नो मनको मलिनता हटाउँछन् भन्नाले लज्जा कुलवधूहरूको गहना हो त्यसैले कुलवधूहरू लज्जाशील हुनुपर्छ ।)

ooo



**कविता**

# आऊन् यात्रीहरू यहाँ



**✍प्रा. डा. हिरण्यलाल झवाली**

मात्र ढुङ्गा र माटाको थुप्रो होइन स्थान यो
ऋष्यशृङ्ग रमाएको रेसुङ्गा दिव्य धाम हो
हावा–पानी सधैं स्वच्छ पवित्र भूमि जङ्गल
महर्षि मन्त्रद्रष्टाको यही हो साधनास्थल

वानप्रस्थी गृहस्थी र मुमुक्षु पनि आउने
तपस्यामा हुँदा लीन परमानन्द पाउने
विश्वशान्ति र सौन्दर्य धीरताको प्रतीक हो
श्रद्धालु भक्तका निम्ति रेसुङ्गा भक्ति गीत हो ।

ऋषि कश्यपका पुत्र थियो नाम विभाण्डक
सांसारिक कुरा त्यागी ध्यान गर्थे अहर्निश
विघ्नबाधा पऱ्यो केही समीप उर्वशी छँदा
ऋष्यशङ्ग हुँदा पैदा बिर्सिहाले सबै व्यथा ।

पोष्यपुत्री थिइन् शान्ता महर्षि रोमहर्षकी
विवाहिता भई पत्नी बनेकी ऋष्यशृङ्गकी
शान्ताको साथ पाएर ऋष्यशृङ्ग थिए खुसी
ऋष्यशृङ्ग हुँदा साथ थिइन् शान्ता अझै खुसी ।

थियो आत्मिक सम्बन्ध शान्ता र ऋष्यशृङ्गको
दुबैका बीचमा केही कटुता नै हुँदैनथ्यो
यही पावन माटामा बस्थे ती ऋषिदम्पती
श्रद्धालु भक्त आएर सेवा गर्थे यथामति ।

रेसुङ्गा साक्ष्य हो हाम्रा पुराण इतिहासको
हो वर्तमानको ऐना निर्देशक भविष्यको

स्रष्टा श्री शशिस्वामीको यही नै हो तपस्थल
भयो निर्गुण धारामा सबैको तृप्त हृत्तल ।

हिन्दु संस्कृतिको यौटा महाभारत ग्रन्थ झैं
सधैं जपिरहूँ लाग्ने महत्त्वपूर्ण मन्त्र झैं
वेदपाठ सुनी रम्छन् पशुपन्छीहरू पनि
रेसुङ्गा झैं अरू ठाउँ होला र विश्वमा कहीं ?

यै धराधाममा गर्छन् तपस्वी दीर्घ साधना
छन् त्रेता युगका रत्न पुरिएका सयौं यहाँ
यै भूमिभित्र पाइन्छन् मृतसञ्जीवनी पनि
सामान्य जन झैं घुम्छन् महर्षि र महामुनि ।

यहाँ निर्भयका साथ घुम्छन् जन्तु-जनावर
निःस्वार्थ प्रेम-सम्बन्ध जोड्ने गर्छन् परस्पर
त्यस्तो ज्ञान यहाँ मिल्छ जो छ विज्ञानसम्मत
यहाँ साधक देखिन्छन् सदैव साधनारत ।

रेसुङ्गाले सबैलाई दिव्यज्ञान दिलाउँछ
स्वच्छ हावा र पानीमा अन्तरात्मा रसाउँछ
अवलोकन वा तीर्थ-व्रत स्नाननिमित्तमा
आह्वान गर्छ रेसुङ्गा आऊन् यात्रीहरू यहाँ ।

**थोर्गा, गुल्मी**
**हाल- तिलोत्तमा, रूपन्देही ।**

०००


**आफ्ना साना नानी-बाबुहरूलाई**

# किरण पुस्तकालय

**तम्घासमा लिएर गई**
**पढ्ने बानीको विकास गराउनुहोस् ।**

निबन्ध

# . . . .अर्थात् रेसुङ्गा



✍दीन पन्थी

यो लेखाइ कुनै अनुसन्धानपत्र होइन । यसमा प्रमाणप्रमयेका विमर्श छैनन् । यो कुनै दर्शनशास्त्रको रौंचिरा विश्लेषण पनि होइन । यसमा सत्यासत्यको सत्यापन पनि छैन । यसमा मेरा केही स्मृति छन्, केही प्रीति छन् । प्रीति एउटा आफै तृष्णा हो , आसक्ति हो र संवेग हो । यसमा रेसुङ्गासँगका केही मीथ र रीतहरू छन् । मीथमा प्रश्न गर्ने ठाउँ हुँदैन । मीथमा मृगले मान्छे जन्माउन सक्छन् । मान्छेका टाउकामा सिङ् उम्रिन सक्छ । रीतमा न आधार हुन्छ न आधेय । त्यसमा परम्परा हुन्छ , रूढी हुन्छ । त्यसमा कार्य खोजिन्छ कारण खोजिन्न । प्रश्न गरिन्न विश्वास गरिन्छ । विश्वासविना हामी श्वास पनि लिन सक्दैनौं ।

रेसुङ्गाबारे हामी सुन्दै आयौं, पढ्दै आयौं । यहाँ सत्ययुगमा वामन आए, भृगु आए, पुलह आए र तपस्या गरे । यहाँ त्रेतायुगमा ऋष्यशृङ्ग आए र तपस्या गरे । राम-लक्ष्मण आएर बाण हानी पानी निकाले । रामकुवामा अटुट जलधारा बग्यो । अमृतको घडा लिई गरुड उडे । उड्दै गर्दा घडा छचल्किएर अमृतको एक बूँद झर्‍यो यतैतिर । अनि रेसुङ्गा अमृतमय तीर्थ बन्यो । हामी विश्वास गर्छौं - यो तपोभूमि हो ऊर्जामय । यहाँ भगवान् शिव स्वयं सिद्ध बनी बसे माथि । सिद्धभूमिमा गरिएका धर्म, कर्म, जप, तप, पूजापाठ र साधनाहरू सबै सिद्ध र सार्थक हुन्छन् यहाँ । सबै भन्छन् - रेसुङ्गा साधना भूमि हो ।

रेसुङ्गा गोपर्वत हो । यो विशाल पर्वतीय गोचरभूमि हो । प्राचीन कालदेखि यहाँ गोरक्षपरम्परा चलेको छ । यहाँ पुराना गोशालाहरूका भग्नावशेष छन् , पानी

खाने थरी छन् । यहाँ दश गाउँका गाई चर्थे । हिजो गोधनको युग थियो । आज एआईको धन आयो । गाईले पुष्टकारी दूध दिन्थे । दूधबाट दही बन्थ्यो, घ्यू बन्थ्यो । गाईका बाच्छाहरूले जमीन जोत्थे । गाईको गोबरले मलिलो भएको माटोमा अन्न र फलफूल फल्थे । गोमूत्र दिव्यौषधी थियो । जीवन चल्थ्यो एउटा लयमा समयसँगै । अब त्यो समय रहेन । समय सऱ्यो र संसार पनि सऱ्यो ।

रेसुङ्गा गोकुल थियो हिजो पनि, आज पनि छ । यो हाम्रो वृन्दावन हो , गोवर्धन हो । आज गाउँमा गाईहरू छैनन् । गौहरू रेसुङ्गामा छन् गोशालामा । गोवंश सुरक्षित छ यहाँ । गाउँमा गाई छैनन्, गोरस छैन, गोबर छैन, गोमूत्र छैन । गोष्ठी छन् जहाँ गफाडीहरूका गफ चल्छन् । गोदान छन् जसले दुनामा बसेर वैतरणी तार्छन् । गोमूत्र छन् जसले बोतलमा बन्द भएर हामीलाई, चोख्याउँछन् । हामीले भन्नै पर्ने भयो गाई हेर्ने मन भए रेसुङ्गामा आऊ ।

म रेसुङ्गासँग अभिन्न छु । रेसुङ्गा एउटा पहाड मात्र हो । यो एउटा निर्जीव डाँडो मात्र हो- यो म मान्दिनँ । यसप्रति मेरा आस्था र प्रेम छन् । समस्त राग द्वेष, मानापमान र ममताबाट मुक्त छ मेरो रेसुङ्गा । लेखनाथ पौड्यालले एउटा रूखमा तपस्वी देखेझैँ म पनि रेसुङ्गालाई एउटा सिद्ध तपस्वी देख्छु । पहिलेपहिले पहाडहरूका प्वाँख हुन्थे रे ! ती चराझैँ उड्थे रे ! इन्द्रले प्वाँख काटिदिएपछि ती स्थिर भएर बसे । त्यतिखेर देखि नै रेसुङ्गा तम्घासलाई काखमा राखेर बसेको छ । तम्घासमा हामी बसेका छौँ । सधैँ स्मृति र प्रीतिमा झल्किरहन्छ रेसुङ्गा मेरो मनमा ।

मेरो सूर्य रेसुङ्गाबाट उदाउँछ । मेरो चन्द्रमा रेसुङ्गाबाट उदाउँछ । सूर्य र चन्द्रलाई देवता मान्छौँ हामी । "चन्द्रमा मनसो जातश्चक्षोः सूर्यो अजायत ।" भन्दै पढ्छौँ हामी वेदमा । भगवान्को मनबाट चन्द्रमा जन्मे । भगवान्को आँखाबाट सूर्य जन्मे । कति गहिरो ज्ञान हो हाम्रो । चन्द्रमा र मनको सम्बन्ध अटुट छ । सूर्य न भए आँखाको के काम ? चन्द्र सूर्य हाम्रा मन र आँखा हुन् । ती हाम्रा राष्ट्रिय झण्डामा बस्छन् । ती हाम्रा रेसुङ्गामा बस्छन् ! आकाश टाढा थिएन हामीलाई । आकाश रेसुङ्गाको काधँभरि थियो । ताराहरू हातले छोइनेझैँ नजिकै हुन्थे साँझमा । हामी सूर्य, चन्द्र र ताराहरूसँग खेल्थ्यौ कल्पनामा । हाम्रो खुसी र आनन्दको अक्षय स्रोत थियो रेसुङ्गा हाम्रो बाल्यकालमा ।

असंख्य महाभारत डाँडाहरू छन् नेपालमा । छुट्टाछुट्टै आकृति र नाम छन् तिनका । डाँडै पिच्छे जोडिएका छन् ऋषिमुनिका नामहरू । नामसँगै जोडिएका छन् विलक्षण कथाहरू । कतै पुराणका कथा जोडिएका छन् । कतै अनुश्रुति र जनश्रुतिहरू जोडिएका छन् । कतै स्थाननामहरूसँग जोडिएका प्रसङ्ग छन् । इतिहासका साक्षी र प्रमाणहरू पनि छन् कतै । हाम्रा आस्था र विश्वासहरू काली-कोशी भएर बगेका छन् । जे होस् यो भूमि सुन्दर, शान्त, शीतल स्वर्ग भूमि हो । यहाँ निवास छ देवताहरूको । यो उत्तरखण्ड हो । हाम्रा पुराणहरू भन्छन् - स्वर्ग उत्तरतिर छ र शीतल छ । हामी भन्छौं- उत्तरोत्तर प्रगति होस् ।

पतितपावनी कालीगण्डकीको दाहिने काखमा तपोभूमिहरू छन् । मुक्तिक्षेत्रबाट बाह्रयोजन तलसम्म गण्डकी बग्ने क्षेत्रलाई शालग्राम क्षेत्र भनिन्छ । यो क्षेत्र परमपावन छ । म्याग्दीको गलेश्वरमा पुलहाश्रम छ । यहाँ राजा रहुगणलाई जडभरतले उपदेश दिएका थिए । बागलुङमा जैमिनीआश्रम छ । गुल्मीको पूर्तिघाटमा दक्षप्रजापतिको यज्ञस्थल छ । यहीँ रूरूक्षेत्र छ प्रख्यात । यहाँ और्वाश्रम छ । महर्षि भृगु, देवदत्त र रूरू कन्याले यही तपस्या गरेथे । यहीँ बस्छन् भगवान् हृषीकेश पनि । रूरूक्षेत्रको शिर हो रेसुङ्गा ।

एउटा जनश्रुति छ - महाभारतको युद्धपछि अर्जुनले पुनः गीताको उपदेश श्रवण गर्ने इच्छा गरेछन् । अर्जुनले भनेछन्-केशव ! युद्धको कोलाहलका बीच तपाईंले दिएको गीताको उपदेश पूरै बुझ्न सकिनँ । फेरि त्यो उपदेश एकान्त र शान्त ठाउँमा श्रवण गर्न पाऊँ । एकान्त र शान्त ठाउँ खोज्दै श्रीकृष्ण र अर्जुन यहाँ आएछन् । यहाँ आएर भगवान् श्रीकृष्ण रेसुङ्गाको चुचुरामा दक्षिण फर्की बसेछन् । अर्जुन दक्षिणतर्फको थुम्कोमा उत्तर फर्केर बसी गीताको उपदेश श्रवण गरेछन् । त्यस दिनदेखि अर्जुन बसेर गीता सुनेको थुम्काको नाम अर्जुन रह्यो । रेसुङ्गाको अर्को नाम गोपर्वत, श्रीकृष्ण पर्वत र देवगिरि पनि भयो । रेसुङ्गाक्षेत्र भगवान् श्रीकृष्णका मुखबाट निस्केका गीताका वाणी गुन्जेको हुनाले पवित्र तीर्थको रूपमा मानियो ।[१]

एउटा अनुश्रुति छ - महर्षि ऋष्यशृङ्ग शान्तासँग विवाह भएपछि वनविहार गर्दै, एकान्त खोज्दै यहाँ आएछन् । उनी मृगका जस्ता आँखा भएकी, उन्नत स्तन भएकी अत्यन्त सुन्दरी शान्तालाई सँगै लिएर आएका रहेछन् । ऋष्यशृङ्गले पर्वतको चुचुरामा उभिएर श्रीमती शान्तालाई भनेछन् - तिमी त्यो तल रहेको मुलायम घाँसतर्फ हिड (तंघासमेहि) उनीहरू तल मुलायम घाँसतिर झरेछन् ।

मुलायम घाँसमा क्रीडा गर्दै उनीहरूले त्यहाँ लामो समय बिताएछन् । महर्षिले तंघासमेहि भनेकोले पछि त्यो घाँसे मैदानको नाम तंघास भएछ । ऋष्यशृङ्गले तपस्या र साधना गरेको माथिको डाँडाको नाम ऋष्यशृङ्गबाट अपभ्रंश हुँदै रेसुङ्गा भएछ ।[२]

महाभारत र ऋष्यशृङ्ग - महाभारतको वनपर्वमा अध्याय-११०, १११, ११२, र ११३ मा ऋष्यशृङ्गको कथा छ जुन यसप्रकार छ- काश्यपगोत्रीय ऋषि विभाण्डकले कोशी नदीको किनारमा तपस्या गर्थे । उनी एउटा सरोवरभित्र डुबेर पानीभित्रै तपस्या गर्थे । एक दिन उर्वशी अप्सरा त्यहाँ आएर नुहाउँदै थिइन् । उनलाई देखेर ऋषिको वीर्य पतन भएछ । त्यो वीर्य पानी पिउँदै गरेकी मृगीले पानी सितै पिइछ । वीर्य पिएपछि मृगी गर्भिणी भइछ । पछि मृगीबाट एउटा मानवबच्चा उन्पन्न भएछ । त्यस बच्चाको टाउकामा एउटा सिङ रहेछ । त्यसैले उनको नाम ऋष्यशृङ्ग रह्यो । आश्रममै पढेर उनी अद्वितीय प्रभावशाली र विद्वान् बने ।

त्यसै बेला अंग देशमा ठूलो खडेरी परेछ । देशमा हाहाकार भएछ । राजा लोमपादले देशका शास्त्रज्ञ विद्वान् र ज्योतिषीहरूलाई बोलाएर भनेछन्- विद्वान् गुरुहरू ! पानी नपर्नाले सर्वत्र हाहाकार भयो । जसरी भएपनि पानी पार्ने उपाय गर्नुपऱ्यो । विद्वान् ज्योतिषीहरूले भनेछन्- पानी पार्ने जुक्ति हामी जान्दैनौं । बरु विभाण्डक ऋषिका छोरा ऋष्यशृङ्गले यो जुक्ति जानेका छन् भन्ने सुनेका छौं । यति कुरा सुनेपछि महाराज लोमपादले ऋष्यशृङ्गलाई ल्याउन केही सुन्दरीहरूलाई कोशीकिनारतिर पठाएछन् । सुन्दरीहरू डुँगाबाट कोशीकिनारमा रहेको विभाण्डकको आश्रममा पुगेछन् । जब विभाण्डक आश्रमबाट निस्केर कतै गए तब सुन्दरीहरूले ऋष्यशृङ्गलाई भेटे । ऋष्यशृङ्गको उमेर तेईस चौबीस वर्षको थियो । उनले आफ्ना पिताबाहेक कसैलाई देखेका थिएनन् । सिंगारिएर ठाँटिएर आएका सुन्दरीहरूलाई उनले कुनै ऋषिकुमारहरूनै ठाने । सुन्दरीहरूले ऋष्यशृङ्गलाई आलिङ्गन गरे, मुसारे, चुम्बन गरे, मीठामीठा खानेकुरा खुवाए । पिएपछि मन हर्षित हुने र पृथ्वीनै हल्लेजस्तो हुने पेय पदार्थ पिलाए । यद्यपि ऋष्यशृङ्ग नारी-पुरुषको भेदबाट अनभिज्ञ थिए तथापि प्रकृतिस्वभावतः उनी सुन्दरीहरूको स्पर्श, आलिङ्गन, चुम्बन आदिबाट मोहमा परे । ऋषि मोहजालमा परेको थाहा पाएका सुन्दरीहरू भोलि भेटौंला भनी आफू बस्ने ठाउँतिर गए ।

साँझ पिता विभाण्डक आश्रममा आउँदा ऋष्यशृङ्ग झोंक्राएर बसेका थिए ।

उनले न समिधा जम्मा गरेका थिए न अरू कामहरू नै गरेका थिए । विभाण्डकले सोधे-बाबु ! आज यहाँ को आएको थियो ? ऋष्यशृङ्गले भने-पिताजी ! यहाँ आज ज्यादै सुन्दर ब्रह्मचारीहरू आएका थिए । ती सबै जटाधारी थिए । तिनका आँखा निकै राम्रा थिए । मेरा शिरमा एउटा सिङ भएझैं तिनका वक्षस्थलमा दुईदुईवटा सिङ थिए । तिनीहरू गौर वर्णका, कटि भाग सूक्ष्म र नितम्व स्थूल भएका र हाँस झैं गति भएका थिए । तिनीहरूले सुन्दर वस्त्र लगाएका थिए र तिनीहरूको बोली कोइलीको झैं थियो । तिनीहरूले मलाई बारम्बार आलिङ्गन गरे, चुम्बन गरे । तिनीहरूले ल्याएका रसिला फलहरू मैले खाएँ । उनीहरूले दिएको पेय पनि मैले पिएँ । अहिले म उनीहरूलाई नै सम्झेर उदास भइरहेको छु ।

विभाण्डकले छोरालाई सम्झाए- बाबु हाम्रो तप भंग गर्न राक्षसहरू आउन सक्छन् ख्याल गर्नू । अर्को दिन बिहानै विभाण्डक कतै लागे । मौका छोपेर सुन्दरीहरू आइहाले । मोहित भएका ऋष्यशृङ्ग उनीहरूसँग डुंगामा बनेको आश्रममा पुगे । भित्र कोठाझैं सिंगारिएको आश्रममा ऋष्यशृङ्ग केही सुन्दरीहरूसँग बसे । बाहिर डुँगाको डोरी फुकाएपछि डुँगा पानीको गतिसँगै उँधो बग्न थाल्यो । केही समयपछि डुँगा अंगदेशको राजधानीमा पुग्यो । राजा लोमपाद आएर ऋषिकुमारलाई स्वागत गर्दै दरबारमा लगे । ऋषिकुमार दरबारमा पस्नेबित्तिकै वर्षा भयो । अत्यन्त प्रसन्न भएका राजा लोमपादले पुत्री राजकुमारी शान्ताको विवाह ऋष्यशृङ्गसंग गरिदिए ।[३]

रामायण र ऋष्यशृङ्ग - वाल्मीकिय रामायण बालकाण्डका ९, १०, ११, १२, १३, १४, १५ गरी सात सर्गमा महर्षि ऋष्यशृङ्गको प्रसंग छ । रामायणमा महाभारतमा भन्दा केही फरक कुरा छन् । रामायणमा ऋष्यशृङ्ग मृगीबाट जन्मेको र उनको टाउकोमा सिङ भएको कुरा छैन । ऋष्यशृङ्गले सुन्दरीहरूलाई आफ्नो परिचय दिंदा-म पिता विभाण्डकको औरस पुत्र हुँ भनेर भनेका छन् । सजातीय विवाहित पत्नीमा आफ्नै वीर्यबाट उत्पन्न पुत्रलाई मात्र औरस पुत्र भनिन्छ । अंगदेशमा पानी नपरेको, सुन्दरी वेश्याहरू पठाएर ऋष्यशृङ्गलाई अंग देशमा ल्याएको, ऋष्यशृङ्ग आउनासाथ पानी परेको र ऋष्यशृङ्गको शान्तासँग विवाह भएको कुरा रामायण र महाभारत दुबैमा समान छन् । महाभारतमा ऋष्यशृङ्गले राजा दशरथको पुत्रेष्टि यज्ञ गराएको कुरा छैन । वाल्मीकीय रामायणमा महर्षि ऋष्यशृङ्गले अश्वमेध यज्ञका अनुष्ठानहरू अग्निष्टोम, उक्थ्य, अतिरात्र, ज्योतिष्टोम, आयुष्टोम, अभिजित्, विश्वजित् र आप्तोर्याम सम्पन्न गरेपछि अन्तमा पुत्रेष्टि यज्ञ सम्पन्न गरे । पुत्रेष्टि यज्ञमा

प्रकट भएका यज्ञपुरुषले दिएको पायस खाएपछि दशरथका रानीहरू गर्भिणी भएका थिए । यस महायज्ञका प्रमुख आचार्य नवयुवक ऋषिकुमार ऋष्यशृङ्ग थिए । वाल्मीकि रामायणमा ऋष्यशृङ्गले गरेको महायज्ञका कुराको व्यापक वर्णन भएको छ । त्यसमा भएका दानपुण्यको चर्चा पनि भएको छ । सरयू नदीको उत्तरभागमा भएको महायज्ञका आचार्य ऋष्यशृङ्गको विद्वत्ता र प्रभावको वर्णन पनि गरिएको छ । अरू रामायणहरूमा पनि संक्षेपमा ऋष्यशृङ्गले पुत्रेष्टि यज्ञ गराएको र त्यसबाट राम, लक्ष्मण, भरत, र शत्रुध्न जस्ता पुत्रहरू जन्मेको वर्णन छ । धेरै पुराणहरूमा ऋष्यशृङ्गको उल्लेख भएको छ । ऋष्यशृङ्ग महान् यज्ञकर्त्ता र ब्रह्माजीको सभाका सभासद् भएको र प्रभावशाली महर्षि भएको कुरा पुराणहरूले बताएका छन् ।[४]

आप्तवचन र अनुश्रुतिका आधारहरू - दशरथको यज्ञ सम्पन्न भई रामहरू जन्मदासम्म ऋष्यशृङ्ग र शान्ता अयोध्यामै बसेहोलान् । सम्भवतः रामहरू जन्मेपछि ऋष्यशृङ्ग र शान्ता एकान्त खोज्दै उत्तरतर्फ लागे । अयोध्याबाट कपिलवस्तु हुँदै उनीहरू रुरुक्षेत्र पुगे । रुरु क्षेत्रबाट डाँडैडाँडा हिंडेर शृङ्गामा बास बस्दै रेसुङ्गामा पुगे । रेसुङ्गामा सानो रेसुङ्गामा आश्रम बनाएर बसे । त्यहाँ लामो समय बस्दा उनीहरू कहिले सिद्धस्थान नजिकै र कहिले पोखरीतिर पनि बसे । राम लक्ष्मणहरू ठूला भएपछि यहाँ आए । पानीको अभाव देखेर रामले बाण हानी पानी निकालिदिए । रामकुवा अहिले पनि छँदैछ ।

यद्यपि वाल्मीकिय रामायणमा ऋष्यशृङ्ग रेसुङ्गामा आएको स्पष्ट उल्लेख भेटिन्न तथापि ऋष्यशृङ्ग यज्ञपछि पनि अयोध्यामा बसेर शहरिया जीवन व्यतीत गरेको अनुमान पनि गर्न सकिन्न । उनी तपस्वी हुन्, स्वाध्यायी हुन् र मूलतः वनवासी हुन् । दशरथको पुत्रेष्टि यज्ञ सम्पन्न भएपछि ऋष्यशृङ्ग अयोध्याको निकटवर्त्ती तपोभूमि रुरुक्षेत्र र यसको शीर्षस्थानमा रहेको यस सिद्धाचल (रेसुङ्गा) मा आएको अनुमान गर्न सजिलै सकिन्छ । कपिलवस्तुको शृङ्गी घाट र गुल्मीको शृङ्गाले पनि यसलाई पुष्टि गर्छन् । महायोगी शशिधर स्वामी, महाप्रभु लक्ष्मीनारायण, महापण्डित दधिराम मरासिनी , अन्वेषक विद्वान् योगी नरहरिनाथ, डा. हरिप्रसाद आचार्य, पण्डित परशुराम उपाध्याय पन्थी र डा. टीकाराम पन्थीजस्ता मनीषिहरूले पनि रेसुङ्गा नै ऋष्यशृङ्गको तपोभूमि हो भनेर उल्लेख गरेका छन् । ऋष्यशृङ्गबाट अपभ्रंश भई रेसुङ्गा बनेको शब्दप्रमाणले पनि पुष्टि गर्दछ । रेसुङ्गा ऋष्यशृङ्ग नआउँदै पनि सिद्धाचल भनेर प्रख्यात रहेको कुरा वाल्मीकिय रामायण बालकाण्डको उनन्तीस अध्यायमा महर्षि

विश्वामित्रले राम र लक्ष्मणलाई बताएका छन् । वामन अवतार लिनुभन्दा पहिले भगवान् विष्णुले यसै सिद्धाचलमा तपस्या गरेका थिए र यहींबाट वामन अवतार लिई महाबली बलिराजसँग गई तीन पाइला पृथ्वी मागेका थिए र देवताहरूको कल्याण गरेका थिए । रेसुङ्गाको शिखरमा अद्यापि सिद्धस्थान छ र यसको महिमा पनि सर्वोपरि छ । रेसुङ्गामा रहेका सिद्ध कुनै सिद्धिप्राप्त मानव सिद्धबाबा नभएर साक्षात् सिद्धेश्वर महादेव नै हुन् भन्ने जनविश्वास छ ।

**सन्दर्भ सामग्री**


१. डा. टीकाराम पन्थी - केही जनश्रुतिहरू
२. डा. टीकाराम पन्थी - नेनेपाल : (खण्डकाव्य)
३. महर्षि वेदव्यास - महाभारत
४. महर्षि वाल्मीकि - श्रीमद्वाल्मीकीय रामायण



**रेसुङ्गा नगरपालिका-१,**
**तम्घास, गुल्मी ।**


ooo


# किरण पुस्तकालय तम्घास, गुल्मीलाई

## आफ्ना प्रकाशनहरू उपलब्ध गराई

# सहयोग गर्नुहोस् ।

# तपोभूमि रेसुङ्गामा सुखानुभूति – आध्यात्मिक पर्यटन

## (Feeling of Happiness in Holy Resunga – Spiritual Tourism)



✍कृष्णबहादुर कुँवर

### १. पृष्ठभूमि र लेखनको उद्देश्य

रेसुङ्गा लेक पौराणिक कालदेखिको नेपालकै विशिष्ट रमणीय धरोहर हो । नेपाल सरकारले आन्तरिक पर्यटनको लागि नेपालका १०० गन्तव्य स्थलहरूमध्ये रेसुङ्गालाई समेत समावेश गरेको छ । रेसुङ्गा आफैमा रहस्यमय रहेको परिप्रेक्ष्यमा, तपोभूमि रेसुङ्गा लेकबारे विभिन्न समयमा अनेकौं आख्यान, लेखोट, कृतिहरू प्रकाशन भएका छन् ।

यो लेखका मुख्य दुई उद्देश्यहरू रहेका छन् – (१) तपोभूमि रेसुङ्गा र सो आसपासको क्षेत्रको धार्मिक पर्यटन आबद्धता प्रवर्धन गरी धार्मिक, पुरातात्त्विक, ऐतिहासिक, साँस्कृतिक, आर्थिक, पर्यावरणीय र पर्यटकीय विकासपक्षहरूमा सघाउने वातावरण सिर्जना गर्ने, र (२) सामान्य व्यक्तिले समेत गृहस्थाश्रममा रही सनातन निरन्तरता दिन सक्ने र सहज पुस्तान्तरण हुने गरी सनातनी परम्पराको तपोभूमि रेसुङ्गाबाट एक "समावेशी सरल सनातन आचारसंहिता" निर्माण गर्न सकारात्मक वातावरण तयार गर्न सघाउने ।

रेसुङ्गाको काखमा रहेको तम्घासस्थित किरण पुस्तकालयले धार्मिक पक्षका महत्त्वपूर्ण कृतिहरू प्रकाशन गरेर सराहनीय काम गरेको छ । यसै परिप्रेक्ष्यमा, यो पंक्तिकारले रेसुङ्गाका धार्मिक, पुरातात्विक, ऐतिहासिक, साँस्कृतिक, आर्थिक, वातावरणीय र पर्यटकीय महत्त्वपूर्ण पक्षहरू समेटी बि.सं. २०७६ मा "रमणीय पवित्र रेसुङ्गा (Wonderful Holy Mountain Resunga)" पुस्तक प्रकाशन गरेको थियो । बाल, युवा, प्रौढ जो कोहीलाई रेसुङ्गाको आनन्दको अनुभव गर्न उत्प्रेरित गराउन रमणीय र पवित्र रेसुङ्गाको काखमा अवस्थित हुने सौभाग्य पाएको तम्घासले सदरमुकामको भौतिक पूर्वाधार विकास, व्यापारव्यवसाय र कृषि विकासमुखी पर्यटनको केन्द्र बन्न सक्ने सम्भावनालाई

उजागर गर्ने र रेसुङ्गा विषय शैक्षिक संस्थाहरूले स्थानीय पाठ्यक्रममा राखून् भन्ने उद्देश्य थियो ।

यही बीचमा, नेपाल सरकारको स्वीकृत एक अध्ययन (राष्ट्रिय योजना आयोग "ग्रामीण सडक निर्माणमा भारी उपकरण प्रयोगबाट उत्पन्न विपद्सम्बन्धी अध्ययन प्रतिवेदन २०७९, Study on Heavy Equipment Induced Disaster in Rural Road Construction) को सिलसिलामा निर्माणाधीन तम्घास–रेसुङ्गा सडकबारे स्थानीय उपभोक्ताहरूसंगको छलफलसमेत समेटिएको थियो । सो प्रतिवेदनमा "विकासको गति : सदरमुकाममै ५ वर्षमा ५.५ कि.मि. सडक पनि बनेन" (प्रकोष्ठ ६) र "विद्यमान विकास नीतिमा परिमार्जनको कार्ययोजना – धार्मिक तपोभूमियुक्त पौराणिक तथा पुरातात्विक स्थानको चुचुरोमा व्यापारिक प्रयोजनको लागि निर्मित फलामे टावरले आध्यात्मिक तपमा अवरोध पुऱ्याएकोले त्यस्ता फलामे टावरहरू अन्यत्र स्थानान्तरण गर्ने र स्थान उपयोग गरेको हालसम्मको भाडा स्थानीय संरक्षण निकायलाई बुझाउने र यस किसिमका धार्मिक वनभित्र उद्देश्य विपरीत मदिराजन्य पदार्थ समेत उपभोग गर्ने गरी वातावरणीय स्वीकृति समेत नलिई सञ्चालन गरिएका होटेल व्यवसायलाई सात्विक धर्मशालामा परिणत गर्ने । कार्यावधि ६ महिना" (तालिका १९) उल्लेख गरिएको थियो ।

उक्त प्रतिवेदनका समेटिएका विषयहरूमध्ये धार्मिक वनक्षेत्रमा सञ्चालित होटल व्यवसायको करार बदर गर्ने फैसला भइसकेको र आध्यात्मिक तपमा अवरोध पुऱ्याइरहेका फलामे टावरहरू अन्यत्र स्थानान्तरण गर्ने विषयमा दायर भएको अर्को रिट सर्वोच्च अदालतमा विचाराधीन रहेको छ ।

## २. तपोभूमि रेसुङ्गाक्षेत्रको धार्मिक पर्यटन प्रवर्धन – सर्वोच्च अदालतको फैसला कोशेढुङ्गा

रेसुङ्गाक्षेत्रको संरक्षणका सन्दर्भमा राज्यका तीन अङ्गमध्ये न्यायपालिका अर्थात् सर्वोच्च अदालतको फैसला (रिट २०८०–WO–१०७० माननीय न्यायाधीश कुमार रेग्मी र माननीय न्यायाधीश शारङ्गा सुवेदीको संयुक्त इजलास) सराहनीय र सनातन परम्पराको लागि कोशेढुङ्गा बन्न पुगेको छ । फैसलामा लेखोटहरू, स्थानीय जनविश्वास, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका आध्यात्मिक परम्परा एवं अभ्यास र प्रचलित कानूनमा आधारित रहेर गरिएको व्याख्या र आदेशले तपोभूमि रेसुङ्गा आधिकारिक सनातन पुष्टि भएको छ । यसबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा धार्मिक पर्यटनको प्रवर्धनमा सघाउ

पुग्ने भएकोले कृतज्ञतासहित यहाँ साभार उद्धरण गर्ने प्रयास गरिएको छ ।

## २.१ फैसलामा रेसुङ्गाको धार्मिक, पुरातात्त्विक, ऐतिहासिक, साँस्कृतिक र वातावरणीय महत्त्व वर्णन

सर्वोच्च अदालतको उक्त फैसलाको बुंदा नं. ३२ मा पवित्र रेसुङ्गा धामको विस्तृत वर्णन गरिएको छ – गुल्मी जिल्लास्थित रहेको पवित्र रेसुङ्गा धाम महर्षि ऋष्यशृङ्गसंग सम्बन्धित रहेको भन्ने पाइन्छ । ऋष्यशृङ्गबाटै अपभ्रंश भई रेसुङ्गा बनेको भन्ने विभिन्न लेख आलेखहरू रहेको पाइन्छ । धार्मिक किम्वदन्ती अनुसार त्रेतायुगदेखिनै यस तपोभूमिका अनेक ॠषिमुनि र साधुसन्तहरूले तपस्या गर्दै आएका, ऋष्यश्रृङ्गलाई भेटन भगवान् राम रेसुङ्गामा आउनुभएको, रामले बाण हानी पानीको व्यवस्था गरिदिनुभएको, उक्त भूमि अमृतद्वारा सिञ्चित रहेको, महाभारतको युद्धपछि अर्जुनले श्रीकृष्णबाट पुनः गीताका उपदेश श्रवण गर्ने इच्छा गर्दा श्रीकृष्ण र अर्जुन दुबै यहाँ आई अर्जुनलाई गीताको उपदेश दिनुभएको लगायतका अनेकौं जनश्रुतिहरू रहेको पाइन्छ । रूरूक्षेत्रबाट करिब ४० किलोमिटर दूरीमा रहेको रेसुङ्गाक्षेत्र रूरूक्षेत्रको शीर्षस्थलको रूपमा रहेको पाइन्छ । समुद्रसतहबाट २,३४७ मिटरमाथि रहेको रेसुङ्गाक्षेत्रलाई समग्र नेपालीहरू र विश्वभरिका हिन्दूहरूले आस्थाको धरोहर मान्दै पूजाआजा गर्ने तथा उक्त भूमिको भ्रमण गर्ने गरेको विभिन्न समयमा प्रकाशित तथ्याङ्कहरूबाट देखिन्छ । यस क्षेत्रमा योगी स्वामी शशिधर, तपस्वी महाप्रभु लक्ष्मीनारायण, बुद्धिधर, छविलाल, ठाकुरप्रसादसमेतले तपस्या गरेको र योगसाधनाद्वारा उक्त भूमिलाई पवित्र बनाइएको भन्ने पनि युक्ति सुन्न पाइन्छ ।

रेसुङ्गाक्षेत्रमा रेसुङ्गा यज्ञशाला, सिद्धस्थान, शशिधर स्वामीको आश्रम, रेसुङ्गा मठ, महापोखरी, सानो रेसुङ्गा, गौशाला, सावनी, सीताराम मन्दिर, मनकामना मन्दिर लगायतका पवित्र धार्मिक स्थलहरू रहेको पाइन्छ । उक्त क्षेत्रमा विभिन्न समयमा भएका यज्ञ महायज्ञ, योग, ध्यानलगायतका प्रभावका कारण योगी नरहरिनाथले कोटीहोम महायज्ञ गरेपश्चात् उक्त क्षेत्रमा वेदशाला तथा धर्मशालासमेतको पुनः जागृत गराइएको र प्राचीनकालदेखि नै उक्त क्षेत्र योग, ध्यान, दान, धर्मकर्म, यज्ञ तथा धार्मिक अनुष्ठानका लागि चर्चित रहेको पाइन्छ । रेसुङ्गाक्षेत्र प्राकृतिक सम्पदाले परिपूर्ण, जनताको श्रद्धा, विश्वास र आस्थाको केन्द्र, रेसुङ्गाक्षेत्रमा रहेका पवित्र धार्मिक स्थलहरू, मठमन्दिर, तपोभूमि, वनक्षेत्र, आश्रम, महापोखरी, धर्मक्षेत्र, पाटीपौवा, यज्ञशाला, धर्मशाला एवं भग्नावशेषसहितको समग्रतालाई रेसुङ्गाक्षेत्रको रूपमा स्वीकार गरिएको पाइन्छ । रेसुङ्गाक्षेत्रभित्र रहेको महापोखरीमा हरेक श्रावण महिनाभरि मेला लाग्ने

तथा सिद्धको पूजा हुने, तीर्थालु भक्तजनका साथै आन्तरिक तथा बाह्य पर्यटकको समेत बर्सेनी बाक्लो उपस्थितिसमेत हुने गरेको पाइन्छ । रेसुङ्गामा रहेको महापोखरीमा स्नान गरी पूजाआजा गरेमा मनोरथसमेत पूरा हुने धार्मिक आस्था उक्त क्षेत्रमा रहेको धार्मिक तथा पर्यटकीय सम्पदाका साथै सो क्षेत्रमा रहेका अनेकन गुफाहरूले महत्त्व झनै बढाएको पाइन्छ ।

उल्लिखित पृष्ठभूमि र धार्मिक आस्थाको धरोहरको रूपमा विश्वासमा लिइएको उक्त रेसुङ्गाक्षेत्रको धार्मिक मूल्यमान्यतामा कुनै परिवर्तन नहुनेगरी धर्म, सँस्कृति र परम्परा अनुसारको पूजापाठ, ध्यान, योग, तीर्थाटन लगायतका कार्यमा थप सुविधा हुनेगरी उक्त क्षेत्रको संरक्षण, संवर्धन र प्रवर्धन गर्नेतर्फ राज्यका संघ, प्रदेश र स्थानीय तहका सबै शासकीय इकाइहरूका साथै सम्बद्ध अन्य सबै क्षेत्रको सहकार्य र समन्वयबाट आवश्यक गतिविधिहरू सञ्चालन हुनुपर्दछ । यस्ता गतिविधिहरू सञ्चालन गर्दैँदा रेसुङ्गाजस्तो आफ्नै पहिचान र मूल्य बोकेको हरेक धार्मिक , साँस्कृतिक, सामाजिक तथा प्राचीन सम्पदा र क्षेत्रको मौलिकता नष्ट नहुनेगरी नै थप मजबुत बनाउँदै अगाडि बढनुपर्ने हुन आउँछ ।

उक्त फैसलाको बुंदा नं. ४७ मा थप वर्णन गरिएको छ – एकसय वर्ष नाघेका संरचनाहरू प्राचीन स्मारक अन्तर्गत रहने देखिन्छ । रेसुङ्गाक्षेत्रको प्राचीन इतिहास हेर्दा त्रेतायुगदेखि नै विभिन्न ऋषिमहर्षिहरूले यस क्षेत्रमा ध्यान र तपस्या गरेको भन्ने जनआस्था, हिन्दू धर्मको प्राचीन योगध्यान गर्ने तपोभूमिको रूपमा स्थापित रहेको पाइएको, वि.सं. १८८३ मा स्वामी शशिधरका पुत्र महाप्रभु लक्ष्मीनारायणले महापोखरी निर्माण गर्न लगाई सबै तीर्थबाट जल ल्याएर मिसाए यस पोखरीलाई सर्वतीर्थ बनाएको भन्ने धार्मिक मान्यतासँगै समयसमयमा ठूला ठूला यज्ञहरू हुने गरेको त्यस क्षेत्रमा रहेको इतिहासबाट देखिन्छ । रेसुङ्गाक्षेत्रमा रहेका पौराणिक शैलीको यज्ञशाला, राधाकृष्णको मन्दिर, मठ, पौवा, महापोखरी आदि सबै संरचनाहरूको ऐतिहासिकता हेर्दा प्राचीन स्मारक ऐनले परिभाषित गरेबमोजिम राष्ट्रिय र अन्तर्राष्ट्रिय दृष्टिकोणले विशिष्ट मूल्य राख्ने धार्मिक र साँस्कृतिक सम्पदाहरू भएको पाइन्छ ।

## २.२ रेसुंगा संरक्षित वनक्षेत्रको सिमाना (चारकिल्ला)

उक्त फैसलाको बुंदा नं. ४४ मा "मिति २०७४ फाल्गुण २८ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार रेसुङ्गा संरक्षित वनक्षेत्रफल १९,२८१.३७ हेक्टर र चारकिल्ला उल्लेख छ । जस अनुसार –

**पूर्व :** गुल्मीदरबार गाउँपालिका वडा नं. २ जुभुङको भिरबास र उर्लाकोट, गुल्मीदरबार गाउँपालिका वडा नं. ९ बलिथुमको नेटा र रातामाटा ।

**पश्चिम :** रेसुङ्गा नगरपालिका वडा नं. ८ को खानीगाउँ र छापटोला, इस्मा गाउँपालिका वडा नं. १ हस्तिचौरको कुमालगाउँ शिखाधारा, रेसुङ्गा नगरपालिका वडा नं. १० सिमिचौर चेतेनेटा, रेसुङ्गा नगरपालिका वडा नं. ५ को लामडाँडा र वडा नं. ६ को चेक्मी ।

**उत्तर :** इस्मा गाउँपालिका वडा नं. १ को जुकेपानीगाउँ हुँदै मल्दीगाउँ, मुसिकोट नगरपालिका वडा नं. ३ को तोलादी र पेंगा ।

**दक्षिण :** रेसुङ्गा नगरपालिका वडा नं. १० को रैया र फलामेडाँडा, रेसुङ्गा नगरपालिका वडा नं.११ को केदुवाफेँदी, गुल्मीदरबार गाउँपालिका वडा नं. ७ को फेंदीसम्मको क्षेत्र ।

उक्त चार किल्लाभित्र रेसुङ्गा संरक्षित वनक्षेत्रसंग सम्बन्धित ४ पालिकाहरू – रेसुङ्गा नगरपालिका, गुल्मीदरबार गाउँपालिका, इस्मा गाउँपालिका र मुसिकोट नगरपालिका आबद्ध देखिन्छन् ।

चार किल्लाका सम्बन्धमा अन्यत्र पनि उल्लेख गरेको पाइन्छ – रेसुङ्गा चौघेराको सीमा वरिपरि करिब १८ कोस फेराको सिमाना कायम गरी श्री ३ वीर समशेरबाट वि.सं. १९५३ साल श्रावण सुदी ८ रोज १ मा गुल्मी चारपालेहरूका नाममा चिताइदारी गर्नू भन्ने रूक्का दस्तखत भएको र कार्तिक महिनाका गौपूजा औंशी, सूर्यग्रहण लागेका बखत चारपालाका गाईगोरु राख्नलाई संकल्प गरी नून छरी गौविर्ता इति संवत् १९७४ साल आश्विन ३ गते भन्ने पनि पाइन्छ । रेसुङ्गा फेराका २४ गाँउहरू हुन् – खानीगाउँ, तम्घास–उपल्लो तम्घास, धागिथुम, अर्खले, तालतुङ, पैँगा, बेहोरे–भाडगाउँ–किम्ले, पराल्मी, रातमाटा, बलिथुम, जुगुम, भिरवास, निधूर, गौंडाकोट, भँगारी, गुल्मी चारपाला, बोटे, दुबीचौर, बुढी भिर्मी, उर्लेनी, पाँचराते, सिमीचौर आदि । (टेकबहादुर कुँवर, *हाम्रो गुल्मी : मेरो अनुभव*, २०५८)

## २.३ परम्परागत नेपाली शैलीको गैरव्यावसायिक तथा गैरनाफामूलक धार्मिक धर्मशालाको व्याख्या

उक्त फैसलाको बुंदा नं. ३५ मा व्याख्या गरिएको छ – नेपालमा रहेको सनातनदेखि मानिआएको धर्ममा आस्था राख्ने धार्मिक स्थलहरूका केही आफ्नै मूल्यमान्यता र परम्परासमेत रहेको पाइन्छ जसले हरेक व्यक्ति र समाजलाई

सन्मार्गमा लाग्न प्रेरित गरिरहेको हुन्छ र सोही मूल्य र मान्यताअनुसार समाजले आफ्नै अनुशासन र मर्यादा कायम गरेको हुन्छ । धार्मिक स्थलमा शुद्ध र पवित्र वातावरण कायम राख्नुपर्ने हुँदा मदिराजन्य पदार्थ, मांसाहार र अन्य अशुद्ध गतिविधिहरू निषेधित हुन्छन् भन्ने शुद्धता र पवित्रताको आवश्यकताको कारण धार्मिक स्थलमा व्यावसायिक गतिविधि केवल धार्मिक प्रयोजनका लागि आवश्यक सामग्रीहरूको बिक्रीमा मात्र सीमित हुनुपर्ने र टाढाबाट आएका तीर्थयात्री वा पर्यटकका लागि निःशुल्क वा न्यूनतम शुल्कमा बस्नेखाने आवासको व्यवस्थाका लागि धर्मशालासम्म सञ्चालन गर्न मिल्ने तर मनोरञ्जन वा नाफामुखी व्यावसायिक गतिविधिमा निषेधित हुने आम प्रचलन नै रहेकोलाई अन्यथा मान्न मिल्दैन । धार्मिक क्षेत्रको अति व्यावसायीकरणले साँस्कृतिक मूल्य मान्यतामा ह्रास हुने, परम्परागतरूपमा यस धार्मिक क्षेत्रको प्रयोग गरी जीविका चलाउने स्थानीय समुदायको विस्थापन हुने खतरा, प्राकृतिक स्रोत साधनको परम्परागत ज्ञान र धार्मिक साँस्कृतिक अभ्यासहरूको लोप हुने खतरा, अनुचित उपयोग उपयोगले साँस्कृतिक सम्पदाको मौलिकता नष्ट भई भावी पुस्ताको लागि सम्पदा बाँकी नरहने खतरातर्फ समेत तीनै तहका सरकार, शासकीय इकाइहरू, नागरिक समाज, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, आम पत्रकार जगत्समेत सचेत भई यस्ता क्षेत्रको संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ ।

उक्त फैसलाको बुंदा नं. ३६ – ४२ मा विस्तृत व्याख्या गरिएको छ – 'धर्म' र 'शाला' दुई शब्द मिली बनेको 'धर्मशाला' शब्द सँस्कृत भाषाबाट आएको पाइन्छ । 'धर्म' भन्नाले धार्मिक कार्य , पुण्यकर्म वा कल्याणकारी कार्यलाई जनाउँछ भने र 'शाला' भन्नाले घर, भवन वा आवासलाई बुझाउँछ । हिन्दू धर्मको सन्दर्भमा धर्मशाला भनेको धार्मिक उद्देश्यका लागि निर्माण गरिएको सार्वजनिक आवास वा विश्राम स्थल हो, जहाँ यात्रु, तीर्थयात्री र आवश्यकतामा परेका मानिसहरूलाई निःशुल्क बास बस्ने सुविधा प्रदान गरिन्छ । नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित नेपाली बृहत् शब्दकोशअनुसार 'धर्मशाला' भन्नाले "यात्री, बटुवा, भिक्षु आदिलाई निःशुल्क बस्नको लागि बाटाघाटा वा तीर्थस्थानमा बनाइएको घर, पाटी, पौवा" भन्ने बुझिन्छ । हिन्दू धर्मशास्त्रमा धर्मशालाको निर्माण र सञ्चालन एक महत्त्वपूर्ण पुण्यकर्म मानिन्छ । विभन्न धर्मग्रन्थअनुसार धर्मशाला निर्माण गर्नु र यसको व्यवस्थापन गर्नु दानको एक उत्कृष्ट रूप हो । यसलाई 'अन्नदान', 'वस्त्रदान' र 'आश्रयदान' को संयुक्त रूप मानिन्छ । तीर्थयात्रुहरूलाई सुरक्षित आश्रय प्रदान गर्नु धार्मिक मान्यताअनुसार मोक्षको बाटो प्रशस्त पार्ने काम हो । धर्मशालाहरू प्रायः मन्दिर परिसर वा तीर्थस्थलहरूमा अवस्थित हुन्छन् । यहाँ बस्ने व्यक्तिहरले धार्मिक अनुष्ठान, प्रार्थना र

आध्यात्मिक साधनामा सहजरूपमा सम्लग्न हुन सक्छन् । यसरी धर्मशालालाई केवल भौतिक आश्रयको रूपमा मात्र नभएर आध्यात्मिक विकासको केन्द्रको मूल खाँबोको रूपमा पनि हेरिन्छ । नेपाली समाजमा धर्मशालाको साँस्कृतिक महत्त्व पनि अतुलनीय रहेको पाइन्छ ।

उक्त फैसलाको बुंदा नं. ५३ मा "रेसुङ्गाक्षेत्रमा रहेको धर्मशालाको संरचना संशोधन गरी रिसोर्ट निर्माण गर्ने संभौता तथा कामहरू गैरकानूनी भएकोले उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब आवश्यकता परेको खण्डमा उक्त क्षेत्रमा रहेको रेसुङ्गा संरक्षित वन, महापोखरी तथा सो क्षेत्रको वातावरणीय तथा पर्यावरणीय महत्त्व नखल्बलिने तथा धार्मिक सामाजिक तथा पुरातात्विक महत्त्वमा असर नपर्नेगरी कानून बमोजिम क्षेत्राधिकार रहेका निकायको अनुमति लिई परम्परागत नेपाली शैलीको गैरव्यावसायिक तथा गैरनाफामूलक धार्मिक धर्मशाला निर्माण गर्नू गराउनू भनी विपक्षहरूको नाममा परमादेश" भएको उल्लेख छ ।

## २.४ फैसला कार्यान्वयनका अवरोधहरू

- सम्मानित सर्वोच्च अदालतमा स्थानीय सामाजिक अभियन्ताहरूले दायर गरेको रिटमा अवैधानिक सम्झौता–करार भङ्ग गरी गैरनाफामूलक संस्थाबाट धर्मशाला सञ्चालन गर्नसक्ने मिति २०८१।१२।०६ मा उत्प्रेषणयुक्त परमादेशसमेत जारी भएको थियो । पूर्ण पाठ नआएको बहाना बनाई होटलले सो धर्मशाला खाली गरेन ।

- पूर्ण पाठसहित सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालय, काठमाडौंको कार्यान्वयनको लागि १४ निकायहरूलाई मिति २०८२।८।२४ को पत्र, महान्याधिवक्ताको कार्यालयको कार्यान्वयनको लागि जिल्ला प्रशासन कार्यालय, गुल्मीसमेतलाई मिति २०८२।८।२४ को पत्र, रेसुंगा नगरपालिकाको १५ दिनभित्र कार्यान्वयन गर्ने मिति २०८२।९।१७ को पत्र, नेपाल सरकार गृह मन्त्रालयको जिल्ला प्रशासन कार्यालय, गुल्मीलाई कार्यान्वयन गर्ने मिति २०८२।१०।१९ को पत्र, जिल्ला प्रशासन कार्यालय, गुल्मीले ७ दिनभित्र धर्मशाला खाली गर्ने मिति २०८२।१०।२२ को पत्रहरूलाई बेवास्ता गरियो । उल्टो सर्वोच्च अदालतको फैसलालाई बेवास्ता गर्दै होटेल पौवा प्रा.लि.ले जिल्ला प्रशासन कार्यालय, गुल्मी र रेसुङ्गा नगरपालिका विरूद्ध उच्च अदालत तुल्सीपुर, बुटवल इजलासमा मिति २०८२।११।१ मा दर्ता गरेको निषेधाज्ञा निवेदन मिति २०८२।११।४ खारेज भयो ।

- धर्मशाला खाली गर्न समाचारहरू (रासस, रातोपाटी, नेपाल प्रेस, नेपाली पात्रो, न्यूजपोलार, ओझेलका खबर, राज्य टिभि, गुल्मी न्युज लगायतका फैसला कार्यान्वयनको लागि प्रचारप्रसार र स्थानीय संघसंस्था तथा जनताले गरेको बारम्बार ताकेतालाई बेवास्ता गरिरहेको स्थितिमा मिति २०८३।०१।१५ गते मात्र जिल्ला प्रशासन कार्यालय गुल्मीले तालाबन्दी गरेको छ । तर होटेल प्रा.लि.ले धर्मशाला भवन खाली नगरेको कारण गैरव्यावसायिक र गैरनाफामूलक संस्थाबाट धर्मशाला सञ्चालन गर्न बाधा पुगेकोले तीर्थालुहरूलाई भोजन तथा आवासको समस्या परी धार्मिक पर्यटनमा व्यवधान भइरहेको छ ।

## २.५ धार्मिक पर्यटन र आधुनिक पर्यटन प्रवर्धन

रेसुङ्गा नगरपालिकाद्वारा गरिएका विकास प्रयासहरूलाई निरन्तरता दिँदै रेसुङ्गाक्षेत्रसंग आबद्ध गुल्मीदरबार गाउँपालिका, इस्मा गाउँपालिका र मुसिकोट नगरपालिकासमेत ४ पालिकाहरूको समन्वयात्मक रूपमा रेसुङ्गाक्षेत्रमा दुई प्रकारका – आध्यात्मिक पर्यटन र मनोरञ्जनात्मक पर्यटनको विकास गर्न सक्ने देखिन्छ ।

रेसुङ्गाक्षेत्र धार्मिक तथा पुरातात्विक महत्त्वको स्थान भएकोले गडजुरादेखि माथि धार्मिक पर्यटन र गडजुरादेखि तल आधुनिक पर्यटन प्रवर्द्धन गर्न उपयुक्त देखिन्छ । त्यस्तै रेसुङ्गा संरक्षण समितिद्वारा खासगरी मठमन्दिरको पूजाआजा, गौशाला र यज्ञशाला सञ्चालन भइरहेकोले सो समितिद्वारा नै धर्मशाला सञ्चालन गरी तीर्थालु तथा धार्मिक पर्यटकहरूलाई सुविधा प्रदान गर्न जरूरी छ । स्थानीय निकायहरूबाट गडजुरादेखि तल आधुनिक शैलीका होटलव्यवसायहरू सञ्चालनको लागि सहजीकरणले रेसुङ्गा आसपासका क्षेत्रलाई समेटी बृहत् तीर्थाटन चक्र विस्तार गरी धार्मिक, पुरातात्विक, ऐतिहासिक, साँस्कृतिक, आर्थिक, वातावरणीय र पर्यटकीय लगायतका क्षेत्रको विकास गर्नसक्ने देखिन्छ ।

## ३. रेसुङ्गा धर्मस्थलीद्वारा समय अनुकूल "समावेशी सरल सनातन आचारसंहिता" वातावरण

रेसुङ्गाक्षेत्र धार्मिक तथा पुरातात्विक महत्त्वको स्थान भएकोले स्वतः यस क्षेत्रमा आध्यात्मिक वातावरण विद्यमान रहेको छ । यस पंक्तिकारले आफ्नो पुस्तौनी थलो यस धार्मिक क्षेत्रमा जन्मने, हुर्कने र जीवन बिताउने सौभाग्य पाएको फलस्वरूप चार वर्षको प्रयासपछि वि.सं. २०८० मा "पुराणमा के छ ?

**(What is in Puranas?)"** पुस्तक प्रकाशन भयो ।

यो पुस्तक वि.सं. २०८० माघ १३ गते रेसुङ्गाको काख तम्घासमा (श्रद्धेय १०३ वर्षीय पं. परशुराम पन्थीबाट), मुस्ताङ मुक्तिनाथ मन्दिर, रुरुक्षेत्र हृषिकेश मन्दिर, जनकपुर जानकी मन्दिर, कोशी चतरा बराहक्षेत्र मन्दिर र काठमाडौं नेपाल प्रज्ञा प्रतिष्ठानसमेत गरी ६ ठाउँमा एकै दिन विमोचन भएको थियो । सौभाग्यले २०८२ वैशाख दशहरामा कैलास–मानसरोवर तटमा पनि पूजाआजासहित तीर्थालुहरूसंगै सार्वजनिक प्रस्तुति गरिएको थियो ।

पुस्तकमा तीन भाग छन् – पहिलो भागमा पुराण सम्बन्धमा आधुनिक अध्ययन र अनुसन्धानका कुराहरू उल्लेख छन् । दोस्रो भागमा अठार पुराणहरूका बारेमा उल्लेख गरिएको छ । तेस्रो भागमा श्रीमद्देवीभावतपुराणका केही बुँदाहरू छन् । सामान्य जनमा श्रीमद्भागवतपुराण र श्रीमद्देवीभावतपुराण एकै वा फरकको संशय रहेको र माताशक्तिको महत्त्वको जानकारी गराई लैङ्गिक समानताबाट 'अकार्य' बाट सचेतताको लागि तेस्रो भागमा विभाजन गरिएको हो । यो पुस्तक पुराणको सारांश होइन ।

सनातन धर्मका यी पुराणहरू श्रुति र स्मृतिद्वारा समय र परिस्थितिको अन्तरालसँगै पुस्तान्तरण हुँदा तत्कालीन चलन, व्यवहार पनि थपघट भए होलान् । आजभन्दा हजारौं वर्षअघि श्रुतिस्मृति (सम्झेर सुनाएका, सुनिएका) कुराहरूमा केही तलमाथि हुनु अनौठो होइन । तर लिपिबद्ध भएपश्चात् एकरूपता आउनु स्वाभाविकै हो । कलियुगको पछिल्लो अवधिमा भएका छापाखाना, फोटो, कम्प्युटर, सूचना प्रविधि आविष्कारबाट फरक धारणा आउन सक्छ, तर त्यस वेलाको परिस्थितिमा सही र वास्तविक हुनसक्छ ।

### *पुराणको एकसरो निचोड*

- यो ब्रह्माण्डलाई परम विधाताले चक्रझैं घुमाइरहेका छन् – उनलाई विभिन्न नामले पुकारिन्छ । ब्रह्मा, विष्णु र महादेव क्रमशः सृष्टिकर्ता (संसद), पालनकर्ता (सरकार) र नियमनकर्ता (न्यायपालिका) मानिन्छन् । यी तीन देवताहरूलाई शक्ति प्रदान गर्ने जगत्–जननी भगवती दुर्गामाता रहिछन् ।
- आयु, कर्म, धन, विद्या र मृत्यु – यी पाँच कुराहरू जीव गर्भमा रहँदै रचिएको हुन्छ । समय पूरा नभई र ईश्वरको आज्ञा नभइकन यस लोकमा कसैको मृत्यु हुँदैन । जसले जन्म लिएको छ, उसको मृत्यु निश्चित छ ।

संसारमा उत्पन्न भएर मृत्यु भएको प्राणीको शरीरमात्र नष्ट हुन्छ, आत्माको नाश हुँदैन भनिन्छ । सबैको मनभित्र त ईश्वरको बास छ, त्यही आत्मा (हंस) त सबैको एउटै हो ।

- जीव एक्लै जन्मन्छ र एक्लै मर्दछ । आफ्नो कर्मको फल, पाप–पुण्यको फल, जस–अपजश (यश–अपयश) को फल पनि एक्लै भोग्दछ । माता, पिता, पत्नी, छोराछोरी, परिवारजन, बन्धुवर्ग, धन–ऐश्वर्य, विद्या, रूप, यौवन सबै मरण समयमा व्यर्थ हुन्छन्, केवल धर्म एउटा सहाय हुन्छ । धर्मको रक्षा गरेपछि त्यही धर्मले हाम्रो रक्षा गर्छ ।

- हुने कुरा त भएरै जान्छ । जो हुनु छ, त्यो त अवश्यै हुन्छ । त्यसलाई कसले मेटाउन सक्छ ? फेरि जस्तो भवितव्य हुन्छ, उसै प्रकारले उद्यम पनि आरम्भ हुन जान्छ ।

- धार्मिक कार्यहरू तीन किसिमका हुन्छन् भनिन्छ – नित्य, नैमित्तिक र काम्य । स्थान, समय, प्रक्रिया, कर्ता, द्रव्य, मन्त्र – यी महत्त्वपूर्ण हुन्छन् र विधि पु¥याउनुपर्छ । खेती पाक्न समय लागेझैं फल प्राप्तिमा अवश्य समय लाग्छ ।

भनिन्छ – मानिसहरू तीन किसिमका हुन्छन् – सहधर्मी (आफ्नो धर्म मान्ने), विधर्मी (अर्को धर्म मान्ने) र अधर्मी (धर्म नमान्ने) । तेस्रो अधर्मी वा नास्तिक हुन धेरै गाह्रो छ । पुर्खौंदेखि जो जे धर्ममा छन्, तिनलाई आआफ्नै धर्ममा रहन पाउनु नै गौरव र हकको विषय हो । अशिक्षा र निम्न आयमा रूमलिएको परिवार र समुदायलाई आफूतिर विश्वस्त गराउन वा नसके भ्रमित गराउन कोशिश गर्नेहरू पनि पाइन्छन् ।

कैयौं प्रयास गर्दासमेत आर्थिक क्षेत्रमा धनी–गरीव कालान्तरसम्म रहिरहेजस्तै सामाजिक तथा धार्मिक क्षेत्रमा पनि विभेद रहिरहनु अनौठो होइन । तर आफू नसमेटिएको महसुस गर्ने सनातनीलाई सहज अनुकूलन–वातावरण सिर्जना गर्नु समयको माग हो ।

स्वभावैले नेपाली समाज प्रकृतिपूजन (चन्द्र, सूर्य, पृथ्वी, पर्वत, भूमि, ढुङ्गामाटो, जल, वायु, रुखबिरुवा, पशुपक्षी आदि) मा विश्वास राख्दछ र यसै प्रकतिपूजनलाई वैदिक सनातन धर्म मान्दछ । यसैलाई विभिन्न नामले बुझिन्छ । 'हिन्दु' मात्र उच्चारण गर्दा कतिले आफू नसमेटिएको महसुस गर्ने सनातनी पनि पाइन्छन् । कट्टरता र अनुदारताले विधर्मतिर पलायन हुने कारक तत्त्व बन्न

पुगेको छ ।

विद्यमान भौतिक परिवेश र समय परिस्थितिअनुसार "विश्व–गाउँ (Global village)" बनिसकेको सन्दर्भमा सनातनी परम्पराको तपोभूमि रेसुङ्गाबाट धार्मिक विद्वत्वर्गहरूको सामूहिक पुनर्व्याख्याद्वारा सामान्य व्यक्तिले गृहस्थाश्रममा रही सनातन निरन्तरता दिन सक्ने र सहज पुस्तान्तरण हुने गरी एक "समावेशी सरल सनातन आचारसंहिता (Inclusive Basic Sanatana Code)" निर्माण गर्न सकारात्मक वातावरण तयार गर्नु आजको आवश्यकता हो । सनातन धर्म संरक्षणको यो शुभकार्य रेसुङ्गा धर्मस्थलीद्वारा सम्भव छ । अतः सबै व्यक्ति, समुदाय, समाज, निकायहरूबाट यो शुभकार्यको थालनी होस् भन्ने विनम्र आग्रह छ ।

अन्त्यमा, यस रेसुङ्गाक्षेत्रको संरक्षणका सन्दर्भमा सर्वोच्च अदालत, रिट निवेदक त्रय (श्रीदेवीप्रसाद रिजाल, श्रीविष्णुप्रसाद अर्याल र श्रीअजित भण्डारी), विद्वान् कानून व्यवसायीहरू, सामाजिक अभियन्ताहरू र सनातनप्रेमीहरू, पत्रकार सञ्चार जगत्, सम्बद्ध सरकारी तथा अन्य निकायहरूप्रति सादर आभार प्रकट गर्दै यो लेख टुङ्ग्याउने धृष्टता गर्दछु ।

०००


**हाम्रो पुरुषार्थ**

**हामि सबैको पुरुषार्थ हो ।**

**अहिलेसम्म "हाम्रो पुरुषार्थ" का**

**११० अङ्क**

**प्रकाशित भइसकेका छन् ।**

**पढ्न नछुटाउनुहोस् ।**

# रेसुङ्गा छ गुराँसमा



✍डा. कृष्ण भण्डारी 'मुमुक्षु'

शृङ्गी-तपस्थली प्यारो रेसुङ्गा पर्वतालय ।
हरिया वनछेउँको कुञ्ज यै सिर्जनालय ।१।

पूर्वाभिमुख भै बग्ने रुद्रावती उभोतिर ।
दक्षिणी काखमा रम्य तमघास बजार छ ।२।

छहरा पहरा माझ उठेको शैलबिम्ब यो ।
चराचुरुङ्गीको बास गुल्मीको उच्च लेक हो ।३।

छ जहाँ पोखरी यौटा छ त्यहीँ शिवमन्दिर ।
महासन्त बसी जप्छन् ब्रह्मनाम निरन्तर ।४।

अग्ला वैभवका रूप छन् हिमाल मनोहर ।
इशान्य अनि वायव्य सौन्दर्यपूर्ण टल्पल ।५।

विचित्रै रम्य यो स्थान गाई-बथानयुक्त छ ।
बाघ डुक्री घुमेका छन् पार्वतीको विधान छ ।७।

हेरी तराईको फाँट रेसुङ्गा मुस्कुराउँछ ।
सुमेरुकोट यो हाम्रो जागृति फर्फराउँछ ।८।

वस्ती-वस्ती ठूला साना छन् चारैतिर सुन्दर ।
माझमा हँसिलो अग्लो रेसुङ्गा छ अनूपम ।९।

निराकार चिदाकार आशुतोष बसे यहीँ ।
घाम जून यहीँ घुम्छन् माला प्रकाशको छरी ।१०।

गुल्मी तम्घासको टोपी रेसुङ्गा धाम दिव्य छ ।
शिवालय त्यही राम्रो पोखरी जलपूर्ण छ ।११।

वेद-ध्वनि त्यहाँ गुँज्छ साधु छन् वन-माझमा ।
साक्षात् भगवती हाँस्छिन् गुराँस फूलमा त्यहाँ ।१२।

**-रचनामालाबाट साभार**
**सत्यवती-६, जोहाङ,**
**गुल्मी ।**



लेख

# रेसुङ्गा तपोभूमिको शैक्षिक र सांस्कृतिक महत्त्व



✍राम ज्ञवाली

गुल्मी जिल्लाको रेसुङ्गाक्षेत्र नेपालको लुम्बिनी प्रदेशमा अवस्थित एक बहुआयामिक महत्त्वको स्थल हो । यो क्षेत्र समुद्र सतहबाट करिब २३४७ मिटर उचाइमा फैलिएको छ र सदरमुकाम तम्घासको ठीक शिरमा रहेको छ । रेसुङ्गा पौराणिक, ऐतिहासिक, सांस्कृतिक, आध्यात्मिक, मनोवैज्ञानिक, धार्मिक, अभिलेखीय, पुरातात्त्विक, पर्यावरणीय, प्राकृतिक, दार्शनिक, साहित्यिक, वाङ्मयिक, भाषिक, आर्थिक तथा सामाजिक दृष्टिकोणबाट अत्यन्त महत्त्वपूर्ण छ । यहाँ रहेका प्रमुख दर्शनीय स्थलहरू–रेसुङ्गा यज्ञशाला, सिद्धस्थान, शशिधर स्वामीको आश्रम, रेसुङ्गा मठ, भ्यूटावर, महापोखरी, सानो रेसुङ्गा, गोशाला, सावनी, सीताराम मन्दिर, मनकामना मन्दिर, मझिम आश्रम, रेसुङ्गा पार्क आदिले यस क्षेत्रलाई शैक्षिक ज्ञान केन्द्रको रूपमा स्थापित गरेका छन् । यी स्थलहरूले विद्यार्थी, अनुसन्धानकर्ता, पर्यटक तथा तीर्थयात्रीहरूलाई बहुआयामिक ज्ञान प्रदान गर्छन् ।

रेसुङ्गा तपोभूमि केवल एक धार्मिक पर्यटकीय गन्तव्य मात्र नभई यो ज्ञान, विज्ञान, र आध्यात्मिक चेतनाको एउटा जीवन्त केन्द्र हो । रेसुङ्गाक्षेत्रले आफ्नो ऐतिहासिक, सांस्कृतिक र वातावरणीय विशिष्टताका कारण एउटा खुल्ला विश्वविद्यालयको हैसियत राख्दछ । समुद्री सतहबाट २,३४७ मिटरको उचाइमा रहेको यो क्षेत्र महाभारत पर्वत शृङ्खलाको एउटा महत्त्वपूर्ण अङ्ग हो, जसले प्राचीन कालदेखि नै ऋषिमुनिहरूको तपस्यास्थल र आधुनिक समयमा अनुसन्धानकर्ताहरूको आकर्षणको केन्द्रको रूपमा भूमिका निर्वाह गर्दै आएको छ । रेसुङ्गा नगरपालिकामा अवस्थित यो क्षेत्रले स्थानीय साक्षरता र चेतना स्तरलाई माथि उकास्न प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याएको देखिन्छ, जहाँ कुल साक्षरता दर ८५.३७ प्रतिशत रहेको छ ।

## ऐतिहासिक र पौराणिक सन्दर्भहरूको शैक्षिक गहिराइ

रेसुङ्गाको इतिहास त्रेतायुगसम्म जोडिएको विश्वास गरिन्छ । पौराणिक ग्रन्थहरूका अनुसार विभाण्डक ऋषिका पुत्र ऋष्यशृङ्ग ऋषिले यहाँ कठोर तपस्या गरेका थिए । त्रेतायुगमा अयोध्याका राजा दशरथ सन्तानविहीन हुँदा ऋष्यशृङ्ग ऋषिलाई बोलाएर पुत्रेष्टि महायज्ञ गराएपछि राम, लक्ष्मण, भरत र शत्रुघ्नको जन्म भएको कथा यहाँको माटो र ढुङ्गामा अझै पनि गुञ्जायमान छ । यो पौराणिक सन्दर्भले विद्यार्थीहरूलाई प्राचीन भारतीय दर्शन, वैदिक कर्मकाण्ड र पौराणिक वंशानुगत विज्ञानको बारेमा अध्ययन गर्ने आधार प्रदान गर्दछ । इतिहासको यो पाटोले मानवसभ्यता र विश्वासको विकासक्रमलाई बुझ्न मद्दत पुऱ्याउँछ ।

रेसुङ्गाक्षेत्रको ऐतिहासिक महत्त्वलाई मध्यकालीन नेपालको राज्यविस्तारसँग पनि जोडेर हेर्न सकिन्छ । नेपाल एकीकरण पूर्व यो गुल्मी राज्यको एउटा महत्त्वपूर्ण भाग थियो, जहाँ सेन वंश र ठकुरी राजाहरूले शासन गरेका थिए । यसले गर्दा यो क्षेत्र मध्यकालीन राजनीतिक इतिहास, शासन पद्धति र राज्य रक्षाका रणनीतिको अध्ययन गर्नेहरूका लागि एउटा महत्त्वपूर्ण स्रोत स्थल बनेको छ ।

## रेसुङ्गा यज्ञशाला र सिद्धस्थानको प्राज्ञिक महत्त्व

रेसुङ्गाको शिरमा अवस्थित यज्ञशाला र सिद्धस्थान यस क्षेत्रका सर्वाधिक प्राचीन र आध्यात्मिक दृष्टिले महत्त्वपूर्ण संरचना हुन् ।

## वैदिक कर्मकाण्ड र अनुसन्धान

यज्ञशालाले वैदिक शिक्षाको व्यावहारिक पक्षलाई प्रतिनिधित्व गर्दछ । यहाँ गरिने अग्निहोत्र र महायज्ञहरूले संस्कृत भाषाको शुद्धता, मन्त्रोच्चारणको विज्ञान र ध्वनिविज्ञानको अध्ययनमा सहयोग पुऱ्याउँछन् । यज्ञशालामा हुने दैनिक पूजाआजा र वार्षिक मेलाहरूले समाजमा धार्मिक सद्भाव र सांस्कृतिक निरन्तरताको शिक्षा दिन्छन् ।

## सिद्धस्थान र पुरातात्त्विक अध्ययन

सिद्धस्थानमा रहेका विष्णुपादुका र शिवालय मन्दिरहरू पुरातात्त्विक अध्ययनका केन्द्र हुन् । यहाँका प्राचीन मूर्तिहरू, ढुङ्गामा कुँदिएका आकृतिहरू र मन्दिरको बनोटले नेपाली मूर्तिकला र वास्तुकलाको विकासक्रमलाई दर्साउँछ । विद्यार्थीहरूका लागि यी संरचनाहरूले प्राचीन इन्जिनियरिङ र कलाकारिताको

नमुना प्रस्तुत गर्दछन्, जसले इतिहास र कलाका विद्यार्थीहरूलाई प्रयोगात्मक ज्ञान प्रदान गर्दछ ।

### आध्यात्मिक शिक्षा र आश्रम पद्धतिको भूमिका

रेसुङ्गाक्षेत्रमा रहेका शशिधर स्वामीको आश्रम र मझिम आश्रमले आधुनिक शिक्षा प्रणालीमा खड्किएको नैतिक र आध्यात्मिक शिक्षाको परिपूर्ति गर्दछन् ।

### शशिधर स्वामीको आश्रम र जोसमनी पन्थ

शशिधर स्वामी रेसुङ्गा आएपछि यहाँको आध्यात्मिक पुनर्जागरण सुरू भएको मानिन्छ । उनको आश्रमले जोसमनी पन्थ (ज्ञान मार्ग) को शिक्षा दिन्छ, जसले जातीय विभेद र अन्धविश्वासविरूद्ध आवाज उठाएको थियो । यो पन्थको शैक्षिक दर्शनले विद्यार्थीहरूलाई सामाजिक न्याय, समानता र मानवताको पाठ सिकाउँछ । डा. टीकाराम पन्थीको अनुसन्धानले रेसुङ्गालाई जोसमनी पन्थको एउटा प्रमुख केन्द्रको रूपमा प्रमाणित गरेको छ, जसले गर्दा यो समाजशास्त्रका विद्यार्थीहरूका लागि अनुसन्धानको उर्वरभूमि बनेको छ ।

### मझिम आश्रम र मनोवैज्ञानिक विकास

मझिम आश्रममा हुने योग र ध्यानका कक्षाहरूले मानिसको मानसिक स्वास्थ्य र संवेगात्मक बुद्धिमत्ता विकासमा सहयोग पुर्‍याउँछन् । यहाँको शिक्षा पद्धतिले मानिसलाई उसको विगतका गल्तीहरूबाट मुक्त भएर वर्तमानमा बाँच्न सिकाउँछ । सुधारवादी शिक्षाको नमुनाको रूपमा यस आश्रमलाई हेर्न सकिन्छ, जहाँ अपराधी वा नकारात्मक सोच भएका व्यक्तिहरूलाई पनि सत्सङ्ग र साधनाको माध्यमबाट सकारात्मक दिशामा डोर्‍याइन्छ ।

### रेसुङ्गाक्षेत्रका प्रमुख आश्रमहरू र तिनको शैक्षिक प्रभाव

| आश्रमको नाम | मुख्य शैक्षिक दर्शन | लक्षित समूह | प्रभाव |
|---|---|---|---|
| शशिधर स्वामी आश्रम | ज्ञान मार्ग, सामाजिक सुधार | सबै तहका जिज्ञासु | जातीय विभेद अन्त्य, चेतना जागृत |
| मझिम आश्रम | योग, ध्यान, मौन साधना | विद्यार्थी, साधक | मानसिक शान्ति, अनुशासन |

## वातावरणीय र जैविक विविधता शिक्षा : एक जीवित प्रयोगशाला

रेसुङ्गाको ३,४०० हेक्टर वनक्षेत्र केवल रूखहरूको समूह मात्र होइन, यो जैविक विविधताको एउटा ठूलो भण्डार र प्रकृतिको पाठशाला हो । यहाँको वनस्पति र जीवजन्तुको विविधताले गर्दा यसलाई एउटा जीवन्त प्रयोगशालाको रूपमा परिभाषित गर्न सकिन्छ ।

## वनस्पतिविज्ञान र कार्बन सञ्चिति

रेसुङ्गा वनमा शीतोष्ण जलवायु क्षेत्रमा पाइने वनस्पतिहरू पाइन्छन् । यहाँ लालीगुराँस र खस्रूको वन प्रमुख छ । अनुसन्धानकर्ताहरूका लागि यहाँको वनले कार्बन सञ्चितिमा पुऱ्याएको योगदान अध्ययनको महत्त्वपूर्ण पाटो हो । खस्रु वनमा १५३.८ टन प्रति हेक्टर र लालीगुराँस वनमा १०१.८ टन प्रति हेक्टर कार्बन स्टक रहेको तथ्याङ्कले जलवायु परिवर्तनको वर्तमान सन्दर्भमा वातावरणीय शिक्षाको महत्त्वलाई झल्काउँछ ।

## पक्षी विज्ञान र संरक्षण

रेसुङ्गा वनक्षेत्रमा २५८ भन्दा बढी प्रजातिका चराहरू रेकर्ड गरिएका छन्, जसमा विश्वव्यापी रूपमा लोपोन्मुख गिद्धका आठवटा प्रजातिहरू पनि पर्दछन् । चराहरूको बासस्थान, तिनको प्रजनन प्रक्रिया र पारिस्थितिकीय प्रणालीमा तिनको भूमिकाको अध्ययन गर्न विद्यार्थीहरू यहाँ आउने गर्दछन् । विशेष गरी मदाने र रेसुङ्गा वनलाई 'महत्त्वपूर्ण पक्षी क्षेत्र' को रूपमा प्रस्ताव गरिनुले यहाँको शैक्षिक र वैज्ञानिक गरिमालाई बढाएको छ ।

## भौगोलिक र प्राविधिक अवलोकन : भ्यूटावर र सानो रेसुङ्गा

रेसुङ्गा भ्यूटावर भौगोलिक अध्ययनको लागि एउटा महत्त्वपूर्ण बिन्दु हो । यहाँबाट देखिने १८० डिग्रीको दृश्यले विद्यार्थीहरूलाई नेपालको भू-धरातलीय स्वरूप बुझ्न प्रत्यक्ष सहयोग गर्दछ ।

## भूगोल र भूगर्भशास्त्र

भ्यूटावरबाट उत्तरमा धौलागिरि, अन्नपूर्ण र माछापुच्छ्रे जस्ता हिमशृङ्खलाहरू र दक्षिणमा तराईका समथर मैदानहरू स्पष्ट देखिन्छन् । यो दृश्यावलोकनले विद्यार्थीहरूलाई उचाइ अनुसारको हावापानी, पहाडी भूगोलको बनोट र चट्टानहरूको अध्ययनमा मद्दत गर्दछ । सानो रेसुङ्गा र मुख्य रेसुङ्गा बीचको उचाइको भिन्नता र त्यहाँको वनस्पतिको स्वरूपले भूगोलका सैद्धान्तिक ज्ञानलाई

व्यावहारिक पुष्ट्याइँ गर्दछ ।

## कृषि र पशुपालन शिक्षा : गोशालाको भूमिका

रेसुङ्गामा रहेको गोशालाले परम्परागत पशुपालन र आधुनिक कृषि विज्ञानको बीचमा समन्वयकारी भूमिका निर्वाह गरेको छ । यहाँ स्थानीय जातका गाईहरूको संरक्षण गरिन्छ, जसले आनुवंशिक स्रोतको संरक्षणको शिक्षा दिन्छ ।

## पशुविज्ञान र दिगो कृषि

कृषि र पशुपालन विषय अध्ययन गर्ने विद्यार्थीहरूका लागि गोशाला एउटा उत्कृष्ट अभ्यास केन्द्र हो । गाईको गोबर र गहुँतबाट बनाइने प्राङ्गारिक मल र जैविक विषादिको प्रयोगले दिगो कृषिको पाठ सिकाउँछ । रेसुङ्गा नगरपालिकाले कृषि र पशुसेवाका लागि प्राविधिक जनशक्तिको माग गर्नुले पनि यस क्षेत्रमा व्यावसायिक शिक्षाको महत्त्व र रोजगारीका सम्भावनाहरूलाई पुष्टि गर्दछ ।

## जल र संस्कृति : महापोखरी र सावनीको महत्त्व

रेसुङ्गाको शिरमा रहेको महापोखरी केवल एउटा पानीको कुण्ड मात्र नभई यो यस क्षेत्रको जलस्रोत व्यवस्थापनको आधार हो ।

## जलविज्ञान र सांस्कृतिक सम्बन्ध

हिन्दू संस्कृतिमा जललाई जीवन र शुद्धीकरणको प्रतीक मानिन्छ । महापोखरी र यहाँका २५२ वटा मुहानहरूले स्थानीय क्षेत्रमा खानेपानी आपूर्ति गर्नुका साथै जलाधार संरक्षणको महत्त्व बुझाउँछन् । 'सावनी' मेला र साउन महिनाभरि हुने स्नान कार्यक्रमहरूले मानिस र प्रकृति बीचको भावनात्मक सम्बन्धको शिक्षा दिन्छन् । जलाधार क्षेत्रको संरक्षण नगरिएमा पानीको अभाव हुने र क्षेत्र मरुभूमि बन्ने चेतावनीले विद्यार्थीहरूलाई वातावरणीय दिगोपनको पाठ सिकाउँछ ।

## वास्तुकला र कला शिक्षा : मन्दिर र मठहरू

रेसुङ्गाक्षेत्रमा रहेका सीताराम मन्दिर, मनकामना मन्दिर र अन्य १६ वटा मठमन्दिरहरूले नेपाली वास्तुकलाको गौरवपूर्ण इतिहास बोकेका छन् ।

## मन्दिरको बनोट र कलाकृति

नेपाली प्यागोडा शैलीका मन्दिरहरू, काठमा कुँदिएका टुँडालहरू र सुनौला

गजुरहरूले प्राचीन इन्जिनियरिङ र कलाकारिताको नमुना प्रस्तुत गर्दछन् । मनकामना मन्दिरको निर्माण शैली र त्यहाँ प्रयोग गरिएका बुट्टाहरूले नेवारी र स्थानीय हस्तकलाको सम्मिश्रण देखाउँछन् । यी स्थलहरूले इतिहास, कला र वास्तुकलाका विद्यार्थीहरूलाई नेपालको सांस्कृतिक विरासत र संरक्षण पद्धतिको बारेमा शिक्षा प्रदान गर्दछन् ।

**रेसुङ्गाक्षेत्रका प्रमुख मन्दिरहरू र तिनका विशेषता**

| मन्दिर/मठको नाम | वास्तुकला शैली | ऐतिहासिक सन्दर्भ | शैक्षिक महत्त्व |
|---|---|---|---|
| रेसुङ्गा यज्ञशाला | प्यागोडा | वि.सं. १९८३ (यदुकानन्द स्वामी) | वैदिक कर्मकाण्ड, संस्कृत भाषा |
| सिद्धस्थान | शिखर/प्राचीन | प्राचीन<br>(सिद्धहरूको वासस्थान) | पुरातात्त्विक अध्ययन, मूर्तिकला |
| मनकामना मन्दिर | प्यागोडा | १७ औं शताब्दी (स्थानीय विश्वास) | वास्तुकला, धार्मिक मनोविज्ञान |
| सीताराम मन्दिर | परम्परागत | ऐतिहासिक | सांस्कृतिक इतिहास, भजन साहित्य |

## सामाजिक चेतना र साक्षरता : रेसुङ्गा नगरपालिकाको तथ्याङ्क

रेसुङ्गाको आध्यात्मिक र शैक्षिक वातावरणले गर्दा यहाँका बासिन्दाहरूमा शिक्षाप्रतिको रुचि उच्च देखिन्छ । रेसुङ्गा नगरपालिकाको शैक्षिक अवस्थाले यस क्षेत्रको विकासमा शिक्षाको भूमिकालाई स्पष्ट पार्दछ ।

### विद्यालय संरचना र साक्षरता

गुल्मीको पछिल्लो तथ्याङ्कअनुसार रेसुङ्गा नगरपालिका क्षेत्रभित्र ४८ वटा

विद्यालयहरू रहेका छन्, जसमा ४० वटा सार्वजनिक र ८ वटा निजी विद्यालयहरू छन् । यहाँको साक्षरता दर नेपालको औसत दरभन्दा निकै माथि छ ।

## रेसुङ्गा नगरपालिकाको साक्षरता र शैक्षिक संरचना :

| | |
|---|---|
| कूल जनसंख्या | ३१,५५१ (२०२१) |
| कूल साक्षरता दर | ८५.३७ % |
| पुरुष साक्षरता दर | ९१.८ % |
| महिला साक्षरता दर | ८०.०२ % |
| विद्यालय संख्या | ४८ (३९ पूर्व-प्राथमिक, ३८ आधारभूत, १९ माध्यमिक) |
| उच्च माध्यमिक (+२) | ७ वटा माध्यमिक विद्यालय |

यो तथ्याङ्कले देखाउँछ कि रेसुङ्गाको धार्मिक र सांस्कृतिक सम्पदाले स्थानीय बासिन्दाहरूलाई शिक्षाको लागि प्रेरित गरेको छ । यहाँका चर्चित विद्यालयहरू जस्तै रेसुङ्गा माध्यमिक विद्यालय र सिद्धबाबा माध्यमिक विद्यालयले यस क्षेत्रको शैक्षिक इतिहासलाई गौरवमय बनाएका छन् ।

## पर्यटकीय र आर्थिक शिक्षा

रेसुङ्गालाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्दा यसले स्थानीय अर्थतन्त्रमा कस्तो प्रभाव पार्छ भन्ने कुराको अध्ययन आर्थिक शास्त्रका विद्यार्थीहरूको लागि महत्त्वपूर्ण छ ।

## दिगो पर्यटन

"रेसुङ्गा जाऊँ र घुमौं" जस्ता अभियानहरूले आन्तरिक र बाह्य पर्यटकहरूलाई आकर्षित गरिरहेका छन् । पर्यटनले प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी सिर्जना गर्दछ, जस्तै गाइड, होटल व्यवसाय, र स्थानीय हस्तकला उद्योग । विद्यार्थीहरूले यहाँ पर्या-पर्यटन र धार्मिक पर्यटनको आर्थिक मोडल अध्ययन गर्न सक्छन् । पर्यटन विकासले गरिबी निवारणमा पुऱ्याउने योगदान र स्थानीय संस्कृतिको व्यवसायीकरणका चुनौतीहरू यहाँ अध्ययन गर्न सकिन्छ ।

## रेसुङ्गा पार्क र मनोरञ्जनात्मक शिक्षा

रेसुङ्गा पार्क र उद्यानहरूले मानिसलाई प्रकृतिको नजिक ल्याउन र फुर्सदको समयको सदुपयोग गर्न सिकाउँछन् ।

## पुष्पव्यवसाय र पार्कव्यवस्थापन

पार्कमा रोपिएका विभिन्न प्रजातिका फूलहरू र रुखहरूले वनस्पति विज्ञानका विद्यार्थीहरूलाई बिरुवाको वर्गीकरण र तिनको संरक्षणको बारेमा शिक्षा दिन्छन् । पार्क व्यवस्थापनले शहरी सौन्दर्यीकरण र वातावरण संरक्षणको सन्तुलन कसरी कायम गर्ने भन्ने कुरा सिकाउँछ । यो पार्क बालबालिकाहरूका लागि प्रयोगात्मक वातावरण शिक्षाको एउटा प्रमुख थलो बनेको छ ।

## नैतिकता, मूल्य र मान्यताको शिक्षा

आजको २१ औं शताब्दीको शिक्षा प्रणालीमा भौतिकवादी सोच हावी भइरहेको बेला रेसुङ्गाका धार्मिक र आध्यात्मिक स्थलहरूले मानवीय मूल्य र मान्यताको शिक्षा दिन्छन् ।

## चरित्र निर्माण र शान्तिपूर्ण सहअस्तित्व

आश्रम र मन्दिरहरूले विद्यार्थीहरूलाई दया, करुणा, इमानदारी र अनुशासनको पाठ सिकाउँछन् । आध्यात्मिक शिक्षाले मानिसलाई आन्तरिक शक्ति र आत्मानुशासन प्रदान गर्दछ, जसले गर्दा समाजमा शान्ति र सद्भाव कायम रहन मद्दत पुग्दछ । रेसुङ्गाको शान्त वातावरणले विद्यार्थीहरूलाई एकाग्रता र आत्म-चिन्तनको अवसर दिन्छ, जुन आधुनिक शिक्षामा नितान्त आवश्यक छ ।

## चुनौतीहरू र शैक्षिक अनुसन्धानका क्षेत्रहरू

रेसुङ्गाको यति धेरै महत्त्व हुँदाहुँदै पनि यहाँ केही चुनौतीहरू रहेका छन्, जुन आफैँमा अनुसन्धानका विषय हुन् ।

## वातावरणीय ह्रास र संरक्षण

वनमा हुने अवैध कटानी, जङ्गली जनावरको शिकार र प्लाष्टिकजन्य फोहोरको बढ्दो प्रयोग यहाँका मुख्य चुनौतीहरू हुन् । यी समस्याहरूले वातावरणीय प्रभाव मूल्यांकन र व्यवस्थापन अध्ययनका विद्यार्थीहरूलाई प्रत्यक्ष तथ्याङ्क प्रदान गर्दछन् । कसरी धार्मिक आस्थालाई वातावरण संरक्षणको माध्यम बनाउन सकिन्छ भन्ने कुराको अध्ययन यहाँ गर्न सकिन्छ ।

## पूर्वाधार र सूचनाको कमी

रेसुङ्गामा अझै पनि एउटा सुविधा सम्पन्न पर्यटन सूचना केन्द्र र विस्तृत पर्यटक नक्साङ्कनको अभाव छ । यसले सूचना प्रविधि र व्यवस्थापनका विद्यार्थीहरूलाई नयाँ प्रोजेक्टहरू सञ्चालन गर्ने अवसर दिन्छ ।

## निष्कर्ष

रेसुङ्गा तपोभूमि गुल्मीको मात्र नभई सिंगो नेपालको एउटा बहुमूल्य शैक्षिक र सांस्कृतिक सम्पदा हो । यज्ञशालाको वैदिक मन्त्रोच्चारणदेखि भ्यूटावरको आधुनिक भौगोलिक दृश्यावलोकनसम्म, मझिम आश्रमको मौन साधनादेखि गौशालाको व्यावहारिक कृषि कर्मसम्म, सबैले कुनै न कुनै रूपमा ज्ञान र सीपको प्रवाह गरिरहेका छन् ।

रेसुङ्गाक्षेत्रका यी विविध स्थलहरूले विद्यार्थी, अनुसन्धानकर्ता र आम सर्वसाधारणलाई इतिहास, संस्कृति, जीवविज्ञान, भूगोल, र आध्यात्मिकताको एकीकृत शिक्षा प्रदान गर्दछन् । यस क्षेत्रको दिगो विकासका लागि एउटा व्यवस्थित 'शैक्षिक पर्यटन गुरुयोजना' निर्माण गर्नु अपरिहार्य देखिन्छ । यसो हुन सकेमा मात्र रेसुङ्गाले आफ्नो प्राचीन गरिमालाई कायम राख्दै आधुनिक शिक्षाको एउटा उत्कृष्ट केन्द्रको रूपमा आफूलाई विश्व सामु चिनाउन सक्नेछ । रेसुङ्गाको माटोमा लपेटिएको ज्ञानले मानिसको मस्तिष्कलाई मात्र होइन, हृदयलाई पनि प्रबुद्ध बनाउने सामर्थ्य राख्दछ ।

## सन्दर्भ–सामग्री

कुँवर, कृष्णबहादुर (२०७६), रमणीय पवित्र रेसुङ्गा, मानव कल्याण वृद्धाआश्रम
गिरी, गितु (२०५९), लुम्बिनी अञ्चलका सांस्कृतिक, पर्यटकीय स्थलहरू, लुम्बिनी युवा ग्रामीण विकास समाज
तपोभूमि रेसुङ्गाधाम (२०६७), किरण पुस्तकालय
पन्थी, टीकाराम (२०६४), अर्वाचीन रेसुङ्गा, किरण पुस्तकालय
पन्थी, टीकाराम (२०४२), केही जनश्रुतिहरू, किरण पुस्तकालय
भट्टराई, घटराज (२०७१) नेपालका धार्मिक स्थलहरू, विद्यार्थी पुस्तक भण्डार
रेसुङ्गा तपोभूमिधाम ब्रोसर, रेसुङ्गा संरक्षण समिति

**रिब्दिकोट गा.पा. ४, नारायणथोक, पाल्पा**

०००

आत्मकथा

# जनआस्था, प्रकृति र सभ्यताको साक्षी : म रेसुङ्गा



✍ **डा. सीता सुवेदी पन्थी**

गुल्मी जिल्लाको छातीमा अडिएको म रेसुङ्गा पर्वत हुँ, तम्घासलाई काखमा राखेर वर्षौंदेखि यात्रुहरूको पाउ छामिरहने तपोभूमि । मेरो उचाइबाट हेर्दा हिमाली शृङ्खला, फाँटको हरियाली र समृद्धिको प्रतीक्षामा थपक्क बसेको तम्घास बजार एकैसाथ आँखामा नाचिरहन्छन् । मेरो कथा केवल गुल्मीको एउटा अग्लो डाँडो अथवा मात्र भूगोलको कथा होइन । यो त हजारौँ वर्षदेखि मानवमनमा सजिएको अटल विश्वास, श्रद्धा र मानव सभ्यताको इतिहासलाई नियाल्ने गतिशील पाइलाहरूको जीवन्त कथा हो । मेरो नामकरणसँग एउटा पवित्र जनविश्वास गाँसिएको छ । भनिन्छ, त्रेता युगमा राजा दशरथका राजकीय ऋषि ऋष्यशृङ्गले मेरो काखमा बसेर कठोर तपस्या गरेका थिए । उनको तप, त्याग र साधनाको प्रभावले यो भूमि पवित्र बन्यो । समय बित्दै जाँदा ऋष्यशृङ्गको नाम अपभ्रंश हुँदै 'रेसुङ्गा' बनेको विश्वास गरिन्छ र आजसम्म पनि म त्यही परिचय बोकेर उभिएको छु ।

म रेसुङ्गा हुँ, गुल्मीको मुटुमा उभिएको इतिहास, जनमनमा गढेको आस्था र हावामा गुन्जिएको प्रकृतिको गीत अनि आस्था, विश्वास, प्रकृति र इतिहासको जीवित कथा । म समुद्र सतहदेखि २,३४७ मिटरको उचाइमा अवस्थित एक पवित्र सिद्धभूमि हुँ । आज हजारौँ मानिसहरू मलाई धार्मिक आस्थाको केन्द्र, आध्यात्मिक चेतनाको उर्वर भूमि, प्राकृतिक सौन्दर्यको अनुपम स्थल र गुल्मीको गौरवका रूपमा चिन्छन् । मेरो कथा भने यत्तिमै सीमित छैन । म केवल एउटा अग्लो डाँडा, वन वा तीर्थस्थल मात्र होइन, प्रकृति र संस्कृतिको सङ्गमका रूपमा चिनिएको हजारौँ वर्षदेखि बाँचिरहेको इतिहास हुँ, गुल्मीको पहिचान र पुस्तौँपुस्ताले जोगाएको विश्वास अनि प्रकृतिले आफैँ कोरेको अनुपम कलाकृति पनि ।

मेरा आफ्नै मौलिक विशेषता छन् । बिहान सूर्योदय हुँदा मेरो शरीरमा

सुनौला किरणहरूले स्पर्श गर्छन् । उत्तरतिरका धवलागिरिलगायतका हिमाली शृङ्खलाहरू मसँगै मुस्कुराउँछन् । पूर्वबाट आउने हावाले मेरा वक्षस्थलमा रहेको सुन्दर वनलाई सुम्सुम्याउँछ । यसै समयमा मेरो काखमा रहेको तम्घास बजार निद्राबाट बिउँझन्छ । म मौन साक्षी बनेर सबै दृश्य नियालिरहन्छु । दिनभरि यात्रुहरू मेरो समीपमा आउँछन्, कोही दर्शन गर्न, कोही प्रकृतिको सुन्दरतामा हराउन, कोही मनको शान्ति खोज्न त कोही अध्ययन, अनुसन्धान र सिर्जना गर्न । उनीहरूका पवित्र पाइलाको स्पर्शले पुलकित भएको म आफ्ना पुराना सम्झनाहरू साक्षी राख्दै भविष्यको सपनामा हराइरहन्छु ।

मेरो दर्शन गर्न तम्घास बजारबाट उकालो लागेपछि बाटोमा सुन्दर ठाउँहरू अवलोकन गर्न सकिन्छ । बजारबाट तीन किलोमिटर उकालो चढेपछि गर्जुरा पुगिन्छ । अहिले त्यहाँ रमणीय पार्क निर्माण भएको छ । त्यसको नामकरण पनि मेरै नामबाट गरिएको छ - रेसुङ्गा पार्क । करिब ३.९६ हेक्टर क्षेत्रफलमा फैलिएको यो पार्क संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र रेसुङ्गा नगरपालिकाको साझेदारीमा छ करोडको लागतमा निर्माण गरिएको हो । यसको निर्माणको क्रममा मेरो जैविक विविधताको संरक्षणलाई समेत विशेष ध्यान दिइएको छ । अहिले यो पार्क आन्तरिक पर्यटकको प्रमुख गन्तव्य स्थल त बनेको छ नै, यसले बाह्य पर्यटकलाई समेत आकर्षित गरेको छ । यहाँको प्राकृतिक सौन्दर्य, शान्त वातावरण तथा वनभोज स्थलसमेतका कारण यो सबैको आकर्षणको केन्द्र बनेको छ । बालबालिकालगायत सबै उमेर समूहका व्यक्तिहरू पार्क अवलोकन गर्न आउने हुँदा विशेष गरी बिदाको दिन यहाँ बढी भिड लाग्ने गर्छ । पार्कभित्र भ्युटावर, पिङ, पिकनिक स्थल, फोटोग्राफी स्थल, बालबालिकाका लागि खेल उद्यान, टिकट काउण्टरलगायतका संरचना निर्माण भएका छन् । पार्कको सुन्दरतामा लट्ठ पर्दै रमाइरहेका पर्यटकलाई देख्दा भने मेरो मनमा थप उत्साह भरिन्छ । यहाँ निर्माण भइरहेको जिपलाइन तथा आकाशीय साइकल यात्राका संरचनाले साहसिक पर्यटनको ढोका खोली पार्कको आकर्षण बढाउने निश्चित छ । टिकट प्रणालीबाट प्राप्त राजस्वले मेरो संरक्षण तथा संवर्धनमा पनि योगदान पुग्ने विश्वास मैले गरेको छु । रेसुङ्गा पार्कबाट लगभग साढे चार किलोमिटर पूर्वमा गाई संरक्षण तथा पालनको परम्परागत केन्द्रका रूपमा रहेको गौशाला छ । गौपूजा गर्ने तथा गाईलाई नुन खुवाउने उद्देश्यले त्यहाँ तीर्थयात्रीहरू जाने गर्छन् ।

मेरो हृदयमा पवित्र स्थान ओगटेर सजिएको महापोखरी छ । यो तम्घास बसपार्कबाट लगभग साढे छ किलोमिटरको दूरीमा अवस्थित छ । अहिले तम्घास बजारबाट महापोखरीसम्म जाने पक्की मोटरबाटो बनेको छ । यस पोखरीको

पनि आफ्नै कथा छ । शताब्दीयौँदेखि यस पोखरीले धार्मिक आस्था र जनविश्वासलाई जोगाइरहेको छ । जनश्रुतिअनुसार तपस्वी महाप्रभु लक्ष्मीनारायण स्वामीले चिम्टाले खनेर तयार पारेको यस पोखरीमा उनले देशका विभिन्न तीर्थस्थल तथा चारधामबाट जल ल्याएर मिसाएका थिए रे । अहिले भने यो पोखरी निकै ठूलो र आकर्षक बनाइएको छ । आज पनि धेरै भक्तजनहरू महापोखरीलाई सम्पूर्ण तीर्थहरूको प्रतीकका रूपमा मान्ने गर्छन् । त्यसैले यसलाई सामान्य जलकुण्ड मात्र नभई समस्त तीर्थको सार बोकेको पवित्र जलाशय मानिन्छ । यहाँ अहिले पनि सत्ताइस गौमुखे धाराहरू छन् । वर्षात सुरूभएपछि मेरै छाती रसाएर फुटेका मूल, तिनको सुसाइ र कलकल आवाजसँगै रमाएको प्रकृतिले नै यस पोखरीलाई जीवन्त राखेको छ । पोखरीको छेवैमा पशुपतिनाथ शिवालय मन्दिर र आश्रमसमेत रहेको छ ।

हरेक वर्ष यहाँ साउन महिनाभरि नै मेला लाग्छ । साउने मेलाको छुट्टै र विशेष महत्त्व भएकाले यस समयमा यो पोखरी भक्तजनको घुइँचोले भरिन्छ । यस पोखरीमा स्नान गरेर पूजा गर्दा रोगव्याधि र पाप नाश भई पुण्य मिल्ने जनविश्वास रहेकाले अर्घाखाँची, पाल्पा, बाग्लुङलगायत टाढा टाढाका जिल्लाबाट समेत भक्तजनहरू यहाँ नुहाउन र दर्शन गर्न आउँछन् । हरिशयनी एकादशी, हरिबोधिनी एकादशी, औँसी जस्ता विशेष तिथिहरूमा त मेरो आँगन झन् रङ्गीन बन्छ, भजन र भक्तिसङ्गीतका धुनले गुन्जिन्छ । रेसुङ्गा संरक्षण समितिले हरेक वर्ष यस्ता कार्यक्रमको आयोजना गरी सहजीकरण गर्छ ।

मेरो सबैभन्दा महत्त्वपूर्ण र आकर्षणको केन्द्र हो यज्ञशाला । यो महापोखरीदेखि ८०० मिटरको दुरीमा पर्छ । महापोखरीदेखि यज्ञशालासम्म जानका लागि भने अहिले स्टिलको बारसहित दोहोरै फराकिला सिँढी बनाइएको छ । यज्ञशालातर्फ उक्लिन र ओर्लन सहज होस् भनेर बनाइएका यी सिँढीको सङ्ख्या ९९४ रहेको छ । यसले पर्यटकहरूलाई सहज बनाउनुका साथै मेरो सुन्दरता पनि थपिदिएको छ । सिँढी चढ्दै जाँदा बाटोमा पर्ने गरुडस्थानमा गरुडको मूर्ति रहेको छ भने त्यसको केही अगाडि दायाँतर्फ रामकुवा रहेको छ । अयोध्यासँग सम्बन्ध जोडिएको यस कुवाको पनि आफ्नै कथा छ । अयोध्याका राजा दशरथका सन्तान नजन्मेपछि गुरू वशिष्ठको सल्लाहअनुसार ऋश्यशृङ्ग ऋषिलाई प्रमुख आचार्य बनाई पुत्रेष्टि महायज्ञ लगाएको र महायज्ञपछि भगवान् राम र उनका भाइहरू जन्मेका थिए भन्ने धार्मिक विश्वास रहेको छ । पछि यस ठाउँमा भगवान् राम र लक्ष्मण पनि ऋश्यशृङ्ग ऋषिको दर्शन गर्न आएका थिए रे । भगवान् रामले ऋषिसँग त्यहाँको समस्याबारे सोध्दा पानीको समस्या बताएपछि यो कुवा भगवान् श्रीरामले ऋष्यशृङ्ग ऋषिका लागि

उपहारस्वरूप धनुषवाण हानी निर्माण गरिदिएका थिए भन्ने विश्वास रहिआएको छ । त्यसैले अयोध्यासँग पनि मेरो परापूर्वकालदेखिकै गहिरो सम्बन्ध छ । यस कुवामा अहिले पनि बाह्रै महिना एकनासले पानी रहिरहन्छ र यसलाई तीर्थजलका रूपमा प्रयोग गरिन्छ । सिँढी चढ्दै जाँदा बीचबीचमा रहेका विश्राम स्थलले यात्रुको थकाइलाई दृश्यावलोकनको आनन्दमा परिणत गर्न मद्दत गरेका छन् ।

मेरो मुटुको ढुकढुकी यज्ञशाला सुनौलो गजुर र तामाको छानाले सजिएको छ । प्यागोडा शैलीमा निर्मित यो मन्दिर नै यहाँको सबैभन्दा ठूलो मन्दिर हो । यस मन्दिरमा २०४२ सालमा योगी नरहरिनाथले एक महिनाको कोटीहोम महायज्ञ लगाएदेखि यज्ञशालाभित्र रहेको हवनकुण्डमा अखण्ड धुनी प्रज्वलित छ । यज्ञशालाको छेउमा रहेको पं. नारायण स्मृति भवन धर्मशालाको रूपमा रहेको छ । यस आश्रममा योगी, ब्राह्मण, तपस्वीहरूलगायत भक्तजनलाई निःशुल्क भोजन र बासको व्यवस्था पनि गरिँदै आएको छ । मलाई भेट्न आउने आगन्तुकहरूलाई जडीबुटीको चियाले न्यानो सत्कार गर्ने परम्परा छ । यसले गुल्मीको सभ्यतालाई जीवन्त राखेको छ । यज्ञशाला मन्दिरमा श्रावण एकादशीदेखि कार्तिक एकादशीसम्म (चतुर्मास) विशेष पूजाआजा हुन्छ । यस अवधिमा म भक्तजनको स्पर्श पाएर निकै खुसी हुन्छु । यज्ञशाला नजिकै प्राचीन राधाकृष्ण मन्दिर पनि रहेको छ । यी सबै कुराले मलाई धर्म, संस्कृति, प्रकृति, इतिहास तथा कलाको सङ्गम बनाएका छन् ।

यज्ञशालाबाट तीनसय मिटर उकालो हिँडेपछि राधाकृष्ण वनविहार स्थल पुगिन्छ । त्यहाँ बाल सिद्ध शिवजीको मन्दिर रहेको छ । यसलाई सिद्धबाबा मन्दिर भनिन्छ । यस मन्दिरमा पूजापाठ गर्न, भाकल दिन, श्रावण महिनाभरि नै विभिन्न जिल्लाबाट भक्तजनहरू आउने गर्दछन् । सिद्धबाबामा दर्शन गर्नाले सन्तान नभएका दम्पतिलाई सन्तान प्राप्त हुने, रोगव्याधि निको हुने जनविश्वास रहेको छ । सिद्धबाबा मन्दिर नजिकै भ्युटावर पनि छ । भ्युटावरको भित्री भित्तामा कोरिएका चित्रहरूले गुल्मी जिल्लाका धार्मिक, ऐतिहासिक, सांस्कृतिक महत्त्व बोकेका सम्पदाहरूको परिचय दिन्छन् । भ्यूटावरबाट गुल्मी जिल्लाका विभिन्न स्थानका साथै पाल्पा, अर्घाखाँची, बाग्लुङ्का अधिकांश भूभाग देख्न सकिन्छ । टाढा टाढासम्मको दृश्यावलोकन गरी मेरा विभिन्न स्थल र वस्तुस्थितिको फोटो आआफ्ना क्यामेरामा कैद गर्दै रमाएका यात्रीहरू देख्दा म पनि उनीहरूसँगै हर्षविभोर हुन्छु र हराउँछु आफ्नै संसारमा । कहिलेकाहीँ भने आगन्तुकहरू भ्यूटावरमा चढेकै बेला धुम्म परेको बाक्लो कुहिरोले मेरा भूभागलाई ढपक्कै ढाकिदिन्छ, तुवाँलोले सुन्दर दृश्यलाई धमिल्याइदिन्छ । अरू बेला

कुहिरोको न्यानो स्पर्श र तुवाँलोको अँगालोमा प्रेमिल अनुभूति गरेको म यात्रुलाई दृश्यावलोकनमा असहज बनाएकोमा भने अलि खिन्न हुन्छु । भ्युटावरदेखि एक सय मिटरमाथि सबैभन्दा अग्लो स्थानमा विष्णुपादुका र शिवालय मठ गरी दुई मन्दिर रहेका छन् । विष्णुपादुका मठ शशिधर स्वामीको समाधि स्थल हो । यसको निर्माण महाप्रभु लक्ष्मीनारायणद्वारा आफ्नै झोलीका पैसाले वि.सं. १९२० भन्दा पहिले नै गरिएको भन्ने भनाइ छ ।

मेरो पश्चिमपट्टि मसँगै जोडिएर बसेको अर्जुन डाँडा मेरो मनमुटु मिल्ने साथीजस्तै लाग्छ । त्यसैले त हामी दुवैको प्रकृति उस्तै छ । यसको पनि आफ्नै धार्मिक, ऐतिहासिक तथा प्राकृतिक महत्त्व छ । यहाँको भगवती मन्दिरमा विशेष गरी दसैँको नवरात्रभरि पूजा हुन्छ । भनिन्छ, महाभारतको युद्धपछि पाँच पाण्डवहरू प्युठानको स्वर्गद्वारी जाने क्रममा एक भाइ अर्जुन यही डाँडामा बसेका थिए रे । त्यही स्मृतिले यस स्थानको नाम 'अर्जुन' रहन गएको विश्वास छ । यहाँको दक्षिण पाखामा एउटा गुफा पनि छ । यसले पनि अर्जुन डाँडाको आकर्षण बढाएको छ । रमणीय अर्जुन डाँडाबाट तम्घास बजार र वरपरका डाँडाकाँडाको दृश्य अत्यन्तै मनमोहक देखिन्छ । आज पनि जब कुनै पर्यटक अर्जुन डाँडामा पुगेर वरपरको दृश्य नियाल्छ, म उसको आँखामा आश्चर्यभाव भरिएको देख्छु । त्यहाँबाट देखिने हरिया डाँडाहरू, वस्तीहरू र टाढासम्म फैलिएको प्राकृतिक दृश्यले सबैलाई मन्त्रमुग्ध बनाउँछ । मसँग काँधमा काँध मिलाएर ठिङ्ग उभिएको अर्जुन डाँडा देख्दा लाग्छ – यो प्रकृतिले मलाई दिएको सुन्दर उपहार हो । प्रकृतिले यति उदार भएर दिएको यो सौन्दर्यका निमित्त म प्रकृतिलाई मनैदेखि धन्यवाद दिन्छु ।

मेरो शरीर केवल ढुङ्गामाटोको थुप्रो र सामान्य डाँडो मात्र होइन, यो जैविक विविधताको भण्डार पनि हो । म मानव सभ्यताको परिचायक तथा समग्र प्राणीजगत्को आश्रयस्थल पनि हुँ । मेरो र छिमेकी मदाने वनको सेरोफेरो दुर्लभ चराचुरुङ्गीहरूको मुख्य बासस्थान पनि हो । विश्वमै दुर्लभ मानिएको काँढेभ्याकुर, सुनगिद्धलगायत जम्मा २०९ प्रजातिका चराचुरुङ्गीहरूले मेरै वरिपरि आफ्नो घर बनाएका छन् । यिनै चराचुरुङ्गीहरूको चिरबिराहट बिहानीका गीत बनेर मलाई आनन्द दिन्छन् । प्रकृतिको सुन्दर छटामा चितुवा, मृग, घोरल जस्ता विभिन्न वन्यजन्तुहरू स्वतन्त्र रूपमा विचरण गर्छन् । त्यसैले म धार्मिक पर्यटनसँगै पर्यापर्यटनको सम्भावनाले पनि भरिपूर्ण बनेको छु । म प्रकृतिको यस्तो संसार हुँ जहाँ धर्म, संस्कृति र पर्यावरण एकअर्काका पूरक बनेर मेरो महत्त्व र सौन्दर्य बढाइरहेका छन् । यसरी विभिन्न क्षेत्रमा देखिएको सम्भावनाले

मेरो मनमा भने वरपरका बासिन्दाको जीविकोपार्जनमा समेत सहयोगी बन्न सक्छु कि भन्ने आशा पलाएको छ ।

मलाई धेरैले धार्मिक स्थलका रूपमा मात्र चिन्छन् तर म प्रकृतिको पनि विशाल भण्डार हुँ । मेरा पाखाभरि विशेष गरी काउलो, कालीकाठ, खस्रू, मलागेडी, गुराँस, चिलाउने, कटुस, काफल, एंसेलु, सल्ला, रिठा जस्ता विभिन्न प्रकारका बोट तथा वनस्पतिहरू हुर्किएका छन् । वसन्त ऋतुमा लालिगुराँस फुलेर मेरा पाखाहरू राताम्मे बनेर सजिन्छन् । यस दृश्यले भने मलाई हर्षोल्लासपूर्ण वातावरणमा सबै मिलेर होली खेलेको जस्तो अनुभूति हुन्छ । वर्षा याममा हरियालीले ढाकेका मेरा पाखाहरूमा प्रकृतिका गुह्य रहस्य लुकेर बसेको जस्तो लाग्छ । मेरो समग्र अवस्थितिलाई हेर्दा म समशीतोष्ण जलवायु भएको उच्च पहाडी क्षेत्र हुँ । गर्मी याममा मेरो तापक्रम मौसम सुहाउँदो न्यानो हुन्छ । जाडो याममा म चिसो र शीतल हुन्छु । पुसमाघका हिंउले ढाकिँदा म झन् आकर्षक देखिन्छु । कुहिरोले ढपक्क ढाकिँदा भने म सेतो खास्टो सपप्क पारेर ओढेजस्तै देखिन्छु । यसले मेरो प्राकृतिक सौन्दर्य बढाएर झनै मनमोहक बनाउँछ । मेरो शरीरैभरि औषधीय गुणले युक्त बहुमूल्य वनस्पतिहरू छन् तर यिनको व्यवस्थित अध्ययन अनुसन्धान हुन भने बाँकी नै छ । यद्यपि जटामसी, चिराइतो, बोजो, सुगन्धवाल, कुरिलो, तेजपत्ता, गुर्जो आदि भने पहिलेदेखि चिनिएका र औषधिका रूपमा प्रयोगमा आएका जडीबुटीमा पर्दछन् ।

मैले गौरवको अनुभूति गर्ने धेरै सम्पदाहरू छन् जसले गर्दा मेरो पहिचान झनै विशिष्ट बनेको छ । यिनै विविधताले गर्दा त म कसैका लागि तपोभूमि, कसैका लागि सिद्धभूमि, कसैका लागि ज्ञानभूमि, कसैका लागि आनन्दभूमि त कसैका लागि पुण्यभूमि बनेको छु । यी विविधता र पहिचानयोग्य सम्पदा नै मेरो अन्तर्य बनेर मलाई रेसुङ्गा बन्नका लागि पूर्णता दिइरहेका छन् । कहिलेकाहीँ मलाई लाग्छ यदि मेरा यी सम्पत्तिहरू बोल्न सक्थे भने तिनले मानवसभ्यताको परिवर्तनका हजारौँ कथा सुनाउँथे होला किनभने यिनका साथमा रहेर मैले समयलाई धेरै नजिकबाट नियालेको छु ।

मेरो महत्त्व कति गहिरो छ भन्ने बुझ्न सहयोग गर्ने अर्को तथ्य पनि छ, त्यो हो मेरै नाउँबाटै भएको स्थानीय सरकारको नामकरण – 'रेसुङ्गा नगरपालिका' । तम्घास, सिमिचौर, अर्खले, दुबिचौर, पराल्मी जस्ता क्षेत्रहरू मिलेर बनेको यो नगरपालिकाले गुल्मीको ऐतिहासिक र धार्मिक पहिचानलाई आफ्नो परिचयको आधार बनाएको छ र त्यो पहिचान भनेको म नै हुँ । शताब्दीयौँदेखि मानिसहरू

मेरो वरिपरि बसोबास गर्दै आएका छन् । मेरै काखमा फैलिएको तम्घास बजार आज गुल्मीको प्रशासनिक, शैक्षिक र व्यापारिक केन्द्र बनेको छ । यो मेरो लागि सम्मानको विषय हो किनकि कुनै भूभागको नामबाट स्थानीय सरकार चिनिनु भनेको त्यो भूभागप्रतिको जनविश्वास र सम्मान पनि हो । अहिले म केवल प्राकृतिक सम्पदा मात्र नभई स्थानीय पहिचानको आधार पनि बनेको छु ।

मैले मेरो मनमा एउटा सपना बुनेर राखेको छु, त्यो हो पर्यटनको ढोका खोल्ने सपना । म आज पनि त्यसरी नै उभिएको छु जसरी म धेरै अघि उभिएको थिएँ हिमालतिर हेरेर । मेरो आत्मास्वरूपको महापोखरी, गुफा, गौमुखे धारा, जङ्गलका दुर्लभ चराचुरुङ्गी र मेरो उचाइबाट देखिने हिमशृङ्खलाको दृश्य संसारभरिका यात्रुहरूले देख्न पाउन् भन्ने मेरो ठूलो सपना छ । धार्मिक श्रद्धा बोकेर आउने भक्तजन, आध्यात्मिक चिन्तनमा डुब्ने साधुसन्त, कलाका पारखी स्रष्टा तथा सर्जक, प्राकृतिक सौन्दर्य खोज्ने पर्यटक तथा सम्पूर्ण रहस्यको खोजी गर्ने अध्येता, अनुसन्धाता तथा वैज्ञानिक सबैका लागि म उत्तिकै खुला छु । मेरो काखमा हुर्किएका मानिसहरूको जीविका पनि मसँगै जोडिएको छ र त्यही नाताले म आफूलाई गुल्मीको गौरव र नेपालको पश्चिमी भेगको एक अनुपम तपोभूमि ठान्छु । मेरो आध्यात्मिक परम्परालाई जीवन्त र सुदृढ बनाउन सानो रेसुङ्गामा अहिले पनि बाल ब्रह्मचारी फलाहारी स्वामी तदर्थानन्द (तारा गुरु) २० वर्षदेखि तपस्यारत हुनुहुन्छ ।

अहिले मलाई माया गर्ने मानिसहरूको सङ्ख्या बढिरहेको छ तर कहिलेकाहीँ म चिन्तित पनि हुन्छु । बढ्दो मानवीय गतिविधिले फोहोर व्यवस्थापन र वन तथा प्राकृतिक सम्पदाको संरक्षणजस्ता चुनौतीहरू थपेको छ । म चाहन्छु, मेरा वनहरू सधैँ हराभरा रहून्, मेरा पानीका मुहानहरू कहिल्यै नसुकून् र मेरा धार्मिक स्थलहरूले आफ्नो मौलिकता जोगाइरहून् । मरो एउटा ठूलो सपना छ । मलाई नेपालीहरूले मात्र होइन संसारभरिका मानिसहरूले भेट्न पाऊन् र मेरो प्राकृतिक सौन्दर्य, धार्मिक महत्त्व तथा सांस्कृतिक सम्पदालाई चिनून्, यहाँ आउने पर्यटकहरूले केवल दृश्य हेरेर नफर्कून् बरू प्रकृति र आस्थाको गहिरो सम्बन्धलाई पनि अनुभूति गरून् भन्ने मेरो सपना छ ।

म रेसुङ्गा श्रद्धाको शिखर, जीवनको आश्रय तथा जनविश्वासको प्रतिविम्ब हुँ । मेरा काखमा इतिहास निदाएको छ, मेरा वनमा प्रकृति मुस्कुराएकी छिन् र मेरा पाखामा मानव आस्था फक्रिरहेको छ । बदलिँदो समयसँगै पुस्ता फेरिँदै जालान् तर म गुल्मीको आकाशमुनि हिमाललाई हेर्दै र हावासँग सुसाउँदै आउने

पुस्ताहरूलाई आफ्नो कथा सुनाउन तयार रही यसरी नै गर्वले ठडिइरहने छु । म भौतिक सम्पदाभन्दा पर ऋषिमुनिहरूका तपस्याका कथा र जनआस्थाले भरिएका तीर्थस्थलहरूलाई परिचय बनाएर यहाँका मानिसहरूको भावना, विश्वास, सपना र सङ्घर्षको जीवित इतिहास बोकी अटल भएर उभिएको एउटा पवित्र तपोभूमि हुँ । महापोखरीसम्म लट्ठी टेक्दै पुग्ने वृद्ध भक्तजन, आफ्ना सन्तानको सुखसमृद्धिको कामना गर्दै दीप प्रज्वलन गर्ने आमाहरू, उत्साहका साथ मेरा पाखाहरूमा विचरण गर्दै फोटो खिच्ने युवाहरू, बाआमाका हात समाउँदै रेसुङ्गा पार्कमा खेलिरहेका बालबालिकाहरू, मेरै कला र महिमाका प्रशंसक कलाकार र सर्जकहरू, मेरो भौतिक तथा आध्यात्मिक रहस्यको खोजी गर्ने अध्येताहरू यी सबैलाई देख्दा मलाई आफू अझै जीवित बनेर मानिसहरूको हृदयमा बसिरहेको छु जस्तो लाग्छ । त्यसैले म मानिसहरूको आस्था र प्रेमको अनुभव गरेर बाँचिरहेको छु । यसले गर्दा नै मेरो अस्तित्व सार्थक भएको अनुभूति हुन्छ मलाई ।

मेरो धार्मिक महत्त्व, प्राकृतिक सौन्दर्य तथा ऐतिहासिक पृष्ठभूमिका कारण धार्मिक तथा पर्यापर्यटनको दृष्टिले म सम्भावनै सम्भावनाको भण्डार हुँ । यति धेरै सम्भावना हुँदाहुँदै पनि नेपालका धेरै प्रसिद्ध धार्मिक तथा पर्यटकीय गन्तव्यहरूको चर्चा भइरहँदा वर्षौंसम्म म ओझेलमा परेकोमा भने मलाई अलि दुःख लागेको छ । मेरो पर्याप्त प्रचारप्रसारको कमी, जीर्ण पदमार्गहरू, आवश्यक संरक्षणको अभाव, जथाभावी गरिएको फोहोर, वनक्षेत्रमा भएको अतिक्रमण देख्दा मेरो मन चिन्ताले भतभती पोल्थ्यो । अहिले भने परिस्थिति बदलिँदै गएको छ । मलाई धार्मिक स्थल मात्र नभई प्रकृति र संस्कृतिको समेत साझा सम्पदाका रूपमा सम्मान गरिँदै छ । यसले गर्दा अहिले म धेरै आशावादी बनेको छु । अहिले मेरो संरक्षण, विकास र प्रवर्धनका लागि रेसुङ्गा नगरपालिकाले महत्त्वपूर्ण पहल गरेको छ । सडकपहुँच सुधार, धार्मिक तथा पर्यटकीय पूर्वाधार निर्माण, महापोखरी क्षेत्रको संरक्षण, वृक्षरोपण कार्यक्रम, पार्क तथा विश्रामस्थलनिर्माण, सूचना तथा प्रचारसामग्रीको विकास, धार्मिक तथा सांस्कृतिक मेलाहरूको व्यवस्थापनजस्ता गतिविधिका साथै 'जाऊँ हिँड रेसुङ्गा' जस्ता अभियानले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्दै छ । यस्ता अभियानलाई विश्वस्तरसम्म पुऱ्याउन सके बाह्य पर्यटकको आवागमनमा पनि वृद्धि भई गुल्मीको आर्थिक समृद्धिमा समेत टेवा पुग्न सक्ने मैले विश्वास लिएको छु । नगरपालिकाले मेरो पहिचानलाई स्थानीय विकाससँग जोड्ने प्रयास गरिरहेको देख्दा मलाई लाग्छ–अब म केवल इतिहासको सम्झना मात्र होइन, भविष्यको

सम्भावना पनि बनिरहेको छु ।

अब मेरो चर्चा केवल गुल्मीभित्र मात्र सीमित नहोस्, नेपालका विद्यालयका पाठ्यपुस्तकहरूमा मेरो परिचय समावेश होस्, राष्ट्रिय सञ्चारमाध्यमहरूले मेरा कथा सुनाऊन्, सामाजिक सञ्जालमार्फत मेरा सुन्दर दृश्यहरू संसारभर फैलिऊन् भन्ने मेरो चाहना छ । साथै धार्मिक पर्यटन, पर्यावरणीय तथा साहसिक पर्यटन र सांस्कृतिक पर्यटनलाई एकीकृत गरी मलाई नेपालको प्रमुख गन्तव्यका रूपमा स्थापित गरियोस् भन्ने मलाई लागेको छ ।

मेरो माध्यमबाट हुने गुल्मीको समृद्धिका लागि मेरा मनका केही सुझावहरू पनि छन् । डिजिटल प्रचारप्रसार अभियान सञ्चालन गरी आधिकारिक वेबसाइट र सामाजिक सञ्जाल पृष्ठहरूलाई सक्रिय बनाएमा मेरो प्रचारप्रसार हुने छ । मेरो वृत्तचित्र, छोटा भिडियो र ड्रोन दृश्यहरू तयार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार गरी धार्मिक तथा सांस्कृतिक उत्सवलाई ब्रान्डिङ गर्ने गरी साउने मेला र हरिबोधिनी एकादशीलाई राष्ट्रिय स्तरका धार्मिक उत्सवका रूपमा प्रवर्धन गर्न सकिन्छ । त्यसै गरी वार्षिक रूपमै 'रेसुङ्गा महोत्सव'को आयोजना, पर्यावरणीय पर्यटन विकास, पदमार्ग, चरा अवलोकन क्षेत्र र प्रकृति अध्ययन केन्द्र स्थापना, वन संरक्षणलाई पर्यटनसँग जोड्ने, रेसुङ्गाको इतिहास, संस्कृति र जैविक विविधतामाथि अनुसन्धान गरी अनुसन्धान र प्रकाशनलाई प्रोत्साहन गर्न सकिन्छ । मेरो बारेमा पुस्तक, लेख, स्मारिका र अध्ययन सामग्री प्रकाशन गर्न सकिन्छ । स्थानीय समुदायलाई केन्द्रमा राखी होमस्टे, स्थानीय उत्पादन र सांस्कृतिक कार्यक्रममार्फत स्थानीय बासिन्दालाई पर्यटनको प्रत्यक्ष लाभ दिने कार्य गर्नका लागि स्थानीय सरकारले विशेष भूमिका निर्वाह गर्न सक्छ ।

मैले दिएका यी सुझावहरूको मनन गरी मेरो संरक्षण भयो भने म केवल गुल्मीको गौरव मात्र नभई नेपालको धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटनको उज्यालो प्रतीक बन्नेछु । यसैको प्रतीक्षामा आज पनि म आगन्तुकहरूको बाटो कुर्दै नयाँ कथाको आशा र उज्ज्वल भविष्यको विश्वासमा उभिइरहेको छु ।

**रेसुङ्गा नगरपालिका ९, तम्घास, गुल्मी ।**

**हाल**


**सूर्यविनायक नगरपालिका–३, बालकोट, भक्तपुर ।**

०००

लेख

# सिद्धभूमि रेसुङ्गा

✍ सुरेशचन्द्र भुसाल



गुल्मी लुम्बिनी अञ्चलका ६ जिल्लाहरूमध्ये उत्तरतर्फ रहेको पहाडी जिल्ला हो । यो जिल्ला धार्मिक, ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक दृष्टिले महत्त्वपूर्ण छ । नेपालको प्रसिद्ध तपोभूमि रेसुङ्गा यसै जिल्लामा पर्छ । रेसुङ्गा धार्मिक, ऐतिहासिक र प्राकृतिक दृष्टिले विशेष भूमि हो । रेसुङ्गाकै नामबाट अहिले रेसुङ्गा नगरपालिका रहेको छ ।

यहाँ यज्ञशाला, सिद्धस्थान, शिवालय, विष्णुपादुका, ऋष्यशृङ्ग आश्रम, महापोखरी, पशुपति शिवालय, लक्ष्मीनारायणको कुटी, मनकामना मन्दिर, सीताराम मन्दिर, गोशाला, मैरा र साउने शिवालय जस्ता विशेष धार्मिक ठाउँ र मठमन्दिरहरू छन् । यी मन्दिरहरूमा दैनिक पूजापाठ सञ्चालन हुने गरेको छ । विभिन्न समयमा धार्मिक मेला, यज्ञ, महायज्ञ, धार्मिक महोत्सवहरू हुने गर्छन् ।

श्रावण महिनाभर महापोखरी स्नान गरी सिद्ध भगवान्को दर्शन गर्ने श्रद्धालुहरूको घुइँचो हुन्छ । विभिन्न समुदायले आ–आफ्नो पुर्खाको चलन संस्कृति र मान्यताअनुसार पूजापाठ गर्ने गर्छन् । सिद्धका गणहरूलाई बलि दिने चलन पनि रहेको छ । यसलाई अझ व्यवस्थित गरी छुट्टै सुरक्षित स्थानमा स्थानान्तरण गर्नु पर्ने देखिएको छ । भक्तजनहरूले श्रावण महिनामा एक पटक रेसुङ्गा पुग्नुपर्छ भन्ने मनोभावना बनाएको देखिन्छ । सिद्ध भगवान्ले सिद्धि प्रदान गर्ने, सन्ततिको कल्याण हुने, सुख, शान्ति, समृद्धि प्राप्त हुने, पुण्यको हकदार बनिने जनविश्वास रहेको छ ।

त्यसैले रेसुङ्गा अमृत भूमि हो भन्ने किंवदन्ती रहेको छ । समुद्र मन्थनकै क्रममा दैत्य र दानव मिली समुद्र मथन गर्दा निस्किएको अमृतको घडालाई

भगवान् विष्णुका वाहन गरुडले उडाएर लैजाँदा छचल्किएर १/२ थोपा रेसुङ्गामा खसेको हुनाले रेसुङ्गालाई अमृत भूमि हो भन्ने किंवदन्ती रहेको छ । त्यही अमृत खसेको ठाउँमा गरुडको मूर्ति स्थापना गरी त्यस ठाउँको नाम गरुडस्थान रहेको हो ।

रेसुङ्गा गरुडस्थानको नजिकै तल रामकुवा र केही पर लक्ष्मण कुवा रहेको छ । यी दुबै कुवाहरू राम र लक्ष्मणले बाण हानेर बनेका हुन् भन्ने किंवदन्ती छ । यहाँ जस्तोसुकै वर्षको मौसममा पनि पानी धेरै बग्दैन र जस्तोसुकै हिँउदे मौसममा पनि पानीको सतह घटेर सुक्खा हुँदैन । रामकुवाको पानी जलको रूपमा पान गर्नाले जस्तोसुकै दीर्घ रोग पनि निको हुने र कुवामा स्नान गर्नाले जानेर नजानेर गरेका सबै पापहरू पखालिने जनविश्वास रहेको छ ।

रेसुङ्गाको यज्ञशाला अत्यन्त महत्त्वपूर्ण धार्मिक सुन्दर ठाउँ हो । यो यज्ञकुण्डले गर्दा प्रसिद्ध रहेको छ । यहाँ नित्य वैदिक मन्त्रोच्चारणबाट हवन हुन्छ । यो हवनकुण्डको विभूति निधारमा लगाउनाले मानवको कल्याण हुने, भूतप्रेतले दुःख दिन नसक्ने र रोगव्याधि नलाग्ने जनविश्वास रहेको छ । रेसुङ्गा महापोखरीबाट पूर्वपट्टि बरिव १ किलो मिटरको दूरीमा सानो रेसुङ्गा रहेको छ । त्यहाँ ऋश्यशृङ्ग ऋषिको एक सिङ्गे मूर्तिसहितको आकर्षक मन्दिर रहेको छ । यसका आठकोणमा अष्ट चिरञ्जीवी, देवी-देवताहरूका मूर्ति स्थापना गरिएको छ । यस मन्दिरमा नित्य पूजा हुन्छ । यहाँ रेसुङ्गाका पीठाधीश ब्रह्मचारी तदर्थानन्द महाराजको आश्रम रहेको छ । उहाँले लोककल्याणको लागि निरन्तर साधना र सिद्ध भगवान्को उपासना गरिरहनुभएको छ ।

रेसुङ्गा तपोभूमिकै पूर्वमा गौडाकोटमाथि भुवाने डाँडामा समाजसेवी धार्मिक व्यक्तित्व सुब्बा टोपवहादुर बस्नेतको निजी लगानीमा अत्यन्त आकर्षक श्री सीताराम मन्दिर बनेको छ । त्यहाँ नित्य पूजापाठ हुनुको साथै सुब्बा बस्नेतकै सक्रियतामा प्रत्येक वर्ष सप्ताह, नवाहका ठूला यज्ञहरू हुने गरेका छन् । रामायण, हनुमान चालिसा, श्रीमद्भागवत, देवीभागवत, वेद, गीता चण्डी जस्ता विशेष पाठपारायणहरू समय-समयमा हुने गरेका छन् ।

झिरवासभन्दा माथि रेसुङ्गा महापोखरीभन्दा तलको आकर्षक जंगलको बीचमा समाजसेवी धार्मिक व्यक्तित्व थम्मनबहादुर खड्काको नेतृत्व र स्थानीय जनसमुदायको सहयोग र सहभागितामा श्री मनकामना मन्दिर स्थापना गरिएको छ ।

रेसुङ्गा तपोवनको उत्तरतर्फको मनमोहक क्षेत्र चौतारामा गोशाला र राधाकृष्ण मन्दिर रहेका छन् । गोशालामा लक्ष्मी थरका करिव १६० स्थानीय गाईहरू रहेका छन् । रेसुङ्गा संरक्षण समिति गुल्मीले गोशाला व्यवस्थापन उपसमिति गठन गरी सो उपसमितिको सक्रियतामा गोशालाको व्यवस्थापन गरिएको छ । कार्तिकको लक्ष्मीपूजाको अवसरमा गोमहोत्सवको आयोजना तथा गोवर्धन पूजा गरिन्छ । गाईको आहार तथा आवासको लागि भक्तजनहरूबाट दिनको एक रूपैयाँ अर्पण गरी वार्षिक ३६५/- रूपैयाँ दान गरी पुण्य कमाउने र मुष्ठिदाताको सूचिमा समावेश हुने व्यवस्था मिलाइएको छ । गोरक्षाका लागि यथाशक्य सहयोगका अतिरिक्त रू ११,१११ /- वा सोभन्दा माथि रकम उपलब्ध गराई गोशाला अक्षयकोष स्थापना गर्ने व्यवस्थासमेत मिलाइएको छ ।

गोशालाभन्दा केही तल अत्यन्त राम्रो धार्मिक तथा पुरातात्विक महत्त्व बोकेको सावनी क्षेत्र रहेको छ । यहाँ ढुङ्गाले मात्र बनेको कलात्मक शिवालय रहेको छ । यहाँ प्रत्येक सोमवार र त्रयोदशीका दिन शिवको पूजा आरधाना गर्ने कार्य हुन्छ ।


रेसुङ्गा सिद्धभूमि हो । यहाँ साधना गर्नाले सिद्धि प्राप्त हुन्छ । यहाँ रेसुङ्गा संरक्षण समितिले धार्मिक ऊर्जालाई जीवन्त राख्ने विभिन्न प्रयासहरू गरेको छ । नियमित पूजापाठका अतिरिक्त समयसमयमा ठूलाठूला यज्ञ अनुष्ठानहरू गर्दै आएको छ । भक्तजनहरूलाई निःशुल्क भोजन र आवासको व्यवस्था मिलाएको छ । विभिन्न विकास निर्माणका गतिविधिहरू अगाडि बढाएको छ । यसको महत्त्वलाई देश-विदेशमा फैलाउन प्रचार-प्रसारका कार्यक्रमहरू गर्दै आएको छ । यो गुल्मीको मात्र नभई सिङ्गो देशको गौरव र ऐतिहासिक सम्पति हो । यसको विकास र संरक्षण गर्नु सरकार र हामी सबैको दायित्व हो । हामी सबैले रेसुङ्गाप्रतिको दायित्वबोध गरे भोलिको रेसुङ्गा एउटा धार्मिक पर्यटकीय गन्तव्य बन्ने कुरामा दुईमत छैन । भोलि हाम्रा सन्ततिहरूका लागि पनि रेसुङ्गा भरोसा, आस्था र गौरवको विषय बन्नेछ ।

**अध्यक्ष**
**रेसुङ्गा संरक्षण समिति**
**गुल्मी ।**

**०००**

संस्मरण

# त्यो महोत्सव र त्यो पावन भूमि



✍रामप्रसाद पन्त

रेसुङ्गा भन्नेबित्तिकै तम्घासको सम्झना हुन्छ, तम्घास भन्नेबित्तिकै गुल्मीको सम्झना हुन्छ, गुल्मी भन्नेबित्तिकै आफै जन्मेको दार्सिङबास– गाउँको सम्झना हुन्छ र दार्सिङबास भन्नेबित्तिकै आफ्नो बाल्यकालीन इतिहासको झल्को आउन थाल्छ । मलाई जन्म दिने बाबुआमा र आफन्तहरू दृश्यपटलमा झलझली देखिन थाल्छन् । उहाँहरूले मलाई यहाँसम्म– ल्याइपुऱ्याउनका लागि ममाथि खन्याएको माया, ममता र उहाँहरूले गरेका दुःख र सङ्घर्षका कथाहरूको ओइरो लाग्न थाल्छ । म क्लान्त र गलित हुन्छु । मातापिताले ममाथि गरेको दया, माया, करुणा र छत्रछायाको अलिकति अंश पनि उहाँहरूका सेवामा लगाउन नसकेकोमा म भित्रभित्रै आहत हुन्छु । गुल्मीको माया मनमा हुँदाहुँदै पनि व्यक्तिगत रूपमा म गुल्मीलाई केही गर्न सक्तिनँ । जन्मदिने बाबुआमा र जन्मभूमिको माटोप्रति माया र ममता हुँदाहुँदै पनि ती आस्थाका प्रतिमूर्तिलाई म मानसिक रूपमा पूजा मात्र गर्न सक्छु, अरू केही गर्न सक्तिनँ । मातापिताले दशनङ्ग्रा खियाएको माटोको सुगन्ध ग्रहण गर्नमात्र सक्छु, अरू केही गर्न सक्तिनँ ।

म पूर्वीय धर्मसंस्कृतिमा जन्मीहुर्केको मानिस । मलाई पूर्वीय संस्कार र परम्परा मनपर्छ । यसैले पनि मेरा आस्थाका प्रतीक प्राचीन ऋषिमुनिहरू मन पर्छन् । ऋषिमुनि मन पर्नुको अर्थ आफ्ना पुर्खा मन पर्छन् । यसको अर्थ ऋषिहरूमध्येका शृङ्गि ऋषि मन पर्छन् । शृङ्गि ऋषि मन पर्नुको अर्थ मलाई शृङ्गा मन पर्नु हो र अझ बढी रेसुङ्गा मन पर्नु हो ।

म काम विशेषले धेरै पटक रेसुङ्गाको काख तम्घास पुगेको छु र दुईतीन

पटक रेसुङ्गाको शिखर पनि चुमेको छु । मलाई सम्झना छ– म २०२४ सालमा चौध वर्षको उमेरमा मेरी ममतामयी माताको पाइला पछ्याउँदै चार घण्टा हिँडेर पुगेको थिएँ रेसुङ्गा र पातपतिङ्गर पन्छाएर स्नान गरेको थिएँ पोखरीको जलाशयमा । यसैको ठीक त्रिचालीस वर्षपछि अर्थात् २०६७ मा दोस्रोपटक आरोहण गरेँ रेसुङ्गाको शिखरमा । अहिले सम्झन्छु, सोह्र वर्ष बितिसकेछ दोस्रो पटक गएको पनि ।

सन्दर्भ थियो, गुल्मी महोत्सवको । त्यस महोत्सवमा साहित्यिक क्षेत्रको पनि सहभागिता थियो । गुल्मी जिल्लाबासी साहित्यकारको नाताले काठमाडौँबाट डा. रामप्रसाद ज्ञवाली, ठाकुर शर्मा भण्डारी र मलाई आमन्त्रण गरिएको थियो । निम्ताको सम्मान गर्दै हामी तीनै जना त्यस महोत्सवमा सहभागी भएका थियौँ ।

अहिले म मेरो स्मृतिपटलमा रहेका त्यस वेलाका तिनै झलकहरूलाई उत्खनन गर्दै छु ।

महोत्सव पश्चात् साहित्यिक टोलीलाई रेसुङ्गा अवलोकन गराउन तीनवटा जीप उपस्थित भए– किरण पुस्तकालयको द्वारअगाडि । साहित्यिक टोली बस्यो बाँडिएर तीनवटा जीपमा । जीपहरू कुलेलम ठोके रेसुङ्गाको शिखर ताकेर । घुम्तीहरूमा मोडिँदै र धुलेबाटोमा धुसरित हुँदै उक्लियौँ हामी माथि माथि ।

ज्ञवाली सर भन्न थाल्नुभयो – 'यो धुलेबाटोको संस्मरण पनि गज्जबको आउने भो पन्तसरको यात्रामा । शीर्षक हुनसक्ला– 'धुलोमा रङ्मगिँदै रेसुङ्गातिर ।'

हामी दुईचार फन्को मारेर पुग्यौँ एउटा ससानो समथर भूभागमा । त्यस ठाउँमा केही महिनाअघि पं. दीनबन्धु पोखरेलले श्रीमद्भागवत पुराण वाचन गरेका थिए रे ! केही अवशेषहरू देखिन्थे यत्रतत्र ।

त्यहाँ नरोकिएर हामी रेसुङ्गाको पल्लो पाखातिर लाग्यौँ ।

तम्घास बजार देखिन छाड्यो । वारिपारि उत्तर-पूर्वका पहाडहरू देखिन थाले । दूरस्थ टल्किएका देखिए हिमाल पनि । जङ्गल यसतर्फ पो घना रहेछ । तर नगण्य चराचुरूङ्गीबाहेक वन्यजन्तु भएको सङ्केत मिल्दैन ।

जीपहरू एउटा देउराली परेको ठाउँमा पुगेर अडिन्छन् । त्यहाँभन्दा अगाडि मोटरबाटो छैन । लैजानुहुँदैन पनि । नत्र त्यस तपोभूमिको महत्त्व रहँदैन ।

छितरिएका छन् साहित्यकारहरू । तर हामी भने शशि पन्थीको अगुवाइमा छौँ । उहाँले हामीलाई पोखरीतर्फ लैजानुहुन्छ । प्राज्ञ बेञ्जु शर्मा र बूँद रानालाई कठिनकठिन पर्छ हिँड्न– बेञ्जु दिदी हिँड्ने बानी नपरेका कारण र बूँद राना अस्वस्थताका कारण । डोऱ्याइनुहुन्छ बेञ्जु र लौरोमा थामिनुहुन्छ बूँद ।

वा ... क्या सुन्दर पोखरी ! त्रिचालीस वर्षअगाडि आउँदा देखेको त्यो थोत्रो पातपतिङ्गर भरिएको पोखरी र अहिलेको यो विशाल आकारको पक्की पोखरी !

'पोखरीको डिलमाथि लहरै पाल टाँगिएको कसका लागि ?' – म प्रश्न गर्छु ।

पन्थी सर भन्दै हुनुहुन्छ– 'हाम्रो सोचाइ व्यापक थियो, इच्छुक साहित्यकारहरूलाई यहाँ ल्याएर एक रात पालभित्र बास बसाउने मन थियो तर सकिएन । तपाईंहरूकै लागि तयार गरिएका यी पालहरू ।'

'यो कुरा हिजै थाहा पाएको भए म आन्दोलन गर्थें, तर थाहै दिइएन किन ?' – मैले उत्सुकतावश सोधेँ ।

'बाघको डर हुन्छ भनेर आँट गरिएन'– पन्थी सरले जवाफ दिनुभयो ।

'बाघै आएछ भने पनि आउँथ्यो । बाघको मुखबाट मर्नै लेखेको रहेछ भने पनि मरिन्थ्यो । के फरक पर्थ्यो ! एकपटक मर्नुपर्ने जीवन ! तर त्यो सम्भावित आनन्द त गुम्यो नि !'– मेरो भनाइ रह्यो ।

'जे भयो भयो, साहित्यकारको चाहना भए फेरि पनि मौका जुट्न सक्छ ।' पन्थी सरले सम्भावनाका कुराहरू राखेर धैर्य बँधाउन खोज्नुभयो ।

पोखरीसँगै नवनिर्मित मन्दिरहरू पनि देखिन्छन् । ती मन्दिरसँग टाँसिएर हामी समूहमा फोटो खिच्छौँ र मन्दिर परिक्रमा गर्छौँ ।

म प्रश्न गर्छु शशि सरसमक्ष – 'किशोरावस्थामा म यहाँ आउँदा पोखरी वरिपरि देखिएको गाईको झुन्ड कहाँ छ ? वा छैन ?'

'छन् ती गाईहरू अहिले पनि, तर तल सारिएका छन् । करीब चार सयको सङ्ख्यामा रहेका ती गाईहरूको संरक्षणका लागि एउटा समिति क्रियाशील छ ।'– शशि सरले मेरो जिज्ञासा पूरा गर्नुभयो ।

'अनि माथिपट्टिको यो सानो घर के हो ? कुटी हो कि अरू केही ?' – मेरो अर्को प्रश्न ।

'यो यदुकानन्द स्वामीले बनाएको कुटी हो । उहाँ अलिमाथि यज्ञशालामा बस्नुहुन्थ्यो, तपसाधना गर्नुहुन्थ्यो र प्रातःकालीन समयमा यहाँ ओर्लेर पोखरीमा स्नान गर्दा यसै कुटीलाई प्रयोग गर्नुहुन्थ्यो ।' – शशि सरले आफूले सुनेका कुरा हामीलाई बताउनुभयो ।

'अब विलम्ब नगरेर उकालो लागौँ । यस तपोभूमिको मुख्य आकर्षक स्थलमा पुग्न आधाघण्टा हिँड्नुपर्नेछ ।'– शशि सर अगुवाइ गर्दै उकालो लाग्नुहुन्छ, हामी पछिपछि । केही जानेबुझेका साहित्यकारहरू भने हामीलाई छाडेर निकै अगाडि बढिसकेका पनि छन् ।

त्रिचालीस वर्षअगाडिको गोरेटो बाटो अप्ठ्यारो होइन, पाँच/छ फुट चौडा, ढुङ्गा छापिएको छ । गुराँस फुलेको देखिन्छ ढकमक्क । जङ्गल घना छ । जङ्गलमा बैरीहरूको कटाक्ष परेको छैन अहिलेसम्म ।

कता होला खस्रुको त्यो खोक्रिएको रूख ! जुन खोक्रोभित्र बसेर यदुकानन्द स्वामीले तपस्या गर्नुभएको थियो ?

थाहा छैन कसैलाई पनि । त्यो रूख छ कि छैन वा कहाँ छ !

मलाई अत्यन्त रमाइलो लाग्छ साहित्यकारहरूको त्यो लामलस्कर । मैले कुनै बेला पछाडिबाट तस्वीर लिन्छु, कुनै बेला अगाडिबाट ।

हाम्रो समूहमा मिसिनुभएको छ बेञ्जु शर्मा । हिँड्न गाह्रो परिरहेको छ उहाँलाई । बूँद राना भने पोखरीतिर नलागेर अर्को समूहमा मिसिएर उकालो लागिसक्नुभएछ ।

यस्ता पाखापखेराहरू कयौँपटक चालिसकेको मलाई बेन्जु दिदीको गतिमा हिँड्न कुनै कठिनाइ भएको थिएन । घाम, बादलको छेउछाउबाट झल्याकझुलुक देखिए पनि चर्को गर्मी महसुस भएको थिएन । हावा पनि

सिरिरिरी बगेको थियो तर उकालो त आखिर उकालो नै हो । श्वासप्रश्वास बढ्नु, पसिना आउनु सामान्य कुरा । मैले जाकेट फुकालेर काँधमा भुन्ड्याएको थिएँ र प्राकृतिक सौन्दर्यमा लठ्ठिएको थिएँ । 'उ..... देखियो मैरी (तुलसीमठ) ! अब आउनै लाग्यो मन्दिर' – यसअघि आइसकेका ठाकुर शर्माले भन्नुभयो ।

साँच्चै नै हामी अविलम्ब मैरीमाथिको पर्खाल नाघेर द्वारबाट छिरेर मन्दिर परिसरमा प्रवेश गर्‍यौँ ।

हामी एकएक गरी तामाका पाताले छाइएको दुईतले यज्ञशालाभित्र छिर्‍यौँ र स्वामिजीको हातबाट प्रसाद विभूति ग्रहण गरेर आशीर्वाद लियौँ ।

रेसुङ्गाको इतिहास लामो छ । यसको इतिहास अवलोकन गर्न हामी पुराणतिरै फर्कनुपर्छ – कौशिकी तटका तपस्वी विभाण्डकपुत्र ऋष्यशृङ्गसम्म । तर कालान्तरमा शशिधर स्वामी, लक्ष्मीनारायण महाप्रभु, यदुकानन्द स्वामी आदिले यस क्षेत्रलाई तपोभूमि बनाए र योगी नरहरिनाथ जस्ता राष्ट्रगुरूले यस ठाउँमा योग साधनासहित यज्ञयागादि गरे ।

त्रेताकालीन ऋष्यशृङ्ग ऋषि, आयोध्याका राजा दशरथका छोरीज्वाईं थिए । उनकै पौरोहित्यमा पुत्रेष्टि यज्ञ गरेर राजा दशरथका चार छोरा जन्मे । पछि पत्नी शान्तासहित शृङ्गि ऋषि अर्गली, रिडी, शृङ्गा हुँदै रेसुङ्गा पुगेर तपस्या गरे । उनले तपसाधना गरेको कारण नै यस पहाडको नाम रेसुङ्गा रहन गयो । तपस्यारत दिदीभिनाजुलाई भेट्न दशरथ पुत्र चारै भाइ रेसुङ्गा पुगेर त्यहाँ पानीको अभाव देखेपछि रामले एउटा वाण हाने र पानी निकाले ।

त्यसै पहाडबाट ऋष्यशृङ्गले फेदीमा सम्म परेर बसेको भूमि देखे र पत्नी शान्तालाई भने – 'तं घासमेही सुखम्, अर्थात् तलको त्यो सुन्दर हरियो घाँस हेर र आनन्द लेऊ ।'

उनको यसै भनाइबाट नै गुल्मी सदरमुकामको नाम तम्घास रहन गएको विश्वास गरिन्छ ।

त्यसपछि ऋष्यशृङ्ग ऋषि सपत्नी तल ओर्लेर हालको तम्घासमा केही समय बिताए । भनिन्छ – उनी ब्रह्माजीको सभाका सभासद् पनि थिए । उनले पृथ्वीतलका ऋषिमुनिहरूलाई जम्मा गरेर शृङ्गाको डाँडोमा सत्सङ्ग गर्थे ।

रिडीदेखि रेसुङ्गासम्म विचरण गरिरहन्थे ।

मलाई अवगत भएको कुरा थियो– अर्वाचीन कालमा त्यस डाँडोमा तपस्या गर्ने पहिला स्वामी हुन् – शशिधर । यी जोसमनी सम्प्रदायका प्रवर्तक र प्रकाण्ड विद्वान् थिए । अर्घाखाँचीमा मरासिनी वंशमा जन्मेका यिनले बाल्यकालमै घर छाडी निस्केर भारतका विभिन्न प्रान्तहरू घुम्दै गुजराँतको जुनागढ पुगे । ज्योतिमुनिदाससँग दीक्षित भए । त्यसपछि पौडीगडवाल गई विवाहबन्धनमा बाँधिए । तदनन्तर उनी रेसुङ्गा पुगे । त्यहाँ उनले लामो समय तपस्या गरेर बसे र थुप्रै शिष्यहरू बनाए । पशुपतिनाथको दर्शन गर्ने क्रममा काठमाडौं आएका शशिधरसँग राजा रणबहादुर शाहले दीक्षा लिए । पछि शशिधरको मृत्यु रेसुङ्गामै भयो र उनका छोरा लक्ष्मीनारायणले रेसुङ्गाको सबैभन्दा अग्लो स्थानमा उनको दाहसंस्कार गरेर त्यस ठाउँको नाम विष्णुपादुका राखे ।

त्यसपछि लक्ष्मीनारायण आबाल ब्रह्मचारीको रूपमा रेसुङ्गामा रहन थाले । बाबुबाट उनले थुप्रै ज्ञानार्जन गरेका थिए । लक्ष्मीनारायण चमत्कारी व्यक्ति पनि थिए । जङ्गबहादुर दर्शन गर्न गएको वेला उनले असर्फी वर्षा गरिदिएका थिए । तपसाधनाबाट उनी बाघ भालूजस्ता जनावरको रूप पनि लिन सक्थे । उनको मृत्यु पनि रेसुङ्गामा नै भयो । बाबु शशिधरको शवदाह भएजस्तै उनको पनि सोही ठाउँमा शवदाह गरियो ।

उनीपछि मरासिनी वंशकै छविलाल, ठाकुरप्रसाद, कमलापति र बालकृष्ण आदिले रेसुङ्गामा तपस्या गरे ।

रेसुङ्गा पहाडमा वि.सं. १९८३ देखि २०२१ सम्म करीब चालीस वर्ष लामो समयसम्म विशाल आश्रम बनाई बस्ने स्वामी हुन् यदुकानन्द । काठमाडौ कालिमाटी घर भएका यदुकानन्द बाल्यावस्थामै घर छाडी हिँडेर रेसुङ्गा गई हाल यज्ञशाला भएकै सेरोफेरोमा एउटा खस्रुको रूखको टोड्कोमा तपस्या गरी बसे । छोरो त्यहाँ छ भन्ने थाहा पाएर बाबु लिन गए तर उनी नफर्कने वाचा गरी त्यहीँ तपस्यारत रहे ।

बाबु गोकुलानन्द नारायणहिटी दरबारमा त्रिभुवनका पूजाकोठे भएका कारण जुद्धशमसेरलाई रिझाई यदुकानन्दका लागि मागेजति धनदौलत दिलाए । रेसुङ्गामा यज्ञशालामा तामाको छाना लगाइयो । ठूलाठूला यज्ञहरू गरिए ।

असङ्ख्य गाईदान गरियो । अखण्ड घृतधाराको व्यवस्था गरियो । राधाकृष्णको मन्दिर र धर्मशाला बनाइयो । स्वामीका लागि पाँच हजार तोला चाँदीको सर्पफणाकार कौच बन्यो । बेलायतबाट रेशमी कपडाहरू र कलकत्ताबाट सिगरेट, तमाखु, सुनाचाँदीजडित हुक्का झिकाइयो । सेवकसेविकाहरू उनको सेवामा समर्पित भए ।

तर २००७ सालको परिवर्तनसँगै सरकारीस्तरबाट रेसुङ्गा पठाउने सबै धनदौलत बन्द गरियो र सँगसँगै स्वामीका सुखसुविधा र यज्ञयागादिको क्रम पनि रोकियो । स्वामी विरक्तिएर पागलजस्ता भए । उनले २०११ सालमा मट्टितेल खन्याएर आश्रममा आगो लगाए । भएका बहुमूल्य सामानहरू बेचेर सिध्याए ।

२०१६ सालमा राजा महेन्द्र देशदर्शनको क्रममा तम्घास गएका बेला राजालाई आश्रममा बोलाउने र आश्रमका लागि धनदौलत माग्ने सुरमा बसेका स्वामीले राजा नआउने र प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालामात्र आउने कुरा थाहा पाएपछि उनी सर्वाङ्ग नाङ्गो भई खरानी घसी बसे र अगाडिपट्टि लेखेर राखे – 'विश्वेश्वर ! तिमीले राजालाई आउन दिएनौ, तिमीले जीवनमा सफलता पाउने छैनौ ।'

उनी येनकेन २०२१ सालसम्म त्यहीँ बसे तर पछि पशुपति धर्मशालामा आई बस्न थाले ।

स्वामी यदुकानन्दले रेसुङ्गा छाडेको आठ/दश वर्षपछि खप्तडबाबाका शिष्य गौरीशंकर त्यहाँ गई आगलागीबाट ध्वस्त भएको आश्रम जिर्णोद्धार गरे । तर उनी वर्षदिन पनि बसेनन् ।

उनीपछि शशिधर स्वामीकै भाइका वंशज धनञ्जय मरासिनी २०३५ सालतिर त्यहाँ गई यज्ञशालामा घृतधाराको व्यवस्था गरे । उनी पनि तीन वर्षभन्दा बढी बसेनन् । अर्का परमानन्द ब्रह्मचारी गएर रेसुङ्गाको कायापलट गर्ने सङ्कल्प लिएका थिए तर स्थानीयवासीको असहयोगका कारण उनी पनि त्यहाँ बस्न नसकेर देवघाट गई करोडौँको आश्रम बनाई बस्न थाले ।

२०४२ सालमा योगी नरहरिनाथ रेसुङ्गा गई विश्वशान्ति कोटीहोम गरे । नियमित यज्ञ सञ्चालन, गोपालन र संस्कृत विद्यापीठको पनि परिचालन हुन थाल्यो । योगीजी द्वारा सञ्चालन गरिएको कोटीहोमको सिलसिलामा त्यहाँ

पुगेकी पूर्णकला ढकाल करीब एघार वर्ष बसिन् । त्यसपछि शशिधर स्वामीकै वंशज शालिकराम मरासिनी गएर यज्ञशालाको सञ्चालनलाई निरन्तरता दिए । त्यसपछि स्वामी तदर्थानन्दजी महाराजले शशिधर स्वामीद्वारा स्थापित परम्परालाई अगाडि बढाउनुभयो ।

पछिल्लो चरणमा गुल्मीको चारपालामा ताराबहादुर कार्कीको नामले जन्मेका आबाल ब्रह्मचारीले अन्न र उमालेको दूध पनि नखाई फलफूल र कन्दमूलको सेवनबाट जीवनयापन गर्दै आउनुभएको रहेछ । हामी तिनै स्वामीद्वारा प्रदत्त प्रसाद, विभूति ग्रहण गरेर बाहिरियौँ ।

त्यहाँ चिया बिस्कुटको व्यवस्था गरिएको रहेछ । चिया बेग्लै खालको स्वादिष्ट थियो । सुनेर अचम्म लाग्यो, त्यो त खस्रुको धुलोको चिया पो रहेछ !

चियापान पश्चात् हामी सरररर राधाकृष्णको मन्दिर घुम्यौँ र अवलोकन गर्‍यौँ धर्मशाला । साथीहरू हुटहुटी गर्न थाले – 'जाउँजाउँ, उकालो लागौँ ।'

'अब हामी कहाँ जाँदै छौँ ?'

'टावरमा । दशमिनट हिँड्नुपर्छ टावर पुग्न ।'

टावरबाट देखिने दृश्यले तानियौँ हामी ।

साहित्यकारहरूको उक्लिने र ओर्लिने क्रम देखियो ।

अघि लागेका साथीहरू फर्कँदै थिए ।

टावरको फेदमा पुग्दा बूँद राना थकित मुद्रामा बस्नुभएको थियो, अगाडि लौरो तेर्स्याएर ।

भन्नुभयो – 'चढ्नुस् तपाईंहरू, म त चढिसकेँ । बसेर खुट्टा मिच्दै छु । उकालो त चढियो, ओर्लने कसरी हो सोच्दै छु ।'

आहा ! टावरको टुप्पोबाट देखिएको दृश्य कति सुन्दर ! कति मनमोहक ! कति आह्लादकारी ! कति अनुपम ! कति अद्‌भुत ! कति चित्ताकर्षक !

हेरियो चारैतिर, टावरको वरिपरि पुक्क-पुक्क उठेका थुम्काहरू । नजिकै विष्णुपादुका (जहाँ शशिधर स्वामी र लक्ष्मीनारायण महाप्रभुको शवदहन गरेर

स्मृतिशिला बनाइएको छ) को अत्युच्च थुम्को । जुन थुम्को टावर ठडिएको भुइँभन्दा अग्लो छ र रेसुङ्गाको सबैभन्दा अग्लो भाग बन्नपुगेको छ । त्यसको उचाइ समुद्र सतहबाट २३४७ मिटर रहेछ ।

तम्घास बजार पूरै देखिन्न टावरबाट । दक्षिण-पश्चिमको बजारमात्र देखिन्छ स्पष्ट । धमिलो छ वातावरण । धेरै टाढाका डाँडाहरू देखिन्नन् । धेरै टाढाको दृश्य देखिन्न । मौसम सफा हुँदा चाँदीजस्तै टल्केको देखिने हिमाल पनि देखिन्न । मौसम सफा भयो भने र दुर्विन लगाएर हेर्ने हो भने तराईमात्र होइन, नौतनवाको रेल र गोरखपुर शहर पनि देखिन्छ भन्छन् भुक्तभोगीहरू । तर त्यो सौभाग्य मिल्दैन हामीलाई ।

बेञ्जु शर्मा दङ्ग हुनुहुन्छ – 'गुल्मी मेरो पहिलो आगमन । यो दृश्य मेरो लागि अपूर्व । आइफेल टावर चढेर हेर्दा पनि यति सुन्दर दृश्य देखिनँ मैले । यसको तुलनामा फिक्का लाग्यो मलाई त्यो आइफेल टावर ।'

आइफेल टावर त म चढ्न पाएको छैन, तर टोकियो टावर चढेको छु । बेञ्जु दिदीले भनेजस्तो प्रकृतिको यस्तो अनुपम चित्र कहाँ देख्न पाउनु आइफेल टावरबाट । खालि कंक्रिट वन । पेट्रोनास टावरले टोपी लगाउन बाँकि थियो म मलेसिया पुग्दा । त्यसैले चढ्न पाइनँ । तर पेनाङ टावर चढेर हेरेँ, त्यो कम सुन्दर थिएन । केही शहर थियो, बाँकि अपार सामुद्रिक जलराशि । हो मैले साङ्घाइको ओरियन्टल टावर पनि चढेँ र न्यूयोर्कको इम्पेरियल टावर पनि चढेँ । तर ती घनिभूत रूपमा उम्रिएका कंक्रिटका टुँसाहरूमात्र..... ।

मैले फोटो खिचेँ - चारैतिरबाट परिदृश्यहरूको ।

मैले फोटो खिचेँ - समूहमा, एकलमा, साथीहरूसँग ।

मैले आफ्नो भिजिटिङ कार्ड बाँडेँ साथीहरूलाई र भनेँ – 'इच्छुक साथीहरूले लेख्नुस् यात्रावर्णन र पठाउनुस् दायित्वमा ।'

**अध्यक्ष**
**दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल**

ooo

लेख

# समुन्नत रेसुङ्गा निर्माणतर्फ उपलब्धिमूलक यात्रा



✍ **खिलध्वज पन्थी**

## पृष्ठभूमि

संघीय शासन व्यवस्थाले स्थानीय सरकारलाई नागरिकको सबैभन्दा नजिकको सरकारका रूपमा स्थापित गरेको छ । स्थानीय आवश्यकता, जनअपेक्षा र विकासका प्राथमिकतालाई केन्द्रमा राखेर सञ्चालन गरिने योजना तथा कार्यक्रमले नै समुन्नत स्थानीय समाज निर्माणको आधार तय गर्दछ । यही सोचलाई आत्मसात् गर्दै रेसुङ्गा नगरपालिकाले संघ, प्रदेश र स्थानीय सरकारबीचको प्रभावकारी समन्वय र सहकार्यमार्फत स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, पूर्वाधार, सामाजिक विकास, वातावरण संरक्षण, सुशासन तथा सेवा प्रवाहका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ ।

## स्वास्थ्य तथा जनसंख्यातर्फ

स्वास्थ्य–क्षेत्रलाई नगरपालिकाले पहिलो प्राथमिकतामा राखेको छ । गुल्मी अस्पतालमा जिल्लामै पहिलो पटक सुरु गरिएको मिर्गौला डायलाइसिस सेवा विस्तार सँगै जिल्लाबाहिर उपचारका लागि जानुपर्ने बाध्यता धेरै हदसम्म अन्त्य गरेको छ । विशेषज्ञ चिकित्सक सेवा, निःशुल्क मोतीबिन्दु शल्यक्रिया, ग्रामीण अल्ट्रासाउन्ड, अक्सिजन कन्सन्ट्रेटर वितरण, मातृ तथा शिशु स्वास्थ्य सेवा, मानसिक स्वास्थ्य परामर्श, क्यान्सर तथा मिर्गौला रोगीलाई उपचार सहयोग, विद्यालय स्वास्थ्य कार्यक्रम र डिजिटल स्वास्थ्य सूचना प्रणाली (eHMIS) को प्रभावकारी कार्यान्वयनले स्वास्थ्य सेवालाई अझ गुणस्तरीय र पहुँचयोग्य बनाएको छ । ५० शय्याको गुल्मी अस्पतालको नयाँ भवनको निर्माण कार्य पूरा भएपछि अस्पतालको स्वीकृत क्षमताअनुसार सबै विशेषज्ञ सेवा सञ्चालन गर्न पहल गरिनेछ । निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

## पूर्वाधार विकासतर्फ

पूर्वाधार विकासका क्षेत्रमा नगरपालिकाले उल्लेखनीय फड्को मारेको छ । विभिन्न वडामा हामी निर्वाचित भैसकेपछि करिब ७६.५० कि.मी. सडक पक्की गरिएको छ त्यसैगरी विभिन्न सडक स्तरोन्नति, पुल निर्माण, विद्युत् विस्तार, खानेपानी आयोजना, विद्यालय तथा स्वास्थ्य संस्थाका भवन निर्माण, सभाहल निर्माण, बजार क्षेत्रको व्यवस्थापन र स्मार्ट सडक बत्ती जडानजस्ता कार्यक्रमले नगरको भौतिक विकासलाई नयाँ गति दिएको छ । दीर्घकालीन महत्त्वका सडक आयोजनाका लागि बहुवर्षीय बजेट सुनिश्चित हुनुले आगामी विकास यात्राको बलियो आधार बनेको छ ।

## कृषि तथा पशुपालनतर्फ

कृषि तथा पशुपालन-क्षेत्रमा व्यावसायिक कृषि प्रवर्धन, सुन्तला पकेट कार्यक्रम, आलु उत्पादन, रैथाने बाली संरक्षण, सिँचाइ पूर्वाधार निर्माण तथा विस्तार, कृषि यान्त्रिकीकरण, पशु स्वास्थ्य शिविर, कृत्रिम गर्भाधान, निःशुल्क खोप तथा औषधि वितरणले कृषकको उत्पादन, उत्पादकत्व र आम्दानी वृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । स्थानीय उत्पादनलाई बजारसँग जोड्ने र कृषिलाई सम्मानजनक पेशाका रूपमा विकास गर्ने अभियान निरन्तर अघि बढिरहेको छ ।

## शैक्षिक विकासतर्फ

शिक्षा-क्षेत्रमा स्थानीय पाठ्यक्रम कार्यान्वयन, स्मार्ट विद्यालय कार्यक्रम, शिक्षक क्षमता अभिवृद्धि, विज्ञान तथा STEM प्रतियोगिता, निःशुल्क स्नातक भर्ना, विद्यार्थी सम्मान तथा अतिरिक्त क्रियाकलापले गुणस्तरीय शिक्षाको वातावरण निर्माण गरेको छ । विद्यार्थीको उत्कृष्ट नतिजा, आधुनिक शिक्षण पद्धति र प्रविधिमैत्री विद्यालय निर्माणतर्फ भएका प्रयासले नगरको शैक्षिक स्तरलाई थप उकासेको छ ।

## सामाजिक विकासतर्फ

सामाजिक विकासतर्फ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायलाई केन्द्रमा राखी सामाजिक सुरक्षा, सशक्तीकरण, सचेतना, मानसिक स्वास्थ्य, बालविवाह न्यूनीकरण, लागुपदार्थ दुरुपयोग नियन्त्रण तथा संस्कृतिको संरक्षण र प्रवर्धनका कार्यक्रम प्रभावकारी रूपमा

सञ्चालन गरिएका छन् । सुरक्षित वैदेशिक रोजगारी, उद्यमशीलता विकास र स्वरोजगार प्रवर्धनका कार्यक्रमले युवामा नयाँ सम्भावना सिर्जना गरेका छन् ।

## वातावरण तथा विपद् व्यवस्थापन तर्फ

वातावरण संरक्षण र विपद् व्यवस्थापनका क्षेत्रमा हरियाली प्रवर्धन, फूल रोपण अभियान, सुरक्षित आवास निर्माण, विपद् प्रभावित नागरिकलाई राहत तथा पुनःस्थापनालगायतका कार्यक्रम सञ्चालन गरिएका छन् । यसले दिगो विकास र वातावरणमैत्री नगर निर्माणको आधार थप मजबुत बनाएको छ ।

## खानेपानी तथा सरसफाइ

झण्डै ३२ करोडको लागतमा सम्पन्न हुने रेसुङ्गा नगरपालिकाको गौरवको आयोजना मझेङ्ग लिफ्टिङ्ग खानेपानी आयोजनाको लामो समयको प्रतीक्षापछि निरन्तरको पहल, मन्त्रालय तथा सम्बन्धित निकायसँग पटक-पटक गरिएको छलफल, ताकेता र दबाब तथा निर्माण समितिको तदारूकता र सक्रियतापछि उक्त आयोजनाको कार्य सम्पन्न भएको छ । उक्त कार्य सम्पन्न भएपछि झन्डै ८००० घरधुरीलाई स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्ने उद्देश्य पूरा भएको छ ।

तम्घास-नेटा खानेपानी, खुटीखोला खानेपानी योजना पराल्मी स्तरोन्नति कार्य सम्पन्न गरिएको छ भने कुटी-भुवनपानी बृहत् खानेपानी आयोजनाको निर्माण कार्य हाल अन्तिम चरणमा पुगेको छ । आयोजना सम्पन्न भएसँगै कुटी तथा भुवनपानी क्षेत्रका स्थानीयवासीले दिगो, सुरक्षित र पर्याप्त खानेपानीको सुविधा प्राप्त गर्ने अपेक्षा गरिएको छ ।

## पर्यटन विकासतर्फ

पर्यटन-क्षेत्र रेसुङ्गाको प्रमुख सम्भावना हो । धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्धन गर्दै "जाऔँ हिंड रेसुङ्गा" अभियानलाई थप प्रभावकारी बनाइएको छ । गर्जुरा क्षेत्रमा जिपलाइन तथा साहसिक पर्यटन विकासको प्रक्रिया अघि बढ्नु, रेसुङ्गाक्षेत्रको सौन्दर्यीकरण, सरसफाइ अभियान, सूचना केन्द्र सञ्चालन, मठमन्दिर तथा पर्यटकीय पूर्वाधार निर्माण, सार्वजनिक कला (मुराल) र हरियाली प्रवर्धनका कार्यक्रमले रेसुङ्गालाई राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा स्थापित गर्ने आधार बलियो बनाएको छ ।

गुल्मी जिल्लाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको

अनुपम केन्द्रका रूपमा परिचित रेसुङ्गाक्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा स्थापित गर्ने दीर्घकालीन उद्देश्यसहित रेसुङ्गा नगरपालिकाले "जाऊँ हिंड रेसुङ्गा अभियान" सञ्चालन गर्दै आएको छ ।

प्राचीन ऋषिमुनिहरूको तपोभूमि, धार्मिक आस्थाको केन्द्र, जैविक विविधताको भण्डार तथा प्राकृतिक सौन्दर्यले भरिपूर्ण रेसुङ्गाक्षेत्रको संरक्षण, प्रवर्धन तथा दिगो व्यवस्थापनमार्फत स्थानीय आर्थिक विकास, रोजगारी सिर्जना तथा पर्यटन उद्योगको विस्तार गर्ने लक्ष्य अभियानले लिएको छ । अभियानले केवल पर्यटन प्रवर्धन मात्र नभई वातावरण संरक्षण, सामुदायिक सहभागिता, सांस्कृतिक पहिचानको संरक्षण तथा स्थानीय गौरव अभिवृद्धिमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ ।

## २. अभियानको परिकल्पना

"जाऊँ हिंड रेसुङ्गा अभियान" को अवधारणा रेसुङ्गा नगरपालिकाको दूरदर्शी सोच तथा रेसुङ्गालाई राष्ट्रिय पर्यटन मानचित्रमा स्थापित गर्ने प्रतिबद्धताबाट प्रारम्भ भएको हो ।

रेसुङ्गाको धार्मिक महत्त्व, ऐतिहासिक गौरव, जैविक विविधता तथा प्राकृतिक सम्पदालाई भावी पुस्तासम्म संरक्षण गर्दै पर्यटनमार्फत स्थानीय समृद्धि हासिल गर्ने नगरप्रमुखको सपनालाई मूर्त रूप दिन अभियान सञ्चालन गरिएको हो । अभियान आज रेसुङ्गा नगरपालिकाको पहिचान, गौरव तथा विकास अभियानको प्रमुख आधार बनेको छ ।

## ३. अभियानका उद्देश्य

- रेसुङ्गाक्षेत्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पर्यटन प्रवर्धन गर्ने ।
- धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण गर्ने ।
- रेसुङ्गा जाने सडक तथा पदमार्गलाई स्वच्छ, सुरक्षित र आकर्षक बनाउने ।
- स्थानीय समुदाय, संघसंस्था तथा निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्ने ।
- वातावरणीय संरक्षण तथा हरियाली प्रवर्धन गर्ने ।
- पर्यटनमार्फत स्थानीय आर्थिक गतिविधि विस्तार गर्ने ।
- रेसुङ्गालाई दीर्घकालीन रूपमा दिगो पर्यटन गन्तव्यका रूपमा विकास

गर्ने ।

- रेसुङ्गालाई आध्यात्मिक केन्द्रको रूपमा विकास गर्ने ।

## ४. राष्ट्रियस्तरमा रेसुङ्गाको प्रवर्धन

रेसुङ्गाक्षेत्रको महत्त्व राष्ट्रियस्तरमा स्थापित गर्न तथा व्यापक प्रचारप्रसार गर्ने उद्देश्यले २०८१ वैशाख २० गते काठमाडौंमा ऐतिहासिक पर्यटन प्रवर्धन कार्यक्रम सम्पन्न गरिएको थियो ।

उक्त कार्यक्रममा तत्कालीन सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालज्यूको समुपस्थिति रहेको थियो भने नेपाल सरकारका माननीय मन्त्रीहरू, गुल्मी जिल्लाबाट प्रतिनिधित्व गर्ने माननीय सांसदहरू, विशिष्ट व्यक्तित्वहरू, नेपाल सरकारका वहालवाला तथा पूर्व उच्चपदस्थ अधिकारीहरू, राष्ट्रियस्तरका सञ्चारकर्मीहरू, निजी क्षेत्रका प्रतिनिधिहरू तथा विभिन्न क्षेत्रका सरोकारवालासहित करिब १,५०० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममार्फत रेसुङ्गाको धार्मिक, ऐतिहासिक, सांस्कृतिक,पौराणिक तथा पर्यटकीय महत्त्व राष्ट्रियस्तरमा उजागर भई रेसुङ्गालाई पर्यटन गन्तव्यको रूपमा स्थापित गर्न महत्त्वपूर्ण आधार तयार भएको छ ।

## ५. रेसुङ्गा भ्रमण वर्ष २०८१ को उपलब्धि

रेसुङ्गा भ्रमण वर्ष–२०८१ उल्लेखनीय रूपमा सफल भएको छ ।

हालसम्म करिब २ लाख ५० हजारभन्दा बढी पर्यटकले रेसुङ्गाक्षेत्रको भ्रमण गरेका छन् । आन्तरिक पर्यटन प्रवर्धनमा प्राप्त यस उपलब्धिले रेसुङ्गालाई लुम्बिनी प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न महत्त्वपूर्ण योगदान पुर्‍याएको छ ।

देशका विभिन्न जिल्लाबाट सामूहिक, संस्थागत तथा पारिवारिक भ्रमणहरू निरन्तर रूपमा भइरहेका छन् । पर्यटक आगमनमा भएको वृद्धि सँगसँगै स्थानीय होटल, रेष्टुरेन्ट, यातायात, व्यापार तथा सेवाक्षेत्रको आर्थिक गतिविधिमा उल्लेखनीय वृद्धि भएको छ ।

## ६. हालसम्म सम्पन्न प्रमुख कार्यहरू

**(क) सडक क्षेत्र वर्गीकरण तथा संरक्षण जिम्मेवारी व्यवस्थापन**

रेसुङ्गा जाने सडक खण्डलाई विभिन्न क्षेत्रहरूमा विभाजन गरी संरक्षण तथा सरसफाइ कार्यलाई संस्थागत बनाइएको छ ।

- ३७ वटा संघसंस्था, शैक्षिक संस्था, व्यावसायिक संगठन तथा सामाजिक निकायलाई संरक्षण तथा सरसफाइको जिम्मेवारी प्रदान गरिएको छ ।
- प्रत्येक संस्थाको कार्यक्षेत्र स्पष्ट रूपमा निर्धारण गरिएको छ ।
- संस्थागत उत्तरदायित्व अभिवृद्धि गर्न सम्बन्धित संस्थाको नामसहित जिम्मेवारी क्षेत्र उल्लेख गरिएका होडिङ्ग बोर्ड स्थापना गरिएको छ ।
- नियमित सरसफाइ तथा संरक्षण कार्यलाई दिगो र सहभागितामूलक बनाइएको छ ।

**(ख) सूचना तथा पहिचान बोर्ड स्थापना**

- अभियानको उद्देश्य, संरक्षण सन्देश तथा सरसफाइसम्बन्धी जनचेतनामूलक सामग्री समावेश गरिएका होडिङ्ग बोर्ड स्थापना गरिएको छ ।
- पर्यटक तथा आगन्तुकलाई आवश्यक सूचना उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।
- संस्थागत सहभागिता र पहिचानलाई दृश्यरूपमा प्रस्तुत गरिएको छ ।
- लुम्बिनी प्रदेशलगायत देशका प्रमुख शहरहरूमा **जाऊँ हिंड रेसुङ्गा** अङ्कित लोगोसहितको पर्यटन सूचना बोर्ड स्थापना गरी थप प्रचार–प्रसार गरिएको छ ।

**(ग) सडक सौन्दर्यीकरण तथा वाल पेन्टिङ**

- सडक किनारका संरचनाहरूमा व्यापक वाल पेन्टिङ सम्पन्न गरिएको छ ।
- सार्वजनिक संरचनाहरूलाई आकर्षक, व्यवस्थित तथा पर्यटनमैत्री बनाइएको छ ।
- सडक खण्डको समग्र दृश्य सौन्दर्यमा उल्लेखनीय सुधार आएको छ ।

### (घ) मुराल आर्ट (चित्रकला) निर्माण

- सडक खण्डका १५ स्थानमा आकर्षक चित्रकला निर्माण गरिएको छ ।
- चित्रकलामा रेसुङ्गाको धार्मिक महत्त्व, जैविक विविधता, संस्कृति, पर्यटन तथा सामाजिक सन्देश समेटिएको छ ।
- फोटो तथा अवलोकनका लागि आकर्षक गन्तव्यहरू निर्धारण गरिएका छन् ।
- स्थानीय कलाकारको सिर्जनशीलता तथा कला प्रवर्धनमा योगदान पुगेको छ ।

### (ङ) हरियाली तथा पुष्परोपण कार्यक्रम

रेसुङ्गालाई "फूलैफूलको शहर" को रूपमा विकास गर्ने उद्देश्यले सडक किनार तथा विभिन्न सार्वजनिक स्थलहरूमा व्यापक वृक्षरोपण तथा पुष्परोपण कार्यक्रम सञ्चालन गरिएको छ ।

- हालसम्म करिब २,००० वटा बेगमबेली फूलका बिरूवा रोपण गरिएको छ ।
- आगामी वर्षहरूमा थप फूलजन्य तथा सौन्दर्य अभिवृद्धि गर्ने वनस्पति विस्तार गर्ने योजना रहेको छ ।
- हरियाली संरक्षण तथा वातावरणीय सन्तुलनमा सकारात्मक योगदान पुगेको छ ।

### ७. पर्यटन गतिविधि विस्तारका उपलब्धिहरू

रेसुङ्गाको बढ्दो लोकप्रियतासँगै विभिन्न राष्ट्रियस्तरका कार्यक्रमहरू रेसुङ्गामा आयोजना हुन थालेका छन् ।

- देशकै प्रतिष्ठित लायन्स क्लबको क्याबिनेट बैठक रेसुङ्गामा सम्पन्न भएको छ ।
- नेपाल औषधि व्यवसायी संघ, गुल्मीको अधिवेशन रेसुङ्गामा सम्पन्न भएको छ ।
- विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका भ्रमण तथा अवलोकन कार्यक्रमहरू नियमित रूपमा सञ्चालन भएका छन् ।

- सामूहिक तथा संस्थागत पर्यटन गतिविधिमा उल्लेखनीय वृद्धि भएको छ ।
- लगानीका सम्भाव्य क्षेत्र पहिचानसम्बन्धी बृहत् अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।
- यसले रेसुङ्गाको राष्ट्रिय पहिचान विस्तार हुनुका साथै स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

## ८. पूर्वाधार विकास तथा लगानी

पर्यटक आगमन बढेसँगै थप पूर्वाधार विकासको आवश्यकता महसुस भएको छ ।

रेसुङ्गाक्षेत्रलाई आधुनिक तथा आकर्षक पर्यटन गन्तव्यका रूपमा विकास गर्न विभिन्न पर्यटन पूर्वाधार निर्माणका लागि करिब रू. ४ करोड ५० लाख बराबरको बजेट सुनिश्चित भई विभिन्न संरचनाहरू निर्माणाधीन अवस्थामा रहेका छन् ।

यसबाट भविष्यमा थप पर्यटक आकर्षित हुने तथा पर्यटनक्षेत्रको दिगो विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## ९. नवप्रवर्तन तथा साहसिक पर्यटन विकास

रेसुङ्गामा परम्परागत धार्मिक पर्यटनसँगै साहसिक पर्यटनलाई पनि जोड दिँदै नयाँ पर्यटन आयाम थप्ने कार्य अघि बढाइएको छ ।

- जिपलाइन निर्माणको प्रक्रिया अगाडि बढाइएको छ ।
- स्काइ–साइक्लिङ निर्माण योजनाको तयारी गरिएको छ ।
- साहसिक पर्यटनमार्फत युवा पुस्तालाई आकर्षित गर्ने लक्ष्य राखिएको छ ।
- पर्यटनको अवधि तथा खर्च बढाई स्थानीय आयआर्जनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

## १०. प्रमुख उपलब्धिहरू

- रेसुङ्गाको राष्ट्रिय पहिचान तथा ब्रान्डिङमा उल्लेखनीय सफलता ।
- २ लाख ५० हजारभन्दा बढी पर्यटक भित्र्याउन सफलता ।
- ३७ संस्थाको सहभागितामार्फत संरक्षण तथा सरसफाइ कार्य संस्थागत ।
- १५ स्थानमा आकर्षक मुरल आर्ट निर्माण ।
- सडक सौन्दर्यीकरण तथा वातावरणीय सुधार ।
- २,००० बेगमबेली फूलका बिरूवा रोपण ।
- राष्ट्रियस्तरका महत्त्वपूर्ण कार्यक्रमहरूको आयोजना ।
- स्थानीय आर्थिक गतिविधिमा वृद्धि ।
- पर्यटन पूर्वाधार विस्तारका लागि बजेट सुनिश्चित ।
- साहसिक पर्यटन विकासको आधार तयार ।

"जाऊँ हिंड रेसुङ्गा अभियान" रेसुङ्गा नगरपालिकाको एक दूरदर्शी, परिणाममुखी तथा उदाहरणीय अभियानका रूपमा स्थापित भएको छ । राष्ट्रियस्तरको प्रचारप्रसार, पर्यटक आगमनमा उल्लेखनीय वृद्धि, सडक संरक्षण तथा सौन्दर्यीकरण, सामुदायिक सहभागिता, हरियाली प्रवर्धन, पर्यटन पूर्वाधार निर्माण तथा नवप्रवर्तनात्मक पर्यटन गतिविधिहरूको विकासमार्फत रेसुङ्गाक्षेत्रले नयाँ पहिचान प्राप्त गरेको छ ।

रेसुङ्गा नगरपालिकाले आगामी दिनमा समेत यस अभियानलाई अझ व्यापक, व्यवस्थित र प्रभावकारी बनाउँदै रेसुङ्गालाई नेपालको उत्कृष्ट धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा साहसिक पर्यटन गन्तव्यका रूपमा विकास गर्ने दृढ संकल्प लिएको छ ।

**संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन**

सुशासन र सेवा प्रवाहका क्षेत्रमा रेसुङ्गा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको संस्थागत सुशासन मूल्याङ्कनमा देशभरका स्थानीय तहमध्ये दशौँ तथा लुम्बिनी प्रदेशमा प्रथम स्थान हासिल गर्नु अत्यन्त गौरवको विषय हो । पारदर्शिता, उत्तरदायित्व, वित्तीय अनुशासन, नागरिकमैत्री सेवा, घुम्ती शिविर, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिकसँग प्रत्यक्ष संवादले स्थानीय सरकारप्रतिको नागरिक विश्वास अझ सुदृढ भएको छ ।

## निष्कर्ष

समग्रमा रेसुङ्गा नगरपालिकाका लागि यी उपलब्धिहरू केवल भौतिक संरचनाको निर्माण मात्र होइनन्; नागरिकको जीवनस्तर सुधार, गुणस्तरीय सेवा, सामाजिक न्याय, आर्थिक समृद्धि र दिगो विकासतर्फको सशक्त यात्राका आधार पनि हुन् । आगामी दिनमा पनि संघ, प्रदेश, स्थानीय सरकार, निजी क्षेत्र, नागरिक समाज तथा सम्पूर्ण नगरवासीको सहकार्य र सहभागितासँगै "समुन्नत रेसुङ्गा हाम्रो सान, उत्कृष्ट नगर सबैको पहिचान" को लक्ष्यलाई अझ दृढतापूर्वक अघि बढाउँदै नगरलाई विकास, सुशासन र समृद्धिको नमुना स्थानीय सरकारका रूपमा स्थापित गर्ने दृढ संकल्पका साथ रेसुङ्गा नगरपालिका निरन्तर अग्रसर रहिरहनेछ ।

नगरप्रमुख

रेसुङ्गा नगरपालिका, तम्घास, गुल्मी ।

ooo

NABIL BANK®
SCAN & PAY
KIRAN PUSTAKALAYA
Lumbini Province,Gulmi
0401OAHGLNE Terminal1
Store1
We Accept
NEPALPAY
Integrating NepalQR
For Support
Email: customercare@nabilbank.com Contact: +977-1-5970015
Branch Name: Tamghas

लेख

# सर्वोच्चको ऐतिहासिक फैसला : व्यापारमाथि आस्थाको जीत



✍ देवीराम भण्डारी

## (१) रेसुङ्गाक्षेत्रको परिचय र महत्त्व

गुल्मी जिल्लाको सदरमुकाम तम्घासको शिरमा रेसुङ्गा मुकुटझैँ सजिएको छ । यो केवल एउटा भौगोलिक उचाइ मात्र होइन, बरु गुल्मी जिल्लाको पहिचान पनि हो । समुद्र सतहबाट करिब २,३४७ मिटरको उचाइमा अवस्थित रेसुङ्गा मुख्य गरी रेसुङ्गा नगरपालिका, मुसिकोट नगरपालिका, गुल्मी दरबार गाउँपालिका र इस्मा गाउँपालिकाको संगमस्थलको रूपमा फैलिएको छ ।

यहाँको हावापानी सधैँ शीतल र ताजा रहने भएकाले यसलाई गुल्मीको "प्राकृतिक छटा" पनि भनिन्छ । हिउँदमा हिउँको सेतो पछ्यौरी ओढ्ने र वर्षामा हरियो वनस्पतिले ढाकिने रेसुङ्गाबाट उत्तरतर्फ धौलागिरि, अन्नपूर्ण जस्ता हिमशृङ्खलाहरूको मनोरम दृश्य देख्न सकिन्छ ।

## (२) पौराणिक र आध्यात्मिक पृष्ठभूमि

रेसुङ्गाको इतिहास मानवसभ्यता जत्तिकै पुरानो छ । धार्मिक ग्रन्थहरू र जनश्रुतिअनुसार यस क्षेत्रको महत्त्व अतुलनीय छ :

**(क) ऋष्यशृङ्गको तपोभूमि** : त्रेतायुगमा प्रसिद्ध ऋष्यशृङ्गले यहाँ कठोर तपस्या गरेका थिए । 'रेसुङ्गा' शब्दको उत्पत्ति पनि ऋष्यशृङ्गकै नामबाट (ऋष्यशृङ्ग → रेसुङ्गा) भएको मानिन्छ ।

**(ख) स्वामी शशिधरको कर्मथलो** : स्वामी शशिधरले यस स्थानलाई आफ्नो

साधना केन्द्र बनाएपछि यहाँको आधुनिक आध्यात्मिक इतिहास प्रारम्भ भयो । उनले यहाँ धर्म-शाला, कुटी र मन्दिरहरूको निर्माण गराए ।

**(ग) सिद्धभूमि** : यसलाई 'सिद्धभूमि' मानिन्छ, जहाँ आज पनि साधकहरू ध्यान र आत्मिक शान्तिका लागि पुग्ने गर्छन् ।

**(३) प्रमुख धार्मिक तथा पुरातात्त्विक सम्पदाहरू**

**(क) महापोखरी** : यहाँ स्नान गर्दा मोक्ष प्राप्त हुने जनविश्वास छ । साउन महिना र कात्तिके एकादशीमा यहाँ ठूलो मेला लाग्छ ।

**(ख) विष्णुपादुका** : भगवान् विष्णुको पाइला रहेको विश्वास गरिने अत्यन्तै पवित्र स्थान ।

**(ग) स्वामी शशिधरको कुटी र यज्ञशाला** : मध्यकालीन र आधुनिक धार्मिक इतिहास जोड्ने महत्त्वपूर्ण संरचनाहरू ।

**(४) वातावरणीय महत्त्व र संरक्षित वन**

रेसुङ्गाको जैविक विविधता लोभलाग्दो छ । यहाँ सल्ला, लालीगुराँस र बहुमूल्य जडीबुटीहरू पाइन्छन् ।

**(क) संरक्षित वन** : नेपाल सरकारले २०७४ फागुन २८ गते यसलाई 'रेसुङ्गा संरक्षित वन' घोषणा गरेको थियो ।

**(ख) कानुनी सुरक्षा** : वन ऐन २०७६ अनुसार यहाँको प्राकृतिक सम्पदा बिगार्ने गतिविधि निषेध गरिएको छ ।

**(५) न्यायिक परीक्षण** :

यो विवाद तब सुरू भयो जब राज्यले बनाएको संरचनामा निजी स्वार्थको छाया पऱ्यो । वि.सं. २०७२ मा १० करोडको लागतमा भक्तजनका लागि धर्मशाला बनाउने कार्य प्रारम्भ भयो । तर, निर्माण सम्पन्न हुन लाग्दा रेसुङ्गा नगरपालिकाले होटल पौवा प्रा.लि. सँग ३० रोपनी जग्गा र भवन २५ वर्षका लागि रिसोर्ट चलाउन दिने गरी २०७६/०७/०१ मा सम्झौता गऱ्यो ।

यस सम्झौता विरूद्ध अधिवक्ता देवीप्रसाद रिजाल, विष्णुप्रसाद अर्याल र अजित भण्डारीले सर्वोच्च अदालतमा रिट दायर गर्नुभयो ।

### ६. निकायहरूको अडान (Summary of Response)

| निकाय | मुख्य अडान / लिखित जवाफ |
|---|---|
| पुरातत्त्व विभाग | धर्मशाला बनाउन मात्र सहमति दिएको, रिसोर्ट सञ्चालनमा संलग्नता नरहेको । |
| डिभिजन वन कार्यालय | संरक्षित वनमा होटल चलाउनु गैरकानूनी र दण्डनीय रहेको । |
| रेसुङ्गा नगरपालिका | पर्यटन विकासका लागि होटलसँग सम्झौता गरिएको, यसले विकासमा टेवा पुग्ने । |
| रेसुङ्गा संरक्षण समिति | धर्मशाला भक्तजनका लागि हो, व्यापारिक प्रयोजनमा भाडामा दिएकोमा असहमति । |

अन्य निकायहरूबाट समेत आफ्नो प्रतिरक्षाको लागि लिखित जवाफ पेश भएको देखिन्छ ।

अदालतले उठाएका तीन मुख्य प्रश्नहरू :

यसमा रिट निवेदन, लिखित जबाफहरू तथा मिसिल संलग्न कागजातहरू र पक्ष, विपक्षका विद्वान् कानून व्यवसायीहरूको बहस सुनी विचार गर्दा निम्न लिखित प्रश्नहरूको विवेचना गरी निष्कर्षमा पुग्नु पर्ने देखिन्छ :

(क) नेपालको संविधान तथा कानूनले धार्मिक तथा सांस्कृतिक स्थलहरूको संरक्षणको व्यवस्था गरेको छ वा छैन ?

(ख) रेसुङ्गा नगरपालिका र होटल पौवा प्रा.लि. बीच मिति २०७६ । ०७ । ०१ मा रेसुङ्गाक्षेत्रमा रिसोर्ट निर्माण गर्ने गरी भएको सम्झौता कानूनसम्मत छ,छैन ?

(ग) निवेदन मागबमोजिमको आदेश जारी गर्नु पर्ने हो वा होइन ?

स्थानीय तहको सरकार सञ्चालनको लागि नै व्यवस्थापिका संसद्द्वारा निर्माण

गरी जारी गरिएको संघीय कानून स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७(१)(ङ) ले राष्ट्रिय वन स्थानीय सरकारको क्षेत्राधिकारभित्र नपरेको स्पष्ट किटान गरेको, वन ऐन, २०७६ को दफा (२) को खण्ड (त) ले धार्मिक वन तथा वन संरक्षण क्षेत्रसमेतलाई 'राष्ट्रिय वन' को रूपमा परिभाषित गरेको तथा उक्त रेसुङ्गाक्षेत्रमा अवस्थित धार्मिक वनलाई नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी उक्त क्षेत्रलाई रेसुङ्गा संरक्षित वन घोषणा गरिसकेको तथा सार्वजनिक तथा सामुदायिक सम्पत्ति कसैलाई बिक्री वितरण वा हक हस्तान्तरण वा लिजमा दिन नपाइने प्रष्ट कानूनी व्यवस्था रहेको अवस्थामा उक्त राष्ट्रिय वन स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने देखिन आएन । नेपालको संविधानको भाग ४ मा भएको राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व, धारा ५६ र धारा ५७ तथा अनुसूची ५, ८ र ९ मा भएको अधिकारको सूची, उक्त रेसुङ्गाक्षेत्रलाई 'रेसुङ्गा संरक्षित वन' घोषणा गरी मिति २०७४ । ११ । २८ मा नेपाल राजपत्रमा प्रकाशित भएको सूचना, वन ऐन, २०७६ मा भएको कानूनी व्यवस्था, प्राचीन स्मारक संरक्षण ऐन, २०१३ मा भएको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतमा भएका कानूनी व्यवस्थासमेतलाई हेर्दा रेसुङ्गा नगरपालिका र होटल पौवा प्रा.लि. बीच मिति २०७६ । ०७ । ०१ मा रेसुङ्गाक्षेत्रमा रिसोर्ट निर्माण गर्ने गरी भएको सम्झौता नेपालको संविधान तथा सोसँग सम्बन्धित कानूनहरूमा भएको व्यवस्था बमोजिमको देखिन आएन ।

## (७) सर्वोच्च अदालतको फैसला र यसको मर्म

अतः माथि विवेचित आधार एवं कारणबाट नेपालको संविधानको प्रस्तावनामा भएको बहु जाति, भाषा, धर्म–संस्कृतिप्रति सामाजिक, सांस्कृतिक, ऐक्यबद्धता, सहिष्णुता, सद्भावलाई संरक्षण र प्रवर्धन गर्ने भन्ने व्यवस्था, धारा ४ को स्पष्टीकरण खण्डमा रहेको धर्मनिरपेक्षसम्बन्धी भएको व्याख्या, धारा २६ मा मौलिक हकको रूपमा रहेको धार्मिक स्वतन्त्रतासम्बन्धी हकमा भएको व्यवस्था, धारा ३२ मा मौलिक हककै रूपमा रहेको भाषा तथा संस्कृतिको हकसम्बन्धी व्यवस्था, भाग ४ मा रहेको सामाजिक सांस्कृतिक सम्बन्धी नीति, धारा ५६ र धारा ५७ तथा अनुसूची ५, ८ र ९ मा भएको अधिकारको सूची, उक्त रेसुङ्गाक्षेत्रलाई 'रेसुङ्गा संरक्षित वन' घोषणा गरी मिति २०७४ । ११ । २८ मा नेपाल राजपत्रमा प्रकाशित भएको सूचना, वन ऐन, २०७६ मा भएको कानूनी व्यवस्था, प्राचीन स्मारक संरक्षण ऐन, २०१३ मा भएको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतमा भएका कानूनी व्यवस्थासमेतलाई हेर्दा रेसुङ्गा नगरपालिका र होटल पौवा प्रा.लि. बीच मिति २०७६ । ०७ । ०१ मा रेसुङ्गाक्षेत्रमा रहेको धर्मशालाको संरचना संशोधन गरी अन्तर्राष्ट्रिय स्तरको रिसोर्ट निर्माण गर्ने गरी भएको सम्झौता र सो सम्झौताबमोजिम भए गरेका

काम कारवाहीहरू गैरकानूनी भएकोले उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब आवश्यकता परेको खण्डमा उक्त क्षेत्रमा रहेको रेसुङ्गा संरक्षित वन, महापोखरी तथा सो क्षेत्रको वातावरणीय तथा पर्यावरणीय महत्त्व नखल्बलिने तथा धार्मिक सामाजिक तथा पुरातात्त्विक महत्त्वमा असर नपर्ने गरी कानून बमोजिम क्षेत्राधिकार रहेका निकायको अनुमति जे जो लिनु पर्ने हो लिई परम्परागत नेपाली शैलीको गैह्र व्यावसायिक तथा गैह्र नाफामूलक धर्मशाला निर्माण गर्नू गराउनू भनी विपक्षीहरूको नाममा परमादेशसमेत जारी हुने ठहर्छ ।

सर्वोच्च अदालत (रिट नं. ०८०-WO-१०७०) ले सम्झौता बदर गर्दै रेसुङ्गाको मौलिक पहिचान कायम राख्ने फैसला सुनायो । फैसलाका मूल मर्महरू :

(क) आस्था कि व्यापार : तपोभूमिमा 'व्यापार' भन्दा 'आस्था' माथि हुनुपर्छ । रिसोर्टले धार्मिक पवित्रता नष्ट गर्छ ।

(ख) सार्वजनिक सम्पत्तिको रक्षा : सरकारी बजेटबाट बनेको धर्मशाला निजी कम्पनीको नाफाका लागि प्रयोग हुनु कानुन विपरीत छ ।

(ग) कानुनी प्रक्रिया : संरक्षित वनमा व्यावसायिक कार्य गर्न मन्त्रिपरिषद्को स्वीकृति र EIA अनिवार्य छ, जुन मिचिएको थियो ।

(घ) दिगो विकास : विकासको नाममा पुर्खाको विरासत बेच्न पाइँदैन ।

## (८) कार्यान्वयनमा ढिलाइका कारणहरू

सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८२-०८-१४ को पत्रानुसार श्री नगर प्रमुख, रेसुङ्गा नगर कार्यपालिका, तम्घास, गुल्मी, श्री रेसुङ्गा नगर कार्यपालिकाको कार्यलय तम्घास, गुल्मी श्री जिल्ला समन्वय समिति तम्घास, गुल्मी, श्री होटेल पौवा प्रा.लि, श्री जिल्ला प्रशासान कार्यलय तम्घास, गुल्मी, श्री डिभिजन वन कार्यालय तम्घास, गुल्मीलगायतका १५ विभिन्न निकायहरूको नाममा आदेश कार्यान्वयन गर्नको लागि लेखीपठाएको देखिन्छ । यसै बीचमा रेसुङ्गा संरक्षण समितिले पत्रकार सम्मेलन गरी होटेल पौवालाई धर्मशालाको रूपमा संचालनको लागि आफ्नो धारणा सार्वजनिक गरिसकेको छ ।

## (९) अदालतले फैसला सुनाए पनि कार्यान्वयनमा सुस्तता देखिनुका पछाडि

***(क) क्षेत्राधिकार-क्षेत्र विवाद र समन्वयको अभाव*** : वन कार्यालय र रेसुङ्गा नगरपालिका, सरोकारवाला र सरकारी निकायका बीच समन्वयको अभाव

देखिनु ।

***(ख) विधिको शासनको उपहास*** : नगरपालिकाले होटेल पौवा बीचको संझौता मिति २०८२-०९-०४ नगर कार्यपालिकाको बैठकबाट पूर्ववत् संझौता भंग गर्ने निर्णय भए तापनि कार्यान्वयनमा ढिलाइ हुनु, पौवा होटेल उक्त स्थानमा यथावत् अवस्थामा रहनु तथा अदालतको फैसला छिटो छरितो कार्यन्वयन हुन नसक्नु ।

***(ग) राजनीतिक अडान*** : 'विकास' को गलत परिभाषा र राजनीतिक प्रतिष्ठाको लडाइँ ।

## (१०) अबको निकास र जिम्मेवारी

अदालतले बाटो देखाइसकेको छ । अबको निकासका लागि :

(क) सात्विक व्यवस्थापन : रिसोर्टको विलासिता हटाएर धर्मशालालाई विशुद्ध सेवाको केन्द्र बनाउने ।

(ख) संरक्षण समितिको भूमिका : समिति अब 'नासो जोगाउने पहरेदार' बन्नुपर्छ ।

(ग) आध्यात्मिक पर्यटन : रेसुङ्गालाई विश्वकै उत्कृष्ट 'योग र साधना केन्द्र' (Spiritual Hub) को रूपमा विकास गर्ने साथै धार्मिक पर्यटकलाई आकर्षण केन्द्रको रूपमा अगाडि बढाउने ।

## निष्कर्ष

रेसुङ्गाको यो मुद्दाले सिकाएको पाठ "पैसाभन्दा पहिले आस्था" र "व्यापारभन्दा पहिले प्रकृति" हो । सर्वोच्च अदालतको यो फैसलाले अन्ततः व्यापारको बादल हटाएको छ र रेसुङ्गामा आस्थाको सूर्य फेरि उदाएको छ । यो जिम्मेबारी पूरा गर्ने काम रेसुङ्गा संरक्षण समिति र सरोकारवालाहरूको हुनेछ । यो जीत केवल निवेदकहरूको मात्र होइन, सम्पूर्ण न्यायप्रेमी नेपालीहरूको हो ।

स्रोत : सर्वोच्च अदालतको २०८१-१२-०६को फैसला ।
विभिन्न दस्ताबेजहरू ।

**(सल्लाहकार समिति सदस्य-रेसुङ्गा संरक्षण समिति गुल्मी)**

ooo

कविता

# रेसुङ्गा–महिमा



**✍विष्णु घर्ती 'भनभनेली'**

तम्घासको शिरमा मौन धुरी खाँबो हो 'रेसुङ्गा'
जो चल्दैन र बोल्दैन तर सुनिरहन्छ
उसले हिँड्‍दैन र पनि हजारौं पदचाप बोक्छ
गुल्मीको गगनमा छाता बनेको त्यो शिखर
आस्थाको उचाइमा पनि सगरमाथासँगै छ
शान्तिमय तप साधनाको लागि ध्यान बन्छ ।

त्यही मौनताभित्र ऋष्यशृङ्गले एकान्त खोजे
आकाशसँग संवाद गरे, माटोसँग माया मिसाए
र त्यसपछि यो पहाडले उनको नाम ओढ्यो
रिस्सिङ्, रिसुङ् हुँदै, आजको रेसुङ्गा बन्यो
समयको अन्तरालमा अन्य ऋषिहरू आए, गए
हराएन यस तपोवनको सुगन्ध कहिल्यै ।

चार धामको जल अझै चिसै छ महापोखरीमा
त्यो पवित्र जल शरीर भिजाउने पानी मात्र होइन
चिन्ता, पीडा र पाप कर्म पखाल्ने जल हो
केवल दाउरे आगो होइन यज्ञशालाको अग्नि
विश्वासको अखण्ड ज्योति हो, निभ्दैन कहिल्यै
जुन बलिरहन्छ मानव हृदयमा पुस्तौंसम्म ।

रेसुङ्गाको वनपाखामा लालीगुराँस फक्रँदा
रङ्गीन वस्त्र ओढेकी छन् धरती आफैँले
त्यहिँका झरना, कुवा र रूखहरू बोल्छन्
पूण्यभूमिको प्रकृतिमा छ बहुसंस्कृतिको बहार
देउसी, भैलोको लय अनि घाँटु, सालैजोको ताल ।

आस्था र भरोसाको आधार हो श्रावणी मेला
रेसुङ्गाको धुरीबाट सूर्य देख्नु मात्र होइन
त्यो आशा, नयाँ दिन र सम्भावना पनि हो
देखिने हिमालहरू दूर छन् तर अनुभूति नजिक
सुन्दर स्वप्न हुन्, आँखाले नहेरिने र मनले देखिने
र, यो पर्वत एउटा खुला पाठ पनि हो
सुशासनको, सन्तुलनको र सहअस्तित्वको ।

"जाऊँ हिँड रेसुङ्गा" अभियान र यात्रा होइन
यो निमन्त्रणा हो, आफैं भित्र फर्किने र घुम्ने
शालिग्राम बनाउँछ कालीगण्डकीको प्रवाहले
त्यो ढुङ्गा मात्र नभई, अनन्त जीवन पनि हो
सदा रहने हसिलो, फरासिलो र उज्यालो
रेसुङ्गा भन्छ - उचाइ केवल मिटरमा नापिँदैन
यो त आस्था, विश्वास र प्रेममा नापिन्छ ।

**मदाने गाउँपालिका, भनभने, गुल्मी ।**

०००

**शीतोष्णादि सही बडा कठिनले कम्मर्बहुतै कसी**

**लक्ष्मीधर् शशिधर् अघि तप गऱ्या ठाउँ यसैमा बसी ।**

**योगाग्नीकन बाली पाप् पुरुषको भष्मै गराई दिया**

**सिद्धि प्राप्त गरीसके पछि दुबै निर्वाण पद्मा गया ॥**

**लक्ष्मीधर् सुत हुन् शशिधरजिका ब्राह्मण् रिजेल् थर् ती हुन्**

**अंशै हो हरिको अघोर्वनविषे तप् गर्न सक्थ्यो कउन् ?**

-पण्डित रुक्मागत पन्थी विरचित शृङ्गीमहात्म्यबाट (१९८४)

लेख

# रेसुङ्गा : नेपालको आध्यात्मिक, प्राकृतिक र दिगो पर्यटनको नयाँ गन्तव्य



✍ इ. सरोजविक्रम कुँवर

गुल्मीको यो लुकेको रत्न–प्राचीन अध्यात्म, प्रचुर जैविक विविधता र सामुदायिक विकासको त्रि-शक्तिको केन्द्र हो ।

## १. परिचय

नेपालको लुम्बिनी प्रदेश, गुल्मी जिल्लाको मध्यपहाडी भूभागमा समुद्री सतहबाट करिब २,३४७ मिटरको उचाइमा अवस्थित रेसुङ्गा, पहिलो नजरमै दिव्यता, शान्ति र प्रकृतिको स्पर्श एकसाथ अनुभूति गराउने एक अद्वितीय स्थल हो । यो डाँडा सदियौँदेखि धार्मिक आस्था, प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधताको केन्द्रबिन्दु बन्न सफल भएको छ ।

स्थानीय ग्रन्थ र किंवदन्तीअनुसार, यो क्षेत्र त्रेता युगका महर्षि ऋष्यशृङ्ग र अनेक तपस्वीहरूको साधनास्थल भएकोले यसको नाम 'रेसुङ्गा' रहन गएको हो । यसलाई पश्चिम क्षेत्रकै एक पवित्रस्थल र 'अमृत भूमि' को रूपमा लिइन्छ । डाँडामा रहेका प्राचीन यज्ञशालाहरू, मठहरू, पवित्र कुण्डहरू र धर्मशालाहरूले रेसुङ्गाको इतिहासलाई जीवन्त राखेका छन् । यी धार्मिक संरचनाहरू नेपालका प्राचीन सभ्यता र ज्ञानका प्रतीक हुन् । हरिशयनी एकादशी (देवशयनी एकादशी) र हरिबोधिनी एकादशी (तुलसी विवाह/ठूलो एकादशी)मा लाग्ने रेसुङ्गा मेला र साउन महिनाको (साउने औंसी)मा एक महीनासम्म चल्ने श्रावण मेलाले हजारौं आन्तरिक तीर्थयात्रीलाई आकर्षित गर्दछ ।

सदियौँदेखि धार्मिक आस्था, प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधताको केन्द्रबिन्दु रहे पनि , यसको अपार सम्भावना 'अन्डर-रिपोर्टेड' र 'अन्डर-

एक्सप्लोर्ड' नै रहेको छ । यस अन्तरलाई समाप्त गर्नका लागि स्थानीय सरकार र नेपाल पर्यटन बोर्डको सहकार्यमा 'जाऊँ हिँड रेसुङ्गा' अभियान सुरू गरिएको छ, जसको दीर्घकालीन लक्ष्य रेसुङ्गालाई नेपालको भावी पुस्ताको पवित्र पहिचान र दिगो तथा अनुभवात्मक पर्यटन गन्तव्य दुबैका रूपमा स्थापित गर्नु हो । यो लेख रेसुङ्गालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा स्थापित गर्न सकिने एकीकृत पर्यटन मोडलको विस्तृत खाका हो ।



**रेसुङ्गा डाँडा**

## २. रेसुङ्गाको आध्यात्मिक उचाइ

रेसुङ्गा केवल पहाडको टुप्पो मात्र नभई, यो धार्मिक प्रतीक, आस्था केन्द्र, र शास्त्रीय युगमा आधारित तपोभूमि हो । रेसुङ्गाको सबैभन्दा बलियो पक्ष यसको गहन आध्यात्मिक पृष्ठभूमि हो । पौराणिक कालदेखि नै यसलाई महान् ऋषिहरूको साधनास्थल (तपोभूमि) मानिन्छ ।

धार्मिक पर्यटनको प्रचुर सम्भावना बोकेको रेसुङ्गामा निम्न प्रमुख धार्मिक संरचनाहरू रहेका छन् ।

**रेसुङ्गा यज्ञशाला :** यो सुनको गजुर र तामाको छाना भएको प्यागोडा शैलीमा निर्मित रेसुङ्गाकै ठूलो मन्दिर हो । यसको हवन कुण्डमा सयौँ वर्षदेखि अखण्ड धुनी प्रज्वलित छ, जहाँ पूजा गरी विभूति (खरानी) लगाएमा भूतप्रेतले नतर्साउने र रोगव्याधिबाट मुक्ति पाइने जनविश्वास छ । वि. सं. १९८३ मा यदुकानन्द स्वामी रेसुङ्गामा आएपछि यज्ञशाला निर्माण गरियो । त्यसपछि तत्कालीन केन्द्रीय

सत्ताले यसको विकासमा जोड दिएको बताउँछन् यहाँका बूढापाकाहरू । त्यसपछि २०४२ सालमा योगी नरहरिनाथले एक महिना बसेर कोटी होम गरेपछि रेसुङ्गाको पुनर्संरचना र विकास व्यापक रूपमा अगाडि बढेको छ ।



**यज्ञशाला**

**सिद्धस्थान :** समुद्री सतहबाट २,३४७.२ मिटरको उचाइमा रहेको रेसुङ्गाको चुचुरोमा प्राचीन सिद्धस्थान छ । यो रेसुङ्गाको शिखरमै रहेको सबैभन्दा पुरानो मन्दिर हो । यहाँ साउन महिनामा दर्शन गर्नाले आयु आरोग्य प्राप्त हुने, अनिकाल हट्ने तथा सुख, समृद्धि हुने जनविश्वास छ । यस स्थानमा साउन महिनामा गुल्मी, अर्घाखाँची, पाल्पा, बुटवललगायतका स्थानबाट भक्तजन सिद्धको दर्शनका लागि आउने गर्दछन् । सिद्धको पूजा गरेपछि मानिसलाई आयु आरोग्य प्राप्त हुने, गाईभैंसी सधैं दुहुना हुने, अनिकाल हट्ने, अतिवृष्टि र अनावृष्टि रोकिने, सुख, समृद्धि र समुन्नति हुने जनविश्वास छ ।

**विष्णुपादुका :** विष्णुपादुका रेसुङ्गाक्षेत्रमा रहेको एक पवित्र धार्मिक स्थल हो जहाँ भगवान् विष्णुको पाउको छाप रहेको मान्यता छ । यो स्थल हिन्दू धर्मावलम्बीहरूका लागि श्रद्धा र भक्ति प्रकट गर्न अत्यन्तै महत्त्वपूर्ण मानिन्छ । रेसुङ्गा धार्मिक क्षेत्रभित्र रहेको विष्णुपादुका दर्शनले भक्तजनलाई शान्ति र आध्यात्मिक अनुभवको अनुभूति गराउने विश्वास गरिन्छ । यस्तो धार्मिक स्थलले नजिकैको क्षेत्रलाई धार्मिक तथा पर्यटनको दृष्टिले समेत महत्त्वपूर्ण बनाएको छ ।

**ऋष्यश्रृङ्गको तपस्यास्थल (सानो रेसुङ्गा) :** सानो रेसुङ्गा नामले चिनिने यो क्षेत्र रेसुङ्गा धार्मिक क्षेत्रमा विशेष महत्त्व राख्दछ । त्रेता युगमै ऋष्यशृङ्गले रेसुङ्गामा तपस्या गरेका थिए भन्ने मान्यता रहेको छ, जसका कारण यहाँ मन्दिर, आश्रमस्थल र ऋष्यशृङ्गको मूर्ति समितिको सहयोगमा अनावरण गरिएको छ ।



**ऋष्यशृङ्गको मूर्ति**


यो स्थल धार्मिक पर्यटक र साधकहरूका लागि स्वागतयोग्य स्थल बनेको छ, जसले रेसुङ्गाक्षेत्रलाई एक शक्तिशाली आध्यात्मिक केन्द्रका रूपमा प्रस्तुत गरेको छ । त्यहाँको वातावरणलाई शान्त, एकान्त र अध्यात्मतर्फ आकर्षित गर्ने शक्ति भएको बताइन्छ ।



**सानो रेसुङ्गामा निर्माण भएको मुख्य मन्दिर**

**गोशाला** : हिन्दू धर्ममा गाईलाई माता-स्वरूप मान्ने परम्परासँग जोडिएको पवित्र स्थल हो । रेसुङ्गाक्षेत्रमा रहेको गोशालामा गाईहरूको सेवा, संरक्षण र पूजा-अनुष्ठानले यहाँको धार्मिक महत्त्वलाई अझ मजबुत बनाएको छ । गाईलाई लक्ष्मीको प्रतीक मान्दै प्रायः दानी-भक्तहरूले लक्ष्मी पूजाको अवसरमा सामूहिक गाई पूजा कार्यक्रम आयोजना गर्दछन्, जसमा गाईलाई नुन, दाना र फलफूल खुवाइन्छ ।

पशुपति शिवालय मन्दिरः रेसुङ्गाक्षेत्रमा रहेको शिवालय मन्दिर भगवान् शिवप्रति समर्पित धार्मिक स्थल हो । यहाँ समय-समयमा विशेष पूजा-पाठ, पिण्डदान र श्रद्धालुहरूको घुइँचो लाग्ने गर्दछ । महाशिवरात्रि, साउन सोमबारलगायतका अवसरमा यहाँको शिवालयमा भक्तजनको ठूलो भीड लाग्ने गर्दछ, जसले यस स्थलको धार्मिक महत्त्वलाई उजागर गर्छ ।



**पशुपति शिवालय मन्दिर, महापोखरी परिसर**

## रामकुवा

यो प्राचीनकालमा भगवान् रामचन्द्रले ऋष्यशृङ्ग ऋषिको तपस्यास्थलमा पानीको अभाव देखेपछि बाण हानेर खनिदिएको किंवदन्तीसँग जोडिएको जलाशय हो । यसै कुवाको जलबाट यज्ञशालाको नित्य पूजाआजा हुने गरेको छ ।

## महापोखरी

यस पोखरीमा तपस्वी लक्ष्मीनारायण स्वामीले १८८३ सालमा सबै तीर्थस्थलबाट

जल ल्याई मिसाएको किंवदन्ती छ । यसको वरिपरि २७ वटा गौमुखे धारा छन्, जहाँ साउन महिनाभर स्नान गर्नाले रोगव्याधि नाश हुने धार्मिक विश्वास छ ।



**महापोखरी**

## ३. प्रचुर जैविक विविधता र वातावरणमैत्री पर्यटन (Ecotourism)

रेसुङ्गाक्षेत्र एक प्राकृतिक खजाना र महत्त्वपूर्ण जलाधारक्षेत्र हो । यो वन तम्घास बजार र आसपासको खानेपानीको मुख्य स्रोत पनि हो ।

रेसुङ्गाको वनक्षेत्र धार्मिक कारणले नै शताब्दीयौंदेखि **Sacred Forest** (पवित्र वन) को रूपमा संरक्षण हुँदै आएको छ । यसको जैविक विविधता असाधारण छ ।

### दुर्लभ पक्षीहरूको वासस्थान

नेपाल पक्षीसंरक्षण सङ्घको सर्भेक्षण अनुसार, रेसुङ्गा वनक्षेत्रमा २७६ प्रजातिका चराहरू फेला परेका छन् । यो सङ्ख्या नेपालमा पाइने चरा प्रजातिको ३५ प्रतिशतभन्दा बढी हो ।

नेपालमा मात्र पाइने काँडे भ्याकुर (**Spiny Babbler**) र लोपोन्मुख अवस्थामा रहेका चिरकालीज, रणमत्त महाचिल, डङ्गर गिद्ध, सुन गिद्ध र गोमायो माहाचिल जस्ता ६ दुर्लभ प्रजातिका चराहरू पनि पाइन्छन् । यसबाट धार्मिक

पर्यटनसँगसँगै चरा पर्यापर्यटन (**Bird Ecotourism**) को समेत प्रचुर सम्भावना रहेको छ । यसले रेसुङ्गालाई विशेष पक्षी अवलोकन यात्रा (**Ornithology tours**) का लागि उत्कृष्ट स्थल बनाएको छ ।

## वनस्पति र जडिबुटी

रेसुङ्गा वनमा ३० थरी रुख तथा वनस्पति, ३१ प्रजातिका जडीबुटी र १५ प्रकारका वन्यजन्तुहरू बसोबास गर्दछन् । फागुन-चैत महिनामा लालीगुराँस (**Rhododendron**) फुलेर जङ्गल रातै हुन्छ , जुन आन्तरिक पर्यटकको मुख्य आकर्षणको केन्द्र हो । यहाँ पाँचऔले, पाखनवेद जस्ता बहुमूल्य जडीबुटीहरू पनि पाइन्छन् ।

## स्टप ओभर र प्रारम्भिक बिन्दु

तम्घास-रेसुङ्गा मार्गमा पर्ने गर्जुरामा निर्माण गरिएको रेसुङ्गा पार्क एउटा महत्त्वपूर्ण स्टपओभर हो । यो पार्कले रेसुङ्गाको प्राकृतिक सौन्दर्यको झलक दिने र पर्यटकहरूका लागि आराम, फोटो खिच्ने तथा मुख्य गन्तव्यबारे जानकारी प्राप्त गर्ने केन्द्रको रूपमा काम गर्दछ ।



**रेसुङ्गा पार्क**

## भ्यू-टावर

रेसुङ्गा धार्मिक क्षेत्रभित्र अवस्थित भएकाले भ्यू टावरले धार्मिक भ्रमणसँगै प्राकृतिक पर्यटनलाई समेत जोड्ने काम गरेको छ । भ्यू टावरबाट गुल्मी

जिल्लाका विभिन्न भू-भागहरू, हरियाली डाँडाकाँडा, बस्तीहरू, वनजंगल तथा मौसम अनुकूल हुँदा टाढासम्म देखिने हिमश्रृंखलाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । सूर्योदय र सूर्यास्तको समयमा यहाँबाट देखिने दृश्य अत्यन्तै मनमोहक हुने भएकाले पर्यटक तथा प्रकृतिप्रेमीहरूको विशेष भीड लाग्ने गर्दछ ।



**भ्यू टावर**

## ४. दिगो पर्यटन खाका र सामुदायिक मोडल

रेसुङ्गामा दिगो, उच्च-मूल्यको, कम-प्रभावको (**High–Value, Low–Impact**) पर्यटन मोडल लागू गर्नुपर्नेमा जोड दिइएको छ ।

### विशिष्टीकृत पर्यटन उत्पादन

- **पक्षी पर्यापर्यटन** (**Bird Ecotourism**) : अन्तर्राष्ट्रिय पक्षी अवलोकनकर्ताहरूलाई लक्षित गरी प्रशिक्षित गाइड र विशिष्ट पक्षी पर्यापर्यटन प्याकेजहरू सञ्चालन गर्ने ।
- **वन स्नान** (**Forest Bathing**) : जापानको **Shinrin–yoku** मोडल अनुसरण गर्दै जडीबुटी र गुराँसको बाक्लो वनमा पर्यटकहरूलाई प्राकृतिक शान्तिको अनुभूति गराउने ।

### वातावरणीय दिगोपन र संरक्षण

**प्लास्टिक निषेधित क्षेत्र** (**Plastic–free Zone**) : स्थानीय जलाधारक्षेत्रको

संरक्षण गर्न रेसुङ्गालाई प्लास्टिक निषेधित क्षेत्र घोषणा गर्ने (सिक्किम मोडल अनुसार) ।

**वातावरणीय शिक्षा** : सबैका लागि वातावरणीय शिक्षा कार्यक्रमलाई अनिवार्य गर्ने ।

**प्रवेश शुल्क (User Fee):** विदेशी पर्यटकहरूलाई प्रवेश शुल्क अनिवार्य गर्ने र सो शुल्कलाई स्थानीय जीविकोपार्जन तथा संरक्षण कार्यहरू (फोहोर व्यवस्थापन, पदमार्ग मर्मत) मा मात्र खर्च गर्ने ।

**पारिस्थितिकमैत्री आवास तथा अनुभव**

सामुदायिक होमस्टे नेटवर्कः ठूला कङ्क्रिट संरचनाभन्दा पारिस्थितिक-मैत्री सामुदायिक होमस्टे नेटवर्क निर्माणमा जोड दिने (सिक्किम मोडल अनुसरण गर्दै) ।

'फार्म-टु-टेबल' अनुभवः होमस्टेहरूमा स्थानीय जैविक उत्पादन, गुल्मीको अर्गानिक कफी, सुन्तला, कोदोका परिकार जस्ता स्थानीय 'फार्म-टु-टेबल' अनुभवलाई अनिवार्य गर्ने ।

**सामुदायिक पर्यटन मोडल**(**Community–Based Tourism – CBT**)

दिगो विकास सुनिश्चित गर्न स्थानीय स्वामित्वको लागि सामुदायिक पर्यटन मोडल (**CBT**) आवश्यक छ ।

| पक्ष | पहलहरू |
|---|---|
| नेतृत्व | Women–led Homestay Network / Local Guide Licensing Program को विकास गर्ने । |
| राजस्व बाँडफाँड | Tourism Revenue Sharing Model लागू गरी आम्दानीको २०% Conservation Fund मा प्रयोग गर्ने । |
| संरक्षण /सुरक्षा | **Sacred Forest Community Patrol** लाई सक्रिय बनाउने । |

**५. पहुँच**

**सडक मार्ग (Road)** : तम्घास (जिल्ला सदरमुकाम) मध्य-पहाडी राजमार्गबाट जोडिएको छ । रेसुङ्गा तम्घासबाट करिब ३-४ घण्टाको पैदल यात्राबाट पुग्न सकिन्छ । हाल आएर यातायातको समेत राम्रो व्यवस्था भैरहेको रेसुङ्गामा पुग्न

आधाभन्दा बढी बाटो गाडीबाट पनि जान सकिन्छ । पैदल यात्रा होस् वा सवारी यात्रा होस् रेसुङ्गासम्मको यात्रामा सिजनअनुसार ढकमक्क फुलेका लाली गुँरास लगायतका फूलहरू हेर्न पाइन्छ भने चिसो सिरेटो र चराचुरुङ्गीहरूको मिठो धुनको आनन्द लिन पाइन्छ । रेसुङ्गाको महत्त्व जोगाइराख्न चुचुरोसम्म गाडी जाने बाटो नखनेर महापोखरीदेखि भ्यूटावरसम्म ७९६ मिटरको रेलिङसहितको दोहोरो आधुनिक पदमार्ग (सिँढी) निर्माण गरिएको छ, जसले सुरक्षित पैदलयात्रा सुनिश्चित गर्दछ ।
**हवाइ मार्ग** (**Air**)ः गुल्मी रेसुङ्गा विमानस्थल (**VNRG**) अब सञ्चालनमा छ । नेपाल एयरलाइन्सले काठमाडौँबाट उडानहरू सञ्चालन गर्छ, जसले यात्रा समयलाई केही घण्टामा सीमित गर्छ ।

## ६. दिगो विकासका लागि केस स्टडीहरू

रेसुङ्गामा दिगो, उच्च-मूल्यको पर्यटन मोडल लागू गर्न विश्वका सफल मोडलहरूको अध्ययन आवश्यक छ ।

| **केस स्टडी मोडल** | **फोकस क्षेत्र** | **रेसुङ्गाका लागि प्रासंगिक शिक्षा र कार्यान्वयन** |
|---|---|---|
| १. अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना (ACAP), नेपाल | सामुदायिक व्यवस्थापन र शुल्क प्रणाली | ACAP नेपालकै सबैभन्दा सफल संरक्षण मोडल हो । यहाँको अभ्यासअनुसार : रेसुङ्गा संरक्षण समिति गठन गर्ने, पर्यटकहरूलाई प्रवेश शुल्क अनिवार्य गर्ने, र सो शुल्कलाई स्थानीय जीविकोपार्जन र संरक्षण कार्य (पदमार्ग मर्मत, फोहोर व्यवस्थापन) मा मात्र खर्च गर्ने । |
| २ सिक्किम (Sikkim) Ecotourism मोडल, भारत | न्यून प्रभाव र हरित आवास (Green Accommodation) | सिक्किमले ठूला संरचनाभन्दा सानो-स्तरीय होमस्टे विकासलाई प्रोत्साहन गर्‍यो । रेसुङ्गामा पनि ठूला होटलको सट्टा पारिस्थितिक-मैत्री होमस्टे नेटवर्क निर्माण गर्ने, जहाँ प्लास्टिक निषेध गर्ने र स्थानीय जैविक खाना अनिवार्य गर्ने । |

| केस स्टडी मोडल | फोकस क्षेत्र | रेसुङ्गाका लागि प्रासंगिक शिक्षा र कार्यान्वयन |
|---|---|---|
| ३. सेक्रेड भ्याली (Sacred Valley), पेरु | एकीकृत सम्पदा व्यवस्थापन | पेरुको सेक्रेट भ्यालीमा इन्काहरूको आध्यात्मिक र प्राकृतिक स्थलहरूलाई एकल सर्किटमा व्यवस्थापन गरियो । रेसुङ्गाले पनि रुरुक्षेत्र (रिडी बजार) र रेसुङ्गा शिखरलाई जोड्ने 'रुरु-रेसुङ्गा आध्यात्मिक सर्किट' विकास गर्ने र एकीकृत नक्साङ्कन गर्ने । |

**७. पर्यटक आकर्षित गर्ने र प्रवर्धन गर्ने उपायहरू**

रेसुङ्गालाई एक उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउन निम्न उपायहरू अवलम्बन गर्न सकिन्छ :

**क) भौतिक पूर्वाधारको विकास**

**सुलभ यातायात** : सदरमुकाम तम्घासबाट रेसुङ्गाको टुप्पोसम्म पुग्ने सडकलाई बाह्रै महिना सवारीसाधन चल्ने बनाउनुपर्छ । सडक सुधार र नियमित सवारी व्यवस्था सुनिश्चित गर्नुले पर्यटक र स्थानीय दुबैको यात्रा सहज, सुरक्षित र दिगो बनाउन मद्दत पुग्नेछ ।

**आवास र खानपान :** पर्यटकहरूको बसाइलाई सहज बनाउन स्तरीय होटल, रिसोर्ट र होमस्टेहरूको विकास आवश्यक छ । स्थानीय खानाको प्रवर्धन गर्ने होमस्टेहरूले पर्यटकलाई फरक अनुभव दिन सक्छन् ।

**सुरक्षा र सुविधा :** पर्यटक सूचना केन्द्र, प्राथमिक उपचार केन्द्र, सफा शौचालय र सुरक्षित पदमार्गहरूको निर्माणले पर्यटकलाई ढुक्क बनाउँछ ।

**ख) योजनाबद्ध प्रचारप्रसार**

**डिजिटल मार्केटिङ** : सामाजिक सञ्जाल (फेसबुक, इन्स्टाग्राम, टिकटक) र ट्राभल ब्लगरहरूमार्फत रेसुङ्गाको सुन्दरता झल्काउने तस्बिर र भिडियोहरू व्यापक रूपमा प्रचार गर्नुपर्छ । आकर्षक नारा (Slogan) बनाएर ब्रान्डिङ गर्न सकिन्छ ।

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मेला** : पर्यटन प्रवर्धनका लागि आयोजना हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन मेलाहरूमा रेसुङ्गालाई प्रमुख गन्तव्यको रूपमा प्रस्तुत गर्नुपर्छ ।

**वृत्तचित्र निर्माण** : रेसुङ्गाको धार्मिक कथा, इतिहास, जैविक विविधता र जनजीवन समेटेर वृत्तचित्र (Documentary) बनाई राष्ट्रिय टेलिभिजन र युट्युबमा प्रसारण गर्न सकिन्छ ।

### ग) पर्यटकीय गतिविधि र अनुभव विस्तारः

**साहसिक पर्यटन :** पदयात्रा (Hiking & Trekking), माउन्टेन बाइकिङ, र जंगल सफारी जस्ता गतिविधिहरू सञ्चालन गर्न सकिन्छ ।
**एकीकृत पर्यटन सर्किट :** लुम्बिनी, पाल्पा (रानीमहल) र रेसुङ्गालाई जोडेर धार्मिक तथा सांस्कृतिक पर्यटन प्याकेज (सर्किट) बनाउनुपर्छ ।
**मौसमी पर्व :** साउन महिनामा लाग्ने मेला र अन्य विशेष पर्वहरूलाई पर्यटकीय आकर्षणको केन्द्र बनाउनुपर्छ ।
**नेचर फोटोग्राफी** : रेसुङ्गाको हिमशृङ्खला र बादलको दृश्यका लागि Nature Photography Tourism लाई प्रवर्धन गर्ने ।
**वेलनेस रिट्रीट (Yoga–Meditation) केन्द्रको निर्माण** : रेसुङ्गालाई नेपालको 'शान्ति र साधना' (Peace and Meditation) केन्द्रको रूपमा ब्रान्डिङ गरी, अन्तर्राष्ट्रिय योग तथा ध्यान केन्द्रहरूसँग सहकार्य गर्ने ।

## ८. निष्कर्ष

रेसुङ्गा अब केवल घुम्ने डाँडा होइन; यो एक अनुभव, एक ऊर्जा, र अध्यात्म र प्रकृतिको संयुक्त भविष्य हो । यदि आध्यात्मिक पर्यटन, Ecotourism, CBT Model, Branding, र पूर्वाधारका यी रणनीतिहरूलाई समग्र रूपमा कार्यान्वयन गरियो भने, रेसुङ्गा पश्चिम नेपालको प्रमुख पर्यटन केन्द्र तथा नेपालको अन्तर्राष्ट्रिय स्तरको Spiritual–Eco Destination बन्ने सुनिश्चित छ । रेसुङ्गाको सफलता आध्यात्मिक मूल्य र वातावरणीय सिद्धान्तलाई एकअर्काबाट नछुट्टाई अगाडि बढाउनुमा निहित छ ।

## सन्दर्भ-सामग्री

१. **Kharel, A. B.** (२०२४). नेपालमा जैविक विविधता र प्राकृतिक सम्पदा संरक्षणको सवाल (The Issue of Biodiversity and Natural Resource Conservation in Nepal RR Interdisciplinary Journal, RR Interdisciplinary Journal, 5(5), 80-88. https: // doi. org /10. 3126/ rrij. v5i5.78928 Nepjol
२. **Gautam, K.** (२००८). Prospects and Problems of Tourism in Gulmi

With Special Reference to Tourism in the Resunga Region (Master's thesis). Central Department of Rural Development, Tribhuvan University. TUCL eLibrary
३. **अर्याल, ह.** (२०२२). धार्मिक तथा ऐतिहासिक क्षेत्र रेसुङ्गाको पर्यटकीय महत्त्व. Sotang, Yearly Peer Reviewed Journal, ४(४), ६२-७३. https:// doi. org /१०.३१२६/sotang.v४i४.५७०८३ Nepjol
४. **BreaknLinks.(n.d)** Tourism and Biodiversity= Retrieved December १०, २०२५, from https: // www. breaknlinks . com/ Nepali /news /३५२३५००७
५. **Gyan Park**. (२०२१, November). Some glimpses of Resunga - Piece of Heaven. Retrieved December १२, २०२५, from https :// gyanpark.com.np/२०२१/११/some-glimpses-of-resunga-piece-of-heaven.html
६.. **Power Sanchar**. (n.d.). रेसुङ्गाः पर्यटकीय गन्तव्य. Retrieved December ११, २०२५, from https://powersanchar.com/८००/
७. **Online Khabar**. (२०१७, April). रेसुङ्गाको संरक्षण र विकास. Retrieved December ०९, २०२५, from https: // www. onlinekhabar .com /२०१७/०४/५६९२२६/रेसुङ्गाको-संरक्षण-र-विक
८. **Gorkhapatra Online**. (ल.म.). रेसुङ्गाक्षेत्रमा पर्यटक आकर्षण. Retrieved December ११, २०२५, from https: // gorkhapatraonline. com/news/२३७४९
९. **Pandey, K. P**. (२००८). Ecological Study of Forests in the Resunga Hill along an Altitudinal Gradient in Nepal. Department of Environmental Science, Tribhuvan University. TUCL eLibrary
१०. **Kathmandu Post**. (२०२५, May १७). Gulmi hosts ३२५ bird species, including rare vultures and pheasants. Retrieved December ९, २०२५, from https://kathmandupost.com/visual–stories/२०२५/०५/१७/gulmi–hosts-३२५-bird-species-including–rare–vultures–and–pheasants Kathmandu Post
११. **Nepalkhabar.com**. (२०२४, May). गुल्मी रेसुंगाको पर्यटन प्रवर्धन गर्न 'जाऊँ हिंड रेसुंगा' उद्घाटन. Retrieved December ११, २०२५, from https://nepalkhabar.com/economy/१९९२८१-२०२४-५-१-१२-१४-४३ Nepal Khabar

**रेसुङ्गा-०२,गुल्मी ।**

निबन्ध

# रेसुङ्गा एक अनुभूति अनेक



✍ **भुवनप्रसाद श्रेष्ठ**

पश्चिम नेपालकै पुण्यभूमि रेसुङ्गा धार्मिक रूपमा मात्र होइन बहुआयामिक हिसाबले प्रसिद्ध छ । प्राकृतिक छटाले भरिपूर्ण, जैविक विविधताको खानी, दुर्लभ पशुपक्षीको वासस्थान, असंख्य वनस्पतिको भण्डार, प्रचुर जलस्रोत र घर पालुवा एवं जङ्गली जनावरको जिउने आधार पनि हो ।

मानवमात्रका लागि होइन सामान्य प्राणी जगत्को हित रक्षामा अविचलित भएर उभिएको रेसुङ्गा हाम्रो गर्व र सामर्थ्यको प्रतीक पनि हो । धेरै मानव र पशु चौपाया यही रेसुङ्गामा आश्रित छन् । चारै तर्फबाट निरन्तर दोहन र आगजनी लगायतका आक्रमण भइरहँदा पनि सदियौंदेखि अटल उभिएको छ रेसुङ्गा कहिले ठण्डा हिउँको च्यादर ओडेर बस्छ रेसुङ्गा बिहानी घामको लालीमा पहेलपुर हुन्छ । रेसुङ्गा कहिले हाँस्छ, कहिले बादलुको घुम्टोभित्र लुक्छ रेसुङ्गा । कहिले अग्निको ज्वालामा परीक्षित हुन्छ रेसुङ्गा । आफ्नैबाट जल्न विवश भएको आलिसान महल भव्य दोस्रो सिंहदरबार हो रेसुङ्गा । जतिसुकै विघ्न आइलागे पनि गर्विलो इतिहास बोकेर ठडिएको छ रेसुङ्गा । कुनै बेला राज्यसञ्चालकको दृष्टि परेको थियो रेसुङ्गामा । विभिन्न कालखण्डमा धेरै उतारचढाव भोग्दै बाँच्यो रेसुङ्गा ।

तपोभूमि हो रेसुङ्गा , ज्ञानभूमि हो, शान्त, सौम्य स्निग्ध पर्यापर्यटनको सम्भावना र ज्ञान अनुसन्धानको अमृत जिज्ञासु खोजकर्ताका लागि भरिपूर्ण रहस्यको खानी हो रेसुङ्गा । गुराँस फुल्दा फुर्केन रेसुङ्गा, ऐँसेलु र काफल पाक्दा हाँसेन रेसुङ्गा । सदा एउटै सुरमा उभिएको देख्दछु रेसुङ्गा । अध्यात्मको ज्ञान दियो रेसुङ्गाले, तपस्वीझैँ शान्त र धैर्य हुन सिकाएको छ रेसुङ्गाले । न प्राप्तिको उन्माद चढ्यो न निराशाको संकेत भेटियो । सधैं शान्त र सौम्य देखियो फेरि

प्यारो रेसुङ्गा । प्राप्तिमा फुर्किन्न अप्राप्तिमा ठुस्किन्न सदा अविरल छ रेसुङ्गा । यसको छातीमा बन्दुक पड्किन्छन्, परेड खेलिन्छन्, बम गोला बर्सिन्छन्, कैयौँ उफ्रिन्छन्, नाच्छन् दीर्घजीवी हुने लालसामा, "भुँडी घटाऊ" भन्दै कसोकसो गर्छन् । यो सब हेरिरहेको छ रेसुङ्गा तर ती दीर्घजीवी छैनन् । अचल रेसुङ्गा भने दीर्घजीवी छ । अजरामर छ ।

ज्ञानी र ध्यानीहरूको समाधिस्थल हो रेसुङ्गा । जोसमनि धर्म सम्प्रदायको उद्‌गम स्थल हो रेसुङ्गा । उदार मनले चढाएको धर्मगुठीबाट कसैकसैको चुलो जले पनि कहिले गुनासो गर्दैन रेसुङ्गा । पाउनुको खुसी छैन गुमाउनुको गुनासो नगर्ने पवित्र पुण्यभूमि हो रेसुङ्गा । राम-लक्ष्मण जन्मको कारण हो रेसुङ्गा । सीता माताको सतित्व रक्षाको आधार हो रेसुङ्गा । लावण्य देशका राजाको मृत्युको कारण पनि हो रेसुङ्गा । राम र अयोध्यालाई जोड्ने सेतु हो रेसुङ्गा । माया पिरती बुन्नेहरूका लागि संगमस्थल हो रेसुङ्गा ।

घाम, पानी, हिउँ, झरी, बादल, खडेरीदेखि अग्निज्वाला सहन गर्ने सामर्थ्य हो रेसुङ्गा । टाढा टाढासम्म देखिने र सञ्चार पुऱ्याउने माध्यमको स्रोत हो रेसुङ्गा । कुनै समय राणा सन्ततिले पिरती गाँसेको नाम हो रेसुङ्गा ।

चारैतिर रेसुङ्गा नामधारी धेरै कमाइ र आर्जन गर्ने दोकान खुले । शिक्षा दिने ज्ञानकुञ्ज खुले तर रेसुङ्गालाई फर्केर हेर्नुपर्छ भन्ने विवेकको बिर्को नखुले पनि चित्त नदुखाउने अजङ्गको पहाड हो रेसुङ्गा । जीवनदेखि विरक्तिएका मनहरूलाई जोड्ने र जिउन सिकाउने आधार हो रेसुङ्गा । हिम्मत साहस र धैर्यको धरोहर हो रेसुङ्गा । स्वाभिमान र प्रतिष्ठाको उचो शिर भएको चुली हो रेसुङ्गा । चिसो चुल्हो बाल्नेदेखि प्राणवायुको स्रोत हो रेसुङ्गा । समग्रमा भन्नुपर्दा सधैँ दिन मात्र जान्ने लिन कहिल्यै नजान्ने निःस्वार्थ प्रेमको प्रतीक हो रेसुङ्गा ।

कहिले जाग्यो, कहिले सुतायो, कहिले निदायो तर अहिले भने "आऊ अब रेसुङ्गा" भन्दै जुर्मुराएर उठेको छ । अब गर्विलो विरासत फर्काउने दाउमा दगुर्दै छ रेसुङ्गा । त्यसैले सबै "जाऊँ हिँड रेसुङ्गा" ।

**रेसुङ्गा नगरपालिका १, गुल्मी ,तम्घास ।**

ooo

लेख

# तपोभूमि रेसुङ्गामा अवस्थित धर्मशालाको विषयमा सर्वोच्च अदालतबाट भएको फैसलाको संक्षेपीकरण



✍ **देवीप्रसाद रिजाल**

ऐतिहासिक महत्त्व बोकेको स्वामी शशीधरको कुटी क्षेत्रमा धर्मशाला निर्माण गर्नको लागि श्री पुरातत्त्व विभाग, रामशाहपथ, काठमाडौंबाट धार्मिक वनको वातावरण र सांस्कृतिक पर्यावरणमा प्रतिकूल असर नपर्ने गरी परम्परागत नेपाली शैलीको धर्मशाला निर्माण गर्नेगरी जिल्ला विकास समितिको कार्यालय, गुल्मीलाई मिति २०७२ । ०३ । ०८ मा सहमति दिएको, तत्कालीन जिल्ला विकास समिति गुल्मीका स्थानीय विकास अधिकारी श्री डिलाराम पन्थीको अध्यक्षतामा मिति २०७३ । ०७ । ०४ मा बैठक बसी साना सिँचाइ तथा अन्य पूर्वाधार विकास कार्यक्रमबाट यस जिल्लाअन्तर्गत रेसुङ्गा धर्मशाला भवन निर्माण गर्नको लागि श्री जिल्ला प्राविधिक कार्यालय, गुल्मीबाट रू.१,६३,२६,२४६/- को लागत ईस्टमेट तयार भई पेस हुन आएकोले लागत ईस्टमेट स्वीकृति गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने गरी निर्णय भएको रहेछ । स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, श्रीमहल, पुल्चोक, ललितपुरबाट मिति २०७३ । १० । ०७ मा चालु आर्थिक वर्षको कार्यक्रम परेको रेसुङ्गा धर्मशाला भवन निर्माण कार्यको स्वीकृत बहुवर्षीय खरिद गुरु आयोजना जिल्ला विकास समितिको कार्यालय, गुल्मीलाई पत्राचार भएको देखिन्छ । रेसुङ्गा नगर कार्यपालिकाको कार्यालय, तम्घासले मिति २०७५ । ०८ । १६ मा रेसुङ्गा महापोखरी क्षेत्रमा निर्माणाधीन सभाहल (धर्मशाला) उपलब्ध गराइदिनको लागि जिल्ला विकास समितिको कार्यालय, गुल्मीलाई पत्रचार भएको रहेछ । मिति २०७५ । १० । २२ मा प्राकृतिक वातावरण सन्तुलन राखी धार्मिक र सांस्कृतिक आस्थामा आघात नपुग्ने गरी संरक्षण संवर्धन गर्नको लागि नगरपालिकालाई पत्रचार भएको रहेछ ।

पुरातत्त्व विभाग, जिल्ला विकास समितिको कार्यालय गुल्मी, जिल्ला

प्राविधिक कार्यालय गुल्मी, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, श्रीमहल पुल्चोक ललितपुरबाट विभिन्न मितिमा भएका निर्णय एवं पत्रहरूको मर्म तथा भावना विपरीत त्यस नगरपालिकाले पौराणिक, पवित्र, धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक महत्त्वको महापोखरीक्षेत्र परिसरमा रहेको धर्मशालामा वन, वातावरण र पर्यावरणमा प्रत्यक्ष असर पर्ने गरी धार्मिक स्थलमा होटल पौवा प्रा.लि. ले व्यावसायिक उद्देश्यका लागि रिसोर्ट निर्माण गर्ने गरी रेसुङ्गा नगरपालिका र होटल पौवा प्रा.लि. बीच मिति २०७६ । ०७ । ०१ गते सम्झौता-पत्र भएको रहेछ । विपक्षीले लिज (बहाल) मा दिएको भनिएको क्षेत्रको सबैतिर प्राचीन स्मारकले भरिएको ऐतिहासिक, धार्मिक, पौराणिक, पुरातात्त्विक एवं सांस्कृतिक महत्त्वको स्थल हो । यो क्षेत्र राष्ट्रिय वन, धार्मिक वनभित्रको क्षेत्र हो । उक्त मितिको सम्झौता-पत्रको ब्यहोरा हेर्दा धर्मशाला निर्माण तथा सञ्चालनका लागि २५ वर्षको करार अवधि राखी पूर्वमा जुभुङ्ग जाने मोटरबाटो, पश्चिम मसानघाट खोल्सी, उत्तरमा स्वामी शशिधर कुटीको पूर्वपट्टिको ढिक र दक्षिणमा पोखरीतर्फको बाटोसमेत करिब ३० रोपनी क्षेत्रफल जग्गा लिज (भाडा)मा लिने दिने गरी सम्झौता भएको देखाएको भए पनि सम्झौताको बुँदा नं.९ र ११ समेतमा रिसोर्ट निर्माण र सञ्चालन गर्ने ब्यहोरा उल्लेख भएबाट त्यस नगरपालिकाले प्राकृतिक वातावरण सन्तुलन राखी धार्मिक र सांस्कृतिक आस्थामा आघात नपुग्ने गरी संरक्षण संवर्धन गर्नको लागि जिल्ला समन्वय समिति गुल्मीबाट प्राप्त पत्रको मर्म विपरीत होटल व्यवसाय सञ्चालन गर्ने गरी व्यावसायिक उद्देश्यले स्थापना भएको होटल पौवा प्रा.लि.लाई रिसोर्ट निर्माण गर्न स्थानीय सरोकारवाला संस्थाहरूसँग कुनै किसिमको सल्लाह तथा परामर्शसमेत नगरी धार्मिक वनक्षेत्रभित्रको धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको जग्गा २५ वर्षसम्मका लागि बहालमा दिनेगरी सम्झौता विपक्षी रेसुङ्गा नगरपालिका कार्यालयले मिति २०७६ । ०७ । ०१ गते नगरपालिका र होटल पौवा प्रा.लि. बीच सम्पन्न सम्झौता-पत्र र सो सम्झौता-पत्र बमोजिम भए गरेका र हुन लागेका सम्पूर्ण काम कारवाही, पत्राचार एवं निर्णयहरू गैरकानूनी एवं आधारहीन भई कानूनको मान्य सिद्धान्तको प्रतिकूल भएको हुँदा आफ्नो अधिकार क्षेत्रबाहिर गई खराब र कुनियत मनसाय राखी ऐतिहासिक, पौराणिक, धार्मिक एवं पुरातात्त्विक महत्त्व बोकेको रेसुङ्गा तपोभूमि क्षेत्रमा स्वेच्छाचारी तरिकाले रिसोर्ट सञ्चालन गर्न दिएको निर्णय एवं सम्झौता र सोसँग सम्बन्धित सम्पूर्ण कार्यहरू उत्प्रेषणको आदेशले बदर गरी सो सम्बन्धमा नगरपालिकाले अघि सारेको सम्पूर्ण कार्य नगर्नू नगराउनू भनी परमादेशको आदेश लगायत जो चाहिने आज्ञा आदेशसमेत जारी गरिपाऊँ भनी निवेदक अधिवक्ता देवी प्रसाद रिजालसमेतले सम्मानित सर्वोच्च अदालतमा मिति २०८१/०१/०२ मा सार्वजनिक

हक वा सरोकारको विषयमा ०८०-WO-१०७० नं.को रिट निवेदन दर्ता भएको थियो ।

नेपालको संविधान तथा कानूनमा धर्म, संस्कृति, वन तथा वातावरण र विकासको सन्दर्भमा भएका व्यवस्थाहरूको संक्षिप्त चर्चा गर्नुपर्ने देखिन्छ । संविधानको प्रस्तावना मै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण र प्रवर्धन गर्ने भन्ने उल्लेख भएबाट सिंगो संविधान नै धार्मिक तथा सांस्कृतिक विविधतालाई आत्मसात् गरी सहिष्णुतासहितको सामाजिक सांस्कृतिक ऐक्यबद्धता कायम गर्न अग्रसर भएको पाइन्छ । संविधानको धारा ४ ले नेपाल राज्यलाई धर्मनिरपेक्ष घोषणा गर्दै "धर्मनिरपेक्षता" भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षणलगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनुपर्छ भनी स्पष्ट परिभाषा गरेको छ । यो संवैधानिक व्यवस्थाले नेपालमा सनातनदेखि चलिआएको धर्म संस्कृति संरक्षण गर्नुपर्ने राज्यको दायित्व रहेको देखाउँछ र सो संगै नेपालमा धार्मिक र सांस्कृतिक स्वतन्त्रता रहेको प्रष्ट पार्दछ । नेपालमा सनातनदेखि चलिआएको धर्मसंस्कृतिको संरक्षणसँगै धार्मिक स्वतन्त्रताको यो संवैधानिक ग्यारेन्टीले धार्मिक स्थलहरूको पवित्रता र तिनमा हुने धार्मिक क्रियाकलापहरूको संरक्षणलाई राष्ट्रिय प्राथमिकताको साथै सनातनदेखिको धार्मिक परम्परा र सांस्कृतिक मूल्यमान्यतालाई संवैधानिक संरक्षण प्रदान गरेको छ । साथै धार्मिक स्थलहरूको पवित्रता कायम राख्नु र तिनमा हुने धार्मिक क्रियाकलापहरूमा कुनै प्रकारको अनावश्यक हस्तक्षेप नगर्नु राज्यको संवैधानिक दायित्वसमेत रहेको देखिन्छ ।

नेपालको संविधानको धारा २६ ले मौलिक अधिकारका रूपमा धार्मिक स्वतन्त्रताको हकको व्यवस्था गरेको पाइन्छ । जसको उपधारा (१) मा धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ, उपधारा (२) मा प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुनेछ । तर धार्मिक स्थल तथा धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न तथा गुठीसम्पत्ति तथा जग्गाको व्यवस्थापनका लागि कानून बनाई नियमित गर्न बाधा पुगेको मानिने छैन । तथा उपधारा (३)मा यस धाराद्वारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भंग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र

त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ भन्ने समेतको व्यवस्था गरी आस्थाअनुसारको धर्म, संस्कृतिको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता प्रदान गरी सो प्रतिकूल कार्य गर्नेलाई कानूनबमोजिम दण्ड सजायसमेत गर्ने व्यवस्था मौलिक हकको रूपमै संविधानमा सुनिश्चित गर्नुले धर्म, संस्कृति र मूल्यमान्यताप्रति राज्य निकै सचेत रहनुपर्ने देखिन्छ । उल्लिखित व्यवस्थाले व्यक्तिगत धार्मिक स्वतन्त्रता मात्र सुनिश्चित नगरेर सामुदायिक धार्मिक स्थलहरूको संरक्षण र संचालनको हकलाई पनि संवैधानिक संरक्षण प्रदान गरेको पाइन्छ । यस व्यवस्थाले रेसुङ्गा जस्ता पवित्र तपोभूमिहरूको संरक्षणलाई सोमा आस्था र विश्वास राख्नेहरूको संवैधानिक अधिकारको रूपमा स्थापना गरी यहाँका धार्मिक क्रियाकलापहरू, तपस्वीहरूको ध्यान र साधना, श्रद्धालुहरूको धार्मिक आस्था सबैलाई मौलिक अधिकारको संरक्षणसमेत प्राप्त रहेको देखिन्छ ।

मुलुकी देवानी संहिता, २०७४ को दफा २० को उपदफा (२) को देहाय (ज) मा "सार्वजनिक नैतिकता र परम्पराको मर्यादा राखी सनातनदेखि चली आएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने" स्वतन्त्रता र अधिकार हुने व्यवस्था गरेको पाइन्छ । साथै देहाय (ञ) मा "आफ्नो धार्मिक समुदायको स्वतन्त्र अस्तित्व कायम राखी धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन गर्ने" कानूनी व्यवस्था गरेको पाइन्छ । उल्लिखित कानूनी व्यवस्थाले धार्मिक अभ्यासलाई कानूनी संरक्षण प्रदान गरी सार्वजनिक नैतिकता र परम्पराको मर्यादाको संरक्षणमा जोड दिएको देखिन्छ ।

संविधानको धारा ३२ मा मौलिक हकका रूपमा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरेको पाइन्छ । जसको उपधारा (२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ । साथै उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ भन्ने व्यवस्था गरेको पाइन्छ । प्रस्तुत अधिकारले सांस्कृतिक सम्पदाका भौतिक र अभौतिक दुबै पक्षहरूको संरक्षणलाई समेटेको देखिन्छ । भौतिक सांस्कृतिक सम्पदामा मठ, मन्दिर, पाटी, पौवा, धर्मशाला, महापोखरी जस्ता धार्मिक र सांस्कृतिक संरचनाहरू पर्छन् भने अभौतिक सम्पदामा नेपालमा लामो समयदेखि चलिआएका प्रथा, परम्परा, चाल-चलन, मूल्यमान्यता, विधिविधान, धार्मिक अनुष्ठान, योग, ध्यान, दानलगायत पर्छन् । रेसुङ्गा तपोभूमिक्षेत्र यी दुबै प्रकारका धार्मिक एवं सांस्कृतिक सम्पदाहरूको भण्डार रहेकोमा विपक्षीहरूसमेत सहमत भएकै देखिन्छ ।

त्यस्तै नेपालको संविधानको भाग-४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वसम्बन्धी व्यवस्थाहरू उल्लेख भएको पाइन्छ । राज्यका नीतिहरूअन्तर्गत धारा ५१ को खण्ड (ग) मा सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीति रहेको पाइन्छ । जसको देहाय (१) मा स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने, देहाय (२) मा ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचार-प्रसार गर्ने, देहाय (४) मा राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने, देहाय (५) मा समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने, देहाय (६) मा देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्नेसमेतका व्यवस्थाहरू उल्लेख भएको पाइन्छ । त्यस्तै धारा ५१ को (ठ) मा पर्यटनसम्बन्धी नीतिअन्तर्गत नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्त्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचारप्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिनेसमेतको संवैधानिक व्यवस्थाले पुरातात्त्विक, ऐतिहासिक र सांस्कृतिक महत्त्वका स्मारक, स्थान, वस्तु र सम्पदाहरूको संरक्षण र संवर्धन गर्नु राज्यको प्राथमिक नीति तथा दायित्वको रूपमा उल्लेख गरिएको पाइन्छ । यसप्रकार संविधानको प्रस्तावना, प्रारम्भिक भागमा भएको धर्मनिरपेक्षको स्पष्टीकरण खण्ड, मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा भएको व्यवस्थालगायतका अन्य कानूनी व्यवस्थासमेतले सनातनदेखि चलिआएको धर्म, संस्कृतिलाई निर्बाधरूपमा उपभोग गर्न पाउनेसहितको धार्मिक स्वतन्त्रता तथा आफ्नो आस्थाअनुसार धार्मिक गतिविधिमा सक्रिय सहभागी भई धर्म, संस्कृति, मूल्य मान्यताको जगेर्नासमेत गर्ने गरी आफ्ना काम कारवाही र गतिविधिहरू सञ्चालन गर्नु राज्यका हरेक निकाय तथा आम नागरिकको समेत महत्त्वपूर्ण कर्तव्य रहेको मान्न सकिन्छ ।

गुल्मी जिल्लास्थित पवित्र रेसुङ्गाधाम महर्षि ऋष्यशृङ्गसित सम्बन्धित रहेको भन्ने पाइन्छ । ऋष्यशृङ्गबाटै अपभ्रंश भई रेसुङ्गा बनेको भन्ने विभिन्न लेख आलेखहरू रहेको पाइन्छ । धार्मिक किंवदन्तीअनुसार त्रेता युगदेखि नै यस

तपोभूमिमा अनेक ऋषिमुनि र साधुसन्तहरूले तपस्या गर्दै आएका, ऋष्यशृङ्गलाई भेट्न भगवान् राम रेसुङ्गामा आउनुभएको, रेसुङ्गाको भुवानी डाँडा हुँदै आउँदा त्यहाँ पत्थरमा पाइला अंकित भएको र सो स्थानमा सीतारामको मन्दिर स्थापना भएको, रामले बाण हानी ऋष्यशृङ्गका लागि पानीको व्यवस्था गरिदिनुभएको, उक्त भूमि अमृतद्वारा सिंचित रहेको, महाभारतको युद्धपछि अर्जुनले श्री कृष्णबाट पुनः गीताको उपदेश श्रवण गर्ने इच्छा गर्दा श्रीकृष्ण र अर्जुन दुबै यहाँ आई अर्जुनलाई गीताको उपदेश दिनुभएको, त्यस बेलादेखि रेसुङ्गाको नाम श्रीकृष्ण पर्वत पनि रहेको लगायतका अनेकौ जनश्रुतिहरू रहेको पाइन्छ । रुरुक्षेत्रबाट करिब ४० किलोमिटर दूरीमा रहेको रेसुङ्गाक्षेत्र रुरु क्षेत्रको शीर्षस्थलको रूपमा रहेको पाइन्छ । समुद्र सतहबाट २३४७ मिटर माथि रहेको रेसुङ्गाक्षेत्रलाई समग्र नेपालीहरू र विश्वभरिका हिन्दुहरूले आस्थाको धरोहर मान्दै पूजा आजा गर्ने तथा उक्त भूमिको भ्रमण गर्ने गरेको विभिन्न समयमा प्रकाशित तथ्याङ्कहरूबाट देखिन्छ । यस क्षेत्रमा योगी स्वामी शशिधर, तपस्वी महाप्रभु लक्ष्मीनारायण, बुद्धिधर, छविलाल, ठाकुरप्रसादसमेतले तपस्या गरेको र योग साधनाद्वारा उक्त भूमिलाई पवित्र बनाइएको भन्ने पनि उक्ति सुन्न पाइन्छ ।

रेसुङ्गाक्षेत्रमा रेसुङ्गा यज्ञशाला, सिद्धस्थान, शशिधर स्वामीको आश्रम, रेसुङ्गा मठ, महापोखरी, सानो रेसुङ्गा, गोशाला, सावनी, सीताराम मन्दिर, मनकामना मन्दिरलगायतका पवित्र धार्मिक स्थलहरू रहेको पाइन्छ । उक्त क्षेत्रमा विभिन्न समयमा भएका यज्ञ, महायज्ञ, योग, ध्यानलगायतका प्रभावका कारण प्रभावमा परी योगी नरहरिनाथले कोटिहोम महायज्ञ गरेपश्चात्देखि नै उक्त क्षेत्रमा वेदशाला तथा धर्मशालासमेतको पुनः जागृत गराइएको र प्राचीन कालदेखि नै उक्त क्षेत्र योग, ध्यान, दान, धर्मकर्म, यज्ञ तथा धार्मिक अनुष्ठानका लागि चर्चित रहेको पाइन्छ । उक्त क्षेत्रको धार्मिक महत्त्वलाई रेसुङ्गा नगरपालिकाले प्रकाशित गरेको ब्रोशरसमेतबाट स्वयं रेसुङ्गा नगरपालिकाले समेत स्वीकार गरेको देखिन्छ । यसरी हेर्दा रेसुङ्गाक्षेत्र प्राकृतिक सम्पदाले भरिपूर्ण, जनताको श्रद्धा, विश्वास र आस्थाको केन्द्र, रेसुङ्गाक्षेत्रमा रहेका पवित्र धार्मिक स्थलहरू, मठमन्दिर तपोभूमि, वनक्षेत्र, आश्रम, महापोखरी, धर्मक्षेत्र, मठ मन्दिर, पाटी, पौवा, यज्ञशाला, धर्मशाला एवं भग्नावशेषसहितको समग्रतालाई रेसुङ्गाक्षेत्रको रूपमा स्वीकार गरिएको पाइन्छ । उक्त रेसुङ्गाक्षेत्रभित्र रहेको महापोखरीमा हरेक श्रावण महिनाभरि मेला लाग्ने तथा सिद्धको पूजा हुने, तीर्थालु भक्तजनका साथै आन्तरिक तथा बाह्य पर्यटकको समेत बर्सेनी बाक्लो उपस्थितिसमेत हुने गरेको पाइन्छ । रेसुङ्गामा रहेको महापोखरीमा स्नान गरी पूजाआजा गरेमा मनोरथसमेत पूरा हुने धार्मिक आस्था तथा उक्त क्षेत्रमा रहेको धार्मिक तथा पर्यटकीय

सम्पदाका साथै सो क्षेत्रमा रहेका अनेकन गुफाहरूले उक्त क्षेत्रको महत्त्व झनै बढाएको पाइन्छ । उल्लिखित पृष्ठभूमि र धार्मिक आस्थाको धरोहरको रूपमा विश्वासमा लिइएको उक्त रेसुङ्गाक्षेत्रको धार्मिक मूल्य मान्यतामा कुनै परिवर्तन नहुने गरी धर्म, संस्कृति र परम्पराअनुसारको पूजापाठ, ध्यान, योग, तीर्थाटनलगायतका कार्यमा थप सुविधा हुने गरी उक्त क्षेत्रको संरक्षण, संवर्धन र प्रवर्धन गर्नेतर्फ राज्यका संघ, प्रदेश र स्थानीय तहका सबै शासकीय एकाइहरूका साथै सम्बद्ध अन्य सबै क्षेत्रको सहकार्य र समन्वयबाट आवश्यक गतिविधिहरू संचालन हुनुपर्दछ । यस्ता गतिविधिहरू संचालन गरिंदा रेसुङ्गा जस्तो आफ्नै पहिचान र मूल्य बोकेको हरेक धार्मिक, सांस्कृतिक, सामाजिक तथा प्राचीन सम्पदा र क्षेत्रको मौलिकता नष्ट नहुने गरी नै थप मजबुत बनाउँदै अगाडि बढ्नुपर्ने हुन आउँछ ।

यसै अदालतबाट अरुण श्रेष्ठसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत रहेको उत्प्रेषण परमादेश मुद्दामा "आफ्नो धर्म, संस्कृति र परम्पराअनुसारको पूजा-पाठ, ध्यान आदि गर्न नपाउनु वा त्यस्तो कार्यमा प्रभाव पर्नु भनेको धर्मलोपकै एउटा स्वरूप हो । गुठी संस्थानको कर्तव्य धर्म संस्कृतिको संरक्षण गर्नु हो । गुठी संस्थानले आयस्ता बढाउने नाममा परम्परागत धर्म, संस्कृतिको प्रयोग र पालनामा अवरोध पुग्ने वा धर्मलोप हुने खालका कुनै पनि कार्य गर्न पाउने अवस्था हुँदैन । त्यसैगरी पूजाआजा चलाउन रकम आवश्यक भएको भन्ने आधारमा नागरिकको धर्मसम्बन्धी हकमा नै दखल दिन वा राष्ट्रिय सम्पदाको रूपमा रहेको धार्मिक सांस्कृतिक सम्पदा प्रभावित हुने गरी कुनै क्रियाकलाप सञ्चालन गर्न पाउने अवस्थासमेत नहुने । कुनै पनि व्यक्ति वा सम्प्रदायले आफ्नो धर्म र संस्कृतिको विना व्यवधान, विना अवरोध परिपालन गर्न पाउनु पर्दछ । व्यक्तिको यो मौलिक अधिकार हो । राष्ट्रभित्र रहेका पुरातात्त्विक महत्त्वका धार्मिक, ऐतिहासिक, सांस्कृतिक सम्पदाको संरक्षण गर्ने दायित्व राज्यकै हो भनी कानूनले नै किटानी गरेको अवस्थामा त्यस्ता सम्पत्तिको संरक्षण र प्रवर्धन गर्ने जिम्मेवारी सरकारले निर्वाह गर्नुपर्ने । प्राचीन सम्पदाको रूपमा रहेका सम्पत्तिहरूको संरक्षण गरी भावी पुस्तालाई सकुशल हस्तान्तरण गर्नुपर्दछ भन्ने उद्देश्य राखेर नै यस्तो संरक्षणात्मक तथा संवर्धनात्मक व्यवस्था गरिएका हुन् । त्यसै गरी आफ्नो धर्म संस्कृतिको निर्विघ्न उपभोग र पालना गर्न पाउने नागरिकको मौलिक अधिकारको प्रत्याभूतिका लागि पनि त्यस्ता धार्मिक, सांस्कृतिक सम्पदाको संरक्षण गरिनुपर्ने" भन्ने व्याख्या भएको पाइन्छ । यसप्रकार प्राकृतिक सम्पदाले भरिपूर्ण, पर्यावरणीय दृष्टिले बहुमहत्त्व बोकेको तथा देशका ८१% भन्दा बढी जनसंख्याको धार्मिक आस्थाको रूपमा

रहेका कुनै पनि सम्पदाको मूल्य मान्यता मास्नेगरी वा तोडमोड गर्नेगरी यो वा त्यो नाममा कुनै पनि सम्पदाका सकारात्मक मूल्यमान्यता नष्ट गर्नेतर्फ राज्यका कुनै पनि निकाय अग्रसर हुनुहुँदैन ।

धार्मिक मूल्यमान्यता र सांस्कृतिक संवेदनशीलताको गहन अध्ययन नगरी सनातनदेखि पुजी आएको धार्मिक क्षेत्रमा धार्मिक आस्था र विश्वासमा दखल हुनेगरी कुनै पनि विकास निर्माण वा लाभको नाममा अवाञ्छित गतिविधि गर्न नदिनु राज्यका हरेक तह र तप्काको गहन जिम्मेवारी हो । नेपालमा रहेको सनातनदेखि मानिआएको धर्ममा आस्था राख्ने धार्मिक स्थलहरूका केही आफ्नै मूल्य-मान्यता र परम्परासमेत रहेको पाइन्छ जसले हरेक व्यक्ति र समाजलाई सन्मार्गमा लाग्न प्रेरित गरिरहेको हुन्छ र सोही मूल्यमान्यताअनुसार समाजले आफ्नै अनुशासन र मर्यादा कायम गरेको हुन्छ । धार्मिक स्थलमा शुद्ध र पवित्र वातावरण कायम राख्नुपर्ने हुँदा मदिराजन्य पदार्थ, मांसाहार र अन्य अशुद्ध गतिविधिहरू निषेधित हुन्छन् भन्ने शुद्धता र पवित्रताको आवश्यकताको कारण धार्मिक स्थलमा व्यावसायिक गतिविधि केवल धार्मिक प्रयोजनका लागि आवश्यक सामग्रीहरूको बिक्रीमा मात्र सीमित हुनुपर्ने र टाढाबाट आएका तीर्थयात्री वा पर्यटकका लागि निःशुल्क वा न्यूनतम शुल्कमा बस्ने खाने आवासको व्यवस्थाका लागि धर्मशालासम्म सञ्चालन गर्न मिल्ने तर मनोरञ्जन वा नाफामुखी व्यावसायिक गतिविधि निषेधित हुने आम प्रचलन नै रहेकोलाई अन्यथा मान्न मिल्दैन । धार्मिक क्षेत्रको अति व्यवसायीकरणले सांस्कृतिक मूल्य मान्यतामा ह्रास हुने, परम्परागत रूपमा यस धार्मिक क्षेत्रको प्रयोग गरी जीविका चलाउने स्थानीय समुदायको विस्थापन हुने खतरा, प्राकृतिक स्रोत-साधनको परम्परागत ज्ञान र धार्मिक सांस्कृतिक अभ्यासहरूको लोप हुने खतरा, अनुचित उपयोगले सांस्कृतिक सम्पदाको मौलिकता नष्ट भई भावी पुस्ताको लागि सम्पदा बाँकी नरहने खतरातर्फ समेत तीनै तहका सरकार, शासकीय एकाइहरू, नागरिक समाज, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसस्था, आम पत्रकार जगत्समेत सचेत भई यस्ता क्षेत्रको संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ ।

रेसुङ्गाक्षेत्र धार्मिक मूल्य मान्यता, परम्परा तथा संस्कृतिका कारण उच्च महत्त्वको क्षेत्र रहेको कुरामा प्रस्तुत निवेदनका पक्ष विपक्षहरू पूर्ण रूपले सहमत भएको देखिन्छ । रेसुङ्गाक्षेत्रमा वर्षौं पहिलेदेखि धर्मशाला चलिआएको भन्ने विषयमा समेत पक्षविपक्ष सहमत भएको देखिन्छ । 'धर्म' र 'शाला' दुई शब्द मिली बनेको 'धर्मशाला' शब्द संस्कृत भाषाबाट आएको पाइन्छ । 'धर्म' भन्नाले धार्मिक कार्य, पुण्यकर्म वा कल्याणकारी कार्यलाई जनाउँछ भने 'शाला' भन्नाले घर, भवन वा आवासलाई बुझाउँछ । हिन्दु धर्मको सन्दर्भमा धर्मशाला भनेको

धार्मिक उद्देश्यका लागि निर्माण गरिएको सार्वजनिक आवास वा विश्राम स्थल हो जहाँ यात्रु, तीर्थयात्री र आवश्यकतामा परेका मानिसहरूलाई निःशुल्क बास बस्ने सुविधा प्रदान गरिन्छ । नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित नेपाली बृहत् शब्दकोशअनुसार 'धर्मशाला' भन्नाले "यात्री, बटुवा, भिक्षु आदिलाई निःशुल्क बस्नका लागि बाटाघाटा वा तीर्थस्थानमा बनाइएको घर, पाटी, पौवा" भन्ने बुझिन्छ । हिन्दू धर्मशास्त्रमा धर्मशालाको निर्माण र सञ्चालन एक महत्त्वपूर्ण पुण्यकर्म मानिन्छ । विभिन्न धर्मग्रन्थअनुसार धर्मशाला निर्माण गर्नु र यसको व्यवस्थापन गर्नु दानको एक उत्कृष्ट रूप हो । यसलाई 'अन्नदान', 'वस्त्रदान' र 'आश्रयदान' को संयुक्त रूप मानिन्छ । तीर्थयात्रीहरूलाई सुरक्षित आश्रय प्रदान गर्नु धार्मिक मान्यताअनुसार मोक्षको बाटो प्रशस्त पार्ने काम हो । धर्मशालाहरू प्रायः मन्दिर परिसर वा तीर्थस्थलहरूमा अवस्थित हुन्छन् । यहाँ बस्ने व्यक्तिहरूले धार्मिक अनुष्ठान, प्रार्थना, र आध्यात्मिक साधनामा सहज रूपमा संलग्न हुन सक्छन् । यसरी धर्मशालालाई केवल भौतिक आश्रयको रूपमा मात्र नभएर आध्यात्मिक विकासको केन्द्रको मूल खाँवोको रूपमा पनि हेरिन्छ । नेपाली समाजमा धर्मशालाको सांस्कृतिक महत्त्व पनि अतुलनीय रहेको पाइन्छ । यो हाम्रो सामुदायिक एकताको प्रतीक हो जसले जात, धर्म, वर्ग र आर्थिक स्थितिको भेदभाव नगरी सबैलाई आश्रय प्रदान गर्छ । धर्मशालामा विभिन्न क्षेत्र र समुदायका मानिसहरू भेला हुन्छन्, जसले सामाजिक एकीकरण र सद्भावनालाई समेत बढावा दिन्छ । धर्मशालालाई सांस्कृतिक आदानप्रदानको केन्द्रको रूपमा समेत लिन सकिन्छ । यसले नेपाली संस्कृतिको बहुलतालाई संरक्षण र संवर्धन गर्नसमेत महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । चाडपर्व, मेला, जात्राका अवसरमा धर्मशालाहरूमा विशेष धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरूको आयोजना भई सन्मार्गमा लाग्नसमेत प्रेरित गर्ने गरेको पाइन्छ ।

धर्मशालाहरूको वातावरणीय महत्त्व पनि उल्लेखनीय रहेको पाइन्छ । धेरैजसो धर्मशालाहरू प्राकृतिक वातावरणमा अवस्थित हुने र यिनीहरूको निर्माणमा स्थानीय सामग्री प्रयोग गरिने हुँदा यसले पर्यावरणमा न्यूनतम नकारात्मक प्रभाव पारेको हुन्छ । धर्मशालाहरूको वरिपरी प्रायः बगैंचा, पीपल, तुलसी जस्ता धार्मिक महत्त्वका रूखहरू रोपिएका हुन्छन् । स्थानीय जैविक विविधतालाई संरक्षण गर्न सहयोग गर्ने गरी नै प्राकृतिक वातावरणमा धर्मशाला निर्माण गरिने हुनाले धर्मशालाको शान्त वातावरणले तनाव कम गर्न र मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने देखिन्छ ।

धर्मशाला सदियौँदेखि नेपाली समाजको एक अमूल्य सम्पदा रहेको र मानवीय सेवा र सामुदायिक एकताको आदर्शको रूपमा धर्मशालाहरू स्थापना

हुने भएकाले यसले धार्मिक, सामाजिक, सांस्कृतिक, आर्थिक, पुरातात्त्विक र वातावरणीय लगायतका सबै क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको हुँदा भविष्यमा पनि धर्मशालाहरूले नेपाली समाजको कल्याणमा निरन्तर योगदान पुऱ्याउने हुँदा यिनीहरूको उचित संरक्षण र आधुनिकीकरणमा जोड दिनुपर्ने देखिन्छ । धर्मशाला नेपाली समाजको सांस्कृतिक र आध्यात्मिक जीवनको केन्द्रबिन्दुको रूपमा रहनाले यी स्थानहरूले सयौँ वर्षदेखि धार्मिक मूल्य, सामुदायिक सद्भावना र आध्यात्मिक शुद्धताको प्रतिनिधित्व गर्दै आएका पाइन्छ । तर आजको भौतिकवादी युगमा यस्ता पवित्र स्थानहरूलाई व्यापारिक केन्द्रमा रूपान्तरण गर्ने प्रवृत्ति बढ्दै गएको छ, जुन अत्यन्तै चिन्ताजनक विषय हो ।

धर्मशालाहरू केवल भवनहरू मात्र नभएर हाम्रो सभ्यताको जीवन्त प्रतीक हुन् । यी स्थानहरूमा शताब्दीयौंदेखि भक्तजनहरूको श्रद्धा, भावना र आस्था संचित भएको हुन्छ । यस्ता स्थानलाई व्यापारिक लाभ हानि वा नाफा नोक्सानका दृष्टिले विशुद्ध व्यापारिक उद्देश्यका लागि प्रयोग गर्न खोज्दा पुर्खाहरूको श्रम, त्याग र भक्तिलाई समेत अपमान हुन पुग्छ । धर्मशालाको पवित्रता र व्यापारिक गतिविधिको सांसारिकता बीचको द्वन्द्वले आध्यात्मिक वातावरणलाई नष्ट गर्ने खतरा पैदा हुन्छ । धर्मशालाहरू समुदायका सबै वर्ग, जात र आर्थिक अवस्थाका मानिसहरूका लागि समान रूपमा खुला ठाउँहरू हुन् । यहाँ धनी-गरिब, उच्च-निम्न सबैले समान आदर र सम्मान पाउँछन् । तर जब यी स्थानहरू व्यापारिक केन्द्र बन्छन्, त्यसले आर्थिक विभाजन सिर्जना गर्छ । उपभोक्ता संस्कृतिले सामुदायिक एकताको ठाउँमा प्रतिस्पर्धा र भौतिकवादी मानसिकता ल्याउँछ ।

धर्मशालाहरूको उद्देश्य व्यक्तिलाई आन्तरिक शान्ति र आध्यात्मिक उन्नति प्रदान गर्नु पनि हो । यी स्थानहरूको शान्त वातावरण, पवित्र मन्त्रध्वनि र धूप-दीपको सुगन्धले मनमा शुद्धता र भक्तिभावना जगाउँछ । व्यापारिक गतिविधिले यस्तो पवित्र वातावरणलाई कोलाहल, तनाव र भागदौडमा परिणत गर्छ । सामान किन्ने-बेच्ने चहलपहलले योग, ध्यान, जप र मनन गर्ने वातावरण नष्ट हुने खतरा पैदा हुन्छ । धर्मशालालाई नैतिक शिक्षा र मानवीय मूल्यहरूको केन्द्र रूपमा पनि मानिन्छ । यहाँ दान, परोपकार, सेवा र त्यागको भावना सिकाइन्छ । अति व्यापारीकरणले यी उच्च आदर्शहरूको ठाउँमा नाफामुखी मानसिकता, स्वार्थ र भौतिक लालसा ल्याउँछ । यसले युवाहरूमा पैसा र व्यापारबाहेक जीवनमा कुनै मूल्य छैन भन्ने गलत सन्देशसमेत पुऱ्याउँछ ।

परम्परागत रूपमा रहेका धर्मशालाहरू निःशुल्क आवास, भोजन र सेवाको

केन्द्रका प्रतिविम्ब हुन् । गरिब, असहाय र यात्रुहरूले यहाँ निःशुल्क सुविधा पाउने स्थानमा चरम व्यापारीकरण, विलासी जीवन र चरम उपभोगवादी दृष्टिकोणले यस्ता सामाजिक सेवाहरूलाई बन्द गराएर आर्थिक रूपमा कमजोर वर्गलाई वञ्चित बनाउँछ । धर्मको नाममा गरिएको यस्तो भेदभावले सामाजिक न्यायको सिद्धान्तलाई समेत कमजोर बनाउँछ ।

विशुद्ध व्यापारिक प्रयोजनका लागि अन्य उपयुक्त स्थानहरूको खोजी गर्नुपर्छ । सहरका व्यापारिक क्षेत्र, औद्योगिक क्षेत्र वा नयाँ योजनाबद्ध बजारहरू स्थापना गरेर आर्थिक गतिविधिलाई प्रोत्साहन दिन सकिन्छ । धर्मशालाहरूको संरक्षण र जीर्णोद्धारमा लगानी गरेर तीनलाई सांस्कृतिक पर्यटनको केन्द्र बनाउन सकिन्छ, जसले दीर्घकालीन आर्थिक लाभ ल्याउँछ । धर्मशाला जस्ता पवित्र स्थानहरू हाम्रो पहिचान, संस्कृति र आध्यात्मिकताका आधारस्तम्भहरू हुन् । यिनलाई विशुद्ध व्यापारिक केन्द्रमा रूपान्तरण गर्नु भनेको हाम्रो सांस्कृतिक विरासतलाई नष्ट गर्नु हो । तत्काल आर्थिक लाभका लागि यी अमूल्य सम्पदाहरूलाई परिवर्तन गर्नु दूरदर्शी निर्णयसमेत मानिदैन । हामीले आर्थिक विकास र सांस्कृतिक संरक्षणबीच सन्तुलन कायम गरेर आगामी पुस्ताका लागि यी पवित्र स्थानहरूलाई सुरक्षित राख्नुपर्छ । यसरी माथि उल्लिखित धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक, पुरातात्त्विक, मानवीय, पर्यावरणीय समेतका बहुआयामिक पृष्ठभूमिका आधारमा हेर्दा प्राचीन मूल्य मान्यता बोकेका पवित्र धार्मिक स्थलहरूमा संचालन भइरहेका धर्मशालाहरूलाई प्रतिस्थापन गर्नेगरी धर्माशालाको नाममा उक्त स्थानमा आधुनिक रिसोर्ट वा कुनै व्यापारिक संरचना निर्माण गरी व्यापार व्यवसाय गर्ने कार्य र निर्णयलाई युक्तिसंगत मान्न सकिदैन ।

अब निरूपण हुनुपर्ने दोस्रो प्रश्न, रेसुङ्गा नगरपालिका र होटल पौवा प्रा.लि. बीच मिति २०७६/०७/०१ मा रेसुङ्गाक्षेत्रमा रिसोर्ट निर्माण गर्ने गरी भएको सम्झौता धार्मिक तथा कानूनी मूल्य मान्यता बमोजिम छ/छैन भन्ने तर्फ विवेचना गरौँ । मिति २०७६/०७/०१ मा रेसुङ्गा नगरपालिका, गुल्मी र होटल पौवा प्रा.लि. बीच रेसुङ्गाक्षेत्रमा रहेको धर्मशाला निर्माण तथा सञ्चालन गर्न २५ वर्षको लागि लिजमा दिनलिन गरिएको सम्झौताका शर्तहरू हेरिनुपर्ने हुन्छ । उक्त सम्झौतामा निम्नानुसार शर्तहरू उल्लेख गरेको पाइन्छः-

१. गुल्मी जिल्लाको रेसुङ्गा पोखरीक्षेत्रमा धर्मशालाको रूपमा बनेको अर्ध संरचनामा संशोधन गरी रेसुङ्गा नगरपालिकाको रेखदेख तथा सुपरिवेक्षणमा नगरपालिकाकै स्टिमेट तथा डिजाइनमा हाल भइरहेको संरचनासमेत तीन

तला निर्माण गर्नुपर्ने छ । तेस्रो तलामाथि पुरातात्त्विक ट्रस्ट राख्नुपर्ने छ ।

२. दोस्रो पक्षले धर्मशालाको पूर्वमा जुभुङ्ग जाने मोटरबाटो, पश्चिममा मसानघाट खोल्सी, उत्तरमा स्वामी शशिधर कुटीको पूर्वपट्टिको ढिक र दक्षिणमा पोखरीतर्फको बाटो समेतको करिव ३० रोपनी क्षेत्रफलको जग्गा प्रयोग गर्न पाउनेछ तर उक्त क्षेत्रमा डोजर लोडर जस्ता Heavy Equipment र ठूला रूख कटान गर्न पाइने छैन ।

३. रेसुङ्गामा हाल भइरहेको धर्मशालामा संलग्न डिजाइन स्टिमेट अनुसारको भौतिक संरचना निर्माण दोस्रो पक्षले दश करोडसम्म लगानीमा पौराणिक आकृतिले सजिएको अन्तर्राष्ट्रियस्तरको रिसोर्ट निर्माण तथा सञ्चालन गर्नुपर्नेछ । उक्त रिसोर्टको निर्माण अवधि चार वर्षको हुनेछ ।

४. रेसुङ्गा धर्मशालाको लिज अवधि २५ वर्षको हुनेछ अर्थात् यो सम्झौता २०७६ साल कार्तिक १ बाट शुरू भई २१०१ आश्विन मसान्तमा समाप्त हुनेछ । त्यसपछि दोस्रो पक्षले निर्माण गरेका सबै संरचना पहिलो पक्षको हुनेछ ।

५. सम्झौताको म्याद समाप्त भए पनि दोस्रो पक्षले सञ्चालन गर्ने भएमा सो पक्षलाई नै पहिलो प्राथमिकता दिनुपर्ने छ ।

६. बुंदा नं. ३ अनुसार निर्माण अवधि सकिएपछि दोस्रो पक्षले पहिलो पक्षलाई भाडा बुझाउनु पर्नेछ । पहिलो चार वर्ष निःशुल्क, दोस्रो पाँच वर्ष २०८१ देखि २०८६ सम्मः वार्षिक ५० हजार, तेस्रो पाँच वर्ष २०८६ देखि २०९१ सम्म प्रतिवर्ष ७५ हजार, चौथो पाँच वर्ष २०९१ देखि २०९६ सम्म प्रतिवर्ष एक लाख, पाँचौं वर्ष २०९६ देखि २१०१ सम्म प्रतिवर्ष १ लाख हुनेछ । त्यसपछि पहिलो पक्षलाई हस्तान्तरण गर्नुपर्नेछ ।

७. वन वातावरणलाई असर नगर्ने गरी हरियाली बनाउन रिसोर्टको वरिपरी विभिन्न फलफूलका बिरूवा दबै पक्षको सहमतिमा तोकिएको क्षेत्रमा रोपण गर्नुपर्ने छ ।

८. रेसुङ्गाक्षेत्रमा निर्माण तथा सञ्चालनमा रहेको रिसोर्टको शान्ति, सुरक्षा कायम गर्न सहयोग गर्नेछ ।

९. पहिलो पक्षले उक्त रिसोर्टमा कार्यक्रम सञ्चालन गर्दा दोस्रो पक्षले सहुलियत दरमा भाडा उपलब्ध गराउनेछ । उक्त सहुलियत दर दुबै पक्षको सहमतिमा कायम गरिनेछ ।

१०. अन्य कुरा संघीय, प्रदेश तथा रेसुङ्गा नगरपालिकाको पूर्वाधार संरचना निर्माण तथा संचालनमा निजी लगानीसम्बन्धी ऐन, २०७५ अनुसार हुनेछ ।

११. उक्त क्षेत्रमा रिसोर्टबाहेक अन्य संरचना निर्माण गर्नु परेमा दोस्रो पक्षले पहिलो पक्षबाट स्वीकृति लिनुपर्ने छ ।

१२. सम्झौताअनुसार कार्य नगरेमा पहिलो पक्षले सम्झौता भङ्ग गर्न सक्नेछ ।

१३. रिसोर्ट निर्माण तथा सञ्चालनमा कुनै बाधा, व्यवधान र समस्या आएमा दुबै पक्षको समझदारीमा लगानी, संरचना र समयमा थपघट गर्न सकिनेछ ।

१४. यो सम्झौता २०७६ कार्तिक १ गतेदेखि लागू हुनेछ ।

विपक्षी रेसुङ्गा नगरपालिकाले विपक्षी होटल पौवा प्रा.लि.सँग उल्लिखित १४ बुँदे सम्झौता गरी लिजमा व्यावसायिक प्रयोजनको लागि दिएको उक्त रेसुङ्गाक्षेत्रको अवस्थिति, क्षेत्राधिकार तथा कानूनी प्रक्रियासमेतका सम्बन्धमा विवेचना गरी निष्कर्षमा पुग्नुपर्ने देखिन्छ ।

तत्कालीन वन ऐन, २०४९ मा संरक्षित वनसम्बन्धी व्यवस्था गरिएको पाइन्छ । उक्त ऐनको परिच्छेद-४ को दफा २३ को उपदफा (१) मा नेपाल सरकारलाई राष्ट्रिय वनको कुनै भाग विशेष वातावरणीय, वैज्ञानिक वा साँस्कृतिक महत्त्वको वा अन्य विशेष महत्त्व भएको लागेमा त्यस्तो राष्ट्रिय वनको भागलाई संरक्षित वनको रूपमा घोषित गर्न सक्नेछ भन्ने व्यवस्था उल्लेख छ । त्यस्तै सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम नेपाल सरकारले राष्ट्रिय वनको कुनै भागलाई संरक्षित वनको रूपमा घोषित गरेपछि त्यसको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ भन्ने रहेको पाइन्छ । सोही ऐनको दफा २४ को उपदफा (१) मा संरक्षित वनमा गरिने वनसम्बन्धी कार्यहरूको व्यवस्थापनको लागि डिभिजन वन कार्यालयले तोकिएबमोजिम कार्ययोजना तयार गरी निर्देशनालयमार्फत प्रदेश मन्त्रालय समक्ष पेस गर्नुपर्नेछ भन्ने व्यवस्था तथा उपदफा (२) मा उपदफा (१) बमोजिम पेस भएको कार्ययोजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा प्रदेश मन्त्रालयले निर्देशनालयमा फिर्ता पठाउन सक्नेछ र निर्देशनालयले आवश्यक हेरफेर गरी आफ्नो राय सहित पठाएपछि सो कार्ययोजना प्रदेश मन्त्रालयले स्वीकृत गर्नेछ भन्ने रहेको पाइन्छ । त्यस्तै उपदफा (३) मा उपदफा (२) बमोजिम स्वीकृत भएको कार्य योजना जिल्ला वन अधिकृतले लागू गर्नेछ भन्ने रहेको तथा उपदफा (४) मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संरक्षित वनक्षेत्रभित्र रहेका अन्य व्यवस्थापन

प्रणाली अन्तर्गतका वनको व्यवस्थापन उपदफा (१) बमोजिमको कार्ययोजना अनुरूप नै गर्नु पर्नेछ भन्ने रहेको पाइन्छ । तत्कालीन वन ऐन, २०४९ को दफा २३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मिति २०७४ फाल्गुन २८ गते नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार गुल्मी जिल्ला, रेसुङ्गास्थित वन "रेसुङ्गा संरक्षित वन" क्षेत्रको रूपमा घोषणा गरेको पाइन्छ । उक्त राजपत्रको सूचना अनुसार रेसुङ्गा संरक्षित वनको क्षेत्रफल : १९२८१.३७ हेक्टर रहेको पाइन्छ । उक्त संरक्षित क्षेत्रको चारकिल्ला हेर्दा पूर्व : गुल्मीदरबार गाउँपालिका वडा नं. २ जुभुङ्को भिरवास र उर्लाकोट, गुल्मीदरबार गाउँपालिका वडा नं. ९ को बलिथुमको नेटा र रातामाटा, पश्चिम : रेसुङ्गा नगरपालिका वडा नं. ८ को खानीगाउँ र छापटोला, इस्मा गाउँपालिका वडा नं.१ हस्तिचौरको कुमालगाउँ शिखाधारा, रेसुङ्गा नगरपालिका वडा नं. १० सिमीचौर चेतेनेटा, रेसुङ्गा नगरपालिका वडा नं. ५ को लामडाँडा र वडा नं. ६ को चेक्मी, उत्तर इस्मा गाउँपालिका वडा नं. १ को जुकेपानी गाउँ हुँदै मल्दिगाउँ, मुसिकोट नगरपालिका वडा नं. ३ को तोलादी र पैंगा र दक्षिण रेसुङ्गा नगरपालिका वडा नं. १० को रैया र फलामेडाँडा, रेसुङ्गा नगरपालिका वडा नं. ११ को केदुवाफेदी, गुल्मीदरबार गाउँपालिका वडा नं. ७ को फेदीसम्मको चारकिल्लाभित्रको क्षेत्रलाई रेसुङ्गा संरक्षित वनक्षेत्र भनी सूचित गरेको पाइन्छ । त्यस्तै हाल प्रचलनमा रहेको वन ऐन, २०७६ को दफा १७ को उपदफा (१) मा यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको संरक्षित वन यो ऐन प्रारम्भ भएपछि स्वतः वन संरक्षणक्षेत्रमा रूपान्तरण भएको मानिनेछ तथा सोही दफा १७ को उपदफा (२) मा उपदफा (१) बमोजिमको वन संरक्षणक्षेत्र रूपान्तरण हुँदा यो ऐन प्रारम्भ भएको बखत कायम रहेको वन व्यवस्थापन पद्धतिमा प्रतिकूल असर परेको मानिने छैन भन्ने व्यवस्था रहेको पाइन्छ । यसरी हेर्दा रेसुङ्गा नगरपालिका, गुल्मी र पौवा प्रा.लि. बीच मिति २०७६/०७/०१ मा भएको रिसोर्ट निर्माणसम्बन्धी भएको सम्झौताको प्रकरण नं. १,२,३ र ४ मा उल्लिखित क्षेत्र रेसुङ्गा संरक्षित वनक्षेत्रभित्रै पर्ने देखियो ।

वन ऐन, २०७६ को दफा (२) को खण्ड (त) मा 'राष्ट्रिय वन' भन्नाले सरकारद्वारा व्यवस्थित वन, वन संरक्षणक्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन, कबुलियती वन, प्रदेशभित्रको राष्ट्रिय वन वा अन्तर प्रादेशिक वन सम्झनुपर्छ भनी उल्लेख गरेको पाइन्छ । सोही ऐनको दफा ८ मा "यस ऐनबमोजिम पट्टा, पूर्जी, वा प्रमाणपत्र प्राप्त गरी वा अरू कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्तिलाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन भन्ने व्यवस्था गरिएको छ । सोही ऐनको दफा

४९ मा राष्ट्रिय वनमा निषेधित गतिविधिहरूको विस्तृत सूची दिइएको छ । यस अनुसार राष्ट्रिय वन फाँड्ने वा वनक्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिज कार्य उत्खनन गर्ने, आवाद गर्ने, घर वा छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने, अतिक्रमण गर्ने काम गरे वा गराएमा कसूर हुने स्पष्ट कानूनी व्यवस्था छ । वन ऐनमा भएको उल्लिखित कानूनी व्यवस्थालाई हेर्दा राष्ट्रिय वनक्षेत्रभित्र "व्यवसाय सञ्चालन गर्ने" कार्यलाई स्पष्ट रूपमा निषेधित गतिविधिको रूपमा उल्लेख गरिएको देखिन्छ । रेसुङ्गा नगरपालिका र होटल पौवा प्रा.लि. बीच मिति २०७६/०७/०१ मा भएको उक्त सम्झौताको प्रकरण नं. ३ मा अन्तर्राष्ट्रिय स्तरको रिसोर्ट निर्माण गरी संचालन गर्ने, तथा प्रकरण नं. ४ मा संचालन अवधि तथा संचालन गरे बापत भाडा लिनेदिने तथा हस्तान्तरणको अवधिसमेत तोकिएको पाइन्छ । यसरी हेर्दा रिसोर्ट सञ्चालन स्पष्ट रूपमा मुनाफा आर्जन गर्नेगरी संचालन गर्ने व्यावसायिक गतिविधि रहेकोमा शंका गर्नुपर्ने अवस्था देखिँदैन । नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी उक्त क्षेत्रलाई रेसुङ्गा संरक्षित वन घोषणा गरिसकेको तथा उक्त क्षेत्र राष्ट्रिय वनक्षेत्र रहेको देखिँदा राष्ट्रिय वनक्षेत्रभित्र कानूनी प्रक्रिया पूरा नगरी अत्याधुनिक रिसोर्ट खोली व्यवसाय गर्ने गरी सम्झौता गर्न मिल्ने देखिँदैन ।

वन ऐन, २०७६ को दफा ३ को उपदफा (१),(२) र (३) मा राष्ट्रिय वनक्षेत्रको भू-स्वामित्व, भू-उपयोग र भोगाधिकारसम्बन्धी व्यवस्था गरिएको पाइन्छ । उक्त ऐनको दफा ३ को उपदफा (१) मा राष्ट्रिय वनक्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहनेछ, उपदफा (२) मा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयविना राष्ट्रिय वनक्षेत्रको भू-उपयोग परिवर्तन गर्न, राष्ट्रिय वनको भोगाधिकार कसैलाई उपलब्ध गराउन, धितो बन्धकी, सट्टापट्टा वा अन्य किसिमले हक हस्तान्तरण गर्न सकिने छैन, त्यस्तै उपदफा (३) मा राष्ट्रिय वनक्षेत्रको भू-उपयोग परिवर्तन गर्ने र भोगाधिकार उपलब्ध गराउनेसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत दफा ३ अन्तर्गतका उपदफाहरूमा उल्लेख भएका कानूनी प्रावधानहरू हेर्दा कुनैपनि तह वा निकायले नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयविना कुनै पनि राष्ट्रिय वनक्षेत्रको भू-उपयोग परिवर्तन गर्न, राष्ट्रिय वनको भोगाधिकार कसैलाई उपलब्ध गराउन, धितो बन्धकी, सट्टापट्टा वा अन्य किसिमले हक हस्तान्तरण गर्न मिल्ने देखिएन ।

अब, प्राचीन स्मारक संरक्षण ऐन,२०१३ मा भएको कानूनी व्यवस्था हेरौँ । प्राचीन स्मारकहरूको संरक्षण, पुरातात्त्विक वस्तुहरूको व्यापार र प्राचीन स्मारकहरू भएका ठाउँको खनाइसमेतमा नियन्त्रण राखी प्राचीन स्मारकहरू र

पुरातत्त्वसम्बन्धी ऐतिहासिक वा कलात्मक वस्तुहरूको उपलब्धि र संरक्षणसमेत गरी शान्ति र व्यवस्था कायम राख्ने उद्देश्यका साथ यो ऐन जारी भएको देखिन्छ । सो ऐनको दफा २(क) मा "प्राचीन स्मारक" इतिहास, कला, विज्ञान, वास्तुकला वा स्थापत्यकलाको दृष्टिकोणले महत्त्व राख्ने एकसय वर्ष नाघेको मन्दिर, स्मारक, घर, देवालय, शिवालय, मठ, गुम्बा, विहार, स्तुप आदि सम्झनु पर्छ र सो शब्दले स्मारक रहेको ठाउँ र राष्ट्रिय वा अन्तर्राष्ट्रिय दृष्टिकोणले विशिष्ट मूल्य राख्ने एक अर्कोसँग जोडिएको वा एकै इलाकामा बेग्लाबेग्लै रूपमा अवस्थित मानव बस्ती वा स्थल र प्राचीन मानव बस्तीको अवशेष, प्राचीन स्मारकहरूको भग्नावशेष, गुफा आदि समेतलाई जनाउँछ" भन्ने रहेको पाइन्छ । यसअनुसार १०० वर्ष नाघेका संरचनाहरू, इतिहास, कला, विज्ञान, वास्तुकला वा स्थापत्यकलाको आधारमा महत्त्व राख्ने संरचनाहरू, संरचना भएको वरपरको क्षेत्र समेत प्राचीन स्मारकअन्तर्गत रहने देखिन्छ । रेसुङ्गाक्षेत्रको प्राचीन इतिहास हेर्दा त्रेतायुगदेखि नै विभिन्न ऋषि महर्षिहरूले यस क्षेत्रमा ध्यान र तपस्या गरेको भन्ने जनआस्था, हिन्दू धर्मको प्राचीन योगध्यान गर्ने तपोभूमिको रूपमा स्थापित रहेको पाइएको, वि.सं. १८८३ मा स्वामी शशिधरका पुत्र महाप्रभु लक्ष्मीनारायणले महापोखरी निर्माण गर्न लगाई सबै तीर्थबाट जल ल्याएर मिसाई यस पोखरीलाई सर्वतीर्थ बनाएको भन्ने धार्मिक मान्यतासँगै समयसमयमा ठूला ठूला यज्ञहरू हुनेगरेको त्यस क्षेत्रमा रहेको इतिहासबाट देखिन्छ । रेसुङ्गाक्षेत्रमा रहेका पौराणिक शैलीको यज्ञशाला, राधाकृष्णको मन्दिर, मठ, पाटी, पौवा, महापोखरी आदि सबै संरचनाहरूको ऐतिहासिकता हेर्दा प्राचीन स्मारक ऐनले परिभाषित गरेबमोजिम राष्ट्रिय र अन्तर्राष्ट्रिय दृष्टिकोणले विशिष्ट मूल्य राख्ने धार्मिक र सांस्कृतिक सम्पदाहरू भएको पाइन्छ । प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(७) मा संरक्षित स्मारक क्षेत्रमा कुनै पनि निर्माण कार्यको स्पष्ट प्रक्रिया तोकिएको छ । यसअनुसार "नगरपालिकाले क्षेत्रभित्र पर्ने संरक्षित स्मारक क्षेत्रमा घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गर्न चाहने व्यक्तिले पेस गरेको नक्सामा नगरपालिकाले प्रचलित कानूनबमोजिम पास गर्नुभन्दा अगावै त्यस्तो नक्सामा पुरातत्त्व विभागको स्वीकृति लिनु पर्नेछ । नगरपालिकाबाट स्वीकृतिको लागि प्राप्त नक्सा अध्ययन गरी पुरातत्त्व विभागले स्वीकृति दिन, नदिन वा संशोधन सहित स्वीकृति दिन सक्नेछ" भन्ने रहेको पाइन्छ । साथै सोही ऐनको दफा ३(८) मा संरक्षित स्मारक क्षेत्रमा घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुनर्निमाण कार्य गर्दा स्वीकृत नक्साबमोजिम नगरेमा त्यस्तो घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गर्ने कार्यलाई रोक्न पुरातत्त्व विभागले आदेश दिन सक्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ । प्राचीन स्मारक ऐनमा भएका उल्लिखित कानूनी प्रावधानहरू हेर्दा

पुरातत्त्व विभागको पूर्व स्वीकृतिविना संरक्षित स्मारक क्षेत्रमा कुनै निर्माण कार्य गर्न नमिल्नुका साथै सो क्षेत्रमा निर्माण कार्य गर्न वा संरचना बदल्न कुनै पनि स्थानीय निकायहरूलाई पुरातत्त्व विभागको अनुमति विना एकलौटी निर्णय गर्ने अधिकार नरहेको भन्ने देखिन्छ ।

अब, पुरातत्त्व विभागले रेसुङ्गा नगरक्षेत्रभित्र अवस्थित धर्मशालालगायतका संरचना निर्माण गर्न के कस्तो अनुमति प्रदान गरेको थियो वा थिएन भनी हेर्नुपर्ने हुन्छ । रिट निवेदक तथा विपक्षीहरूले पेस गरेको मिसिल संलग्न कागजातहरू हेर्दा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्त्व विभागले मिति २०७२/०३/०८, च.नं.२६६२ को पत्रबाट तत्कालीन जिल्ला विकास समितिको कार्यालय, गुल्मीलाई धर्मशाला निर्माण सम्बन्धमा लेखिएको पत्रमा तहाँबाट प्रस्ताव गरिएको स्थलमा धर्मशाला निर्माण गर्दा धार्मिक वनको वातावरण र सांस्कृतिक पर्यावरणमा प्रतिकूल असर नपर्ने गरी परम्परागत नेपाली शैलीको धर्मशाला निर्माण गर्ने गरी सहमति दिएको भन्ने देखिन्छ । त्यस्तै जिल्ला समन्वय समितिको कार्यालय गुल्मीले रेसुङ्गा नगरपालिकाको कार्यालय, तम्घास, गुल्मीलाई रेसुङ्गा स्थित निर्माणाधीन धर्मशाला सभाहल सम्बन्धमा मिति २०७५/१०/२२, च.नं.२८४ मा लेखेको पत्रमा यस कार्यालयको स्वामित्वमा रहेको रेसुङ्गा महापोखरीक्षेत्रमा निर्माणाधीन सभाहल (धर्मशाला) को गत विगत वर्षहरूमा निर्माण कार्य भएकोमा कार्य सम्पन्न नभएको र यस वर्ष सो निर्माणको लागि बजेट प्राप्त नभएको हुँदा बनिसकेको संरचनाको समेत संरक्षण हुन सकेको छैन । यस अवस्थामा सो निर्माण कार्य सम्पन्न गरी प्राकृतिक वातावरण सन्तुलन राखी धार्मिक र सांस्कृतिक आस्थामा आघात नपुग्ने गरी सोको नियमानुसार संरक्षण, संवर्धन र उपयोग गर्ने गरी त्यस नगरपालिकालाई हस्तान्तरण गरिएको भनी उल्लेख भएको पाइन्छ । यस पृष्ठभूमिमा उक्त रेसुङ्गा नगरपालिकाले होटल पौवा प्रा.लि.सँग उक्त धर्मशाला रहेको स्थान/क्षेत्रमा धर्मशालाको रूपमा बनेको अर्ध संरचनामा संशोधन गरी करिब ३० रोपनी क्षेत्रफलको जग्गा प्रदान गरी उक्त क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरको रिसोर्ट निर्माण तथा संचालन गर्न दिने लिने गरी मिति २०७६/०७/०१ मा गरिएको उक्त सम्झौता हेर्दा पुरातत्त्व विभागले मिति २०७२/०३/०८, च.नं.२६६२ को पत्रबाट तत्कालीन जिल्ला विकास समितिको कार्यालय, गुल्मीलाई धर्मशाला निर्माण सम्बन्धमा दिएको अनुमति प्रतिकूल हुने गरी उक्त धर्मशालाको डिजाइन र उद्देश्य नै फरक पारी सम्झौता गरी निर्माण कार्य गरेको देखिन्छ । प्राचीन स्मारक संरक्षण ऐन,२०१३ को दफा ३ को उपदफा (६) मा भएको घर वा भवन निर्माण वा आकारमा परिवर्तन गर्दा भवन मर्मत, थपघट वा पुनर्निर्माण गर्दा

पुरातत्त्व विभागले तोकेको मापदण्डबमोजिम निर्माण, मर्मत वा थपघट वा पुनर्निर्माण गर्नुपर्नेमा सो सम्बन्धमा पुरातत्त्व विभागसँग कुनै समन्वय भएको, अनुमति माग गरेको वा अनुमति प्रदान गरेको वा रेसुङ्गा नगरपालिकाले सो मापदण्ड पूरा गरेको समेत देखिएन । साथै सोही ऐनको दफा ३ को उपदफा (७) मा भएको व्यवस्थाअनुसार नगरपालिका क्षेत्रभित्र पर्ने संरक्षित स्मारक क्षेत्रमा घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गर्नु पर्दा नगरपालिकाले नक्सा पास गर्नु अगावै त्यस्तो नक्सामा पुरातत्त्व विभागको स्वीकृति लिनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेकोमा त्यसरी पुरातत्त्व विभागले दिएको स्वीकृति प्रतिकूल हुने गरी फरक उद्देश्य राखेर निर्माण गर्न लागिएको रिसोर्टको सम्बन्धमा उक्त नगरपालिकाले पुरातत्त्व विभागसँग कुनै अनुमति लिएको वा उक्त निर्माण गर्न लागेको रिसोर्टको नक्सा डिजाइनसमेतको हकमा पूर्वस्वीकृति लिएको पाइएन ।

पुरातत्त्व विभागले यस अदालतमा पेस गरेको लिखित जबाफको बेहोरा हेर्दा उक्त स्थानमा धर्मशाला निर्माण भएपश्चात् त्यसको सञ्चालन, रेखदेख, प्रयोगलगायतका कार्यमा विभागको कुनै संलग्नता नरहने हुनाले भक्तजनहरूको सुविधाका लागि त्यस क्षेत्रमा रहेको धार्मिक वनको वातावरण र पर्यावरणमा कुनै क्षति नपुग्ने गरी परम्परागत नेपाली शैलीको धर्मशाला निर्माण गर्न सकिने सहमति दिइएको भन्ने बेहोराले भक्तजनहरूको सुविधालाई केन्द्रमा राखेर धार्मिक प्रयोजनका लागि धर्मशाला निर्माणको लागि सहमति लिएको स्थानमा व्यापारिक प्रयोजन राखी रिसोर्ट निर्माण गर्न क्षेत्राधिकारभन्दा बाहिर गई निर्माणसम्झौता गरेको देखियो । विपक्षी रेसुङ्गा नगरपालिका तथा होटल पौवा प्रा.लि.ले उक्त परिवर्तित संरचना निर्माण तथा संचालन गर्ने गरी पुरातत्त्व विभागसँग कानूनबमोजिम सहमति प्राप्त गरेको कुनै सबुद प्रमाणसमेत पेस गर्न सकेको देखिएन ।

अब, नेपालको संविधानमा भएको राज्यको संरचना र राज्यशक्तिको बाँडफाँडसम्बन्धी भएको व्यवस्थाको चर्चा गरौँ । संविधानको धारा ५६ को उपधारा (१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तहको हुनेछ भन्ने व्यवस्था रहेको पाइन्छ । उपधारा (२) मा नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान र कानून बमोजिम गर्नेछन् भन्ने संवैधानिक व्यवस्थाले पुरानो केन्द्रीकृत राज्य संरचनालाई संविधानमा नै व्यवस्था गरी संघ, प्रदेश र स्थानीय तह सहितको ३ तहको शासकीय संरचनामा परिणत गरेको देखिन्छ । त्यस्तै संविधानको धारा ५७ मा राज्यशक्तिको बाँडफाँडसम्बन्धी व्यवस्था गरेको पाइन्छ । सो धाराको

उपधारा (१) मा संघको अधिकार अनुसूची-५ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकार संविधान र संघीय कानून बमोजिम हुने उल्लेख गरिएको पाइन्छ । त्यस्तै उपधारा (२) मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहने, उपधारा (३) मा संघ र प्रदेशको साझा अधिकार अनुसूची ७ मा उल्लिखित विषयमा निहित रहने, उपधारा (४) मा स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लिखित विषयमा निहित रहने तथा अनुसूची (५) मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ मा उल्लिखित विषयमा निहित रहने र उल्लिखित अधिकारहरू प्रयोग गर्दा संविधान, संघीय कानून र सम्बन्धित तहको कानून बमोजिम हुने व्यवस्था रहेको पाइन्छ । संविधानको धारा ५७ ले राज्यशक्तिको बाँडफाँड गरेअनुसार अनुसूची-५ मा संघको एकल अधिकारहरूको सूची रहेको पाइन्छ । जसको क्र.सं.२७ मा "सिमसार क्षेत्र, राष्ट्रिय वन नीति" र क्र. सं. ३४ मा "पुरातत्त्विक महत्त्वका स्थान र प्राचीन स्मारक" संघको एकल अधिकार सूचीमा समावेश भएको पाइन्छ । यस अनुसार राष्ट्रिय वनक्षेत्र तथा पुरातात्त्विक महत्त्वका स्थान र प्राचीन स्मारकसँग सम्बन्धित क्षेत्राधिकार संघीय सरकारसँग रहेको र संविधान र संघीय कानूनलाई मुख्य आधार बनाई सो क्षेत्रको व्यवस्थापन गर्नुपर्ने देखियो । संविधानकै अनुसूची-८ मा रहेको स्थानीय तहको अधिकारको सूची हेर्दा स्थानीय तहको २२ ओटा एकल अधिकारका सूचीमा भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, कृषि, पशुपालन, घरजग्गा धनी पुर्जा वितरणलगायतका एकल अधिकारका सूची राखे तापनि उक्त एकल अधिकारको सूचीमा राष्ट्रिय वन तथा पुरातात्त्विक महत्त्वका स्थान तथा प्राचीन स्मारकहरूको सम्बन्धमा व्यवस्था गरेको पाइएन । त्यस्तै अनुसूची-९ मा रहेको संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची हेर्दा १५ ओटा साझा अधिकारका सूची रहेकोमा क्र.सं. ७ मा वन जंगल, वातावरण, पर्यावरण तथा जैविक विविधता तथा क्र.सं.१२ मा पुरातत्त्व, प्राचीन स्मारक र संग्रहालय रहेको देखिन्छ ।

तुलनात्मक अध्ययन गरी हेर्दा संविधानको अनुसूची-५ मा संघको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राख्नुले पुरातात्त्विक महत्त्व र प्राचीन स्मारक तथा वन वातावरणसँग सम्बन्धित क्षेत्रहरू संघको एकल अधिकारको सूचीमा र तीनै तहको साझा अधिकारको सूचीमा राख्नुले उक्त क्षेत्रसंग संघको मुख्य जिम्मेवार भूमिका रहनुका साथै तीनै तहको सहकार्य र समन्वयमा विकास निर्माण, संरक्षण तथा संवर्धन र उपयोग गर्नुपर्ने देखिन्छ । संविधानको धारा २३२ को उपधारा (१) मा

संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भन्ने संवैधानिक व्यवस्थाले हाम्रो देशमा लागू भएको संघीयता एकल स्वायत्त आत्मनिर्णयको अधिकार नभएर शासनमा शासकीय एकाइहरूबीच सहकारिता, सहअस्तित्व र समन्वयलाई बढावा दिएको पाइन्छ । साथै संविधानको धारा ५७(६) मा "तीनै तहको अधिकारको सूचीमा राखिएको कुनै विषयमा संघले कानून बनाइसकेको छ भने सो कानूनसँग बाँझिने गरी प्रदेश वा स्थानीय तहले कानून बनाउन वा कुनै निर्णय गर्न पाउने छैन" भन्ने संवैधानिक व्यवस्थाले साझा अधिकारको सूचीमा समावेश भएको विषयमा संघले कानून बनाइसकेको अवस्थामा सोसँग बाझिनेगरी प्रदेश वा स्थानीय तहले कानून बनाउने वा संघीय सरकारको निर्णयलाई प्रतिकूल हुनेगरी कुनै कार्य गर्न नमिल्ने हुँदा वन ऐन, २०७६ तथा प्राचीन स्मारक संरक्षण ऐन, २०१३ संघीय कानून रहेको अवस्थामा सो ऐनले निर्धारण गरेका कानूनी कार्यविधि पुरा नगरी कुनै पनि प्रदेश वा स्थानीय तहले साझा अधिकारका सूचीमा रहेका क्षेत्राधिकारमा एकलौटी निर्णय गर्न मिल्ने देखिएन ।

अब स्थानीय सरकार संचालन ऐन,२०७४ मा प्रस्तुत विवादका सम्बन्धमा भएको कानूनी व्यवस्थाको चर्चा गरौँ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ ले स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सम्पत्ति संरक्षणसम्बन्धी अधिकार र सीमाहरू तोकेको छ । सो ऐनको दफा ९७ को उपदफा (१) मा (क) सरकारी, सामुदायिक वा सार्वजनिक सम्पत्ति, (ख) आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, (ग) ढल, नाला, पुल, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो र सडकको दायाँ बायाँका रूख (घ) आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बगैँचा, बसपार्क वा अन्य संरचना, (ङ) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण, सीमसारक्षेत्र तथा राष्ट्रिय वनबाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, (च) संविधान र प्रचलित कानूनबमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकारबाहेकको अन्य प्राकृतिक सम्पदा, (छ) प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारले तोकिदिएको प्राकृतिक सम्पदा तथा क्षेत्र भनी उल्लेख भएको पाइन्छ । माथि उल्लिखित दफा ९७ को उपदफा (१) को देहाय (ङ) मा भएको राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण, सीमसारक्षेत्र तथा राष्ट्रिय वनबाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन भनी उल्लेख हुनुले उल्लिखित क्षेत्र बाहेकका वनको मात्र स्थानीय तहले रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने देखियो । साथै सोही ऐनको दफा ९७ को उपदफा

(२) मा गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरू कुनै बेहोराले हक हस्तान्तरण गर्न पाउने छैन भन्ने कानूनी व्यवस्थासमेत रहेको देखिन्छ । यसरी स्थानीय तहको सरकार संचालनको लागि नै व्यवस्थापिका संसदद्वारा निर्माण गरी जारी गरिएको संघीय कानून स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९७(१)(ङ) ले राष्ट्रिय वन स्थानीय सरकारको क्षेत्राधिकार भित्र नपरेको स्पष्ट किटान गरेको, वन ऐन, २०७६ को दफा (२) को खण्ड (त) ले धार्मिक वन तथा वन संरक्षण क्षेत्रसमेतलाई 'राष्ट्रिय वन' को रूपमा परिभाषित गरेको तथा उक्त रेसुङ्गाक्षेत्रमा अवस्थित धार्मिक वनलाई नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी उक्त क्षेत्रलाई रेसुङ्गा संरक्षित वन घोषणा गरिसकेको तथा सार्वजनिक तथा सामुदायिक सम्पत्ति कसैलाई बिक्री वितरण वा हक हस्तान्तरण वा लिजमा दिन नपाइने प्रष्ट कानूनी व्यवस्था रहेको अवस्थामा उक्त राष्ट्रिय वन स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने देखिन आएन । यसप्रकार माथि विवेचित नेपालको संविधानको भाग ४ मा भएको राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व, धारा ५६ र धारा ५७ तथा अनुसूची ५, ८ र ९ मा भएको अधिकारको सूची, उक्त रेसुङ्गाक्षेत्रलाई 'रेसुङ्गा संरक्षित वन' घोषणा गरी मिति २०७४/११/२८ मा नेपाल राजपत्रमा प्रकाशित भएको सूचना, वन ऐन,२०७६ मा भएको कानूनी व्यवस्था, प्राचीन स्मारक संरक्षण ऐन, २०13 मा भएको व्यवस्था, स्थानीय सरकार संचालन ऐन,२०७४ लगायतमा भएका कानूनी व्यवस्था समेतलाई हेर्दा रेसुङ्गा नगरपालिका र होटल पौवा प्रा.लि. बीच मिति २०७६/०७/०१ मा रेसुङ्गाक्षेत्रमा रिसोर्ट निर्माण गर्ने गरी भएको सम्झौता नेपालको संविधान तथा सोसँग सम्बन्धित कानूनहरूमा भएको व्यवस्थाबमोजिमको देखिन आएन ।


अतः माथि विवेचित आधार एवं कारणबाट नेपालको संविधानको प्रस्तावनामा भएको बहुजाति, भाषा, धर्म संस्कृतिप्रति सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण र प्रवर्धन गर्ने भन्ने व्यवस्था, धारा ४ को स्पष्टीकरण खण्डमा रहेको धर्मनिरपेक्षसम्बन्धी भएको व्याख्या, धारा २६ मा मौलिक हकको रूपमा रहेको धार्मिक स्वतन्त्रतासम्बन्धी हकमा भएको व्यवस्था, धारा ३२ मा मौलिक हककै रूपमा रहेको भाषा तथा संस्कृतिको हकसम्बन्धी व्यवस्था, भाग ४ मा रहेको सामाजिक, सांस्कृतिक सम्बन्धी नीति, धारा ५६ र धारा ५७ तथा अनुसूची ५, ८ र ९ मा भएको अधिकारको सूची, उक्त रेसुङ्गाक्षेत्रलाई 'रेसुङ्गा संरक्षित वन' घोषणा गरी मिति २०७४/११/२८ मा नेपाल राजपत्रमा प्रकाशित भएको सूचना, वन ऐन,२०७६ मा भएको कानूनी व्यवस्था,

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ मा भएको व्यवस्था, स्थानीय सरकार संचालन ऐन,२०७४ लगायतमा भएका कानूनी व्यवस्थासमेतलाई हेर्दा रेसुङ्गा नगरपालिका र होटल पौवा प्रा.लि. बीच मिति २०७६/०७/०१ मा रेसुङ्गाक्षेत्रमा रहेको धर्मशालाको संरचना संशोधन गरी अन्तर्राष्ट्रिय स्तरको रिसोर्ट निर्माण गर्नेगरी भएको सम्झौता र सो सम्झौताबमोजिम भए गरेका काम कारवाहीहरू गैह्रकानूनी भएकोले उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब आवश्यकता परेको खण्डमा उक्त क्षेत्रमा रहेको रेसुङ्गा संरक्षित वन, महापोखरी तथा सो क्षेत्रको वातावरणीय तथा पर्यावरणीय महत्त्व नखलबलिने तथा धार्मिक सामाजिक तथा पुरातात्त्विक महत्त्वमा असर नपर्ने गरी कानूनबमोजिम क्षेत्राधिकार रहेका निकायको अनुमति जे जो लिनुपर्ने हो लिई परम्परागत नेपाली शैलीको गैह्र व्यावसायिक तथा गैह्र नाफामूलक धार्मिक धर्मशाला निर्माण गर्नू गराउनू भनी विपक्षीहरूको नाममा परमादेशसमेत जारी हुने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नू ।

**इति संवत् २०८१ साल चैत्र महिना ०६ गते रोज ४ शुभम्_______**

**०००**


**नेपालका सुप्रसिद्ध चार धाममध्येको**
**एक**
**ऐतिहासिक पवित्र तीर्थस्थल**
**रुरुक्षेत्रको बारेमा विस्तृत**
**जानकारी प्राप्त गर्न**
**किरण पुस्तकालयद्वारा प्रकाशित**
**'हाम्रो पुरुषार्थ'को**
***रुरुक्षेत्र विशेषाङ्क***
**खोजी खोजी पढ्नुहोस् ।**



लेख

# रेसुङ्गा नगरपालिका संक्षिप्त चिनारी



✍ **शङ्करप्रसाद गौतम**

**नगरपालिकाको स्थापना**

गुल्मी जिल्लाको सदरमुकाम तम्घास व्यपारिक केन्द्र थियो । शैक्षिक, व्यापारिक तथा जनसंख्याको हिसाबले तम्घासलाई नगरपालिका बनाउन उपयुक्त हुने चर्चा-परिचर्चा बेला-बेलामा हुने गर्दथ्यो । देशका यस्तै प्रकारका जिल्ला सदरमुकामहरू नगरपालिका बनिसकेका थिए । तथापि यो नगरपालिका बनेको यथिएन । पछि २०६८ सालमा जनताको इच्छा-चाहना र जनप्रतिनिधिहरूको चअनुरोधमा नेपाल सरकारद्वारा बजेट वक्तव्यमार्फत सोही साल श्रावण १ गते साविकको तम्घास गाविसलाई नगरपालिका घोषणा गरिएको थियो । तर यो घोषणा जनस्वीकार्य भएन । साविक तम्घास गाविसका छिमेकी गाविसहरू अर्खले, सिमिचौर र दुबिचौरका नागरिकहरूले "हामी पनि नगरपालिकामा समावेश हुन पाउनुपर्छ" भन्दै आन्दोलन नै गरे । उनीहरूले साविक जिल्ला विकास समितिमा धर्ना जुलुस तथा घेराउसमेत गरे ।

यसरी छिमेकी गाविसका जनताले नगरपालिकामा समावेश हुने इच्छा जाहेर गरेपछि नगरपालिका सिफारिस गर्न जिल्लामा नगरपालिका सिफारिस समिति गठन भयो । सिफारिस समितिले विभिन्न चरणमा राजनीतिक दलहरू तथा सम्बद्ध गाविसका जनप्रतिनिधिहरूसँग छलफल र वार्ता गरी २०६८ साल श्रावण ३० गते आन्दोलनरत गाविसहरूलाई समेत समावेश गरेर "रेसुङ्गा नगरपालिका" नामकरण गर्ने गरी नेपाल सरकारलाई सिफारिस गऱ्यो । तर तत्काल नगरपालिका घोषणा हुन सकेन ।

पछि २०७१ साल वैशाख २५ गते नगरपालिका सिफारिस समितिको सिफारिसकै आधारमा नेपाल सरकारले रेसुङ्गा नगरपालिका घोषणा गऱ्यो । यही मितिलाई आधार मानेर रेसुङ्गा नगरपालिकाले आफ्नो स्थापना दिवस हरेक वर्ष

वैशाख २५ गते मनाउँदै आएको छ । नगरपालिका घोषणा भएसँगै तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशन र जिल्लाका राजनीतिक दल, प्रशासनिक निकाय र सम्बद्ध कर्मचारीहरूको उपस्थितिमा साविक तम्घास गाविसको अतिथि भवन (भूत बंगला) मा मिति २०७१ जेठ १ गते विधिवत् रूपमा कार्यालय स्थापना गरी नगरपालिका कार्यान्वयनमा ल्याइएको थियो । रेसुङ्गा नगरपालिकाको पहिलो कार्यकारी अधिकृतका रूपमा कार्य गर्न नेपाल सरकारले तत्कालीन जिल्ला विकास समितिका योजना अनुगमन तथा प्रशासकीय अधिकृत बाबुराम पल्लीलाई जिम्मेवारी तोकेको थियो ।

नेपालमा २०७२ सालमा नयाँ संविधान जारी भएपछि देश पुनःसंरचनामा गयो । जिल्ला पुनःसंरचना समितिले साविक पराल्मी गाविस पूर्ण रूपमा तथा साविक नयाँगाउँ गाविसका ८ र ९ वडाहरू समावेश गरेर नगरपालिका गठन गर्न सिफारिस गरेपछि २०७३ साल फाल्गुन २७ गते हालको रेसुङ्गा नगरपालिका घोषणा गरिएको हो । हाल रेसुङ्गा नगरपालिकामा १४ वटा वडाहरू छन् । नगरपालिकाको वडा नं. ९ मा प्रशासकीय भवन रहेको छ । यही भवनबाट नगरपालिकाले प्रशासनिक कार्य सञ्चालन गरेको छ । वडा नं. १ र ८ का वडा कार्यालय भाडामा सञ्चालन छन् भने अरू वडाले आफ्नै भवनबाट सेवा प्रदान गरेका छन् ।

**अवस्थिति र सिमाना**

रेसुङ्गा नगरपालिका नेपालका सात प्रदेशमध्ये लुम्बिनी प्रदेश, गुल्मी जिल्लाको प्रदेश निर्वाचन क्षेत्र नं १ र २ को साझा क्षेत्रअन्तर्गत पर्छ । यस नगरपालिकाले ८३.७ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ भने २७° ५९′ देखि २८° ५९′ उत्तरी अक्षांशसम्म र ८३° १२′ देखि ८३° १९′ पूर्वी देशान्तरम्म फैलिएको छ । रेसुङ्गा नगरपालिकाको पूर्वमा गुल्मीदरबार गाउँपालिका, पश्चिममा धुर्कोट गाउँपालिका तथा अर्घाखाँची जिल्ला उत्तरमा इस्मा गाउँपालिका तथा मुसिकोट नगरपालिका र दक्षिणमा अर्घाखाँची जिल्ला पर्छन् ।

**जनसांख्यकीय विवरण**

जनगणना २०७८ अनुसार रेसुङ्गा नगरपालिकामा ९०१५ घरधुरी रहेका छन् भने कूल जनसंख्या ३१५५१ जना रहेको छ । यीमध्ये महिला १७००१ पुरुष १४५५८ जना रहेका छन् ।

## वडाअनुसारको विवरण

| वडा नं. | वडा कार्यालय रहेको स्थान | क्षेत्रफल वर्ग कि.मि. | घरधुरी | जनसंख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | जम्मा | महिला | पुरुष |
| १ | नयाँ वजार, तम्घास | ०.३ | १३११ | ४२७० | २१८१ | २०८९ |
| २ | धागिथुम, तम्घास | १.२५ | १०३१ | ३५५६ | १८६१ | १६९५ |
| ३ | गाउँकाधारा, भाडगाउँ | १२.६ | ३७४ | १३२१ | ७२५ | ५९६ |
| ४ | अर्खले | ६.२६ | ५०८ | १९४६ | १०५१ | ८९५ |
| ५ | भुवनपानी | ३.०१ | ३५८ | १२७३ | ६९१ | ५८२ |
| ६ | नेटाखर्क | ५.१३ | ४४९ | १५४४ | ८२९ | ७१५ |
| ७ | बेदुखर्क | ४.२९ | ४९१ | १९०६ | ९८१ | ९२५ |
| ८ | खानीगाउँ | ४.९ | १३१३ | ४२८३ | २२९८ | १९८५ |
| ९ | खालाचौर | १.७६ | ५९१ | २०५८ | १०६५ | ९९३ |
| १० | सिमीचौर | १४ | ८४२ | ३०५४ | १६६६ | १३८८ |
| ११ | राङवास | ५.१८ | ३९६ | १३९४ | ८१४ | ५८० |
| १२ | उर्लेनी | ७.५५ | ४२० | १७०० | ९५० | ७५० |
| १३ | दुविचौर | ३.५५ | २१५ | ७२० | ४१६ | ३०४ |
| १४ | पराल्मी | १४ | ७१६ | २५२६ | १४७३ | १०५३ |
| | **जम्मा** | **८३.७** | **९०१५** | **३१५५१** | **१७००१** | **१४५५०** |

## शैक्षिक अवस्था

जनगणना २०७८ अनुसार यस नगरपालिकाको साक्षरता दर ८५.४ प्रतिशत रहेको छ । जसमध्ये पुरुष ९१.८ प्रतिशत र महिला ८० प्रतिशत रहेको छ । जिल्लाको सदरमुकाम भएकोले रेसुङ्गा नगरपालिका पहिलेदेखि नै शिक्षाको केन्द्र रहेको थियो । यहाँ सामुदायिक स्तरमा सञ्चालन भएको रेसुङ्गा बहुमुखी क्याम्पस रहेको छ । यहाँ शिक्षा, मानविकी र वाणिज्यमा स्नातकोत्तरसम्मको पढाइ हुन्छ । यहाँ ५२ वटा विद्यालय सञ्चालनमा छन् । नगरपालिकाभित्र सामुदायिक विद्यालय १२ वटा, आधारभूत विद्यालय ५ वटा, प्रा. वि. १३ वटा, बोर्डिङ्ग स्कुल १३ वटा, बाल विकास केन्द्र ११ वटा, नेपाल बाल संगठन १ वटा, सामुदायिक विकास केन्द्र २ वटा, प्राविधिक शिक्षालय १, मदरसा अहल्ले सुन्नत १ वटा र किरण पुस्तकालय १ वटा रहेका छन् । किरण पुस्तकालय २०२५ सालमा स्थापना भएको हो । किरण पुस्तकालय अहिले नेपालकै गन्तीमा आउने पुस्तकालयहरूमध्ये एक बनेको छ । यहाँ १२ हजारभन्दा बढी पुस्तकहरू रहेका छन् । पुस्तकालयले समयसापेक्ष ई-पुस्तकालयको रूपमा समेत आफूलाई विकास गर्दै आएको छ । यस पुस्तकालयबाट प्रकाशित हुने हाम्रो पुरुषार्थ साहित्यिक पत्रिका राष्ट्रिय स्तरको 'क' वर्गमा वर्गीकृत भएको छ । पुस्तकालयले विविध साहित्यिक कार्यक्रमहरू नियमित रूपमा गर्दै आइरहेको छ । यस पुस्तकालयबाट विभिन्न विधाका २१ वटा पुस्तकहरू प्रकाशित भइसकेका छन् । नगरपालिकाले स्थानीय तहको कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम तयार गरको छ । हाल सोही पाठ्यक्रमको आधारमा कक्षा १ देखि ८ सम्मका पाठ्यपुस्तकहरू निर्माण गरेको छ । यिनै पाठ्यपुस्तकको आधारमा स्थानीय जातजाति, भेष–भूषा, भाषा–संस्कृति, रहनसहन आदि बारे विद्यार्थीहरू तथा अनुसन्धानकर्ताले जानकारी प्राप्त गर्नेछन् ।

## स्वास्थ्य अवस्था

रेसुङ्गा नगरपालिकाभित्र गुल्मी जिल्ला अस्पताल रहेको छ । नगरपालिकाले अस्पतालमा कार्यरत बालरोग-१, औषधि-२, हाडजोर्नी-१, प्रसूति तथा स्त्रीरोग-१, सामान्य चिकित्सक-१, गरी जम्मा छ जना विशेषज्ञको सेवा डाक्टरहरूलाई जिल्लामा टिकाइराख्न अतिरिक्त पारिश्रमिक प्रदान गर्दै आएकोछ । जसले गर्दा उपरोक्त सेवा लिन आम नागरिकलाई पाल्पा, बुटवल जानु पर्दैन । गुल्मी अस्पतालको भौतिक संरचनासहित अन्य विशषेज्ञ सेवाको लागि अस्पतालको स्तरोन्नति कार्य भैरहेको छ । यस अस्पतालमा अन्य जिल्लाबाट समेत उपचार गर्न आउँछन् । त्यसैगरी जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, आखाँ उपचार केन्द्र,

तम्घास मोडेल अस्पताल र नगरपालिकाका सबै वडामा स्वास्थ चौकी वा आधारभूत स्वास्थ्य केन्द्र रहेका छन् र स्वास्थ्य प्राविधिक तथा स्वास्थ्य स्वंसेविकामार्फत यी केन्द्रहरूमा परिवार नियोजन, प्रजनन तथा प्रसूति सेवा, पोषण, खोप जस्ता स्वास्थ्यमूलक कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

**खेलकुद तथा खेलमैदान**

व्यक्तिको सर्वाङ्गीण विकासको लागि खेलकुदको महत्त्वपूर्ण भूमिका रहन्छ । नगरपालिकाले खेलकुदलाई विशेष महत्त्व दिएको छ । यस जिल्लामा खेलकुद विकास समिति छ । जिल्ला खेलकुद विकास समितिको समन्वयमा नगरपालिकाले राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गर्दै आएको छ । युवा क्लबहरूले पनि खेलकुदको विकासमा टेवा पुऱ्याएका छन् । उनीहरूले नगरपालिकाको सहयोगमा जिल्लास्तरीय क्रिकेट, फुटबल प्रतियोगिता सञ्चालन गर्ने गरेका छन् । विभिन्न वडामा ब्याडमिन्टन कोर्ट बनेका छन् । नगरपालिकाभित्र डाँडाचौर, उनायचौर, चिदीचौर र रानीपोखरी आदि स्थानमा खेलमैदान रहेका छन् । खेल मैदानको स्तरोन्नति हुने कार्य भैरहेको छ ।

**जातजाति र भाषा**

रेसुङ्गा नगरपालिकामा मिश्रित किसिमको जातीय संरचना पाइन्छ । रेसुङ्गा नगरपालिकामा ब्राह्मण क्षत्री, ठकुरी, मगर, गुरुङ, नेवार, बोटे, कुमाल, कामी-दमाई, सार्की, गाइने, सुनारलगायतका जातजातिहरू बसोबास गर्छन्न् । जनगणना २०७८ अनुसार यहाँ २७ प्रतिशत ब्राह्मण, २६.७ प्रतिशत क्षत्री, २१.५ प्रतिशत मगर, १३ प्रतिशत विश्वकर्मा, ३.६ प्रतिशत मिजार, २.३ प्रतिशत नेवार, २.२ प्रतिशत परियार, १.८ प्रतिशत संन्यासी/दशनामी र ०.८ प्रतिशत कुमाल जातिहरू बसोवास गर्छन् । यहाँका अधिकांश मानिसहरूले नेपाली भाषा बोल्ने गर्दछन् भने आ-आफ्नो जातीय पहिचानअनुसार आफ्नै मातृभाषा पनि प्रयोग गर्ने गर्दछन् । जस्तै : नेवार, मगर आदि ।

**धर्म, संस्कृति र पहिरन**

रेसुङ्गा नगरपालिकामा विभिन्न धर्म मान्ने मानिसहरू बसोबास गर्छन् । अधिकांश जनसंख्या हिन्दू धर्मावलम्बी छन् । यस नगरपालिकामा बसोबास गर्ने जनसंख्यामध्ये जनगणना २०७८ अनुसार ९८ प्रतिशत हिन्दू, ०.६ प्रतिशत बुद्ध, ०.६ प्रतिशत इश्लाम, ०.४ प्रतिशत क्रिश्चयन र ०.४ प्रतिशत अन्य धर्म मान्ने मानिसहरू छन् । रेसुङ्गा नगरपालिकाका बासिन्दाहरूको जीवनशैली सामान्य

नेपालीहरूको जस्तै छ । गाउँतिर प्रायः माटो र ढुंगाले बनेका एक वा दुई तले घरहरू छन् भने बजारमा सिमेन्ट लगाएका पक्की घर छन् । नगरपालिकाको आर्थिक सहयोगमा खरका छाना मुक्त नगरपालिका घोषणा गरिएको छ । यहाँका मानिसहरूको प्रमुख खाना दाल, भात, रोटी, तरकारी, अचार, आटो, ढिँडो आदि हुन् साथै दूध, दही, मही र घ्यू पनि भोजनसँगै प्रयोग गर्ने गर्दछन् ।

यहाँका मानिसहरूमा केही स्थायी सांस्कृतिक परम्पराहरू रहेका छन्, जस्तै : छैटी, न्वारन, पास्नी (भात खुवाउने), चूडाकर्म, व्रतबन्ध, विवाह तथा अन्त्येष्टि संस्कार आदि । मानिसहरूले तीज, कृष्णाष्टमी, दशैं, तिहार, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा आदि पर्वहरू धूमधामसँग मनाउँछन् । पर्वअनुसार विभिन्न परिकारहरू जस्तै सेल रोटी, फलफूल, मासु, दही, मिठाइँ, खीर, रोटी तथा तरुल आदि खाने गरिन्छ । यहाँका बासिन्दाहरू, लाखेनाच, भैरवनाच, मारुनी नाच, सरायँ, भजन आदिमा आ–आफ्नो परम्परा अनुसार नाच्ने, गाउने र रमाउने गर्दछन् । त्यस्तै पुरुषले सर्ट, पेन्ट, दौरा, सुरवाल कोट र टोपी लगाउँछन् भने महिलाले कुर्था-सुरवाल, साडी-चोलो आदि र आधुनिक पहिरन लगाउने गर्छन् ।

## सामाजिक संघ-संस्था

रेसुङ्गा नगरपालिका सामाजिक तथा सांस्कृतिक सञ्जालका दृष्टिले समृद्ध छ । यहाँ विभिन्न सामाजिक संरचनामा भिजेका अनेक संघ-संस्थाहरू रहेका छन् । यी संस्थाहरूमा गैरसरकारी महासंघ, नेपाल पत्रकार महासंघ, नेपाल रेडक्रस सोसाइटी, नगर विकास तथा वातावरण संरक्षण संस्था, रेसुङ्गा संरक्षण समिति, विभिन्न मन्दिर संरक्षण समितिहरू, पतञ्जलि योग समिति, ओम शान्ति ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय, राधा-माधव समिति, सत्यसाई केन्द्रलगायतका संघसंस्थाहरू छन् । नगरपालिकामा दर्ता भएका २५ वटा निर्माण व्यावसायी संघ छन् । यी व्यवसायीले भवन, पुल, सडक, खानेपानी आदि निर्माणका कार्य गरेका छन् । यहाँ गुल्मी उद्योग वाणिव्य संघ, चेम्बर अफ कमर्श, व्यापार संघ जस्ता व्यावसायिक संघ-संस्थाहरू छन् । यी व्यावसायिक संस्थाको आयोजनामा यहाँ प्रत्येक वर्ष गुल्मी महोत्सव आयोजना गर्ने गर्दछन् । यस्ता किसिमका महोत्सवले व्यापार व्यवसाय, कृषि पर्यटकलाई टेवा पुग्ने आयोजकको भनाइ छ । यहाँ, खुद्रा व्यवसायी संघ, फेन्सी व्यवसायी संघ, फलफूल व्यवसायी संघ, होटल व्यावसायी संघ, यातायात व्यवसायी संघलगायत अन्य संस्थाहरू पनि सक्रिय छन् । नगरपालिकाका वडाहरूमा ७६ वटा टोल सुधारसमितिहरू क्रियाशील रहेका छन् ।

## सडक पूर्वाधार तथा यातायात

यस नगरपालिकालाई राष्ट्रिय राजमार्गले छोएको छ । वडा नं. ३ र १४ बाहेक अन्य सबै वडाहरू नगरपालिका केन्द्रसँग पक्की सडकमार्फत् जोडिएका छन् । घुम्टीदेखि पनाह खोलासम्म मदन भण्डारी राजमार्गले यस क्षेत्रलाई छोए पनि बजार क्षेत्रभित्र उक्त राजमार्गको रूट कायम हुन सकेको छैन । यस समस्याको समाधान नगरपालिकाले गर्नु पर्ने देखिन्छ । त्यसैगरी सालझण्डी-पटौटी-तम्घास सडकअन्तर्गत राङबास फेदीदेखि तम्घाससम्म कालोपत्रे सडक निर्माण गरिएको छ । जीपपार्क-खाम्सेपानी-नेटाखर्क-गुरुङ् गाउँ सडकले वडा नं. ५, ६ र ७ का जनतालाई विशेष सुविधा पुगेको छ । तम्घास-नेटा-अर्घाखाँची सडकअन्तर्गत तम्घास-नेटासम्मको क्षेत्र रेसुङ्गा नगरपालिकाभित्र पर्छ ।

तम्घास-पराल्मी-इन्द्रेगौडा सडकले वडा नं. १४ लाई जोडेको छ । यो सडक गर्जुरासम्म कालोपत्रे भएको छ भने बाँकी भाग निर्माणाधीन अवस्थामा रहेको छ । उक्त सडक पूर्ण रूपमा कालोपत्रे भएमा वडा नं. १४ का जनतालाई ठूलो सुविधा हुनेछ । त्यसैगरी तम्घास-बेहोरे-रातडाँडा सडकले वडा नं. ३ का जनतालाई सुविधा पुऱ्याएको छ । त्यसैगरी जोगीथुम-सीमाघाटसम्म पक्की सडक रहेको छ, जुन तम्घास-बर्बोट-पुर्कोटदह सडकअन्तर्गत पर्छ ।

नगरपालिकाभित्र विभिन्न खोला तथा खोल्साहरूमा झोलुङ्गे पुलहरू निर्माण गरिएका छन् । तीमध्ये भवरला झोलुङ्गे पुल, आमपाटा झोलुङ्गे पुल (वडा नं. ४), तल्लो कपासे-चिसाखोला-सीमाघाट झोलुङ्गे पुल (वडा नं. ६), विद्युत्चोक झोलुङ्गे पुल (वडा नं. ७), उधिनढुङ्गा-साखिने झोलुङ्गे पुल वडा नं. ( १ र ७), पाङखोला झोलुङ्गे पुल, जामुने-राङबास फेदी झोलुङ्गे पुल (वडा नं.११), टेकुवा खोला झोलुङ्गे पुल, छल्दीखोला झोलुङ्गे पुल तथा टेक-ज्यामिरे झोलुङ्गे पुल ( वडा नं.१४) प्रमुख हुन् । यसरी नगरपालिकाभित्र जम्मा १३ वटा झोलुङ्गे पुल रहेका छन् । त्यसैगरी छल्दी-पनाह पक्की पुल, पनाहखोला पक्की पुल तथा रातचौर र सामाचौर पक्की पुल रेसुङ्गा नगरपालिका र इस्मा गाउँपालिका बीच अवस्थित छन् । इन्द्रेगौंडा पक्की पुल रेसुङ्गा नगरपालिका र मुसिकोट नगरपालिका बीच पर्दछ भने राङबास फेदी पक्की पुल रेसुङ्गा नगरपालिका र अर्घाखाँची जिल्लाबीच अवस्थित छ । यसप्रकार नगरपालिकामा जम्मा ५ वटा पक्की पुल रहेका छन् ।

रेसुङ्गा नगरपालिकाबाट विभिन्न पालिकाहरूमा सहज यातायात सुविधा उपलब्ध छ । यहाँबाट पाल्पा, बुटवल, सन्धिखर्क, पोखरा, नारायणघाट र

काठमाडौंसम्मका लागि बस तथा जीप सेवा सञ्चालनमा छन् । यहाँ पश्चिमाञ्चल बस व्यवसायी संघ, गुल्मी यातायात, मैत्री यातायात, आँगन यातायात तथा रुरु-रेसुङ्गा यातायात सञ्चालनमा रहेका छन् । यसै नगरपालिकाको सिमिचौर क्षेत्रमा एउटा विमानस्थल पनि रहेको छ । यहाँबाट करिब ४३ मिनेटमा हवाइजहाजबाट काठमाडौं पुग्न सकिन्छ । नगरपालिकाभित्र उधीनढुङ्गा र अर्घाखाँची जीपपार्क तथा बुढाथोकी बसपार्क रहेका छन् । बजार क्षेत्रमा टेम्पो सेवा सञ्चालनमा रहेको छ । नगरपालिकाका अनुसार ४६ वटा टेम्पो दर्ता भए तापनि हाल करिब २०-२२ वटा मात्र सञ्चालनमा रहेका नगरपालिकाले जनाएको छ ।

## फोहोर-मैला व्यवस्थापन र सरसफाइ

तम्घास बजार सफा र चिटिक्क देखिन्छ, यद्यपि खोला खोल्साहरू भने अझै फोहोर नै छन् । बजार सफा राख्ने अभियान संस्थागत रूपमा २०५८ सालदेखि सुरु भएको हो । त्यसबेला गुल्मी-अर्घाखाँची ग्रामीण विकास परियोजना (गार्डेप) जिल्लामा कार्यरत थियो । गार्डेप, कर्मचारी मिलन केन्द्र तथा विभिन्न संघसंस्थाहरूको सहयोगमा खोलानाला सफा गर्ने अभियान सञ्चालन गरियो । फोहोर संकलनका लागि गार्डेपले तत्कालीन गाविसलाई एउटा ट्याक्टर उपलब्ध गरायो । त्यसपछि गाविसले बजारको फोहोर संकलन गरी ओख्रेनी क्षेत्रमा विसर्जन गर्न थालेको थियो । यस अभियानले सरसफाइप्रति जनचेतना फैलियो र जनतामा जागरूकता बढ्दै गयो । २०६१ सालमा "तम्घास फोहोरमैला व्यवस्थापन समिति" गठन भयो । सोही समितिलाई गाविसले ट्याक्टर हस्तान्तरण गर्‍यो र समितिले सरसफाइको जिम्मेवारी सम्हाल्यो । तम्घास गाविस तथा विभिन्न निकायबाट समितिलाई निरन्तर सहयोग प्राप्त हुँदै गयो ।

पछि समितिले २०७३ सालमा "नगर विकास तथा वातावरण संरक्षण संस्था" नामक संस्था जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्‍यो । सोही संस्थाले सरसफाइ व्यवस्थापनको कार्यलाई निरन्तरता दियो । यसैबीच तम्घास गाविस नगरपालिका घोषणा भए पनि पूर्ण रूपमा कार्यान्वयनमा आउन करिब दुई वर्ष लाग्यो । नगरपालिका कार्यान्वयनमा आएपश्चात् नगरपालिकाले फोहोर व्यवस्थापनका लागि संस्थालाई आवश्यक उपकरणहरू उपलब्ध गरायो । साथै साखिने क्षेत्रमा जग्गासमेत खरिद गरियो, तर उक्त जग्गाको प्रभावकारी उपयोग हुन सकेन ।

२०७४ सालको पहिलो स्थानीय तह निर्वाचनपछि नगरपालिकाले "फोहोरलाई

मोहोर बनाऔँ" अभियान सञ्चालन गर्‍यो । फोहोर संकलन केन्द्र स्थापना गर्ने जग्गा लिजमा लिने कार्यसमेत भयो । फोहोर व्यवस्थापनका लागि अष्ट्रेलियन स्वयंसेवकलाई समेत आमन्त्रण गरिएको थियो । तर स्थानीयवासीको विरोधका कारण उक्त अभियान सफल हुन सकेन । पछि कोभिड-१९ महामारीका कारण अष्ट्रेलियन स्वयंसेवक फिर्ता गए । २०७९ सालको निर्वाचनपछि फोहोर व्यवस्थापनका लागि नगरपालिकाले वडा नं. ४ कालाखोला नजिकै करिब सात रोपनी जग्गा खरिद गरेको छ । तथापि उक्त स्थानमा अझै प्रभावकारी रूपमा फोहोर व्यवस्थापन हुन सकेको छैन । हाल नगरपालिकाको आर्थिक सहयोगमा नगर विकास तथा वातावरण संरक्षण संस्थाले फोहोरलाई वर्गीकरण गरी व्यवस्थापन गर्ने कार्य गरिरहेको छ । नगरपालिकाले २ पर्ष पहिले ज्याकाराण्डा नामक फूल मुख्य सडकको किनारामा लगाएको छ । यी फूलहरू फूलेका छन् । यसले नगरपालिकाको बातावरणलाई सुन्दर बनाएको छ । नगरपालिकालाई फूलैफूलको शहर बनाउने अभियान जारीछ ।

### संघीय तथा प्रदेशस्तरका कार्यालयहरू

रेसुङ्गा नगरपालिका जिल्लाको सदरमुकाम भएकोले यस नगरपालिकाभित्र संघीय तथा प्रदेशस्तरका कार्यालयहरू रहेका छन् । संघीयस्तरका कार्यालयहरूमा : जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, रामबाण गुल्म, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल नं. ३७ गुल्म, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, जिल्ला ट्राफिक कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, शिक्षा तथा समन्वय एकाइ कार्यालय, जिल्ला कारागार, जिल्ला हुलाक कार्यालय, जिल्ला भूमि व्यवस्था कार्यालय (साबिक मालपोत कार्यालय) तम्घास, नापी कार्यालय तम्घास, मदन भण्डारी योजना कार्यालय, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको कार्यालय रहेका छन् । यसैगरी प्रदेशस्तरका कार्यालयहरूमा : कृषि ज्ञान केन्द्र, गुल्मी जिल्ला अस्पताल, जिल्ला स्वास्थ्य कार्यालय, डिभिजन वन कार्यालय, सडक पूर्वाधार विकास कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, घरेलु तथा साना उद्योग विकास कार्यालय, भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र रहेका छन् । साथै यस नगरपालिकामा संस्थानअन्तर्गतका कार्यालयहरू रहेका छन् । यी कार्यालयहरूमा नेपाल टेलीकम शाखा कार्यालय, नेपाल विद्युत् शाखा कार्यालय, राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक लि. कृषि विकास बैंक, नेपाल टेलिभिजन गुल्मी प्रशासन केन्द्र, जिल्ला खेलकुद विकास समिति रहेका छन् ।

## वित्तीय संस्था, सहकारी र व्यापार

यस नगरपालिकामा १६ वटा बैंकहरू रहेका छन् । ७० प्रतिशतभन्दा बढी जनताको बैंक खाता रहेको अनुमान छ । यस नगरपालिकामा ५२ वटा सहकारी संस्थाहरू कार्यरत रहेका छन् । स्थानीय स्तरका सहकारी ४४ वटा र प्रदेशस्तरका सहकारी ८ वटा रहेका छन् । साविकका लुम्बिनी अञ्चल कार्यक्षेत्र भएको मैत्री बहुउदेश्यीय सहकारी संस्थाको प्रधान कार्यालय यसै नगरपालिमा रहेको छ । त्यसैगरी लेकाली, गुल्मी युनाइटेड, स्वावलम्बन, अमरकल्याण जस्ता सहकारीहरू यही छन् । जिल्ला सहकारी संघ, जिल्ला बचत संघ पनि यसै नगरपालिकामा छन् । साथसाथै ९ वटा लघुवित्त संस्थाहरू यहाँ कार्यारत छन् । जिल्लाको सदरमुकाम भएको कारण पहिले तम्घास व्यापारको केन्द्र थियो । समय अनुसार सडक निर्माणको कारणबाट केन्द्रको रूपमा रहेन तथापि निर्वाचन क्षेत्र नं. २ का जनताहरू व्यापार गर्न आउने मुख्य स्थान तम्घास बजार हो । नगरपालिकाका अनुसार नगरपालिकाभर किराना पसल, फेन्सी पसल, हार्डवेयर, वर्कसप, जीप तथा मोटरसाइकल सो रूम, होटल रेष्टुरेन्टलगायत करिब १६०० वटा साना ठूला व्यापार व्यवसाय सञ्चालनमा छन् ।

## धार्मिक, दर्शनीय तथा पर्यटकीय स्थल

रेसुङ्गा नगरपालिका प्रमुख पर्यटकीय क्षेत्रका रूपमा परिचित छ । यहाँ प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलहरू रहेका छन् । विशेषगरी रेसुङ्गाक्षेत्र (यो कुनै पालिकाको क्षेत्रभित्र नपरी पहिलेदेखि नै छुट्टै वनक्षेत्रका रूपमा विभाजन गरिएको क्षेत्र हो) धार्मिक तथा प्राकृतिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिन्छ । यहाँ श्रावण महिनामा तथा विभिन्न तिथिहरूमा मेला लाग्ने गर्दछ । गर्जुरामा नगरपालिकाले आकर्षक पार्क निर्माण गरेको छ । उनायचौरमा ट्रि हाउस निर्माण भएको छ । भुवने डाँडा पर्यटकीय स्थल हो । यहाँ निजीक्षेत्रबाट राममन्दिर निर्माण भएको छ । साथै नगरपालिकाले "जाऊँ हिँड रेसुङ्गा" अभियान सञ्चालन गर्दै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धनमा जोड दिएको छ । रेसुङ्गाक्षेत्रबाहेक अर्जुन, उनायचौर, भुवाने डाँडालगायत विभिन्न वडाहरूमा ८० भन्दा बढी मठमन्दिर, धार्मिक, दर्शनीय तथा पर्यटकीय स्थलहरू रहेका छन् । यी मन्दिरहरूमा एकादशी, पूर्णिमा, कृष्ण जन्माष्टमी, शिवरात्रि, दशैँ, चैतेदशैँ, तिहार लगायतका पर्वहरूमा विशेष पूजा–आजा गरिन्छ । मुस्लिम समुदायले रमजान, ईद र बकर ईद मनाउँछन् भने बौद्ध धर्मावलम्बीहरूले बुद्ध जयन्तीलाई मुख्य पर्वका रूपमा मनाउने गर्दछन् । बुद्ध पूर्णिमाका दिन हिन्दूहरू कुलपूजा गर्छन् । हाल विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरूको अवलोकनका लागि जाने प्रचलन पनि दिनानुदिन बढ्दै गएको छ । रेसुङ्गाको भँगारीमा होमस्टे

सञ्चालनमा रहेको छ ।

## खेतीयोग्य जमिन र खेतीपाती

प्राकृतिक सम्पदाका हिसाबले यो नगरपालिका कृषि तथा वनजङ्गलमा सम्पन्न मानिन्छ । यहाँ ६५५ मिटरदेखि १६०० मिटरसम्मको उचाइमा खेती गरिन्छ । यस नगरपालिकाको करिब ४७.४६ प्रतिशत भूमि खेतीपातीका लागि उपयुक्त रहेको देखिए पनि हाल करिब ३४ प्रतिशत भूमिमा मात्र खेती गरिएको छ । भौगोलिक बनावटका आधारमा यो नगरपालिका मध्यपहाडी क्षेत्रमा पर्दछ ।

बेँसी क्षेत्रमा बालुवा र पाँगो मिश्रित उर्वर माटो पाइन्छ । विभिन्न वडामा रहेका स-साना टार तथा फाँटहरू, जस्तै अर्खले, भुवनपानी, सिमिचौर, राङ्बास, भाडगाउँ, दुविचौर र पराल्मीका जग्गाहरू उर्वर मानिन्छन् । यहाँका प्रमुख खाद्यान्न बालीहरूमा धान, मकै, गहुँ, तोरी, फापर, जौ, कोदो र भटमास पर्दछन् । हाल कृषकहरू तरकारी खेतीतर्फ पनि आकर्षित भएका छन् । यहाँ आलु, सेमी, बोडी, करेला, काउली, बन्दागोभी, खुर्सानी, काँक्रो, साग, च्याउ, धनियाँ आदि तरकारी उत्पादन गरिन्छ । तम्घास, सिमिचौर, अर्खले, भाडगाउँ आदिस्थान र क्षेत्रमा व्यावसायिक तरकारी खेती गरिएको पाइन्छ । यस क्षेत्रमा परम्परादेखि नै सुन्तला खेती गरिँदै आएको छ । हाल कृषकहरू सुन्तला, कागती, अम्बा, केरा तथा नासपाती खेतीतर्फ पनि आकर्षित हुँदै गएका छन् । मौरी पालन व्यवसाय फस्टाउँदै गएको छ । यहाँका कृषकहरू गाई, भैसी, गोरु, बाख्रा, कुखुरा पाल्ने गरेका छन् । कृषकहरूले गाई भैसीबाट दूध विक्री गर्ने गरेका छन् । तम्घास बजारमा १३ भन्दाबढी दुग्घ डेरी उद्योग सञ्चालनमा छन् ।

## वन पशुपक्षी र जडीबुटी

रेसुङ्गा नगरपालिकाको ६२.२ प्रतिशत जमिन वन जङ्गलले ओगटेको छ । यहाँ ५० वटा सामुदायिक वन, १ संरक्षित वन र १ राष्ट्रिय वन रहेका छन् । वन जङ्गलले प्रशस्त क्षेत्र ओगटेकोले विभिन्न जनावर जस्तै : चितुवा, बाँदर, बनेल, मृग, हरिण, स्याल, दुम्सी, खरायो आदि पाइन्छन् । त्यसैगरी चराचुरुङ्गीहरूमा : ढुकुर, कालिज, काग, फिस्टा, सुगा, मैना, गौथली, कोइली, सारौँ, गिद्ध आदि पाइन्छन् । वनस्पतिहरूमा : साल, सल्ला, गुराँस, खर्सू, कटुस, चिउरी, चिलौनी, बास, मौवा आदि पाइन्छन् । जडीबुटीहरूमा सुनकाउली, टिमुर, कुरिलो, सिस्नो, हर्रो बर्रो, अमला, बोझो, पाँचऔँले गरी करिब १०० जातका जडिबुटीहरू पाइन्छन् । जडीबुटी प्रसस्त पाइने भए तापनि

व्यावसायिक जडीबुटी खेती हुन सकेको छैन ।

**नदी जलस्रोत, खानेपानी र सिँचाइ**

यस नगरपालिकाका ०.५ प्रतिशत क्षेत्रफल नदी नाला तलाउ पोखरीले ओगटेको छ । मुख्य नदी बढीगाड हो । यसबाहेक अन्य खोलाहरूमा : पनाह खोला, छल्दीखोला, मभ्रेङखोला, तम्घासखोला, चिसाखोला, ढापखेला, बगालेखोला, चारीखोला, अधेरीखोला, जुकेखोला आदि रहेका छन् । रेसुङ्गाक्षेत्र जलस्रोतको भण्डार हो । यस क्षेत्रमा सयौं पानीका मूलहरू छन् । नगरपालिकाले लिफ्ट तथा ग्रेभेटी खानेपानी योजनामार्फत एक घर एक धारा खानेपानी योजना सम्पन्न गरेको छ । हाल नगरपालिकमा ९८ प्रतिशत घरमा खानेपानी पुगेको छ । नगरपालिकामा २२ वटा खानेपानीका मुहान दर्ता भएका छन् । नगरपालिकाका मुख्य खानेपानी योजनामाहरूमा मजेङ्ग लिफ्टिङ्ग खानेपानी योजना, यो योजनाबाट नगरपालिकाका सबै वडामा खानेपानी वितरण गरिनेछ । वडा नं. १ का उपभोक्ताहरू तम्घास बृहत्, पँधेराथरी, छापटोला र रेसुङ्गा खानेपानी योजनाबाट पिउने पानी उभभोग गरिरहेका छन् । वडा नं. २ का उँपभोक्तहरूले पँधेराथरी र छापटोला खानेपानी योजनाबाट खानेपानी उपभोग गरिरहेका छन् । वडा नं. ३ का उपभोक्तहरूले खरियापानी, रातडाँडा, तल्लोटोल, पँधेराथरी, गाउँकाधारा, खोरियापानी, ठाडोखोला खानेपानी योजनाबाट खानेपानी उपभोग गरिरहेका छन् । वडा नं. ४ का उपभोक्तहरूले सिस्नेहार–सेउवा, भण्डारीटोल ढाक्रेखोला र रैदी खानेपानी योजनाबाट खानेपानी उपभोग गरिरहेका छन् । वडा नं. ५ का उपभोक्तहरूले टुनियापोखरी–तल्लाखर्क, वानेपाटा–भुवनपानी, काफलकारूख, ठूलोखोला र लामडाँडा खानेपानी योजनाबाट खानेपानी उपभोग गरिरहेका छन् । वडा नं. ६ उनायचौर, चेक्मीथाम, तुसारे, लसी, निन्नीचौर, कमेरे र बालकाटे खानेपानी योजनाबाट खानेपानी उपभोग गरिरहेका छन् । वडा नं. ७ का उपभोक्तहरूले ह्वाक्नेछहारा, बगालेखोला, सोता, कुडापानी, सिस्न्यार र नेटाकुटी खानेपानी योजनाबाट खानेपानी उपभोग गरिरहेका छन् । वडा नं. ८ का उपभोक्तहरूले बुढीचौर, खानीगाउँ (डिपबोरिङ), कपासे र छहरा खानेपानी उपभोग गरिरहेका छन् । वडा नं. ९ का उपभोक्तहरूले उपल्लो तम्घास (डिपबोरिङ) बुढीचौर र सोता खानेपानी योजनाबाट खानेपानी उपभोग गरिरहेका छन् । वडा नं. १० का उपभोक्तहरूले जोरपानी र चमेरी लिफ्ट, सिसारुख र राले खानेपानी योजनाबाट खानेपानी उपभोग गरिरहेका छन् । वडा नं. ११ का उपभोक्तहरूले अँधेरीखोला, तोलाङ लिफ्ट, धारापानी, ठूलोपोखरा, जुकेखोला र भाल्दी–राङबास खानेपानी योजनाबाट खानेपानी उपभोग गरिरहेका छन् । वडा नं. १२ का उपभोक्तहरूले

ह्वाक्नेछहारा, बुढीभिर्मी, कालीकोटेखोला, उर्लेनी, गुल्डुङखोला र पिहालडाँडा खानेपानी योजनाबाट खानेपानी उपभोग गरिरहेका छन् । वडा नं. १३ का उपभोक्तहरूले राजुघारी, कुलाहबाँध, खहरेखोला, भँगारी र खोल्टेपानी खानेपानी योजनाबाट खानेपानी उपभोग गरिरहेका छन् । वडा नं. १४ का उपभोक्तहरूले ठूलोखोला, धारापानी, मममने र खहरे, खानेपानी योजनाबाट खानेपानी उपभोग गरिरहेका छन् ।

नगरपालिकामा सिँचाइ योजना कमै मात्रमा छन् । उर्वरभूमि हुँदाहुँदै प्रशस्त सिँचाइ नहुँदा कृषिमा व्यवसायिकीकरण हुन सकेको छैन तथापि केही वडामा सिँचाइ योजना रहेका छन् । यी हुन् : वडा नं. ३ मभेङ र रातामाटा सिँचाइ योजना, वडा नं. ४ मा सेउवा–जनमुखी सिँचाइ, भुल्केडाँडा र बगर सिँचाइ योजना वडा नं. ७ मा रैदीखोला सिँचाइ योजना, वडा नं. १० मा खोरेतीखोला तथा ठूलोखोला सिँचाइ योजना, वडा नं. ११ मा गडकुलो, थिपटारी र जामुनेटारी सिँचाइ योजना, वडा नं. १२ मा ह्वाक्नेछहारा र दमै सिँचाइ योजना र वडा नं. १४ मा टेकुवाखोला, ठूलोखर्क, दमार, मर्दी र खोवा सिँचाइ योजना सञ्चालनमा छन् ।

### बस्ती र आवासक्षेत्र

रेसुङ्गा नगरपालिकाको ३.५ प्रतिशत भूभाग आवास क्षेत्रले ओगटेको छ । नगरपालिकाले आवासक्षेत्र, व्यापारिक प्रयोजनक्षेत्र, कृषिक्षेत्र, वनक्षेत्र, सिम्सारक्षेत्र भनी वर्गीकरण गरेको छ । मुख्य सडक र सहायक सडकले छोएका स्थानहरूलाई आवास तथा व्यापारिक प्रयोजनक्षेत्र भनी वर्गीकरण गरेको छ । हाल जुन स्थानमा बस्ती रहेका छन् ती सबै क्षेत्रलाई आवासक्षेत्र तोकिएको छ । नगरपालिकाका मुख्य बस्तीहरू : तम्घास, भाडगाउँ, अर्खले, भुवनपानी, चेम्मी, गुरुङ्गगाउँ, भुजेलखर्क, नेटा, उपल्लो तम्घास, सिमीचौर, दुबिचौर, उर्लेनी, भँगारी, पराल्मी आदि रहेका छन् । विघटित भूमिव्यवस्था समाधान आयोगले २०८३/२/५ को जानकारी अनुसार रेसुङ्गा नगरपालिकामा भूमिहीन दलित ४७ जना भूमिहीनसुकुम्वासी ३९ जना र अव्यवस्थित बसोबासी ३१४ जना रहेका छन् । आयोगले १६ जना अव्यवस्थित बसोबासीहरूलाई लालपुर्जा वितरण गरेकोछ । बसाइ सराइले बजारको तुलनामा गाउँका बस्तीहरू खाली हुँदै गैरेहेका छन् ।

### जनप्रतिधिहरू

देश संघीयतामा गए पश्चात् स्थानीय तहको निर्वाचन पहिलो र दोस्रो पटक

क्रमशः २०७४ र २०७९ सालमा सम्पन्न भयो । दुबै अवधिमा रेसुङ्गा नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरूको नाम देहायबमोजिम रहेको छ ।

| **क.सं.** | **पदको नाम** | **प्रतिनिधिको नाम थर २०७४** | **प्रतिनिधिको नाम थर २०७९** |
|---|---|---|---|
| १ | प्रमुख | श्री डिल्लीराज भुसाल | श्री खिलध्वज पन्थी |
| २ | उपप्रमुख | श्री सीता भण्डारी | श्री अमृतादेवी कुँवर |
| ३ | वडाध्यक्ष १ | श्री अखिलेश्वरप्रसाद पाण्डेय | श्री रामप्रसाद पन्थी |
| ४ | वडाध्यक्ष २ | श्री उदय थापा | श्री हीराबहादुर थापा |
| ५ | वडाध्यक्ष ३ | श्री थम्मनबहादुर के.सी. (खत्री) | श्री बाबुराम खत्री |
| ६ | वडाध्यक्ष ४ | श्री विजयकुमार मरासिनी | श्री लीलाधर आचार्य |
| ७ | वडाध्यक्ष ५ | श्री हरिप्रसाद शर्मा खनाल | श्री दुर्गाप्रसाद खनाल |
| ८ | वडाध्यक्ष ६ | श्री गनबहादुर गुरुङ | श्री गनबहादुर गुरुङ |
| ९ | वडाध्यक्ष ७ | श्री मोहनप्रसाद पाण्डे | श्री रामप्रसाद पन्थी (रामजी) |
| १० | वडाध्यक्ष ८ | श्री भरत भलामी | श्री निरञ्जन काउछा |
| ११ | वडाध्यक्ष ९ | श्री नारायण सुनार | श्री कृष्णप्रसाद पाण्डे |
| १२ | वडाध्यक्ष १० | श्री पदमप्रसाद अर्याल | श्री रामबहादुर बस्नेत |
| १३ | वडाध्यक्ष ११ | श्री खुमबहादुर राना | श्री खुमबहादुर राना |
| १४ | वडाध्यक्ष १२ | श्री कुलबहादुर टण्डन | श्री चेहरसिंह टण्डन |

| क.सं. | पदको नाम | प्रतिनिधिको नाम थर २०७४ | प्रतिनिधिको नाम थर २०७९ |
|---|---|---|---|
| १५ | वडाध्यक्ष १३ | श्री खुमबहादुर खत्री | श्री हुमबहादुर बस्नेत |
| १६ | वडाध्यक्ष १४ | श्री शेरबहादुर पहराई | श्री धनबहादुर पुन |
| १७ | कार्यपालिका सदस्य | श्री उमकला पाण्डे | श्री शोभा नेपाली |
| १८ | कार्यपालिका सदस्य | श्री शान्ता वि.क सुनार | श्री सीता विश्वकर्मा |
| १९ | कार्यपालिका सदस्य | श्री सावित्रा भण्डारी | श्री मनीषा खत्री के.सी. |
| २० | कार्यपालिका सदस्य | श्री देवी कुँवर | श्री सावित्रा श्रेष्ठ थापा |
| २१ | कार्यपालिका सदस्य | श्री सागर सुनार | श्री पुष्पा पन्थी |
| २२ | कार्यपालिका सदस्य | श्री शेरबहादुर चुँदारा | श्री यमबहादुर विश्वकर्मा |
| २३ | कार्यपालिका सदस्य | श्री बाबुराम नेपाली | श्री बालकृष्ण बराल |
| २४ | कार्यपालिका सदस्य | श्री खिमा बस्नेत | श्री कमला धुरेल |
| २५ | खुला सदस्य | श्री शालिकराम पन्थी | श्री केशवराज पाण्डे |
| २६ | खुला सदस्य | श्री मुकुन्दहरि गौतम | श्री मोहन श्रेष्ठ |
| २७ | खुला म.स. | श्री तुल्सी परियार | श्री निर्मला खत्री |

| क.सं. | पदको नाम | प्रतिनिधिको नाम थर २०७४ | प्रतिनिधिको नाम थर २०७९ |
|---|---|---|---|
| २८ | खुला सदस्य | श्री कृष्णबहादुर थापा | श्री मानबहादुर थापा |
| २९ | खुला सदस्य | श्री शेरबहादुर वि.क. | श्री शेरबहादुर वि.क. (जिससस) |
| ३० | महिला स. | श्री गंगा थापा | श्री भगवती कुँवर |
| ३१ | दलित म.स. | श्री नारायणी वि.क. के.सी. | श्री सावित्रा वि.क. |
| ३२ | खुला सदस्य | श्री हुमबहादुर थापा | श्री विजय शर्मा |
| ३३ | खुला सदस्य | श्री लेखबहादुर बस्नेत | श्री गणेशबहादुर सुनार |
| ३४ | महिला स. | श्री निर्मला कुँवर | श्री छमकला दर्जी |
| ३५ | खुला सदस्य | श्री वेदप्रसाद भण्डारी | श्री कमलबहादुर राना |
| ३६ | खुला सदस्य | श्री हरिलाल पन्थी | श्री भरत पन्थी |
| ३७ | दलित म.स. | श्री निमकला सुनार | श्री तुलसी कामी |
| ३८ | खुला सदस्य | श्री धनबहादुर सार्की | श्री घनश्याम फुल्देल खनाल |
| ३९ | खुला सदस्य | श्री रामप्रसाद पोखरेल | श्री शोभाकर पाण्डे |
| ४० | दलित म.स. | श्री नुमकला विश्वकर्मा | श्री नुनकला वि.क. |

| क.सं. | पदको नाम | प्रतिनिधिको नाम थर २०७४ | प्रतिनिधिको नाम थर २०७९ |
|---|---|---|---|
| ४१ | खुला सदस्य | श्री ज्ञानराज मरासिनी | श्री रामप्रसाद मरासिनी |
| ४२ | खुला सदस्य | श्री हरिप्रसाद पोखरेल | श्री खुमराज पोखरेल |
| ४३ | महिला स. | श्री जानका मरासिनी | श्री टोपकला खनाल |
| ४४ | दलित म.स. | श्री गीता वि.क. | श्री मञ्जु परियार |
| ४५ | खुला सदस्य | श्री जयबहादुर चुँदारा | श्री लालप्रसाद पाण्डे |
| ४६ | खुला सदस्य | श्री रघुनाथ पन्थी | श्री वसन्ता पन्थी |
| ४७ | महिला स. | श्री गंगा पन्थी | श्री कमला पोखरेल |
| ४८ | दलित म.स. | श्री उजेली चुँदारा | श्री रिता चुँदारा |
| ४९ | खुला सदस्य | श्री नवीन श्रेष्ठ | श्री कृष्णप्रसाद भण्डारी |
| ५० | खुला सदस्य | श्री तारा श्रीस | श्री विष्णुबहादुर श्रीस |
| ५१ | महिला स. | श्री सीता आचार्य | श्री मायादेवी श्रीस |
| ५२ | दलित म.स. | श्री विष्णुमाया वि.क. | श्री पुष्पा विश्वकर्मा |
| ५३ | खुला सदस्य | श्री दीपक थापा | श्री दीपक थापा |
| ५४ | खुला सदस्य | श्री सन्ते सार्की | श्री सागर नेपाली |

| क.सं. | पदको नाम | प्रतिनिधिको नाम थर २०७४ | प्रतिनिधिको नाम थर २०७९ |
|---|---|---|---|
| ५५ | महिला स. | श्री विमला पाण्डे | श्री लक्ष्मी बस्नेत |
| ५६ | दलित म.स. | श्री जुना विश्वकर्मा | श्री जुना विश्वकर्मा |
| ५७ | खुला सदस्य | श्री कुलवीर थापा | श्री झवीन्द्र घिमिरे |
| ५८ | खुला सदस्य | श्री मिनुराम पाण्डे | श्री कृष्णबहादुर बस्नेत |
| ५९ | महिला स. | श्री शारदा थापा | श्री कमला बस्नेत क्षत्री |
| ६० | दलित म.स. | श्री कमला वि.क. | श्री सरिता परियार |
| ६१ | खुला सदस्य | श्री चन्द्रमणि घिमिरे | श्री चन्द्रमणि घिमिरे |
| ६२ | खुला सदस्य | श्री तिलबहादुर बुचा | श्री दानबहादुर राना |
| ६३ | महिला स. | श्री यमकला राना | श्री यमकला राना |
| ६४ | दलित म.स. | श्री कमला नेपाली | श्री पूर्णिमा पाध्य वि.क. |
| ६५ | खुला सदस्य | श्री खिमबहादुर थापा | श्री सुरेश थापा |
| ६६ | खुला सदस्य | श्री लालबहादुर बस्नेत | श्री लक्ष्मी कार्की क्षत्री |
| ६७ | दलित म.स. | श्री शान्ति वि.क. | श्री फुलमती वि.क. |
| ६८ | खुला सदस्य | श्री हुमबहादुर बस्नेत | श्री गंगा टण्डन |
| ६९ | खुला | श्री यज्ञमूर्ति थापा श्रीस | श्री यज्ञमूर्ति थापा श्रीस |

| क.सं. | पदको नाम | प्रतिनिधिको नाम थर २०७४ | प्रतिनिधिको नाम थर २०७९ |
|---|---|---|---|
| | सदस्य | | |
| ७० | सदस्य | श्री लक्ष्मी खत्री थापा | श्री इन्द्रबहादुर थापा |
| ७१ | दलित म.स. | श्री अन्जना सुनार | श्री रीता सुनार |
| ७२ | खुला सदस्य | श्री पर्शुराम कुँवर | श्री नेत्रबहादुर पेमी |
| ७३ | खुला सदस्य | श्री भवीश्वर गौतम | श्री खेमराज रजाली |
| ७४ | महिला स. | श्री नैकली रजाली | श्री सरिता पन्थी |
| ७५ | दलित म.स. | श्री पार्वती विश्वकर्मा | श्री लक्ष्मी विश्वकर्मा |

## हालसम्म भएका प्रमुख प्रशासकीय अधिकृतहरू

रेसुङ्गा नगरपालिकाको पहिलो कार्यकारी अधिकृत श्री बाबुराम पल्ली हुनुहुन्थ्यो । पछि कार्यकारी अधिकृतको सट्टा प्रमुख प्रशासकीय अधिकृत भन्न थालियो । दोस्रोदेखि हालसम्म क्रमशः श्री रमेश गौतम, श्री मुक्तिराम अर्याल, श्री भक्तिराम मरासिनी, श्री हरिप्रसाद अर्याल र श्री बाबुराम पल्ली प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यरत हुनुहुन्छ ।

## सुशासन र सेवा प्रवाह

नगरपालिकाले स्थापनाकालदेखि नै पारदर्शितालाई आत्मसात् गरी कार्य गर्दै आएको छ । नेपालको संविधान २०७२ लागू भएपछि देश संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा रूपान्तरण भयो । संविधानको मर्म र भावनाअनुसार रेसुङ्गा नगरपालिकाले स्थानीय सरकारका रूपमा कार्य गर्दै आइरहेको छ । राज्यबाट प्राप्त हुने सेवा-सुविधा जनताको घरदैलोमा पुर्‍याउन नगरपालिका प्रयत्नशील छ । कार्यालयमा नागरिक बडापत्रको व्यवस्था गरिएको छ । नागरिकमैत्री सेवा प्रदान गर्न इन्टरनेट नेटवर्कमार्फत वडाहरूलाई

नगरपालिकाको केन्द्रसँग जोड्ने कार्य गरिएको छ । बेला-बेलामा कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गरिँदै आएको छ । त्यसैगरी नागरिक भेला, सार्वजनिक सुनवाइ तथा सामाजिक परीक्षणजस्ता कार्यक्रमहरू पनि सञ्चालन हुँदै आएका छन् ।

यसका अतिरिक्त जनतालाई प्रभावकारी सेवा प्रदान गर्न हालसम्म रेसुङ्गा नगरपालिकाले ३४ वटा ऐन, २ वटा नियमावली, २ वटा नीति, ३४ वटा कार्यविधि तथा ३ वटा निर्देशिका स्वीकृत गरेको छ । नगरसभाबाट स्वीकृत नीति, नियम तथा बजेटअनुसार नगर कार्यपालिकाबाट कार्यान्वयन प्रक्रिया अगाडि बढाइन्छ ।

योजना तथा कार्यक्रम कार्यान्वयन गर्न नगरपालिका र वडा तहमा गरी १५८ जना कर्मचारी कार्यरत छन् । साथै स्वास्थ्यतर्फ ५१ जना कर्मचारी कार्यरत रहेका छन् । प्रशासन र स्वास्थ्यक्षेत्र गरी रेसुङ्गा नगरपालिकामा कूल २०९ जना कर्मचारीद्वारा सेवा प्रवाह हुँदै आइरहेको छ ।

अन्त्यमा, रेसुङ्गा नगरपालिका चुरे पर्वत शृङ्खलाभन्दा माथिल्लो पहाडी क्षेत्रमा अवस्थित छ । जलवायुका हिसाबले यस नगरपालिकामा मिश्रित प्रकारको हावापानी पाइन्छ । मिश्रित प्रकारको हावापानी भएकाले यहाँ बाह्रै महिना एउटै प्रकारको मौसम रहँदैन । चैत्र महिनादेखि आश्विनसम्म केही वडाहरूमा गर्मी महसुस हुन्छ । आश्विन, कार्तिक र फागुन महिनामा यहाँको हावापानी समशीतोष्ण रहन्छ भने मंसिर, पुस र माघमा निकै जाडो हुन्छ । जेठको अन्त्यदेखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्दछ । गर्मीयाममा रेसुङ्गा नगरपालिकाको औसत अधिकतम तापक्रम २८.४ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदयाममा औसत न्यूनतम तापक्रम १.२ डिग्री सेल्सियससम्म झर्ने तथ्यांकले देखाएको छ ।

बसोबासका लागि उपयुक्त वातावरण, खेतीयोग्य उर्वर भूमि तथा धार्मिक, सांस्कृतिक र पौराणिक तथ्य एवं किंवदन्तीले समृद्ध रेसुङ्गा नगरपालिकामा अनेकौँ पर्यटकीय स्थलहरू रहेका छन् । यस कारण रेसुङ्गा नगरपालिका अत्यन्त सुन्दर र आकर्षक मानिन्छ । नगरपालिकाले पर्यटनस्थलको स्तरोन्नति गर्ने कार्य गरिरहेको छ । टाढा-टाढाबाट आन्तरिक तथा वाह्य पर्यटकहरू यहाँ घुम्न आउने गर्दछन् । तथापि यसको महत्त्वबारे अझ व्यापक प्रचारप्रसार हुन आवश्यक छ । सुविधासम्पन्न होटलहरूको कमी पनि यहाँको अर्को चुनौती हो ।

रोजगारीका अवसरको अभावका कारण बसाइँसराइ गर्नेहरूको संख्या

दिनानुदिन बढ्दै गएको छ । यस सुन्दर नगरको गरिमा कायम राख्न तथा जनसंख्या पलायन रोक्न सम्बन्धित व्यक्ति, संघसंस्था तथा विशेष गरी नगरपालिकाको नेतृत्वले प्रभावकारी र विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ ।

**सन्दर्भ-सूची**


जनगणना २०७८,
तथ्याङ्क विभागको web site
जिल्ला प्रशासन कार्यालय, गुल्मीको web site
रेसुङ्गा नगरपालिकाको web site
रेसुङ्गा नगरपालिकाका नगर विकास योजनाहरू २०७४ देखि २०८२ सम्म
रेसुङ्गा नगरपालिकाको आवधिक योजना


०००


**किरण पुस्तकालय र हाम्रो पुरुषार्थको आजीवन सदस्य र ग्राहक बन्न चाहने व्यक्तिहरूले क्रमशः रु. १०,०००/- र रु. ५,०००/- गरी जम्मा रु. १५ हजार रा. वा. बैंक गुल्मीमा रहेको किरण पुस्तकालयको च.हि.नं. : ३०१०१००३४२७८७००१ खातामा पठाई पुस्तकालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।**

**किरण पुस्तकालय**
**तम्घास, गुल्मी**

कविता

# रेसुङ्गा



✍माया घिमिरे

नेपालको पश्चिममा रहेको ।
पहाडको त्यो शिरमा रहेको ॥
गुल्मी चिनायो अब ज्ञान जाग्यो ।
तम्घासको श्री अब उठ्न लाग्यो ॥ १ ॥

डाँडो छ अग्लो अति गर्व लाग्छ ।
माया यसैको अझ बढ्ता लाग्छ ॥
लेखौँ कहानी अब सभ्यताको ।
गाँसौँ न माला अब भव्यताको ॥ २ ॥

त्यो पोखरीमा सजिएका धारा ।
झन् श्रावणीको महिमा अपार ॥
तम्घासको दिव्य मुहार खुल्यो ।
पुराण,संस्कार यज्ञादि खुल्यो ॥ ३ ॥

अग्लो छ डाँडो तपभूमि हेरौं ।
शनैः शनै : मन्दिर कोट भेटौं ।
छ धर्मशाला अति नै पवित्र ।
जीवन्त संस्कार झनै विचित्र ॥ ४ ॥

पुराण लेखे शशि, शृङ्ग, योगी ।
जडीबुटी छन् पशु छन् र पक्षी ॥
सन्देश राम्रो कति हो सुवास ।
छ स्वच्छ हावा फुलेका गुराँस ॥ ५ ॥

बन्यो र बाटो सब जान पाए ।
पौवा हुनाले पनि बास पाए ।।
योगीहरूले पनि ज्ञान पाए ।
घुमेर झर्दा नव पार्क धाए ।। ६ ।।

चरीहरूले कति गीत गाए ।
परीहरूले पनि प्रीत लाए ।
धर्मात्माले धर्म बुझेर आए ।
घुम्ने र फिर्ने पनि फिर्न पाए ।। ७ ।।

युवा, बुढा, प्रौढ सबै पुगेका ।
सिढी उकालो पद चालिएका ।।
कुवा छ राम्रो अति प्यास मेट्ने ।
धोका छ मेरो अब राम भेट्ने ।। ८ ।।

भेटाउछौँ स्वर्ग हटाइ भ्रान्ति ।
मेटाउछौँ यो मनको अशान्ति ।।
त्रिदेव पायौं अब ज्ञान बढ्छ ।
छ शान्त गुल्मी अब जान पर्छ ।। ९ ।।

पाल्पा र स्याङ्जा अघि लाग्न थाले ।
खाँची र धुर्कोट पछि लाग्न थाले ।।
अग्लो महाभारतको निसानी ।
हेर्दै छ शृङ्गा पनि माथि माथि ।। १० ।।

प्राचीन गाथा, कविता र गीत ।
सुनी अघाउन्न कथा विचित्र ।।
कल्याणको भाव जतातत‍ै भो ।
तम्घासको दिव्य मुहार हाँस्यो ।। ११ ।।

पुगेर तीर्थस्थल रम्न पाएँ ।
हिमालको दर्शन गर्न पाएँ ।।

पाखापखेरा पनि घुम्न पाएँ ।
मुहार आफ्नो बदलेर आएँ ॥ १२ ॥

पुगेर पौवा तलमाथि हेर्दा ।
स्वर्गै पुगेको अनुभूति गर्दा ॥
सञ्जीवनीका फूल लाख फुल्ने ।
छन् सिद्धबाबा पनि होम गर्ने ॥ ३ ॥

ooo

# थाहा पाउनुभयो ?

किरण पुस्तकालय, गुल्मीबाट '**हाम्रो पुरुषार्थ**' राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिकाका १९० अङ्क निस्किसकेका छन् । तपाईंले कुनै अङ्क पढ्न छुटाउनुभयो कि ?

लेख

# ब्रह्मयोग र तपोभूमि रेसुङ्गा अवधारणा



**✍विजयविक्रम बस्नेत**

### भूमिका

मानव सभ्यता समयसँगै निरन्तर परिवर्तन हुँदै आएको छ । प्रत्येक युगले आफ्नै विशेषता, चुनौती र आवश्यकता बोकेको हुन्छ । वर्तमान युग विज्ञान, प्रविधि र भौतिक विकासको दृष्टिले अत्यन्त उन्नत मानिन्छ । मानिसले आकाशमा उड्न, समुद्रको गहिराइमा पुग्न र संसारभर क्षणभरमै सूचना आदान-प्रदान गर्न सक्ने क्षमता हासिल गरेको छ । तर यति धेरै उपलब्धिका बीचमा एउटा गम्भीर प्रश्न उभिन्छ; के मानिस भित्रबाट शान्त छ ? के उसको जीवनमा स्पष्ट दिशा छ ?

आजको समाजमा तनाव, चिन्ता, असन्तोष, प्रतिस्पर्धा र मानसिक अस्थिरता बढ्दै गएको देखिन्छ । परिवारभित्र समझदारी घट्दै गएको छ, सामाजिक सम्बन्ध कमजोर हुँदै गएका छन्, र मानिस भौतिक सफलताका बाबजुद आन्तरिक रित्तताको अनुभव गरिरहेको छ । यस अवस्थाले स्पष्ट संकेत गर्दछ कि केवल बाहिरी विकास पर्याप्त हुँदैन । मानिसलाई आन्तरिक सन्तुलन, नैतिक आधार र आध्यात्मिक स्पष्टता पनि आवश्यक हुन्छ । यही आवश्यकताले अध्यात्मको महत्त्व पुनः स्थापित गर्दछ ।

मानव जीवन केवल शरीरको अस्तित्व मात्र नभई चेतनाको यात्रा पनि हो । मानिस जन्मिन्छ, बढ्छ, कर्म गर्छ, परिवार बनाउँछ र एक दिन यस संसारबाट बिदा हुन्छ । तर यी बाहिरी घटनाहरूको बीचमा एउटा गहिरो प्रश्न सधैँ जीवित रहिरहन्छ कि "म को हुँ ? मेरो जीवनको उद्देश्य के हो ? र म के त्यो उद्देश्य प्राप्तिको मार्गमा छु" यसले स्पष्ट संकेत गर्दछ कि भौतिक विकाससँगै आध्यात्मिक सन्तुलन पनि आवश्यक हुन्छ ।

हाम्रो समाजमा धर्म र संस्कारको परम्परा बलियो छ । पूजा, व्रत, पर्व,

तीर्थयात्रा, यज्ञ, भजन र ध्यानजस्ता अभ्यासहरू निरन्तर भइरहेका छन् । तर समयसँगै धर्म विभिन्न मत, सम्प्रदाय र पन्थहरूमा विभाजित हुँदै गएको छ । प्रत्येक समूहले आफ्नै अभ्यासलाई प्राथमिक मानेको छ, जसले गर्दा साधारण मानिसका लागि स्पष्ट, समन्वित र सन्तुलित आध्यात्मिक मार्ग पहिचान गर्न कठिन भएको छ । शास्त्रहरू धेरै छन्, तर तिनका अर्थ फरक-फरक रूपमा व्याख्या गरिएका छन् । संस्कृत भाषामा लिपिबद्ध ग्रन्थहरू सबैले बुझ्न सक्दैनन् । अनुवादमा मतभेद र सन्दर्भको कमीका कारण जिज्ञासुहरू अन्योलमा पर्ने गरेका छन् । अर्कोतर्फ, वेद, उपनिषद्, गीतालगायतका शास्त्रहरू हाम्रो आध्यात्मिक आधार भए पनि तिनको अध्ययन सबैका लागि सहज छैन । भाषागत कठिनाइ, जटिल व्याख्या र फरक-फरक अनुवादका कारण जिज्ञासुहरू अन्योलमा पर्ने गरेका छन् । यस पृष्ठभूमिमा "ब्रह्मयोग" को अवधारणा ल्याइएको हो । किनकि हाम्रा पूर्वजहरूले वैदिक दर्शन एवं शास्त्रहरूले निर्देशन गरेको ब्रह्मसाधना गर्ने गर्दथे तर समयको अन्तरालमा यो विधि खस्कदै र संभवतः हाराउँदै गयो । त्यसैले हामी पुनः मूल तत्त्वकै साधना गर्नुपर्छ भन्ने अवधारणाको रूपमा ब्रह्मयोग आएको हो ।

**उद्देश्य**

पवित्रभूमि रेसुङ्गामा वैदिक सनातन धर्मको पुनर्जागरण गरी ब्रह्मउपासक, ब्रह्मयोगी र ब्रह्माचार्य तयार गर्ने अवधारणा मुताबिक यस लेखको उद्देश्य ब्रह्मयोगको विषयमा प्रकाश पार्नु रहेको छ । जसले यसप्रकारका मुख्य लक्ष्यहरू राखेको छ; सनातन मूल उपदेशको मर्मको पहिचान गर्ने । ग्रन्थहरूको अध्ययन, अनुसन्धान र पुनर्लेखन गर्ने । धार्मिक पर्यटनको प्रवर्धन (संरचना, पैदल मार्गको पहिचान) गर्ने । आध्यात्मिक जिज्ञासुहरूको लागि साधना सामग्री र स्थान प्रदान गर्ने । रेसुङ्गाको आध्यात्मिक पुनर्जागरण गरेर आध्यात्मिक केन्द्रको रूपमा विस्तार गर्ने । भद्र परिवार र समाज निर्माणको लागि पुनः गुरुकुल शिक्षाको रूपमा पाठ्यक्रम निर्माण गर्ने आदि रहेको छ ।

यस उद्देश्यलाई पूरा गर्नको लागि सर्वप्रथम ब्रह्मयोगको अवधारणा उचित एवं आवश्यक भएमा मात्र उद्देश्यलाई हासिल गर्न निम्नानुसार अगाडि बढिनेछ- पालिका एवं रेसुङ्गा संरक्षण समितिको समन्वयमा योग्य टिमको निर्माण गरिनेछ । योग्य टिमबाट "ब्रह्मयोग अवधारणा पत्र" को छलफल, सम्भाव्यताको पहिचान र विस्तृत प्रोजेक्ट रिपोर्ट (DPR) निर्माण गर्ने कार्य गर्नेछ । यसको लागि पालिकाहरू, रेसुङ्गा संरक्षण समिति र संघीय सरकारलाई विस्तृत प्रोजेक्ट रिपोर्ट निर्माणको लागि बजेट विनियोजन कार्य गर्न अनुरोध गरिनेछ । विस्तृत प्रोजेक्ट

रिपोर्ट (DPR) मा; ब्रह्मयोगको लागि आवश्यक जमिन, भौतिक पूर्वाधार, आर्थिक स्रोतको व्यवस्थापन, कानूनी प्रक्रिया आदिको योजना र ब्रह्मयोग अभ्यास गर्न गराउन सक्ने योग्य गुरुहरूको छनौट, पाठ्यक्रम निर्माण, विधाननिर्माण आदि कार्य गरिनेछ ।

**आधुनिक युगको आध्यात्मिक अवस्था**

वर्तमान युगलाई विज्ञान र प्रविधिको युग भनिन्छ । मानवसभ्यताले अभूतपूर्व प्रगति गरेको छ । मानिसले प्रकृतिका धेरै रहस्यहरू पत्ता लगाएको छ, रोगहरूको उपचार सम्भव बनाएको छ, विश्वलाई सूचना र सञ्चारमार्फत एकआपसमा जोडेको छ । सुविधा, गति र पहुँचको दृष्टिले आजको युग इतिहासकै सबैभन्दा उन्नत मानिन्छ । तर यही युगलाई गहिरो रूपमा हेर्दा एउटा फरक यथार्थ पनि देखिन्छ । बाहिरी प्रगतिको साथसाथै मानिसको भित्री असन्तुलन पनि बढ्दै गएको छ । मानसिक तनाव, चिन्ता, अवसाद, एक्लोपन, प्रतिस्पर्धात्मक जीवनशैली, असन्तोष र नैतिक अस्पष्टता व्यापक बन्दै गएका छन् ।

आज मानिससँग धेरै साधन छन्, तर शान्ति कम छ । धेरै सम्पत्ति छ, तर सन्तोष कम छ । धेरै जानकारी छ, तर आत्मबोध कम छ । जीवनको गति अत्यन्त तीव्र भएको छ । मानिस निरन्तर व्यस्त छ, तर भित्रबाट थाकेको छ । सामाजिक सञ्जालले मानिसलाई बाहिरबाट जोडेको देखिन्छ, तर भित्रको दूरी बढेको अनुभव हुन्छ । परिवारभित्र संवाद घट्दै गएको छ, सम्बन्धहरू सतही हुँदै गएका छन् । यस अवस्थाको मूल कारण के हो ?

मानव जीवनको सन्तुलन बिग्रिएको छ । भौतिक पक्षको विकास अत्यधिक भएको छ, तर आध्यात्मिक पक्षको विकास त्यति सन्तुलित रूपमा भएको छैन । शिक्षा पद्धतिले पेशा सिकाउँछ, तर जीवनको अर्थ सिकाउँदैन । समाजले सफलता सिकाउँछ, तर सन्तोष सिकाउँदैन । मानिस बाहिरी उपलब्धिको पछि दौडिरहेको छ, तर आफूभित्र फर्किने अभ्यास कम हुँदै गएको छ ।

यही अवस्थामा अध्यात्मको आवश्यकता स्पष्ट रूपमा देखिन्छ । अध्यात्म कुनै विशेष धर्मको विषय मात्र होइन; यो जीवनको आन्तरिक आयामसँग सम्बन्धित विषय हो । अध्यात्मले मानिसलाई आफूलाई बुझ्न, आफ्नो विचार र व्यवहारलाई सचेत बनाउन, र जीवनको उद्देश्य स्पष्ट गर्न सहयोग गर्छ । आज धेरै मानिस योग, ध्यान र आध्यात्मिक अभ्यासतर्फ आकर्षित भइरहेका छन् । तर यिनको अभ्यास पनि कहिलेकाहीँ सतही रूपमा सीमित हुने गरेको छ । व्यवस्थित

मार्गदर्शन र सुसंगत पद्धतिको अभावमा मानिस अलमलमा पर्न सक्छ ।

सबैलाई सुख, शान्ति र स्वस्थता चाहिएको छ । जसको लागि आफ्नो स्वाभाविक धर्म बुझ्नु आवश्यक छ । तर स्वाभाविक धर्म बुझाउने प्रक्रिया विविध कारणले विकृत बन्दै गइरहेको छ । धर्मकै कारण संसारमा उत्थान र पतन भएको छ । वर्तमानमा धर्मलाई हेर्ने, बुझ्ने र प्रयोग गर्ने दृष्टिकोणहरू धेरै रहे तापनि मुख्य तीन भागमा हेर्न सकिन्छ,

(१) एकथरीले धर्मलाई बुझ्न र सुन्न चाहँदैनन्; घृणा गर्छन्, धर्मलाई अफिम ठान्छन् ।
(२) अर्कोथरीले व्यक्तिगत स्वार्थको लागि धर्मलाई राजनीतिमा, व्यवसायमा र सम्प्रदायवादमा प्रयोग गर्छन् ।
(३) अर्कोथरीले धर्मलाई सुन्न चाहन्छन्, बुझ्न चाहन्छन् र अभ्यास गर्न चाहन्छन् तर अधिकांश सांसारिक असफलताबाट पलायनका रूपमा धार्मिक आवरण धारण गरेर आफूअनुकूल व्याख्या-अभ्यास गर्दै नयाँ-नयाँ सम्प्रदाय बनाएका पाखण्डीहरूको चङ्गुलमा फस्न पुग्छन् (आस्थाका बन्दी)

त्यसैले धर्ममा देखिएका यी समग्र विकृति, विसंगति एवं अन्तराललाई कम गर्न गीतामा भगवान्ले भन्नुभएको "ब्रह्मयोगी" बन अर्जुन भन्ने दिव्य उपदेश अनुसार यो "ब्रह्मयोग" को अवधारणा ल्याइएको हो, जसको लागि यो दिव्य तपस्थली रेसुङ्गा उत्कृष्ट स्थान रहेको छ ।

**आवश्यकता, औचित्य र महत्त्व**

धेरै मानिस धर्म र अध्यात्मप्रति आकर्षित छन् । योग, ध्यान, भजन, सत्सङ्ग जस्ता कार्यक्रमहरूमा सहभागिता बढिरहेको छ । तर व्यक्तिगत बुझाइको रूपमा लेखिएका एवं सिकाइएका विषयहरूले धर्मको नाममा झन् धेरै भ्रम, विसङ्गति र विकृतिहरू देखा परेको छ । जसले गर्दा जिज्ञासुहरू झन् धेरै अन्यौलमा र भ्रममा फँसेको देखिन्छ । जसले गर्दा व्यवस्थित, सन्तुलित र अनुसन्धानमा आधारित पद्धतिको अभाव महसुस गरिएको छ । तसर्थ, यस परियोजनाको आवश्यकता निम्न आधारहरूमा स्पष्ट देखिन्छ : स्पष्ट मार्गदर्शनको लागि, शास्त्रलाई सरल र जीवनसँग जोड्नको लागि, सर्वसाधारणका निम्ति खुला आध्यात्मिक स्थलको लागि, रेसुङ्गाको सम्भावनालाई जागृत गर्नको लागि; समाजमा नैतिक सुदृढीकरणको लागि, अनुसन्धानमा आधारित आध्यात्मिक अभ्यासको लागि आदि लगायत धर्मका देखिएका अभाव, अन्योल र भ्रमलाई

हटाउन योग्य विद्वान्हरूको एकीकृत प्रयास आवश्यक छ, जसको लागि यस “ब्रह्मयोग” ले आधार प्रदान गर्नेछ ।

कुनै पनि परियोजना सुरु गर्नुअघि एउटा आधारभूत प्रश्न उठ्छ कि के यो वास्तवमै आवश्यक छ ? के यसका लागि स्पष्ट कारण र आधार छन् ? “ब्रह्मयोग तपोभूमि रेसुङ्गा” परियोजनाको औचित्य भावनात्मक चाहनामा आधारित नभई सामाजिक, सांस्कृतिक र आध्यात्मिक वास्तविकतामा आधारित छ । आध्यात्मिक अस्पष्टताको समाधानका लागि, धर्मलाई जीवनसँग जोड्ने प्रयासको लागि, रेसुङ्गाको ऐतिहासिक महत्त्वलाई पुनर्जीवित गर्नको लागि, सर्वसाधारणका लागि खुला ढाँचा निर्माण गर्ने दृष्टिले र शास्त्रअनुसन्धान र सरल प्रस्तुति आवश्यक भएकाले यस ब्रह्मयोगको औचित्य अत्यावश्यक रहेको छ ।

कुनै पनि आध्यात्मिक वा सामाजिक परियोजनाको वास्तविक मूल्य त्यसले व्यक्ति, समाज र राष्ट्रमा कस्तो सकारात्मक प्रभाव पार्न सक्छ भन्ने कुराले निर्धारण गर्दछ । “ब्रह्मयोग” परियोजनाको महत्त्व केवल धार्मिक अभ्यासमा सीमित नभई यसको प्रभाव बहुआयामिक रूपमा देखिन सक्छ । जसको व्यक्तिस्तरमा, पारिवारिक स्तरमा, समाजिक स्तरमा र राष्ट्रस्तरमा महत्त्व रहेको छ ।

**ब्रह्मयोगको अर्थ**

सनातन धर्मअनुसार संसारको परम कारण र सर्वोच्च अवस्था; सूक्ष्मभन्दा पनि सूक्ष्म र व्यापकभन्दा पनि अति व्यापक ब्रह्म अवस्था प्राप्त गर्नुलाई परम गति भनिएको छ, यही परम अवस्था प्राप्तिको मार्गलाई ब्रह्मयोग र त्यसका अभ्यासीलाई ब्रह्मयोगी भनिएको हो । “ब्रह्मयोग” शब्द दुई भागबाट बनेको छ “ब्रह्म” र “योग” । “ब्रह्म” भन्नाले परम सत्य, व्यापक चेतना वा अस्तित्वको मूल स्रोत बुझिन्छ । “योग” भन्नाले जोडिनु, एकता वा समन्वय बुझिन्छ । यस अर्थमा ब्रह्मयोग भन्नाले व्यक्तिगत चेतनालाई व्यापक सत्यसँग जोड्ने प्रक्रिया हो र ब्रह्मयोग कुनै नयाँ सम्प्रदाय होइन ।

**बाह्यस्पर्शेष्वसक्तात्मा विन्दत्यात्मनि यत्सुखम् ।**
**स ब्रह्मयोगयुक्तात्मा सुखमक्षयमश्नुते ।। गीता ५/२१**

**पदच्छेद**ः–बाह्यस्पर्शेषु असक्तात्मा विन्दति आत्मनि यत् सुखम्, सः ब्रह्मयोगयुक्तात्मा सुखम् अक्षयम् अश्नुते ।

**पदार्थ**ः– (बाह्यस्पर्शेषु) बाहिरका विषयमा (असक्तात्मा) आसक्तरहित मान्छेलाई

(आत्मनि) आफूमा (यत्) जुन (सुखम्) आनन्द (विन्दति) प्राप्त हुन्छ ( सः) त्यो (ब्रह्मयोगयुक्तात्मा) ब्रह्म योगमा लागेका मान्छेले (अक्षयम्) कहिल्यै समाप्त नहुने (सुखम्) परम् आनन्दको (अश्नुते) अनुभव गर्दछ ।

**भावार्थः**- बाहिरका शब्दादि विषयमा या भौतिक विषयको उपभोगमा आसक्तिरहित मान्छेलाई आफूमा जुन आनन्द प्राप्त हुन्छ त्यो ब्रह्मयोगमा लागेको मान्छेले परम आनन्द अनुभव गर्दछ ।

## ब्रह्मयोगको दार्शनिक आधार

ब्रह्मयोगको मूल उद्देश्य बुद्धुबाट बुद्ध/ अहम्बाट ब्रह्म/ नरबाट नारायण/ आत्माबाट परमात्मा/ पुरुषबाट पुरुषोत्तम अर्थात् अज्ञानबाट ज्ञान-विज्ञान चेतनशील अवस्थातर्फको यात्रा भएकोले शरीर, मन र चेतनालाई होसपूर्वक जोड्ने अभ्यासलाई नै ब्रह्मयोगका रूपमा परिभाषित गरिएको छ । जसको लागि सनातन परम्परा, साधना पद्धति र महान् पुरुष (ऋषि) हरूले दिएका मार्गदर्शनलाई समेटिएको छ । ब्रह्मयोगको आधार उपनिषद्, दर्शन, वेदान्त-ब्रह्मसूत्र, गीता आदिमा वर्णन गरिएको कर्म, भक्ति र ज्ञानको सन्तुलनमा रहेको छ ।

## ब्रह्मयोगको लागि उपयुक्त स्थल

रेसुङ्गा नेपालको गुल्मी जिल्लामा अवस्थित एक प्राचीन धार्मिक तथा प्राकृतिक महत्त्व बोकेको क्षेत्र हो । समुद्र सतहबाट करिब २,३४७ मिटरको उचाइमा रहेको यो पहाडी क्षेत्र स्वच्छ हावा, हरियाली वनक्षेत्र र शान्त वातावरणका कारण विशेष मानिन्छ । स्थानीय परम्परा र जनविश्वासअनुसार रेसुङ्गा प्राचीन कालदेखि साधक, तपस्वी र ऋषिमुनिहरूको साधनास्थलीका रूपमा परिचित रहँदै आएको छ । यहाँ मन्दिर, पूजा-पर्व र धार्मिक गतिविधिहरू सञ्चालन हुँदै आएका छन्, जसले यसको धार्मिक महत्त्वलाई निरन्तर जीवित राखेका छन् ।

रेसुङ्गा केवल भौगोलिक स्थान मात्र नभई यो एक आस्था, इतिहास र आध्यात्मिक स्मृतिको संगम हो । प्राकृतिक शान्ति र आध्यात्मिक पृष्ठभूमिको संयोजनले यसलाई ध्यान, योग र साधनाका लागि उपयुक्त स्थान बनाएको छ । यद्यपि यसको ऐतिहासिक र धार्मिक महत्त्व उल्लेखनीय छ, तर यसको सम्भावनालाई व्यवस्थित रूपमा विकास गर्न सकिएको छैन । यसको ऐतिहासिक,

धार्मिक र सांस्कृतिक पृष्ठभूमिले स्पष्ट देखाउँछ कि यो क्षेत्र आध्यात्मिक केन्द्र बन्नका लागि स्वाभाविक रूपमा योग्य छ । ब्रह्मयोग तपोभूमि रेसुङ्गा परियोजनाको उद्देश्य यस ऐतिहासिक आधारलाई आधुनिक सन्दर्भसँग जोड्दै जीवित चेतना एवं सनातन वैदिक केन्द्रको रूपमा रूपान्तरण गर्नु हो ।

**ब्रह्मयोग - रेसुङ्गामा गरिने गतिविधिहरू**

हाम्रो सनातन वैदिक धर्ममा उल्लेख भएका उपदेशहरूबाट दैनिक रूपमा सम्पादन गर्नु पर्ने मानसिक र व्यावहारिक कार्महरूको पहिचान गरी अभ्यास गर्ने, जसमा– अष्ठाङ्गिक योगमार्ग अर्थात् योगासन, प्रणायाम, ध्यानको समग्र अभ्यास; भक्ति, कर्म र ज्ञान यज्ञका समग्र भाग योगको समन्वयात्मक ज्ञान र साधना अभ्यास; सनातन शात्रहरूको अध्ययन, ज्ञानचर्चा, अभिलेख, पुनरवलोकन, पुनर्लेखन र प्रकाशन गर्ने; परम्परागत उपासना, पूजा एवं अनुष्ठानहरूको जीवनमा समन्वयात्मक कार्यान्वयन एवं अभ्यास गर्ने; आध्यात्मिक जिज्ञासु र साधकहरूको लागि अध्ययन, साधना, साधना गर्ने स्थान र वातावरण प्रदान गर्ने; र बालबच्चा, युवा, अशक्त, अनाथ एवं वृद्ध-वृद्धाहरूको लागि स्तरअनुसारको साधना र आवश्यक सहयोग गर्ने आदि ।

**साधना ढाँचा र अभ्यास-पद्धति**

हरेक क्षेत्रमा योग्यता परीक्षण अनिवार्य हुन्छ । शिक्षक, चिकित्सक, न्यायाधीश, प्रशासक बन्न निश्चित प्रक्रिया पार गर्नुपर्छ । तर आध्यात्मिक मार्गदर्शक बन्नका लागि कुनै प्रक्रिया पूरा गर्नु आवश्यक देखिएको छैन केवल चटकी, वक्ता, भेषभूषा.....भए पुगेको देखिन्छ । तसर्थ ब्रह्मयोगी एवं ब्रह्माचार्य पद प्राप्त गर्न चरणबद्ध साधना, शास्त्रअध्ययन, व्यावहारिक परीक्षण र सार्वजनिक उत्तरदायित्व अनिवार्य हुनेछ । ब्रह्मयोगका (१) उपासक समूह (२) साधक (योगी) समूह र (३) आचार्य समूह गरी मुख्य तीन भाग हुनेछन् । यसको विस्तृत अभ्यास प्रणाली अभ्यासको समयमा नै प्रदान गरिनेछ ।

**उपासक समूह :** साधारण घर गृहस्थी जसले सांसारिक कर्मका साथै भक्ति गर्न सकून्, जसको लागि दैनिक कार्यविधि अर्थात् "नित्यनियम" प्रदान गरिनेछ

**साधक (योगी) समूह :** गीता अ.३/९ मा भनिएको "यज्ञको लागि गरिएका कर्मको अतिरिक्त अन्यमा लागेका मानिस संसारमा कर्मको बन्धनमा बाँधिन्छन्" तसर्थ; स्वानुभूतिको लागि गरिने साधना अर्थात् कर्म नै यसमा प्रधान रहनेछ । यो नै रेसुङ्गामा प्राथमिकताका साथ नौ स्तरको प्याकेजमा संचालन गरिनेछ ।

**आचार्य समूह :** योगीहरू स्वानुभूति एवं ब्रह्मानुभूतिमा सफल भएपछि उनीहरूमा उत्पन्न हुने प्रज्ञा (ज्ञान) नै यसमा प्रधान हुनेछ । यी ब्रह्माचार्यहरू नै वास्तवमा समाजमा शिक्षा-दीक्षा दिनको लागि योग्य हुनेछन् । यी ब्रह्माचार्यहरूबाट नै आधिकारिक रूपमा धर्मको प्रचार, प्रवचन र साधना पद्धतिको शुभारम्भ गरिनेछ ।

**ब्रह्मयोगको अपेक्षित परिणाम**

ब्रह्मयोगमा अपेक्षा गरिएका परिणामहरूमा- शास्त्रमा वर्णित साधना पुनः पहिचान र अभ्यास हुने; शात्रहरूको गहन अर्थलाई सजिलै बुझ्न सक्ने अनुवाद प्राप्त हुने; परिवार, समाज र राष्ट्रप्रेमी र सेवी चरित्रवान् नागरिक तयार हुने; आध्यात्मिक जिज्ञासु साधकहरूको लागि साधनाको स्रोत र उपयुक्त साधना स्थल प्राप्त हुने; सभ्य साधक एवं नागरिक एवं योग्य गुरुको रूपमा ब्रह्मयोगी एवं ब्रह्माचार्य तयार हुने; धार्मिक पर्यटनसँग सम्बन्धित व्यवसायबाट स्थनीयहरूको जीविकोपार्जनलाई सहयोग गर्ने; सम्प्रदायवाद एवं अन्धवादमा फसेर जीवन बर्वाद गरिरहेका साधकलाई शास्त्रोक्त मार्ग प्राप्त हुने; रेसुङ्गा समग्र वैदिक सनातन धर्मको नै आध्यात्मिक केन्द्रको रूपमा विकास हुन जानेछ । समग्ररूपमा यो वैदिक सनातन धर्मको केन्द्रविन्दु बन्नेछ ।

**अपेक्षित परिणामको लागि आवश्यक योजना**

ब्रह्मयोगको अपेक्षित परिणाम प्राप्तिको लागि आध्यात्मिक केन्द्रको सम्भाव्यता अध्ययन एवं गुरु योजनाको लागि प्रारम्भिक बजेट स्थानीय सरोकारवाला निकायहरू एवं रेसुङ्गा संरक्षण समितिले सुनिश्चित गर्नुपर्ने । "ब्रह्मयोग" को अपनत्वको भाव विकास गर्न समग्र जिल्ला एवं पालिकाहरूसँग समन्वय र सहकार्य गर्नु अवश्यक छ । आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा स्थानीय सरकारले आफ्नो योजनमा "आध्यात्मिक केन्द्र स्थापना" समावेश गर्नुपर्ने । आध्यात्मिक केन्द्र स्थापना गर्न आवश्यक जग्गा प्राप्तिका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय तथा अनुरोध गर्नुपर्ने । आगामी वर्षका लागि आवश्यक आधारभूत संरचना (सडक, पानी, विद्युत् आदि) निर्माण गर्न बजेट सुनिश्चित गर्नुपर्ने । सम्पूर्ण कार्यको प्रभावकारी समन्वयका लागि बौद्धिक वर्गलाई खुल्ला निमन्त्रणा गरेर एक योग्य समन्वय समिति/कार्यदल गठन गर्नुपर्ने ।

**ढाँचा तथा भौतिक गुरु योजना**

कुनै पनि आध्यात्मिक केन्द्र केवल विचार र कार्यक्रमले मात्र सञ्चालन हुँदैन ।

त्यसका लागि सुव्यवस्थित भौतिक ढाँचा आवश्यक हुन्छ । तर ढाँचा निर्माण गर्दा मूल उद्देश्यलाई कहिल्यै बिर्सनु हुँदैन । ब्रह्मयोग तपोभूमि रेसुङ्गाको गुरु योजना सरलता, कार्यक्षमता र आध्यात्मिक वातावरणलाई केन्द्रमा राखेर तयार गरिनेछ । यसको लागि रेसुङ्गाको ऐतिहासिक पृष्ठभूमिलाई मध्यनजर राखेर क्षेत्र विभाजन गरेर आवश्यकताअनुसारका संरचनाहरू विस्तृत परियोजना रिपोर्टमा (गुरु योजना) मा समेटिनेछ र सोही अनुसार चरणबद्धरूपमा संरचनाहरू निर्माण गरिनेछ । जसमा; सार्वजनिक क्षेत्र (पूजा, आरती, सामूहिक ध्यानका लागि), साधना क्षेत्र (योगाभ्यास तथा ध्यान कक्ष र गुफा साधना क्षेत्र; आवासीय साधक र शिविरका लागि), अध्ययन तथा अनुसन्धानक्षेत्र (पुस्तकालय र अध्ययन कक्ष) प्रशासनिक क्षेत्र (व्यवस्थापन र कार्यालय प्रयोजनका लागि), प्राकृतिक क्षेत्र (पैदल मार्ग, बगैँचा, हरित ऊर्जा, जडिबुटीक्षेत्र र विविध धार्मिक अभ्यासका लागि), सात्विक भोजनालय र सेवाक्षेत्र, गोशाला (समग्र स्थानलाई पवित्र बनाउनको लागि गोशालाको व्वस्था), धार्मिक र साहसिक पर्यटकीय क्षेत्रहरू (पैदल मार्ग, होटल व्यवसाय, साहसिक पर्यटन क्षेत्र, सुमेरु परिक्रमा) हुनेछ ।

**निष्कर्ष**

ब्रह्मयोगी रेसुङ्गा तपोभूमि केवल एक आश्रम स्थापना गर्ने प्रस्ताव मात्र नभई यो चेतनाको पुनढाँचा गर्ने दीर्घदृष्टियुक्त आध्यात्मिक खाका हो । आधुनिक युगमा धर्मको विखण्डन, शास्त्रको गलत व्याख्या, संस्कारको औपचारिकता र व्यक्तिको आन्तरिक असन्तुलनले आध्यात्मिक मार्गलाई जटिल र भ्रमपूर्ण बनाएको छ । यस्तो अवस्थामा स्पष्ट ढाँचा, शास्त्रीय आधार, अनुशासनयुक्त साधना र पारदर्शी संस्थागत पद्धतिको आवश्यकता अत्यन्त अपरिहार्य भएको छ । यही आवश्यकताको उत्तरका रूपमा यो परियोजना प्रस्तुत गरिएको छ ।

साधना ढाँचाले आध्यात्मिक यात्रालाई क्रमबद्ध, उत्तरदायी र मापनयोग्य बनाउने प्रयास गर्नेछ । ध्यान, प्राणायाम, नैतिक अनुशासन, शास्त्र अध्ययन र सेवाभावको सन्तुलनमार्फत साधकलाई क्रमशः सजगता, स्थिरता र आत्मनिष्ठातर्फ उन्मुख गराउने लक्ष्य राखिएको छ । यसले भावनात्मक आध्यात्मिकता नभई परिपक्व चेतनात्मक विकासलाई प्राथमिकता दिन्छ । ब्रह्मयोगी एवं ब्रह्माचार्य निर्माणप्रक्रिया पनि यही आधारमा उभिएको छ ।

यो केन्द्र सर्वसाधारणका लागि खुला आध्यात्मिक स्थल हुनेछ । सार्वजनिक पूजा, योग तथा ध्यान कार्यक्रम, आवासीय शिविर, संस्कार सञ्चालन र आध्यात्मिक परामर्शमार्फत समाजसँग प्रत्यक्ष सम्बन्ध कायम गरिनेछ । यसले

आध्यात्मिकतालाई केवल मठ-मन्दिरको सीमाभित्र राख्ने मात्र नभई दैनिक जीवनसँग पुनः जोड्ने प्रयास गर्नेछ ।

संस्थागत रूपमा विधिसम्मत दर्ता, स्पष्ट अधिकारविभाजन, जनशक्ति ढाँचा, आर्थिक पारदर्शिता र चरणबद्ध कार्यान्वयन योजनाले परियोजनालाई व्यावहारिक बनाउने आधार तयार गर्नेछ । पुस्तकालय तथा अनुसन्धान केन्द्र, शास्त्र पुनर्लेखन पहल, अन्तरधार्मिक संवाद र धर्म-विज्ञान समन्वय प्रयासले यसलाई केवल साधना स्थल नभई ज्ञान-केन्द्रको रूपमा पनि स्थापित गर्ने सम्भावना राख्नेछ ।

**रेसुङ्गा नगरपालिका, उपल्लो तम्घास-९,**
**हाल. काठमाडौं, चन्द्रागिरि न.पा.- १३, पुरानो नैकाप**
bj.bikram@gmail.com

०००


किरण पुस्तकालय तम्घास, गुल्मीलाई आफ्ना गाउँपालिका र नगरपालिकाबाट प्रकाशित सबै प्रकारका राजपत्र, योजना पुस्तिका, पाठ्यक्रम तथा पाठ्यपुस्तक र अन्य प्रकाशनहरू उपलब्ध गराइदिई सहयोग गर्नुहुन अनुरोध छ ।

**किरण पुस्तकालय**

तम्घास, गुल्मी ।

**आलेख**

# रेसुङ्गाका गुठी र पूजाव्यवस्था



✍रामचन्द्र पन्थी

रेसुङ्गा ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं प्राकृतिक मनोरमपूर्ण पर्वत शिखर हो । यो नेपालका चारधाममध्येको पवित्र रुरुक्षेत्रधामको शिरोभाग पनि हो । यसको उचाइ २३४७ मिटर छ । यहाँबाट उत्तरतर्फ धौलागिरि, मानापाथी, अन्नपूर्ण, माछापुच्छे आदि हिमच्छादित पर्वतहरू र पूर्व-पश्चिमतर्फ टाढाटाढासम्म डाँडापाखा-पहराको प्राकृतिक दृष्य देख्न सकिन्छ । दक्षिणतर्फ त यहाँबाट मौसम सफा भएको बेला भारतको गोरखपुरसम्म देख्न सकिन्छ । रेसुङ्गालाई प्राचीनकालदेखि नै गोपर्वत भनेर चिनिन्छ । यसको वरिपरिको क्षेत्र गोविर्ता भएको र विविध जैविक एवं वनस्पतिजन्य वन-जङ्गलले घेरिएको छ । जसभित्र जलस्रोतका मुहानहरू, कुवा, कुण्ड, पोखरी, धार्मिक मठ-मन्दिर, पाटी-पौवा, आश्रम, धर्मशाला, यज्ञशाला, गोशाला, जङ्गली जीवजन्तु एवं चराचुरुङ्गीसमेत पाइन्छन् । रेसुङ्गाको सबैभन्दा अग्लो भाग टापुमै भने ३ वटा मन्दिर रहेका छन् ती हुन् :

**१. रेसुङ्गाको सबैभन्दा पुरानो सिद्धस्थान मन्दिर**
**२. विष्णुपादुका मन्दिर**
**३. शिवालय**

पुराण, जनश्रुति र आप्तवचनअनुसार गुल्मी जिल्लाको यो पर्वत कैलासतुल्य पवित्र मानिन्छ । यो शिवमय रूपमा शोभायमान छ । यो भूमि सत्ययुगदेखि नै देवता, ऋषि, सिद्ध, मनुष्य आदि सबैका लागि धर्म, लक्ष्मी, ज्ञान वैराग्य प्राप्त गर्न गरिने ध्यान, योग, तपसाधनाको लागि आकर्षक ऊर्जाभूमिको रूपमा रहेको छ । यस लेखमा रेसुङ्गा टापुका यी ३ मन्दिरको स्थापना र सञ्चालन (गुठी व्यवस्था) का बारेमा छोटो चर्चा गर्न खोजिएको छ ।

## १. सिद्धस्थान

रेसुङ्गा शिखरको पूर्वीकोणमा सिद्धस्थान छ । यो यहाँको जेठो सत्ययुगीन आस्थाकेन्द्र हो । यहाँका देव सिद्ध साक्षात् विष्णुका अंश एवं भगवान् शिवका अवतारको रूपमा प्रकट भई विराजमान हुनुभएको मानिएको छ । सिद्ध भगवान् प्रसन्न हुँदा ब्रह्मस्वरूप बालरूपमा दर्शन दिनुहुन्छ । चराचर जगत्को संरक्षण पालन गर्दा विष्णुरूपमा र रुद्ररूप लिनुपर्दा बाघको स्वरूपमा संहार गर्ने गर्नुहुन्छ । उहाँ तीन भएर पनि एक हुनुहुन्छ । उहाँका साथमा भगवती शक्ति रहनुभएको छ । सिद्धदेवका नजिक अष्टनागसमेतका वीरगण इत्यादि शक्तिसमूह पनि रहेका छन् । यहाँका मुख्य शक्तिलाई बालसिद्ध भनिन्छ । बाल भनेको आवालब्रह्मचारी भनेको हो । उत्तराखण्डको यस पावन भूमिमा उहाँ प्राणीमात्रको रक्षा एवं कल्याणका लागि हुनुहुन्छ । उहाँलाई जान्न, चिन्न उहाँकै कृपा चाहिन्छ । उहाँलाई चिनेर गुरु वरण गरी सेवामा जुटेका कैयन भाग्यमानी सामान्य मानिस सिद्धपुरुष बनेका छन् । पहिले "सिद्धाश्रम" नामले बोलाइने यस सिद्धपीठमा ऋष्यशृङ्गले तप गरी सिद्धि प्राप्त गरेपछि यस पर्वत शिखरको नाम नै उनको नामको अपभ्रँश भई "रेसुङ्गा" भएको मानिएको छ । त्यस्तै सिद्धकै आश्रय लिएर यहाँ कपिल, भृगु, पुलस्त्य, पुलह आदिले प्राचीनकालमा र शशिधर, लक्ष्मीनारायण, ठाकुरप्रसाद, छविलाल, कमलापति, यदुकानन्द आदिले अर्वाचीन कालमा साधना गरेका थिए । यी तपस्वीमध्ये धेरैले सिद्धि प्राप्त गरी लोकहितमा लागेको पाइन्छ । तपः साधनाका लागि ऊर्जामय यस सिद्धाश्रममा पौराणिक कालदेखि हालसम्म एक न एक सिद्धसाधक साधनारत रहेको पाइन्छ । बालसिद्धलाई आराध्यदेव गुरु मानेर दुईदशक अघिदेखि यहाँ नै बसी फलाहारी भई ब्रह्मचारी तदर्थानन्द अद्यापि रेसुङ्गामा तपस्या गरिरहनुभएको छ । उहाँले रेसुङ्गाको संरक्षकत्व ग्रहण गर्नुभएको छ । उहाँको पहलमा त्रेतायुगीन ऋष्यशृङ्ग ऋषिले तपस्या गरेको स्थान सानो रेसुङ्गाको उद्धार भई शून्यबाट हालको अवस्थामा विकास भएको दृष्टान्त हामी सामु छदै छ ।

योगी तपस्वीको लागि मात्र होइन, यस क्षेत्रका सबै जनजनमा बालसिद्धको ठूलो आस्था रहेको छ । रेसुङ्गाको चुलीमा राखिएको विशाल घण्टको आवाज सुनिने वरिपरिका गाउँमा बिहानको दूध सिद्धलाई मान्यता राखेर बेलुका घाम नअस्ताउदासम्म नखाने चलन रहेको कुरा ५० वर्षसम्मको उमेरका यहाँका जो कोहीले सम्झन्छन् । जिल्ला सदरमुकाम तम्घासमा स्थापना भएपछि शहरी प्रभाव बढ्दा हिजोआज सिद्धलाई चढाई खान थालिएको छ ।[१] यहाँ मन्दिर कहिलेदेखि

स्थापना भएको हो भन्ने एकिन छैन । यहाँका अग्रजहरूका अनुसार अति प्राचीन सिद्धस्थलमा ऋषिमुनिकै पालादेखि ढुङ्गै-ढुङ्गाको मन्दिर सिद्धस्थानका रूपमा पूजाआजा भएको हुनुपर्छ भन्ने जानकारी पाइन्छ । त्यो मन्दिरको देवआसन भाग जस्ताको तस्तै राखी भक्तेनी पूर्णकला ढकालको सक्रियतामा जीर्णोद्धार गरी हालको मन्दिर बनेको हो । यस क्षेत्रमा रहेका सबै देवालयहरूमा रेसुङ्गा सिद्धदेवलाई प्रमुख मानिएको पाइन्छ, उदाहरण रेसुङ्गाको वरिपरिका देवी मन्दिरहरूमा श्रावण महिनाभर पूजा गरिँदैन भने यस सिद्ध स्थानमा विशेष पूजा हुन्छ । श्रावण महिनामा सबैतर्फका शक्ति एवं शिव (शिवशक्ति दुवै) रेसुङ्गामा नै रहने जनविश्वासका साथ सबै रेसुङ्गामा आई पूजा आराधना गर्ने मान्यता रहिआएको छ ।[२] सिद्धदेवको पूजा गर्नाले पशुधनमा वृद्धि, मान्छेलाई आयु, आरोग्य, सिद्धि, वृद्धि, ऐश्वर्यसहित कल्याणै कल्याण प्राप्त हुने विश्वास छ । यहाँ हरेक वर्षको श्रावणमा शाकाहारीले दूधधार दिई सिद्धको पूजा गर्छन् भने मांसाहारीले बलि पूजा गर्ने पनि चलन रहेको छ । श्रावण महिनाभर विशेष पूजासमेत र अरू सबै महिनामा नित्य बिहान बेलुका दैनिक पूजा हुन्छ । हाल यस मन्दिरको पूजा गर्ने जिम्मेवारी सात्विक व्यक्तित्व पं. हरिराज भट्टराईमा छ । भट्टराई गुरूबाटै मठका मन्दिरमा पनि धूप-बत्ती चलेको छ ।

## २. रेसुङ्गा मठ

रेसुङ्गा गिरिको चुचुराको परिसरलाई "मठ" भनिन्छ । यस मठमा पूर्वतर्फ विष्णुपादुका र सोको साम्ने पश्चिमतर्फ निकटस्थ भई शिवालय मन्दिर रहेका छन् । विष्णुपादुका देवालय वि. सं. १९०७ मा महाप्रभु लक्ष्मीनारायणले र शिवालय वि. सं. १९३९ मा महाप्रभुका सदिच्छाअनुसार जर्नेल ललितजंग राणाले बनाएका हुन् । विष्णुपादुका स्वामी शशिधरसँग र शिवालय महाप्रभु लक्ष्मीनारायणसँग सम्बन्धित छन् ।

स्वामी **शशिधर** रेसुङ्गामा तपस्या गर्ने प्रथम ऐतिहासिक योगी हुन् । यिनको जन्म वि. सं. १८०४ मा र मृत्यु वि.सं. १९०६ पौष शुक्ल सप्तमीमा भएको हो । यिनले मथुरा गएर भगवान् श्रीकृष्णबाट तत्त्वज्ञान प्राप्त गरेका थिए । देवर्षि नारदले रेसुङ्गामा नै आई यिनलाई तत्त्वज्ञान दिएका थिए । अरू धेरै सिद्धहरू पनि शशिधरको आश्रम रेसुङ्गामा आएका थिए ।[३] सन्त शशिधरले जोसमनि दर्शनको प्रतिपादन गरे । आध्यात्मिक तत्त्वज्ञान पाएका सन्तबाट प्रतिपादित यस सम्प्रदायको प्रभाव विभिन्न देशमा परेको थियो । उनीबाट प्रभावित यस सम्प्रदायका मुख्य व्यक्ति ज्ञानदिलदास हुन् । शशिधर विशुद्ध वैदिक श्रोत्रीय

ब्राह्मण परिवारका हुन् । तपस्याद्वारा ईश्वर साक्षात्कार गरेपछि जीवनको अन्तिम अवस्थामा यिनले स्नान, सन्ध्या, पूजापाठ छोडेका थिए । आफ्नो आश्रम रेसुङ्गाको बसाइ खुसी एवं आनन्दका साथ बिताई १०२ वर्षको उमेरमा सूर्य मण्डल भेदन गरी यिनले चुचुरोबाटै ब्रह्मपद प्राप्त गरे । यिनको शवलाई त्यही नै जलाइएको थियो, हाल जहाँ विष्णुपादुका मन्दिर छ । भनिन्छ यिनको महिमा वाल्मीकिबाहेक अरू कसैले बताउन सक्दैनन् ।

महाप्रभु लक्ष्मीनारायण सन्त शशिधर स्वामीका एकमात्र पुत्ररत्न हुन् । उनी आबाल ब्रह्मचारी थिए । उनले नै रेसुङ्गाको उत्तरतर्फ पर्ने सावनीमा हिउँदे आश्रम बनाई त्यहाँ शिवालय स्थापना गराएका हुन् । उनले रेसुङ्गामा महापोखरी खनाई त्यसमा सबै तीर्थको जल मिसाई तीर्थ क्षेत्र बनाए । सत्यादि युगमा विष्णु भगवान्को पदार्पण भई पवित्रतम भइरहेको मठमा शशिधरले देहत्याग गरेका थिए । सो स्थानमा नारायणको स्मरण गरी पिताजीका स्मृतिमा लक्ष्मीनारायणले विष्णु भगवान्का पाउको प्रतिमूर्ति राखी सुर्कीले प्लस्टर गराई विष्णुपादुका नामको देवालय बनाए । त्यस मन्दिरमा नित्य पूजाका लागि प्रभुले आफ्ना झोलीका पैसाबाट वि. सं. १९०७ सालमा धनहर खेत खरिद गरी गुठी राखिदिए । लक्ष्मीनारायण दैवी गुण सम्पन्न अष्टसिद्धि प्राप्त देव अंशधारी महापुरूष नै थिए । उनले आफ्नो परीक्षा लिन आएका श्री ३ जङ्गबहादुरलाई माफ माग्ने नै गराएका थिए । प्रभुसँग नतमस्तक बनेका श्री ३ ले आफ्नै इच्छाले विष्णुपादुका मन्दिरलाई पहाडिया तामाका पाताले मोडेर छाई सुनको गजुर राखी वरिपरि पर्खाल बगैँचा बनाई पूजा गर्न चाँदीका भाडा आदिले सुसज्जित बनाइदिए । महाप्रभुले श्री ३ लाई "विष्णुपादुकाका लागि आफूले खरिद गरेका र भक्तले चढाएका खेतको धर्मपत्र कबुलियतनामासम्म भएका छन् । यस क्षेत्रलाई श्रीकृष्णले 'धर्मारण्य गोचरण क्षेत्र' भन्नुभएको छ । ती सबैको रक्षा गर्ने काम गर्नू" भनेछन् । तत्पश्चात् वि.सं. १९१२ देखि ती गुठी जग्गाको लालमोहर, सनद आदि भएको पाइन्छ । विष्णुपादुकामा उपल्लो तम्घासका पन्थी ब्राह्मणबाट पूजा हुने र जुठो सुतक पर्दाको लागि अर्खलेका मरासिनी ब्राह्मणले आलोपालो गर्ने व्यवस्था मिलाइएको थियो । गुठीको आयस्ताबाट विष्णुपादुकामा नित्य पूजापाठ, धूपबत्ती, नैवेद्य आदि र शशिधरको देहान्त भएको दिन ब्राह्मण भोजन, वेद, गीता, भागवत, विष्णुसहस्रनाम, शप्तशती, रामगीतासमेतका पाठपारायण गर्ने गराउने कार्य व्यवस्थित रूपमा हुन थाले । रेसुङ्गा विष्णुपादुकाकालागि निम्न स्थानमा धनहर खेत गुठी राखिएको पाइन्छ :

| सि. नं. | गुठी रहेको जिल्ला | जग्गा रहेको ठेगाना | स्थान | जग्गाको माटोमुरी | कैफियत |
|---|---|---|---|---|---|
| १. | अर्घाखाँची | साबिक ठूलापोखरा हाल छत्रदेव गाउँपालिका | तगुवा | १२३ मुरी | |
| २. | अर्घाखाँची | " " " | बाहुल्या | ४० मुरी | |
| ३. | " | " " " | झिर्वाङ्ग | ७१ मुरी १४ पाथी | |
| ४. | " | साबिक अर्घातोस हाल छत्रदेव गाउँपालिका | अर्चम | ९५ मुरी ५ पाथी ४ माना | |
| ५. | " | " " " | जलजले | ४७ मुरी | |
| ६. | " | वाङ्ला हाल सन्धिखर्क न.पा. | जहरेखोला | ४९ मुरी | |
| ७. | गुल्मी | साबिक अर्खले हाल रेसुङ्गा नगरपालिका-३, | जोगिथुम छबिस्या गुठ | १२० मुरी | |
| **जम्मा माटो मुरी - ५४५ मुरी १९ पाथी ४ माना** | | | | | |

वि.सं. १९३९ कार्तिक शुक्ल सप्तमीका दिन लक्ष्मीनारायण ब्रह्मलीन भए । त्यसबेला जङ्गबहादुरका छोरा ललितजंग राणा अर्घाखाँची (ठाडा)मा जर्नेल पदमा थिए । नजिकै भएकाले ललितजंगलाई महाप्रभु लक्ष्मीनारायणको अलौकिक शक्तिको ज्ञान थियो । प्रभुप्रति उनको अगाध, श्रद्धा, विश्वास र भक्ति थियो । उनले प्रभुलाई ईश्वरकै अवतार मान्दथे । सर्वप्रथम "महाप्रभु"को संज्ञा पनि उनैले

दिएका थिए । प्रभुको देहावसानपछि ललितजंगले आफ्ना काका प्रधानमन्त्री रणोद्दीप सिंहलाई महाप्रभुका दिव्य गुणको सविस्तार बखान गरी बुझाए । तत्पश्चात् प्रधानमन्त्रीको आदेशले राज्यकोषबाट रेसुङ्गाको लागि पर्याप्त रकम निकासा गरी खर्च गर्ने व्यवस्था मिलाए । महाप्रभु लक्ष्मीनारायणको स्मृतिमा विष्णुपादुकाका अगाडि प्रभुकै चिता संस्कार भएको स्थानमा तामाका पाताले छाएको सुनको गजुर राखेर शिवालय निर्माण गरी भित्र पाञ्चायतनयुक्त शिवलिङ्ग, बाहिर अगाडि नन्दीकेश्वर मूर्ति र दक्षिणतर्फ ६० धार्नीको घण्ट राखे । त्यस्तै महाप्रभु ब्रह्मलीन भएको स्थान सावनी (साउने)को मन्दिरको पनि जीर्णोद्वार गरी फलाम, काठ कत्ति पनि प्रयोग नै नगरी ढोकासमेत ढुंगाकै राखेर बडो कलात्मक बुट्टेदार शिवालय मन्दिर सुनको गजुरसहित निर्माण गराए । त्यहाँ स्थापित हनुमानको मन्दिरसमेत बनाए । ललितजंगले आफूले बनाएका रेसुङ्गा टापुको र सावनी दुवै स्थानका शिवालयलाई समान मान्यताका साथ नित्य नैमित्तिक पूजा सञ्चालनको लागि अर्घाखाँचीको प्रसिद्ध चौवा फाँटमा ३०००/- रूपैयाँमा खेत किनी गुठी राखिदिए । रेसुङ्गा शिवालय गुठीका नाममा अर्घाखाँचीका निम्न स्थानमा गुठी राखिएको पाइन्छ :-


| **सि. नं.** | **गुठी जग्गा रहेको जिल्ला** | **गुठी जग्गा रहेको ठेगाना** | **गुठी रहेको स्थान** | **जग्गाको माटो मुरी** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | अर्घाखाँची | साबिक ठुलोपोखरा हाल छत्रदेव गा. पा. | सेरी | १३० मुरी | |
| २. | " | " " " | सुकौटी | २० मुरी | |
| ३. | " | " " " | सतिकटु सतिगौडा | ३४ मुरी | |
| ४. | " | " " " | भुङ्भुङे | ६० मुरी | |
| ५. | " | साबिक अर्घातोस हाल छत्रदेव गा.पा. | तगुवा | ४० मुरी | |


| सि. नं. | गुठी जग्गा रहेको जिल्ला | गुठी जग्गा रहेको ठेगाना | गुठी रहेको स्थान | जग्गाको माटो मुरी | कैफियत |
|---|---|---|---|---|---|
| ६. | अर्घाखाँची | साविक वाङ्ला हाल सन्धिखर्क न.पा. | कुडुले | ५६ मुरी | |
| ७. | " | " " " " | चिसापानी | ७८ मुरी ६ पाथी | |
| **जम्मा माटो मुरी ४१८ मुरी ६ पाथी** | | | | | |

तत्काल अर्घाखाँचीबाट रेसुङ्गा शिवालय गुठीको आयस्ता २८ मुरी धान र नगद रु ५६ आउनेमा टापुको शिवालय र सावनीको शिवालयलाई बराबर आधाआधा बाँडेर दिइन्थ्यो । टापुतर्फ तम्घास बेदुखर्कका र सावनीमा भाडगाउँका पन्थी ब्राह्मणबाट पूजा हुने व्यवस्था थियो ।

यस प्रकार विष्णुपादुका र शिवालयको लागि छुट्टाछुट्टै गुठीको व्यवस्था गरी रेसुङ्गा सिद्धाश्रम क्षेत्रका शक्तिपीठमा लामो समयसम्म सहज रूपले पूजाआजा चलिरह्यो । देशभरि वैज्ञानिक पद्धतिबाट सर्भे नापी गर्ने क्रममा अर्घाखाँची जिल्लामा २०३७/०३८ सालतिर नापी गोश्वारा आयो । सबैको हित एवं कल्याणको लागि हरिहरका शक्तिपीठमा पूजाआजा सञ्चालन गर्ने उद्देश्यले व्यक्तिगत झोलीका पैसाबाट खरिद गरिएका गुठी जग्गाहरू रेसुङ्गा गुठीकै नाममा नाप नक्सा हुनुपर्ने थियो । रेसुङ्गाका तत्कालिन पुजारी पं. परशुराम उपाध्याय पन्थीका अनुसार सर्वे नापीका क्रममा अर्घाखाँचीका गुठी जग्गा रैकरमा दर्ता गर्न खोज्नेहरू उपर निवेदन उजुर गर्न परेको थियो । भूमि सुधारले गुठी ठहराइदिएपछि केही मोहीहरू चुप लागि बसे । ७–८ जनासँग अदालती कारवाही हुँदा अञ्चलसम्म पुग्न परेको थियो, अञ्चल अदालतबाट गुठी ठहर हुँदा ती पनि चुप लागे । एकजना (बलबहादुर)सँगको मुद्दामा भने सर्वोच्च अदालतसम्म पुग्नुपरेको थियो । अन्ततः सर्वोच्च अदालतबाट गुठी नै कायम हुने फैसला आयो । तत्काल रेसुङ्गा गुठीका नाममा नापी भएका जग्गाको जग्गा धनी दर्ता प्रमाण पुर्जासमेत बनेको उल्लेख छ । लेखक पुजारी पं. परशुराम उपाध्याय पन्थी, प्रकाशक–किरण पुस्तकालय २०६७ लक्ष्मीपूजा भएको तपोभूमि रेसुङ्गाधाम नामक पुस्तक खण्ड ४ मा रेसुङ्गा गुठीको सन्दर्भ उल्लेख छ । २०५४ सालमा आफूसँग भएका रेसुङ्गाका लालमोहरहरू, सनदहरू, कबुलियतनामा,

अख्तियारनामासमेत रेसुङ्गा संरक्षण समितिमा जिम्मा दिएको कुरा उल्लेख गर्दै पुस्तकको खण्ड ९ मा सनद लालमोहर एवं अन्य अभिलेखहरूका छायाप्रति छापिएका छन् । ती मध्ये गुठीका कागजात २ का छायाँप्रति यस्ता छन् :-





[illegible]

हि खेत बगाउनालाई आतका बतलेर मोहि स्मेतले छोगेन भन्या अर्घाखाचि गुल्मी
मसिल बमोजिमका गाउका मखिया जिम्मावाल गाउल्याहरूका नाउमा स्मेत सनद गर
बक्स्या --२-- का गद्धिजगाको हिफाजत रहि प्रजा बलिस कोर का किर्ति रहन्या छ भनि
ति बखतमा कोऊनालेरल दामखेत १ मा अर्घा खोलार्‍हे डिखोला पश्चन पाउन्या गरि
सलगाउन पर्मी गाउमा बलियो ढुंगाको पर्खाल लगाई भन्या खिवाअनुपर्मीगाउमा
रिवाधि किला गोकउ पर्मीगाउमा बलियो गरि किला ठोकियोनो तर्काई दिउ भन्या अर्घा
चिगाउगाउका जिम्मावाल थरिथा निगेहुका नाउमा ३ साल पौष सुदि ६ रोज ५ मा हुक
म्बात भयाको प्रमाणकुनाले सनद गरि बक्स उ भर्ना छि भैन्याहा ह्रा चिन
गरी बक्स उन बक्स जो मर्जि ऊकै भनि सदर दफदर खानावाट लेखेका तोक सदर गरि
बक्स्या बमोजिम ग ठिखार प्रबिसाने ऊठ पाध्याका नाउमा रूकाद स्माह गरिब क्स उ
र्याठहराम्रू भनि मिरसुबा कुहल राजगुरु घ राना मंडित्ज्यू खरिदार रुद्र मान बरिद
त्रै लोक्य श्रजजोसि हरूले दाम्रा हजुर्मा बिन्तिपार्दाजाहेर भयो तसर्थ सोठहराबमोजि
जिमरेडुगामा --१-- बाट स्थावाग रि बक्स उभयाका --२-- कानिमित्तै मित्यक्हु
भुयब त्तिनिमित्त लाल मोहरगरिउ हिरासि बक्स उभयाको गुठीयारिका मयाई ति
कठलिमेत मराई बक्स उ भयाको कुनाले अबखानिमनिस्चल भयाको हेनोहरू ले नोहि
ना लिउठाई प्रजा हारि लाई नफाउन स्व खेतको बाधकलो बिस्खो खोलाले बगाइ भरि दि
गयो भन्या आंत कानल लेर मोहिसमेत ले छगेन भन्या तिनितपसिल बमोजिमका
तकौ पाहिमर्यांबमोजिम तपसिलको गाउगाउबाट मद्दत लिबनाउनतया ईजगाउ
बाद राखि प्रजा बसाउन्याकाम गर भनि गठीयारिकोरु का ऽस्वात गरि बक्स्यौं

तपसिल

| | |
|---|---|
| बोलेकपार्दै पाध्याको तगुवा खेत मुरि | २० |
| वहस्पति पाध्याको तगुवा खेत मुरि | ४३ |
| वाहल्पा खेत मुरि | ४० |
| नराई खोला खेत मुरि | ४९ |
| झिवाङ खेत मुरि | ४१।१८ |
| अर्चमे खेत मुरि | ६१।५।८ |
| नदु चंडेश्वरको झिबांडु कोचीदि खेत मुरि | ३० |
| भरणीदेउ नारानको अर्चम खेत मुरि | २६ |
| बैकुंठ पाध्याको जनहजल्या खेत मुरि | ४७ |
| | ४।२५।४।८ |

हे खोलो मद्दत मि
दिउ पर्मीगाउ

| | | |
|---|---|---|
| जिल्ले गुल्मी | | २ |
| मौजे माझकोट | १ | |
| मौजे ठडाकु | १ | |
| जील्ले अर्घा | | ४ |
| मौजे बाङला | १ | |
| मौजे अर्घातोस | १ | |
| मौजे हेंडि | १ | |
| मौजे डिभर्ना | १ | |

इति संम्बत १९३९ साल मिति पौष सुदी १० रोज ५ शुभम्

२०७८ सालको सुरुतिरको कुरा हो, अर्घाखाँची जिल्लामा पुनःनापीको कार्य हुन लागेको जानकारी भएपछि रेसुङ्गा गुठीका जग्गा कहाँकहाँ के कस्तो अवस्थामा छन् हेर्ने र गुठीका जग्गा गुठीकै नाममा नाप नक्सा गरिदिने व्यवस्थाको लागि नापीमा अनुरोध गर्ने उद्देश्यका साथ पुष्कर पन्थीको संयोजनमा त्यसतर्फ जाने समितिबाट निर्णय भएको थियो । रेसुङ्गा संरक्षण समितिमा लामो समयदेखि पदाधिकारी भई सेवा गरेका र गुठीका जानकार व्यक्तित्वहरूलाई समावेश गराई समितिका अध्यक्ष सुरेशचन्द्र भुसाल, कोषाध्यक्ष नेत्रबहादुर बस्नेत र सचिव (हाल उपाध्यक्ष) मोतीप्रसाद खनाल, सह कोषाध्यक्ष एवं तत्काल गुठीको कामसमेत हेर्ने (हाल सदस्य) पुष्कर पन्थी, गुठी जग्गाका जानकार पूर्व सचिव पीताम्बर पन्थी र गोपाल पन्थी (हाल सचिव) समेत भएको टोलीमा पंक्तिकार पनि साथै जाने संयोग जुट्यो । रेसुङ्गा विष्णुपादुका गुठीका पुजारी पं. परशुरामका ज्येष्ठपुत्र पीताम्बर पन्थी टोलीमा रहनुभएको र पितासँग उहाँ बारम्बार गुठी जग्गामा जाने आउने गरेका जानकार हुनुहुँदो रहेछ । साबिक ठूलापोखरा, अर्घातोस र वाङ्लामा भएका गुठी जग्गा हेरियो । राम्रो जति हाम्रो गराउने वा आफ्नो व्यक्तिगत बनाउने समाजलाई दिन परे पनि कमसल मात्र दिने तथा आफूले खुबै ठूलो काम गरेँ भनी ढोल पिटाई प्रचारप्रसार गर्ने चलन हामीले देखे भोगेका छौं । गुठीका खेत देख्दा लाग्छ सबै अब्बल मात्र छन् राम्रा राम्रा जग्गा गुठीलाई गराई उन्नत तरिकाले देवालय चलून् भन्ने उद्देश्य देखिन्छ । गुठी राख्ने महात्माप्रति हार्दिक नमन गर्दै आभार प्रकट गर्दछु । ३०० रोपनीभन्दा बढी होला सो उर्वर स्थानको खेतको राम्ररी व्यवस्थापन गर्न सकिए गाई, ब्राह्मण, अतिथिसेवा र देवालयको पूजा कार्यमा आर्थिक अभाव सोच्नै पर्दैन भन्ने लागेर खुसी भएँ । किनकि म पहिलोपटक त्यहाँ गएको थिएँ ।

बुझ्दै जाँदा साबिक सर्वेनापी पछि पनि गुठीका जग्गा रैकरमा परिणत गराउने काम भएको भन्ने सुन्नमा आयो । हो होइन भए के कसरी कति कहाँकहाँको जग्गा रैकर भएका छन् एकिन गर्न रैकरमा परिणत गर्ने निर्णय तथा साबिकका गुठीका जग्गा धनी दर्ता स्रेस्ताको नक्कल माग गर्न भनी मालपोत कार्यालय अर्घाखाँचीमा सम्पर्क गर्दा माल, नापी दुवै जलेकोले पुराना स्रेस्ता कागजात छैनन् भन्ने जानकारी भयो । तत्काल त्यहाँ पुनःनापी भइरहेको थियो । विशेष नापी कार्यालयमा गई बुझ्दा यसअघिको सर्वेनापीबाट दर्ता स्रेस्ता कायम भएको पुर्जा कागजातसहित निवेदन दावी गर्नुस् हामी हेर्छौं, साबिक लालमोहर, सनद आदिको आधारले मात्र हामी केही गर्न सक्दैनौँ भन्ने जवाफ पाइयो । रेसुङ्गा संरक्षण समितिमा गुठी जग्गाका ज. ध. द. प्रमाण पुर्जा ल्याए नल्याएको रेकर्ड नभेटिने र स्रेस्ता राख्ने अड्डाका कागजात नष्ट भएको अवस्थामा गुठी जग्गाको संरक्षणको लागि अर्घाखाँचीका प्र.जि.अ. ज्यूसँग पनि अनुरोध गरियो ।

रेसुङ्गा गुठीको जग्गा रैकरमा परिणत गराएकाहरूको छोडेर कुनै विवाद नै नभएका बाँकी जग्गा पनि विशेष नापी कार्यालयबाट रेसुङ्गा गुठीको नाममा दर्ता स्रेस्ता कायम भएको जानकारी छैन । यस्तो अवस्थामा रेसुङ्गा गुठीको जग्गा रैकरमा परिणत गर्ने क्रममा अपनाइएका प्रक्रियाका सम्बन्धमा पनि जानकारी लिन सकिएन । अतः झोलीका पैसाबाट अर्घाखाँची जिल्लाको चौवा क्षेत्रमा खरिद गरी रेसुङ्गा देवालयको पूजाआजाको लागि सुनिश्चित गरी राखिदिएका निजी गुठी खेतको वास्तविक अवस्था यकिन गर्ने र सो गुठी जग्गाको संरक्षण गर्नेतर्फ रेसुङ्गा संरक्षण समितिसमेत सम्बद्ध सबै पक्षको अविलम्ब विशेष ध्यान जानुपर्ने देखिन्छ ।

गुल्मी जिल्लाको हकमा भने रेसुङ्गाको गुठी जग्गा साविक अर्खले हाल रेसुङ्गा न.पा.को छविस्या गुठ भन्ने स्थानमा छ । लालमोहर सनद बमोजिम सो जग्गा १२० माटो मुरीको भएकोले छ वीस गुठी भन्दाभन्दै ठाउँको नाम नै हाल छबिस्या गुठ रहन गएको हो । सर्वेनापीको समयमा गुठीको सो जग्गा श्री विष्णुपादुका गुठी रेसुङ्गाका नाममा निम्नानुसार कि. नं. र क्षेत्रफल कायम भई नाप नक्सा भएको छ ।

| **सि.नं.** | **गुठी जग्गा रहेको गा.पा./न.पा.** | **वडा नं.** | **कित्ता नं.** | **जग्गाको क्षेत्रफल** | **विरह** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १. | साविक अर्खले हाल रेसुङ्गा न.पा. | साबिक ८ | ९८२ | १८-४-०-३ | धान दोयम | |
| २. | " " " | ८ | ९९२ | २-२-२-१ | " " | |
| ३. | " " " | ८ | ९९३ | ०-६-१-० | " " | |
| ४. | " " " | ८ | ९९४ | १-९-२-० | " " | |
| ५. | " " " | ८ | ९९५ | ३-६-२-२ | " " | |
| ६. | " " " | ८ | ९९६ | ४-६-३-० | " " | |
| ७. | " " " | ८ | ९९७ | ४-१-१-० | धान दोयम | |
| ८. | साविक अर्खले हाल रेसुङ्गा | ८ | ९९८ | १-१५-१-३ | " " | |

| सि.नं. | गुठी जग्गा रहेको गा.पा./न.पा. | वडा नं. | कित्ता नं. | जग्गाको क्षेत्रफल | विरह | कैफियत |
|---|---|---|---|---|---|---|
| | न.पा. | | | | | |
| ९. | " " " | ८ | ९९९ | ४-१४-१-१ | " " | |
| १०. | " " " | ८ | १०१४ | १-६-३-१ | मकै सीम | |
| ११. | " " " | ८ | १०१५ | २-१४-३-२ | धान दोयम | |
| **जम्मा क्षेत्रफल (रोपनीमा) ४५-८-२-१** | | | | | | |

द्रष्टव्य :- नापी क्षेत्रीय किताब (फि. वु.) अनुसार सो जग्गाको आधा जग्गामा जोताहाको नाम कायम भएको देखिन्छ ।

रेसुङ्गा गुल्मी जिल्लाको सान हो, मणि हो, मुकुट हो । रेसुङ्गा शिखरले गुल्मी जिल्लाको परिचय दिन्छ । १८ पुराणका रचयिता विष्णुका अंशावतार वेदव्यास र उनका सुपुत्र आबाल ब्रह्मचारी शुकदेवलाई श्रीमद्भागवत महापुराणको माध्यमबाट हामीहरू जान्दछौँ । रेसुङ्गाका तपस्वी अभूतपूर्व दैवीशक्ति सम्पन्न स्वामी शशिधर र उनका एकमात्र सुपुत्र आबाल ब्रह्मचारी महाप्रभु लक्ष्मीनारायण पनि क्रमशः वेदव्यास र शुकदेव जस्तै देवतुल्य छन् । यस्ता महापुरुषको स्मृतिमा बनेका विष्णुपादुका र शिवालयले रेसुङ्गा शिखरको शोभा दिइरहेका छन् । अझ त्यस्तै यिनको सामुन्ने पूर्वतर्फ बाल सिद्धेश्वर भववान् हुनुहुन्छ । पुराण लेखनको समय भएको भए यस तपस्थली, तपस्वी र विराजमान शक्तिको विषयमा ग्रन्थ नै बन्ने थियो । अतः यस पवित्र धराधाम दिव्य भूमिको हामी सबै मिलेर संरक्षण संवर्धन गर्नु छ । जय रेसुङ्गा ।

**सन्दर्भ-सामग्री**


१. दीपज्योति अङ्क ९, २०६४ वैशाख प्रकाशक कर्मचारी मिलन केन्द्र गुल्मी पेज ४७ ।

२. ऐ पेज ४९ ।

३. केही जनश्रुतिहरू डा. टीकाराम पन्थी, प्रकाशक किरण पुस्तकालय तम्घास, गुल्मी (२०४२ माघी पूर्णिमा ) ।


ooo

भजन

# जाऊँ जाऊँ हिंड रेसुङ्गा



✍रामप्रसाद पन्थी

काशी गएँ गया गएँ , गएँ वृन्दावन २
जाँ गए नि मेरो प्रभु रमाएन मन ।

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

दुई दिने जिन्दगानी, मरी जाने चोला २
मरेपछि लान्छन् पोल्छन् पखाल्दछन् शोला

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा ,हरि हरि ।

देवभूमि तपोभूमि रेसुङ्गा हो धाम २
रेसुङ्गामा गई जपौं प्रभु सिद्ध नाम ।

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

दशरथ राजा हुँदा त्रेता युग थियो २
पुत्रहीन दशरथ चिन्ता अति थियो

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

रेसुङ्गाका ऋष्यशृङ्ग अयोध्यामा गए २
उनकै जप तपबाट चार पुत्र भए ।

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

पछि रामचन्द्र देव रेसुङ्गामा आए २
बाण हानी रामकुवा प्रभुले बनाई दिए ।

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

शशिधर सन्त स्वामी रेसुङ्गामा आई २
तप गर्दा रेसुङ्गामा थिए हाइ हाइ ।

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

निर्गुणका कवि थिए उनै शशिधर २
जोसमनि परम्परा दिए निरन्तर ।

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

महाप्रभु लक्ष्मीनारायण, शशिधर पुत्र २
रेसुङ्गामा महाप्रभु दिए नयाँ सूत्र ।

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

खनाएर पोखरी त्यो तीर्थ जल ल्याई २
धन्य धन्य भयौं सबै गंगा मैयाँ पाई

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

ब्रह्मचारी महाप्रभु थिए सिद्ध योगी २
रूप फेरि बाघ बन्थे भन्थे भक्त कोही ।

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

कान्छा प्रभु पनि यहाँ आई तप गरे २
उसै गरी कान्छा प्रभु पनि लीला गरे ।

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा

जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

राजगुरु राणाजीका प्रभु यदु-नन्द २
रेसुङ्गामा दिए प्रभु नयाँ रसरङ्ग ।

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

रेसुङ्गाको तत्त्व बुझी योगी नरहरि २
पुण्य कर्म गरे यहीँ कोटिहोम गरी ।

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

त्यसै गरी आए यहाँ पण्डित् नारायण २
रेसुङ्गाकै लागि गरे पाठ पारायण ।

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

बाल गुरु ब्रह्मचारी ताराजीले पनि
साधनामा रही यहीँ भए तत्त्व ज्ञानी

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

साधनामा रमाउने अरु गुरु सन्त २
रेसुङ्गाको धाम जस्तो छैन भन्छन् अन्त ।

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

साउनमा मेला भरौं औंशी एकादशी २
धर्म कर्म गर भक्त यहीँ व्रत बसी ।

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।


तप गरौं अब त भक्त साधनामा लागौं २
हुनै थाल्यो जाने बेला उठ न भक्त जागौं

जाऊँ हिंड रेसुङ्गा ,मन हुन्छ चङ्गा
जाऊँ जाऊँ हिंड रेसुङ्गा हरि हरि ।

**रेसुङ्गा न. पा. २, गुल्मी ।**

ooo

# भारतीय नेपाली साहित्य र साहित्यकारहरूको बारेमा विस्तृत जानकारी प्राप्त गर्नका लागि 'हाम्रो पुरुषार्थ'को सम्पूर्णाङ्क १०५ पढ्न नबिर्सनुहोस् ।



लेख

# रेसुङ्गा पर्यटकीय महत्त्व



✍हिरा ए. सी.

## परिचय

गुल्मी जिल्लाको सदरमुकाम तम्घाससँगै जोडिएर पूर्वतर्फ रहेको रेसुङ्गा पौराणिक कालदेखि नै धार्मिक क्षेत्रको रूपमा वर्णित पवित्र तीर्थस्थल हो । इतिहासकार राजाराम सुवेदीका अनुसार गुल्मी जिल्ला वि.सं.२००८ सालसम्म पाल्पाकै प्रशासनबाट सञ्चालित थियो । राणाशासनको अन्त्यपछि वि.सं. २००९ सालमा गुल्मी र अर्घाखाँचीलाई छुट्टै एक गुल्मी जिल्लाको मान्यता गरियो । वि.सं. २०१९ सालमा अर्घाखाँचीलाई गुल्मीबाट अलग गरी छुट्टै जिल्ला घोषित गरियो । हालको गुल्मी जिल्ला मध्यकालका चौबीसी राज्यहरू गुल्मी, इस्मा, मुसिकोट र धुर्कोट मिलेर बनेको हो । यहाँ हरियालीमय र मनोरम पर्वतशृंखला, नदी, लेकबेंसी, गुफा, ऐतिहासिक दरबारहरू, धार्मिक मठमन्दिर र तीर्थस्थलहरू रहेका छन् । रेसुङ्गासहित रुरुक्षेत्र, कङ्केदेउराली, धुर्कोटकालिका, शृङ्गा, रुद्रवेणी, कुर्घामालिका, तम्घासस्थान, विचित्रगुफा, मर्भुङ्मालिकालगायतका धार्मिक र पर्यटकीय स्थलहरू गुल्मीमा छन् । त्यसैगरी यहाँ मध्यकालीन गुल्मी, धुर्कोट, इस्मा र मुसिकोट राज्यका दरबारहरू सुरक्षित छन् । यीमध्ये रुरुक्षेत्र र रेसुङ्गा सर्वाधिक महत्त्वका धर्मक्षेत्र हुन् ।

रेसुङ्गाको उचाइ समुद्र सतहबाट २३४७ मिटर रहेको छ । प्रायः शीतल हावापानी हुने यहाँको उच्च भागतिर कहिलेकाहीँ हिउँ पर्छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण, विविध जैविकतायुक्त, सदावहार हरियाली र सुन्दर हिमशृङ्खलासहितको मनोरम दृश्यावलोकन रेसुङ्गाबाट गर्न सकिन्छ । घना जंगलले ढाकिएको र सदावहार हरियाली हुने यहाँको वातावरण गर्मीयाममा अझ बढी मनोरम र अनुकूल हुन्छ । "गुल्मी जिल्लाको केन्द्रबिन्दुमा रहेको तपोभूमि रेसुङ्गा प्रख्यात महाभारत पर्वत हो । रेसुङ्गाको महावन वरिपरिका बस्तीहरू सबै रेसुङ्गाक्षेत्र हो" (पन्थी, २०७६, पृ.३) ।

रेसुङ्गा प्राकृतिक एवं जैविक विविधताको खानी हो । जिल्ला वन कार्यालय गुल्मीले २०६१ सालमा प्रकाशित गरेको बुलेटिनमा रेसुङ्गाको वनमा बाँझ, खर्सू, लालीगुराँस, ओखर, खोटेसल्लालगायत ६८ प्रजातिका बिरूवा, ४६ प्रजातिका रूख, ३४ प्रजातिका झाडी र १६ प्रजातिका लहराहरू पाइन्छन् । त्यसैगरी यहाँ चिराइतो, पाषाणवेद, नूनढिकी, कन्टकारी, जटामसी, टिमुर, कुरिलो, सुगन्धकोकिलालगायत सयौं जीवनोपयोगी जडीबूटीहरू पाइन्छन् । रेसुङ्गाको जंगलमा न्याउली, हरिण, मृग, चितुवा, बँदेल, चित्तल आदि जनावर र कालिज, तित्रा, काग, ढुकुर, सुगा, गिद्ध, कोइलीलगायत २३० प्रजातिका पक्षीहरू पाइन्छन् । नेपालको ललितपुरमा मात्र पाइने काँडेभ्याकुर र लोपोन्मुख सुन गिद्धसमेत यस क्षेत्रमा पाइएका छन् । धेरै पानीका मुहान रहेको रेसुङ्गाले यस आसपासको ठूलो जनसंख्यालाई खानेपानी सुविधा दिएको छ भने सयौं हेक्टर जमिन सिंचित गरेको छ ।

## रेसुङ्गाको महत्त्व

धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्व बोकेको रेसुङ्गाक्षेत्र पर्यटन विकासको दृष्टिले निकै महत्त्वपूर्ण छ । प्राकृतिक सुन्दरता र जैविक विविधतायुक्त रेसुङ्गाको महत्त्वबारे चर्चा गरिनु सान्दर्भिक हुनेछ :

### क) सुन्दर दृश्यावलोकन

रेसुङ्गा आफैमा प्राकृतिक भ्यूटावर जस्तो छ । यहाँबाट धौलागिरिदेखि मनासलुसम्मको हिमशृंखला, नौ जिल्लाको दृश्यावलोकन, सूर्योदय र सूर्यास्तका दृश्य अवलोकन गर्न सकिन्छ । पर्यटनका साथै विविध संस्कृतिको अवलोकनबाट मनोरञ्जन लिन र हिमालदेखि तराईसम्मको दृश्यावलोकन गर्न पाइने विरलै ठाउँमध्येहरूमध्ये यो क्षेत्र पर्दछ । "भनिन्छ, स्वच्छ मौसम भएका समयमा रेसुङ्गाबाट गोरखपुर र उत्तरतिर धवलागिरि हिमालय र पूर्वतर्फ काठमाडौँ उपत्यकासमेत देखिन्छ" (सुवेदी, २०५५, २) ।

### ख) धार्मिक महत्त्व

रेसुङ्गालाई प्राचीनकालदेखि नै महत्त्वपूर्ण धार्मिक स्थल र सिद्धाश्रमका रूपमा मानिंदै र पूजिँदै आएको छ । "रेसुङ्गा त्रेताकालदेखि नै पवित्र तपोभूमि रहँदै आएको छ । प्राचीनकालमा महर्षि भृगुका आश्रमहरू, तपोभूमिका अनेक स्थानहरू छन्" (पन्थी, २०४२, १०१) । पवित्र श्रीकृष्णगण्डकीको दाहिने भागमा रेसुङ्गा अवस्थित छ । यो क्षेत्र शालिग्राम क्षेत्रकै एउटा खण्ड हो । रेसुङ्गा

नामसँग ऋष्यशृङ्ग ऋषिको सम्बन्ध जोडिंदा यस क्षेत्रको पौराणिक एवं धार्मिक महत्त्व बढेको छ ।

पछिल्लो कालमा स्वामी शशिधर (वि.सं.१८०४, अर्घाखाँची) ले रेसुङ्गामा आफ्नो योगसाधना र तपस्याद्वारा सिद्धि प्राप्त गरेका थिए । स्वामी शशिधरले यहीँबाटै कर्मकाण्ड, बलिप्रथा, मूर्तिपूजा र जातिभेदविरोधी जागरण फैलाउनुका साथै उदारतावादी जोसमनि मतको शुरूवात गरेका थिए । वेदान्तका प्रकाण्ड विद्वान् तथा विलक्षण योगसाधक स्वामी शशिधरले निकै लामो समय योगसाधना र तपस्या गरेको रेसुङ्गा जोसमनि सम्प्रदायका अनुयायीहरूको लागि एक महत्त्वपूर्ण तीर्थस्थल हो । स्वामी शशिधरपछि उनका छोरा महाप्रभु लक्ष्मीनारायणले पोखरी बनाउने, मन्दिर बनाउने, रेसुङ्गालाई गोबिर्ता बनाउने, पूजाको लागि गुठी राख्ने आदि महत्त्वपूर्ण काम गरे । परशुराम पन्थीका अनुसार वि.सं. १९८३ तिर प्रभु यदुकानन्द रेसुङ्गामा आए । उनले ठूल्ठूला यज्ञहरू गरे, भण्डार घर, भक्तिनी घर, ब्राह्मण घर, गोशाला, तामाको छानायुक्त यज्ञशाला र राधाकृष्णको मन्दिर बनाए । वि.सं. २०२१ सालमा उनले रेसुंगा छोडे । त्यसपछिका केही वर्ष सामान्य रूपमा चलेको रेसुङ्गामा वि.सं. २०४२ सालमा योगी नरहरिनाथको पहलमा कोटिहोम यज्ञ गरियो । उक्त यज्ञपछि रेसुंगाको कीर्ति पुनः चारैतिर फैलियो । त्यसयता रेसुङ्गामा नियमित पूजापाठ गरिंदै आएको छ ।

रेसुङ्गामा थुप्रै धार्मिक तथा ऐतिहासिक स्थलहरू छन् । रेसुङ्गाको शिरमा रहेको सिद्धस्थानमा दैनिक सिद्धको पूजा हुन्छ । रेसुङ्गाको चुचुरोमा विष्णुपादुका छ । जुन स्वामी शशिधरको समाधिस्थल हो । त्यसको समुन्ने लक्ष्मीनारायणको अन्त्येष्टिस्थलमा बनेको शिवालय छ । रेसुङ्गाको प्रमुख आकर्षण महापोखरी हो । यहाँ श्रावण महिनाभर धार्मिक मेला लाग्दछ, सिद्धको पूजा हुन्छ, भक्तजनको घुइँचो लाग्दछ । हरिबोधनी र हरिशयनी एकादशीमा विशेष मेला लाग्दछ, देउसीभैलो खेलिन्छ र महापोखरीमा स्नान गरी पूजाआजा गरिन्छ । गोपूजाऔंसीका दिन चौतारामा गाईपूजक भक्तजनहरूको भीड लाग्छ । महापोखरीबाट उत्तरपूर्वमा स्वामी शशिधरलगायतका साधुसन्तहरूले तपस्या गरेको गुफा फूलबारीको भग्नावशेष छ । त्यसैगरी यदुकानन्दद्वारा निर्मित तामाको छाना रहेको प्यागोडा शैलीको यज्ञशाला, ऋष्यशृङ्गको आश्रम भनेर विश्वास गरिने सानो रेसुङ्गा, गरूडस्थान, रामकुवा, मैरा, गौशाला, साउनेक्षेत्रलगायत थुप्रै धार्मिक तथा ऐतिहासिक स्थलहरू रेसुङ्गामा अद्यापि छन् । रेसुङ्गा पोखरीमा स्नान गरी श्रावणमासमा रेसुङ्गा सिद्धको पूजा गरेमा मान्छेका मनोरथ पूरा हुन्छन् भन्ने जनविश्वास छ ।

### ग) इतिहासका अध्येताहरूको लागि महत्त्वको ठाउँ

हालसम्म प्राप्त विभिन्न ऐतिहासिक दस्तावेज, लालमोहर, सनद, सवाल आदिले रेसुङ्गाको ऐतिहासिक महत्त्व पुष्टि गर्दछन् । "रेसुङ्गाको बयान केवल पुराण र जनश्रुतिहरूले मात्र गरेका छैनन् । रेसुङ्गासित सम्बद्ध सनद, धर्मपत्र, लालमोहर, लिखित रचना, संस्मरण आदिले पनि यहाँको इतिहास बुझ्न सघाएका छन्" (पन्थी, २०७६, ७)। रेसुङ्गामा योगसाधना गरेका स्वामी शशिधर बडामहाराज पृथ्वीनारायण शाहका सल्लाहकार र दूतसमेत थिए । वि.सं. १८३१ मा पृथ्वीनारायणको देहवसानपछि स्वामी शशिधर रेसुङ्गामा आई बस्न थाले र पश्चिम नेपालको एकीकरणमा मद्दत पुऱ्याए ।

त्यतिबेला नेपालको राजनैतिक तथा सामरिक केन्द्र काठमाडौँ भए पनि विचारको केन्द्र रेसुङ्गा थियो । दरबारका भाइभारदारहरू शिक्षादीक्षा लिन रेसुङ्गा आउने गरेको, राजा रणबहादुर शाह स्वामी शशिधरको जोसमनि सन्त विचारधाराबाट प्रभावित भई निर्वाणानन्द स्वामी (जोगी) बनेको, बडामहारानी राजराजेश्वरीको माइती यसै रेसुङ्गाको काखमा अवस्थित गुल्मीदरबारमा रहेको, भीमसेन थापाका भाइ कर्णेल रणवीरसिंह थापा १२ वर्षसम्म यहीँ बसी विद्याध्ययन गरेको कुरा इतिहासमा उल्लेख छ (ज्ञवाली, श्रेष्ठ र पोखरेल, २०५३) ।

वि.सं. १९०६ मा शशिधरको मृत्युपछि उनका छोरा महाप्रभु लक्ष्मीनारायणले रेसुंगामा तपस्या गरे । राणा प्रधानमन्त्री जंगबहादुर लक्ष्मीनारायणका भक्त थिए । "जंगबहादुर राणा स्वामीका चेला बनेका थिए भने उनका छोरा ललितजंग ठाडामा जर्नेल भएको बेलामा उनले लक्ष्मीनारायणलाई महाप्रभुको उपाधि दिलाएका थिए" (ज्ञवाली, २०६२, ७) । तिनै ललितजंगले वि.सं. १९३९ मा महाप्रभुको निधनपछि उनको स्मृतिमा समाधिस्थल र मन्दिरहरू निर्माण गराएका थिए ।

वि सं १९८३ मा काठमाडौं कालिमाटीका यदुकानन्द रेसुंगामा आई तपस्या गर्न थाले । जुद्धशमशेर बिरामी हुँदा उनले रेसुंगाबाट पठाइदिएको जडीबुटीले निको भएपछि जुद्धशमशेर यदुकानन्दसित खुसी थिए । अझ यदुकानन्दले तोकेकै दिन १९८९ भाद्र १७ गते जुद्धशमशेर श्री ३ महाराज बनेपछि त उनी यदुकानन्दबाट चौपट्टै प्रभावित भए । जुद्धशमशेर प्रधानमन्त्री भएपछि रेसुंगा तपोभूमिको टापुमा भण्डार घर, भक्तिनी घर, ब्राह्मण घर, गोशाला, यज्ञशाला र प्रभुको भव्य गादी तयार पारिए (पन्थी, २०६८, २८) ।

राणाशासनको पतनपछि रेसुंगाको चहलपहल हरायो । राज्यकोषबाट आउने सहयोग कटौती भयो । बरू रेसुङ्गाको हिसाब खोज्ने कुरा चल्न थाल्यो । सहयोगले निरन्तरता पाउनुको साटो आयव्ययको हिसाब खोज्ने कुरा भएपछि यदुकानन्दले आश्रमका सारा घरहरू र आफू बस्ने गादीसमेतमा २०११ सालमा आगो लगाए । वि.सं २०१६ सालमा राजा महेन्द्र र प्रधानमन्त्री बिपी कोइराला तम्घास आएका बखत बिपी रेसुङ्गा जाँदा यदुकानन्दले नाङ्गै भएर विक्षिप्त रूप प्रदर्शन गरे । यस्ता थुप्रै ऐतिहासिक र राजनैतिक घटनाहरू रेसुङ्गामा छोपिएर रहेका छन् । जो इतिहासका अध्येताहरूको लागि महत्त्वपूर्ण सामग्री बन्न सक्छन् ।

### घ) जैविक विविधताको अध्ययन

धार्मिक आस्था जोडिएको रेसुङ्गाक्षेत्र जैविक विविधता र प्राकृतिक सौन्दर्यका कारण पनि महत्त्वपूर्ण छ । रेसुङ्गाको वनमा बाँझ, खर्सू, लालीगुराँस, ओखर, खोटेसल्ला जस्ता बिरुवाहरू, धेरै प्रजातिका रुख, झाडी र लहराहरू पाइन्छन् । त्यसैगरी यहाँ विभिन्न प्रजातिका जनावर, पक्षी र जीवनोपयोगी जडीबूटीहरू पाइन्छन् । नेपालको ललितपुरमा मात्र पाइने काँडेभ्याकुर र लोपोन्मुख गिद्धसमेत यस क्षेत्रमा पाइन्छन् । एकै स्थानमा तिनको अध्ययन-अवलोकन गर्न चाहनेका लागि रेसुङ्गाको भ्रमण ज्ञानवर्धक र उपलब्धिमूलक हुनसक्छ ।

### ङ) मौलिक संस्कृतिको अवलोकन

गुल्मी मगरात क्षेत्रअन्तर्गत पर्ने भएकोले यहाँ मगर भाषा, संस्कृति प्रचलित छ । यहाँका धेरैजसो गाउँ, ठाउँ, खोलानालाका नाम मगर भाषाबाटै राखिएको अध्येताहरूले उल्लेख गरेका छन् । अर्खाबाङ्, होलबाङ्, खर्बाङ्, ढाकाबाङ्, रेसुङ्गा, केरूङ्गा, हुङ्गा, तोलुङ्गा, झिरवास, वीरवास, राङ्वास, रिदी, छल्दी, मल्दी, निस्दी, ग्वादी, होस्मादी आदि । जिल्लाको कालिगण्डकीपूर्व बाह्र मगरात क्षेत्र हो । मगर ढूट भाषा प्रचलित यस क्षेत्रलाई गोराशेष भनिन्छ । त्यसैगरी कालिगण्डकीपश्चिम अठार मगरात क्षेत्र हो । मगर खाम र काइके भाषा प्रचलित यस क्षेत्रलाई कालाशेष भनिन्छ । यी दुबैखाले मगर भाषा, संस्कृति, रहनसहन र भेषभूषाका अध्येतालाई गुल्मी र रेसुङ्गा उपयुक्त गन्तव्य हो । दशैंको अवसरमा आउँदा गुल्मीको मौलिक संस्कृतिको रूपमा रहेको सराँय नाच हेर्न पाइन्छ । त्यसैगरी रेसुङ्गामा आएर देउसी, भैलो, घाटु, सोरठी, सालैजो, लाखे, रोपाइँ जात्रा, भजनकीर्तन, ठाडो भाका, झ्याउरे, वाली जस्ता मौलिक संस्कृतिहरूको अध्ययन अवलोकन गर्न पाइन्छ ।

## च) स्थानीय उत्पादनको स्वाद

नेपालकै पहिलो कफी खेती गरिएको स्थान आँपचौर (मुसिकोट न.पा.-५) रेसुङ्गाबाट करिब ३५ किलोमिटर पूर्वमा अवस्थित । जहाँबाट विस्तार भएको कफी खेती आज गुल्मी जिल्लाका साथै देशभर फैलिएको छ । जिल्ला सहकारी संघमार्फत गुल्मीको कफी थुप्रै मुलुकहरूमा निर्यात हुँदै आएको छ । रेसुङ्गा भ्रमण गर्नेहरूले गुल्मीको अर्गानिक कफी, सुन्तला, गुँड, खुदोका साथै कोदो र फापरका स्थानीय उत्पादन र परिकारको स्वाद चाख्ने र साथै लिएर जान सक्नेछन् ।

## छ) अन्य धार्मिक तथा ऐतिहासिक स्थलको भ्रमण

रेसुङ्गाको वरपर अरू पनि महत्त्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थलहरू रहेका छन् । प्रसिद्ध चारधाममध्येको रूरूक्षेत्र रेसुङ्गाबाट ४० कि.मि.को दूरीमा छ । त्यहाँ शालिग्रामको लागि विश्वप्रसिद्ध कालिगण्डकी नदीमा स्नान आदि गरेर वरपर रहेका रुद्रवेणी आश्रम, शृङ्गा, सत्यवती, थाप्लेको लेकलगायतका स्थलहरू घुम्न सकिन्छ । रेसुङ्गाबाट करिब आठ कि.मि.को दूरीमा नेपाली वीरंगना राजराजेश्वरीको जन्मभूमि मध्यकालीन गुल्मी राज्यको दरबार छ भने धुर्कोट, इस्मा र मुसिकोट राज्यका दरबारहरू पनि यसको वरपर छन् । जहाँ पुगेर चौबिसी राज्यमध्येका चार राज्य र तिनका दरबारको अध्ययन-अवलोकन गर्न सकिन्छ । तम्घास स्थान, कुर्घामालिका, मर्भुङ मालिकालगायतका मन्दिरहरू र विचित्रगुफा, कंकेदेउराली, टिमुरे तालजस्ता पर्यटकीय स्थलहरू पनि यहीँ छन् ।

## पर्यटन विकासमा भएका पहल

रेसुङ्गाको संरक्षण र विकासको लागि सरकार र समुदायस्तरबाट महत्त्वपूर्ण काम भएका छन् । यसक्रममा २०४२ सालमा गठित रेसुङ्गा संरक्षण समितिको भूमिका उल्लेख्य छ । समितिका अध्यक्ष सुरेश भुसालका अनुसार यस समितिको पहलमा आवश्यक स्रोतसाधन जुटाउने, नियमित पूजाआजा सञ्चालन गर्ने, धार्मिक तथा सांस्कृतिक मेलामहोत्सवहरूको आयोजना गर्ने, जनपरिचालन गर्ने जस्ता कामहरू भइरहेका छन् । त्यसैगरी २०६३ सालमा नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत "रूरूरेसुङ्गाक्षेत्र संरक्षण तथा पर्यटन विकास समिति" गठन भयो । उक्त समिति गठन भएपछि सरकारी लगानीमा वृद्धि भई रेसुङ्गासम्मको सडक विस्तार गर्ने, विभिन्न मठमन्दिरहरूको निर्माण पुनःनिर्माण गर्ने, अतिथिगृह, प्रतीक्षालय आदि बनाउने, प्रचारप्रसारका कार्यक्रमहरू आयोजना भए । २०७४ सालमा यो समिति विघटन भएपछि पनि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले यहाँको विकासका लागि आवश्यक

बजेट विनियोजन गर्दै आएका छन् ।

रेसुङ्गाक्षेत्रका मठ, मन्दिर, आश्रम, धर्मशाला, यज्ञशाला, पाटीपौवा, प्रतीक्षालय, अतिथिगृह, पोखरी आदि संरचनाहरूको निर्माण, पुनःनिर्माण, जीर्णोद्धार र रङरोगन गरेर चिटिक्क पारिएको छ । त्यसैगरी यहाँको यज्ञशाला नजिकै बनेको अतिथिगृहमा टाढाबाट आउने पहुनाहरूलाई निःशुल्क खाने बस्ने व्यवस्था छ । पक्की सडकले गर्दा यातायात सहज र सुरक्षित बनेको छ । रेसुङ्गा विमानस्थलको नियमित सञ्चालनपछि यहाँ आउनेहरूको संख्या बढ्दै गएको छ । यसका साथै गुल्मी उद्योग वाणिज्य संघ, विभिन्न क्लबहरू, आमा समूह, सामाजिक संघसंस्था, बैंक तथा सहकारी संस्थाहरू, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, निजी क्षेत्र र विभिन्न सहयोगदाताहरूले पनि रेसुङ्गाको संरक्षण र पर्यटन विकासमा सहकार्य गर्दै आइरहेका छन् ।

## जाऔँ हिंड रेसुङ्गा अभियान

रेसुङ्गाको पर्यटन विकासलाई ध्यानमा राखेर रेसुङ्गा नगरपालिकाले "जाऔँ हिंड रेसुङ्गा" अभियान सञ्चालन गरेको छ । रेसुङ्गा नगरपालिकाका मेयर खिलध्वज पन्थीका अनुसार हालै रेसुङ्गाको गर्जुरामा नेपाल सरकार र रेसुङ्गा नगरपालिकाको लगानीमा बालबच्चा र आमपर्यटकलाई आकर्षित गर्ने गरी सुन्दर पार्क बनेको, निर्माणाधीन जीपलाइन र स्काइसाइक्लिङ् छिटै सञ्चालनमा आउने अवस्था रहेको तथा यहाँका धार्मिक, ऐतिहासिक महत्त्वका मठमन्दिर, पाटीपौवा, प्रतीक्षालयहरूको निर्माण, पुनःनिर्माण, रंगरोगन गरेर चिटिक्क पारिएको हुनाले पनि अब पर्यटकहरूको संख्या बढाउन यो अभियान सञ्चालन गरिएको हो । यस अभियानअन्तर्गत काठमाडौँ, बुटवल, तानसेनलगायतका ठाउँहरूमा रेसुङ्गाबारे जानकारी दिने गोष्ठीहरू गरिएका छन् । देशका प्रमुख शहरहरूमा होर्डिङ्ग बोर्ड राखिएको छ भने जिल्लाबाट छुट्ने सार्वजनिक यातायातका साधनमा आकर्षक स्टिकरहरू टाँसिएको छ । पर्यटकहरूको लागि सूचनाबोर्डहरू राखिएका छन् । पोस्टर, पम्प्लेट, ब्रोसर, फ्लायरमार्फत प्रचारप्रसार गर्ने, सामाजिक सञ्जालबाट रेसुङ्गाको महत्त्व उजागर गर्ने काम भएको छ । चिदीचौर र जिल्ला प्रशासन कार्यालय वरपरका भित्ताहरूमा रेसुङ्गा र त्यहाँका मठमन्दिर झल्काउने आकर्षक भित्तेचित्र (मुराल) देखेर पनि रेसुङ्गा जानेहरूको संख्या बढेको छ । त्यसैगरी नगरपालिकाको संयोजनमा स्थानीय विद्यालय, समूह, संघसंस्था र युवाहरूले रेसुङ्गा जाने बाटो सरसफाइ गर्ने, फूलका बिरूवा लगाउने र संरक्षण गर्ने जस्ता अभियान चलाएकोले यहाँको सुन्दरता बढेको छ । जसबाट यहाँ आउने पर्यटकको संख्या बढ्नुका साथै तम्घास बजार र यस वरपरको आर्थिक गतिविधिमा पनि

वृद्धि भएको देखिन्छ ।

## रेसुङ्गासम्मको पर्यटकीय पहुँच

काठमाडौंबाट ४५ मिनटको हवाइ यातायातमा रसुङ्गा विमानस्थल हुँदै तम्घास पुगिन्छ । सडक यातायातको प्रयोग गर्दा बुटवलबाट ११४ कि.मि., तानसेनबाट ७५ कि.मि., रूरुक्षेत्रबाट ४० कि.मि. र अर्घाखाँचीको सन्धिखर्कबाट करिब ३५ कि.मि.को दूरीमा रेसुङ्गा रहेको छ । मदन भण्डारी हाइवे, कालीगण्डकी कोरिडोर, मध्यपहाडी लोकमार्ग र सालझण्डी पटौटी सिमिचौर तम्घास ढोरपाटन सडकले पर्यटक एवं यात्रुहरूलाई सुविधा प्रदान गरेको छ । अझ यी सडकहरू निर्माण सम्पन्न हुँदा रेसुङ्गासम्मको यातायात निकै सुरक्षित, छिटो र सुविधायुक्त बन्ने देखिन्छ । त्यसैगरी लुम्बिनी प्रदेशको राजधानी भालुबाङ्ग र प्युठान स्वर्गद्वारीबाट पुर्कोटदह हुँदै रेसुङ्गा आउन सकिन्छ । कालीगण्डकी कारिडोरको रुद्रवेणीबाट करिब २७ कि.मि., मध्यपहाडी लोकमार्गको खर्बाङ्गबाट करिब ३५ कि.मि. र रातडाँडाबाट १२ कि.मि.को मोटर यात्रापछि रेसुङ्गा पुगिन्छ । पूर्वपश्चिम राजमार्गबाट सुरू हुने सालझण्डी ढोरपाटन सडकको निर्माण सम्पन्न भएपछि त करिब ७० कि.मि.को यात्रामै तराईबाट रेसुङ्गा पुग्न सकिन्छ । सार्वजनिक यातायातका साधन चढेर वा आफ्नै साधन लिएर वा डेढ घण्टाको पैदल उकालो यात्रापछि तम्घासबाट रेसुङ्गा पुगिन्छ ।

रेसुङ्गा महापोखरीसम्म फराकिलो र पक्की सडक छ । राताडाँडा, बलिथुम, पराल्मी, मजुवा र गौंडाकोटबाट रेसुङ्गा आउँदा पनि फराकिला सडकहरू छन् । ती पनि पक्की बन्दैछन् । पैदल यात्राका लागि थुप्रै गोरेटा, घोडेटा बाटाहरू छन् । अहिले त गुगलबाट लोकेशन सर्च गरेर रूट पत्ता लगाएर आउनेहरूको संख्या पनि बढ्दो छ । महापोखरीसम्म पुगेपछि कलात्मक ढुंगाको सिंढी चढेर ३० मिनेटमा रेसुङ्गाको चुचुरोमा पुगिन्छ । जहाँ गरुडस्थान, रामकुवा, यज्ञशाला, सिद्धस्थान, विष्णुपादुका, शिवालय, भ्युटावरलगायतका महत्त्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थलहरू छन् । महापोखरीको पूर्वउत्तरमा स्वामी शशिधरलगायतले योग साधना गरेको गुफाफूलबारी छ । अलिकति दक्षिणपूर्व लागेपछि महर्षि ऋष्यशृंगले तपस्या गरेको मानिने सानो रेसुङ्गा छ । महापोखरी वरपर केही पुराना र केही नवनिर्मित मन्दिर, पाटी, पौवालगायतका संरचनाहरू छन् ।

**सम्भावना**

### क) जोसमनि सम्प्रदायको महत्त्वपूर्ण तीर्थस्थल

जोसमनि सम्प्रदायका प्रवर्तक स्वामी शशिधरले लामो समय यहीँ बसेर योगसाधना

र तपस्या गरेको स्थल भएकोले रेसुङ्गालाई उनीहरूको महत्त्वपूर्ण तीर्थस्थलको रूपमा विकास गर्न सकिने सम्भावना छ ।

### ख) अध्ययन अनुसन्धान र योगसाधनाको केन्द्र

रेसुङ्गाको जैविक विविधता, मनोरम हरियाली र शीतलताको प्रचार गर्न सके तराईको गर्मी छल्न र त्यहीँ बसेर अध्ययन-अन्वेषण र योगसाधना गर्न चाहनेका लागि आकर्षक गन्तव्यको रूपमा विकास गर्न सकिन्छ ।

### ग) धार्मिक पर्यटन

धर्मसंस्कृतिका अध्येता र भक्तजनहरूको लागि पनि रेसुङ्गा पवित्र गन्तव्य हो । यहाँका मठ, मन्दिर, आश्रम, धर्मक्षेत्र र ऋष्यशृङ्ग ऋषिसँग जोडिएको रेसुङ्गाको कथाले गर्दा धार्मिक पर्यटनको राम्रो सम्भावना छ । अहिले पनि यहाँ आउने अधिकांश पर्यटकहरू धार्मिक आस्था बोकेर नै रेसुङ्गा आउने गर्दछन् । धार्मिक पर्यटनका लागि विभिन्न रूटहरू बनाएर सामूहिक प्रयत्न गर्नसके अझ प्रभावकारिता बढ्नेछ ।

### घ) ट्रेकिङको सम्भावना

रेसुङ्गा वरपर रहेका विभिन्न धार्मिक तथा ऐतिहासिक क्षेत्रसम्म पुग्ने ट्रेकिङ रूटको विकास गरेर पर्यटन व्यवसायलाई विस्तार गर्न सकिन्छ । पहिलो रूट - गौतम बुद्धको जन्मस्थल लुम्बिनीबाट रेसुङ्गा हुँदै बाग्लुङ् कालिका र मुक्तिनाथसम्मको यात्रा । दोस्रो रूट - देवघाट-रानीमहल-रिडी हुँदै रेसुङ्गा आई ढोरपाटन र प्युठान स्वर्गद्वारीसम्मको यात्रा । तेस्रो रूट - बुटवलको सिद्धबाबा, पाल्पाको खड्गभगवती, भैरवस्थान, रूरूक्षेत्र हुँदै रेसुङ्गा, अर्घाखाँचीको उलुकछत्रदेव, सुपादेउराली, कपिलवस्तुको तिलौराकोट र लुम्बिनीसम्मको यात्रा गराउन सकिन्छ ।

### ङ) हाइकिङ्को लागि उपयुक्त

तम्घासबाट रेसुङ्गासम्मको हाइकिङ्ग निकै रोमाञ्चक छ । यसको प्रयोग तम्घास र यस वरपरका थुप्रै घुमघाममा रुचि राख्नेहरूले गरिरहेकै कुरा हो ।

### च) पर्यापर्यटन (इकोटुरिज्म)

रेसुङ्गाक्षेत्र पर्यापर्यटन (इकोटुरिज्म) को लागि पनि महत्त्वपूर्ण छ । रेसुङ्गाबाट शालिमेदह, ढोरपाटन, मर्भुङ्ग मालिका, मदाने, थाप्ले जस्ता पहाडी र उच्चपहाडी क्षेत्रको वातावरणीय तथा जैविक विविधताको अध्ययन गर्न सकिन्छ । त्यसैगरी

सालभण्डी-रेसुङ्गा-मदाने-ढोरपाटनसम्मको क्षेत्रलाई इकोटुरिज्मको रूपमा विकास गर्दा तराई, पहाड र हिमालसम्मको भ्रमण छोटो समयमै गर्न सकिन्छ ।

## छ) आधुनिक पर्यटन र मनोरञ्जनका साधनहरूको विकास

आधुनिक पर्यटनको आकर्षणको रूपमा स्काइसाइक्लिङ्, जीपलाइन, रक क्लाइम्बिङ्ग, बन्जिजम्पिङ्ग जस्ता मनोरञ्जनका साधनहरूको विकासले थप पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ । स्काइसाइक्लिङ् र जीपलाइन रेसुङ्गामा छिटै सञ्चालनमा आउने गरी काम भइरहेको छ । त्यसैगरी तम्घास खानीगाउँबाट सिधै रेसुङ्गाको चुचुरोमा पुग्ने गरी रक क्लाइम्बिङ्गको विकास गर्ने र रेसुङ्गाको वरपर बन्जिजम्पिङ्ग स्थल बनाउन सकिने सम्भावना छ । जसले यहाँको पर्यटन विकासमा थप टेवा दिनेछ ।

## ज) प्याराग्लाइडिङ्ग र र्‍याफ्टिङ्ग

रेसुङ्गाक्षेत्रलाई प्याराग्लाइडिङ्ग गर्ने क्षेत्रको रूपमा पनि विकास गर्न सकिन्छ । पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनेपछि जोखिममा परेको प्याराग्लाइडिङ्ग रेसुङ्गाक्षेत्रबाट गर्न सक्दा उत्तम विकल्प बन्नसक्छ । यहाँको बडीगाढ नदीमा र्‍याफ्टिङ्गको प्रचुर सम्भावना छ । यसअघि जिल्लाको मुसिकोट नगरपालिकाले यसको परीक्षण पनि गरिसकेको छ ।

## निष्कर्ष

धार्मिक-सांस्कृतिक एवं ऐतिहासिक महत्त्व बोकेको रेसुङ्गाक्षेत्र पर्यटकीय दृष्टिले पनि अत्यन्त महत्त्वपूर्ण मानिन्छ । यहाँबाट हिमालदेखि तराईसम्मको दृश्यावलोकन गर्न पाइने, शीतल हावापानी, नियमित पूजाआजा, भजनकीर्तन, मेलामहोत्सवको आयोजना हुने, सराँये, देउसीभैलो, सोरठीजस्ता मौलिक संस्कृतिको आनन्द लिन पाइने तथा ऐतिहासिक-पुरातात्त्विक महत्त्वका मठमन्दिरहरू रहेकोले पनि यो घुम्नलायक ठाउँको रूपमा विकास भएको छ । पछिल्लो समय यस क्षेत्रमा घुम्न आउने पर्यटकहरूको संख्यामा वृद्धि भएसँगै रेसुङ्गाको चहलपहल र तम्घास बजारको व्यवसायमा समेत सकारात्मक प्रभाव पारेको छ ।

निर्माणाधीन पर्यटन विकासका संरचनाहरू छिटो सम्पन्न गर्ने, रेसुङ्गा भ्रमण अभियानलाई प्रभावकारी बनाउन नगरपालिकामा अलग शाखा बनाई परिचालन गर्ने, सरकारी लगानी र समुदायको सक्रियता बढाउने, महत्त्वपूर्ण स्थलहरूको चिनारी सम्बन्धित ठाउँमै राख्ने गर्दा सकारात्मक प्रभाव पर्नेछ । त्यसैगरी

योगध्यानका शिविरहरू सञ्चालन गर्ने तथा जडीबुटी, बोटबिरूवा, पशुपक्षीलगायत पहाडी अध्ययन-अनुसन्धान केन्द्र स्थापना गर्दा उक्त विषयमा रुचि राख्नेलाई आकर्षित गर्न सकिन्छ । धार्मिक, सांस्कृतिक र पर्यापर्यटनलाई उद्योगको रूपमा विकास गर्न प्याराग्लाइडिङ्ग, बन्जीजम्पिङ्ग, रक क्लाइम्बिङ्ग, ट्रेकिङ्ग, हाइकिङ्ग, ऱ्याफ्टिङ्ग, जिपलाइन, स्काइ साइक्लिङ् आदि जस्ता पर्यटक आकर्षित गर्ने तौरतरिकाहरूको विकास र समयानुकूल प्रचारका नयाँ विधिहरू समेत अवलम्बन गर्दा यहाँको पर्यटन विकासमा थप योगदान पुग्ने देखिन्छ ।

## सन्दर्भ-सामग्रीहरू


**अधिकारी, बमबहादुर (वि.सं. २०७५).** ***बाइसी तथा चौबीसी राज्यहरूको सङ्क्षिप्त इतिहास.*** डिकुरा प्रकाशन काठमाडौँ ।

**अर्याल, हिराबहादुर (सन् २०२२).*****धार्मिक तथा ऐतिहासिक क्षेत्र रेसुङ्गाको पर्यटकीय महत्त्व, सोताङ्*** सोताङ् बहुमुखी क्याम्पस जर्नल. सोलुखुम्बू ।

**कुँवर, कृष्णबहादुर (वि.सं. २०७६).** ***रमणीय पवित्र रेसुङ्गा.*** : मानव कल्याण वृद्धाश्रम, तम्घास गुल्मी ।

**कुँवर, टेकबहादुर (वि.सं. २०५८).** ***हाम्रो गुल्मी : मेरो अनुभव.*** : मीना प्रकाशन काठमाडौँ ।

**खतिवडा र दाहाल (वि.सं.२०७५).** ***नेपालको सांस्कृतिक पर्यटन.*** : एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्यूटर्स. काठमाडौ ।

**पन्थी, टीकाराम (वि.सं. २०३६).** ***रेसुङ्गाका आध्यात्मिक कृति.*** : किरण पुस्तकालय, तम्घास ।

**पन्थी, टीकाराम (वि.सं. २०४०). नेनेपालः** : किरण पुस्तकालय, तम्घास ।

**पन्थी, टीकाराम (वि.सं. २०४२).केही जनश्रुतिहरू** : किरण पुस्तकालय, तम्घास ।

**पन्थी, टीकाराम (वि.सं. २०६४). अर्वाचीन रेसुङ्गा**. : किरण पुस्तकालय तम्घास ।

**पन्थी, शशि (वि.सं. २०६८). तम्घास धर्मक्षेत्र दर्पण.** : तम्घासस्थान संयुक्त मन्दिर व्यवस्थापन समिति, तम्घास ।

**पन्थी, दीन (वि.सं. २०६०) गुल्मी दर्पण तम्घास** : जिल्ला विकास समिति गुल्मी ।

**पन्थी, दीन (वि.सं.२०७६). तपोभूमि रेसुङ्गाक्षेत्र *र यहाँका तपस्वीहरू.*** *स्मारिका.* : गु. उ. वा. संघ, तम्घास ।

**पन्थी,परशुराम (वि.सं. २०६७).*तपोभूमि रेसुङ्गाधाम.*** : किरण पुस्तकालय,तम्घास ।

**पन्थी, शशि (वि.सं. २०३३). *सन्त शशिधरको बाणोपनिषद्*** : किरण पुस्तकालय, तम्घास ।

**भुसाल, युवराज (वि.सं. २०७८). *हाम्रो भौगोलिक इतिहास.*** : किरण पुस्तकालय, तम्घास ।

**योगी, नरहरिनाथ (वि.सं. २०५५). *हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क -३६.*** : किरण पुस्तकालय, तम्घास ।

**रिजाल, लक्ष्मणप्रसाद (वि.सं. २०६१). *रेसुङ्गा महाकाव्य.*** : रेसुङ्गा संरक्षण समिति, तम्घास ।

**शर्मा, बालचन्द्र (वि.सं. २०३३).*नेपालको ऐतिहासिक रूपरेखा.*** : नेपाल राजकीय प्रज्ञा-ढप्रतिष्ठान, काठमाडौँ ।

**श्रेष्ठ, टेकबहादुर (ई. १९८३). *गुल्मी राज्यको राजनीतिक इतिहास र केही अप्रकाशित ऐतिहासिक सामग्री.*** सि. एन. ए. एस. जर्नल भोलम ११ नं. १ ।

**सुवेदी, राजाराम (वि.सं. २०६१). *नेपालको तथ्य इतिहास.*** : साझा प्रकाशन, काठमाडौ ।

**सुवेदी, राजाराम (वि.सं. २०६५). *गुल्मीको ऐतिहासिक झलक.*** : किरण पुस्तकालय, तम्घास ।

**ज्ञवाली, प्रदीप (वि.सं. २०६२). गुल्मी परिचय (लेख संगालो). :** गुल्मेली समाज, काठमाडौ ।

**ज्ञवाली, सिद्धिनाथ, श्रेष्ठ, कमल र पोखरेल, टंकप्रसाद (वि.सं. २०५३). *रेसुङ्गा.*** : लेखकहरू ।

**Remirez, Philippe (2000) Resunga-*The Mountain of the Herned Sage.*** Lalitpur : Himal Books.

**ooo**

कविता

# तपोभूमि रेसुङ्गा र यहाँका प्रमुख साधकहरू



✍लक्ष्मणप्रसाद रिजाल

'ने' मुनि ऋषिको ठूलो साधना तप खर्चियो
पुण्यभूमि महान् राष्ट्र नेपाल परिपूर्ण थ्यो ।

अखण्ड राष्ट्रको प्राण धर्म संस्कार संस्कृति
वर्ण धर्म सबै जाति मिलीबस्ने थियो स्थिति ।

पश्चिम नेपालको तीर्थ लुम्बिनी साधना स्थल
बुद्धको जन्म, कर्मैले संसारभर उज्वल ।

प्रदेश लुम्बिनी मेरो गुल्मीको गरिमामय
रेसुङ्गा पुण्य भूमि हो तीर्थीय महिमामय ।

विभाण्डक ऋषि ज्ञानी तत्त्वदर्शी र चिन्तक
उनका पुत्र श्रीरत्न 'ऋष्यशृङ्ग' उपासक ।

ऋष्यशृङ्ग ऋषीशृङ्ग अपभ्रंश हुँदै जब
ऋषिकै नामले यस्तो 'रेसुङ्गा' नाम भो तब ।

मुक्तिबाट बगिन् काली रुरुक्षेत्र हुँदै तल
कालीका गर्भमा बस्छन् देवता भई पत्थर ।

आमा गण्डकीको काख प्राकट्य हृषिकेशको
अरु क्षेत्रहरू भन्दा यसैले त विशिष्ट भो ।

रिडी थोर्गा झवा शृङ्गा गण्डकी तटवर्ती को
पादभाग रुरुक्षेत्र 'रेसुङ्गा' शिरभाग हो ।

चारै धाम गए तुल्य 'रेसुङ्गा' धाम एक छ
पुण्यभूमि तपोतीर्थ विश्वभर प्रख्यात छ ।

व्रह्मपुत्रहरू आए तप गर्न अघि जब
भृगु, पुलस्त्य, पुलह, सनकादिहरू सब ।

देवदत्तहरू आए प्राचीन तप साधक
देवर्षि अनि राजर्षिहरूको तप धप्धप ।

अयोध्या नगरी पुण्य रघुवंश विशेषमा
दशरथ् नृपशार्दूल पराक्रमी भए तहाँ ।

उनको यज्ञ पुत्रेष्टि ऋष्यशृङ्ग गई गरे
पुत्रेषिटढट यज्ञले चार पुत्ररत्न भए अरे ।

जन्मे पुत्र चतुर्भ्राता राम, भरत, लक्ष्मण,
शत्रुध्न सब तेजस्वी देखदा नै विलक्षण ।

गुरुको शक्तिसामर्थ्य सुनेर राम-लक्ष्मण
'रेसुङ्गा' गिरिमा आए गुरुभक्ति समर्पण ।

गुरु आज्ञा भएबाट अत्यावश्यक जो थियो ।
रामबाण प्रयोगैले जल-अमृत निस्कियो ।

बाण हानेर निस्केको रामकुण्ड प्रसिद्ध छ
अविरल् बहने पानी तृष्णा तृप्ति गराउँछ ।

प्राचीन श्रुति यस्तै छ पुराण-स्मृतिग्रन्थमा
इतिहास रह्यो यस्तै विश्वास-सब भक्तमा ।

अर्वाचीन ऋषिमध्ये पैलो श्री शशिधर् भए
प्राचीन तपको ज्योति उजागर गरिदिए ।

अर्घाखाँची भयो जन्म 'रेसुङ्गा' साधनास्थल
अनेक तीर्थमा घुम्दा शरीर मन निर्मल ।

अर्घामा साधना गर्दा बिध्न धेर भए पछि
रेसुङ्गा तीर्थमा बस्दा मनोवाञ्छा पुगेछ नि ।

जगाए सत्य त्रेताको तपस्या ध्यान पद्धति
आर्य वैदिकको मार्ग सभ्यता र सुसंस्कृति ।

पितृको शुभ आशीष्ले कृतार्थ वय-पूर्ण भो
रेसुङ्गा तीर्थमा बस्दा उद्देश्य परिपूर्ण भो ।

आशीर्वाद मिल्यो-वर्षा-पुत्र पौत्रऋषीश्वर
तपस्या साधना गर्ने 'महर्षि' नै हुने वर ।

तपस्या साधना गर्दा कठोर तपको स्थिति
भवसागर यो तर्ने डुङ्गा हो तप 'पद्धति'

फिजाए ऋषिले ज्ञान गूढ वैराग्यका कुरा
अनुशीलन गर्नाले वय धन्य हुने पूरा ।

संकीर्ण भावना छोडी माथि उठ्न सिकाउने
निर्गुण भक्ति धाराले समभाव दिलाउने ।

बाणोपनिषद यस्तै भव तर्ने उपाय हो ।
'म मेरो ममताबाट' माथि उठ्ने प्रयास हो ।

अर्वाचीन भए दोस्रो ऋषि सन्त विलक्षण
शशिधर पुत्र तेजस्वी लक्ष्मीनारायण सम ।

अर्घाको भीम फट्केमा तपस्या गर्न ती गए
आठ वर्ष अवस्थामै साधनारत भै रहे ।

गुल्मेली जन श्रद्धालु अनुरोध गई गरे
संरक्षणार्थ 'गोवंश' स्वीकार ऋषिले गरे ।

आएर सिध्द भूमिमा साधनारत लक्ष्य भो
कठोर तपले सिद्धि-प्रसिद्धि पनि प्राप्त भो ।

दर्शनार्थ गए भक्त साधु सन्त उपासक
प्रसिद्धि फैलियो धेरै काठमाडौँ समेतक ।

परीक्षा गर्नका निम्ति प्र.म.जङ्गबहादुर
गोठालो भेषमा दूध ल्याई टक्र्याउने सुर ।

चिनेर प्रभुले 'जङ्गे' छद्मभेष लिई किन ?
मेरो परीक्षा भन्दैमा लजाए उत्तरै दिन ।

असर्फी सुनका भेटी चढाइ पाउमा परी
गरेछन् बिनती फेरि अभिमान सबै त्यजी ।

चढेर खर्सुको बोट असर्फी सुनका झरे
'लैजाऊ बटुली' भन्दा किंकर्तव्य भए अरे ।

समाई प्रभुको पाउ क्षमा मागे विनीत भै
के गरौं त भने फेरि 'गो बिर्ता' गर घोष यैं ।

रेसुङ्गा वन 'गो बिर्ता' भएथ्यो रे त्यसै क्षण
खटाए वनमा पाले 'गौ बिर्ता'कन रक्षण ।

धर्मशाला बनाएर साधु सन्त सुरक्षण
राज्यको ध्यान आकृष्ट भएथ्यो रे त्यसै क्षण ।

खनाए पोखरी ठूलो स्नान गर्न हुने गरी
तीर्थको जल ल्याएर अभिमन्त्रित त्यैं गरी ।

गुठीको स्थापना गर्दै संस्था सञ्चालनार्थमा
रेसुङ्गा धामको ख्याति पुऱ्याएर समस्तमा ।

'साउने' हिउँदे मोठ वर्षा फेरि गिरीमहाँ
तीर्थको रूपमा ख्याति दिलाएर समस्तमा ।

अवतारी चमत्कारी कार्य गर्थे अलौकिक
अनेक रूपमा हुन्थे भेष फेर्न समर्थक ।

एकै समयमा पुग्थे गुरु चेलाहरूकहाँ
परीक्षा दिव्य दृष्टिले भक्त उद्धार कर्ममा ।

अर्वाचीन ऋषिमध्ये तृतीय तप साधक
कर्मयोगी हविर्यागी विशुद्ध अग्निपूजक ।

काष्ठमण्डप भो जन्म कलङ्कयी नेहढपम्पमा
विख्यात वैदिकी वंश ब्राह्मण परिवारमा ।

पिता श्रीगोकुलानन्द माता शिवकुमारिका
पुत्रको रूपमा जन्मे यदुकानन्द नामका ।

पिताले अक्षरारम्भ पाँचवर्ष पुगेपछि
गायत्री सविता मन्त्र पिताले नै दिए अनि ।

वेद-चण्डी गिता रूद्री कर्मकाण्ड पढेपछि
विवाह गर्दिए जन्मिन् छोरी रत्न ती झल्झली ।

अचानक् पत्नीको मृत्यु पीडाले ती विरक्त भै
घर छोडी हिडे पश्चिम् यात्रा केही निरीह भैं ।

स्वर्गद्वारी पुगे साधु मनमा शान्ति खोजन
'समूह मुखरित् ' जस्मा रमेन मन रम्झम ।

एकान्त स्थलको खोजी मनले गर्दथे गुनी
'रेसुङ्गा' धामको चर्चा सुनेर लोभिए उनी ।

प्रतिष्ठा प्रभुको देखी आकांक्षा मनमा फुऱ्यो
महाप्रभु सरी बन्ने मनभित्र गडिरह्यो ।

धैरेनी नृपका साथ रेसुङ्गा धाममा गए
खर्सूको फैँदको धोद्रो साधनास्थल त्यैं भए ।

राजा चिरञ्जिवीसाथ रेसुङ्गामा गएपछि
प्रचार हुनगो धेर साधनामा जुटेपछि ।

सात्विक साधना गर्ने अठोट मनमा लिए
फलाहार गरी मात्रै कठोर व्रत तैं लिए ।

रेसुङ्गा सिद्धको शक्ति क्रमशः उनमा बढ्यो
'परोक्ष दृष्टि' त्यो शक्ति उनीभित्र बढिरह्यो ।

यम-नियम औ योग व्रह्मचर्य पवित्रता
कठोर विधिले एक वर्षसम्म महाव्रत ।

तलास गर्दथे उन्को खोज्दथे परिवारले
बाह्र वर्षपछि भेटे धाममा परिवारले ।

स्वर्गद्वारी प्रभुजस्तै हुने लक्ष्य पितामहा
भनेछन् मनको भाव सदासय छ गूढमा ।

औल्याए एक त्यैं जुक्ति प्रभु तुल्य हुने गति
धामकै औषधी गर्दा लक्ष्यप्राप्ति हुने मति ।

बिरामी जुद्धशम्शेर ओखती गर्दिए पछि
कामना पूर्णहोला नि सिद्ध-शक्ति भएपछि ।

प्रभुले उनका निम्ति जडीबुटी लगी गए
सिद्धको शक्ति आशीष्ले पूरा निको भई गए ।

कृतज्ञ जुद्धशम्शेर्ले हजारन् रुपियाँ दिए
प्रभुको कामना पूर्ण सहजैसङ्ग गर्दिए ।

उनी प्र.म. भएबाट रेसुङ्गा दरबार भो
सिंहदर्बारको जस्तै शानमान बढिरह्यो ।

पर्णकुटी थिए पैले सिंहदर्बारझैं भयो
रेसुङ्गा तीर्थ जीर्ण थ्यो कायापलट भै गयो ।

यज्ञशाला बन्यो दिव्य छाना तामो बनेपछि
चाँदीको गादी निर्माण प्रभुनिम्ति भएपछि ।

राज्यको ढुकुटीबाट हजारन् आयस्रोत छ
वैरिए वैदिकी होता पण्डित् पौराणिकी तब ।

घृतधारा चल्यो होम पुराण बाँचिए सब
राजसी यज्ञ भो पूर्ण रेसुङ्गा दिव्य झल्मल ।

तामो कासो सुना चाँदी छ्याल-ब्याल भयो अरे
रोंचे गाग्री पूजा किस्ती स्वर्ग जस्तै भयो अरे ।

कर्मचारी भए भक्त कोठे भान्से अनेक ती
विदेशी रेशमी वस्त्र साज सज्जा छ भौतिकी ।

रेसुङ्गा धाम लाग्थ्यो रे सिंहदर्बार हो कि यो
राणा पतनका सङ्गै राजसी यज्ञ रोकियो ।

आयस्रोतहरू घट्दा प्रभु विक्षिप्त झैं भए
आफै झोँसेर आगोले खरानी सम्पदा भए ।

आफै निर्माण त्यो धाम छिन्नभिन्न भयो सब
राजसी यज्ञको कर्म पूर्ण बन्द भयो तब ।

उत्तरार्धमहाँ ठूलो विक्षिप्तता बढेपछि
अवस्था नग्न भै बस्ने भक्तले भन्दथे अनि ।

छोडेर धाम रेसुङ्गा पाशुपत् क्षेत्रमा गए
उनासी वर्ष पुग्दैमा व्रह्मलीन उनी भए ।

आए अरू ऋषि ज्ञानी तपस्वी मुक्ति साधक
छविलाल भए ज्ञानी भक्त सन्त उपासक

यस्तै भक्त भए ज्ञानी ठाकुर्जी पनि साधक
बालकृष्ण यहीँ आई भए भक्त उपासक

मुमुक्षु साधनार्थीको साधना हो तपस्थली
श्रद्धाभक्ति भए मात्र पुग्दछन् कामना जति ।

केही काल बन्यो शून्य रेसुङ्गा तीर्थ यो जब
आई नरहरिनाथ कोटि होम गरे तब ।

पुनर्जागरणार्थाय जुटे भक्त यसैगरी
भयो भागवती यज्ञ पं. नायणले भनी ।

पं. नारायण पोखेल भए यज्ञ प्रवर्तक
दानवीर भए भक्त दिए दान समर्थक ।

तदर्थानन्द स्वामीजी तपस्यारत भै सदा
रेसुङ्गा दिव्य यो धाम बलेको छ कि झल्मल ।

रेसुङ्गा धाममा नित्य तप ज्योति बलिरहोस्
मुमुक्षु साधनार्थीको कामना पूर्ण भै रहोस् ।

**रेसुङ्गा नगरपालिका-१**
**तम्घास, गुल्मी ।**

ooo

लेख

# रेसुङ्गाक्षेत्रको संस्कृति



✍गणेश श्रीपाली

गुल्मी जिल्लामा अवस्थित पवित्र धार्मिक र रमणीय पर्यटकीय स्थल रेसुङ्गा- क्षेत्रको सांस्कृतिक आयाम मौलिक र विशिष्ट प्रकृतिको रहेको छ । प्राकृतिक स्रोतले सम्पन्न रेसुङ्गामा मानव सभ्यता र संस्कृतिको लामो सिलसिला जोडिएको छ । घना जंगलको हरियालीसहितको जीवनदायी प्रकृतिको कारण यो क्षेत्र मानव जातिको आदिकालदेखि विचरणस्थल रहेको अनुमान गर्न सकिन्छ । प्राचीन कालदेखिको मानव जातिले यो क्षेत्रमा धेरै मूर्त अमूर्त संस्कृतिको निर्माण गरेको पाइन्छ । पौराणिक कालदेखि तपोभूमि, ऐतिहासिक आध्यात्मिक केन्द्र तथा प्रकृति पूजाको पवित्र धार्मिक स्थलका रूपमा रहेको यो क्षेत्र प्राकृतिक रूपले मात्र होइन सांस्कृतिक सम्पदाले पनि सम्पन्न छ ।

संस्कृति प्रकृतिसँगको मानव अन्तरक्रिया भएकाले अनुकूल र जीवनदायी प्रकृतिमा नै संस्कृतिको सुरुवात र विकास हुने गर्दछ । प्राकृतिक रूपमा मानव जीवनका लागि अनुकूल भएकोले रेसुङ्गाक्षेत्र मानव सभ्यताको लामो सिलसिला जोडिएको हो । प्राकृतिक अवस्थाले नै सांस्कृतिक विशेषता निर्माण गरेको हुन्छ । रेसुङ्गाक्षेत्रको संस्कृतिलाई केलाउँदा यहाँको प्रकृतिको चर्चा सान्दर्भिक भएकोले उल्लेख गरिएको छ ।

## रेसुङ्गाको प्रकृति र अवस्थिति

गण्डकी प्रश्रवण क्षेत्रको महाभारत पर्वत शृङ्खलामा पर्ने रेसुङ्गा शिखरको उचाइ समुद्र सतहबाट २३४७ मिटर रहेको छ । पूर्वमा बडिगाढ रुद्रवेणी र उत्तरमा छल्दी, पश्चिममा रिडी खोलाका बेसीदेखि शिखरसम्म

फैलिएको यस क्षेत्रको शिखरको हावापानी प्रायः शीतल हुने र हिउँदमा कहिलेकाहीँ हिउँ पर्ने गर्छ । करिब तीन हजार हेक्टर वनक्षेत्र रहेको यस क्षेत्रमा दुईसय जति वनस्पति, तीन सयभन्दा बढी चराचुरुङ्गीहरू, तीन दर्जन जनावर रहने गर्दछन् । फलाम, तामा, चुन, स्लेट, रातोमाटो, अनेकौँ प्रकारका ढुंगा तथा माटोको स्रोतको रूपमा यस क्षेत्रमा तीन सयभन्दा बढी पानीका मुहान र दर्जनौँ खोला खोल्सीहरू रहेका छन् । खोलाकिनाराका बेसी फाँटदेखि उच्च भागमा रहेका उब्जाउ खेतबारीको भूगोल यस क्षेत्रमा रहेको छ । धेरैजसो भिरालो भूभाग रहेको यस क्षेत्रमा समथर जमिन, डाँडा, थुम्का, खोल्सी, भिर, पहरा रहेको पाइन्छ । भूगोल, हावापानी, जैविक तथा वानस्पतिक विविधताको प्रकृति रेसुङ्गाको रहेको छ । यही विविधतायुक्त प्रकृतिमा बहुलताको संस्कृति यस क्षेत्रमा देख्न सकिन्छ ।

धार्मिक पर्यटकीय स्थल रेसुङ्गा पर्वत गुल्मी जिल्लाको सदरमुकाम तम्घाससँगै रहेको छ । बुटवलबाट सय र रिडीबाट ४० किलोमिटर उत्तरतर्फ रहेको यस क्षेत्रमा रेसुङ्गा नगरपालिका र गुल्मी दरबार गाउँपालिका रहेका छन् । रेसुङ्गाक्षेत्रसँगै यसका आसपासमा चौबीसे राज्यमध्ये गुल्मी, मुसिकोट, इस्मा, धुर्कोट राज्यका ऐतिहासिक कोट तथा दरबारहरू रहेका छन् । प्राचीन कालमा यो मगरात क्षेत्रका रूपमा रहेको भए पनि मगर, खसआर्यलगायतका जातिहरूको मिश्रित बसोबास रहेको छ ।

## रेसुङ्गाको नामकरण : बहु सांस्कृतिक अभिव्यक्ति

रेसुङ्गाको नामकरणका बारेमा बहु सांस्कृतिक अभिव्यक्ति देखिन्छ । हिन्दू पौराणिक जनश्रुतिका आधारमा भाषिक परिवर्तन शैलीको आधारमा यस गिरिको नाम ऋष्यशृङ्गबाट अपभ्रंश हुँदै रेसुङ्गा रहन गएको भनाइ रहेको छ । डा. टीकाराम पन्थीका अनुसार रामायणमा राजा दशरथको पुत्रेष्टि यज्ञ सफल पार्ने ऋष्यशृङ्गको नामबाट 'ऋष्यशृङ्ग' शब्द विकृत(ऋष्यशृङ्-ऋस्सृङ्-रिस्सिङ्-रिसिङ्-रिसुङ्-रिसुङ्ग-रेसुङ्गा) तुल्याएर 'रिसुङ्गा' भन्दछन् । दधिराम मरासनी र योगी नरहरिनाथका अनुसार पनि यस पर्वतलाई ऋष्यशृङ्गको आश्रम मानी उनैको तपोभूमि भएकै कारण रेसुङ्गा नामकरण भएको हो । यतिमा हैन राम कुवा, गरुडस्थान जस्ता नामकरणले पौराणिक आस्थालाई बलियो बनाएका छन् । रेसुङ्गाको सामुन्नेमा रहेको अर्को पहाडमा महाभारतका अर्जुन बास बसेकोले अर्जुन नाम रहेको जनश्रुति छ । यस क्षेत्रमा रामायण र महाभारत धार्मिक ग्रन्थको प्रभाव धेरै रहेको छ । यसैका आधारमा धेरै स्थानका नामकरण र

जनश्रुति यस क्षेत्रमा पाइन्छ । यसरी पौराणिक मान्यताका साथै प्राचीन मगर संस्कृतिका आधारमा रेसुङ्गाको नामकरण भएको तर्क सँगै रहेको पाइन्छ ।

रेसुङ्गाको क्षेत्र प्राचीनकालदेखि मगरात क्षेत्र भएकोले मगर भाषाबाट यसको नामकरण भएको तर्क रहेको छ । डा. टीकाराम पन्थी (वि.स.२०४०) का अनुसार मगराती मूलका स्थाननाममा 'गा' प्रत्ययान्त भएका अन्य स्थाननाम चोएगा, थोर्गा जस्तै, रेसुङ्गा र शृङ्गा हुन सक्ने संभावना रहेको छ । मगराती धातु 'रेस्' नुहाउनु अर्थमा छ । 'रेस्' मा 'उँगा' जोडी रेसुंगा बनेको हुन सक्छ । महेशचन्द्र रेग्मीका अनुसार लिच्छवी कालमा मग्वर विषयका रूपमा उल्लेख मगर जिल्ला रहेको थियो । सोम खतिवडा र कमला दाहाल (वि.स.२०७५) ले गुल्मी जिल्ला बाह्र मगरातका रूपमा लामोसमय चिनिथ्यो । गण्डीगुल्म विषय (हालको गुल्मी) मा बसेर सुनार राणकले ईस. १०५० मा सरोट गरेको धार्मिक पुस्तक 'अष्टसहश्रिका प्रज्ञापारमिता' थियो । प्राप्त विवरणअनुसार सो ग्रन्थ सार्ने व्यक्ति मगर थिए । यसैगरी प्राचीन मगरात क्षेत्र भएको र रेसुङ्गाको नाम नुहाइ रहने पहाडका रूपमा मगर भाषामा रहेको दावी कमल श्रेष्ठको रहेको छ । उहाँका अनुसार ऋष्यशृङ्गले तपस्या गरेर रेसुङ्गा नाम भएको मान्यताले मालुङ्गा, केरुङ्गा, र गोखुङ्गा जस्ता ठाउँका नाम कसरी रहे भन्ने प्रश्न सिर्जना गरेको छ । यसरी रेसुङ्गा नामकरणमा दुई थरी मत विरोधाभासका रूपमा हैन बहुसांस्कृतिक अभिव्यक्तिका रूपमा प्रकट भएको छ । यसले 'रेसुङ्गा' नामबाट नै सर्वप्राचीन आस्थाकेन्द्र र पूज्यभूमि रहेको पुष्टि गरेको छ ।

## रेसुङ्गाको धार्मिक, आध्यात्मिक संस्कृति

रेसुङ्गाक्षेत्रमा प्राचीनकालदेखि धार्मिक, आध्यात्मिक संस्कृतिको विकास भएको पाइन्छ । डा. टीकाराम पन्थी (वि.सं. २०४२) का अनुसार रेसुङ्गा त्रेताकालदेखि नै पवित्र तपोभूमि रहँदै आएको छ । प्राचीनकालमा महर्षि भृगुका आश्रमहरू, तपोभूमिहरू अनेक स्थानमा छन् । प्राचीनकालदेखि रेसुङ्गालाई सिद्धाश्रमका रूपमा मानिदै र पूजिँदै आएको पाइन्छ । विद्वान्हरूकाअनुसार यहाँको सिद्धस्थान सर्वप्राचीन हो र रेसुङ्गाको अर्को नाम सिद्धाचल पनि हो । वाल्मीकिय रामायणमा चर्चित सिद्धाश्रममध्येको एउटा रेसुङ्गा हो । महर्षि कश्यप, भृगु, पुलस्त्य आदिले तप गरेको र भगवान् विष्णुले वामन अवतार ग्रहण गरेको सिद्धाचल रेसुङ्गा हो । यसबाट रेसुङ्गा सिद्धेश्वर हो भन्ने अतिप्राचीनता पुष्टि हुन्छ । श्रीकृष्ण गण्डकीको दाहिने भागमा रेसुङ्गाक्षेत्र अवस्थित छ । यो क्षेत्र शालिग्रामक्षेत्रकै एउटा खण्ड हो । यो रूरूक्षेत्रभन्दा भिन्न छैन । रूरूक्षेत्र तीर्थभूमि

हो, रेसुङ्गा तपोभूमि हो । रूरूक्षेत्रको निकट रहेको र रमणीय वनप्रान्त भएकोले रूरूक्षेत्रका तपस्वीहरू गर्मीयाममा यहाँ यज्ञयागादि गर्न र तपस्या गर्न आउँथे । रेसुङ्गामा महिर्षि भृगु, पुलह, पुलस्त्यलगायतका ऋषिले तपस्या गरेका थिए ।

योगी नरहरिनाथ (वि.सं. २०५५) का अनुसार गुल्मीको ऋष्यशृङ्ग ऋषिको आश्रममा अठार कोसको जंगल छ । हजारौं हजार गाई पाल्नका लागि सुरक्षित गरी आगो लगाउन, खेतीपाती गर्न नपाइने स्थिति रीति अघिदेखि थियो । टेकबहादुर श्रेष्ठ (ई.सं.१९८३) का अनुसार गुल्मी राज्य स्थापना भएपछि राजाले रेसुङ्गा गौविर्ता स्थापना गरिदिएका थिए । यसरी गौविर्ता स्थापना गर्नको पछाडि रेसुङ्गामा योगी तपस्वीको आवश्यकता या सल्लाहलाई हेरेर गरेको अनुमान गर्न सकिन्छ । यसरी हेर्दा रेसुङ्गा पौराणिक कालदेखि नै तपस्थली तथा धार्मिक क्षेत्रका रूपमा प्रख्यात थियो । हिन्दू धर्ममा चार आश्रममा वानप्रस्थ र संन्यासका लागि समेत यो क्षेत्र रोजेको हुनसक्ने देखिन्छ । हरियाली घना जंगल, फलफूल र पानीको स्रोत भएको शान्त क्षेत्र भएकोले ध्यान तप तथा पूजा गर्नका लागि यो क्षेत्र रोजिएको अनुमान गर्न सकिन्छ ।

## रेसुङ्गाको तपस्थली र जोसमनि मत

भारतको जगन्नाथपुरीबाट दीक्षित भई काठमाडौमा आएपछि पृथ्वीनारायणको गुरूका रूपमा रहेका स्वामी शशिधरले नेपालको एक मात्र मौलिक सम्प्रदाय जोसमनि मतको पूर्वी नेपाल एकीकरणसँगै विस्तार गरेका थिए । कर्मकाण्ड, मूर्तिपूजा र जातीय विभेदका विरोधमा विकसित जोसमनि मतका अनुयायी राईलिम्बू बनेका थिए । पृथ्वीनारायण शाहको मृत्युपश्चात् शशिधर स्वामी लामो समय रेसुङ्गामा तपस्या गरी बसेर पश्चिम नेपालको एकीकरणमा सहयोग र आध्यात्मिक प्रचारमा लागेको पाइन्छ । यसरी हेर्दा जोसमनि मत र सन्त परम्पराको मुख्य केन्द्रका रूपमा रेसुङ्गा प्रख्यात थियो । नेपाल तथा भारतमा समेत विस्तार भएको यो जोसमनि मत र सम्प्रदाय स्थानीय स्तरमा धार्मिक कट्टरता र संकीर्णताले उचित स्थान पाउन सकेन । जे होस् जोसमनि मतका मुख्य गुरु स्वामी शशिधरले रेसुङ्गालाई एक आध्यात्मिक केन्द्रका रूपमा स्थापित गरेका थिए । उनैका प्रभावका कारण नेपालका राजा र राणाहरूले समेत रेसुङ्गा जान्ने र मान्ने बनाएका थिए ।

शशिधर स्वामीका छोरा लक्ष्मीनारायण आबाल ब्रह्मचारी तपस्वी थिए । यी अद्‌भुत चमत्कारी, गोभक्त, कर्मयोगी र समाजसेवी थिए । यिनले

जनसहभागिता जुटाएर पोखरी खनाउने, जलाशय बनाउने, गौशाला बनाउने काम गरे । परशुराम पन्थी (वि.स. २०६७) का अनुसार "लक्ष्मीनारायणलाई भेट्न, दर्शन गर्न, ज्ञान प्राप्त गर्न अनेक श्रद्धालुहरू रेसुङ्गामा आउँथे । भारतबाट समेत मान्छेहरू लक्ष्मीनारायणको दर्शन गर्न आउँथे । प्रभुको उपदेशलाई उपनिषद् मान्थे । लक्ष्मीनारायणले आफ्ना पिताको देहावसान भएको ठाउँमा आश्रम बनाएका थिए । आश्रमको सेरोफेरोमा भक्त, भक्तिनी, ज्ञानपिपासुहरू बस्ने टहरा थिए । लक्ष्मीनारायण बडा गोभक्त थिए । उनका पालामा रेसुङ्गामा कालापात्ला, पञ्चासे, चौतारा, भुल्के, ढाँडाका थरी, साउने, दह भन्ने ठाउँहरूमा बाह्र पन्ध्र सय जति गाई पालिन्थे । यसरी महाप्रभु लक्ष्मीनारायणले यस क्षेत्रलाई धार्मिक आस्थाको शिखरमा पुराएका थिए ।

महाप्रभु लक्ष्मीनारायणपछि उनकै वंशज छविलाल, ठाकुरप्रसाद, कमलापति आदिले रेसुङ्गा गुफामा तपस्या गरेका थिए । यो अवधिको करिब ४४ वर्ष रेसुङ्गाको अवस्था सामान्य रह्यो । तर वि.सं. १९८३ मा यदुकानन्दको आगमनपछि रेसुङ्गाको अवस्था फेरियो । १९८३ सालदेखि २०२१ सालसम्म करिब ३७ वर्ष प्रभु यदुकानन्द रेसुङ्गामा बसी यज्ञ, हवन तथा वेदपुराण पाठ गराए । उनको पालामा यज्ञशाला, प्रभुगादी, राधाकृष्ण मन्दिर र अनेक टहराहरू निर्माण गरिए । उनले ठुल्ठूलायज्ञयज्ञादिहरू गरे । तर राणा शासनको पतनसँगै रेसुङ्गाको चहलपहल हरायो । राज्यबाट सहयोग कटौती भयो । उल्टो हरहिसाव खोज्ने कुरा भए । त्यसपछि सनकी यदुकानन्द वैभवमा आगो लगाउन उद्दत भए । वि.सं. २०११ मा यदुकानन्दले आश्रमका सारा घरहरू, आफू बस्ने गादीसमेतमा भित्ताभित्तामा मट्टितेल छरेर आगो लगाए । यस आगलागीबाट ठूलो क्षति भयो । केवल तामाको छाना भएको यज्ञशालामात्र बच्यो । यदुकानन्द २०२१ सालसम्म रेसुङ्गामा बसे । यसरी ओझेलमा परेको रेसुंगाको विकासका लागि वि.सं. २०४२ सालमा योगी नरहरिनाथले कोटिहोम यज्ञ गरेका थिए । पौराणिक जनश्रुतिदेखि नै पवित्र तपोभूमिका रहेको रेसुंगामा धेरैले ध्यान तपस्या गरेको लामो परम्परा पाइन्छ । एक धार्मिक स्थल, सिद्धस्थलका रूपमा श्रद्धालुहरूको आस्था र विश्वासले यहाँको धार्मिक संस्कृतिलाई उच्च बनाएको छ ।

## रेसुङ्गाक्षेत्रका मूर्त सांस्कृतिक सम्पदा

रेसुङ्गाक्षेत्रमा महत्त्वपूर्ण मूर्त सांस्कृतिक सम्पदा रहेका छन् । पौराणिक कालदेखि तपोभूमिका रूपमा चर्चित यस क्षेत्रमा प्राचीन बाटो, पर्खाल, कुवा, पोखरी, आश्रम, थान, गुफा, विभिन्न तपस्थल आदि भेट्न सकिन्छ । यस क्षेत्रका

मुख्य मूर्त संस्कृतिहरूमा सिद्धस्थान, विष्णुपादुका मन्दिर र शिवालय परिसर, महापोखरी, गुफा फूलबारी आश्रम, गरूडस्थान, रामकुवा, यज्ञशाला परिसर, सानो रेसुङ्गा, गौशाला, साउनेक्षेत्र, मैराक्षेत्र, मझेङको आश्रम र रामन्दिरलगायत रहेका छन् । यसैगरी रेसुङ्गा आसपासका धार्मिक सम्पदामा अर्जुन भगवती मन्दिर, तम्घासस्थान भगवती मन्दिर, चारपाला दरबार, धागिथुम भगवतीको मन्दिर, जोगिथुम भगवती शक्तिपीठ, गणेश मन्दिर, माइकाथान भगवती मन्दिर, भुजेलखर्क दुर्गाकालिका मन्दिर, चारिखोला शिवालय, उनायचौर खड्गभगवती मन्दिर, भाडगाउँको भगवती मन्दिर, बेहोरेको माइका थान मन्दिर, पराल्मी भगवती कोट, बलिथुम मन्दिर, गौंडाकोट मन्दिर, चारपाला भैरव मन्दिरलगायत रहेका छन् ।

यसैगरी पुराना ढुंगामाटो र काठले बनेका तीन तले दलानसितका घर, गोठ, ओसारी, पाली, उरिम जस्ता संरचना यस क्षेत्रमा रहेको पाइन्छ । आजभोलि पिलरवाला सिमेन्टका घर बन्ने प्रचलन बढ्दो छ । पुराना गोरेटा, घोडेटा बाटा, वरपिपलसँगका चौपारी, पोखरीहरू अहिले कमै मात्र भेट्न सकिन्छ । धेरै स्थानमा मोटरबाटो बनेको छ । कुवा, पोखरी, ढुंगेधाराका सट्टा अहिले पाइपबाट घरघर खानेपानीको व्यवस्था रहेको छ । पुराना काठका पुल, फड्के, तेल पेल्ने कोल जस्ता संरचना लोप भएका छन् । त्यस ठाउँमा पक्की पुल, झोलुङ्गे पुल बनेका छन् ।

## रेसुङ्गाक्षेत्रका अमूर्त सांस्कृतिक सम्पदा

रेसुङ्गाक्षेत्रमा अनगिन्ती अमूर्त सांस्कृतिक सम्पदा रहेका छन् । आधुनिकीकरण, प्रविधिको विकास, बसाइसराइका कारण अमूर्त सम्पदाहरू लोप भैरहेको अवस्था छ । रेसुङ्गामा साउने मेला, एकादशी मेला, तिहारको औँसी जस्ता मेला लाग्ने गर्दछन् । अमूर्त सांस्कृतिक सम्पदाको धनी यस क्षेत्रमा सरायँ, देउसी, भैलो, घाटु, सोरठी, सालैजो, लाखे, गाईजात्रा, रोपाईँजात्रा, भजन, कीर्तन, रोदी, कौडा, ठाडो भाका, झ्याउरे, हेम्पाई, वाली, पन्चेबाजा जस्ता संगीत नृत्य लोककला प्रचलनमा रहेका छन् । यसैगरी दसैं, तिहार तीज, साउने र माघे संक्रान्ति, एकादशी, जनैपूर्णिमा, वैशाख पूर्णिमा, चण्डीपाठ, भागवत वाचन, सत्यनारायण पूजा, स्वस्थानी व्रतकथा श्रवण, रुद्री पूजा, कुसे औँसी, जन्म, मृत्यु, विवाह, न्वारन, भातखुवाइ, व्रतबन्ध, चौरासी पूजा, घरपूजा, विश्वकर्मा पूजा, सरस्वती पूजा, गुरुपूर्णिमालगायतका चाडपर्व, धार्मिक अनुष्ठान यस क्षेत्रमा गर्ने गराउने प्रचलन रहेको छ ।

मन्दिरमा भाकल गरेर पूजा, गर्ने, नागपूजा, झाँक्रीको पूजा, कुलपूजा, गर्ने, मकै चढाउने, दूधको धार, धूप दिने लगायतका पूजाआजा यस क्षेत्रमा रहेका छन् । यसका साथै धामीझाँक्री, सिमीचौरको मोच झार्ने, ढाड सड्केको फुक्ने, पिनास फुक्ने, विभिन्न रोगमा घरायसी उपचार र ओखती गर्ने परम्परागत तथा आध्यात्मिक उपचार यस क्षेत्रमा प्रचलनमा रहेका छन् ।

विवाह, खेतीपाती, लेनदेन, घर निर्माण तथा व्यवसाय, यात्रालगायतका शुभकार्यको साइत हेर्ने, चिना बनाउने, ग्रह शान्ति गर्ने, विभिन्न संस्कारगत पूजापाठ गराउनेलगायतका सीप, ज्ञान, कला ब्राह्मण समुदायका जातिसँग पाइन्छ । यसै गरी खेतीपाती र पशुपालन, खाना बनाउने सबैजसो समुदायमा रहेको पाइन्छ । काठ, फलाम, तामा र बाँसका भाडाकुँडा र औजार बनाउने, लुगा सिलाउने, गहना बनाउने, जुत्ता सिलाउने ज्ञान, सिप दलित जातिसँग रहेको पाइन्छ । यद्यपि आधुनिकतासँगै परम्परागत ज्ञानसिप लोप हुने क्रम बढ्दो रहेको छ । यस क्षेत्रमा ब्राह्मण, क्षत्री, मगर, दलित, नेवार, गुरुङ, मुस्लिम, क्रिस्चियनलगायतका जाति र धर्मअनुसारका आफ्ना संस्कार, परम्परा र तीसँग सम्बन्धित विधिविधान र सीपहरू रहेका छन् । यस क्षेत्रमा दैनिक घरव्यवहार, आपसी सम्बन्ध आदिका अनेकौँ लोकविश्वास र मिथकहरू रहेको पाइन्छ ।

## विविधता र एकता सांस्कृतिक आयाम

रेसुंगाको वरिपरि खसआर्य परिवारका ब्राह्मण, क्षत्री र दलितहरू, जनजातिका मगर, गुरुङ, कुमाल, बोटे, नेवारहरू तथा मुस्लिम तथा क्रिस्चियन धार्मिक आस्थाका मानिसहरू बसोवास गर्दछन् । यो जातीय विविधतायुक्त समाजको संस्कृति पनि फरक फरक देखिन्छ । दसैं, तिहार, तीज जस्ता पर्वहरू सबै जातिले मनाउँछन् । माघी, ल्होसार जस्ता पर्व मगर र गुरुङहरूले मनाउँछन् । यी विविधताका बीचबाट पनि एकता र समन्वयको संस्कृति यहाँ देख्न सकिन्छ । उनायचौर, अर्जुन, धागिथुम, सेउघा, जोगिथुमलगायतका मन्दिरमा मगर पूजारीलाई हिन्दूहरू सबैले मानेका हुन्छन् । अरू सबै चाडपर्व तथा सामाजिक उत्सवहरू सबै मिलेर मनाउँछन् । प्रकृतिको थान पूजा र शिव, विष्णु मन्दिरको पूजा सबै मिलेर गरेकै हुन्छन् । यसरी हेर्दा यहाँको संस्कृति एकल नभएर साझा बन्दै गएको देखिन्छ । तथापि दलितहरूप्रतिको जातीय भेदभाव कमी भए पनि अझै बाँकी देखिन्छ । समयक्रममा सबै जातिहरूको लवाइखबाइ बसाइमा एकरूपता आउँदै गएको छ । यसले पनि मौलिक पहिचानका बीचबाट पनि निर्माण भएको साझा संस्कृति, सामाजिक सद्भाव र

एकता बलियो बनाउँदै गएको देखिन्छ ।

## सांस्कृतिक निरन्तरता र परिवर्तन

रेसुंगाक्षेत्रमा पाइने सांस्कृतिक विशेषतामा परिवर्तन र निरन्तरता एकसाथ देख्न सकिन्छ । यातायात, संचार तथा प्रविधिको विकास तथा आधुनिकीकरणले पुरानो संस्कृतिलाई लोप गराइराखेको छ । परम्परागत कृषि छोड्दा धेरै संस्कृति छोडिएका छन् । वैदेशिक रोजगारी र बसाइ सराइले पनि सांस्कृतिक निरन्तरतामा चुनौती थपेको छ । तथापि केही संस्कृतिहरू यस क्षेत्रमा निरन्तर भएको देख्न सकिन्छ । तिहारको औसीमा गौशालामा गएर गाई पुज्ने, ढाक्रे जीवनको आस्थापुन्ज सुपा देउरालीको पूजा गर्ने, खोजेर भए पनि दूधको धार दिने, बसाइसराइ भएको ठाउँबाट कुलपूजा गर्न आउने, पुराना रीतिरिवाज पालना गर्ने खालका अनेकौँ सांस्कृतिक निरन्तरता यस क्षेत्रमा देख्न सकिन्छ ।

## निष्कर्ष

धार्मिक पर्यटकीय क्षेत्रका रूपमा रेसुंगाक्षेत्रको विशिष्ट सांस्कृतिक पहिचान रहेको छ । यो क्षेत्र मानव सभ्यताको आदिकालदेखि मानव विचरण स्थलका रूपमा रहेको छ । प्राचीन मगरात क्षेत्र, खानी-क्षेत्रका रूपमा परिचित यो क्षेत्रमा पौराणिक ऋष्यशृङ्गलगायतका ऋषिहरूको तपस्थलीका रूपमा मात्र नभएर अनेकौं देवदेवीका पूज्य भूमिको रूपमा रहेको छ । प्राकृतिक स्रोतले सम्पन्न यो क्षेत्र आध्यात्मिक केन्द्रका रूपमा रही आएको पाइन्छ । खासगरी शशिधर स्वामीले यस क्षेत्रमा रही जोसमनि मत र सन्त परम्पराले देशकै मौलिक तथा परिवर्तनकारी सम्प्रदायका रूपमा पहिचान बनाउन सफल भएको छ । रेसुंगा प्राकृतिक रूपमा सुन्दर र विविधतायुक्त छ, त्यसरी नै यहाँको संस्कृति पनि विविधतायुक्त र सुन्दर रहेको पाइन्छ । यहाँको प्रकृति र यसैमा फक्रिएको बहुआयामिक संस्कृतिलाई सम्वर्धन गरौं ।

**रेसुङ्गा नगरपालिका- बालकाटे,**

**गुल्मी**

ooo

लेख

# तपोभूमि रेसुङ्गाका विविध पक्ष



✍ **गोपाल पन्थी**

## परिचय

रेसुङ्गा गुल्मी जिल्लाको पवित्र तपोभूमि हो । यसको उचाइ समुद्र सतहदेखि २३४७ मिटर रहेको छ । यो जिल्लाका थाप्ले र मदाने पछिको तेस्रो अग्लो शिखर हो । यो गुल्मी जिल्लाको परिचय दिलाउने महत्त्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थल पनि हो । गुल्मी जिल्लाको गौरवको रूपमा परिचित तपोभूमि रेसुङ्गा नै गुल्मीको समग्र विकास र गुल्मेलीको भाग्यरेखा निर्धारण गर्ने प्रमुख स्रोत हो ।

रेसुङ्गा गुल्मी जिल्लाको ऐतिहासिक, धार्मिक, साँस्कृतिक र प्राकृतिक महत्त्वले भरपूर सुन्दर, मनोरम धार्मिक धाम हो । यो शान्त, एकान्त, शीतल र मनोरम प्राकृतिक सम्पदाले भरिएको छ । त्रेतायुगदेखि नै रेसुङ्गा विभिन्न ऋषिमुनिहरूको तपस्यास्थल हो । महर्षि ऋष्यशृङ्गको तपस्थली बनिसकेको पवित्र भूमि रेसुङ्गाले अविच्छिन्न रूपमा अर्वाचीन काल हुँदै वर्तमानसम्म पनि तपोभूमिकै रूपमा आफ्नो पहिचान स्थापित गरेको छ ।

## पौराणिक पक्ष

त्रेतायुगमा विभाण्डक ऋषिका पुत्र ऋष्यशृङ्गले रेसुङ्गामा तपस्या गरेका थिए । उनले नै अयोध्याका राजा दशरथको पुत्रेष्टि यज्ञ गराएका थिए । त्यही यज्ञका प्रभावले राजा दशरथलाई राम, लक्ष्मण, भरत र शत्रुघ्न गरी चार पुत्र जन्मेका थिए भन्ने कुरा वाल्मीकि रामायणमा वर्णित छ । पछि श्रीराम ऋष्यशृङ्गलाई भेट्न रेसुङ्गा आएको र बाण हानी रामकुवा बनाएको किंवदन्ती रहेको छ । ऋष्यशृङ्गकै नामबाट यस तपोभूमिको नाम रेसुङ्गा रहन गएको हो भन्ने भनाइ रहेको छ । समुद्र मन्थनपछि देवता र दनाव बीचको अमृत प्राप्तिको खिचातानीमा गरुडले

अमृतको घडा लिएर उड्दा छचल्किएर अमृतका थोपा रेसुङ्गामा खसेकाले यो अमृतभूमि भएको हो भन्ने किंवदन्ती रहेको छ । भक्तजनहरूले यही विश्वासका आधारमा यहाँका झारपात, वनस्पति, जडिबुटी तथा जलमा अमृतको अनुभूति गर्छन् । यहाँको जल र जडिबुटीको प्रयोगले ठूलाठूला रोगहरू पनि निको हुने र राम कुवाको जलले स्नान गर्नाले जानेर वा नजानेर गरेका सबै पापहरू नष्ट हुने जन-विश्वास रहेको छ । गरुडले अमृत खसालेको स्थान नै आजको गरुडथान हो भन्ने यहाँका बुढापाकाहरूको दाबी रहेको छ ।

## रेसुङ्गाका तपस्वीहरू

### शशिधर स्वामी

रेसुङ्गा तपोभूमिमा अर्वाचीन कालमा तपस्या गर्ने पहिलो र विशिष्ट योगी शशिधर (वि.सं. १८०४-१९०६)स्वामी हुन् । उनले भारतको उडिसा, गुजरात र पौडीगडवालमा योग र अध्यात्मको साधना गरी प्रसिद्धि प्राप्त गरेका थिए । उनले आध्यात्मिक तत्त्वज्ञान र सामाजिक क्रान्तिका माध्यमले देश विदेशमा जोसमनि सन्त परम्परालाई अगाडि बढाए । उनलाई जोसमनि सम्प्रदायका प्रवर्तक मानिन्छ । आज पनि जोसमनि सम्प्रदायका लाखौं अनुयायीहरू रहेका छन् । उनी हठयोग, राजयोग र वेदान्तका प्रकाण्ड विद्वान् थिए । उनी रूप परिवर्तन गरी अनेकौं चमत्कार देखाउन सक्ने चमत्कारी योगी थिए ।

आज पनि रेसुङ्गा महापोखरी परिसरमा शशिधर स्वामीको आश्रमका भग्नावशेष पर्खालहरू रहेका छन् । उक्त स्थानमा शशिधर स्वामीको कुटी (मन्दिर) पुनः निर्माण गरिएको छ । उनका योग र अध्यात्म विषयका दुई दर्जन ग्रन्थहरू रहेका छन् । उनको 'बाणोपनिषद्' नामक पुस्तक किरण पुस्तकालय गुल्मीबाट प्रकाशित भएको छ ।

### महाप्रभु लक्ष्मीनारायण

स्वामी शशिधरका सुपुत्र लक्ष्मीनारायण पनि पिता जस्तै रेसुङ्गाका प्रतापी तपस्वी थिए । उनी आबाल ब्रह्मचारी, अद्भुत चमत्कारी, निष्काम कर्मयोगी र गोभक्त योगी थिए । उनले आफ्नो तपोबलले अष्टसिद्धि प्राप्त गरेका थिए । उनले आफ्नो इच्छानुसार स्वरूप परिवर्तन गरी चमत्कार प्रदर्शन गर्न सक्ने क्षमता राख्दथे । उनले चमत्कार देखाएका कुरा बुढापाकाहरूबाट अहिले पनि सुन्न पाइन्छ ।

उनले कुण्डको स्वरूपमा रहेको रेसुङ्गा पोखरीलाई महापोखरीको रूपमा पुनः निर्माण गरेका थिए । उनले रेसुङ्गामा व्यवस्थित गोशाला र वैदिक कार्यशाला

स्थापना गरी सावनीमा हिउँदे आश्रम निर्माण गरेका थिए । त्यहाँको अग्निकुण्ड, मन्दिर, आवास गृह, सीमापर्खालका भग्नावशेष र विभिन्न फलफूलका बगैंचाले सावनीक्षेत्र महाप्रभुका पालामा भव्य, व्यवस्थित र विचित्रको थियो भन्ने पुष्टि गर्छ ।

महाप्रभुका शिष्य जङ्गबहादुर राणाका छोरा जनरल ललित जङ्गले उहाँको इच्छाबमोजिम सावनीको शिवालय र रेसुङ्गाको शिखर विष्णुपादुका परिसरको कलात्मक शिवालय बनाएका थिए । महाप्रभु लक्ष्मीनारायणको देहावसान वि.सं. १९३९ मा सावनी आश्रममा भएको थियो । महाप्रभु लक्ष्मीनारायणको दार्शनिक कृति 'शास्त्रकुसुमामृतम्' किरण पुस्तकालय गुल्मीबाट प्रकाशित भएको छ ।

महाप्रभु लक्ष्मीनारायणपछि रेसुङ्गामा शशिधर स्वामीका कान्छा भाइ बुद्धिधर र उनका छोरा छविलालले तपस्या गरे । छविलालपछि उनका छोरा ठाकुरप्रसादले तम्घासमाथिको मैरा भन्ने ठाउँमा तपस्या गरे । त्यसपछि कमलापतिले रेसुङ्गामा तपस्या गरे ।

**प्रभु यदुकानन्द**

कमलापतिको अवसानपछि सुस्ताएको रेसुङ्गालाई पुनः ऊर्जा थप्ने काम प्रभु यदुकानन्दले गरे । काठमाडौंमा जन्मिएका यदुकानन्द ३३ वर्षको उमेरमा रेसुङ्गामा आई तपस्या गरे । उनले प्रारम्भमा रेसुङ्गाका ओडार र रुखका टोंडकाहरूमा बसी कठोर तपस्या गरे । उनी वि.सं. १९८३ मा रेसुङ्गामा आई २०२१ सम्म रेसुङ्गामा ठूलाठूला यज्ञ अनुष्ठानहरू सम्पन्न गरे । प्रभु यदुकानन्दको तपोवलको चर्चा चारैतिर फैलियो । प्रभुको चर्चा सुनेर वि.सं. १९८८ मा श्री ३ जुद्धशमशेर रेसुङ्गामा आई प्रभुको दर्शन गरे । उनी प्रभुबाट प्रभावित भई प्रभुको इच्छा बमोजिमका सहयोग गरे । तामाले छाएको यज्ञशाला, कलात्मक राधाकृष्ण मन्दिर, भक्त-भक्तिनीहरू र दर्शनार्थीका लागि घर टहराहरू, गाई गोठहरू निर्माण भए । नियमित पूजापाठ र हवन हुन थाल्यो । रेसुङ्गा वेदध्वनिले गुञ्जायमान भयो । रेसुङ्गामा अथाह धनसम्पति थुप्रियो । रेसुङ्गा दोस्रो सिंहदरबार जस्तो बन्न पुग्यो । यो समयलाई रेसुङ्गाको स्वर्णकाल भनिन्छ ।

२००७ सालमा राणाशासन ढलेपछि २००९ सालमा तम्घासमा अड्डाहरू स्थापित भए । रेसुङ्गामा पुरानै अवस्था टिक्न सकेन । सरकारी सहयोग बढेन । प्रभुको मानमानितामा कमी भयो । प्रभुले भनेजस्तो भएन । तपोभूमिका मान्यताहरूमा आघात पुग्न थाल्यो । रेसुङ्गामा शान्ति खल्बलिंदै गयो । समय प्रतिकूल बन्दै गएपछि प्रभु विक्षिप्त भई आफ्नै आश्रममा आगो लगाए । आगोले रेसुङ्गाको वैभव

खरानी बनायो । सर्वत्र शून्यता र सन्नाटा छायो । वि.सं. २०२८ मा प्रभुको इहलीला समाप्त भयो । उनी भौतिक रूपमा रेसुङ्गाबाट अस्ताए ।

रेसुङ्गाका अर्का तपस्वी शिवभक्त मुक्तिराम पन्थी हुन् । उनले भाडगाउँ तल मझिमखोला दोभानमा कुटी बनाएर लामो समय तपस्या गरे । उनले यस क्षेत्रका प्रसिद्ध नदीका संगम,घाट र तीर्थस्थलहरूमा रुद्राभिषेक र साधना गर्दै हिंडे । उनले २०३२ सालमा आफ्नो आश्रममै ठूलो यज्ञ सम्पन्न गरे ।

२०४२ सालमा योगी नरहरिनाथको नेतृत्वमा रेसुङ्गामा विश्वशान्ति ज्ञान महायज्ञकोटिहोमको आयोजना भयो । पाठशाला, गोशाला र यज्ञशाला पुनः सञ्चालित भए । रेसुङ्गा संरक्षण समितिको गठन भयो । २०६० सालमा रेसुङ्गा संरक्षण समितिले पण्डित नारयण पोखेलको आचार्यत्वमा तम्घास चिदीचौरमा महायज्ञको आयोजना गऱ्यो ।

हाल रेसुङ्गामा ब्रह्मचारी तदर्थानन्द २०६२ सालदेखि विश्वकल्याण र रेसुङ्गामा आध्यात्मिक चेतना पुनःस्थापित गर्ने उद्देश्यले साधनारत हुनुहुन्छ । उहाँले फलाहार मात्र ग्रहण गरी लामो समयदेखि रेसुङ्गामा आध्यात्मिक योग साधना र चिन्तन गरिरहनुभएको छ । रेसुङ्गा संरक्षण समिति गुल्मीले उहाँलाई रेसुङ्गाका पीठाधीशको रूपमा उच्च मान्यतामा राखेको छ । उहाँले रेसुङ्गालाई अभिभावकत्व प्रदान गर्नुभएको छ ।

**रेसुङ्गाका प्रमुख दर्शनीय क्षेत्रहरू**

- सिद्धस्थानक्षेत्र- (सिद्धेश्वर महादेवको मन्दिर र नागस्थान रहेको)
- मठक्षेत्र- (शिवालय र विष्णुपादुका (लक्ष्मीनारयण मन्दिर) रहेको)
- यज्ञशालाक्षेत्र- (यज्ञशाला र राधाकृष्ण मन्दिर रहेको)
- महापोखरीक्षेत्र- (महापोखरी, पशुपति शिवालय, भोलेबाबा मन्दिर र महाप्रभु लक्ष्मीनारायणको कुटी रहेको)
- सानो रेसुङ्गाक्षेत्र- (ऋष्यशृङ्ग आश्रम, अष्ट चिरञ्जीवीहरूका मूर्तिहरू स्थापित मन्दिर तथा पिठाधीश ब्रह्मचारी तदर्थानन्दको आश्रम रहेको)
- चौताराक्षेत्र- (रेसुङ्गा गोशाला र राधाकृष्ण मन्दिर रहेको)
- सावनी शिवालयक्षेत्र- शिवालय र ठूलो सुन्दर बगैंचा रहेको)
- रामकुवाक्षेत्र- (रामकुवा, लक्ष्मणकुवा र गरुडस्थान रहेको )
- भुवानेडाँडाक्षेत्र- (सीताराम मन्दिर रहेको)
- मनकामनाक्षेत्र- (मनकामना मन्दिर रहेको)
- मैराक्षेत्र- (प्रभु ठाकुप्रसादको आश्रम/मठ, सुन्दर बगैंचा र चौपारी रहेको)

## दर्ता पूर्वको रेसुङ्गा संरक्षण समिति

योगी नरहरिनाथले २०४२ सालमा रेसुङ्गामा सम्पन्न गरेको विश्वशान्ति ज्ञान महायज्ञपछि संगठित रूपमा रेसुङ्गाका गतिविधि अगाडि बढ्न थालेका हुन् । २०५२ साल चैत्र आठ गते जि.वि.स. सभापति श्री चन्द्रबहादुर के.सी. पदेन संयोजक भएको १५ सदस्यीय रेसुङ्गा संरक्षण मूल समिति गठन भएको अभिलेख छ । सो समितिले गोशाला उपसमिति, प्रचारप्रसार उपसमिति, विकास निर्माण उपसमिति र पूजापाठ उपसमिति गठन भई कार्य विभाजन भएको देखिन्छ ।

## रेसुङ्गा संरक्षण समितिको विधिवत् दर्ता र विधान

मिति २०५५/०२/०९ मा रेसुङ्गा संरक्षण समिति विधिवत् दर्ता गरी आगामी गतिविधिहरू सञ्चालन गर्न श्री रुद्रबहादुर भुजेलको अध्यक्षतामा नौ सदस्यीय तदर्थ समिति गठन भयो । उक्त समितिले २०५५/४/११ मा जिल्ला प्रशासन कार्यालय गुल्मीमा (द.न.२/०५५/५६) रेसुङ्गा संरक्षण समिति नामक धार्मिक तथा सामाजिक संथा दर्ता गर्‍यो । त्यसपछि समाजकल्याण परिषद्मा यो समितिले क्रम संख्या २८३४८ मा आबद्धता जनायो । दर्तापछिका सबै वर्षहरूमा यो संस्था नवीकरण हुँदै हालसम्म आएको छ । यस संस्थाको स्थायी लेखा नम्बर (PAN) ६०७८१५९९५ रहेको छ ।

## रेसुङ्गा संरक्षण समितिको विद्यान-२०५५

"रेसुङ्गाको पौराणिक, पुरातात्त्विक र ऐतिहासिक महत्त्वको संरक्षण गर्ने । वैदिक सनातन धर्म संस्कृतिप्रतिको विश्वासलाई सम्मान गर्न, यहाँको वातावरण, वनस्पति, जैविक विविधता, प्राकृतिक सौन्दर्य एवं स्वच्छता जोगाइराख्न र यस क्षेत्रलाई धार्मिक, ऐतिहासिक, सांस्कृतिक एवं प्राकृतिक पर्यटनक्षेत्रको रूपमा विकास गर्न" भन्ने जस्ता कुराहरू रेसुङ्गा संरक्षण समितिको विधान २०५५ को प्रस्तावनामा समेटिएका छन् । यो विधान समयसापेक्ष चारपटक संशोधन भई लागु भएको छ । विधानतः यो गैह्र नाफामूलक विशुद्ध सामाजिक तथा धार्मिक संस्था हो ।

प्रचलित विधानको परिधिभित्र रही समितिले "प्रशासन तथा पूजा व्यवस्थापन कार्यविधि-२०८१" पारित गरी कार्यान्वयनमा ल्याएको छ ।

## रेसुङ्गा संरक्षण समितिको गठन

२०५५ साल पौष ३० गतेको साधारण सभाले रुद्रबहादुर भुजेलको अध्यक्षतामा ११

सदस्यीय रेसुङ्गा संरक्षण समितिको गठन गऱ्यो । त्यसपछि २०५८,२०६१, २०६२ र २०६६ गरी ५ पटक रूद्रबहादुर भुजेलको अध्यक्षताका रेसुङ्गा संरक्षण समिति गठन भई विभिन्न गतिविधिहरू सञ्चालन भए । २०७० साल चैत्र ४ गते भएको अधिवेशनले सुरेशचन्द्र भुसालको अध्यक्षतामा १२ सदस्यीय रेसुङ्गा संरक्षण समितिलाई निर्वाचित गऱ्यो । २०७५ साल वैशाख १२ गते र २०७९ साल चैत्र १७ गतेको अधिवेशनबाट सुरेशचन्द्र भुसालको अध्यक्षतामा समिति पुनर्गठन भए। हालको रेसुङ्गा संरक्षण समिति र सल्लाहकार समिति निम्न रहेको छ -

| क्र स | पद | नाम, थर |
|---|---|---|
| १ | अध्यक्ष | श्री सुरेशचन्द्र भुसाल |
| २ | उपाध्यक्ष | श्री थम्मनबहादुर खड्का |
| ३ | उपाध्यक्ष | श्री मोतीप्रसाद खनाल |
| ४ | उपाध्यक्ष | श्री राजेन्द्रप्रसाद पाण्डेय |
| ५ | सचिव | श्री गोपाल पन्थी |
| ६ | सहसचिव | श्री यज्ञप्रसाद शर्मा पन्थी |
| ७ | कोषाध्यक्ष | श्री नेत्रबहादुर बस्नेत |
| ८ | सहकोषाध्यक्ष | श्री रेमलाल पाण्डे |
| ९ | सदस्य | श्री पुष्कर पन्थी |
| १० | सदस्य | श्री केशरबहादुर थापा |
| ११ | सदस्य | श्री देवीराम पन्थी |
| १२ | सदस्य | श्री कृष्णप्रसाद भण्डारी |
| १३ | सदस्य | श्री गोविन्द गौतम |
| १४ | सदस्य | श्री झकबहादुर बस्नेत |
| १५ | सदस्य | श्री लुमसिंह बस्नेत |

| क्र स | पद | नाम, थर |
|---|---|---|
| १६ | सदस्य | श्री रामबहादुर थापा |
| १७ | सदस्य | श्री शान्ता थापा |
| १८ | सदस्य | श्री शेरबहादुर थापा |
| १९ | सदस्य | श्री विजयलक्ष्मी बस्नेत |
| २० | सदस्य | श्री मृगेन्द्र श्रेष्ठ |
| २१ | सदस्य | श्री शोभा मरासिनी |
| २२ | सदस्य | श्री रामचन्द्र पन्थी |
| २३ | सदस्य | श्री देवराज पाण्डे |
| २४ | सदस्य | श्री टोपबहादुर बस्नेत |
| २५ | सदस्य | श्री केशवराज पाण्डे |
| २६ | सदस्य | श्री सन्तोष वि. क. |

**सल्लाहकार समिति**

| क्र.स | पद | नाम, थर |
|---|---|---|
| १ | संयोजक | श्री शशि पन्थी |
| २ | सदस्य | श्री रूद्रबहादुर भुजेल |
| ३ | सदस्य | श्री माननीय डिल्लीराज भुसाल |
| ४ | सदस्य | श्री ताराप्रसाद पाण्डे |
| ५ | सदस्य | श्री देवीराम भण्डारी |
| ६ | सदस्य | श्री दीन पन्थी |
| ७ | सदस्य | श्री श्रवणकुमार नेपाली |

| क्र.स | पद | नाम, थर |
| --- | --- | --- |
| ८ | सदस्य | श्री कृष्णप्रसाद पन्थी |

**पीठाधीश :**

श्री ब्रह्मचारी तदर्थानन्द

## रेसुङ्गाका पण्डित/पुजारी तथा कर्मचारीहरू

१. श्री हरि भट्टराई
२. श्री कृष्ण पन्थी
३. श्री ढकाल पोखेल
४. श्री हेमन्त पोखेल
५. श्री हरि पन्थी
६. श्री भागीरथ अधिकारी

## गोशालातर्फ

१. श्री पुनाराम पाण्डे
२. श्री सन्तबहादुर घर्ती
३. श्री लोकबहादुर घर्ती
४. श्री चोमलाल खनाल
५. श्री खेमराज गुरुङ
६. श्री संगीता गुरुङ

## कार्यालयतर्फ

१. श्री राजन पन्थी
२. श्री रीता खत्री

## रेसुङ्गा संरक्षण समितिले सम्पादन गरेका प्रमुख कार्यहरू

- दैनिक कार्यालय सञ्चालन तथा व्यवस्थापन
- मठ मन्दिरहरूमा दैनिक पूजापाठ सञ्चालन
- पीठाधीश, पण्डित र कर्मचारीहरूको व्यवस्था
- निःशुल्क भोजन र आवासको व्यवस्था
- विकास निर्माणका कार्यहरूको निरन्तरता
- गोशाला सञ्चालन
- समयसमयमा यज्ञ, महायज्ञ र धार्मिक महोत्सवहरूको आयोजना
- खोज-अनुसन्धान र अभिलेख व्यवस्थापन
- स्रोत व्यवस्थापन र परिचालन
- धर्म-संस्कृतिको संरक्षण र सम्वर्धनसम्बन्धी कार्यक्रम सञ्चालन
- गुठी जग्गा व्यवस्थापनसम्बन्धी कार्य
- प्रचारात्मक कार्यक्रमहरू सञ्चालन

**रेसुङ्गा संरक्षण समितिमा आबद्धता**

- आजीवन सदस्य :-रू. ५,०००/- देखि ९,९९९/- सम्म ।
- वरिष्ठ सदस्य :- रू. १०,०००/- देखि ४९,९९९/- सम्म ।
- विशिष्ट सदस्य :- रू. ५०,०००/- देखि ९९,९९९/-सम्म ।
- अति विशिष्ट सदस्य :- रू. १ लाखदेखि ५ लाखभित्र ।
- श्रेयस्कर सदस्य :- रू.५,००,०००/- भन्दा मथि ।
- संस्थागत सदस्य :- रू. ५,०००/- भन्दा माथि ।
- गोशाला अक्षयकोष :- रू. ११,१११/- भन्दा माथि ।

**स्रोत व्यवस्थापन**

रेसुङ्गा संरक्षण समितिमा सरकार वा कुनै आधिकारिक निकायबाट स्थायी स्रोतको व्यवस्था हुन सकेको छैन । रेसुङ्गाको भौतिक विकासका सन्दर्भमा संघ, प्रदेश र स्थानीय सरकारहरूबाट समयसमयमा योजनाहरू सञ्चालन भएका छन् । रेसुङ्गा नगरपालिकाको निरन्तर सहयोग प्राप्त हुँदै आएको छ ।

समितिको आन्तरिक व्यवस्थापन (गोसेवा, जनशक्ति, पूजापाठ, भोजन, आवास, यातायात आदि) का लागि भक्तजनको भेटी, चन्दा, सदस्यता शुल्क, तिरो, अक्षयकोष र मुष्ठिदानको रकमबाट हुँदै आएको छ ।

**आर्थिक अवस्था**

आ.व. २०८१/०८२ को यथार्थ आम्दानी - ४५,८९,८६२/-

आ.व. २०८१/०८२ को यथार्थ खर्च - ३८,७९,८२१/-

आ.व. २०८१/०८२ को यथार्थ बचत - ७,१०,०४१/-

अक्षयकोष दाता - १०६ जना

मुष्ठिदान दाता - ८१६ जना

आजीवन सदस्य - ५४२ जना

वरिष्ठ सदस्य - २५ जना

दानवीर - १७ जना

गोशाला अक्षयकोष - रू. ३५,००,०००/- (पैंतीस लाख)

गोशाला बैंक बचत - रू. ५,२०,२३१/- (पाँचलाख बीस हजार दुईसय एकतीस)

रेसुङ्गा मुद्धति - रू. ४५,००,०००/- (पैंचालीस लाख)

रेसुङ्गा बैंक बचत - रू. १२,१३,०८३/- (बाह्र लाख तेह्र हजार तिरासी)

## रेसुङ्गा गौबिर्ता

वि.सं. १४९३ मा स्वतन्त्र गुल्मी राज्यको स्थापना भएको थियो । स्वतन्त्र गुल्मी राज्यका पहिला राजा वीर शाह थिए । यिनले रेसुङ्गालाई गौबिर्ता बनाएको अभिलेख छ । योगी नरहरिनाथका अनुसार रेसुङ्गा त्रेतायुगदेखि नै गौबिर्ता हो । रेसुङ्गा प्राचीनकालदेखि नै गौबिर्ता रहेकोले पछि महाप्रभु लक्ष्मीनारायणकै सत्प्रयासमा गौबिर्ता घोषणा भएको थियो । जङ्गबहादुर आई महाप्रभु लक्ष्मीनारायणको दर्शन गरी उहाँबाट प्रभावित भएर सहयोग गर्ने इच्छा प्रकट गरेपछि महाप्रभुले रेसुङ्गालाई गौबिर्ता बनाइदेऊ भनेपछि जङ्गबहादुरले रेसुङ्गालाई गौबिर्ता बनाइदिएका थिए ।

## रेसुङ्गा गुठी

रेसुङ्गाका महाप्रभु लक्ष्मीनारायणले नित्य पूजाका निम्ति वि.सं. १९०७ मा गुल्मी र अर्घाखाँचीका खेत आफ्नै झोलीको पैसाबाट खरिद गरी विष्णुपादुका गुठीको व्यवस्था मिलाएका थिए । यस गुठीभित्र विभिन्न ठाउँहरू गरी ५४६ मुरी माटो अर्थात् १३६ रोपनीभन्दा बढी खेत रहेका छन् । त्यसै गरी रेसुङ्गा शिवालय गुठी पनि महाप्रभु लक्ष्मीनारायणका शिष्य जनरल ललितविक्रम ज.ब.रा. ले व्यवस्था गराइदिएका हुन् । उनले रेसुङ्गाको चुचुरोमा शिवालय बनाई पूजा चलाउने उद्देश्यले यो गुठीको व्यवस्था गरेका थिए । उक्त शिवालयमा पूजापाठको जिम्मा तम्घास बेदुखर्क निवासी देउमनी पन्थीलाई दिई गुठीको आयस्ता र व्यवस्थाको जिम्मेवारी सुम्पिएको थियो । पछि शोभाखर पन्थी हुँदै छोरा डिल्लीराज पन्थीमा यसको जिम्मेवारी सरेको हो ।

ललितजङ्गबाटै सावनीमा शिवालय र हनुमान मनिदर स्थापना गरी पूजा सञ्चालनको लागि अर्घाखाँचीमा खेतहरू किनी सोको आयस्ता लिई पूजा चलाउने जिम्मेवारी गुल्मी अर्खले भाडगाउँ निवासी पण्डित छविलाल पन्थीलाई दिई उनलाई पण्डितको रूपमा वरणी गरिएको थियो ।

विष्णुपादुका गुठीका सन्दर्भमा वि.स. १९३७ सालमा बिसु उपाध्याय पन्थीलाई पूजा चलाई आयस्ता खानू भन्ने धर्मपत्रमा उल्लेख छ । १९७८ सालमा बिसु उपाध्यायका छोरा पण्डित हरिलाल उपाध्यायलाई पूजामा सक्रिय नहुने पुजारी हटाउने अख्तियारी दिइएको अख्तियारनामा भेटिएको छ । पं. हरिलालपछि निजका कान्छा छोरा पण्डित परशुराम उपाध्याय पन्थी (कान्छा पण्डित)को

जिम्मामा अख्तियारी सरेको हो । उहाँले विभिन्न ठाउँमा जग्गा कमाउन मोहीको व्यवस्था गर्नुभयो । विभिन्न मुद्दाहरू झेल्नुभयो । रेसुङ्गाको आध्यात्मिक विकास र गुठी जग्गा संरक्षणको लागि जीवनभर लाग्नुभयो । उहाँले पूजापाठ गर्न नसक्ने भएपछि रेसुङ्गा गुठीलगायतका सम्पूर्ण कागजात २०५४ सालमा रेसुङ्गा संरक्षण समितिलाई बुझाउनुभयो ।

अहिले पनि केही जग्गाहरू रेसुङ्गा गुठीकै नाममा छन् । केही जग्गाहरू अदालतमा फैसलापछि पुनः गुठी कायम भएका छन् । २०४० सालमा जग्गानापी गर्दा धेरै मोहीहरूले आ–आफ्नो नाममा नापनक्सा गरी रैकर कायम गरेको अवस्था छ । केही लालपूर्जाहरूमा गुठीको नाम उल्लेख भई जग्गाधनीमा मोहीको नाम उल्लेख भएको छ । केही जग्गाको फिल्डबुकमा कित्ता नं. उल्लेख भई स्रेस्ता बन्न नसकेको अवस्था छ । कुनै जग्गाहरू नापीले ब्लक छुट्ट्याई राखेको छ । यी गुठी जग्गामा ५० भन्दा बढीको संख्यामा विभिन्न प्रकृतिका मोहीहरू रहेको अभिलेखबाट देखिन्छ । अधिकांश मोहीहरूले तिरो बुझाएका छन् । यी गुठी जग्गाका लालमोहर, सनद, अख्तियारनामा, लालपूर्जा, फिल्डबुक, अदालतका फैसला र रेसुङ्गा संरक्षण समितिले गरेका प्रयास, उजुरी, कागजात आदि रेसुङ्गा संरक्षण समितिमा सुरक्षित छन् ।

गुठी जग्गा दर्ता तथा हडपेको जग्गा फिर्ता ल्याउन रेसुङ्गा संरक्षण समितिले समयसमयमा उपसमितिहरू गठन गरी गुठी संस्थान, अदालत, विशेष नापी, नापी टोली, नापी कार्यालय, मालपोत तथा जिल्ला प्रशासन कार्यालयलगायत सरोकारवाला निकायमा लिखित र मौखिक अनुरोध गर्ने गरेको छ ।

रेसुङ्गा देवालयको राजस्वमा धर्मको डर नभएका टाठाबाठा, ठुलाठालुहरूले र्‍याल चुहाएकोले यसको सत्यतथ्य पत्ता लगाई रेसुङ्गाका गुठीकै नाममा जग्गा फिर्ता गराउन राज्यका सम्बन्धित निकायले शीघ्र आवश्यक पहल चाल्नुपर्ने देखिन्छ ।

## रेसुङ्गा धार्मिक वन

ऐतिहासिक, धार्मिक, साँकृतिक एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण तपोभूमि रेसुङ्गाको वातावरणको प्रवर्धन, विकास र वनपैदावारको समुचित प्रयोग गरी रेसुङ्गालाई धार्मिक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने उद्देश्यले रेसुङ्गा संरक्षण समितिको अनुरोधलाई स्वीकार गर्दै नेपाल सरकारले १० वर्षे धार्मिक वन व्यवस्थापन कार्ययोजना स्वीकृत गरी धार्मिक वन घोषणा गरेको हो ।

वन तथा भू-संरक्षण मन्त्रालय

# जिल्ला वन कार्यालय

तम्घास, गुल्मी

## धार्मिक वन दर्ताको प्रमाण-पत्र

श्री रेसुङ्गा संरक्षण समिति,
तम्घास, गुल्मी ।

त्यस समितिलाई वन ऐन, २०४९ र वन नियमावली, २०५१ को अधिनमा रही देहायको राष्ट्रिय वन क्षेत्र यसैसाथ संलग्न कार्ययोजना बमोजिम व्यवस्थापन गरी सदुपयोग गर्न धार्मिक वनको रुपमा सुम्पिएको छ ।

**धार्मिक वनको विवरण:-**
नाम : - रेसुङ्गा धार्मिक वन ।
ठेगाना : - तम्घास, गुल्मी ।
चार किल्ला

| | |
|---|---|
| पुर्व: | जामुनधारा र रेसुङ्ग पञ्चासे सामुदायिक वनको सिमाना, गोरेटोबाटो |
| पश्चिम: | रेसुङ्गा सामुदायिक वनको सिमाना (पँधेराथरिको मूल र घोप्टेको खोल्सी हुँदै खत्रीगाडे, नूनमारेबाट मोठ हुँदै सिद्धथान परिको धुम्कोमा जाने गोरेटो बाटो । |
| उत्तर: | गर्जुराबाट गौशाला जाने बाटो, शिवशक्ति सा. वनको सिमाना । |
| दक्षिण: | मरङ्गाभाँक्रिभिर सा.व.को सिमाना, माइति ओडार, तारेभिर, नेटा डाडा, खर्सुङ गैरा । |

क्षेत्रफल : - १६५.१८८९ हेक्टर ।

**प्रमाण-पत्र दिने अधिकृतको**

नाम, थर:- श्री राजेन्द्रमानसिंह भण्डारी

पद:- जिल्ला वन अधिकृत

दस्तखत:-

मिति:-

**द्रष्टव्य:-**
यो प्रमाण-पत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाण-पत्र लिन पच्चीस रुपैयाँ दस्तुर लाग्ने छ ।

Design & Print# Prakash Digital, Tamghas Gulmi 9857028168

श्री रेसुङ्गा धार्मिक वन रेसुङ्गा नगरपालिका गुल्मीको वन कार्ययोजना २०७५

## धार्मिक वन व्यवस्थापन करारनामा

१. धार्मिक वनको नाम: श्री रेसुङ्गा धार्मिक वन ।

२. वनको ठेगाना : साबिक तम्घास हाल रेसुङ्गा नगरपालिका गुल्मी ।

३. समूह दर्ता नं. : २/(२०५५/०५६) जिल्ला प्रशासन कार्यालय गुल्मी ।

४. आबद्धता नं. : २८३४८ समाज कल्याण परिषद ।

५. वनको सिमाना

पूर्व :- जामुनधारा र रेसुङ्गा पञ्चासे सामुदायिक वनको सिमाना, गोरेटो बाटो ।
पश्चिम :-रेसुङ्गा सामुदायिक वनको सिमाना, पधेराथरिको मूल र धोप्टेको खोल्सी हुदै खत्रीगाडे, नुनामारेबाट मोठ हुदै सिद्धथान परिको थुम्कोमा जाने गोरेटो बाटो ।
उत्तर :- गर्जुराबाट गौशाला जाने बाटो, शिवशक्ति सामुदायिक वनको सिमाना ।
दक्षिण :- मरङ्गाभाकीभिर सामुदायिक वनको सिमाना, माइती ओडार, तारेभिर, नेटाडाडा,खसुङ्ग गैरा ।

६. धार्मिक वनको क्षेत्रफल

धार्मिक वनले ओगटेको क्षेत्रफल १६५.१७ हेक्टर रहेको छ ।

७. वनमा पाइने मूख्य प्रजाति : खसु, बाँझ,गुरासअँगेरी, मौवा, काफल,सेरे कालीकाठ आदि ।

८. वनको समग्र अवस्था : मध्यम (यसै कार्ययोजनाको बुँदा नं. २.९ को आधारमा ।)

९. कार्ययोजना स्वीकृत मिति : २०६६/०२/२० गते ।

१०. कार्ययोजना नविकरण मिति :

१०.१ प्रथम पटक नविकरण मिति: २०७५/ / ।

११. बर्तमान रेसुङ्गा संरक्षण समितिको संरचना

| क.सं. | लिङ्ग | दलित | जनजाति | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | महिला | ० | ० | १ | १ |
| २ | पुरुष | ० | १ | ९ | १० |
| जम्मा | | ० | १ | १० | ११ |

१२. कार्ययोजना तयार गर्ने: श्री रेसुङ्गा संरक्षण समिति रेसुङ्गा नगरपालिका गुल्मी ।

१३. धार्मिक वनको कार्ययोजना तयार गर्न प्राविधिक सहयोग गर्ने

यो धार्मिक वनको कार्ययोजना तपसिलमा उल्लेखित वन प्राविधिकहरुको सहयोगमा सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०७१ र वन स्रोत सर्वेक्षण मार्गदर्शन २०६१ अनुसारका प्रक्रिया पुरा गरी वन ऐन २०४९ र वन नियमावली २०५१ को प्रतिकुल नहुने गरी तयार गरिएको छ भनि सहि छाप गर्ने

| क.सं. | नाम | पद | कार्यालयको नाम | दस्तखत | मिति |
|---|---|---|---|---|---|
| १ | पन्नालाल भट्टराई | स.व.अ. | तम्घास इ.व.का., गुल्मी | | |
| २ | ओम प्रकाश पाण्डे | फरेष्टर | तम्घास इ.व.का., गुल्मी | | |
| ३ | बाबुराम खनाल | वनरक्षक | तम्घास इ.व.का., गुल्मी | | |
| ४ | घनश्याम आचार्य | वन रक्षक | तम्घास इ.व.का., गुल्मी | | |

१४. संरक्षण समितिको तर्फबाट पेश गर्ने

| नाम | पद | दस्तखत | मिति |
|---|---|---|---|
| सुरेश चन्द्र भुसाल | अध्यक्ष | | |

१५. सेक्टर वन कार्यालयका तर्फबाट सिफारिस गर्ने

| नाम | पद | दस्तखत | मिति |
|---|---|---|---|
| होमनाथ सुवेदी | सेक्टर प्रमुख | | |

१६. कार्ययोजना स्वीकृत गर्ने

| नाम | पद | दस्तखत | मिति |
|---|---|---|---|
| कृष्णराज न्यौपाने | जिल्ला वन अधिकृत | | |

जिल्ला वन अधिकृत

**<u>धार्मिक वनको सिमाना</u>**

पूर्व-जामुनधारा र रेसुङ्गा पञ्चासे सामुदायिक वनको सिमाना, गोरेटो बाटो हो ।

पश्चिम-रेसुङ्गा सामुदायिक वनको सिमाना, पँधेराथरीको मूल र घोप्टेको खोल्सी हुँदै खत्रीगाडे, नुनामारेबाट मोठ हुँदै सिद्धस्थानपारिको थुम्कोमा जाने गोरेटो बाटो ।

उत्तर- गर्जुराबाट गोशाला जानेबाटो, शिवशक्ति सामुदायिक वनको सिमाना ।

दक्षिण- मरङ्गाझाँक्री भीर सामुदायिक वनको सिमाना, माइती ओडार, तारेभीर, नेटाडाँडा, खरसुङ गैरा ।

क्षेत्रफल- १६५.१७ हेक्टर

धार्मिक वन कायम भएको- मिति २०६६/०२/२०

नवीकरण भएको - २०७५/०४/०९

**<u>रेसुङ्गाको जैविक विविधता</u>**

***रेसुङ्गामा पाइने वन्यजन्तु -***

बाँदर, ढेँडुवा, चितुवा, मलसाप्रो, स्याल, फ्याउरो, राते, वनबिरालो, न्याउली बाघ, न्याउरी मुसा, दुम्सी, खरायो, लोखर्के, माउखाने आदि ।

***रेसुङ्गामा पाइने चराचुरुङ्गी -***

कौवा, ढुकुर, सुगा, कालिज, तित्रो, गौंथली, भँगेरो, गिद्ध, सुनगिद्ध, कोइली, बौंडाई, बाज, चिल, लाटोकोसेरो, चमेरो, भुद्रूङ, काल्चे, लामचे, काँडे भ्याकुर, लामपुच्छ्रे, जुरेली, न्याउली, फिस्टो, काकाकुलगायत २३७ प्रजातिका चराहरू ।

***रुख/बुटा -***

सल्लो, बाँझ, खर्सू, लालिगुराँस, ओखर, धुपी सल्लो, चिलाउनी, धार्ने, उत्तीस । चाँपो, पाङ्ग्रो, काउलो, अंगेरो, लाँकुरी, पाँकुरी, सेरे, अंगेरी, मलायागिरी, कालीकाठ, निगालो, मल्लातो, खिर्रो, रिठो आदि ।

***जडीबुटी -***

बाँको, वनगिठो, वन कुरिलो, ठोट्ने, टोप्रे, सिस्नो, चालने सिन्ने, कुकुरडाइनो, नागबेली, मजेटो, सुगन्धवाल, तितेपाती, वनमारा, बादलपाते, रुदिलो, पाषणभेद, टिमुर, वन मरौटी, बज्रदन्ती, दुबीसिन्की आदि ।

***किराफट्याङ्रा र सरीसर्प -***

सर्प जुका, लित, शंखेकिरा, खजुरी, गँड्याउला, चिप्लेकिरा, फट्याङ्रा, डाँस,

मच्छेड, छेपारो, गोहोरो, बनमौरी आदि ।

***फूलहरू –***

लालिगुराँस, पेउली, धाइरो, सुनाखरी आदि ।

***जलस्रोत –***

रेसुङ्गाका मूलहरूले वरिपरिका गाउँबस्तीहरूलाई पिउने पानी पुऱ्याएका छन् । रेसुङ्गा आफैमा जल-भण्डार हो । रेसुङ्गा वरिपरिका पालिकाहरू रेसुङ्गाकै पानीमा आश्रित छन् । रेसुङ्गामा सानाठूला गरी ३५० भन्दा बढी पानीका मूलहरू छन् । ती मूलहरूबाट आ–नो पयकक्षेत्र र आवश्यकताका आधारमा त्यहाँका बासिन्दाहरूले उपभोक्ता समिति गठन गरी पानीको उपभोगको व्यवस्था मिलएका छन् ।

**भावी योजना**

- समग्र रेसुङ्गालाई समेटी दीर्घकालीन रेसुङ्गा गुरुयोजना निर्माण गरी लागु गर्ने ।
- रेसुङ्गामा यज्ञशाला, गोशाला, पाठशाला, पाकशाला, योगशाला र धर्मशाला व्यवस्थित रूपमा सञ्चालन गर्ने ।
- रेसुङ्गालाई राष्ट्रकै नमूना ध्यानकेन्द्रको रूपमा विकास गर्ने ।
- रेसुङ्गाको आध्यात्मिक ऊर्जालाई जीवन्त राख्न धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- रेसुङ्गालाई धार्मिक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने ।
- रेसुङ्गाको महत्त्व देश विदेशमा पुऱ्याउन विभिन्न कार्यक्रमहरू ल्याउने ।

**अन्त्यमा,**

रेसुङ्गाको आफ्नै महत्त्व र अस्तित्व छ । तपस्थलीको रूपमा यसले आफ्नो पहिचान स्थापित गरेको छ । यो हामी सबैको धार्मिक आस्थाको केन्द्र बनेको छ । हामी सबैको जीवन जोडिएको रेसुङ्गामा हामी सबैले आस्था जोड्नुपर्छ र भरोसा गर्नुपर्छ । विकासको निहुँमा विनाश गर्ने परिपाटीको अन्त्य गरी रेसुङ्गाको आफ्नै मौलिकपनलाई बाचाइराख्न तपाईंहामी सबै सचेत हुनुपर्छ । हामी सबैले आ–आफ्नो जिम्मेवारी बोध गर्नुपर्छ ।

**सचिव**
**रेसुङ्गा संरक्षण समिति**
**तम्घास, गुल्मी ।**

ooo

लेख

# रेसुङ्गा उन्नयनखातिरको हुटहुटी

**✍बाबुराम पौडेल**



२०६० शिशिर मासको एक दिन गुल्मीका तत्कालीन प्रजिअ नेत्रप्रसाद शर्माले सदरमुकाम तम्घासका प्रतिष्ठित केही समाजसेवी,व्यापारी, तत्कालीन 'रेसुङ्गा संरक्षण समिति'का अध्यक्षसमेत सुरक्षा निकायका प्रमुखहरूलाई आफ्नो कार्यकक्षमा आमन्त्रण गर्नुभयो । अकस्मात् आमन्त्रणको रहस्योजागरमा उहाँ बोल्नुभो- " रेसुङ्गामा आन्तरिक र बाह्य पर्यटकको आकर्षण बढाउन सो क्षेत्रमा धार्मिक र पर्यटकीय स्वरूपका थप केही निर्माण र विकास गर्न रेसुङ्गादेखि रूरुक्षेत्रसमेतलाई समेटेर "रेसुङ्गा संरक्षण समिति" लाई बृहद्‌रूप दिई 'रेसुङ्गाक्षेत्र विकास समिति' बनाउने र तम्घासमा एउटा सप्ताह ज्ञान महायज्ञ लगाएर प्रारम्भिक कोष वनाउन वाचनशिरोमणि नारायणप्रसाद पोखेललाई आमन्त्रण गर्ने ।"

प्रस्ताव सुनेपछि आमन्त्रितहरू अन्यमनस्क हुनुभो, सायद बोल्ने अग्रसरता कसले लिने भनेर पो हो कि ? "हुन्छ गरौं" भन्नेतिर अधिकांशको मत रहेन । व्यवस्थापन गाह्रो हुने र दाताहरू कम रहेका कारण 'महायज्ञ आयोजनाको खर्च नै उठाउन सकिन्न कि' भन्नेतिर पो बहुमत देखियो ।

प्रजिअले पूर्वको एक जिल्लामा महयज्ञ सफल बनाएको अनुभव सुनाउँदा पनि आमन्त्रितहरूमा खासै उत्साह थपिएन । प्रजिअ भने महायज्ञ गर्ने नै हुटहुटीमा क्रियाशील रहनुभयो ।

पं. नारायणप्रसाद पोखेलसँग महायज्ञ आयोजनाको तिथि मिति तय गरेर आयोजक र उपसमितिहरू गठन गर्ने पहल गर्दासमेत स्थानीय केहीबाट अनिच्छा दर्शाइयो मात्र होइन कि यज्ञ सुरुहुनु हप्ता दिनअगाडि एउटा साप्ताहिक पत्रिकामा नकारात्मक सामग्री छापियो ।

मण्डप निर्माणमा सुरक्षा निकायहरूले समेत स्वयंसेवा गरे ।

यज्ञ सुरू भएको दोस्रो साँझ हावाहुरीसहितको पानीले पाण्डाल ढाल्यो, मण्डपमा क्षति भयो ।

अर्को बिहान २ घण्टाभित्रै नेपाली सेना र प्रहरी खटेर यज्ञ मण्डप दुरूस्त पारे ।

स्थानीय जनतामा उत्साह थपियो । तेस्रो दिनबाट दाताहरू आउन थाले । जिल्लाका गा.वि.स. हरू मात्र नभएर छिमेकी जिल्लाबाट समेत श्रद्धालुहरू ओइरिन थाले ।

नारायण गुरूको मन्त्रमुग्ध वाचनकला र सुमधुर संगीतसहितको भजन नृत्यले मान्छेका मनहरू तापक्रमले हिउँ पग्लेसरी हुन थाले । तेस्रो दिनबाट दाताहरूको प्रतिस्पर्धा नै हुन थाल्यो । सातौं दिनसम्म खर्च कटाएर ३१ लाख बचत भएको हिसाब निस्कियो ।

जम्मा भएको नगद रेसुङ्गा संरक्षण समितिको खातामा राखियो र भौतिक निर्माणसमेत पछि दिने भनी दाताले कबोल गरेको हिसाब विवरण रेसुङ्गा संरक्षण समितिको जिम्मा लगाइयो । साबिकको "रेसुङ्गा संरक्षण समिति" लाई पुनर्गठन गरेर रेसुङ्गादेखि रूरूक्षेत्रसमेत एउटै पकेटमा हालेर जिल्ला स्तरकै " रूरू-रेसुङ्गाक्षेत्र विकास समिति" बनाउने परिकल्पना गरेर जिविसका तत्कालीन इन्जिनियर भीमार्जुन पाण्डेको संयोजकत्वमा ' गुरु योजना निर्माण' को काम अगाडि बढ्यो ।

'महायज्ञबाट संकलित रकम खर्चेर खानीगाउँदेखि रेसुङ्गासम्म डोजर हालेर बाटो खनौं' भन्ने प्रस्ताव लिएर आउनुभयो एक दिन रेसुङ्गा सरक्षण समितिका अध्यक्ष रुद्रबहादुर भुजेलसमेतका केही स्थानीय अगुवाहरू । "रेसुङ्गामा डोजर चलाइयो भने वातावरणीय हिसावले प्रत्युत्पादक हुनेछ, रेसुङ्गा वोरिपरिका साबिकका १४ गा. वि. स. मा जाने पिउने पानीका मूलहरू खल्बलिने छन्" भनेर प्रजिअले ठाडै अस्वीकार गर्नुभयो ।

कार्यालय प्रमुखहरूको मासिक बैठकमा एक पटक मैले रेसुङ्गाबारे एउटा उट्पट्याङ्ग कुरा उठाएँ--

"रेसुङ्गा आसपासका १४ गा. वि. स. र अर्घाखाँचीका ३/४ गा.वि.स. लाई प्रत्येक वार्डको नाममा रेसुङ्गाका उपयुक्त स्थान छानेर एउटा/ एउटा पोखरी खन्न १ दिनका लागि श्रमदान गर्न बोलाउने र महायज्ञबाट संकलित रकमबाट खाना खाजा खुवाउने । यसो गर्दा रेसुङ्गाको डाँडा खोल्सा पाखामा १५० जति नयाँ पोखरी खनिनेछन् र वर्षाको पानी संकलित भै रिचार्ज भएर पानीका मूलहरू बढ्नेछन्

स्थायी प्रकृतिका हुनेछन् । श्रमदान गर्न आउनेले 'धर्म गरेको सम्झनेछन् । कर्मचारी मिलन केन्द्रको कोष र जिल्लाका सबै कर्मचारीको १ दिनको तलब उठाएर एउटा सुन्दर पोखरी बनाउने ।"

मेरो प्रस्ताव गम्भीरतापूर्वक लिइएन सायद ।

सरकारी कर्मचारी सधै एउटै जिल्लामा नरहने भएकाले प्रजिअ र महायज्ञमा तदारूकताका साथ खटेका जिल्लाका अन्यान्य कर्मचारीहरू पनि सरूवा भएर गए ।

पछि सुनियो कि, महायज्ञमा संकलित रकम खानीगाउँबाट रेसुङ्गा बाटो लग्न डोजर हाल्ने काममा खर्च गरियो । यो सत्य हो होइन थाहा भएन, तर गर्जुराभन्दा माथि रेसुङ्गा महापोखरीसम्म मोटरबाटो पुऱ्याउनु वातावरणीय दृष्टिकोणले महाभूल हो । जसको पहलमा बाटो लगियो त्यो राम्रो काम भएन । हुन्छ भने गर्जुराभन्दा माथि मोटर जान बन्द गरौं । पैदल पदमार्गहरू सिंडी वा अझ धागिथुमबाट रेसुङ्गा चुली सम्म केबुलकार लगे बरू आन्तरिक र बाह्य पर्यटक तान्न उपयुक्त हुनेछ ।

एक रात बिताएर खर्च गर्न जाने सौखिनलाई निरुत्साहित गर्न पौवा होटेल पनि खै किन हो केही अघि हटाइएछ क्यारे ?

निःशुल्क रूपमा झारफुक पारेर रोग निको बनाएको आँखोदेखा प्रमाण हुँदा पनि एकजना सज्जनलाई रेसुङ्गाबाट प्रशासन लगाएर लखेटिएको सुनियो पोहोर । खै त्यताका केही मान्छे किन सकारात्मकता अँगाल्न गाह्रो मान्छन् कुन्नि ?

सदरमुकाम तम्घास र आसपासका हज्जारौं लाखौं (सायद अर्वाचीन कालको मानव समेत करोडौं प्राणी) लाई बास बनाउने काठ, घाँस, दाउरा, पिउने पानीसमेत दिएर जीवन चलाएको रेसुङ्गा एउटा पहाड मात्र होइन कि जीवन जियाउने कामधेनु पर्वत हो ।

यस पवित्र गिरिको संरक्षण खातिर पर्यापर्यटन प्रकृतिले विकासको प्रारूप कार्यान्वयन गर्न रेसुङ्गा जलाधारमुनिका प्रत्येक मान्छे संवेदनशील रहनु आफ्ना पितृप्रतिको ऋणमुक्ति र परमार्थको सत्कर्म हुनेछ ।

**हाल – शंकरनगर, रूपन्देही ।**

**०००**

लेख

# रेसुङ्गाको इतिहास बोक्दै मुरालहरू भन्छन् : "जाऊँ हिड रेसुङ्गा"



✍अधिवक्ता रमेशजङ्ग कुँवर

"जो लेख्छन्, उनीहरू मात्र इतिहास बनाउँछन्; बाँकीहरू समयका पानामा हराउँछन् । "यो भनाइले इतिहास लेखनको महत्त्वलाई संकेत गर्छ । तर इतिहास केवल लिखित अभिलेखबाट मात्र निर्माण हुँदैन; यो मानिसहरूको स्मृति, अनुभव, जनविश्वास र मौखिक परम्परामा पनि जीवित रहन्छ । यही दृष्टिकोणलाई विश्वसामु स्थापित गर्ने प्रमुख व्यक्तित्वमध्ये अमेरिकी लेखक Alex Haley अग्रणी मानिन्छन् ।

उनी आफ्नो चर्चित कृति Roots (१९७६) तयार गर्ने क्रममा अफ्रिकाको गाम्बियासम्म पुगे । त्यहाँ उनले स्थानीय ज्येष्ठ नागरिकबाट पुस्तौँदेखि हस्तान्तरण हुँदै आएका मौखिक वंशावली, कथाहरू र सामूहिक स्मृतिहरू सङ्कलन गरे तथा तिनलाई उपलब्ध ऐतिहासिक अभिलेखसँग तुलना गर्दै आफ्ना पुर्खाहरूको इतिहास पुनर्निर्माण गरे । यस अनुसन्धानले इतिहास केवल राजा, युद्ध, शासन व्यवस्था वा सरकारी अभिलेखमा मात्र सीमित नहुने, बरू सामान्य मानिसहरूको जीवन, अनुभव र स्मृतिमा पनि सुरक्षित रहने तथ्यलाई विश्वसामु स्थापित गर्‍यो । त्यसपछि मौखिक इतिहास ( Oral History) इतिहास अनुसन्धानको एक महत्त्वपूर्ण र स्वीकृत विधाका रूपमा विकसित भयो ।

Alex Haley को यही अनुसन्धान पद्धतिले मलाई रेसुङ्गाको इतिहास सङ्कलन गर्दै मुराल (भित्ते चित्र)हरू डिजाइन गर्न प्रेरित गरेको हो । रेसुङ्गासम्बन्धी ऐतिहासिक मुरालको अवधारणा निर्माण गर्दा पनि मौखिक इतिहासको यही महत्त्व स्पष्ट रूपमा अनुभूत हुन्छ । यहाँका धेरै ऐतिहासिक तथ्यहरू स्थानीय ज्येष्ठ नागरिक, पुजारी, साधुसन्त, जनश्रुति, धार्मिक परम्परा तथा सांस्कृतिक अभ्यासमार्फत पुस्तान्तरण हुँदै

आएका छन् । समयक्रममा यिनैमध्ये धेरै तथ्यहरू लिखित अभिलेख, पुरातात्त्विक प्रमाण तथा विभिन्न अनुसन्धानबाट समेत पुष्टि भएका छन् । त्यसैले रेसुङ्गालाई बुझ्न केवल पुस्तक अध्ययन मात्र पर्याप्त हुँदैन; यसको भूगोल, संस्कृति, लोकविश्वास, धार्मिक परम्परा र मौखिक इतिहासलाई पनि समान रूपमा अध्ययन गर्नु आवश्यक हुन्छ ।

## रेसुङ्गा नगरपालिकाको गौरवयोजना : "जाऔँ हिड रेसुङ्गा"

रेसुङ्गा नगरपालिकाको गौरवको योजना अन्तर्गत रहेको "जाऔँ हिड रेसुङ्गा" जसका अवधारणाकार स्थानीय युवा राजनीतिकर्मी सुदर्शन खनाल हुन् । कार्यक्रमलाई अझ प्रभावकारी रूपमा अगाडि बढाउने उद्देश्यका साथ रेसुङ्गा नगरपालिकाले वडा नं. ८ का वडाध्यक्ष निरन्जन थापाको संयोजकत्वमा मुराल (भित्तेचित्र) कार्यक्रम अगाडि बढ्यो । कार्यक्रमलाई अझ राम्रो गराउन के गर्न सकिन्छ भन्ने प्रश्नको उत्तरमा मैले "हामीहरूले बनाउने मुरालहरू केवल सुन्दरतासँग मात्र जोडिनु हुँदैन, यसमा हामीहरूले रेसुङ्गासँग जोडिएको गर्विलो इतिहासलाई जोड्न सक्यौं भने यो अत्यन्तै सान्दर्भिक हुन्छ र यसको महत्त्व सुनमा सुगन्ध जस्तै हुनेछ" भन्ने प्रस्ताव राखें । साथै यसले आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्ने, तम्घासमा आएका पाहुनाहरूलाई रेसुङ्गासँग जोडिएका धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक महत्त्व बोकेका स्थलहरूमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्ने र हाम्रा आउने पुस्ताहरूको लागि पनि जीवन जिउने आधार तयार गर्न सकिने विश्वास व्यक्त गरें ।

मेरो प्रस्तावपछि नगरप्रमुख, उपप्रमुख, वडाध्यक्षहरू, इतिहासका जानकारहरू, बौद्धिक वृत्तहरू र अन्य सरोकारवालाहरूले यस कुरामा सहमति जनाउँदै रेसुङ्गासँग जोडिएको इतिहासलाई जोड्दै मुरालको डिजाइन तयार गर्ने जिम्मा मलाई दिइयो । करिब एक महिनासम्म गरिएको स्थलगत भ्रमण, आप्तवचन प्रमाण, लिखित-मौखिक, प्रकाशित-अप्रकाशित इतिहासका आधारमा रेसुङ्गासँग सम्बन्धित धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक महत्त्व बोकेका स्थलहरूको डिजाइन तयार गरी चरणबद्ध रूपमा प्रस्तुत गरिएको थियो । अहिलेसम्म ऋष्यशृङ्ग, यज्ञशाला, रेसुङ्गा-अयोध्या सम्बन्ध, रामकुवा, सावने आश्रम, अर्जुन डाँडा, रेसुङ्गा पोखरी, गरुडस्थान, विष्णुपादुका-शिवालय तथा सिद्धस्थानसँग सम्बन्धित करिब एक दर्जन मुरालका डिजाइनहरूले रेसुङ्गा नगरपालिकाका विभिन्न सार्वजनिक भित्ताहरू सजिइसकेका छन् ।

## मुराल डिजाइनसँग जोडिएको इतिहास

**महर्षि ऋष्यशृङ्ग :** रेसुङ्गाको नामकरणसँग सम्बन्धित विभिन्न किंवदन्ती तथा

जनश्रुतिहरू प्रचलित छन् । तीमध्ये सबैभन्दा प्रामाणिक र व्यापक रूपमा स्वीकार गरिएको मान्यता महर्षि ऋष्यशृङ्गसँग सम्बन्धित छ । धार्मिक ग्रन्थ, स्थानीय जनविश्वासका अनुसार विभाण्डक ऋषिका पुत्र महर्षि ऋष्यशृङ्गले लामो समय रेसुङ्गाक्षेत्रमा तपस्या गरेका थिए । उनको निधारमा सिङ (शृङ्ग) जस्तो आकृति भएको हुनाले उनलाई "ऋष्यशृङ्ग" भनिएको उल्लेख पाइन्छ । समयक्रममा ऋष्यशृङ्ग → ऋस्यशृङ्ग → रिसुङ्ग → रेसुङ्गा हुँदै यस क्षेत्रको नाम "रेसुङ्गा" रहन गएको विश्वास गरिन्छ ।

वाल्मीकि रामायणका अनुसार अङ्गदेश, जहाँ सूर्यपुत्र कर्णको राज्य रहेको मानिन्छ, त्यहाँ भीषण अनावृष्टि भएपछि महर्षि ऋष्यशृङ्गलाई आमन्त्रण गरिएको थियो । उनको आगमन र तपोबलका कारण वर्षा भई खडेरी अन्त्य भएको धार्मिक विश्वास पाइन्छ । त्यसपछि अर्को प्रसंग अयोध्याका राजा दशरथले पुत्रप्राप्तिको कामनासहित सम्पन्न गरेको पुत्रेष्टि महायज्ञको प्रमुख आचार्यका रूपमा पनि महर्षि ऋष्यशृङ्गले नै नेतृत्व गरेका थिए । धार्मिक मान्यताअनुसार सोही यज्ञको पुण्यफलस्वरूप भगवान् राम, लक्ष्मण, भरत र शत्रुघ्नको जन्म भएको वर्णन रामायणमा पाइन्छ ।

यस पौराणिक सम्बन्धले रेसुङ्गालाई महाभारत र रामायणकालीन धार्मिक परम्परासँग प्रत्यक्ष रूपमा जोड्ने आधार प्रदान गर्दछ । त्यसैले रेसुङ्गा केवल स्थानीय आस्थाको केन्द्र मात्र नभई हिन्दू सभ्यता, वैदिक परम्परा र ऋषि संस्कृतिसँग गाँसिएको महत्त्वपूर्ण पौराणिक तथा सांस्कृतिक धरोहरका रूपमा स्थापित भएको देखिन्छ । यही ऐतिहासिक-धार्मिक पृष्ठभूमिलाई जीवन्त रूपमा प्रस्तुत गर्न महर्षि ऋष्यशृङ्गको मुराल निर्माण गरिएको हो, जसले रेसुङ्गाको उत्पत्ति, आध्यात्मिक परम्परा र सांस्कृतिक पहिचानलाई दृश्यात्मक रूपमा अभिव्यक्त गर्दछ ।

**यज्ञशाला** : रेसुङ्गाको धार्मिक, आध्यात्मिक तथा सांस्कृतिक जीवनको केन्द्रका रूपमा यज्ञशाला विशेष महत्त्व राख्दछ । रेसुङ्गाको मध्यभागमा अवस्थित यो यज्ञशाला वि.सं. १९८३ मा तपस्वी यदुकानन्द स्वामीको पहलमा निर्माण गरिएको हो । काठमाडौँको कालिमाटी निवासी यदुकानन्द स्वामी वि. सं. १९८३ मा रेसुङ्गा आएर तपस्यामा लीन भएका थिए र वि.सं.  २०२१ सम्म रेसुङ्गाको धार्मिक नेतृत्व गरेका थिए । उनको आगमनले रेसुङ्गाको धार्मिक पुनर्जागरणमा नयाँ अध्यायको सुरूवात भएको मानिन्छ ।

यदुकानन्द स्वामीले तामाको पाताले छाएको आकर्षक यज्ञशाला तथा राधाकृष्ण मन्दिर निर्माण गराएका थिए । परम्परागत नेपाली पेगोडा शैलीमा निर्मित यज्ञशालाको सुनौलो गजुर, तामाको छाना र यसको केन्द्रमा रहेको हवनकुण्ड विशेष आकर्षणका रूपमा रहेका छन् । हवनकुण्डमा निरन्तर प्रज्वलित रहने अग्नि सनातन धर्ममा शाश्वत श्रद्धा, वैदिक परम्परा र आध्यात्मिक ऊर्जाको प्रतीक मानिन्छ ।




ऐतिहासिक तथ्य र जनविश्वासका अनुसार प्रभु यदुकानन्दले जुद्ध शमशेरलाई लागेको ठूलो रोग निको पार्न रेसुंगामा रहेका जडिबुटीद्वारा औषधि तयार गरी पठाएको, र त्यसबाट उनी निको भएको विश्वास गरिन्छ । साथै, उहाँले पठाएको पत्रमा "आजका दिनदेखि ३६ दिनमा तपाईं राजगद्दीमा बस्नुहुनेछ" भन्ने भविष्यवाणी उल्लेख रहेको र सोही अनुसार वि. सं. १९८९ भदौ १७ गते जुद्ध शमशेर राजगद्दीमा आसीन भएको घटनाले प्रभु यदुकानन्दसंग वैज्ञानिक, चमत्कारिक तथा दैवी शक्ति भएको कुरा प्रष्ट पार्दछ । जुद्धशमशेर श्री ३ महाराज बनेपछि उनी यदुकानन्द स्वामीप्रति अझ बढी श्रद्धावान् बनेका थिए । उनले यदुकानन्दलाई परोक्षदर्शी त्रिकालविद् महायोगी मान्थे । उनलाई काठमाडौं सिंहदरबारमा झिकाई भगवान् श्रीकृष्ण सम्मान दिएका थिए । यसका साथै महाप्रभु को उपाधि दिएका थिए । यो समयमा रेसुङ्गाप्रति राज्यको विशेष संरक्षण

र सहयोग बढेको देखिन्छ । त्यस अवधिमा रेसुङ्गालाई "दोस्रो सिंहदरबार"को उपमा समेत दिइएको पाइन्छ, जसले यसको धार्मिक तथा वैचारिक प्रभावलाई स्पष्ट रूपमा प्रतिबिम्बित गर्दछ ।

तर, राणाशासनको अन्त्यसँगै रेसुङ्गाले राज्यबाट प्राप्त संरक्षण र आर्थिक सहयोग गुमाउन थाल्यो । सहयोग कटौती हुनुका साथै आश्रमको आर्थिक हिसाब-किताब खोज्न थालेपछि यदुकानन्द स्वामीले असन्तुष्टि व्यक्त गर्दै वि. सं. २०११ मा आश्रम परिसरका अधिकांश भवनहरूमा आगो लगाएका थिए । यो घटना रेसुङ्गाको इतिहासमा एक अत्यन्त दुःखद तथा संवेदनशील मोडका रूपमा स्मरण गरिन्छ ।

**सिद्धस्थान मन्दिर** : सिद्धस्थान मन्दिर रेसुङ्गाक्षेत्रको सबैभन्दा प्राचीन तथा ऐतिहासिक धार्मिक स्थल मानिन्छ । रेसुङ्गाको शिखरमा अवस्थित यो मन्दिर प्राचीन कालदेखि नै स्थानीय समुदायको आस्था र विश्वासको केन्द्रका रूपमा स्थापित हुँदै आएको छ । धार्मिक परम्पराअनुसार यहाँ बालसिद्ध (भगवान् शिवको सिद्धरूप) को पूजा गरिन्छ । स्थानीय जनविश्वासमा सिद्धको प्रतीकात्मक रूपमा शिव र बाघ दुवैको आराधना गरिने परम्परा रहेको पाइन्छ ।



रेसुङ्गा आसपासका बासिन्दाहरूले मन्दिरमा विशेष गरी दूध र घिउ चढाउने परम्परा आज पनि निरन्तर रूपमा चलिरहेको छ । स्थानीय विश्वासअनुसार यसरी पूजा-अर्चना गर्दा दुधारु पशुहरू स्वस्थ र उत्पादनशील रहने तथा

वन्यजन्तु, विशेषगरी बाघबाट हुने सम्भावित क्षतिबाट संरक्षण प्राप्त हुने विश्वास गरिन्छ । यसले सिद्धस्थानलाई धार्मिक आस्थासँगै स्थानीय पशुपालन संस्कृति र प्रकृतिसँगको सहअस्तित्वको प्रतीकका रूपमा पनि स्थापित गरेको छ ।
सिद्धस्थान मन्दिरको नजिकै रहेको झाँक्री मन्दिर पनि स्थानीय धार्मिक परम्पराको अभिन्न अङ्ग हो । विशेषतः श्रावण महिनामा यहाँ परम्परागत विधिअनुसार पूजा–आराधना तथा पशुबलि दिने चलन रहिआएको छ, जसले यस क्षेत्रको लोकविश्वास र सांस्कृतिक परम्परालाई निरन्तरता दिएको छ ।

**गरुडस्थान** रेसुङ्गामा अवस्थित गरुडस्थान, जहाँ गरुडले समुद्र मन्थनको क्रममा निस्किएको अमृत असुर शक्तिहरूबाट जोगाउन अमृतको घडा लिएर उड्ने क्रममा अमृतको थोपा त्यस स्थानमा झरेको जनविश्वास छ । यसको इतिहास कुम्भमेलासँग जोडिन्छ । कुम्भ भनेको घडा, वा गाग्रो भन्ने बुझिन्छ । साहित्य पुनरावलोकनको आधारमा कुम्भ मेला आरम्भको कथा समुद्र मन्थन गर्दा उत्पन्न अमृतको घडा/गाग्रो (कुम्भ) का लागि देवता र दानवहरूबीच युद्ध भएको पौराणिक प्रसङ्गसँग जोडिएको छ ।




अमृत पिएर अमर हुन पाउने लोभमा देवासुर सङ्ग्राम भयो । असुरबाट अमृत जोगाउन गरुडले अमृतको घडा लिएर युद्धभूमिबाट उड्ने क्रममा जुन जुन ठाउँमा अमृतका थोपाहरू खसे, त्यो ठाउँमा कुम्भ मेला लाग्ने गर्दछ । कुम्भ मेला हिन्दु धर्मावलम्बीहरूको एक महान् स्नान पर्व हो । यो पर्व पृथ्वीमा जम्मा १२ स्थानमा लगाउन सकिने कुरा शास्त्रहरूले इङ्गित गरेका भए पनि हालसम्म

जम्मा ५ वटा स्थान मात्र पत्ता लागिसकेका छन् । ती ५ स्थान इलाहाबाद (प्रयागराज उत्तर प्रदेश), उज्जैन (मध्य प्रदेश), नासिक (महाराष्ट्र), हरिद्वार (उत्तराखण्ड), र चतराधाम (बराहक्षेत्र, सुनसरी, नेपाल) हुन् । ती ५ स्थानमध्ये भारतका ४ ठाउँमा प्रत्येक ३-३ वर्षको अन्तरालमा लाग्छ भने १ कुम्भ स्थल नेपालमा पर्दछ । रेसुङ्गामा अवस्थित गरुडस्थानको महत्त्वका बारेमा गहिरो अनुसन्धान गरी अभ्यासमा ल्याउने हो भने रेसुङ्गालाई पनि कुम्भ मेला लाग्ने अर्को स्थलका रूपमा स्थापित गर्न सकिने सम्भावना प्रशस्त रहेको देखिन्छ ।
धार्मिक आधार र जनविश्वास अनुसार समुद्रमन्थनबाट प्राप्त अमृत लिएर भगवान् विष्णुका वाहन गरुड उडिरहेको बेला अमृतको एक थोपा यस पर्वतको गरुडस्थानमा खसेको थियो । त्यसै कारण यो पर्वत देवताहरूको प्रियस्थल भई 'देवगिरि' नामले प्रसिद्ध भएको पनि विश्वास गरिन्छ । त्यस्तै, सत्ययुगमा पृथ्वी जलमग्न हुँदा भगवान् विष्णुले वराह अवतार धारण गरी पृथ्वीको उद्धार गरेका थिए । सो क्रममा उहाँका शरीरबाट खसेका पसिनाका थोपा रेसुङ्गाको कामदागिरि क्षेत्रमा जम्मा भई आजको रेसुङ्गा सरोवर (पोखरी) बनेको धार्मिक मान्यता पनि प्रचलित छ । यस्ता पौराणिक कथाहरूले रेसुङ्गालाई वैदिक तथा पुराणकालीन धार्मिक परम्परासँग गहिरो रूपमा जोड्दछन् ।

**विष्णुपादुका :** विष्णुपादुका रेसुङ्गाका महान् तपस्वी स्वामी शशिधरको समाधिस्थलका रूपमा अत्यन्त श्रद्धापूर्वक स्मरण गरिन्छ । स्वामी शशिधर रेसुङ्गाका पहिलो परिचित तपस्वी, दार्शनिक, कवि, लेखक तथा समाज सुधारकका रूपमा चिनिन्छन् । उनले मार्भाषा, सच्चिदानन्द लहरी, योगधारण विधि, बाणोपनिषद्लगायतका महत्त्वपूर्ण ग्रन्थहरूको रचना गरेका थिए । साथै, उनले स्थापना गरेको 'जोसमनि सम्प्रदाय' नेपालबाट दक्षिण एसियाका विभिन्न भागसम्म फैलिएको धार्मिक-दार्शनिक आन्दोलनका रूपमा परिचित छ । स्वामी शशिधरले जातीय छुवाछूत, सामाजिक विभेद तथा लैङ्गिक असमानताविरूद्ध वैचारिक अभियान सञ्चालन गरी समाज सुधारमा उल्लेखनीय योगदान दिएका थिए । स्वामी शशिधर केवल धार्मिक व्यक्तित्व मात्र थिएनन् उनी नेपालको राजनीतिक तथा बौद्धिक इतिहासका पनि महत्त्वपूर्ण पात्र थिए । ऐतिहासिक स्रोतहरूका अनुसार उनी श्री ५ वडामहाराजधिरज पृथ्वीनारायण शाहका सल्लाहकार, कूटनीतिक प्रतिनिधि तथा राजदूतका रूपमा कार्यरत थिए । उनले ल्हासा, कलकत्ता, पटना, काशी तथा दिल्लीजस्ता महत्त्वपूर्ण स्थानहरूमा नेपालको प्रतिनिधित्व गरेको उल्लेख पाइन्छ ।

वि.सं. १९०६ मा उनको देहावसान भएपछि रेसुङ्गाको यही सर्वोच्च शिखरमा अन्त्येष्टि गरिएको थियो । स्वामी शशिधरको निधनपछि उनका पुत्र तथा

उत्तराधिकारी आबाल ब्रह्मचारी महाप्रभु लक्ष्मीनारायण स्वामीले आफ्ना पिताको स्मृतिमा यसै स्थानमा विष्णुपादुका मन्दिर निर्माण गराएका थिए । मन्दिर निर्माणमा पश्चिम नेपालका तत्कालीन अर्घाखाँचीका जर्नेल ललितजङ्ग जङ्गबहादुर राणाको महत्त्वपूर्ण सहयोग रहेको उल्लेख पाइन्छ ।




**शिवालय मन्दिरहरू** शिवालय मन्दिरहरू रेसुङ्गाको प्रमुख धार्मिक तथा आध्यात्मिक पूजास्थलहरू हुन् । रेसुङ्गाको टापु र सावनी क्षेत्रमा अवस्थित यी मन्दिरहरूले रेसुङ्गाको धार्मिक परम्परा, तपस्या संस्कृति र आध्यात्मिक इतिहासलाई जीवन्त रूपमा प्रतिनिधित्व गर्दछन् । यो शिवालय विशेष गरी आबाल ब्रह्मचारी महाप्रभु लक्ष्मीनारायण स्वामीको जीवन, योगदान र स्मृतिसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ ।

आबाल ब्रह्मचारी महाप्रभु लक्ष्मीनारायण स्वामी रेसुङ्गाका प्रसिद्ध तपस्वी स्वामी शशिधरका पुत्र तथा उत्तराधिकारी थिए । स्थानीय जनविश्वासअनुसार उनी असाधारण आध्यात्मिक शक्तिसम्पन्न तपस्वी थिए । पश्चिम नेपालका तत्कालीन अर्घाखाँचीका जर्नेल ललितजङ्ग जङ्गबहादुर राणाले उनलाई अत्यन्त श्रद्धाका साथ सम्मान गर्दै "महाप्रभु"को उपाधि प्रदान गरेका थिए । जनश्रुतिअनुसार उनी महाप्रभुलाई ईश्वरीय व्यक्तित्वका रूपमा मान्ने गर्दथे र उहाँसँग अलौकिक आध्यात्मिक शक्ति रहेको विश्वास गरिन्थ्यो ।

महाप्रभु लक्ष्मीनारायण स्वामीको हिउँदे आश्रम रेसुङ्गाको पूर्वोत्तर दिशामा अवस्थित सावनी क्षेत्रमा रहेको थियो । त्यहाँ हनुमान मन्दिर, फलफूलका बगैँचा, साधक-


भक्तहरूको आवास तथा आश्रमका अन्य संरचनाहरू रहेका थिए । यद्यपि समयक्रममा ती संरचनाहरू भग्नावशेषमा परिणत भएका छन्, आज पनि तिनका अवशेषहरू रेसुङ्गाको समृद्ध धार्मिक इतिहासको साक्षी बनिरहेका छन् ।



वि.सं. १९३९ मा महाप्रभु लक्ष्मीनारायण स्वामीको देहावसान भएपछि उनका परमभक्त जर्नेल ललितजङ्ग जङ्गबहादुर राणा अत्यन्त भावविह्वल भएका थिए । उनले तत्कालीन प्रधानमन्त्री रणोद्वीपसिंह राणाको स्वीकृतिपछि राजकोषबाट उपलब्ध गराइएको आर्थिक सहयोगबाट महाप्रभुको मृत्युस्थल (सावनीक्षेत्र) र दाहसंस्कार गरिएको स्थान (रेसुङ्गाको शिखर) मा शिवालयहरू निर्माण गराएका थिए । साथै, यी धार्मिक संरचनाको दीर्घकालीन संरक्षण तथा नियमित पूजाआजाका लागि अर्घाखाँचीको "चौवा" क्षेत्रमा करिब रु. ३,००० मूल्य बराबरको कृषिभूमि खेत खरिद गरी गुठी स्थापना गरिदिएका थिए । त्यसैगरी, रूपाकोटकी एक श्रद्धालु भागीरथाले हनुमान मन्दिरको पूजाआजाका लागि छुट्टै गुठीको व्यवस्था गरेकी थिइन् । यी कार्यहरूले रेसुङ्गामा धार्मिक संस्थागत व्यवस्थापनको परम्परालाई दर्साउँछ ।

महाप्रभु लक्ष्मीनारायण स्वामीको अर्को उल्लेखनीय योगदान रेसुङ्गाको महापोखरी निर्माण हो । स्थानीय जनसहयोगबाट निर्माण गरिएको यस पोखरीमा उनले

आर्यावर्तका विभिन्न पवित्र तीर्थस्थलबाट जल तथा बालुवा ल्याई समावेश गराएका थिए । यस कारण महापोखरीलाई विभिन्न तीर्थस्थलहरूको आध्यात्मिक सार समेटिएको पवित्र तिर्थस्थलका रूपमा श्रद्धापूर्वक मान्ने परम्परा आज पनि जीवित छ ।



**प्राकृतिक सम्पदा, जैविक विविधता र अनुसन्धानको केन्द्रका रूपमा रेसुङ्गा**

रेसुङ्गा धार्मिक तथा ऐतिहासिक महत्त्वका साथै प्राकृतिक सम्पदा र जैविक विविधताले पनि समृद्ध क्षेत्र हो । यहाँ सुगन्ध कोकिला, चिराइतो, पाषाणभेद, कन्टकारी र जटामासी जस्ता बहुमूल्य औषधीय जडीबुटी पाइन्छन्, जसको आयुर्वैदिक उपचारमा विशेष महत्त्व रहेको कुरा प्रभु यदुकानन्दले जुद्ध शमशेरलाई लागेको ठूलो रोग निको पारेको कुराले पनि प्रष्ट पार्दछ । साथै, रेसुङ्गाको वनक्षेत्रमा काडेभ्याकुर, चित्तल, मृग, बँदेल, चितुवा, न्याउली, काँडेभ्याकुर तथा लोपोन्मुख गिद्ध लगायतका वन्यजन्तु र चराचुरुङ्गीहरूको वासस्थान रहेको छ । यसले रेसुङ्गालाई धार्मिक तथा पर्यावरणीय पर्यटन (Ecotourism) दुवैका लागि महत्त्वपूर्ण गन्तव्य बनाएको छ ।

फ्रान्सेली मानवशास्त्री Philippe Ramirez द्वारा सम्पादित Resunga: The Mountain of the Horned Sage (२०००) ले रेसुङ्गालाई केवल धार्मिक तीर्थस्थलका रूपमा नभई इतिहास, मानवशास्त्र, समाज, वातावरण र स्थानीय

संस्कृतिको समन्वित अध्ययनको केन्द्रका रूपमा प्रस्तुत गरेको छ । यस अनुसन्धानले रेसुङ्गालाई अन्तर्राष्ट्रिय स्तरमा जीवित सांस्कृतिक परिदृश्य (Living Cultural Landscape) तथा महत्त्वपूर्ण अनुसन्धानको विषयका रूपमा स्थापित गरेको छ ।

मेरो बाल्यकालमा स्वर्गीय बुबा भेषबहादुर कुँवर "प्रयासी" बाट सुनेका मौखिक इतिहासका कथाहरूले नै यस अनुसन्धान यात्राको बीजारोपण गरेका हुन् । ती कथाहरूलाई पछ्याउँदै, विभिन्न स्थानहरूको स्थलगत अध्ययन, आप्तवचन प्रमाणहरूको सङ्कलन तथा ऐतिहासिक अभिलेखहरूको अध्ययन गर्दै जाँदा समयको प्रवाहसँगै ओझेलमा पर्न थालेका रेसुङ्गाका धेरै गौरवपूर्ण इतिहास पुनः उजागर गर्न सकिने सम्भावना मैले अनुभव गरेको छु । यस क्रममा मौखिक इतिहासको महत्त्वलाई उजागर गर्ने बभिह ज्बभिथ का विचारले मौखिक परम्परालाई लिखित इतिहाससँग जोड्ने प्रेरणा प्रदान गरेको छ ।

आज पनि हाम्रो समाजमा कैयौँ ऐतिहासिक तथ्य, जनश्रुति, लोककथा र सामूहिक स्मृतिहरू ज्येष्ठ नागरिकहरूको स्मृतिमा सुरक्षित छन् । यदि यिनको समयमै अभिलेखीकरण र अनुसन्धान हुन सकेन भने पुस्तौँदेखि एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएका यी अमूल्य मौखिक सम्पदाहरू समयसँगै लोप हुनेछन् । त्यससँगै हाम्रो इतिहासका धेरै महत्त्वपूर्ण अध्यायहरू पनि सधैँका लागि हराउन सक्छन् ।

यसर्थ, इतिहासप्रति रुचि राख्ने व्यक्ति, अनुसन्धानकर्ता, स्थानीय समुदाय, शैक्षिक संस्था तथा राज्यका सम्बन्धित निकायहरूले मौखिक इतिहासको खोज, संरक्षण, अभिलेखीकरण र प्रकाशनमा विशेष ध्यान दिनु आवश्यक छ । इतिहासको संरक्षण गर्नु भनेको केवल विगतलाई जोगाउनु मात्र होइन, भावी पुस्तालाई आफ्नो पहिचान, गौरव र सांस्कृतिक विरासत हस्तान्तरण गर्नु पनि हो । यही चेतना र जिम्मेवारीका साथ हाम्रो ऐतिहासिक सम्पदाको संरक्षणमा सबैको सक्रिय सहभागिता अपरिहार्य छ ।

## सम्मान र कृतज्ञता

यो कार्यक्रम "भेटघाटदेखि भित्तासम्म" आइपुग्दा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा जोडिनुभएका सम्पूर्ण महानुभावहरूको समान योगदान रहेको छ । तथापि स्थलगत भ्रमणको क्रममा सम्बन्धित स्थलमै पुगेर महत्त्वपूर्ण सुझावहरू दिनुहुने आदरणीय गुरुहरू शशि पन्थी र दीन पन्थी, महाभारतमा व्याख्या गरिएको ऋष्यशृङ्गको बारेमा जानकारी दिनुहुने दीन पन्थीको भूमिका अतुलनीय छ ।

यसका साथै स्थलगत भ्रमणको क्रममा पाइएका प्रमाणहरू क्यामरामा कैद गर्ने र यो कार्यक्रमसँग जोडिएका आवश्यक तस्वीरहरू उपलब्ध गराइदिनुहुने तारा भुसाल तथा रेसुङ्गा वनमा पाइने जीवजन्तु तथा चराचुरुङ्गीको बारेमा जानकारी दिनुहुने डिभिजन वन कार्यालय गुल्मीमा कार्यरत कर्मचारी नेत्रबहादुर कुँवर, यसैगरी यो डिजाइनलाई जीवन्तता दिनुहुने कलाकार बिके नरबहादुर र प्रदीप थारूको पनि उत्तिकै योगदान रहेको छ ।

समग्रमा यो अभियान सबै रेसुङ्गा नगरवासीहरूको हो, यसमा नगरवासी सबैको समान योगदान, स्वामित्व र जिम्मेवारी पनि छ । एलेक्स हेलीले आफ्नो Roots मा देखाएजस्तै, इतिहासलाई जीवित राख्ने शक्ति मौखिक परम्परामा हुन्छ, तर त्यसलाई दृश्य र लिखित रूपमा स्थायी बनाउनुपर्छ । यदि हामीहरूले यसलाई संरक्षण र संवर्धन गर्न सक्यौं भने विश्व समुदायले भन्नेछ "जाऊँ हिड रेसुङ्गा" र हाम्रा आउने सन्ततिले पनि भन्नेछन् "संरक्षण गरौँ हाम्रो रेसुङ्गा ।"

## References


Haley, A . (1976) . Roots: The saga of an American family . Doubleday ।

Ramirez, P . (Ed . ) . (2000) . Resunga: The mountain of the horned sage: Two districts in central Nepal . Mandala Book Point

Regmi, D . R . (1975) . Medieval Nepal (Vols . I–IV) . Firma K . L . Mukhopadhyay .

Sharma, P . (1997) . The state and society in Nepal: Historical foundations and contemporary trends . Himal Books .

Wikipedia . (n . d . ) . Kumbh Mela . Retrieved from https://en . wikipedia . org/wiki/Kumbh_Mela

Wikipedia . (n . d . ) . Kumbh Mela . Retrieved from https://ne . wikipedia . org/wiki/ कुम्भ)मेला

किरण पुस्तकालय । (२०३६) । रेसुङ्गाका आध्यात्मिक कृति ।

किरण पुस्तकालय । (२०६७) । तपोभूमि रेसुङ्गाधाम ।

पन्थी, टिकाराम (२०६४) । अर्वाचीन रेसुङ्गा । किरण पुस्तकालय ।


ooo

यात्रा-स्मरण

# जाऊँ हिंड रेसुङ्गाः इतिहास, आस्था र हरियालीको यात्रा



✍सिता बोहरा

## एउटा अधुरो उकालोको निम्तो

कुनै ठाउँसँग हाम्रो सम्बन्ध पहिलो भेटमै बनेको हुँदैन । कतिपय ठाउँहरू वर्षौंसम्म मनको कुनै कुनामा मौन बसेर हामीलाई पर्खिरहेका हुन्छन् । हामी पुग्छौं, फर्कन्छौं, फेरि पुग्छौं, तर त्यो ठाउँको आत्मासम्म पुग्न भने सक्दैनौं । रेसुङ्गासँग मेरो सम्बन्ध पनि यस्तै थियो ।

यसअघि तीन पटक गुल्मीको तम्घास पुगेको थिएँ । एउटा भ्रमणमा त रेसुङ्गा टापुको फेदीमा रहेको पौवा होटलमै बास बसेर फर्किएको थिएँ । बिहान झ्याल खोलेर हेर्दा कुहिरोले हरियो डाँडालाई आफ्नो सेतो पछ्यौरीले बेरेको थियो । त्यस दिन लाग्यो "यो डाँडोले मलाई बोलाइरहेको छ" तर मसँग समय थिएन । त्यो अधुरोपन वर्षौंसम्म मनभित्र एउटा मौन निम्तोजस्तै रहिरह्यो ।

करिब २ वर्षपछि फेरि रेसुङ्गाको नाम आयो । यसपालि त्यो अधुरो निम्तो स्वीकार गर्ने निर्णय गरें । मैले साथी रमेशजंग कुँवरलाई कार्यक्रम बनाउन भनें । उनी एम.फिल. पढ्दाका मेरा सहपाठी हुन् । उनको अर्को परिचय- उनी रेसुङ्गाको माटोमै जन्मिएका, जन्मभूमिको इतिहासलाई दृश्यात्मक भाषामा उतार्ने अभियन्ता । त्यही अभियानअन्तर्गत रेसुङ्गाको इतिहास बोल्ने भित्तेचित्रको अवधारणालाई पनि उनले सशक्त रूपमा अघि बढाएका थिए । पछि स्थानीय इतिहासकार, बौद्धिक समुदाय र नगरपालिकाको सहकार्यमा ती भित्ताहरूले रेसुङ्गाको मौखिक र लिखित इतिहासलाई रंग र रेखामार्फत बोल्न थाले ।

त्यसैले यो यात्रा केवल साथीसँगको घुमघाम हुनेवाला थिएन । यो एउटा पुस्तक नपढी इतिहास पढ्ने यात्रा हुनेवाला थियो ।

२०८३ साल जेठ १९ गते बिहान हामी काठमाडौँबाट स्कर्पियोमा हुइँकियौँ । गाडीमा रमेशजी, उनकी श्रीमती बिमा केसी, उनीहरूको छोरी चाँद र म थियौँ । यात्रामा मान्छे चार जना मात्रै थियौँ, तर हाम्रा गफ, हाँसो र स्मृतिका कथा भने गाडीभरि फैलिएका थिए ।

बिमा म्याडमसँग मेरो आत्मीय सम्बन्ध हुँदा औपचारिकताको कुनै पर्दा थिएन । यात्रा सुरु भएको केही मिनेटमै गाडी साथीहरूको जमघटजस्तो बनिसकेको थियो । कहिले एम.फिल. पढ्दाका सम्झना निस्कन्थे, कहिले विश्वविद्यालयका शिक्षकहरूका प्रसङ्ग, कहिले नेपाली राजनीति, त कहिले गाउँको जीवन । बीचबीचमा बिमा म्याडमका सकारात्मक र आशावादी कुराले सबै कुराकानीलाई अझ उज्यालो बनाइरहेको थियो ।

काठमाडौँको भीड बिस्तारै पछाडि हराउँदै गयो । बुटवल पुगेपछि हाम्रा अर्का एमफिल पढ्दाकै साथी जीवनारायण अधिकारीलाई भेट्यौ । तातो हपक्कको गर्मी छेल्दै उनले आफ्नो कारको एसि हावा खुवाएपछि ब्लुहेभेन मोहितो खुवाएपछि हामी पुनः स्कर्पियो नै चढ्यौँ ।

नागबेली सडकले पहाडका छातीमा आफ्ना रेखाहरू कोर्दै अगाडि बढिरहेको थियो । झ्यालबाहिर असारको प्रतीक्षामा बसेका डाँडाहरू देखिन्थे । कतै मकैका बोटहरू हावासँग कुरा गरिरहेका थिए, कतै लालुपातेले घामको अन्तिम लाली बोकेर उभिएका थिए ।

बाटोमा स्थानीय किसानले बेचिरहेका अर्गानिक आरू देखेपछि हामी रोकियौँ । पहाडमा किनिएको फलको स्वाद सहरको बजारमा पाइँदैन । त्यो आरूमा रासायनिक चमक थिएन, बरू घाम, हावा र माटोको गन्ध मिसिएको थियो । एउटा टोकाइसँगै बाल्यकाल फर्किएजस्तो लाग्यो ।

गाडी फेरि अघि बढ्यो । पाल्पाको माथिल्लो बाटो हुँदै जाँदा अचानक एउटा मोडमा इतिहास झुल्कियो । टाढा कालीगण्डकीको किनारमा उभिएको रानीमहल । साँझको घामले त्यसका पर्खालमा हल्का सुनौलो रङ पोतिरहेको थियो । हामी केहीबेर रोकिन सकेनौँ, तर गाडीको झ्यालबाटै त्यसलाई नियालिरह्यौँ । तत्कालीन श्री ३ खड्क शमशेर आफ्नी प्रिय रानी तेजकुमारीको सम्झनामा उनले नदीको किनारमा त्यो महल बनाएका थिए । एउटा प्रेमले दरबार जन्माएको थियो । समयले धेरै साम्राज्यहरू मेटायो, तर प्रेमले बनाएको त्यो महल अझै नदीसँग संवाद गरिरहेको छ । मलाई लाग्यो- संसारमा सबैभन्दा बलियो निर्माण सिमेन्टले होइन, सम्झनाले गर्छ ।

रानीमहल पछाडि छुट्यो । सडक अब गुल्मीतिर मोडियो । पहाडहरू अझ नजिकिँदै गए । बाटो साँघुरो हुँदै गयो । हावामा बिस्तारै सल्लाको गन्ध मिसिन थाल्यो । कतै बाँदरका झुन्ड रूखमा उफ्रिरहेका थिए, कतै गाउँका बालबालिका हात हल्लाउँदै गाडीलाई बिदा गरिरहेका थिए । सायद यात्रा भनेकै यही हो ।

झमक्क साँझ पर्दासम्म हामी तम्घास पुग्यौँ । बजारका बत्तीहरू पहाडका काखमा टाँसिएका जूनजस्ता चम्किरहेका थिए । हामी सिधै रमेशजीको घर पुग्यौँ ।

ढोकामै उनकी बहिनी दयाले मुस्कुराएर स्वागत गरिन् । भान्साबाट स्थानीय परिकारको बास्ना आइरहेको थियो । खाना खाइसकेपछि रमेशजीकी आमा अमृतादेवी कुवँरसँग लामो कुराकानी गर्ने अवसर मिल्यो । उहाँ रेसुङ्गा नगरपालिकाकी उपप्रमुख हुनुहुन्थ्यो । तर त्योभन्दा ठूलो परिचय उहाँको आफ्नै माटोप्रतिको प्रेम थियो । उहाँ र रमेशजीले रेसुङ्गाका केही कथाहरू सुनाउनुभयो । कति इतिहास पुस्तकमा छैनन्, कति किंवदन्ती अझै अग्रजहरूको स्मृतिमा बाँचेका छन्, कति ठाउँहरू अनुसन्धानको प्रतीक्षामा छन् ।

मलाई अर्को कुराले झन् लोभ्यायो । घर वरिपरि सजिएका फूलहरू । शुरूमै मेरो आँखा सेतो चमक छर्दै फुलेको ब्रम्हकमलमा पर्‍यो । मेरो मन भमराझैँ ती गुलाब, सयपत्री, लिली, बोगनबेलिया र अनेकौँ रङ्का फूलहरूमा डुल्न थाले । यो घरभन्दा बढी एउटा जीवित बगैँचा थियो ।

## १०१३ सिँढी, रामकुवा र उकालोमा भेटिएको इतिहास

भोलिपल्ट बिहान तम्घास असाध्यै शान्त थियो । शहर अझै पूर्ण रूपमा ब्युँझिसकेको थिएन । मझेरी होटेलको झ्यालबाट तल हेर्दा त्यहाँ रमेशजी मलाई लिनलाई आइसकेका रहेछन् । उनले मलाई साउती गर्दै भने- आज त रेसुङ्गा चढ्ने, काम भोलिबाट गरौँला । हामी नगरपालिकाको लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण गर्ने बहानामा त्यहाँ थियौं । काम पनि गर्ने घुम्न पनि पाइने भएपछि के चाहियो र ?

केही समयपछि हामी रेसुङ्गातर्फ लाग्यौँ । गाडी बिस्तारै उकालो काट्दै जाँदा सल्लाका वनले हामीलाई स्वागत गर्न थाले । झ्याल खोल्नेबित्तिकै एउटा चिसो हावा अनुहारमा ठोक्कियो । त्यो हावा सयौँ वर्षदेखि ऋषिहरूले सास फेरेको वनको स्वास थियो ।

बाटोभरि रमेशजीले एउटा न एउटा कथा सुनाइरहे । उनको हृदयमा गहिरिएर रेसुङ्गा बसेको रहेछ । उनले 'जाऊँ हिँड रेसुङ्गा' अभियानको लोगो पनि बनाएका

रहेछन् । उनको रेसुङ्गाको इतिहास भित्तामा बोल्नुपर्छ भन्ने सोचले ऐतिहासिक भित्तेचित्र अभियानले आज तम्घासका भित्ताहरूलाई मौन संग्रहालय बनाइदिएको रहेछ । भित्ताको एउटा चित्रले कहिलेकाहीँ सयौँ पृष्ठको इतिहास बोल्न सक्ने रहेछ ।

गाडी पोखरी छेउसम्म पुग्यो र अडियो । त्यहाँबाट हाम्रो पैदल यात्रा सुरु भयो ।

माथितिर हेरेँ । हरियो वनको बीचमा उक्लिरहेको खुट्किलो बाटो देखिन्थ्यो । बाटो कतै रूखको छहारीभित्र हराउँथ्यो, कतै घामले छुन पुग्थ्यो । लाग्थ्यो, जंगलले आफ्नै काखभित्र यात्रुलाई बिस्तारै भित्र बोलाइरहेको छ ।

त्यहीँबाट सुरु हुन्थ्यो रेसुङ्गाको प्रसिद्ध १०१३ सिँढी । मैले तलबाट माथिसम्म हेर्ने प्रयास गरेँ । सिँढीहरू रूखहरूको बीचमा हराउँदै गएका थिए । लाग्यो, सिँढी नभई समयका वर्षहरू उभिएका छन् । पहिलो सय सिँढी सजिलै चढियो । दोस्रो सयमा पसिना आउन थाल्यो । तेस्रो सयमा सास गह्रौँ भयो । चौथो सयमा खुट्टाले आफ्नो असन्तुष्टि सुनाउन थाल्यो । त्यतिबेला रमेशजी हाँस्दै बोले-"रेसुङ्गाले सबैलाई एउटा कुरा सिकाउँछ । माथि पुग्न हतार गर्नेहरूभन्दा धैर्य गर्नेहरू छिटो पुग्छन् ।"

हाम्रा केही सय थान पाइलापछि एउटा सानो पाटीमा लेखिएको देखियो-रामकुवा । त्यहाँ एउटा पुरानो ढुङ्गाको कुवामा पानी थियो । हामीले तलबाट ल्याएका काँक्रा पखाल्दा थाहा भयो पानी ज्यादै चिसो थियो । मैले एक अंजुलि खाएँ, शरीरभरि एउटा चिसो कम्पन फैलियो ।

स्थानीय जनविश्वासले भन्छ- वनवासका क्रममा भगवान् राम, सीता र लक्ष्मण यही क्षेत्र हुँदै गएका थिए । त्यतिबेला पानीको अभाव भएपछि रामले आफ्नो बाण प्रहार गरी भूमिबाट पानी निकालेका थिए, जसलाई आज रामकुवा भनेर चिनिन्छ । यो ऐतिहासिक भन्दा बढी धार्मिक र सांस्कृतिक विश्वास हो, तर यस्ता जनश्रुतिहरूले नै रेसुङ्गालाई केवल भूगोल नभई आस्थाको भूभाग बनाएका छन् ।

पानीसँगै एउटा प्रश्न पनि मनभित्र पस्यो- के सबै इतिहास प्रमाणले मात्र बाँच्छन्? सायद होइन । कतिपय इतिहास मानिसको विश्वासमा बाँच्छन् । कतिपय इतिहास हजुरबुबाले नातिलाई सुनाएको कथामा बाँच्छन् । कतिपय इतिहास कुनै कुवाको पानीमा, कुनै रूखको छहारीमा र कुनै मन्दिरको घण्टीको आवाजमा बाँच्छन् ।

रामकुवाबाट केही माथि पुग्दा एउटा विश्रामस्थल आयो । हामी सबै त्यहीँ बस्यौँ । बिमा म्याडमले झोलाबाट स्थानीय केरा, आरु र रामकुवामा धोएका काक्रा निकालिन् । पहाडको उकालोमा बसेर खाइने फलको स्वाद वर्णन गर्न गाह्रो हुन्छ ।

केही बेर विश्रामपछि फेरि उकालो सुरु भयो । सिँढीको दायाँबायाँ विशाल सल्ला, काफल, सेरे, दबदबे, गुराँस, खर्सू र अन्य वनस्पतिहरू उभिएका थिए । कतै चराहरूको चिरबिर सुनिन्थ्यो । कतै पातहरू एकआपसमा ठोक्किँदा लाग्थ्यो, वन आफैँ केही गोप्य कुरा गरिरहेको छ ।

रेसुङ्गा केवल धार्मिक तीर्थ होइन । यो जैविक विविधताको पनि धनी भूमि हो । यहाँ चिराइतो, जटामसी, पाषाणभेद, सुगन्धकोकिलालगायतका बहुमूल्य जडीबुटी पाइन्छन् । वन्यजन्तु र चराचुरुङ्गीहरूको विविधताले यसलाई पर्यावरणीय पर्यटनका लागि पनि विशेष बनाएको छ ।

सिँढी अझै बाँकी थिए । तर अब शरीरभन्दा बढी मन चढिरहेको थियो । किनकि मलाई थाहा भइसकेको थियो- यो उकालोको अन्त्यमा केवल एउटा डाँडो सानो पाटन वा कुनै भ्यूटावर छैन त्यहाँ इतिहास प्रतीक्षामा छ ।

## जहाँ अखण्ड ज्योति बलिरहन्छ

१०१३ सिँढीले हाम्रो शरीरको पसिना मात्र झारेन, भित्रभित्रै थुप्रिएका धेरै अनावश्यक बोझ पनि झारिदियो । उकालो सकिँदै जाँदा सास गह्रौँ थियो, तर मन असाध्यै हलुका । एकाएक घण्टीको मधुरो ध्वनि कानमा ठोक्कियो । हावाले त्यो आवाजलाई सल्लाका अग्ला रुखहरू हुँदै हामीसम्म ल्याइदिएको थियो । त्यो कुनै सामान्य घण्टी थिएन; मानौँ पहाडले आफैँ यात्रुलाई भनिरहेको थियो–"अब तिमी रेसुङ्गाको मुटुमा प्रवेश गर्दैछौ । "

केही कदम अघि बढेपछि तामाको छानाले झलमल्ल टल्किरहेको एउटा विशाल संरचना देखियो । त्यही थियो- यज्ञशाला । त्यहाँ पुग्नेबित्तिकै मेरो पाइला आफैँ सुस्तायो । तीर्थस्थलहरूमा कहिलेकाहीँ कुनै अदृश्य अनुशासन हुन्छ । कसैले "बिस्तारै हिँड" भन्दैन, तर मन आफैँ मौन हुन खोज्छ ।

यज्ञशालाको बीचमा अखण्ड रूपमा बलिरहेको अग्निकुण्ड थियो । त्यहाँ तीर्थयात्रु जान नमिल्ने रहेछ । हामीले बाहिरबाटै हेर्‍यौँ । पुजारीसंग एकछिन भलाकुसारी गर्‍यौँ । जनविश्वासअनुसार यज्ञशालाको निर्माण वि.सं. १९८३ मा तपस्वी यदुकानन्द स्वामीको पहलमा भएको हो । उहाँ काठमाडौंको कालिमाटीबाट रेसुङ्गा आएर दीर्घकाल तपस्यामा लीन हुनुभएको थियो । उहाँकै नेतृत्वमा रेसुङ्गाको धार्मिक पुनर्जागरणले नयाँ गति पाएको मानिदो रहेछ । उहाँले तामाको छाना भएको आकर्षक यज्ञशाला र राधाकृष्ण मन्दिर निर्माण गराउनुभएको पत्तो पाइयो । आज पनि हवनकुण्डमा निरन्तर बलिरहेको अखण्ड अग्नि वैदिक परम्परा र सनातन श्रद्धाको प्रतीक बनेर जीवित छ ।

त्यही एउटा ठूलो भाँडोमा जडीबुटीको चिया देख्यौँ । यात्रुहरूका लागि निःशुल्क राखिने रहेछ । हामीले पनि एक-एक गिलास चिया पियौँ । त्यो चिया केवल चिया थिएन । त्यो त पहाडको वनस्पतिले उमारिदिएको ऊर्जा थियो । एकछिनअघि थाकेका पाइला फेरि हलुका भए । शरीरले जडीबुटीको स्वाद लियो, मनले स्थानीय संस्कृतिको । हामीले चियाको अन्तिम घुट्को पियौँ । त्यसपछि फेरि पाइला अगाडि बढे ।

हावामा चिसोपन अझ बढेको थियो । चराहरूका आवाज यति स्पष्ट सुनिन्थे कि लाग्थ्यो, उनीहरू यात्रुको स्वागत गीत गाइरहेका छन् । केही बेरपछि एउटा विशाल खुला ठाउँ आयो । त्यहाँबाट धेरै परसम्म पहाडहरू देखिन्थे । भ्यू टावर त्यहीँ उभिएको थियो । समुद्री सतहबाट २,३४७ मिटर उचाइमा रहेको रेसुङ्गाको सर्वोच्च शिखर । तर सत्य भन्नुपर्दा, यो उचाइले मलाई संख्याको हिसाबले त्यति चकित पारेन । यसअघि म यसभन्दा धेरै अग्ला हिमाली भञ्ज्याङ र डाँडाहरू चढिसकेको थिएँ । तर रेसुङ्गाको उचाइ मिटरले नापिने उचाइ होइन रहेछ । यसको उचाइ त शताब्दीयौँदेखि यहाँ बलिरहेको अखण्ड ज्योति, जनविश्वास, आस्था र पुस्तौँदेखि पुस्तौँसम्म बाँचिरहेको सांस्कृतिक स्मृतिमा नाप्न नसक्ने अग्ला रहेछन् ।

पारी तल हेर्दा तम्घासका घरहरू खेलौनाजस्ता देखिन्थे । त्यहाँ केही यात्रीहरू पनि थिए । कोही बुटवलबाट, कोही पाल्पाबाट, कोही काठमाडौंबाट आएका थिए ।

रमेशजीले टाढा औँला देखाउँदै भने, "मौसम सफा भए यहाँबाट भारतको गोरखपुरसम्म देखिन्छ ।" मैले निकै बेर क्षितिजतिर हेरेँ । त्यस दिन बादल अलि धेरै थिए । गोरखपुर देखिएन । तर इतिहास भने कल्पनाले महसुस गरेँ । यी पहाडहरूबाट कति गोर्खालीहरू गोरखपुर पुगे, यी वनले कति तपस्वीलाई आश्रय दिए, यी बाटाहरूले कति पुस्ताका पाइला सम्झेर बसेका होलान् ।

भ्यु-टावरको पश्चिमतर्फ बढ्यौँ । त्यहाँ एउटा गहिरो मौनताबीच महाप्रभु लक्ष्मीनारायण स्वामीसँग जोडिएको पवित्र स्थल थियो । उहाँ महान् तपस्वी, आध्यात्मिक व्यक्तित्व र स्वामी शशिधरका उत्तराधिकारीका रूपमा परिचित भएको पत्तो पाएँ । उहाँको निधनपछि तत्कालीन जर्नेल ललितजंग जंगबहादुर राणाले उहाँप्रतिको श्रद्धास्वरूप वि.सं. १९३९ मा शिवालय निर्माण गराएका थिए ।

शिवालयभित्र घण्टी बजिरहेको थिएन । त्यहाँ एउटा मौन संगीत थियो । ढुङ्गाका भित्ताहरूले पनि कहिलेकाहीँ इतिहास बोल्दारहेछन् । शिवालयसंगै विष्णुपादुका मन्दिर महाप्रभु लक्ष्मीनारायण स्वामीले वि.सं. १९२० मा आफ्ना पिता, महान् तपस्वी

स्वामी शशिधरको स्मृतिमा निर्माण गराएको इतिहास रहेछ । मन्दिरको शैली अन्त सायदै देखिने शैलीका छन् । स्वामी शशिधर केवल धार्मिक व्यक्तित्व मात्र नभई दार्शनिक, लेखक, समाजसुधारक र तत्कालीन नेपालका महत्त्वपूर्ण वैचारिक व्यक्तित्वका रूपमा चिनिएका रहेछन् ।

मन्दिरको आँगनमा उभिएर मैले तलतिर फैलिएको हरियो रेसुङ्गा हेरेँ । हावाले बिस्तारै सल्लाका हाँगाहरू हल्लाइरहेको थियो । लाग्यो– इतिहास कहिल्यै मर्दैन । उसले केवल आफ्नो रूप बदल्छ । कहिले पुस्तक बन्छ त कहिले किंवदन्ती । कहिले मन्दिर त कहिले एउटा अखण्ड ज्योति ।

## ओरालोमा पनि उकालो बाँकी रहन्छ

शिवालय र विष्णुपादुकाको प्राङ्गणमा केही बेर मौन बसेपछि हामी ओरालो लाग्यौँ । पहाडको एउटा अनौठो नियम रहेछ– उकालोमा शरीर थाक्छ, ओरालोमा मन ।

फर्किने बेला जहिले पनि केही छुटेजस्तो लाग्छ । सायद त्यसैले यात्राहरू कहिल्यै पूर्ण हुँदैनन् । हामी बिस्तारै तल झर्दै थियौँ । केही बेरअघि कठिन लागेका सिँढीहरू अहिले सहज देखिन्थे । फर्कदा बाटोमा गरुडस्थान देखेँ तर जाँदा भने फोटो खिच्न व्यस्त हुँदा ख्याल भएन ।

रमेशजीले फकर्दा गरुडस्थानको कथा सुनाए । समुद्रमन्थनबाट प्राप्त अमृतको घडा लिएर भगवान् विष्णुका वाहन गरुड उडिरहेका बेला अमृतका थोपा झरेका पवित्र स्थलहरूमध्ये रेसुङ्गाको गरुडस्थान पनि एउटा हुनसक्ने स्थानीय जनविश्वास रहेको रहेछ । यही विश्वासले भविष्यमा रेसुङ्गालाई कुम्भपरम्परासँग जोडेर अध्ययन गर्न सकिने सम्भावनासमेत देखाएको छ ।

हामी तल रहेको पोखरी घुमिसकेपछि तम्घास बजारतर्फ लाग्यौं । जिल्ला प्रशासन नजिकका पर्खालमा रहेका भित्ते चित्रलाई मैले त्यसबखत भने फरक तरिकाले हेरेँ र सोचेँ जुन अघिल्ला दिनमा हेरेको थिइनँ । "जाऔँ हिँड रेसुङ्गा" एउटा यस्तो निमन्त्रणा रहेछ जहाँ इतिहास, संस्कृति र धर्मलई एकैसाथ कसरी जोड्न सकिन्छ भनेर बताउन चाहन्छ रेसुङ्गा नगरपालिका ।

## स्थानीय नेतृत्वको चिन्तन

करिब एक वर्षअघि रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीलाई काठमाडौंमा बिमा म्याडम र रमेशजीले संचालन गरेको पाथवे अनुसन्धान तथा तालिम केन्द्रमा भेटेको थिएँ । त्यतिबेला मैले उहाँलाई आफ्नो नगरभित्र रहेका इतिहास,

जनविश्वास, धार्मिक आस्था र प्राकृतिक सुन्दरतालाई कसरी पर्यटनसँग जोडेर स्थानीय विकासको आधार बनाउन सकिन्छ भन्ने गहिरो चिन्तनमा डुबेको देखेको थिएँ । उहाँको सोच केवल सडक र भवन निर्माणमा सीमित थिएन, बरू रेसुङ्गाको मौलिक पहिचानलाई जोगाउँदै त्यसलाई आर्थिक, सांस्कृतिक र पर्यटन विकासको आधारस्तम्भ बनाउने दिशामा केन्द्रित थियो ।

यस वर्ष रेसुङ्गा पुग्दा त्यो चिन्तनले बिस्तारै आकार लिइसकेको अनुभूति भयो । रेसुङ्गाले अब आफूलाई केवल धार्मिक तीर्थस्थलका रूपमा मात्र होइन, अध्ययन गर्न, इतिहास खोज्न, प्रकृतिसँग संवाद गर्न र आत्मिक शान्तिको खोजीमा यात्रा गर्न चाहने सबैका लागि खुला संग्रहालयका रूपमा प्रस्तुत गरिसकेको रहेछ । यहाँका भित्ताहरूले इतिहास बोल्न थालेका छन्, पदमार्गहरूले यात्रुलाई डोहोऱ्याउन थालेका छन् र प्रत्येक पाइलाले रेसुङ्गाको गौरवगाथा सुनाउन थालेको अनुभव भयो ।

रेसुङ्गा नगरपालिकाकी उपप्रमुख अमृतादेवी कुँवरसँग भेट हुँदा पनि उहाँका कुराहरूको केन्द्रमा रेसुङ्गा नै थियो । उहाँसँगको संवादमा मैले एउटा स्थानीय जनप्रतिनिधि मात्र होइन, आफ्नै भूमि, इतिहास, संस्कृति र प्राकृतिक सम्पदाप्रति गहिरो माया राख्ने व्यक्तित्वलाई भेटैं । उहाँको चिन्ता एउटै थियो-रेसुङ्गाको धार्मिक महत्त्व, जनविश्वास, ऐतिहासिक विरासत र प्राकृतिक सौन्दर्यलाई कसरी संरक्षण गर्दै पर्यटनसँग जोड्ने र त्यसबाट स्थानीय समुदायको समृद्धिको आधार कसरी निर्माण गर्ने । उहाँका विचार सुन्दा लाग्थ्यो, रेसुङ्गा उहाँका लागि एउटा प्रशासनिक क्षेत्र मात्र होइन, भविष्यका पुस्तालाई हस्तान्तरण गर्नुपर्ने साझा सम्पदा हो ।

**अन्तमा,**


तपाईहरू पनि पहाड, संस्कृति, मौखिक इतिहास, ऋषि-परम्परा, प्रकृतिप्रतिको श्रद्धा, गाउँको आत्मीयता र हरियो जीवनलाई एउटै यात्रामा भेट्न चाहनुहुन्छ भने एकपटक रेसुङ्गा अवश्य पुग्नुपर्छ । यहाँ आउने मानिस केवल पर्यटक भएर फर्कँदैन ऊ केही इतिहास बोकेर फर्कन्छ । साथमा केही आस्था, शान्ति संगै हरियाली बोकेर फर्कन्छ ।

**स्वतन्त्र परामर्शदाता तथा सामाजिक अनुसन्धाता**

०००

लेख

# रेसुङ्गा : सभ्यता रूपान्तरण तथा सम्पदा संरक्षण



✍चक्र के.सी.

## नामकरण

मानवीयता, अध्यात्म र शुद्ध चेतनाको अभ्युदय हुनुभन्दा अगाडि मानव जीवन आदिम अवस्थामा थियो । त्यस समयमा मानिसले आफ्नो अस्तित्वका लागि प्रकृति र प्राकृतिक शक्तिसँग संघर्ष र सहकार्य पनि गरिरहेको थियो । तसर्थ, आदिम मानवबस्तीहरूको विकास पानीका स्रोतहरू र वनजंगलका किनार नजिकका स्थानहरूमा भएको देखिन्छ । मानवबस्तीको सेरोफेरोमा भएका स्थानहरूको स्थाननामकरणमा प्राकृतिक विशेषता, वनस्पति तथा जीवजन्तु, भौगोलिक दिशालगायत मानवीय उपयोगिता,भाषा-संस्कृति, धार्मिक आस्था, जातीय बसोबास, किंवदन्ती तथा ऐतिहासिक प्रसंग, व्यक्तिविशेषको योगदान, आर्थिक गतिविधि तथा प्रशासनिक निर्णयजस्ता पक्षहरूले विशेष प्रभाव पारेको देखिन्छ ।

## १. आदिवासी जनजाति दृष्टिकोण

आदिवासी जनजाति भनेको कुनै भौगोलिक स्थानमा आदिमकालदेखि बसोबास गरिआएको मूल समुदाय जसको आफ्नो साझा भाषा, संस्कृति ,परम्परा र सामाजिक संरचना हुने गर्दछ । नेपालका हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजातिहरू मगर, गुरुङ्, नेवार, राई, लिम्बू, सेर्पा, थकालीहरूको मातृभाषा सिने-तिब्बती भाषिक परिवारमा पर्दछ । उनीहरू प्राचीन कालमा हिमालयबाट बग्ने नदीको शिर (तिब्बतक्षेत्र) बाट दक्षिणतर्फमा वा नेपालको पहाडीक्षेत्रबाट उत्तरतर्फ तिब्बतक्षेत्रमा फैलिएको अनुमान गरिन्छ ।[१]

ढुट मगर भाषामा 'रि' लाई पानीको मुहान, 'सिङ' लाई काठ-दाउरा तथा 'ङ्गो' लाई पहाड भन्ने अर्थमा बुझिने भएकाले पानी तथा काठ-दाउराका स्रोत भएको पहाडलाई बोलीचालीमा 'रिसिङ्गो' भनिएको अनुमान गर्न सकिन्छ ।[२] समयक्रममा

भाषिक परिवर्तन र ध्वन्यात्मक रूपान्तरणका कारण रिसिङ्गो → रिसिङ्गा → रिसुङ्गा → रेसुङ्गा आजको वर्तमान रूपमा विकसित भएको देखिन्छ ।

ऐतिहासिक कालखण्डमा यस क्षेत्रलाई 'रिसुङ्गा' भनेर उल्लेख गरिएको तथ्य विभिन्न ऐतिहासिक स्रोत तथा लेखनहरूमा पाइन्छ ।

रेसुङ्गाक्षेत्र वरिपरिका बस्तीहरूको वर्तमान जनसंख्या संरचना, भौगोलिक स्थान-नामकरण तथा सांस्कृतिक परम्पराहरूको अध्ययन र अवलोकनका तथ्यहरूले रेसुङ्गाक्षेत्रको सेरोफेरो स्पष्ट रूपमा मगर समुदायको ऐतिहासिक बाहुल्यता रहेको मगरातक्षेत्रमा पर्दछ । यस क्षेत्र वरिपरिका भन्ज्याङ, मझ्याङ, जुभुङ, खर्ज्याङ तथा देशका विभिन्न भागहरूमा रहेका ताप्लेजुङ, बझाङ, मनाङ, दाङ लगायतका स्थाननामहरू तथा स्थानीयस्तरमा सिरुङ्गा, हुंगा, तोलङ्गा, केरुङ्गा जस्ता समान शब्द संरचनाहरूले नेपालका अधिकांश स्थाननामहरू आदिवासी जनजातिका मातृभाषाबाट नै नामकरण गरिएका हो भन्ने तथ्यलाई पुष्टि गर्दछ ।

## २. आर्यवासी दृष्टिकोण

वेद भनेको ज्ञान हो, वेदमा भएको ज्ञानको सहयोगमा उच्चतम आदर्श जीवनशैली र मानवीय सम्बन्ध कायम गर्ने जीवन शैली वैदिक संस्कार हो । वैदिक संस्कार बोकेको समूहलाई आर्य (सभ्य) भनिन थाल्यो । वैदिक आर्यहरू हिमालयबाट बग्ने नदीको शिरतर्फका पहाड उक्लदै गर्दा वैदिक धर्म, भाषा, संस्कार र पेशा लिएर आएका थिए ।

त्रेता-युगका मर्यादापुरुषोत्तम श्रीरामचन्द्रका समकालीन ब्रह्मनिष्ठ ब्रह्मचारी ऋष्यशृङ्गको तपोभूमि पनि रेसुङ्गाक्षेत्र थियो भन्ने जनश्रुति छ । यही रेसुङ्गाबाट गएका ऋष्यश्रृङ्गको प्रमुख आचार्यत्वमा निःसन्तान राजा दशरथको पुत्रेष्टि यज्ञ सम्पन्न भएको र त्यसको लाभ-फलबाट निःसन्तान दशरथलाई पुत्रलाभ भएको थियो । ऋष्यशृङ्ग अपभ्रंश हुँदै गएर कालान्तरमा रेसुङ्गा नामकरण भएको विभिन्न पुस्तकहरूमा लेखिएको छ । तसर्थ, साधक-साधु, योगी-तपस्वी र ऋषिमुनिहरूको आदर-सम्मान र प्रेरणाऊर्जाका लागि सानो रेसुङ्गाक्षेत्रमा ऋष्यशृङ्गको मूर्ति सहितको मन्दिर स्थापना गरिएको छ । त्यहाँ सन्तानलाभ तथा सन्तानको स्वास्थ्यलाभको कामनाको लागि दर्शन-भेट गरिन्छ । ऋष्यशृङ्गको तपोभूमि रेसुङ्गा भएको तथ्यको पौराणिक कथा, महाभारत, रामायणलगायतका ग्रन्थहरूमा उल्लेख भएको कुरा संस्कृत साहित्यका प्राज्ञहरूले बताएका छन् ।

### ३. मिश्रित दृष्टिकोण

यसरी आदिवासी जनजाति र आर्यवासीहरू नेपालका हिमाली तथा पहाडी क्षेत्रका विभिन्न नदी–ताल तथा वनजङ्गलका सेरोफेरोमा सहअस्तित्वमा बसोबास गरिआएको देखिन्छ । दीर्घकालीन अन्तरक्रिया र सह–बसोबासका कारण भाषा, संस्कृति, पेशा तथा सामाजिक संरचनामा पारस्परिक आदान–प्रदान, समायोजन र रूपान्तरण भएको देखिन्छ ।

प्रारम्भिक कालमा आदिवासी जनजातिहरूले प्रकृतिसँग नजिक रहँदै प्राकृतिक शक्ति र ऊर्जाको प्राप्तिका लागि तान्त्रिक साधनाहरू अभ्यास गरेको देखिन्छ भने वैदिक आर्यहरूले उच्च–चेतना विकासका उद्देश्यले वैदिक तथा आध्यात्मिक साधनाहरू अवलम्बन गरेको देखिन्छ । यस प्रकारका विविध साधना परम्पराहरूको सहअस्तित्व र अन्तरक्रियाका कारण रेसुङ्गाक्षेत्र तान्त्रिक, वैदिक तथा आध्यात्मिक साधकहरूको साझा साधनास्थलका रूपमा क्रमशः विकसित भएको मान्न सकिन्छ । रेसुङ्गाक्षेत्र प्राचीन कालदेखि आजसम्म अविच्छिन्न रूपमा तपोभूमि रहिआएको छ ।

यस परिप्रेक्ष्यमा,आर्यवासीको संस्कृत भाषाबाट आएको 'ऋषि' शब्द र आदिवासी जनजातीय ढुट मगर भाषामा प्रचलित 'ङ्गो=स्थान, पहाड' प्रत्ययको संयोजनबाट 'ऋषिङ्गो' (ऋषिमुनिहरूको पहाड) शब्दको निर्माण भएको हुनसक्ने भाषिक तर्क प्रस्तुत गर्न सकिन्छ । समयक्रममा भएको ध्वन्यात्मक तथा रूपात्मक परिवर्तनका कारण 'ऋषिङ्गो' 'रिसिङ्गा', 'रिसुङ्गा' हुँदै वर्तमान 'रेसुङ्गा' नामकरण भएको हुनुपर्दछ । फेरि रेसुङ्गाक्षेत्रको सेरोफेरोमा विविध भाषिक, सांस्कृतिक रूपान्तरण र सह–अस्तित्वको सिलसिलाहरूलाई सूक्ष्म अध्ययन गर्दा रेसुङ्गा नामकरणको यो दृष्टिकोण पनि बलियो देखिन्छ ।

## सन्दर्भ–सामग्री

१. Gurung_Nepali_English_Dictionary pdf.

२. https://en.wikipedia.org/wiki/kham_magar_language.

**रेसुङ्गा न. पा. – ३,**
**गुल्मी ।**

ooo

# रेसुङ्गा गोशालाको अहिलेको अवस्था



✍पुष्कर पन्थी

२०४२ सालदेखि शुरू भएको रेसुङ्गा गोशाला गुल्मी जिल्लाकै एक मात्र समुदायबाट सञ्चालित गोशाला हो । यो २०४२ सालमा योगी नरहरिनाथद्वारा रेसुङ्गाको यज्ञशालामा सञ्चालित विश्वकल्याण कोटिहोम नामक एक महिने यज्ञ गर्दा भक्तजनहरूले त्यो यज्ञमा दान गरेका गाईहरू ५६ वटा जम्मा भएका रहेछन् । सोही गाईहरू योगीले समितिलाई जिम्मा लगाएपछि तत्कालीन समितिका अध्यक्ष रुद्रबहादुर भुजेलले आफ्नो समितिमा सर-सल्लाह गरी पहिला पोखरी अनि साउने शिवालय क्षेत्र हुँदै अन्तिममा चौतारा भन्ने ठाउँमा उपयुक्त ठानी विभिन्न व्यक्ति संघ-संस्थाहरूमा सहयोग मागी २ वटा कच्ची तर टिनको छानो भएको गोठ निर्माण गरी ती स्थानीय जातका गाईहरूको पालन पोषण गरिदै आएको रहेछ । सोही समयका क्रियाशील व्यक्तिहरू रुद्रबहादुर भुजेल, बखानसिंह श्रेष्ठ, जगत्प्रसाद श्रेष्ठ, हीरामणि सापकोटा, डिलबहादुर भलामी, मानबहादुर श्रेष्ठ, फत्तबहादुर खत्री, गोपालप्रसाद पन्थी, देवीराम पन्थी, ताराप्रसाद पाण्डे, शशि पन्थी, कृष्णप्रसाद आचार्यलगायत धेरै सामाजिक व्यक्तिहरूको सक्रियातामा ती गोठहरूको निर्माण गरियो । सोही परिसरमा ग्वालालाई बस्न मिल्ने एउटा घर पनि बन्यो र एक परिवारलाई गाईको रेखदेखको लागि राखियो । २०५८ देखि २०६२ सालसम्म गोपालप्रसाद पन्थीको संयोजकत्वमा रेखदेख हुँदै आयो । सोही समयमा त्यहाँ घाँसका बिरुवा लगाउने कार्यक्रम सञ्चालन गरी काब्रा, खरी, पाँकुरी, बाँस, किम्मु आदि डाले घाँसका बिरुवा रोप्ने कार्य भयो जो अहिले ठूला रुख बनिसकेका छन् । तत्काल त्यो ठाँउमा पुग्न यातायातको कुनै सुविधा थिएन । ती घाँसका बिरुवा उहाँहरूले आफै बोकी लिएर गई लगाउनुभएको थियो र सोही समयमा गोपालप्रसाद पन्थी, देवीराम पन्थी, देवीप्रसाद पन्थी मिलेर वर, पिपल स्वामीका बिरुवा पनि

लगाउनुभयो । पछि बिरुवा ठूला भएपछि व्यक्तिगत लगानीमा चौपारी पनि निर्माण भैसकेको छ, जो अहिले देख्न सकिन्छ । सोही कार्यलाई पच्छाई हालको समितिको आह्वानमा १०८ वर, पिपल र स्वामी पुऱ्याउने लक्ष्य लिई विभिन्न महानुभावहरूले बिरुवा लगाई आफै संरक्षण गर्ने कार्य भैरहेको छ । अरू कोही इच्छुक व्यक्तिहरूले बिरुवा थप्न मिल्ने ठाउँ छ तर प्रज्वलनशील सल्लाघारीक्षेत्र भएकोले प्रत्येक वर्ष डढेलो लाग्छ । गौचरन र ती बिरुवा जोगाउन साह्रै गाह्रो भएको छ ।

२०५९ सालदेखि अप्रत्यक्ष रूपमा रेसुङ्गा संरक्षण समितिको गोशालामा म संलग्न भएको थिएँ । २०७४ साल चैत्र २७ गते रेसुङ्गा संरक्षण समितिको म सह-कोषाध्यक्षको रूपमा र मोतीप्रसाद खनाल सचिवको रूपमा निर्विरोध निर्वाचित भयौं । अरू पदाधिकारीहरू २०७५ वैशाख १२ गते निर्वाचित हुनुभयो । जसको समिति यसप्रकार थियो -

**अध्यक्ष** : सुरेशचन्द्र भुसाल

**उपाध्यक्ष** : थम्मनबहादुर खड्का, नवराज भुसाल

**सचिव** : मोतीप्रसाद खनाल

**सह-सचिव** : सुभाष मरासिनी

**कोषाध्यक्ष** : नेत्रबहादुर बस्नेत

**सह-कोषाध्यक्ष** : पुष्कर पन्थी

**सदस्यहरू** : जगन्नाथ गौतम, रामबहादुर थापा, रामबहादुर पुन, देवबहादुर बस्नेत, पदमलाल पाण्डे, शोभा मरासिनी, शारदा थापा, गोपाल बस्नेत, कृष्णप्रसाद भण्डारी, लुमसिंह बस्नेत ।

यस समितिमा विशेष सहयोगी दानवीरमध्येबाट मानबहादुर श्रेष्ठ, सेरबहादुर थापा, अयोध्याप्रसाद श्रेष्ठ, श्रवण नेपाली, देवीराम पन्थी गरी ५ जना मनोनीत हुनुभयो र यसै बीचमा सह-सचिव सुभाष मरासिनी रोजगारीको सिलसिलामा विदेश जानुभएकोले सोही पदमा रामलाल पाण्डे मनोनीत हुनुभयो ।

यसै सन्दर्भमा मलाई गुठी जग्गाको व्यवस्थापनको जिम्मा र गोशाला व्यवस्थापनको सहायक जिम्मेदारी प्रदान गरियो । मलाई गुठीको प्रमुख भूमिका भएको कारण पुष्कर पन्थीको नेतृत्वमा पीताम्बर पन्थी, रामचन्द्र पन्थी, गोपाल पन्थी, मोतिप्रसाद खनाल, झकबहादुर बस्नेतहरू समितिभन्दा बाहिर हुँदा पनि रेसुङ्गा गुठीको व्यवस्थापनको लागि धेरै ठूलो भूमिका खेलेर सहयोग गर्नुभएको थियो । त्यसै सन्दर्भमा अर्घाखाँचीको जहरे खोला, ठूलोपोखरा, अर्घातोस, वाङ्लामा रहेका जग्गाहरूको साँध किल्ला हेर्ने, गुठीको तिरोभरो उठाउने

मोहीसंग सम्पर्क गर्ने कार्य गरी धेरै वर्ष बाँकी रहेको बक्यौता असुल गरी तिरो-भरो नियमित गराउने प्रयास भयो र अर्घाखाँची जिल्ला प्रशासन कार्यालयका प्रमुख श्री मीना अर्याल, सहायक प्रमुख श्री विक्रम थापा, नायव सुव्वा श्री राजन पाण्डेले विशेष सहयोग गर्नुभएको थियो । विशेष नापी कार्यालय, जिल्ला नापी कार्यालय, नापी टोली जहाँ छन्, उहीँ पुगी जग्गासम्बन्धी कानुनी सरसल्लाह पनि लिइएको थियो तर हाम्रो सम्पूर्ण कार्य प्रतिफलविहीन भयो, अर्कोतर्फ गोशालाको पनि दोस्रो भूमिका भएकोले यसका संयोजक पदमलाल पाण्डे हुनुहुन्थ्यो र पनि मैले नै धेरै सक्रियता देखाउनुपरेको थियो । यसै सिलसिलामा त्यहाँ रहेको गाईको संख्या ज्यादै न्यून नै थियो । त्यसै कारण गाईको संख्या वृद्धि कसरी गर्ने ? पशुआहार, दाना, घाँसको व्यवस्थापन कसरी गर्न सकिन्छ ? खुल्ला गोठ तारबार नभएकोले व्यवस्थापनमा ज्यादै गाह्रो भयो भनी मूल समितिसंग बसेर विचार-विमर्श गरी एउटा ठोस निर्णयमा पुगियो । जुनकुरा गोमुष्ठिदान भन्ने कार्यक्रम सक्रियतापूर्वक लागु गरियो । जुन कार्यक्रमले हामीलाई ठूलो सहयोग भयो । यसमा ५०० भन्दा बढी सदस्यहरू पुग्नुभएको छ । यो भन्दा अघिको समितिले गाई व्यवस्थापनको लागि अरू नै व्यक्तिलाई लिजमा दिएको थियो । त्यो कार्यबाट पनि गाईको राम्रो व्यवस्थापन नभएको अनुभूति समितिले गरिरहेको थियो । त्यसै कारण हामी समितिमा आएपछि गाईलाई लिजमा दिनु हुँदैन भन्ने लागेर समितिले रेखदेख गर्ने गरी गाईगोठ फिर्ता गराइयो । यसै क्रममा हाम्रो पहिलो कार्यकाल समाप्त भयो ।

२०७९ साल चैत्र १२ गते साधारणसभाको लागि उपस्थिति भयो, सोही दिन समिति चयन हुन सकेन । २०८० चैत्र १७ गते पुनः समितिको भेला भयो । यसमा समितिचयनको लागि प्रक्रिया शुरू भयो तर मैले समितिमा नबस्ने भनी दरखास्त राखिन तर नबसी नहुने भनी उपस्थित समूहको दवावलाई अस्वीकार गर्न नसकी सदस्यमा बस्नै पर्ने भयो र म पनि सदस्यमा बसेँ । सो समितिमा –

**अध्यक्ष** : सुरेशचन्द्र भुसाल

**उपाध्यक्ष** **:** थम्मनबहादुर खड्का, मोतीप्रसाद खनाल, राजेन्द्रप्रसाद पाण्डे

**सचिव** : गोपालप्रसाद पन्थी

**सह-सचिव** : यज्ञप्रसाद पन्थी

**कोषाध्यक्ष** : नेत्रबहादुर बस्नेत

**सह-कोषाध्यक्ष** : रेमलाल पाण्डे

**सदस्यहरू :** रामबहादुर थापा, पुष्कर पन्थी, रामचन्द्र पन्थी, केसरबहादुर थापा, मृगेन्द्रप्रसाद श्रेष्ठ, झकबहादुर बस्नेत, शोभा मरासिनी, शंकर पाण्डे, विजयलक्ष्मी

बस्नेत, देवीराम पन्थी, सेरबहादुर थापा, देवराज पाण्डे, लुमसिहं बस्नेत, सन्तोष वि.क., सुब्बा बस्नेत (टोपबहादुर बस्नेत), शान्ता थापा, कृष्णप्रसाद भण्डारी, गोविन्द गौतम ।

**सल्लाहकारमा :**

**संयोजक :** शशि पन्थी,

**सदस्य** : दीन पन्थी, विश्वनाथ पन्थी, डिल्लीराज भुसाल, रुद्रबहादुर भुजेल, देवीराम भण्डारी, ताराप्रसाद पाण्डे, इ. कृष्णप्रसाद पन्थी ।

त्यसपछि कार्यविभाजन हुँदा मलाई गोशाला व्यवस्थापन उप-समितिको जिम्मेवारी आयो । त्यसमा -

**संयोजक** : पुष्कर पन्थी

**सदस्यहरू** : झकबहादुर बस्नेत, यज्ञ पन्थी, देवराज पाण्डे, रेमलाल पाण्डे, शंकर पाण्डे, सन्तोष वि.क. ।

मूल समितिमा नभए पनि रेसुङ्गा संरक्षण समितिका आजीवन सदस्य रामबहादुर थापा (भाडगाउँ)ले विशेष सहयोग गोशालामा गर्दै आउनुभएकोले उहाँलाई पनि मनोनीत गरी उप-समितिभित्र राखियो ।

२०८० वैशाखमा गुल्मी जिल्ला रुरुक्षेत्र गाउँपालिका घर भै हाल काठमाडौं वनस्थलीमा बस्दै आउनुभएका इन्जिनियर झवीन्द्र ज्ञवालीको टिम गुल्मीको रेसुङ्गा गोशालामा रहेका गाईगोठ र आवासलाई व्यवस्थापन गर्नको लागि केही रकम सहयोग गर्ने संकल्पका साथ हामीहरूको संपर्कमा आउनुभयो र हामी समितिका सम्पर्कमा भएका व्यक्तिहरू र केही यसै क्षेत्रमा बसेका समाजसेवी व्यक्तिहरू गरी करिब २०-२५ जनाको समूहले तम्घास स्थान मन्दिरको प्राङ्गणमा इ. झवीन्द्र ज्ञवालीको टिमलाई स्वागत गऱ्यो । सोही कार्यक्रममार्फत इन्जिनियर सरले रेसुङ्गा गोशाला व्यवस्थापनको लागि रु साठी लाख रुपियाँ सहयोग गर्ने घोषणा गर्नुभयो । जसमध्ये गाईलाई दाना, घाँस र औषधिको लागि रु. पाँच लाख, गोठ व्यवस्थापनको लागि रु. २० लाख, आवास मर्मत संभारको लागि रु. १० लाख, अक्षयकोष निर्माणको लागि रु २० लाख, ट्वाइलेट निर्माणको लागि रु पाँच लाखको सिलिङ्सहित कुन कामको कति रूपैयाँ भनेर उहाँले आफै काम र रकम छुट्याएर हामीलाई दिनुभयो र सोही समारोहमा हामीलाई घाँस, दाना र उपचारमा खर्च गर्ने भनी नगद रु. पाँच लाख दिनुभयो । त्यसपछि समिति तत्काल कामदारहरू खोजी समितिको रेखदेखमा गोठ मर्मत संहारमा लाग्यो ।

जसको नेतृत्व यसै उपसमिति सदस्य झकबहादुर बस्नेतलाई दिइयो । उहाँको सक्रियतामा हामीले सोचेभन्दा बढी काम भयो । तत्काल २ वटा पुराना दक्षिण र पश्चिमका गोठको तीनैतिर दिबाल लगाएर प्लास्टर पनि गरियो । गाई बस्ने ठाँउमा इटा बिच्छाई बस्न सजिलो बनाइयो । पुरानो घर ३ कोठा र एउटा हल मात्र थियो जसमा ओसारी थिएन, ओसारी राखी हलमा पार्टेसन गरी घर प्लास्टर गरी रंगरोगन गरियो । ओसारीअगाडिको दाना खाने डुँढ पनि सोही खर्चमा बन्यो । घरको दक्षिण साइडमा तल २ ओटा र माथि २ वटा गरी ४ कोठे ट्वाइलेट पनि बनाइयो । जसमा अहिले ६ कोठाको आवास, ओसारी, ट्वाइलेट र एक भान्साघर निर्माण भएको छ । एउटा कोठा एटेचसहितको शौचालय छ । जसमा हाम्रा पाउनाहरूलाई बस्ने पनि व्यवस्था छ । अझै पनि दक्षिणतर्फको गोठमा तला थपी समान स्तरको बनाउने कार्य बाँकी नै छ । यति कार्य गर्ने हो भने तीनैओटा गोठ एकैनासे हुनेछन् ।

माथि उल्लिखित रकमको सिलिङमा रही उपसमितिको सक्रियता र झकबहादुर बस्नेत दाइको विशेष सक्रियताले सोचेभन्दा बढी मेहेनत र कैयौं रात त उहाँ गोशालामै बास बस्नुभयो र मात्र त्यो सिलिङअनुसारको खर्चमा बनेको हो । हामीलाई पहिलाको नगद रु पाँच लाख र पछि पटक-पटक गरी रू २० लाखसमेत गरी जम्मा नगद रू २५ लाख प्राप्त भएको छ । बाँकी रु. ३५ लाख प्राप्त हुँदै जाने आशा गरेका छौं । यस अतिरिक्त उहाँले अरू विभिन्न सहयोग पनि गर्दै आउनुभएको छ । जसमध्ये गोअर्क बनाउने सामग्री, गोअर्क राख्ने बोतल, बोतलमा लगाउने लेवल, अनि रेसुङ्गाको र गोशालाको विकासको लागि प्राविधिक सहयोग पनि गर्दै आउनुभएको छ । इ. झवीन्द्र ज्ञवालीको सक्रियता र सहयोगले गोशाला व्यवस्थित गर्न निकै ठूलो मद्दत पुगेको छ ।

हामीहरू समितिमा आएर व्यवस्थापनमा चासो देखाएपछि गाईहरूको संख्यामा पनि वृद्धि भयो । दुईवटा गोठमा गाईहरू नअटाउने भएपछि रेसुङ्गा नगरपालिका र पशुपक्षी निर्देशनालय बुटवलमा गोठको लागि रकम माग गरियो । २०७९-०८०को बजेटबाट रकम विनियोजित भयो । जसमध्ये रेसुङ्गा नगरपालिकाको २०७९-०८० को बजेटबाट रु. १५ लाख र बुटवलबाट १० लाख गरी जम्मा रु २५ लाखमा १० फिट चौडा ६० फिट लामो, बीचमा घाँस दाना खान मिल्ने डुँडसमेत र पुरानो पश्चिमतर्फको गोठमा तला थपी नयाँ टिन लगाई दुईवटा गोठ एकैनासका भएका छन् । जो अहिले देख्न सकिन्छ । जसको श्रेय झकबहादुर बस्नेतलाई जान्छ, किनभने उहाँको सक्रियताको कारण स्टिमेट भन्दा बढी काम गर्न सकिएको हो । अहिले हामीसंग करिब २०० भन्दा बढी गाईको संख्या छ र हाम्रा ग्वाला (गोसेवक)हरू पनि सात जना छन् । जसमा पुनाराम

पाण्डेको नेतृत्वमा सन्तबहादुर पुन, टामलाल खनाल, वासुदेव न्यौपाने लोकबहादुर घर्ती गोसेवामा समर्पित छन् । बाहिर सहयोग गर्ने सुमित्रा पाण्डे र रामचन्द्र पाण्डे पनि त्यहाँ छन् । ग्वालाको लगनशीलता र समितिको सक्रियताका कारण स्थानीय गाईहरूबाट पनि अहिले दूध उत्पादन भएको छ । ग्वालालाई खान, बस्न र गाईलाई दाना, घाँसको खर्चले गोशाला घाटामा चलिरहेको छ । हामीले गोबरलाई प्रशोधन गरी मल उत्पादन गर्ने हेतुले गँड्यौला मलको कार्यक्रम पनि सञ्चालन गरेका छौ र गोबर मललाई पिसेर अरू केही सामाग्री मिलाएर कम्पोस्टमल बनाउने हेतुले मेशिनहरू पनि उपलब्ध भएका छन् । प्राविधिकको अभावमा सो कार्य सन्चालन हुन सकेको छैन । सो कार्य सञ्चालन गरी मल वितरण गर्न सक्ने हो भने गोशालाको खर्चमा केही सहजता आउने थियो ।

यसै बीचमा २०८० साल कार्तिकको गोपूजा औंसीको अवसरमा गोमहोत्सव मनाइयो, गोकथा सुनाइयो प्रमुख वाचक पंडित रमेशप्रसाद सुवेदी, सहायक पंडित देवनयन लामिछानेको सहयोगमा उक्त यज्ञ सम्पन्न गरियो । जसमध्ये हामीलाई सम्पूर्ण खर्च कटाई रू २० लाख आम्दानी भएको थियो र २०७५ सालको गोपूजा औंसीलाई मध्यनजर गरी हामीले गोमुष्टिदान भन्ने कार्यक्रम सञ्चालन गरेका थियौँ र त्यसैमा अर्को कार्यक्रम गोअक्षयकोष भन्ने थियो । जसमा गोमुष्टिदानमा दिनको रु एक गरी वर्षमा जम्मा रु. ३६५ छ र गोअक्षयकोषमा रु. ११,१११ भन्दा माथि छ । यो कार्यक्रममा पनि १०० भन्दा माथि सदस्यहरू पुगिसक्नुभएको छ । यी दुबै कार्यक्रम निरन्तर सञ्चालन भैरहेका छन् । यसमा समावेश हुन चाहने महानुभावहरू पनि यस कार्यक्रममा समावेश हुन जहिले पनि सक्नुहुनेछ । यस कार्यक्रमबाट अहिले हामीसंग रु १५ लाख जम्मा भएको छ । यी दुबै रकम गरी हामी संग ३५ लाख रुपियाँ जम्मा भएको छ । यो रकम गोशाला व्यवस्थापन उप-समितिको नाउँमा मुक्तिनाथ बैंकमा गोशाला अक्षयकोष भनी जम्मा छ । जसको ब्याज र अन्य स्रोतबाट गाईको व्यवस्थापन हुँदै आएको छ सो मूल धन भने मासिने छैन । यो रकम १ करोड पुऱ्याउने लक्ष्य छ । हजुरहरू लाई पनि गोशाला अक्षयकोष कार्यक्रममा सहभागी हुन गोशाला उप-समिति र रेसुङ्गा संरक्षण समिति हार्दिक अनुरोध गर्दछ ।

यस गोशाला परिसरमा पंछी संरक्षण नेपाल भन्ने संस्थाका प्रमुख भरत पन्थीको सक्रियतामा पश्चिमपट्टिको गोठपछाडि १० फिट वाइ २० फुट लामो टहरो र जिल्ला भेटेनरीबाट पनि १०-२० फुटे टहरो गरी पछाडि २ वटा टहराहरू छन् । उत्तरपट्टिको गोठपछाडि एउटा ८ वाइ ३० फुटको टहरो पनि जिल्ला भेटेनरीबाट

आएको रकमबाट निर्माण भएको हो । मूल गेटबाट दाहिनेपट्टिको जालीवाला गोठ बिउबिजन संकलन केन्द्र भनी जिल्ला भेटेनरी अफिसले आफै टेन्डर गरी ठेक्का पट्टाबाट बनाएकोले हामीलाई रकम थाहा भएन । अहिले गोशाला परिसरमा साना ठूला गरी जम्मा ७ वटा गोठ टहरा र पूर्वमा आवासगृह र ट्वाइलेटहरू छन् । जो अहिले देख्न सकिन्छ । यसै सन्दर्भमा सावनी क्षेत्रमा पानीको अभाव भएको कारण गाई वस्तुलाई पानी खान र चरनको लागि धेरै समस्या थियो । सोही कारण जिल्ला खानेपानी कार्यालयमा अनुरोध गरी करिब २५ लाखको लागत स्टिमेटमा झकबहादुर बस्नेतको नेतृत्वमा ३ वर्षमा सावनी शिवालय परिसरमा पानी खसाली पक्की ट्र्याङ्कीसमेत निर्माण सम्पन्न भएको छ । सोही ठाउँमा पंछीसंरक्षण नेपालका भरत पन्थीको पहलमा रु १ लाख ५० हजारको लागत स्टिमेटमा एउटा सुख्खा पोखरी पनि निर्माण भैसकेको छ । सावनीको आश्रममा जाने सबैलाई सहज होस् भन्ने उद्देश्यले रेसुङ्गा नगरपालिकाको रु. ५ लाखको सहयोगमा २०७९ सालको कार्तिकमा धनगाडे-सावनी मन्दिर परिसरसम्म श्री थमनबहादुर खड्काको सक्रियतामा मोटर बाटोको ट्याक खोलिएको छ । रेसुङ्गा संरक्षण समिति र गोशाला उप-समितिका सबै पदाधिकारी साथीहरू र समितिभन्दा बाहिर रहेर रेसुङ्गा र गोशालाको उन्नति चाहने सम्पूर्ण महानुभावहरूलाई विशेष धन्यवाद छ । घाँस, दाना, नून निःशुल्क सहयोग गरी पुण्य कमाउने व्यक्तित्वहरूलाई र जो व्यक्तिहरू गोमुष्टिदान र गो अक्षयकोषमा समावेश हुनु भएको छ उहाँहरू सबैलाई हार्दिक धनयवाद छ । गोशालाको अवस्था अहिले जे छ यो सबैको सहयोगले भएको हो र भोलि पनि सबै सामाजिक व्यक्तित्वहरूलाई यस कार्यक्रममा सहभागी हुनको लागि हार्दिक अनुरोध छ ।

रेसुङ्गाको चौतारास्थित यो गोशाला गुल्मी जिल्लाकै एकमात्र स्थानीय गाईको संरक्षित सामुदायिक गोशाला हो । यो निरन्तर समुदायबाट सञ्चालित छ जसमा माथि उल्लिखित गाईहरूको पालन पोषण, गोसेवकहरूको तलवभत्ता, भोजन र बासको व्यवस्थापन सबै समुदायमा आधारित भएकोले व्यवस्थापनमा साह्रै नै दुःख भएको छ । त्यसैले यसको जिम्मा स्थानीय सरकारले लिने हो भने व्यवस्थापन गर्न सजिलो हुने थियो भन्ने उप-समितिको धारणा रहेको छ ।

**संयोजक**
**गोशाला व्यवस्थापन उप-समिति**
**रेसुङ्गा संरक्षण समिति, गुल्मी ।**

०००

# रेसुङ्गा भ्रमण : एक सम्झना



✍प्रदीप पौडेल

मलाई सम्झना भएअनुसार वि.सं.२०५७ सालमा न्यु लाइफ इङ्गलिस बोर्डिङ स्कूल मरेङ्ग अर्घाखाँचीमा कक्षा चारमा पढ्दा रेसुङ्गा शैक्षिक भ्रमणमा गएका थियौँ । त्यतिखेर हामीहरू कक्षा ३ र ४ का विद्यार्थी र शिक्षकहरू गरी २८ जनाको टोली रहेको थियो । त्यस भ्रमणका लागि हामी विद्यार्थीहरूले केही रकम उठाएका थियौं । हामीहरू बिहान आठ बजे नै जम्मा भई हिंड्दै-हिंड्दै दश बजे तम्घास पुग्यौं । त्यतिखेर अर्घाखाँचीदेखि गुल्मीसम्म मोटरबाटो भए पनि गाडीहरू जिप, भ्यान, हाइस, बस आदि केही चल्दैनथे, केवल ट्याक्टर र मोटरसाइकल मात्र चल्दथे ।

हामीहरू हिंड्दै-हिंड्दै तम्घास पुग्यौं । त्यहाँ सामान्य खाजा खाई करिब १०:३० बजेतिर हामीहरू रेसुङ्गातर्फ लाग्यौं । माथितिर जाँदै गर्दा बीचको डाँडामा दूरसञ्चार टेलिफोनको टावर रहेको थियो । टावरको बाहिरी कम्पाउण्डबाहिर सामूहिक फोटो खिच्यौं, जुन टावर पछि माओवादीले आक्रमण गरी ध्वस्त पारेका थिए ।

बिस्तारै म मेरा साथीहरू सागर भुसाल, प्रकाश भुसाल, भुवन भुसाल, दीपेन्द्र आचार्य, अनिल आचार्य, सबुराज आचार्य, रोशन आचार्य, शिशिर आचार्य, अनिल बुढाथोकी, गीता बुढाथोकी, सुशीला बुढाथोकीलगायत अन्य साथीहरूसहित रमाइलो गर्दै गयौं । साथै हामीहरूसँग प्रिन्सिपल सर जीवनकुमार देवान, सरहरू शिव पाण्डे, विष्णु भुसाल, नमराज श्रेष्ठ, निल देवान र गीता कुवँर मिस सगैं हुनुहुन्थ्यो । त्यो जङ्गलको बाटो हुँदै हामी माथि डाँडामा पुग्यौं, जहाँ एउटा मन्दिर रहेको थियो । त्यहाँ हामीले एकजना तपस्वी तथा सन्त ऋषिसँग टीका तथा आशीर्वाद ग्रहण गर्‍यौं ।

त्यहाँबाट अगाडि बढ्दै विभिन्न मठ–मन्दिरहरू अवलोकन गर्दै रेसुङ्गा मन्दिर तथा यज्ञशाला पुग्यौँ । त्यस मन्दिरको आकर्षक बनावट, हवनकुण्ड दुईवटा जगरका बोट, धुपीका बोट वरपर रहेका अन्य मठमन्दिर र आश्रमले त्यहाँ आकर्षण थपेका थिए । त्यहाँ रहेको सिद्धसरोवर पोखरी हामी जाँदा भर्खर गुल्मी अर्घाखाँची ग्रामीण विकास परियोजना गार्डेप (GARDP) द्वारा जीर्णोद्धार हुँदै थियो । हामी गएको २–३ दिनपछि ठुली एकादशी परेकोले भक्तजन र तीर्थयात्रीहरू नुहाउन जाने भएकाले त्यसका लागि पाइपबाट पानीको व्यवस्था गरेको देखिन्थ्यो । त्यसपछि हामी जङ्गलको बाटो हिड्दै बेलुकीपख ५ बजेतिर तम्घास आइपुग्यौँ । बेलुका म चाहिँ तम्घास क्याम्पसरोडमा रहेको फुपू दिदीको घरमा बसेको थिएँ । अरू सबै साथीहरू, मिस मेडम र सरहरू तम्घासको चर्चित होटल अर्जुन होटलमा बस्नुभएको हो । अर्को दिन हामी बिहान अर्घाखाँची घरतिर लागेका थियौँ ।

त्यतिखेर सानो उमेरमा र धेरै (२५/२६ वर्ष) अघि गरेको यात्रा भएकाले त्यति धेरै कुरा याद छैन । तर पनि रेसुङ्गाको हरियाली, वनजंगल, त्यहाँबाट देखिने वरिपरिको मनमोहक दृश्य, धार्मिक र पौराणिक रूपले महत्त्वपूर्ण मठ–मन्दिरको अवलोकन गर्न पाएका थियौँ । हामीहरू सानै उमेरका भएकाले रेसुङ्गामा धार्मिक र पौराणिक महत्त्वबारे धेरै जानकारी पाउन सकेनौँ । तर पनि त्यो पहिलो शैक्षिक भ्रमण भएकाले रमाइलो अनुभव गरेका थियौँ ।

नजिकै छिमेकी जिल्लाको बासिन्दा भए पनि त्यसपछि मलाई रेसुङ्गा जाने अवसर जुरेको छैन । नजिकको तीर्थ हेला भन्ने भनाइ लागु भएजस्तो देखिए पनि अवसर नमिलेको ठान्नु उपयुक्त होला । हाल रेसुङ्गालाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न स्थानीय तहले लगानी गरेको पाइन्छ । रेसुङ्गालाई धार्मिक र पौराणिक रूपले प्रसिद्ध धामका रूपमा विकास गर्न जरुरी छ । लुम्बिनी र अर्घाखाँचीको सुपा देउराली आउने स्वदेशी तथा विदेशी तीर्थयात्री र पर्यटकहरूलाई रेसुङ्गा आउने वातावरण बनाउन समन्वय र पहल गर्नु हाम्रो कर्तव्य हो । रेसुङ्गा एक पवित्र धार्मिक स्थल र तपोभूमिका रूपमा रहेकोले यसको प्रचारप्रसार हुनुपर्दछ । मेरो रेसुङ्गा भ्रमणसम्बन्धी संस्मरण लेखमा रहेका कमी कम्जोरीप्रति क्षमा माग्दै यहीँ बिट मार्न चाहन्छु, धन्यवाद ।

**शिक्षक**
**वाग्ला माध्यमिक विद्यालय धुर्कोट ७, गुल्मी ।**
**(छत्रदेव–८, अर्घातोस, अर्घाखाँची)**

ooo

**यात्रा-आख्यान**

# धुलो उडाउँदै, तानसेन-तम्घास बाटोमा रेसुङ्गा सम्झँदै



**✍जयदेव गौतम**

दगुरे लोटिन्छ, उम्ले पोखिन्छ भन्ने त सुनिएकै थियो तर यो उकालो र त्यो ओह्रालो अनि त्यो उकालो र यो ओह्रालोमा दगुर्ने सम्भावना वा उम्लिने आशङ्का पनि त थिएन । त्यसमा पनि उकालो र ओह्रालोका बीचमा आइरहने सम्म बाटोमा दगुर्ने कुरा त परै जाओस्, धेरै छिटोछिटो हिँड्ने ल्याकत पनि हामीसँग थिएन । अझ, तानसेन-तम्घास जोड्ने गरी भर्खरभर्खर खनिएको र खन्दै गरिएको कच्ची सडकमा सर्वत्र भरिएको धूलो र घरीघरी त्यो मार्गमा आइजाई गरिरहने ट्र्याक्टर, ट्रक र जिप्सी वा मारुती जीपहरूले उडाउने धूलोको त झन् के कुरा थियो र ! समयको त्यो बेलामा त्यो पथ भएर आवतजावत गरेकाहरूलाई त्यो धुइरीमण्डलको झझल्को सम्झना होला कि त !

विक्रमाब्ध दुई हजार बयालीस-त्रिचालीस सालतिरको सन्दर्भ हो । त्यस बेलाको जाडो याममा एक दिन हामी तीन दोस्तले आफूहरू कहिल्यै नपुगेको थलो गुल्मेली सदरमुकाम तम्घाससम्म पुगी फर्कने भनेर पयर उचालेका थियौं । आखिर हाम्रो गृह जिल्ला पाल्पा त गुल्मीसँग जोडिएकै जिल्ला हो, तापनि हामी त्यस बेलासम्म पाल्पा-गुल्मी जोड्ने धार्मिक क्षेत्र रिडीभन्दा टाढा गएका थिएनौं । त्यस कारण पनि हामी कम्तीमा त्यस दिन तम्घास पुग्न जुर्मुराएका थियौं ।

तम्घास पुगेपछि गुल्मीकै शानका रूपमा रहेको रेसुङ्गाको अग्लो डाँडो पनि पुग्न सकिने हामीले हामीसँगै त्रिभुवन बहुमुखी क्याम्पसमा पढ्ने गुल्मेली सहपाठीहरूको मुखबाट पटकपटक सुनेकै थियौं । अनि यति भएपछि त तम्घास हुँदै रेसुङ्गा पनि पुग्ने गरी पाल्पाली सदरमुकाम तानसेनमा केही समय अडिएर

हामीले आफ्ना पयरहरूलाई गतिशील बनाएका थियौं ।

तिनताका हामी पाल्पा दरबारको ठीक अगाडि रहेको मखनटोलभन्दा अलि तलतिर बडीज्ञान टोलमा बस्थ्यौं । उठ् जोगी फट्कार छाला, जहाँ जाला भातै खाला भने झैं बिहानै हामी फटाफट तयार भयौं र जे जस्तो आइपरे पनि त्यसै अनुसार ब्यहोर्ने ठहर गर्दै घटीमा दुई र बढीमा तीन रात तम्घासमा बिताउने गरी गन्तव्यतर्फ हिँड्यौं । लगत्तै डेराबाट निस्केर हामी शीतलपाटीमा उभिएका थियौं । त्यहाँबाट हामी ठाडो गल्ली र भगवती टोल हुँदै वसन्तपुर पुग्यौं । अनि त्यहाँबाट कैलाशनगर टोल पनि नाघेर छिट्टै बतासेडाँडा पुगिसकेका थियौं ।

नाम बतासेडाँडा भए पनि हामी त्यहाँ पुग्दा बतासेडाँडामा बतास थिएन । हावाहुरी वा सिरेटो केही चलेको थिएन, यद्यपि चीसो भने राम्रै थियो । त्यहाँ उभिएर टाढाटाढा हेर्दा केही समय पहिले मात्र ब्युँझेका अनेक गाउँहरू देखिन्थे । अझ पर केही देखिँदैन थियो, देख्न सकिँदैन थियो किनभने हिउँदे यामको कुहिरो बाक्लो तन्ना बनेको थियो र त्यसले टाढासम्मको दृश्य सबै आफूभित्र छोपेको थियो ।

त्यहीँ बतासेडाँडामा बाटोभन्दा माथितिर त्रिभुवन क्याम्पसको विज्ञान सङ्काय भवन एक्लै-एक्लै टोलाउँदै निराश उभिएको थियो । बाटोको तल्लोतिर चियाचमेना पसलहरू थिए । अझ तल तानसेन बसपार्कबाट लहरेपीपल हुँदै ट्र्याक्टर र ट्रक आदि आइजाइ गर्ने धुलो भरिएको वनकालीको बाटो त्यहीँ बतासेडाँडामा आइपुगेपछि ठूलो बाटोमा मिसिन्थ्यो । मोटरगाडीले उडाएको धुलोले वनकालीका धेरैजसो सल्ला रूखहरू धुलाम्मे देखिएका थिए ।

बतासेडाँडा नाघ्दै गर्दा बाटाछेउ वनकालीमा ठडिएका सल्ला-रूखहरू क्रमशः पछाडि छुट्दै गए । त्यतै एक छेउमा शव गाडेर अन्तिम संस्कार गरिएको सङ्केत दिने चिहानघारी हेर्दै हामी अगाडि बढ्दै गएका थियौं ।

खासमा बतासे हुँदै दुई धार्मिक स्थलहरू भैरवस्थान र रिडी क्षेत्रसम्म त पटकपटक पुगेकै थियौं । श्री भैरवको दर्शन गर्न बाक्ला-गुलिया-चिल्ला रोट चढाउने वा भाकल गरेर पाठा बलि दिने कार्यका लागि घरबाटै भैरवस्थान जानेआउने काम बेलाबखत गरिएको थियो भने रिडीमा त माघे सङ्क्रान्ति मेला भर्न अनि रिडी खोला र गण्डकी नदीको सङ्गम स्थलमा पवित्र स्नान गर्नका लागि वर्षमा कम्तीमा एकपटक त त्यहाँ पुग्ने गरेका थियौं । त्यस कारण बतासेडाँडा छाडेर रिडी पुग्दासम्म बाटामा आउने ढुङ्गाखानी, सम्मबारी, भार्कोट, भैरवस्थान, हार्थोक, मालमुल, लगुवा, जोर्ते, अर्गली आदि जस्ता प्रमुख स्थानका

नाम हाम्रा लागि परिचित नामहरू थिए ।

हामी अहिलेका तन्नेरी यायावर तीनै जनाले आफ्नै गाउँमा भएको "श्री दर्लमडाँडा माध्यमिक विद्यालय" मा पढेका थियौं, र त्यहीँबाट दश कक्षाको ल्याकत परीक्षा -सेन्टअप टेस्ट- उत्तीर्ण गरेपछि तानसेनबाट एसएलसी परीक्षा दिएका थियौं । र, त्यसमा सफल भएपछि मात्र क्याम्पस पढ्न थालेका थियौं । त्रिभुवन क्याम्पसको मूल भवन पनि राणाकालीन सानो दरबार नै थियो ।

तर त्यस पहिलेसम्म हामीले जानेका दरबार एउटा पाल्पा दरबार थियो र अर्को चाहिँ राणाकालीन तैनाथवाला बहाहाकिम जनरल खड्गशमशेर जबराले आफ्नी दिवङ्गत कान्छी महारानी तेजकुमारीको अन्तिम इच्छाअनुसार कालीगण्डकी नदीको किनारमा बनाएको "रानीमहल" दरबार भनेर सुनेका थियौं ।

खासगरी रानीमहलको नक्शाङ्कन चाहिँ बेलायती आर्किटेक्ट बोलाएर र धेरैजसो कामदार चाहिँ भारतबाट ल्याएर वि.सं.१९५० मा निर्माण सम्पन्न भएको थियो । अझ रानीमहल बन्न त चार वर्ष लागेको थियो भने भारतीयबाहेक खड्गशमशेरको मातहत रहेका चार पल्टन सेना र महल निर्माणस्थल रहेको खानीगाउँ समेत नजिकको सबै गाउँका मानिसलाई पनि निर्माणकार्यमा लगाइएको थियो ।

भारतको आगरामा यमुना नदीको छेउमा निर्माण भएको र प्रेमको प्रतीक मानिने "ताजमहल" लाई दृष्टिगत गरी रानीमहललाई "नेपालको ताजमहल" पनि भन्ने गरिन्छ । (अचेल रानीमहल सानोतिनो सङ्ग्रहालय जस्तो बनाइएको छ, तानसेनबाट केवल आधा घण्टामा यहाँसम्म पुग्न सकिने गरी पक्की सडक पनि बनाइएको छ, र, सरकारी तवरबाटै मर्मत-सम्भार गरी पर्यटकीय आकर्षण केन्द्रका रूपमा संरक्षण गरी राखिएको छ) ।

यस्तै प्रसङ्ग पाल्पा दरबारको पनि छ । मैले पढेको थिएँ, पाल्पा दरबारलाई पुनर्निर्माण गरी यसलाई आधुनिक रूप दिने काम राणाकालीन तैनाथवाला जनरल प्रतापशमशेर जबराले गरेका थिए । उनले यो कार्य विक्रम संवत् १९८१ म गरेका थिए । तर त्यस पहिले राणाशासनको जग बसाल्ने जङ्गबहादुरका भाइ बद्री नरसिंहले वि.सं.१९१० देखि १९३० सम्म बीस वर्ष लामो समय लगाएर यस दरबारको निर्माण गराएका थिए ।

त्यसरी दरबार बने पनि त्यसको समुचित प्रयोग हुन सकेन । त्यसले गर्दा क्रमशः जीर्ण हुँदै गई यो भत्कने अवस्थामा पुगिसेकेको थियो । त्यही बेला पाल्पा खटाइएका प्रतापशमशेरले जीर्ण भइसकेको पुरानो दरबार भत्काएर

अहिलेको दरबार बनाएका थिए । करीब पचास रोपनी जग्गा ओगटेको दरबार तत्कालीन शासकको निवासका साथै प्रशासनिक मुख्यालयका रूपमा प्रयोग हुन्थ्यो ।

वि.सं.२००७ सालमा राणाशासन ढलेर मुलुकमा राजतन्त्रात्मक प्रजातन्त्र स्थापित भएपछि यो दरबार जिल्लाको प्रशासनिक भवनका रूपमा प्रयोग हुँदै आयो । पछि, पञ्चायतकाल र बहुदीय लोकतन्त्रकालमा पनि दरबारको प्रयोग यही रूपमा हुँदै आएको थियो । तर देशमा सशस्त्र द्वन्द्व चलेको बेला विद्रोही नेकपा (माओवादी) ले वि.सं.२०६२ माघमा तानसेनमा भीषण आक्रमण गर्दा गोली र आगलागीले गर्दा यो दरबार पनि ध्वस्त भएको थियो । यसरी एउटा इतिहास मेटिएको थियो तर त्यसका पदचाप समयको स्मृतिमा सुरक्षित थिए ।

पछि स्थानीय जनको माग र निरन्तर प्रयासपश्चात् सरकारले यस दरबारको पुनर्निर्माण गर्ने निर्णय लियो । फलतः वि.सं.२०६४ असार अन्तिममा यो कार्य शुरु भएको थियो र करीब छ वर्षपछि वि.सं.२०७० भदौमा त्यो पुनर्निर्माण सम्पन्न भएको थियो । अहिले यो दरबार पहिला जस्तो जिल्लाको प्रशासनिक भवनका रूपमा छैन, बरू अब त लुम्बिनी प्रदेश सरकार मातहत "पाल्पा दरबार सङ्ग्रहालय" का रूपमा बहुउद्देश्यीय सङ्ग्रहालय भनेर सुरक्षित र संरक्षित छ ।

तानसेन-तम्घासको कुरा भइरहँदा दरबारहरूको सन्दर्भ कसरी जोडिन आइपुग्यो ? खासमा हामी लक्का जवान यात्रीहरूलाई अर्गलीमा पनि एउटा माध्यमिक विद्यालय छ भन्ने थाहा थियो । त्यस कारण अर्गली भएर हिँड्दै गर्दा चिची पनि पापा पनि हुने भन्दै एकपटक त्यो विद्यालय पनि हेरी हालौं न त भन्ने हामीले ठहर गरेका थियौं । अर्गलीको त्यो स्कूल "श्री त्रिभुवन माध्यमिक विद्यालय" थियो ।

तर, ए मेरी बास्सै ! कति ठूलो भवन हो ! पक्की पनि, र, उस्तै शानदार पनि ! दर्लमडाँडाको हाम्रो विद्यालय त त्यस्तो थिएन ! हामीले बर्सेनि बडादशैंको बेला विद्यालयबाटै टाढा पुगेर कमेरो र रातो माटो बोकेर ल्याउनु पर्थ्यो । अनि विद्यालय लिप्नु पनि पर्थ्यो । विद्यालयमा निर्माणकार्य चलिरहँदा वा कामचलाउ डेस्क-बेन्च बनाउनु पर्दा कहिलेकाहीँ वनजङ्गल गएर रूख ढाल्नुपर्थ्यो र बल गरेरै एमानका काठ बोकेर विद्यालयमा ल्याउनुपर्थ्यो । त्यो सबै गर्दा कहिले हातमा ठेला उठ्थे त कहिले काँधमा छाला जान्थ्यो, अनि कति दिनसम्म दुःखीरहन्थ्यो !

जेहोस्, त्रिभुवन विद्यालय बन्द थियो । तर हामीलाई थाहा थियो- सोधे

बुझिन्छ, खोजे पाइन्छ । त्यस कारण विद्यालय भवनबारे केही गाउँलेहरूलाई सोध्यौं । अनि बल्ल पो थाहा भयो, अहिले श्री त्रिभुवन मा.वि. रहेको भवन त राणाकालीन दरबार पो रहेछ । तत्कालीन प्रधानमन्त्री श्री ३ जुद्धशमशेर जबराले आफू पाल्पा आएको बेला शीतल मौसममा विलासी समय बिताउन त्यो दरबार बनाएका रहेछन् । पछि पञ्चायतकालमा वि.सं.२०२८ सालमा नयाँ शिक्षा योजना लागू भएर देशमा जनसङ्ख्या बढेसँगै विद्यार्थी सङ्ख्या पनि बढ्दै गयो, त्यही क्रममा त्यो अर्गली दरबार विद्यालय भवनका रूपमा प्रयोग हुन थालेको रहेछ ।

सबै कुरा कहन सकिन्न, भोक लागेको सहन सकिन्न । त्यस कारण हामी विद्यालय छाडेर फेरि मूल सडकतिर आइपुग्यौं, रिडीतिर जाने मार्गमा । सडकछेउमा केही चियाचमेना पसल थिए । हामीले सेलरोटी, चुकाउनी, समोसा र चिया खायौं । त्यही क्रममा केही विश्राम पनि भइहाल्यो । अनि हाम्रो पारा फेरि उही भयो, अर्थात्, हामी उठ्यौं र छाला फट्कार्‍यौं, जहाँ जाने भन्ने त थाहा छँदै थियो ।

अचेल जोर्तेको ओह्रालो झर्ने बेलामा सिरानमै श्री विश्वकर्माको मन्दिर छ । हामी त्यसरी हिँडिरहँदाको त्यो समयमा मन्दिर नै त बनेको थिएन, तर मूर्तिको आकार दिइएको आकर्षक पत्थर थियो । सडकमार्ग अप्ठ्यारो भएकाले वाहन दुर्घटना नहोस् भनेर त्यहाँ श्री विश्वकर्मा भगवान्लाई स्थापित गरिएको थियो । अर्गलीमा पनि सडकछेउ मन्दिर थिए । र, थिए अबीर एवं सामग्री चढाएर पूजाआजा गरिएका र जुनसुकै बेला गर्न सकिने वरपीपल वृक्षहरू ।

अर्गली छाडेको केही समय (मिनेट वा घण्टा याद भएन) पछि हामी रुरुक्षेत्र रिडी पुगेका थियौं ।

रिडी रुरुक्षेत्र गुल्मी, पाल्पा र स्याङ्जा तीन जिल्लाको सङ्गमस्थल हो । यो क्षेत्र नेपालका चारधाम -मुक्तिक्षेत्र, रुरुक्षेत्र, पशुपतिक्षेत्र र वराहक्षेत्र- मध्येको एक प्रसिद्ध धाम भनेर पनि चिनिन्छ । यस क्षेत्रमा स्थापित खासगरी ऋषीकेश मन्दिर र योसँगै रहेको रुरु कन्या मन्दिर विशेष चर्चित छन् । ती दुई मन्दिरबाहेक पनि यहाँ अनेक प्राचीन मठ-मन्दिर र धार्मिक, ऐतिहासिक, पौराणिक दृष्टिले महत्त्वपूर्ण मानिने थुप्रै स्थान छन् ।

ऋषीकेश र रुरुकन्या मन्दिरहरूका साथै भगवती मन्दिर, भीमसेन मन्दिर, लक्ष्मीनारायण मन्दिर, मणि मुकुन्देश्वर मन्दिर, विष्णु मन्दिर, शिवालय र अन्य कतिपय साना मन्दिर उत्तिकै दर्शनीय मानिन्छन् । (अझ पछिल्लो समयमा त यहाँ तीन जिल्लालाई जोड्ने गरी रिडी नदीमाथि आकर्षक तीनमुखे पुल निर्माण

भएको छ र यसले पर्यटक, यात्रु र तीर्थयात्री सबैलाई आवागमन निकै सहज बनाइदिएको छ । यही साँघु हेर्न मात्र पनि टाढाटाढाबाट मानिसहरू यहाँ आउने गर्छन् ।) ।

नेपालमा जहाँजहाँ ठूला मठ-मन्दिर वा गुफा वा धामहरू छन्, ती सबै क्षेत्रमा केही न केही पौराणिक किम्बदन्ती जोडिएकै पाइन्छ- त्यो चाहे मुक्तिनाथ होस् वा स्वर्गद्वारी, पाशुपत क्षेत्र होस् वा गोसाइँकुण्ड, वराहक्षेत्र होस् वा धनुषाधाम (रामजानकी मन्दिर र अन्य) काठमाडौको दक्षिणकाली र गणेशथान होऊन् वा सुदूरपश्चिमका मष्टा महादेव र माता भगवती मन्दिर।) ।

रूरूक्षेत्रमा पनि, सुनेअनुसार, उहिल्यै परापूर्वकालमा, देवदत्त नाम भएका कुनै ऋषिले यस क्षेत्रमा कठोर तपस्या गरेका थिए । उनको तपस्याबाट भयभीत भई त्यसमा व्यवधान पुऱ्याउन देवताहरूका राजा इन्द्रले स्वर्गबाट कुनै अप्सरालाई पठाए । सुन्दरी अप्सराका हाउ, भाउ र कटाक्ष देखेपछि ऋषिको तपस्या भङ्ग भयो । अप्सराले छोरी जन्माइन् । ती छोरीलाई रूरू नाम भएको मृगले लालनपालन गरे । त्यसकारण ती कन्याको नाम रूरूकन्या हुन गयो । कालान्तरमा तिनै रूरूकन्याको तपस्याको प्रभावबाट भगवान् ह्रषिकेश प्रसन्न भए र उनकै वरदान स्वरूप यो स्थान रूरूक्षेत्रको नामले प्रसिद्ध हुन गएको हो । भन्नेहरू भन्छन्, स्कन्द पुराण र वराह पुराणमा पनि यस धामको महिमा वर्णन छ ।

त्यो बेला हाम्रो यात्रा रिडीसम्म मात्र थिएन । केही समय त्यहाँ मन्दिर, पुल, नदी किनार र चमेनागृहमा बिताएपछि हामी तम्घासतिरको बाटो उकालियौं । अरु पनि चार जना अपरिचित मानिस पनि माथि बलेटक्सार भन्ने ठाउँसम्म पुग्ने भन्दै हामीसँगै जोडिए । सडकमा धुलो मस्तै थियो ।

हाम्रा एक जना नयाँ सहयात्री अलि बढी नै वाचाल थिएछन् । उनी सत्य घटना भन्दै सुनाउँदै थिए, "एक पटक एउटा जीपमा अन्य यात्रुसँगै दुई-तीन जना लाहुरे पनि भारतबाट छुट्टीमा गुल्मी शृङ्गा जान लागेका थिए । जीपका सबै जना धुलोले गर्दा लगभग नचिनिने भएका थिए । जीप रोकिएको बेला सिगरेट जलाउन लागेका एक लाहुरेसँग एक महिलाले आफूलाई भनेर एउटा सिगरेट मागिन् । ती लाहुरेले सहजै ती महिलालाई सिगरेट दिए । किनमेलका लागि रिडी आइपुगेकी ती महिलाले पनि सिगरेट सल्काइन् र मज्जासँग ओंठमा च्यापेर तान्न थालिन् । उता ती लाहुरेले चुरोट तान्दै आफू र आफ्नो कपडामा लागेको धुलो टकटक्याउँदै सफा गर्न लागे । अन्ततः सबै धुलो सफा गरिसकेपछि हेरेको लाहुरे महोदय भनेको त आफूलाई भनेर सिगरेट मागेकी तिनै

महिलाका श्रीमान् पो रहेछन् ।"

उनको कुरा सुन्दै र ए, ओहो, आबुई आदि अभिव्यक्ति थप्दै जाँदा हामी रिडी संस्कृत विद्यालय र प्रहरी चौकी हुँदै सडकमा अलि माथितिरै आइसकेका थियौं । रिडी पुलमाथि बगिरहेको सिरिरी बतास यता कतै थिएन । बरू उकालो हिंडाइले हाम्रो शरीर तातेको थियो र पसीना आउन शुरु भइसकेको थियो । सडकको दुईतिर उभिएका रूखहरू पनि शान्त थिए, मानौं जाडोले गर्दा हल न चल भए जस्ता थिए । सडक पनि मौन थियो र हामीले यही सडकै सडक हिंड्ने निधो गरेका थियौं ।

उकालो अलि कम भएपछि हामीले हिंड्ने गति बढायौं । अब चाहिँ हामी दायाँबायाँ नलागी सडक पनि नछोडी सोझै गन्तव्यसम्म पुग्ने ध्याउन्नमा थियौं । तसर्थ पनि हामी कम बोलिरहेका थियौं तर हाम्रा नयाँ सहयात्रीहरू भने अनवरत बोल्दै बाटो नाप्दै थिए । उनीहरूमा थकाइ भन्ने कुरा त लेस मात्र पनि देखिँदैन थियो ।

सडक कच्ची मार्ग थियो । भर्खरभर्खर खनिएको थियो । कति डाँडा काटिएका थिए त कति रूख ढालिएका थिए । यस कारण सडकमा धुलो त मस्तै थियो तर मानिस हिंड्दा मात्र धुलो उस्तोविधि उड्दैन थियो । अँ, ट्र्याक्टर-ट्रक-जीप वा यस्तै केही वाहन त्यो सडकमा गुड्यो भने धुलोको बादल बन्थ्यो । र, धुलो रमाईरमाई हामी पैदल यात्रुको शरीरभरि टाँसिन पुग्थ्यो । हामी केही पटक यो अनुभव सँगाल्न विवश बनेका थियौं तापनि हामीलाई तानसेन-तम्घासको बाटोमा धुलो उडाउँदै (र, खाँदै !) हिंड्नु त छँदै थियो ।

केही बेरमा पातलो बस्ती देखिने रात्माटा भन्ने ठाउँ आयो । त्यो नाघेर अघि बढेपछि अलि धेरै घर देखिने ठाउँ 'खनियाको रूख' आइपुग्यो । त्यो नाम हामीलाई अनौठो लाग्यो । गतिशील हाम्रो यात्रा थप दुई ठाउँ थोर्गा र पानी ट्याङ्की हुँदै बलेटक्सार पुग्यो, जुन तानसेनबाट तम्घास जाँदा रिडीपछि आउने पहिलो ठूलो बजार जस्तो लाग्यो । यहाँभन्दा केही अगाडि मूल सडकभन्दा अलि तल्लो भेगतिर वामीटक्सार भन्ने ठाउँ छ भन्ने सुनेका थियौं । त्यसो त हाम्रो तानसेनमा पनि त टक्सार टोल छँदै छ । खैर, हामीले छोटो विश्राम लिने नाममा फेरि हल्का चियाचमेना उदरस्थ गर्‍यौं ।

रिडीबाट हाम्रा सहयात्री बनेका बन्धुहरू त्यहीँ बलेटक्सारबाट अलग्गिए । सहयात्रीमध्ये सबैभन्दा बढी बोल्न रुचाउने टेकराज लोहनी भन्दै थिए, "ल है साथी हो, हिउँदे याम छ, छिटो रात पर्छ । तम्घास यहाँबाट अझै केही घण्टा

टाढै छ । समयको ख्याल राख्नू, किनभने, छेपारालाई जाडो भयो भनेर घाम लाग्दैन है ।"

ती सहयात्री रमाइला थिए । फरासिला पनि । हाँस्दै-हाँस्दै कति बेला गहिरा कुरा भनिसक्थे, पत्तै हुँदैन थियो । उनीहरू बिदा भएपछि पुनः एक्लिएका हामी तीन पाल्पाली युवाको टोली फेरि तम्घास जाने सडकमा लेफ्ट-राइट गर्न थाल्यो ।

मौन हिँड्ने कुरा हुँदैन थियो । त्यस कारण हामीबीच संवादको अन्त्यहीन सिलसिला चलेको थियो, कुराकानी भनेका आकाश-पाताल सबै थिए । टोलीका एक सदस्य नूरराजलाई लोकगीत गाउन मन पर्थ्यो, अनि त घरिघरी उनी शुरु गरिहाल्थे, " यो नानीको शीरैमा इन्द्रकमल फूल फुल्यो, मगमग चल्यो बासना, अङ्कुशेले तानौं कि झटारोले हानौं कि, यो नानीको शीरमै मोहनी..., यो नानीको शीरैमा... ।"

त्यसरी गाएको सुनेर अर्का टोली सदस्य देवीप्रसाद पनि जङ्गिगए जस्ता हुन्थे र 'अनि के हामीले गाउन सक्दैनौं भन्ठानेको' भन्दै गाउन कस्सिन्थे, "के को छाना खरको छाना, नाच्दै गाउँदै आएको तीन जना, ट्याक्सी गुडाउँदै, बाइरोडको बाटोमा धुलो उडाउँदै, ट्याक्सी गुडाउँदै, धुलो उडाउँदै... आकाशमा तीन तारा तीनतिर, जाले रुमाल बेचेर ऋण तिर, ट्याक्सी गुडाउँदै, धुलो उडाउँदै... ।"

संयोग, देवीको गीत सकिन पाएको थिएन, एउटा ट्रक हाम्रो अगाडिबाट गुज्रियो । धुलो त त्यही ट्रकले उडाएको थियो तर त्यो धुलोका निर्दोष शिकार चाहिँ हामी तीन बबुरा बन्यौं । धुलोले रमाईरमाई हामीलाई नुहाइदियो । हामी हाँस्यौं मात्र र आपसमा भन्यौं, लौ त, फेरि सित्तैको नेपाली पाउडर लगाउन पाइयो !

यसरी बात मार्दै, ठट्यौलिँदै, गीत गाउँदै, धुलोसँग मितेरी गाँस्दै हामी हिँडिरहेका थियौं । केही अगाडि सडकछेउमा एउटा काठ गाडिएको थियो र त्यसमा लेखिएको थियो- शृङ्गा । सडकको त्यो खण्ड शृङ्गामा पर्ने भए पनि गाउँ चाहिँ अलि टाढै थियो । सुने अनुसार, तल रिडी र बलेटक्सारभन्दा थोर्गा र शृङ्गा अनि त्यतैतिर भएको मानकोट चाहिँ अलि नाम चलेका गाउँ-ठाउँ थिए । खासगरी थोर्गा चाहिँ उहिल्यै राणा शासनकालमा (वि.सं.२००४ सालमा) काठमाडौंको तीनधारा संस्कृत पाठशालामा भएको चर्चित 'जयतु संस्कृतम्' आन्दोलनमा सक्रिय सहभागी भएका गोकर्णराज शास्त्री गौतमको घरगाउँ भनेर

बढी परिचित थियो ।

हिँड्नेमा हामी मात्र थिएनौं । मूल सडक थियो, स्वाभाविक तवरले अरु पनि मानिसको आइजाई भइरहेकै थियो । खास बाक्लो नभए पनि गाउँलेहरू कोही नाम्लोले ढाकर बोकेर त कोही डोको वा बेग्लै भारी बोकेर अनि कोही झोला बोकेर यात्रा गरिरहेका देखिन्थे । कोही थकाइ मार्न रूखको छाँयामुनि ढीकमा वा ढुङ्गामा बसेका हुन्थे । कोही चाहिँ 'देउराली' चुरोट तान्दै थकाइ मार्न खोजेका देखिन्थे । अझ कोही चाहिँ त गाउँघरमा हुने ठूला पातवाला सुर्ती माढ्दै गरेको पनि देखिए । सानो गोलो बट्टावाला खैनी शायद युवामाझ बढी प्रचलित भएकाले होला, यताउता फालेको भए पनि सडक-विश्रामकर्ताहरूले खाएको त्यहाँ खासै देखिएन ।

कोही एक्ला यात्रु देखिन्थे, थकित र गलित । उनीहरूलाई देख्दा एउटा उर्दू-हिन्दी शायरीको स्मृति भएर आउँथ्यो, "खोज्दा-खोज्दैमै बित्यो सिङ्गो जिन्दगी, तर अहिले मात्र बुझ्न सकैँ, आफैँभन्दा ठूलो सहयात्री अरु कोही हुँदैन रहेछ ।"

सडकै-सडक हिँड्दै जाँदा टाढाटाढा डाँडाहरूतिर र अलि तलतिर घरबस्ती देखिन्थे, कतै बाक्लो गरी बनेका त कतै पातलिँदो गरी ठडिएका, केही टीन वा जस्ता पाताले छाइएका त धेरैजसो चाहिँ खरको छानो भएका । हामी लुम्छा, भैँडुवा, वीरबास, राजा आदि ठाउँ हुँदै गौंडाकोट भन्ने सानो बजारक्षेत्र जस्तो लाग्ने स्थानमा पुग्यौं । त्यहाँ थुप्रै चियाचमेना गृह र होटल थिए । त्यो देखेर हाम्रो भोक पनि जागेर आएको थियो ।

गौंडाकोट भनेको चल्तीको ठाउँ रहेछ, एक किसिमले गौंडा जस्तै रहेछ, एक प्रकारले बहुपक्षीय सङ्गमस्थल जस्तो । यो ठाउँ ट्र्याक्टर, बस, ट्रक, जीप, कार र तमाम वाहनहरूको बिसौनी पनि रहेछ । नहोस् पनि किन ? आखिर तानसेन-तम्घास सडक यही ठाउँ भएर अगाडि जो बढ्छ । यात्रीहरू बलेटक्सारमा भन्दा अलि धेरै सङ्ख्यामा त्यहाँ राति बास बस्ने पनि गर्दा रहेछन् । हामीलाई एउटा कुरा विशेष लाग्यो, त्यहाँ अनेक घर-होटलहरूको छाना भने ढुङ्गाले छाएको थियो । त्यसअघि वीरबासमा पनि त्यसरी नै ढुङ्गे छत भएका एकाध घर देखिएका थिए, तर तिनले उस्तो ध्यान तानेका थिएनन् । गौंडाकोटका धेरै घरमा ढुङ्गे छत देखेर हामी त्यसतर्फ आकर्षित भएका थियौं । किनभने, हामीले पाल्पातिर र पहिलेपहिले रिडीसम्म आउँदाजाँदा त्यसरी ढुङ्गे छत देखेका थिएनौं ।

गौंडाकोटका बारेमा मेरो एउटा फरक सन्दर्भ पनि थियो । हाम्रो त्यो पहिलो तानसेन-तम्घास यात्राको लगत्तैपछि म फेरि एकपटक तम्घास पुगेको थिएँ, अर्कै एकजना भद्र तानसेनवासी साथी पुरुषोत्तम अमात्यसँग । उनी ठेक्कापट्टा व्यवसायी थिए । तानसेनबाट रिडीसम्म हामी ट्र्याक्टरमा गएका थियौं । त्यहाँबाट हामी खनियाको रूखतिर जाने उकालो बाटो लागेका थिएनौं, बरू रिडीबाट रुद्रवेणीतिर हानिएका थियौं । रुद्रवेणी मलाई रमाइलो लागेको थियो । ठूलो बाटो, बाटोका दुई छेउमा भवनहरू, अलि माथि डाँडातिर गाउँले बस्तीहरू, जताततै रूख-बुट्यानको हरियाली, कुरा गर्दा मानिसहरू पनि हँसिला र फरासिला आदि देखेर मनै चङ्गा भएको थियो । एक किसिमको बजार जस्तो, घर र होटल अनि चमेना गृहहरू पनि सङ्ख्यात्मक रूपमा धेरै भन्न सकिने अवस्था देखिन्थ्यो । त्यहीँ एक थकाली होटलमा हाम्रो स्वादिष्ट दिवाभोज कार्यक्रम सुसम्पन्न भएको थियो ।

रुद्रवेणीमा केही समय बिताएपछि अगाडि बढ्दै जाँदा अलि पर पुगेपछि बस्ती अलि झुरूप्प भएको क्षेत्र आयो । हामी हिँडिरहेको बाटाको दाहिनेतिर उकालो निस्कने अर्को ठूलै बाटो देखियो । त्यो चाहिँ बाग्लुङ जिल्लाको ढोरपाटन क्षेत्र निस्कने बाटो रहेछ । सर्वसाधारण बाहेक भरिया र खच्चड त्यो बाटो धेरै हिँड्ने गर्दा रहेछन् । त्यसपछि त हामी गुल्मीकै एक ठूलो नदी बडीगाड खोलाको किनारैकिनार हिँड्दै थियौं । अगाडि बढ्दै जाँदा फेरि अर्को बस्ती देखियो, त्यो ठाउँलाई 'चोरकाटे' भन्दा रहेछन् । नाम सुनेर ताज्जुब लाग्यो । पछि थाहा भयो, धेरै पहिला त्यस ठाउँमा कुनै चोरलाई काटेर मारेर फ्याँकिएको थियो रे, त्यस पश्चात् नै त्यो ठाउँलाई चोरकाटे भन्न थालिएको हो रहेछ, र, आज पर्यन्त पनि त्यही नाम चल्तीमा रहेछ । अगाडि बढ्दै गर्दा हामी मझुवा जुभुङ पुगेका थियौं । जुभुङ घर भएका केही साथी त्रिभुवन क्याम्पसमा मेरा सहपाठी पनि थिए । सम्म परेको र फराकिलो फाँट जस्तो देखिने जुभुङक्षेत्र आकर्षक लाग्यो । पहिले पनि त्यो बाटो हिँडिसकेका पुरुषोत्तमजी भन्दै थिए, "यो ठाउँमा सबै किसिमको खेतीपाती निकै राम्रो हुन्छ । त्यसकारण यहाँ बसोबास भएका धेरैजसो परिवारको जीवन सुखद र उन्नत स्तरको छ ।" जुभुङक्षेत्र देख्दा र पुरुषोत्तमजीको कुरा सुन्दा 'नेपाल साँच्चै कृषिप्रधान मुलुक' भएको भान भएको थियो ।

खैर, हामी त्यसपछि अलि उकालिँदै (शायद) हुँगा भन्ने गाउँ हुँदै वीरबास निस्किने बाटो छोडेर अगाडि बढ्यौँ ।

यात्राक्रममा गौंडाकोट पुगेपछि भने अब गन्तव्य तम्घास नजिक थियो ।

हामी भँगेरी, दुबीचौर, उर्लेनी आदि ठाउँ हुँदै आइपुगेका थियौं ह्वाँक्ने छहरा भन्ने क्षेत्रमा । सानो ठाउँ, सानो खोल्सो र त्यहीँ माथिबाट सानै पानी खसेर त्यसैले छहराको भान दिँदो रहेछ । छहरा खस्ने ठाउँ वरिपरि हावा आउँदो रहेछ । त्यही भएर त्यसको नाम नै ह्वाँक्ने छहरा भएको रहेछ ।

हाम्रा लागि त्यो सडक नयाँ थियो, त्यो बाटो बिरानो थियो, त्यो पथ नौलो थियो र त्यो मार्ग अनचिनारू थियो । तर हाम्रा लागि शुभ पनि थियो, किनभने लगभग हरेक ठाउँमा केही सोधखोज गर्न कोही कोही स्थानीय पथिक भेट भइरहन्थ्यो । तसर्थ, पहिलो यात्रा भए पनि आफूलाई चाहिने जानकारी हासिल गर्न हामीले कुनै ठूलो पहरा खोस्रनु परेको थिएन ।

ह्वाँक्ने छहरा छाडेर अगाडि बढेको केही बेरमै हामी देउराली भन्ने ठाउँमा पुगेका थियौं । त्यसको अर्थ हामी लगभग तम्घास नै पुगिसकेका रहेछौं । किनभने बिहानी र सन्ध्या भ्रमण -मर्निङ र इभनिङ वाक- गर्न रुचाउने स्थानीय मानिसहरू तम्घास बजारबाट देउराली र त्यहाँभन्दा पनि अझ टाढासम्मै पुग्दा रहेछन् । एकातिर भित्तो जस्तो बनेर रहेको रेसुङ्गा पहाडको डाँडाभाग र अर्कोतिर एमानका रूख र अलि तलतिर घर-भवनहरू, अझ तल मन्दिर देखिने अनि मन्दमन्द बतास पनि चलिरहने आदिले गर्दा देउराली रमाइलो लाग्यो । त्यहीँ चुङ्गीकर उठाउने सानो प्रहरी चौकी (बीट) पनि थियो ।

देउराली पुगेपछि नै हामीलाई लागिसकेको थियो, हाम्रो गन्तव्य तम्घास अब दूर थिएन । किनभने त्यहाँबाट अगाडि बढे लगत्तै पुरानो तम्घासक्षेत्र आइपुग्यो, त्यसलाई उपल्लो तम्घास भन्दा रहेछन् । त्यो हेर्न भन्दै हामी सडक छाडेर भित्रतिर गएनौं । स्थानीय मात्र नभै दूरदराज इलाकाहरूको समेत बजार र सबै प्रशासनिक क्षेत्रहरू स्थापित भएको अहिलेको तम्घास भनिने क्षेत्र बजार अस्ति भर्खर वि.सं.२०१८-२०१९ सालमा बल्ल बनेको थियो रे ।

देउरालीबाट केही मिनेट अगाडि बढेको त खानीगाउँ भन्ने स्थान आइपुगेछ, त्यहाँबाट आँखा टाढासम्म पुऱ्याएको त लाम्चो परेर बसेको बाक्लो बस्ती देखियो । छेउको पसलतिर गएर सोधेको त थाहा भयो, त्यही रहेछ हाम्रो गन्तव्य-स्थल, तम्घास- गुल्मी जिल्लाको सदरमुकाम । स्थानीयहरू त्यसलाई तम्घास बजार पनि भन्दा रहेछन् । त्यहीँ खानीगाउँमा अपेक्षाकृत अलि ठूलो श्री भगवती मन्दिर रहेछ । मन्दिरअगाडिको प्राङ्गणमा दशैं पूर्णिमाको राति सरायँ नाच हुने गर्छ रे । हामीले मन्दिर र श्री भगवतीको मूर्तिमा ढोग्यौं । त्यहाँबाट बाटो ओह्रालो थियो । हामी ओह्रालिन थाल्यौं । लगत्तै हामी बसपार्कमा थियौं ।

बसपार्क अन्यत्र जस्तै थियो । उही त्यहाँ पनि केही ट्रक, एकाध जीप, ट्र्याक्टर र बसहरू थिए । वारिपारि होटलहरू थिए । त्यहाँ टेक्ने, हिँड्ने, गुड्ने र अडिने जमीन कच्ची थियो, कतै केही कालो पत्रे वा प्लास्टर सिमेन्टेड आदि केही थिएन । कताकतै खाडल थिए र तिनमा फोहोर पानी भरिएको थियो । गणतन्त्रकालीन कालोपत्र र डोजर विकास त्यहाँ पुग्न भ्याएको थिएन । अँ, बरू स्थानीय स्तरमै निजी तवरबाट उत्पादित बिजुली बत्ती चाहिँ केही घण्टा बसपार्क मात्र नभै तम्घास बजारका धेरै घरमा बल्दो रहेछ । विद्युत् प्राधिकरणको बिजुली अझै राम्ररी आइसकेको थिएन ।

हामी एउटा होटलअगाडि उभिएर यताउता नियालिरहेका थियौं । तम्घासलाई बीचमा पारेर दुईतिर दुई अग्ला डाँडा थिए । बढी अग्लो डाँडा त रेसुङ्गा हो भन्ने लख काट्यौं, तर अर्को चाहिँ के हो भन्ने थाहा थिएन । पछि सोध्यौं, त्यो चाहिँ अर्जुन डाँडा रहेछ । दुई डाँडातिर पालैपालो हेर्दा प्राकृतिक छटाको अपूर्व बोध हुन्थ्यो र अव्यक्त आनन्द आउँथ्यो ।

हाते घडीले अपरान्हको चार बज्दै गरेको सङ्केत गरिरहेको थियो । हामीले रातिको बास बस्नुअघि तम्घास बजार घुम्ने निधो गऱ्यौं । पहिले हामी शायद पश्चिमतिर गएका थियौं । पुछारतिर साइनबोर्ड हेरेको शायद 'उधिनढुङ्गा' लेखेको जस्तो लाग्छ । दुईतिर कतै कच्ची कतै पक्की घर ठडिएका, प्रायः भुइँतलामा होटल, चमेना गृह वा विभिन्न किसिमका पसल अनि बीचमा बाटो थियो । खास उल्लेखनीय केही थिएन । अँ, त्यतै बाटोको एक छेउमा एउटा सानोसानो चमेना गृहको नाम लेखेको साइनबोर्ड चाहिँ विशेष लाग्यो, लेखिएको थियो- होटल पेटपूजा । नाम पढेर रमाइलो मान्यौं ।

अघि गएकै बाटो फर्किएर हामी अब पूर्वतिर लाग्यौं । तम्घास बजार अझ बन्दै थियो, बस्दै थियो र भवनहरू बाक्लिँदै थिए जस्तो लाग्थ्यो । बजारका पसलमा एउटा पक्ष चाहिँ हामीलाई विशेष लाग्यो, धेरैजसो पसलमा दुकानदारका रूपमा महिलाहरू बसेको देखिन्थ्यो । हामी अझ अगाडि बढ्दै गएको त उकालो आउन थाल्यो । हामीले त्यसभन्दा माथि नजाने सोच बनायौं र तम्घासको टुँडीखेल कता पर्छ भनेर हेर्न थाल्यौं ।

हामी हिँडिरहेको सडकबाट तलतिर झर्ने बाटो थियो । अलि तल पुगेर हेरेको त्यहाँ इन्डोर खेलकुदका लागि सानोसानो कभर्ड हल रहेछ, आसपास कतै बाल मन्दिर र रेडक्रस कार्यालय भएको हामीले थाहा पायौं । त्यतै कतै किरण पुस्तकालय छ र त्यो दैनिक केही घण्टा मात्र खुल्छ भन्ने पनि सुन्यौं । (तानसेनमा धेरै वर्ष पहिलेदेखि धवल पुस्तकालय सञ्चालित छ) । हामीलाई

तम्घासमा टुँडीखेल वा ठूलो मैदान कता छ भनेर हेर्न मन थियो । सोधेको त्यो अलि माथितिर रहेछ ।

तर अचम्म, यहाँ त्यसलाई टुँडीखेल भनिँदो रहेनछ, बरू त्यसलाई त 'चिदीचौर' पो भन्दा रहेछन् तम्घासवासीहरू । यो जानकारी हाम्रा लागि रमाइलो थियो । त्यो चिदीचौर तानसेनको टुँडीखेलभन्दा आधा सानो जस्तो लाग्यो । चिदीचौरको माथिल्लो भागतिर जिल्ला प्रहरी कार्यालय र अन्य केही कार्यालय पनि रहेछन् । त्यतै नजिकै श्री महेन्द्र मा.वि. पनि देखेको जस्तो लाग्छ ।

अब अँध्यारो हुन थालेको थियो । हामी बास खोज्दै एउटा होटलमा पुग्यौं । त्यो शायद अर्जुन होटल थियो । चीसो बढिसकेको थियो । तसर्थ मनतातो पानी मागेर शारीरिक सरसफाइ गरियो । भोजन गर्न जानुअघि शयनकक्षमा देवीको आवाज गुञ्जियो, "आऊ बसम् थकाइ मारौं, तम्घासको होटलमा, मौरी भूल्यो रसमा, हामी भूल्यौँ मया जालैमा... ।" उनले मूलगीतमा भएको 'कदमको छायाँ' र 'म' शब्दहरू फेरेका थिए ।

भोलि बिहान भएको थियो । चीसो हिजोभन्दा धेरै बढी थियो । लाग्थ्यो, मानौं तम्घासले भर्खर निचोरेको हिउँको तन्ना ओढेको छ । होटलको स्वादिष्ट मांसाहारी भोजन र रातिको गहिरो निद्राले शरीर फेरि चङ्गा भइसकेको थियो । बिहानको नित्य कार्य सकिएपछि मनतातो पानीका लागि अनुरोध गर्‍यौं र फारोतिनो गर्दै तीनै जनाको नुहाउने काम सम्पन्न भयो । हल्का चिया-खाजा खाइवरी नयाँ दिनको नयाँ भ्रमणका लागि पुनर्ताजगी महसुस गर्दा हातेघडीले बिहानको आठ बज्दै गरेको सङ्केत दिएथ्यो । अबको हाम्रो गन्तव्य रेसुङ्गा दर्शन गर्ने थियो ।

तम्घासको बिहान भनीनसक्नु चीसो थियो । सडकको छेउछाउ र सानासाना बारी जस्ता देखिने खाली ठाउँहरूमा शीत जमेको थियो, र, त्यो झण्डै असिना जस्तै देखिन्थ्यो । पछि स्थानीय मानिसहरूसँग जिज्ञासा राख्दा थाहा पाएका थियौं, जति चीसो भए पनि तम्घासमा हिउँ चाहिँ पर्दो रहेनछ ।

पहिले होटलमा र पछि स्थानीय जनसँग रेसुङ्गा जाने मार्ग सोधेका थियौं । त्यही मार्ग टेक्दै जाँदा केही माथि पुगेको एउटा दोबाटो आयो । हामी अल्मलियौं, अब कता जाने ? धन्न त्यसै बेला अलि टाढाबाट दुई-तीन मानिस हामी भएतिरै आउँदै गरेको देख्यौं । त्यस ठाउँलाई गर्जुरा भनिँदो रहेछ, र त्यहाँबाट एकातिर गए रेसुङ्गा पुगिने र अर्कोतिर (ती मानिसहरू आएतिर) गए पराल्मी गाउँतिर गइँदो रहेछ । उनीहरूले भने अनुसार, रेसुङ्गा धार्मिक पर्यटन

क्षेत्र हो र अहिले चरम हिउँदे बेला चाहिँ रेसुङ्गा भ्रमणका लागि सही समय थिएन । अत्यधिक चीसो हुने, शीत जमेको हुने र कुहिरो लागेर लगभग सबै कुराहरू छेलिने हुँदा खास रेसुङ्गा दर्शन नहुने अवस्था रहन्छ । घाम लाग्ने र कुहिरो नलाग्ने मौसम हेरेर मात्र रेसुङ्गा जाँदा सर्वथा उपयुक्त हुने पनि उनीहरूले बताएका थिए ।

जे जस्तो भए पनि हामी हिँडी त सकेका थियौं, त्यसै फर्किने कुरा थिएन । सोच्यौं- जस्तै परे पनि कम्तीमा पछि पछुताउनु नपर्ने स्मृतिहरू सँगाल्नु पर्छ । अनि त्यसपछि त हामी कतै उकालो कतै तेर्पाएँ-तेर्पाएँ बाटो हिँडेको हिँड्यै गर्न थाल्यौं । हिँड्दै गरेको बाटोले हामीलाई ठूलै भन्न मिल्ने एउटा पोखरीको छेउमा पुऱ्यायो । पोखरीमा पानी थिएन तापनि हामी तल पोखरीमै चाहिँ गएनौं, बरू छेउछेउ हिँडेर एक चक्र परिक्रमा गऱ्यौं । बल्ल रेसुङ्गा पुगे जस्तो लाग्यो । तापनि यो बीचमा हामीले एउटा तथ्य भने विचार गऱ्यौं, तानसेनको श्रीनगर र त्यहाँ रेसुङ्गामा भएका रूख-बिरूवाको प्रकृतिमा धेरै फरक थियो- श्रीनगरमा केवल सल्ला र मसलाका रूख मात्र अत्यधिक थिए (छन्) भने रेसुङ्गामा अनेकअनेक किसिमका वृक्षले पर्यावरणलाई संरक्षित एवं सुरक्षित गरिरहेका थिए (छन्) ।

पोखरीको एकातिरबाट फेरि माथि निस्कने उकालो बाटो फेला पऱ्यो । लगातार हिँडिरहेकोले हामीलाई उस्तो चीसो अनुभव हुन पाएको थिएन । हामी आएको र हिँडिरहेको बाटाभरि र रेसुङ्गामा अनेक किसिमका रूख-बिरूवा थिए तर हिउँदकालीन हरियाली आफैँमा उति मनमोहक लागेको थिएन । त्यहाँ हामीले न चराहरूको चीरबीर सुन्न पायौं, न कालिज र खरायो र मृग आदि पशुपंक्षीको लुकामारी नै हेर्न नसीब भयो । बरू नेपथ्यमा कोही बैरागीले भाका हाले जस्तो पो लाग्यो, "नकरा वनकी न्याउली, तँभन्दा म दश गुना बैरागी... ।"

तर त्यहाँ न्याउलीको बोली थिएन । र, हाम्रो मन पनि बरालिएको थिएन । हामीमा बैराग पनि पलाएको थिएन । तसर्थ पनि, दृढ निश्चय गरिसकेका हामी रेसुङ्गाको चुचुरोसम्म पुगेर मात्रै फिर्नेवाला थियौं । माथितिर पुगेपछि केही मन्दिर देखिए, शायद शिवालय पनि हुनुपर्छ । अर्को एक स्थानमा हवनकुण्ड जस्तो पनि देख्न पाइयो । तल होटलमा सोधपुछ गर्दा कोही उमेरदार स्थानीयले भनेको सम्झना भयो, रेसुङ्गा भनेको केवल एक डाँडा मात्र होइन । यो त एक पवित्र धार्मिक-स्थल पो हो । यो त स्वामी शशिधर र यदुकानन्द प्रभुहरूले जप, तप र महायज्ञ गरेको पावन भूमि हो । तर त्यसभन्दा धेरै पहिले, परापूर्व कालमा, ऋष्यशृङ्ग ऋषिले भीषण तपस्या गरेको हुनाले यसको नाम रेसुङ्गा रहन गएको

हो ।

हिँड्दै-घुम्दै गर्दा हामी रेसुङ्गाको चुचुरोसम्मै पुग्यौं । त्यहाँ देखिएका मन्दिर वा मन्दिर जस्ता पुराना भवन, धार्मिक-स्थल र भग्नावशेष अनि तिनको पुरातात्त्विकता एवं ऐतिहासिकता आदि बारे हामीलाई केही थाहा थिएन । कतै उभिएर टाढा हेर्न सकिने अवस्था पनि थिएन किनभने कुहिरोले त्यस्ता कुनै गतिविधि गर्न नदिने गरी बाक्लो छेकबार लगाएको थियो । त्यस कारण अब अरु धेरै समयसम्म त्यहाँ बसिरहनुको उस्तो अर्थ पनि थिएन ।

रेसुङ्गाबाट ओर्लेर तम्घास आइपुग्दासम्म उल्लेखनीय केही थिएन । संयोगले एउटा ट्रक भेटियो, बुटवल जान लागेको रहेछ । चालकसँग कुरा गरेको उनी हामीलाई तानसेनसम्म लैजान सहमत भए । राति आठ-साढे आठ बजेसम्म हामी तानसेन पुग्ने भएका थियौं ।

बाइरोडको धुलो उडे-नउडेको रातिमा थाहा हुँदैन्थ्यो, देखिँदैन्थ्यो । तर ट्रकमा सवार भएर गुडिरहँदा हाम्रो मन-मस्तिष्कमा तानसेन-तम्घास-रेसुङ्गा र त्यससँग जोडिएका तमाम प्रसङ्गहरू भने घुमिरहेकै थिए ।

उता दिल पनि बोलिरहेथ्यो- हिँडे छेउ लाग्छ, बसे लेउ लाग्छ । हामीलाई लेउ लाग्न पाएन । किनभने हाम्रो तानसेन-तम्घास यात्रा बेरोकटोक पूर्ण भयो, कतै केही छेकाभाँजा भएन ।

ooo


**काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले**

**भक्तपुर जाने बसस्टप सामुन्ने बागबजार, काठमाडौंमा रहेको**

**भण्डारी बुक्स एण्ड स्टेशनरीज**

**फोन : ०१-४२४१४८५ / ९८४१२०२६९६ / ९८६१०५०८७०**

**बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।**

***हाम्रो पुरुषार्थ (त्रैमासिक)***

लेख

# रामभक्तिधारामा रेसुङ्गाक्षेत्रको योगदान



✍भुवनप्रसाद अर्याल


**सारसंक्षेप**

नेपालको आध्यात्मिक, सांस्कृतिक तथा साहित्यिक इतिहासमा रामभक्ति धाराको विशिष्ट स्थान छ । वाल्मीकिले काव्यात्मक छटा दिएपछि साहित्यिक ओज बढेको हो भन्ने त्रेतायुगमा राम अवतारको पृष्ठभूमिदेखि लिएर मध्यकालीन तथा आधुनिक कालमा वैष्णव धर्मको नवजागरणसम्म गुल्मी जिल्लामा अवस्थित तपोभूमिको भूमिका केन्द्रीय र संवाहकका रूपमा रहेको छ । प्रस्तुत लेखनमा महर्षि ऋष्यश्रृङ्गको कठोर तपस्या, दशरथको पुत्रेष्टि यज्ञ र श्रीराम अवतार भएको पौराणिक साक्ष्यलाई मुख्य आधार बनाइएको छ । यसका साथै भगवान् श्रीराम, भाइ लक्ष्मणसहित रेसुङ्गामा आएर बाणले हानेर जल निकाली रामकुवा निर्माण गरेको लोकश्रुति तथा स्वामी शशिधर र तपस्वी लक्ष्मीनारायणद्वारा यस क्षेत्रमा गरिएको रामभक्तिको संस्थागत विकासलाई प्राज्ञिक कसी लगाएर हेरिएको छ । एम. एल. ए. को नवौँ संस्करणको ढाँचामा स्रोत पद्धतिको अनुसरण गर्दै प्रस्तुत लेखमा रेसुङ्गालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रामायण सर्किटमा जोड्नुपर्ने आवश्यकता र त्यसको साहित्यिक धार्मिक महत्त्वको समीक्षा गरिएको छ ।


(शब्दकुञ्जी : सर्किट, ऊर्जास्थल, उपशृङ्खला, ओज पदचिह्न, आदिकालीन, पायस, चरु, पुत्रेष्टि, अश्वमेध)

**विषय प्रवेश**

नेपाल हिमालय पर्वतमालाको काखमा अवस्थित देवभूमि, तपोभूमि हो । यही भूमिबाट प्रादुर्भाव भएका दर्शन, धर्म र संस्कृतिको विकासका ऐतिहासिक प्रसङ्गहरू उल्लेखनीय छन् । हिमालका विभिन्न उपशृङ्खलामध्ये लुम्बिनी प्रदेशको गुल्मी

जिल्लामा अवस्थित रेसुङ्गाक्षेत्र ऐतिहासिक र धार्मिक दृष्टिकोणले अत्यन्तै महत्त्वपूर्ण मानिन्छ (गौतम १२) । यस क्षेत्रको उचाइ समुद्र सतहबाट २३४७ मिटर रहेको छ । यो एकातिर प्राकृतिक सौन्दर्यले वेष्टित सुन्दर डाँडो हो भने अर्कोतिर महान् तपस्वीहरूका लागि वैदिक कालदेखि नै साधना र तपस्याको ऊर्जास्थल हो । यो वैष्णवसम्प्रदायको बलियो केन्द्र पनि हो ।

नेपालमा भक्तिसाहित्यको पृष्ठभूमि खोज्दै जाँदा मध्यकालमा दक्षिण भारतबाट सुरु भई उत्तर भारत हुँदै नेपालका विभिन्न भूभागमा फैलिएर विकास भएको हो । नेपालमा रामभक्ति र कृष्णभक्तिधारा समानान्तर रूपमा अगाडि बढेका हुन् । यी दुईमध्ये नेपाली समाज र परिवेशअनुरूप मर्यादा, आचार र कर्तव्यपरायणताको वकालत गर्ने मर्यादापुरुष एवं भगवान् श्रीरामसँग सम्बद्ध रामभक्तिधारा सुरुमा सामान्य रहे पनि आदिकवि भानुभक्त आचार्यले रामायणलाई नेपाली भाषामा तयार गरेपछि यसको महत्त्व थपिएको हो । संस्कृतका पण्डितहरूमा मात्र सीमित रामकथाले लोकजीवनमा सहजै प्रवेश पायो । परिणामस्वरूप रामभक्तिले गाउँ गाउँमा अभूतपूर्व व्यापकता प्राप्त गऱ्यो । भानुभक्तभन्दा अगाडिदेखि नै रामजन्म प्रसङ्ग, चमत्कारिक गतिविधि एवं धर्मको रक्षाका प्रसङ्गहरू भौतिक र आध्यात्मिक दुबै रूपमा देखिएका थिए । यस्ता संकेतहरूका विभिन्न बलिया प्रमाणहरूमध्ये सबैभन्दा जेठो र बलियो प्रमाण र पदचिह्न गुल्मीको रेसुङ्गा भूमिमा भेटिन्छ (पन्त ९८) । महर्षि ऋष्यशृङ्गको तपोभूमिका रूपमा परिचित रेसुङ्गाको सम्बन्ध भगवान् श्रीरामको जन्मसँग जोडिएकोले यस क्षेत्रको सम्बन्ध आदिकालीन र आधारभूत मानिन्छ ।

## २. नामकरण सन्दर्भ

रेसुङ्गा शब्दको उत्पत्तिका सन्दर्भमा भाषावैज्ञानिक तथा इतिहासकारहरूका बीचमा गहिरो विमर्श भएको देखिन्छ । पौराणिक मान्यताअनुसार विभाण्डक ऋषिका पुत्र र कश्यप ऋषिका नाति महर्षि ऋष्यशृङ्गले यसै क्षेत्रमा बसेर कठोर तपस्या गरेका थिए (वाल्मीकि रामायण १:११) । ऋष्यशृङ्गको शाब्दिक अर्थ सिङ भएका ऋषि भन्ने हुन्छ ।

यही ऋष्यशृङ्ग शब्द अन्य भाषिक सम्पर्कमा आएपछि अपभ्रंश हुँदै सरलीकरणका क्रममा "ऋष्यशृङ्ग" बाट रिस्यसिङ्ग त्यसपछि "रेसुङ्गा" बन्न पुगेको भाषा वैज्ञानिक मत रहेको छ (रेग्मी ५४) । संस्कृतका कतिपय ग्रन्थहरूमा ऋष्यशृङ्ग आश्रम वा ऋष्यशृङ्ग पर्वत भनी सम्बोधन गरिएको छ (गौतम २१ ) । यसरी नामकरणको ऐतिहासिक जगले नै यो क्षेत्र रामभक्तिधारासँग आदिकालदेखि नै जोडिएको प्रमाणित हुन्छ ।

## ३. श्रीराम अवतारको प्रसङ्ग र रेसुङ्गाक्षेत्र

रामभक्ति धाराका केन्द्रीय पुरूष भगवान् श्रीराम हुन् । उनको धरतीमा अवतरण हुनुपूर्व रामभक्तिधारा नै प्रारम्भ भएको होइन । वाल्मीकि रामायणको बालकाण्डमा वर्णित कथाअनुसार, अयोध्याका राजा दशरथका सन्तान थिएनन् । उनी अत्यन्त दुःखी र चिन्तित थिए । उनले आफ्नो वंश रक्षा र राज्यको उत्तराधिकारी प्राप्तिका लागि विभिन्न उपाय गरे पनि रानीका कोख रित्तै रहे । उनले अश्वमेध र पुत्रेष्टि यज्ञ गर्ने योजना बनाए तर उक्त यज्ञ सम्पन्न गर्ने सामर्थ्य भएका र आध्यात्मिक तेजयुक्त महर्षि पाउन कठिन थियो (वाल्मीकि रामायण १:११) । राजा दशरथले आफ्ना मन्त्री सुमन्त्रलाई उक्त जिम्मा दिए । सुमन्त्रले सो समयमा अङ्ग देशका रोमपादका राज्यमा रहेका र रेसुङ्गामा आई कठोर तपस्या गरी सिद्धि प्राप्त गरेका ऋष्यशृङ्गका बारेमा जानकारी गराए । मन्त्रीको सल्लाहअनुसार राजा दशरथ स्वयं महर्षि ऋष्यशृङ्गलाई आमन्त्रण गर्न पुगे ।

महर्षि ऋष्यशृङ्गको प्रमुख आचार्यत्वमा अयोध्याको सरयू नदीमा पुत्रेष्टि यज्ञ भव्यताका साथ सम्पन्न भयो । सोही यज्ञको पूर्णाहुतिपछि हवनकुण्डबाट प्रकट भएका अग्निदेवको दिव्योपदेशअनुसार राजाका तीनओटी रानी कौशल्या, सुमित्रा, र कैकेयीलाई पायस (चरु / खिर ) खुवाइयो । त्यही पायसका प्रभावले कौशल्याका गर्भबाट राम, सुमित्राका गर्भबाट लक्ष्मण र शत्रुध्न, कैकेयीका गर्भबाट भरतको जन्म भयो - वाल्मीकि १:१६) ।

यस प्रसङ्गबाट के बुझिन्छ भने पछि रेसुङ्गामा तपस्या गरेका तपस्वी ऋष्यशृङ्गका तपोबलका प्रभावले पुत्रेष्टि यज्ञ सम्पन्न भएको थियो । अग्निदेव प्रकट भई आशीर्वचनसहित प्रदान गरेका प्रभावले नै भगवान् श्री विष्णुका अवतारस्वरूप भगवान् श्रीरामको जन्म भएको हो । ऋष्यशृङ्गको त्यो तेजबलबाट प्राप्त असीम र ऊर्जास्थल भनेकै रेसुङ्गाक्षेत्र हो । यही आधारमा रेसुङ्गाक्षेत्र रामभक्तिधाराका आस्थाका केन्द्रविन्दु परमेश्वर श्रीरामका जन्म प्रसङ्गले रेसुङ्गाक्षेत्रलाई रामभक्तिधाराको आदिभूमि मान्न सकिन्छ ।

## ४. भगवान् श्रीरामको रेसुङ्गा आगमन

रेसुङ्गाक्षेत्र भगवान् श्रीरामका जन्मको परोक्ष कारण मात्र होइन उहाँ स्वयंले आफ्ना भाइ लक्ष्मणसँग आई चरणस्पर्श गरेको भूमि पनि हो । आफ्नो जन्म प्रसङ्गमा ऋष्यशृङ्गको प्रभाव बुझेका भगवान् राम गुरुको दर्शनार्थ रेसुङ्गाक्षेत्र आई गुरुको दर्शन गरे । त्यहाँ जलको अभाव भएको प्रसङ्ग थाहा पाएपछि बाणले हानेर जल

निकाली त्यहाँका तपस्वी एवं सम्पूर्ण वन्यजन्तुलाई पानीको अभावबाट मुक्त गराए । लोककल्याणकारी भगवान् श्रीरामको स्मरणस्वरूप उक्त जलाशयको नाम "रामकुवा" राखिएको छ । यस कुवामा हिउँदमा पनि जल प्रवाह नघट्ने र वर्षायाममा पनि धेरै नबढ्ने हुँदा यसको छुट्टै रहस्य देखिन्छ । भगवान्कै लीलाको नमुना झैँ लाग्छ । यसको जल सधैँ कञ्चन, शीतल र जडिबुटीयुक्त औषधीय गुणले पूर्ण रहन्छ (गौतम ६२) । यो भौतिक साक्ष्यले रेसुङ्गाक्षेत्रलाई रामभक्ति परम्परामा एउटा जीवन्त ऐतिहासिक तीर्थस्थलका रूपमा स्थापित गरेको छ । यी सबैका बिम्बहरू हाल जिल्ला प्रशासन कार्यालय गुल्मीको बाहिरी पर्खालमा रेसुङ्गा नगरपालिकाद्वारा चित्रण गरिएका छन् ।

## ५. आधुनिक कालमा रामभक्तिको पुनर्जागरण

त्रेतायुगको यो पौराणिक प्रसङ्गपछि केही समयसम्म रामभक्तिको परम्परा प्रबल भएन । मध्यकाल र आधुनिक कालको सन्धिकालमा रेसुङ्गाक्षेत्र पुनः रामभक्ति र वैष्णव सन्त परम्पराको केन्द्रका रूपमा उदायो । १९ औँ शताब्दीको उत्तरार्द्ध र २० औँ शताब्दीको पूर्वार्द्धमा यस क्षेत्रमा तपस्वी दुई सिद्ध पुरुषहरूका आगमनले रामभक्तिको संस्थागत र व्यावहारिक जग बस्यो । यसलाई निम्नानुसार संक्षिप्त चर्चा गरिन्छ :-

### ५.१. स्वामी शशिधर र उनको भक्तिसाधना

उन्नाइसौं शताब्दीको पूर्वार्द्धमा स्वामी शशिधर रेसुङ्गाको जंगलमा तपस्या गर्न आए। उनी संस्कृतका प्रकाण्ड विद्वान्, आयुर्वेदका ज्ञाता र भगवान् श्रीरामका परमभक्त समेत थिए । रेसुङ्गाको टापुमा कुटी निर्माण गरी "ओम नमो भगवते वासुदेवाय" र रामको नाम अखण्ड संकीर्तन गर्न थाले ।

शाह राजा र प्रधानमन्त्रीहरू पनि स्वामी शशिधरको तपोबलबाट प्रभावित भई रेसुङ्गाको व्यवस्थापन र पूजाआजाका लागि ठूलो भूभाग गुठीका रूपमा लालमोहर गरिदिएका थिए (रेग्मी १२०) । यसले रेसुङ्गालाई एक प्रतिष्ठित वैष्णव पीठका रूपमा स्थापित गर्‍यो ।

### ५.२. तपस्वी लक्ष्मीनारायण स्वामी र महापोखरी

शशिधरका उत्तराधिकारीका रूपमा तपस्वी लक्ष्मीनारायणले रेसुङ्गाक्षेत्रको संरक्षण र स्तरोन्नतिका लागि थप प्रयास गरे । उनले शशिधरकै पालामा खनिएको पोखरीलाई

नेपाल र भारतका विभिन्न तीर्थस्थल र चार धामको जल ल्याएर मिसाई महापोखरीका रूपमा रूपान्तरण गरे । उनले वि.सं. १८८३ मा रेसुङ्गामा रामभक्ति र वैष्णव धर्मलाई अझ व्यवस्थित बनाए (गौतम ९८) । उनले राम-सीताको मूर्ति स्थापना गरी दैनिक पूजा-आजा र भजन कीर्तनको परम्परालाई जनस्तरसम्म पुऱ्याए । त्यस्तै सावनी क्षेत्रमा पनि हनुमानको मूर्ति स्थापना गरी पूजा गर्ने परम्परा अद्यावधि छ ।

## ६. साहित्यिक एवं सांस्कृतिक आयाम

रामभक्तिधाराले नेपाली साहित्यमा गहिरो छाप छोडेको छ, यस कार्यमा रेसुङ्गाक्षेत्र पनि एक  महत्त्वपूर्ण हो । स्वामी शशीधर र उनीपछि सन्तहरूले संस्कृत र नेपाली भाषामा थुप्रै भजनहरू, स्तोत्र एवं आध्यात्मिक काव्यहरू रचना गरे । उनीहरूले राम कथा र रेसुङ्गा माहात्म्यलाई मूल विषयवस्तु बनाए । नेपाली समाजको मौखिक परम्परा र पाण्डुलिपिका रूपमा रहेका भजन, चुड्का आदिका प्रसङ्गमा रामकुवा, ऋष्यशृङ्गका प्रसङ्गहरू आउँछन् । यही पावनक्षेत्रको सान्निध्यमा रहेका रविलाल कँडेलले पनि लोकरामायण रविकृत रामायणको रचना गरेका छन् ।

## ७. समीक्षात्मक विश्लेषण र चुनौतीहरू

रामभक्तिधारा नेपाली साहित्यको इतिहासमा  महत्त्वपूर्ण धारा हो । यसको गरिमा सगरमाथा जत्तिकै उच्च हुँदाहुँदै पनि वर्तमान सन्दर्भमा उचित मूल्याङ्कन प्रचार-प्रसार र प्राज्ञिक अनुसन्धान हुन नसकेको यथार्थ हाम्रासामु छ । यही सन्दर्भलाई निम्न बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ :

### ७.१. रामायण सर्किटमा नजोडिनु

नेपाल र भारत सरकारले श्रीरामको जीवनसँग जोडिएका प्रमुख स्थलहरूलाई जोडेर रामायण सर्किटको अवधारणा अगाडि ल्याएका छन् । यस सर्किटमा जनकपुर र वाल्मीकि आश्रमलाई समेटिएको छ ( मन्त्रालय ५५ ) तर रामको जन्म प्रसङ्गको मूल जग तपोभूमि रेसुङ्गा यस सर्किटमा समावेश हुन नसक्नु नीतिगत र रणनीतिक कमजोरी मान्न सकिन्छ ।

### ७.२. प्राज्ञिक अनुसन्धान नहुनु

ऐतिहासिक, पौराणिक, धार्मिक महत्त्वको यस गौरवपूर्ण क्षेत्रका बारेमा उचित अनुसन्धान र वैज्ञानिक खोजको अभाव देखिएको छ । विश्वविद्यालयहरू,

इतिहासकारहरू र पुरातत्त्व विभागको समेत यस क्षेत्रप्रति पर्याप्त ध्यान पुगेको छैन । यस क्षेत्रको ऐतिहासिक कडीलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्न पर्याप्त स्रोत नहुनु दुःखको कुरा हो । धेरैजसो तथ्यहरू केवल लोकश्रुति र परम्परागत जनविश्वासमा मात्र सीमित छन् (गौतम ९२) ।

यस क्षेत्रका यी पौराणिक साक्ष्यहरूमा निम्न न्यूनता देखिन्छ अर्थात् निम्न चुनौती छन् :

१. यो क्षेत्र महर्षि ऋष्यशृङ्ग तपोभूमि हो तर यस तथ्यलाई राष्ट्रियस्तरका पाठ्यपुस्तकहरूमा समावेश गरिएको छैन । यस पौराणिक कडीलाई राष्ट्रिय सरोकारको विषय बन्न नसक्नु चुनौती हो ।

२. भौतिक साक्षीका रूपमा रहेको श्रीराम कुवाका सन्दर्भमा पुरातात्त्विक उत्खनन र वैज्ञानिक संरक्षणको अभाव छ ।

३. आधुनिक परम्परामा आउँदा पनि स्वामी शशिधरद्वारा प्रज्ज्वलित अखण्ड धुनी र पवित्र वैष्णव धर्मको धार्मिक पर्यटनका रूपमा राष्ट्रियस्तरमा नै विकास गर्न सकिएको छैन । यस क्षेत्रमा अझै पनि भौतिक पूर्वाधारको कमी देखिएको छ ।

## ८. निष्कर्ष तथा भावी दिशानिर्देश

रामभक्तिधाराको इतिहासमा गुल्मीका रेसुङ्गाक्षेत्रको योगदान केवल स्थानीयस्तरको सवाल होइन । यो त अखिल ब्रह्माण्डीय र सनातन सम्प्रदायकै गौरवको विषय हो । महर्षि ऋष्यशृङ्गको तपोबल नै भगवान् श्रीरामको अवतारको प्रेरक कारण हुनु , स्वयं रामको चरण स्पर्शका साथै जीवनशक्ति जल (रामकुवा) को निष्पन्नता, यस कुवामा देखिएको अनौठो जलप्रवाहको स्थिति आदिले यो क्षेत्र अयोध्याकै समकक्षी तीर्थस्थल एवं रामभक्तिका लागि बेजोड तीर्थस्थल पनि हो । स्वामी शशिधर र लक्ष्मीनारायण स्वामीले यसलाई आधुनिक कालमा पुनर्जागरण गरेर नेपाली धार्मिक आकाशमा ध्रुबताराका रूपमा स्थापित गरेका छन् । आगामी दिनमा यस क्षेत्रको गौरव थप वृद्धि गर्न र यसको महिमालाई विश्वव्यापी बनाउन निम्न कदम चाल्नु पर्ने देखिन्छ :-

१. सरकारले कूटनीतिक पहल गरी यस क्षेत्रलाई नेपाल-भारत रामायण सर्किटको अभिन्न अङ्ग बनाउनुपर्छ ।
२. नेपालका विश्वविद्यालयहरूले स्नातकोत्तर तथा विद्यावारिधि तहका विधागत शोधअन्तर्गत यस क्षेत्रलाई अनुसन्धानको विषय बनाउनुपर्छ ।

३. रामकुवा, महापोखरी, अखण्ड धुनीको पुरातात्त्विक मापदण्डअनुरूप संरक्षण गर्दै विश्वभरका रामभक्तहरूका लागि प्रमुख गन्तव्यका रूपमा विकास गर्नुपर्छ ।
४. हाल रेसुङ्गा नगरपालिकाद्वारा "जाऊँ हिंड रेसुङ्गा"को अभियान सुरु गरिए पनि त्यस क्षेत्रको भौतिक पूर्वाधार र धार्मिक पर्यटनको विकासका लागि नेपाल सरकारसँग नै साझेदार भएर अगाडि बढ्ने वातावरण बनाउन थप पहल गर्नुपर्छ ।
५. माथि एकमा चर्चित रामायण सर्किटमा जोड्नका लागि  स्थानीय सरकारबाटै प्रारम्भिक पहल गरी केन्द्रसम्म बहसको विषय बनाउनुपर्छ ।

अतः रेसुङ्गाक्षेत्र केवल पर्यटकीय स्थल मात्र होइन, मनोरञ्जन र गर्मी छल्न आउने माध्यममात्र पनि नबनोस् । यसको धार्मिक, ऐतिहासिक र पौराणिक गरिमालाई विश्वका समस्त हिन्दूसमुदाय समक्ष पुऱ्याउन पहल गर्नु आजको आवश्यकता हो । वैष्णव सम्प्रदाय र रामभक्तिधाराको उत्थान र विकासमा रेसुङ्गाक्षेत्र महत्त्वपूर्ण रहेको तथ्य स्वतः प्रमाणित छ ।

**सन्दर्भग्रन्थ-सूची**


१. गौतम वेणीमाधव । रेसुङ्गा माहात्म्य र सन्त परम्परा, रेसुङ्गा संरक्षण समिति , २०६८ ।
२. पन्त, दिनेशराज । नेपालका सिद्धसन्त र तपोभूमिहरू । साझा प्रकाशन, २०५५ ।
३. मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उडड्यन । नेपालका प्रमुख धार्मिक पर्यटकीय स्थलहरूः एक अध्ययन प्रतिवेदन । नेपाल सरकार, २०७८ ।
४. रेग्मी जगदीशचन्द्र । नेपालको धार्मिक इतिहास  । नेपाल  राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४२ ।
५. वाल्मीकि रामायण । बालकाण्ड, गीताप्रेस २०१८ ।


ooo


**किरण पुस्तकालय, गुल्मीलाई जिल्लाका सबै प्रकाशनहरूको सङ्ग्रहस्थलका रूपमा विकास गरौं । त्यसका लागि तपाईहरूका सबै प्रकाशनहरू दिई सहयोग गर्न नबिर्सनुहोस् ।**

कविता

# रेसुङ्गा



रुद्र झवाली

थुम्का बादलका सेता तैरिन्छन् व्योमका तल
चुम्न आकाश तम्सिन्छन् चुचुरा ती मनोहर
खर्सु गुराँसका बोट कतै ऐंसलु काफल
मुकुट शिरको शोभा हरियो वन जङ्गल

यता हिमालको कान्ति उता फाँट मधेशका
सिमाना साँध देखिन्छन् गाउँ जिल्ला प्रदेशका
चुम्न आकाश तम्सिंदो शुभ्र सादृश्य टावर
यै हो स्वप्निल रेसुङ्गा पूर्ण प्रकृतिको घर

शिरमा सिद्धबाबा र यज्ञशाला छ तल्तिर
पवित्र पोखरी स्वच्छ वेद पुराण वर्णित
मुहान ज्ञानको ऋष्यशृङ्गको यो तपोवन
तीर्थको पनि यो तीर्थ महातीर्थ मनोरम

ओढी च्यादर हुस्सुको पैह्री सिन्दूर सूर्यको
बिहानीपख आँखामा चढ्छ लाली अपूर्वको
बेलुकी पख पोतेर वयमा रङ गोधुली
चित्ताकर्षक रेसुङ्गा लाग्दछे नव बेहुली

यता सुन्दर रेसुङ्गा उता अर्जुनको छटा
लहरा छहरा लाग्छन् निर्बन्ध शिवका जटा

गुफा धुर्कोटको त्यस्तै रुरु दर्शनले पनि
दिन्छ रोमाञ्च यात्राको फूलझैं फुल्छ जीवनी

देखेर मोहिनी रूप ओर्लेर चुम्छ बादल
यो शशिधरको कर्मभूमि औ साधनास्थल
होला सङ्गम के यस्तो कतै अन्त यहाँ जति
आएर हेर रेसुङ्गा धन्य बन्दछ जिन्दगी

बिर्सेर मनका पीडा पार्न सार्थक जीवन
प्रकृतिसँग मस्तीले झुल्दै झुम्दै रमाउन
टहल्न अथवा प्रीति गाँस्न छुट्टी मनाउन
जाऊँ है घुम्न रेसुङ्गा मेरो यै छ निवेदन

**भैरहवा**

ooo


**किरण पुस्तकालय**


**प्रकाशनमालाको २१औं पुष्प**

**डा. हरिराज भट्टराईद्वारा**

**लिखित उपन्यास**

**"सन्त प्रेमी"**

**एक पटक अवश्य पढ्नुहोस् ।**



लेख

# तपोभूमि रेसुङ्गा : ऐतिहासिक, धार्मिक तथा प्राकृतिक धरोहर



✍झवीन्द्र पन्थी

रेसुङ्गा एक ऐतिहासिक, धार्मिक र प्राकृतिक रूपमा प्रख्यात तपोभूमि हो । यो पर्यटकीय क्षेत्र समुद्र सतहदेखि २,३४७ मिटर (७,७०० फीट) को उचाइमा करिब ६६,८०० रोपनीको क्षेत्रफलमा फैलिएको रेसुङ्गाक्षेत्र लुम्बिनी प्रदेश, गुल्मी जिल्लाको रेसुङ्गा नगरपालिकामा अवस्थित छ, जसको काखमा गुल्मीको सदरमुकाम तम्घास रहेको छ । जैविक विविधताले सम्पन्न ऐतिहासिक, धार्मिक तथा प्राकृतिक धरोहर मानिएको तपोभूमि रेसुङ्गा मन्दिर र आश्रम वरपरको मुख्य धार्मिक डाँडाको वनक्षेत्र लगभग ३,२४६ रोपनी क्षेत्रफलमा फैलिएको छ, जहाँ करिब ७७.८ रोपनी (५.८५ बिघा) क्षेत्रफलमा आधुनिक 'रेसुङ्गा पार्क' समेत निर्माण गरिएको छ । रेसुङ्गाको सर्वोच्च शिखरमा रहेको भ्यू-टावरबाट उत्तरतिर हेर्दा उतिबेलै पुगिएला जस्तो लाग्ने अन्नपूर्ण, माछापुच्छ्रे र धवलागिरिलगायतका धेरै हिमालहरू देखिन्छन् । त्रेतायुगमा महर्षि ऋष्यशृङ्गले तपस्या गरेको यस पवित्र स्थलमा धार्मिक पर्यटनलाई सहज बनाउन महापोखरीदेखि यज्ञशाला हुँदै सिद्ध मन्दिरसम्म ७९६ मिटर लामो आधुनिक रेलिङसहितको ११९२ वटा सिँढी-सिँढीले बनाइएको पदमार्ग निर्माण गरिएको छ भने यहाँ आउने पर्यटक र तीर्थयात्रीका लागि समुद्र सतहदेखि १,५२९ मिटरको उचाइमा रेसुङ्गा नगरपालिकाअन्तर्गत पर्ने वडा नं. १० सिमिचैरमा विमानस्थल समेत रहेको छ ।

## रेसुङ्गाको पौराणिक र ऐतिहासिक कथा

धार्मिक र पौराणिक मान्यताअनुसार रेसुङ्गाको इतिहास त्रेतायुगसँग जोडिएको धार्मिक ग्रन्थहरूमा समेत पढ्न सकिन्छ । यस पवित्र भूमिमा महर्षि ऋष्यशृङ्गले कठोर तपस्या गरेको हुनाले उहाँकै नामबाट अपभ्रंश भई यस ठाउँको नाम 'रेसुङ्गा'

रहन गएको जनविश्वास छ । पौराणिक कथाअनुसार अयोध्याका राजा दशरथकी छोरी शान्तासँग महर्षि ऋष्यशृङ्गको विवाह भएको थियो । राजा दशरथका सन्तान नभएपछि उनै महर्षि ऋष्यशृङ्गको प्रमुख आचार्यत्वमा पुत्रेष्टि यज्ञ गराइएको थियो, जसको फलस्वरूप दशरथलाई पुत्रलाभ भएको धार्मिक ग्रन्थहरूमा उल्लेख छ । यसरी रामायणकालीन इतिहास र संस्कृतिको प्रत्यक्ष सम्बन्ध रहेको यो क्षेत्र प्राचीन कालदेखि नै ऋषिमुनिहरूको तपोभूमिका रूपमा पूजनीय रहँदै आएको छ ।

ऐतिहासिक दृष्टिकोणबाट हेर्दा रेसुङ्गा आधुनिक कालमा पनि सिद्ध सन्तहरूको साधना स्थल बनेको देखिन्छ । शशिधर स्वामी र उनका पुत्र महाप्रभु लक्ष्मीनारायण स्वामीले यस क्षेत्रलाई व्यवस्थित धार्मिक स्थलको रूपमा विकास गरेका थिए । उनले यहाँ अनेकौं धर्मशाला र पूजास्थलहरू निर्माण गराएका थिए ।

गुल्मीको ऐतिहासिक तथा पौराणिक तपोभूमि रेसुङ्गाधामको विकास, प्रचार र आध्यात्मिक गरिमा बढाउन विभिन्न कालखण्डमा तपस्या गरेका मुख्य तीन ऋषि तथा सिद्ध सन्तहरूको योगदान अतुलनीय छ ।

### १. महर्षि ऋष्यशृङ्ग (त्रेतायुगीन ऋषि)

ऋष्यशृङ्ग ऋषिको जन्म सामान्य मानिसको जस्तो भएको थिएन । पौराणिक कथा अनुसार एक पटक महर्षि विभाण्डक मुनि एउटा ठूलो जलाशय (ताल)को किनारमा तपोरत थिए । लामो तपस्यापछि उनी जागे । त्यहाँ उनले उर्वशी अप्सरालाई देखे । उनको अनुपम सौन्दर्य देखेर कामासक्त भइ उनको वीर्य जलमा खस्यो, जसलाई एउटी मृग(हरिणी)ले पानी पिउने क्रममा निल्न पुगी । वास्तवमा ती मृग ब्रह्माजीको श्रापका कारण मृगको रूपमा रहेकी देवकन्या थिइन्, उनले पानी पिउने क्रममा सो वीर्य निल्न पुगिन् । यसको परिणामस्वरूप सोही मृगको गर्भबाट एक बालकको जन्म भयो । जसको टाउकोमा एउटा सिङ थियो र उनी नै 'ऋष्यशृङ्ग' कहलाए । बालकको जन्म हुनासाथ ती देवकन्या मृगरूपी श्रापबाट मुक्त भइन् । यसरी जन्म भएका महर्षि ऋष्यशृङ्गले गुल्मी जिल्लाको रेसुङ्गा पर्वतको एकान्त र शान्त वातावरणमा कयौं वर्ष कठोर तपस्या गरेका थिए भने यसलाई उनले आफ्नो कर्मभूमि र ध्यानकेन्द्र बनाएका थिए । उनकै नामबाट यो क्षेत्रको नाम 'ऋष्यशृङ्ग' बाट अपभ्रंश भएर 'रेसुङ्गा' रहन गएको हो भनी स्थानीयवासी, विद्वान् वर्गको कुराकानी तथा केही जनश्रुतिहरू (२०४२, डा. टीकाराम पन्थी) र पत्र-पत्रिकामा पढ्न पाइन्छ ।

महर्षि ऋष्यशृङ्गको तपस्याकै कारण तपोभूमि रेसुङ्गा भएको तथ्यको पौराणिक कथा, महाभारत, रामायणलगायतका ग्रन्थहरूमा उल्लेख भएको कुरा संस्कृत

साहित्यका प्राज्ञहरूले बताएका छन् । अयोध्याका राजा दशरथको सन्तान नहुँदा यिनै ऋषिलाई गुरु वसिष्ठको आज्ञानुसार आमन्त्रण गरी **अश्वमेध यज्ञ** र **पुत्रकामेष्टि यज्ञ** गराइएको थियो । यस प्रकार ऋष्यशृङ्ग ऋषिले गराएको महायज्ञकै प्रसादस्वरूप तीनैजना रानीहरू गर्भवती भए र चैत्र मासको शुक्ल पक्षको नवमी तिथिको पुनर्वसु नक्षत्रमा दिव्य बालकहरू भगवान् राम, लक्ष्मण, भरत र शत्रुघ्नको जन्म भयो । यस्तो शक्ति भएका महातेजस्वी 'ऋष्यशृङ्ग'को यस रेसुङ्गाक्षेत्र अन्तर्गत पर्ने 'सानो रेसुङ्गा'मा उहाँको सम्मानमा आकर्षक मन्दिर, ब्रह्मचारी आश्रम र ऋष्यशृङ्गको पूर्णकदको मूर्ति अनावरण गरी उहाँको योगदानलाई जीवन्त राखिएको छ ।

### २. स्वामी शशिधर

अर्घाखाँचीको वामरुक गाउँका धनञ्जय गोत्रीय वेदाध्यायी ब्राह्मण लालमणिका छोरा दिशैका सुपुत्र स्वामी शशिधरको जन्म भएको थियो । उनी १०२ वर्ष (वि.सं. १८०४-१९०६) बाँचेका थिए भन्ने कुरा डा. टीकाराम पन्थीद्वारा २०४२ माघी पूर्णिमामा प्रकाशित केही जनश्रुतिहरू भन्ने पुस्तकको पेज नं. ५८ मा स्पष्ट लेखिएको छ । उनले यस क्षेत्रको आध्यात्मिक ऊर्जाबाट प्रभावित भई लामो समयसम्म गुफा र कुटीमा बसेर कठोर साधना तथा योग ध्यान गरेका थिए । उनी नेपाल र भारतभर प्रसिद्ध 'जोसमनी सम्प्रदाय'का प्रवर्तक र कडा अनुयायी थिए ।

स्वामी शशिधरले रेसुङ्गालाई आधुनिक कालमा धार्मिक र सामाजिक सुधारको केन्द्र बनाए । ऐतिहासिक कुटीको निर्माण गराई देश-विदेशबाट हजारौं अनुयायीहरूलाई रेसुङ्गा भित्र्याउने काम गरे । तपस्याद्वारा ईश्वर साक्षात्कार गरेपछि, जीवनको अन्तिम अवस्थामा, स्नान-सन्ध्या र पूजापाठ उनले गर्न छोडेका थिए । उनको मृत्यु रेसुङ्गाको आश्रममा भएको थियो । उनको शव रेसुङ्गाको चुचुरोमा उनका शिष्यहरूद्वारा जलाइएको थियो । अहिले पनि यस ठाउँमा उनको स्मारक मन्दिर देख्न सकिन्छ ।

### ३. आबाल ब्रह्मचारी महाप्रभु स्वामी लक्ष्मीनारायण

स्वामी शशिधरका सुपुत्र तथा उत्तराधिकारीका रूपमा रहेका स्वामी लक्ष्मीनारायणको जन्म कहिले भयो भन्ने कुरा कसैलाई थाहा हुन सकेको छैन तर उनले वि.सं. १८८३ को दशक (१९औं शताब्दीको सुरुवाती चरण) देखि आफ्नो जीवनको ठूलो हिस्सा रेसुङ्गाकै डाँडामा कठोर ब्रह्मचर्य पालन गर्दै ध्यान र सात्विक साधनामा व्यतीत गरेका थिए । उनी कहिले सर्प, कहिले बाघ बन्दथे ।

यस्तो उनको अलौकिक शक्तिले गर्दा उनलाई रेसुङ्गाका एक सिद्ध महाप्रभुका रूपमा पुजिन्छ ।

स्वामी लक्ष्मीनारायणले रेसुङ्गाको भौतिक र धार्मिक स्वरूपलाई पूर्ण रूपमा रूपान्तरण गरे । उनले नेपाल र भारतका प्रमुख सबै तीर्थस्थलहरूबाट पवित्र जल ल्याएर रेसुङ्गाको सानो कुण्डलाई विशाल 'महापोखरी' मा परिणत गराएका थिए । उनको देहावसान वि.सं. १९३९ मा भएको कुरा निश्चित छ ।

**सन्तहरूको ध्यानकेन्द्र रेसुङ्गा तपोभूमि**

गुल्मीको पावन तपोभूमि रेसुङ्गाधामलाई थप ऐतिहासिक, आध्यात्मिक र सांस्कृतिक उचाइमा पुऱ्याउन महर्षि ऋष्यशृङ्ग, स्वामी शशिधर र स्वामी लक्ष्मीनारायणबाहेक अन्य सिद्ध सन्त तथा महापुरुषहरूको पनि ठूलो योगदान रहेको स्थानीयवासी, विद्वान्वर्गको कुराकानी तथा पत्र-पत्रिकामा पढ्न र देख्न पाइन्छ ।

**१. प्रभु यदुकानन्द स्वामी**

काठमाडौंको कालिमाटीबाट यस विकट पहाडी कन्दरामा आइ कठोर तपस्यामा लीन हुनुभएका स्वामीजी त्याग, वैराग्य र उच्च आध्यात्मिक चेतनाका प्रतिमूर्ति हुनुहुन्थ्यो । वि.सं. १९८३ देखि २०२१ सालसम्म यस क्षेत्रलाई आफ्नो साधनास्थल बनाउनुभएका स्वामी शान्त, तेजस्वी र परोपकारी हुनुहुन्थ्यो । महाप्रभु लक्ष्मीनारायण स्वामीले बसालेको तपोभूमिलाई निरन्तरता दिने र आध्यात्मिक ऊर्जा भर्ने काम प्रभु यदुकानन्दले गर्नुभयो । उहाँले वि.सं. १९८३ देखि २०११ सालसम्म हरेक वर्ष रेसुङ्गामा यज्ञहरू लगाउनुभएको थियो । तत्कालीन राणा सरकारसँग समन्वय गरेर रेसुङ्गाको पूजाआजा र व्यवस्थापनका लागि मासिक ५०० रुपैयाँ खर्चको बन्दोबस्त मिलाउनु भएको थियो । रेसुङ्गाको भौतिक तथा धार्मिक जग बसाल्नमा स्वामीले अतुलनीय भूमिका खेल्नु भएको थियो ।

२००७ सालमा राणा शासन समाप्तिपछि यदुकानन्द विरक्तिए । यज्ञ-यागादि हरायो । यज्ञ नगरी सरकारी रकम हिनामिना गरे भन्ने मुद्दा पऱ्यो । २०११ सालमा रेसुङ्गामा भएका आश्रम, आफू बस्ने गादीसमेतमा मट्टीतेल छर्काएर आगो लगाइदिएका थिए । २०१६ सालमा बी. पी. कोइराला रेसुङ्गा जाँदा नांगै बुंगै भएको आफ्नो स्वरूप देखाए । त्यसपछि २०२१ सालमा सदाको निम्ति रेसुङ्गा छोडेर उनी काठमाडौं गए । २०२८ साल श्रावण १ गते दिउसो १ बजे उनको देहावसान भयो ।

## १. राष्ट्रगुरु योगी नरहरिनाथ (ऐतिहासिक अन्वेषक तथा सन्त)

नेपालका महान् आध्यात्मिक व्यक्तित्व, इतिहासकार तथा नाथ सम्प्रदायका सिद्ध सन्त योगी नरहरिनाथ आफ्नो देशव्यापी ऐतिहासिक तथा धार्मिक अनुसन्धानका क्रममा गुल्मीको रेसुङ्गाधाम आइपुग्नुभएको थियो । उहाँको जन्म कालिकोट जिल्ला साबिक लालु गाविस हालको नरहरिनाथ गाउँपालिकामा पिता ललित सिंह हरिक्सेन थापा र माता गौरीदेवी थापाको कोखबाट वि. सं. १९७१ साल फागुन १७ गते जन्मिनुभएका योगी नरहरिनाथले यस क्षेत्रको प्राचीन महत्त्व, रामायणकालीन इतिहास र यहाँको अलौकिक आध्यात्मिक शक्तिको गहिरो अध्ययन गर्नुभएको थियो । रेसुङ्गाको शान्त र प्राकृतिक वातावरणमा उहाँले केही समय बसेर साधना गर्नुका साथै यहाँको माटोसँग जोडिएका पुराना लिपि र इतिहासको उजागर गर्नुभएको थियो ।

योगी नरहरिनाथले रेसुङ्गालाई नेपालकै एक विशिष्ट ऐतिहासिक र पुरातात्त्विक धरोहरका रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउन ठूलो भूमिका खेल्नुभयो । उहाँले रेसुङ्गा र यसको वरपर रहेका प्राचीन शिलापत्र, हस्तलिखित ग्रन्थ तथा पुराना भग्नावशेषहरूको खोजी गरी तिनको ऐतिहासिक प्रमाणिकता प्रमाणित गर्नुभएको थियो । उहाँको यसै खोज र अनुसन्धानले गर्दा नै रेसुङ्गा केवल एकाध धार्मिक भक्तजनमा मात्र सीमित नरहेर नेपालकै एउटा महत्त्वपूर्ण पुरातात्त्विक र ऐतिहासिक गन्तव्यका रूपमा स्थापित हुन सफल भयो ।

उहाँले रेसुङ्गाक्षेत्रमा आध्यात्मिक जागरण ल्याउनका लागि विभिन्न प्रवचनहरू र धार्मिक कार्यक्रमहरूको आयोजना गर्नुभएको थियो । उहाँको उपस्थितिले स्थानीय जनमानसमा आफ्नो संस्कृति र इतिहासप्रति गर्व गर्ने भावना जागृत गरायो । नेपालभर कोटिहोम तथा विभिन्न महायज्ञहरू सञ्चालन गरेर सनातन धर्मको रक्षामा लागेका योगीजीले रेसुङ्गाको यज्ञशाला र अखण्ड धुनीको महत्त्वलाई झनै लोकप्रसिद्ध बनाउन विशेष मार्गदर्शन गर्नुभएको थियो ।

## २. योगी प्रभाकरनाथ (नाथ परम्पराका साधक तथा संरक्षक)

योगी प्रभाकरनाथ नाथसम्प्रदायका श्रद्धेय सन्त योगी प्रभाकर नाथले रेसुङ्गाको उच्च शिखरमा अवस्थित सिद्धस्थान र यज्ञशाला आसपासमा एकान्त वास बसी कठोर तपस्या र साधना गर्नुभएको थियो । उहाँले आधुनिक सुख-सुविधा त्यागेर रेसुङ्गाको चिसो सिरेटो र कठोर प्राकृतिक वातावरणका बीच आफूलाई गुरु गोरखनाथको भक्तिमा लीन गराउनुभयो । उहाँको सादगीपूर्ण जीवन र उच्च आध्यात्मिक उर्जाले गर्दा रेसुङ्गा पुग्ने जो-कोही तीर्थयात्रीले पनि आत्मिक शान्तिको

महसुस गर्थे ।

योगी प्रभाकर नाथको सबैभन्दा ठूलो देन रेसुङ्गाको मुटु मानिने यज्ञशाला मन्दिर र वर्षौंदेखि बलिरहेको अखण्ड धुनीको निरन्तर संरक्षण एवं व्यवस्थापन गर्नु हो । उहाँले प्राचीन कालदेखि चलिआएको पूजाआजा, हवन र वैदिक नियमहरूलाई जीवन्त राख्न अहोरात्र खटिएर योगदान दिनुभयो । उहाँकै रेख-देखमा यज्ञशालाभित्रको नियम कडा रूपमा पालना गराइयो, जसले गर्दा यस क्षेत्रको पवित्रता र तपोभूमिको मूल मर्म सधैं अविस्मरणीय रहन गयो ।

धार्मिक साधनाका साथै उहाँले रेसुङ्गाको भौतिक पूर्वाधार विकास र सरसफाइमा स्थानीय जनसमुदायलाई एकजुट गराउनुभयो । पैदल मार्गको सुधार, मन्दिर परिसरको सौन्दर्यीकरण र यहाँ आउने साधुसन्त तथा पर्यटकका लागि आवश्यक बस्ने-खाने सामान्य धर्मशालाको व्यवस्थापनमा उहाँको सक्रिय नेतृत्व रहेको थियो । उहाँको यसै निःस्वार्थ सेवा र योगदानका कारण रेसुङ्गाको धार्मिक पर्यटनलाई संस्थागत रूपमा अगाडि बढाउन बलियो आधार तयार भयो ।

**यहाँका धार्मिक मन्दिर विशेषता र कथा**

गुल्मीको ऐतिहासिक तथा अलौकिक तपोभूमि रेसुङ्गाधाममा अनेकौं मठ-मन्दिर, कुटी र पाटीपौवाहरू रहेका छन् । तीमध्ये यहाँको धार्मिक इतिहास, पूजा परम्परा र आस्थाको केन्द्रका रूपमा रहेका मुख्य चारवटा मन्दिरहरू र तिनको पौराणिक विशेषताको कथा यस प्रकार छः

**१. रेसुङ्गा यज्ञशाला मन्दिर**

यो रेसुङ्गाक्षेत्रको सबैभन्दा मुख्य र आकर्षक मन्दिर हो । सुनको आकर्षक गजुर र तामाको छाना भएको भव्य प्यागोडा शैलीमा निर्मित यस मन्दिरभित्र बलिरहेको अखण्ड धुनी (हवनकुण्ड) अवस्थित छ । यस मन्दिरको परिसरमा आधुनिक प्रवचनहल र गोशाला भवनहरू पनि निर्माण गरिएका छन् ।

वि.सं. १९८३ तिर स्वामी यदुकानन्दले लोककल्याण, समाजमा शान्ति, सद्भाव र आध्यात्मिक जागरण ल्याउनका लागि यहाँ अग्निस्थापना गरी यज्ञ सुरू गरेका थिए । मन्दिरको विशेषता के छ भने स्थापना कालदेखि अहिलेसम्म यो धुनी कहिल्यै निभेको छैन । यहाँको खरानी (विभूति) लाई अत्यन्तै पवित्र मानिन्छ र यसलाई प्रसादका रूपमा ग्रहण गर्दा शारीरिक तथा मानसिक कष्टहरू नाश हुने जनविश्वास छ ।

## २. सिद्धस्थान मन्दिर (प्राचीन मन्दिर)

धार्मिक धरोहर रेसुङ्गा तपोभूमिक्षेत्र अन्तर्गत पर्ने सिद्धस्थान मन्दिर एक अत्यन्तै पवित्र र शक्तिशाली देवस्थल हो । जुन एकान्त र निकै शान्त, सुन्दर, हरियाली पूर्ण चुचुरामा अवस्थित छ । १९औं शताब्दीको सुरुवाती चरणमा महाप्रभु स्वामी लक्ष्मीनारायणले निर्माण गर्नुभएको प्रसिद्ध विशाल महापोखरीबाट सुरु हुने जम्मा ११९२ सिँढीको रेलिङ्ग सहितको धार्मिक पदमार्गलाई विभिन्न चरणमा पार गर्दै भक्तजनहरू उक्कालो उक्लिएर मन्दिरसम्म पुग्दछन् । यसै पदमार्ग अन्तर्गत महापोखरीबाट ८३१ सिँढी चढेपछि अमृत छचल्किएर १ बुँद खसेको पवित्र स्थान आइपुग्छ, जसलाई 'गरुडस्थान' भनेर चिनिन्छ । त्यहाँबाट पुनः १६४ सिँढी उक्लिएपछि प्रसिद्ध यज्ञशाला पुगिन्छ भने, यज्ञशालाबाट अन्तिम १९७ वटा सिँढीहरू तय गरेपछि मात्रै यस महाशक्ति भएको 'सिद्धस्थान मन्दिर' मा गई शिर नुगाइ दर्शन गर्न पाइन्छ ।

यस धार्मिक पदमार्गको यात्राका क्रममा बीचबीचमा केही पदमार्गका सिँढीहरू बनाउन अझै बाँकी रहेको देखिदा, सायद आर्थिक समस्या वा स्रोत साधनको अभावका कारणले पो हो कि भनी मनमा कौतूहल र जिज्ञासा पनि जाग्छ । प्राचीनकाल देखि नै ऋषिमुनिहरूको तपोभूमिका रूपमा प्रख्यात यस मन्दिरमा विशेष गरी साउन महिनाभरि भव्य मेला लाग्ने गर्दछ, जहाँ प्राकृतिक सौन्दर्य र अलौकिक आध्यात्मिक ऊर्जाको आनन्द लिँदै मनका आकाङ्क्षाहरू पूरा गर्ने जनविश्वासका साथ हजारौं श्रद्धालुहरूको घुइँचो लाग्ने गर्दछ ।

## ३. विष्णुपादुका मन्दिर (शिखरको मन्दिर)

रेसुङ्गाको सबैभन्दा सर्वोच्च शिखर (चुचुरो) मा अवस्थित विष्णुपादुका मन्दिर भ्यू-टावरको ठीक नजिकै रहेको छ । यो मन्दिर सानो र सामान्य आकारको भए तापनि यसको उचाइ र भौगोलिक रूपले गर्दा यहाँ पुग्दा आकाशमै पुगेको जस्तो अलौकिक अनुभूति हुन्छ ।

पौराणिक कथाअनुसार त्रेतायुगमा ऋषि ऋष्यशृङ्गको कठोर तपस्याबाट प्रसन्न भई भगवान् विष्णु स्वयं यहाँ प्रकट हुनुभएको थियो । भगवान् विष्णुले यसै स्थानमा आफ्नो पाइला (पादुका) छोडेर अन्तर्ध्यान हुनुभएको धार्मिक मान्यता छ । मन्दिरभित्र ढुङ्गामा कुँदिएका ती पवित्र सिला-पाइलाहरूलाई 'विष्णुपादुका' भनी पूजा गरिन्छ । कार्तिक महिनाको हरिबोधनी एकादशीमा यहाँ ठूलो मेला लाग्छ र भगवान् विष्णुको पाउमा तुलसी चढाउनाले मोक्ष प्राप्त हुने कथा पुराणहरूमा वर्णित छ ।

### ४. राधाकृष्ण मन्दिर

यो मन्दिर मुख्य यज्ञशाला मन्दिरकै परिसरको दक्षिणपट्टिको अग्लो भित्तामा अवस्थित छ । मार्वल र आधुनिक बुट्टाहरू प्रयोग गरी कलात्मक रूपमा सजाइएको यस मन्दिरमा भगवान् श्रीकृष्ण र राधाको अत्यन्तै सुन्दर मूर्ति स्थापना गरिएको छ ।

साउन महिनाको औंसी र एकादशीमा महापोखरीमा स्नान गरी राधाकृष्ण मन्दिरमा पूजाआजा गर्नाले भगवान् श्रीकृष्णको विशेष कृपा मिल्ने र जीवनका सबै पापहरू पखालिने जनविश्वास रहिआएको छ ।

**सन्दर्भ–सामग्रीहरू**


१. डा. टीकाराम पन्थी – केही जनश्रुतिहरू (२०४२ माघी पूर्णिमा, पेज नं. ५४,६८
२. महाभारतको वनपर्व (अध्याय ११० र १११)
३. वाल्मीकि रामायणको बालकाण्ड – सर्ग ११ देखि १६ सम्म राजा दशरथलाई सन्तान लाभ
४. पावर सञ्चार अनलाइन – गुल्मीको धार्मिक र ऐतिहासिक प्रसिद्ध रेसुङ्गाक्षेत्रका मन्दिरहरू
५. नेपाल टेलिभिजन अनलाइन – रेसुङ्गाको काखमा आकर्षक मन्दिर निर्माण र पौराणिक राम–पाइलाको कथा
६. नेपाली विकिपिडिया – राष्ट्रगुरु योगी नरहरिनाथको जीवनी र साहित्यिक/ऐतिहासिक यात्रा
७. रेसुङ्गा नगरपालिकाको ऐतिहासिक प्रतिवेदन – धार्मिक स्थल र प्राचीन सन्तहरूको इतिहास
८. गोरखापत्र अनलाइन – रेसुङ्गा संरक्षण समिति प्रतिवेदन (सुरेशचन्द्र भुसालको भनाइ)
९. शीतलपाटी रिपोर्टर – पौराणिक र पर्यटकीय महत्त्वको तपोभूमि रेसुङ्गा ( जगन्नाथ पन्त)
१०. रेसुङ्गा नगरपालिकाको आधिकारिक संक्षिप्त परिचय
११. नेपाल टिभी अनलाइन – ऋष्यशृङ्ग मूर्ति अनावरण प्रतिवेदन
१२. मेचीकाली – प्राकृतिक मनोरमस्थल रेसुङ्गा तपोभूमि (टेकराज पन्थी, ९ भाद्र २०७८,बुधबार)

**रेसुङ्गा नगरपालिका–२, धागिथुम ।**

ooo

कविता

# हाम्रो रेसुङ्गा



✍नमोनारायण पन्थी

रेसुङ्गा वनमा सानो रेसुङ्गा छ रमाइलो ।
घामको पहिलो झुल्का पर्ने राम्रो घमाइलो ॥

तपस्थली थियो त्रेता युगमा ऋष्यशृङ्गको ।
तपोभूमि बन्यो ऐले तदर्थानन्द स्वामीको ॥

वसन्त ऋतुमा फुल्छन् यहाँ गुराँसका फूल ।
फूलमा मत्त भै डुल्छन् यहाँ भ्रमरका हूल ॥

हरियाली छ रेसुङ्गा प्राकृत तीर्थधाम यो ।
पशुपक्षी यहाँ बस्छन् अभयारण्य क्षेत्र हो ॥

लाग्छ यो स्वर्ग नै हो कि उच्च पर्वत-मण्डल ।
यो हो गरुडको बास विष्णुको प्रिय जंगल ॥

सिद्धेश्वर बसेका छन् चुलीमा गर्न मंगल ।
गोशाला यज्ञशाला छन् धर्मका हुन् धरोहर ॥

महाप्रभु भए लक्ष्मीनारायण महामुनि ।
कर्मयोगी बनी गर्थे सत्कर्म नै सधैंभरि ॥

यहीँबाट बल्यो ज्ञान जोस्मनि ज्योति उज्ज्वल ।
महाज्ञानी महायोगी शशिधर् स्वामीका बल ॥

यदुकानन्दले गर्थे यज्ञ-यज्ञादि पावन ।
यज्ञको धूमले बन्थ्यो यज्ञमण्डप नै वन ॥

०००

लेख

# गोपर्वत रेसुङ्गा



✍इ. भवीन्द्र ज्ञवाली

धवलागिरि हिमालको काखमा रहेको रेसुङ्गा नै शिवलोक हो र कैलास पनि हो । रेसुङ्गालाई नै कालाञ्जर पर्वत पनि भनिन्छ । रेसुङ्गाको उच्च भागमा रहेको सिद्धस्थान वरिपरि भूत, प्रेत, पिचास, नाग, जङ्गली जन्तु आदि शिवगणहरू रहेको हाल पनि महसुस हुन्छ । सानो रेसुङ्गामा फलफूल मात्र खाई तपस्यारत तदर्थानन्द ब्रह्मचारीज्यूले महिनौ रेसुङ्गामा रुखमुनि एक्लै रहँदा यस कुराको प्रत्यक्ष अनुभव गरेको बताउनुहुन्छ ।

रेसुङ्गाको बीच भागमा शृङ्गा (लेख) गुफाशिवालय, ऋष्यशृङ्गको हवनकुण्ड र यज्ञशाला रहेको छ भने तल्लो भागलाई कालीगण्डकी हृषीकेश शालग्रामको भूमि विष्णुलोक भनिन्छ । रेसुङ्गा पनि रुरुक्षेत्रकै एउटा भाग हो । शृङ्गालाई रुरुक्षेत्रको मध्यभाग र रेसुङ्गालाई शिरोभाग मानिएको छ । रूरूधामको शालग्राम र गण्डकीको जलले शुद्ध गरी भागीरथी गङ्गाको किनारमा हृषीकेश भगवान्को स्थापना गरी भारतको हरिद्वारको उत्तरतर्फको ठाउँलाई नै ऋषिकेश नामकरण गरिएको स्वयं भारतका महात्माहरूले हामी हृषीकेशको दर्शन गर्न जाँदा हामीलाई भन्नुभएको थियो "ओर्जिनल ऋषिकेश नेपाल मे है काली गण्डकी के रुरुक्षेत्र रिडी मे है । हम ने दर्शन किया है ?

त्रेतायुगमा महर्षि ऋष्यशृङ्ग हिमवत्खण्डका आश्रमहरूमा ध्यान, समाधि यज्ञ गर्ने क्रममा कालीगण्डकी र हृषीकेश भगवान्को दर्शन गरी श्रृङ्गा (लेख) र रेसुङ्गामा तपस्यारत भएको पुराणहरूमा पाइन्छ । ऋष्यशृङ्गऋषिले गराउनुभएको पुत्रकामेष्टि यज्ञद्वारा जन्मनुभएका भगवान् राम गुरूको दर्शनार्थ शृंगा (लेख) र रेसुङ्गामा आउनु भएको अनुमान गर्नसकिन्छ । भगवान् त्यहाँ आएर वाण हानी पानी

निकालेको जनश्रुति छ । हाल पनि रेसुङ्गामा रहेको रामकुवा यसको प्रमाण हो । रेसुङ्गा रामकुवाको जल अमृततुल्य भएकोले सो जल भारतका अयोध्या राजस्थानलगायत विभिन्न ठाउँमा अमृत मानेर लग्ने गरिएको छ । १८औँ शताब्दीमा स्वामी शशिधर रेसुङ्गामा तपस्यारत रहनुभयो । उहाँ जोसमनि सम्प्रदायको प्रवर्तक, हठयोगी, ज्ञानमार्गी र निर्गुणमार्गी हुनुहुन्थ्यो । उहाँका नेपालको पश्चिम भेग तथा भारतका कुमाउ, गढवाल, गुजरात, दार्जीलिङ्, सिक्किम, भूटान तथा बर्मालगायत एसियाका अनेकौं ठाउँमा लाखौं-लाख भक्तहरू रहेको पौडी भारतबाट स्वामीको कर्मभूमि र समाधि दर्शनका लागि रेसुङ्गा आउनुभएका सन्तहरूको समूहले राममन्दिर पशुपतिमा हामीहरूलाई बताउनु भएको थियो ।

महाप्रभु शशिधर स्वामीपश्चात् सिद्ध पुरुष स्वामी लक्ष्मीनारायणको चमत्कारी व्यक्तित्व र कर्मयोगबाट प्रभावित भई जङ्गबहादुरले सिद्धपोखरी, मठमन्दिर बनाउन, माथि शिवालय बनाउन, साउनेको शिवालय बनाउन र गुठीको व्यवस्था मिलाउन सहयोग गरेका थिए । १९८३ मा प्रभु यदुकानन्द स्वर्गद्वारीको दर्शनपछि रेसुङ्गा आई तपस्यारत हुनुभएको पाइन्छ । यज्ञकर्ता र अग्निउपासक स्वामी यदुकानन्दको घृतधारा महायज्ञ १९८५ देखि २०११ सम्म निरन्तर चलेको थियो । २०११ सालदेखि २०४१ सालसम्म रेसुङ्गा सुनसान जस्तै रह्यो । वि.सं. २०४२ मा योगी नरहरिनाथद्वारा विश्व कल्याणकोटी होम महायज्ञ सम्पन्न गरेपछि रेसुङ्गा फेरि जाग्यो । तत्पश्चात् स्थापना भएको गोशाला अद्यावधि चलेको छ । त्यसपछि रेसुङ्गा संरक्षण समितिले रेसुङ्गा तपोभूमिको संरक्षण गर्दै आएको छ । स्थानीय गाईको घिउ, दूध, दही, गहुँत, गोबर समेत धार्मिक र स्वास्थ्यको हिसाबले अति महत्त्वपूर्ण हुन्छ । अन्य विचलित गाईहरूको संरक्षण गर्ने र स्थानीय जातका गाईको पालन पोषण र संरक्षण गर्ने हेतुले स्वर्गद्वारी प्रभुका भक्तहरूको करिब ४५ लाखको सहयोग रकमबाट २०७९-०८०मा गोशालामर्मत, कुटीनिर्माण, स्थानव्यवस्थापन, स्थानीय प्रविधिबाट गोअर्क उत्पादनसमेत सुरु भयो । रेसुङ्गा संरक्षण समिति र विशेषतः सुरेशचन्द्र भुसाल, शशि पन्थी, दीन पन्थी, यज्ञ पन्थी, पुष्कर पन्थीज्यूहरूको अथक प्रयासपछि सो कार्य सफल भएको हो । सीहदरबार वैद्यखाना, नरदेवी तथा अन्य ठाउँमा माग हुँदाहुँदै पनि गोअर्क उत्पादन कार्य राम्रोसँग सञ्चालन हुन सकेको छैन ।

रेसुङ्गा गोपर्वतको तल्लो भाग रूरूक्षेत्र धाममा चढाइएका, छाडिएका गाई, साँढे बेवारिसे अवस्थामा देखेर स्वर्गद्वारी महाप्रभु भागवतानन्द गिरीज्यूको आशीर्वाद सहयोग र गुल्मी ग्वादी निवासी श्रीमती राजु मल्लको सहयोग गरी करिब ३

करोडको सहयोग रकम साथै ठाकुर अर्याल, सीता ज्ञवाली, ओम अमात्य, जीवन कसजू, परशुराम भट्टराई, शंकर गिरी तथा गोशालासमितिको अथक प्रयास साथै बगरमा अलपत्र गाईको व्यवस्थापनको लागि जग्गा खरिद, गोशालानिर्माण, कुटी, टहरानिर्माण, साधनव्यवस्थापन गरी सम्पूर्ण करिब ३०० गाईको चेकअप बीमा गरी कुसेनीमा भव्य गोशाला बन्न सफल भयो । केन्द्र, स्थानीय र प्रदेश सरकारको शून्य सहयोगमा व्यक्तिगत रूपले सफल पार्न सहयोग गर्नुहुने शंकर गिरी तथा रिडी र कुसेनीबासीमा गोशाला आभारी छ ।

हाल जर्सी, वृद्ध, बिरामी, अपाङ्ग गाई गोरुहरूको छुट्टै व्यवस्था गरिएको छ । करिब १२५ स्थानीय जातका गाईमध्येबाट दूध, दही, घिउ, मल, गउँत आदिबाट पनि केही राहत मिलेको छ भने दैनिक हृषीकेश भगवान् र गायत्री मातामा दूध अर्पण गरिएको छ । हाल तानसेन नगरपालिका विशेषतः मेयर सन्तोषलाल श्रेष्ठ, रूरू गा.पा. का अध्यक्ष यदु ज्ञवाली, रूरू वडाअध्यक्ष नवराज वि.क. र अर्गेली एवं सर्देवाका किसानहरूको सहयोगबाट गोशाला सञ्चालनमा सहज भएको छ । उत्पादन र नाफामूलक नभएका सबै कामहरू आस्था, सेवा र दयाबाट मात्र सम्पन्न हुन सक्छन् । जग्गादानमा सहयोग गर्नुहुने शान्ता ज्ञवाली, मुक्तिनाथ ज्ञवाली, ओम अमात्य र गायत्री परिवार तथा मन्दिरको नक्सा आदिमा सहयोग गर्नुहुने सुनिल अमात्य, इ. वन्दना ज्ञवाली, इ. इन्दु ज्ञवालीमा गोमाताको सदैव आशीर्वाद रहनेछ । गोशालाका गोमाताहरूको खानपान र व्यवस्थापनमा अहोरात्र खट्ने श्रीमती मञ्जु ज्ञवालीलाई विशेष धन्यवाद छ । रेसुङ्गा र रूरूको सेरोफेरोका गाउँहरूमा आवश्यक परे सुपथ मूल्यमा गाई पाल्न लैजानको लागि र पाल्न नसके गोशालासम्म पुऱ्याइदिनुहुन रूरू-रेसुङ्गा गोशालाले हार्दिक अनुरोध गरेको छ ।


रेसुङ्गा गोपर्वत शृङ्खलामा व्यापक सकारात्मक ऊर्जा आइरहेको प्रत्यक्ष अनुभव हुन्छ । रेसुङ्गा, रूरू, देवघाट, त्रिवेणी, लुम्बिनी, स्वर्गद्वारी आदि विभिन्न धार्मिक ऊर्जावान् भूमिको दर्शनभ्रमण सहजताका लागि पर्यटन मन्त्रालयको २०७८ मा पेश गरेको सर्किट नमुना तल जनाएको छु । सो जानकारी शुद्धीकरण र कार्यान्वयनको लागि अनुरोध गर्दछु । स्मरण होस् यसै आधारमा २०७८ मा रूरू र रेसुङ्गालाई पर्यटन बोर्डमार्फत रु. १ करोड प्राप्त भएको थियो । धार्मिक स्थलहरू सुपादेउराली, मौलाकालिका, बाग्लुङकालिका, बढीमालिका, मनकामना, जनकपुर जस्ता धार्मिक स्थलहरूमा पनि यो क्षेत्रबाट भ्रमण गर्न सजिलो पर्नेछ । जय गोमाता, जय गोशाला ।

गा वै पश्याम्यहं नित्यं गावः पश्यन्तु मां सदा ।
गा.वोऽस्माकं वयं तासां यतो गावस्ततो वयम् ॥

मैले सधैं गाईहरूको दर्शन गरूँ, गाईहरूले मलाई सधैं कृपादृष्टि गरून् । गाई हाम्रा हुन्, हामी गाईका हौं । जहाँ गाई रहन्छन् हामी त्यही रहौं ।

**–महाभारत, अनुशासन पर्व, अध्याय-७८,श्लोक–२४ ।**

# भ्रमण–सर्किट




**रुरुक्षेत्र–४,बलेटक्सार**

**हाल– वनस्थली, काठमाडौं ।**

**०००**

यात्रा-संस्मरण

# तम्घासदेखि रेसुङ्गाको चुचुरासम्म पुग्दा



✍ज्ञानराज मरासिनी

लुम्बिनी प्रदेशको पहाडी जिल्ला गुल्मीको मुटुमा अवस्थित रेसुङ्गा तपोभूमि एउटा अद्भुत र जादूमय गन्तव्य हो । यहाँ पाइला टेक्नासाथ मानिसले एउटा अर्कै दिव्य दुनियाँमा पुगेको महसुस गर्छ । प्राकृतिक सुन्दरता, रोमाञ्चक गन्तव्य र रहस्यमय ऊर्जाले भरिएको यो ठाउँ साँच्चै नै धर्तीको स्वर्ग जस्तै छ ।

जब हामी सुन्दर तम्घास बजारको न्यानो काखबाट हरियो पहाडतर्फ उकालो चढ्न सुरू गर्छौं, तब यात्राको सुरुवातमै एउटा छुट्टै उमङ्ग मनमा जाग्छ । केही समयको शीतल र घुमाउरो पैदल यात्रापछि अचानक आँखैअगाडि एउटा प्रकृतिको सुन्दर बगैँचा देखापर्दछ । गर्जुरा नाम गरेको त्यो हरियो डाँडामा एउटा भव्य र आधुनिक 'रेसुङ्गा पार्क' अवस्थित छ । पार्कभित्र पस्नेबित्तिकै केटाकेटीहरू खुसीले नाच्दै खेल्ने रमाइला आकर्षक ठाउँहरू बनाइएका छन् । त्यहाँ सजाइएका विभिन्न किसिमका पिङहरूमा झुल्दै मानिसहरूले आकाश छोए जस्तो गरी मस्ती र रोमाञ्च गरिरहेको दृश्य देखिन्छ । हावाको चिसो झोक्कासँगै पिङमा मच्चिँदा मानिसहरू आफ्ना सारा दुःख र तनाव भुलेर हाँसो र रोमान्समा हराउँछन् । गर्जुराको यो पार्क उकालो यात्राको एउटा यस्तो चौतारी हो, जसले यात्रीहरूलाई नयाँ ऊर्जा र ताजगीले भरिदिन्छ ।

यही गर्जुरामा रहेको पार्कको मुख्य मूलद्वारमा उभिएर जब हामी सिधा पूर्वतर्फ फर्किएर हेर्छौं, तब आकाश छुन खोजे जस्तो एउटा विशाल र अग्लो डाँडा देखापर्दछ, जुन गौरवशाली रेसुङ्गा पहाड हो । त्यो रेसुङ्गाको गगनचुम्बी चुचुरोलाई हेर्दै जब हामी अगाडि बढ्छौं, तब बाटोको एकान्त र शान्त वातावरण चिर्दै हामी एउटा ठूलो र भव्य पोखरीको किनारमा पुग्दछौं । यो कुनै साधारण

जलाशय होइन; यो त अलौकिक ऊर्जा लुकेको एक दिव्य शक्ति हो । प्राचीन कालदेखि चल्दै आएको एउटा बलियो किंवदन्तीअनुसार, यस पवित्र पोखरीमा श्रद्धापूर्वक डुबुल्की मारेर नुहाउनाले मानिसका सम्पूर्ण मानसिक र भौतिक दुःखहरू सधैँका लागि नाश भएर जान्छन् । आफूलाई लागेका पुराना रोगव्याधि, कष्ट र बाधाहरूबाट क्षणभरमै छुटकारा मिल्ने हुनाले यो पोखरीको पानीलाई अमृत समान मानिन्छ । यस पोखरीको पानीलाई छुँदा शरीरमा एक अनौठो कम्पन र मनमा अभूतपूर्व शान्ति सञ्चालित हुन्छ ।

पोखरीको पवित्र जल स्पर्श गरेर अझ सिँढी सिँढी हुँदै माथि लागेपछि आँखाको सामुन्ने एउटा विशाल र घना रहस्यमय जङ्गल देखापर्दछ । वसन्त ऋतुमा जब यहाँका पुराना रुखहरूमा राताम्मे लालीगुराँस फुल्छन्, तब यो पहाडले बेहुली झैं रातो पछ्यौरी ओढेको भान हुन्छ । अचम्मको कुरा त के छ भने, लालीगुराँस फुलेको बेला सिङ्गो जङ्गल एउटा अद्भुत र मीठो सुगन्धले भरिन्छ । यो अर्गानिक सुगन्ध हावाको चिसोसँगै चारैतिर फैलिँएर हेर्दा यात्रीहरूको सारा मानसिक थकान क्षणभरमै मेटिन्छ । वनभित्र गुञ्जने चराचुरुङ्गीहरूको चिरबिर आवाज र यो मनमोहक बास्नाले जो कोहीलाई पनि मन्त्रमुग्ध बनाउँछ ।

यो पवित्र पहाड प्राचीन कालदेखि नै सिद्ध ऋषिहरूको तपोभूमि रहँदै आएको हो । ती तपस्वीहरूले यहाँ बसेर वर्षौंसम्म कठोर साधना गरेका थिए । उनीहरूकै मन्त्रशक्तिको प्रभावले यहाँका जङ्गली जनावरहरू समेत शान्त र सौम्य बनेका छन् । ऋषिहरूले यहाँका ढुङ्गा, माटो र पानीका मुहानहरूमा आफ्नो साधनाको यस्तो ऊर्जा संचित गरिदिने कार्य गरेका छन् कि, आज पनि यहाँ बस्दा मानिसको मन सजिलै एकाग्र र शान्त हुन्छ ।

यस भूमिको सबैभन्दा ठूलो रहस्य यहाँ रहेको एउटा प्राचीन हवन कुण्ड (यज्ञशाला) हो । भनिन्छ, कयौँ वर्ष अघिदेखि यहाँको आगो निरन्तर बलिरहेको छ, जुन जस्तोसुकै आँधीबेहरी वा मुसलधारे वर्षामा पनि कहिल्यै निभ्दैन । यो अनवरत अग्निको पावन धुवाँ जङ्गलको आकाशमा फैलिँदा त्यहाँका जडीबुटी र वनस्पतिहरू अझ बढी ऊर्जावान् र सुगन्धित बन्ने गर्दछन् ।

यही यज्ञशालाको मूलद्वारअगाडि ठिक एउटा भव्य राधाकृष्ण मन्दिर अवस्थित छ । यो मन्दिरलाई चम्किला र सफा मार्बलहरू लगाएर अति नै आकर्षक र सुन्दर बनाइएको छ । जब हामी यस राधाकृष्ण मन्दिरको आँगनमा उभिएर अगाडि हेर्छौं, तब ठिक सामुन्ने रहेको यज्ञशालाको सुनौलो गजुर अति नै सुन्दर

र मनमोहक देखिन्छ । मन्दिरको मार्बलमा पर्ने गजुरको चमक र छायाँले यहाँ आउने भक्तजनको मनमा एउटा अविस्मरणीय छाप छोडिदिन्छ ।

पहाडको अग्लो चुचुरामा ऐतिहासिक "सिद्ध-मन्दिर" रहेको छ । यो मन्दिर साक्षात् सिद्धिको केन्द्र हो, जहाँ सूर्यको पहिलो किरण पर्दा एउटा दिव्य र चम्किलो प्रकाश फैलाउँछ । विशेषगरी साउन महिना सुरु हुनासाथ यहाँ शिवजीको अलौकिक मेला लाग्छ । साउनको पहिलो दिनदेखि नै सिङ्गो पहाड र सिद्ध मन्दिरलाई सेतो कुहिरोले सर्लक्कै बेर्छ । मेला अवधिभर मध्यरातमा मन्दिरको गर्भगृहबाट मधुर 'ॐ' को ध्वनि गुञ्जायमान भएको अनुभूति हुन्छ, जुन अनुभूतिले गर्दा यहाँका अदृश्य देवीदेवता र यक्षहरूसमेत स्वर्गबाट पूजा गर्न ओर्लिए जस्तो लाग्दछ ।

यही सिद्ध मन्दिर, शिव मन्दिर र सर्वोच्च टाकुरामा रहेको लक्ष्मीनारायण स्वामीको समाधिस्थलको ठिक बीचमा एउटा अद्भूत र रहस्यमयी 'भ्यु टावर' ठिंग उभिएको छ । यो टावर केवल एउटा फलाम र कंक्रिटको संरचना मात्र होइन, यसलाई तपोभूमिको एउटा जादुमयी 'ब्रह्माण्डको झ्याल' मानिन्छ । अचम्मको कुरा त के छ भने, जब मानिसहरू यस टावरको सबैभन्दा माथिल्लो तलामा चढ्छन्, तब चारैतिर रहेका यी तीनवटा दिव्य शक्तिपीठहरू (सिद्धमन्दिर, शिवमन्दिर र समाधिस्थल) बाट निस्कने त्रिकोणात्मक ऊर्जा सिधै यस टावरको केन्द्रमा ठोक्किने गर्दछ । यहाँ उभिँदा शरीरका सारा दुःख र थकान यसरी हराउँछन्, मानौं हावाले ती सबैलाई उडाएर लगिदिन्छ ।

टावरबाट देखिने दृश्य वर्णन गरिसाध्य छैन । आँखै अगाडि चाँदीको विशाल पर्खाल जस्तै टल्कने सेताम्मे हिमशृङ्खलाहरू यसरी प्रष्ट देखिन्छन्, मानौं हिमालहरू मन्दिरको फेदीमै ओर्लेर लम्पसार परेका छन् । सूर्यको सुनौलो किरण जब यो भ्यू-टावरको वरिपरि ठोक्किन्छ, तब सिङ्गो वातावरण नीलो र सुनौलो प्रकाशले जगमगाउँछ । कहिलेकाहीँ त नीलो आकाशबाट ओर्लने सेता बादलका टुक्राहरू यो टावरको वरिपरि घुम्दै मानिसको शरीरलाई बिस्तारै स्पर्श गरेर जान्छन्, जसले गर्दा आफू धर्तीमा नभई बादलमाथि तैरिरहेको कुनै परिकथाको संसारमा पुगेको अद्भुत आभास हुन्छ । यस टावरबाट चारैतिर हेर्दा गुल्मीका घुमाउरा पहाडी बस्तीहरू, खोंचहरू र नदीका धारहरू एउटा सुन्दर क्यानभासमा कोरिएको चामत्कारिक चित्र जस्तै देखिन्छन् ।

भ्युटावरभन्दा माथि, रेसुङ्गाको सबैभन्दा सर्वोच्च डाँडामा पुगेपछि केवल ढुङ्गै

ढुङ्गाले कलात्मक रूपमा निर्माण गरिएको लक्ष्मीनारायण स्वामीको पवित्र समाधि र मन्दिर अवस्थित छ । ती पुराना ढुङ्गाहरूमा एक किसिमको गहिरो वैराग्य र दिव्य शान्ति लुकेको महसुस हुन्छ । यस समाधिको ठिक अगाडि एउटा आकर्षक शिवमन्दिर पनि रहेको छ, जहाँ प्राचीन ऊर्जा सधैँ तरंगित भइरहन्छ । यस पावन स्थलमा रहेको त्यो विशाल घण्टी भने शिव मन्दिरको ठिक दक्षिणतर्फ विशेष रूपमा स्थापित गरिएको छ । जब यो महाघण्ट बजाइन्छ, यसको अलौकिक र गम्भीर ध्वनि हावाको बेगसँगै बग्दै तल गुल्मी जिल्लाको सदरमुकाम तम्घास बजारसम्म प्रष्ट रूपमा सुनिने गर्दछ । अचम्मको कुरा त के छ भने, यो घण्टीको आवाज तम्घासवासीहरूको कानमा पर्ने बित्तिकै मानिसहरूका मनका सारा तनाव, क्रोध र चिन्ताहरू एकाएक शान्त हुन्छन् । दक्षिणतर्फबाट गुञ्जने यो दिव्य आवाजले सिङ्गो जिल्लामा एउटा सकारात्मक ऊर्जा फैलाउने गर्दछ, जसका कारण यहाँका सम्पूर्ण मानिसहरू सधैँ सुख, शान्ति र समृद्धिमा रहन सफल भएका छन् भन्ने एउटा सुन्दर जनविश्वास छ ।

रेसुङ्गा केवल घुम्ने ठाउँ मात्र होइन, यो आफैंलाई चिन्ने र मानसिक शान्ति प्राप्त गर्ने उत्तम केन्द्र हो । यहाँको स्वच्छ हावा, घना जङ्गलको एकान्त र मन्दिरहरूको आध्यात्मिक वातावरणले मानिसको भित्री आत्मालाई ऊर्जावान् बनाउँछ । आधुनिक कोलाहलबाट टाढा रहेर आनन्द र शान्ति खोज्नेहरूका लागि तम्घासदेखि रेसुङ्गाको सर्वोच्च चुचुरासम्मको यो यात्रा धर्तीकै एउटा उत्कृष्ट वरदान हो ।

**–रेसुङ्गा नगरपालिका ६, चेक्मी, छाप ।**

ooo


## रेसुङ्गाको साहित्य, संस्कृति, इतिहास र जनश्रुतिहरूबारे जान्न यी पुस्तकहरू पढ्नुहोस् :

**सन्त शशिधरको बाणोपनिषद्, रेसुङ्गाका आध्यात्मिक कृति, केही जनश्रुतिहरू, नेनेपालः, सांस्कृतिक चिन्तन, अर्वाचीन रेसुङ्गा, तपोभूमि रेसुङ्गाधाम, हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ११० र अरू अङ्कहरू ।**

–किरण पुस्तकालय तम्घास, गुल्मी ।

कविता

# रेसुङ्गाधाम



✍कविता पोखरेल

त्यो रेसुङ्गा मुनि वनमहाँ ठाम राम्रो छ धाम
चम्की बस्ने रहर मनमा प्राण तान्नेछ नाम ॥
सातै धारा जल कलकली बग्छ चारै दिशामा
श्रद्धा राख्ने मन-भजनमा डुब्छ आनन्दमाहाँ ॥

योगी, त्यागीहरू सब यहाँ आई गर्छन् तपस्या
नेपालीको तन र मनमा भर्छ शान्ति रिसुङ्गा ॥
नाच्छन् बस्छन् मृग र चितुवा सङ्सँगै हर्षसाथ
छैनन् ईर्ष्या, भय अनि कुनै जंगली प्राणीमाझ ॥

मेला लाग्ने खुसी भरिदिने साउनै मास राम्रो
पूजी सिद्धैकन शिखरमा खीर खाँदा नि चाम्रो ॥
चूलीमाथि चढिकन सबै हेर्दछन् दृश्य राम्रो
भक्तिभावै मनभरि हुने दिव्य हो धाम हाम्रो ॥

गुल्मीको यो मुकुटमणि हो शिर हो उच्च हाम्रो
बोक्दो हाम्रो अनुपम कला शान्तिको क्षेत्र राम्रो ॥
आऊ संगी दरसन गरौं फेरि यो दिव्यधाम
रेसुङ्गा हो प्रकृति-कृतिको, धर्मको पुण्यधाम ॥

**रेसुङ्गा नगरपालिका-६, लप्सी, सिमाहाघाट**

ooo

# तपोभूमि रेसुङ्गाधाम





महर्षि ऋष्यशृङ्ग

अघि ऋष्यशृङ्गी ऋषि रही तपस्या गरी चिर
छ रेसुङ्गा नामी शिखर रिडीका उत्तरतिर ।
गरिदा पुत्रेष्टी दशरथजीले मन्त्रण दिए
सबैले मानिने बुझनु यहींका ब्राह्मण थिए ॥



स्वामी शशिधर

जहाँ रेसुङ्गामा शशिधर प्रभुको छ सरणी
तहीं लक्ष्मीनारायणजिकि तपोभूमि रमणी ।
कुटीमा खेलिने अभय मिली बाच्छा–डमरुले
थियो रे ढोकामा द्वितिर पहरा सिंह रुरुले ॥

**प्रजाका शिक्षामा गुरुसरि घुमीदै गृह त्यजी**
**सवारी हूनाले तपसि यदुकान्द प्रभुजी ।**
**रमाई रेसुङ्गा तरुसरि वसन्ताऽऽगमनले**
**छ शोभा यज्ञेष्टी-पठन-भजना-भ्यास जनले ॥**



प्रभु यदुकानन्द

**स्नानादि गण्डकि विषे गरि तीर्थ सार्थ**
**जानू छ हस्त-गत संझि चतुष्पदार्थ ।**
**हो ऋष्यशृङ्ग-ऋषिको गिरि यो तमाम**
**ताहाँ महाप्रभू रही अझ पुण्य धाम ॥**

-शोभाकर शर्मा ज्ञवाली, थोर्गा, गुल्मी (रचनाकाल वि.सं. १९९४)।
**हाम्रो पुरुषार्थ** वर्ष-३३, अङ्क-१, सम्पूर्णाङ्क-५१, कार्तिक २०६२,
किरण पुस्तकालय, गुल्मी

## परिचय

ऐतिहासिक चौबीसी राज्यहरू गुल्मी धुरकोट, इस्मा र मुसिकोट मिलेर आधुनिक गुल्मी जिल्ला बनेको छ । गुल्मी एउटा पहाडी जिल्ला हो । यसमा अग्लाअग्ला पर्वतशृङ्खला, गहिरा बेंसीहरू र सुन्दर पर्वतीय गाउँहरू रहेका छन् । गुल्मीका आफ्नै संस्कृति, पहिचान, जीवनशैली र विशेषताहरू छन् । रेसुङ्गा गुल्मी जिल्लाको गौरवपूर्ण, ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं जैविक विविधताले युक्त पर्वत शिखर हो । यो विशाल पर्वतीय वनप्रान्त हो । यसको जङ्गलको सेरोफेरोमा पनि ११ गाउँ विकास समिति रहेका थिए । अहिले रेसुङ्गा नगरपालिका, गुल्मी दरबार गाउँपालिका, मुसिकोट नगरपालिका र इस्मा गाउँपालिका रहेका छन् । रूरूक्षेत्रबाट पश्चिम ४० किलोमिटरको दूरीमा रेसुङ्गाक्षेत्र रहेको छ । रेसुङ्गा रूरूक्षेत्रको शीर्षस्थलको रूपमा रहेको छ । रेसुङ्गा शिखरको उचाइ समुद्र सतहबाट २३४७ मिटर रहेको छ । उच्च क्षेत्र रहेको हुनाले यहाँको हावापानी शीतल छ । हिउँदमा उच्च भागतिर यदाकदा हिउँ पर्छ । गर्मीयाममा यहाँको वातावरण मनोरम र अनुकूल हुन्छ । रेसुङ्गा शान्त, एकान्त, शीतल, मनोरम, पावन, तपोभूमि र धार्मिक धाम हो । रेसुङ्गाक्षेत्रमा अनेक थरी बोट वृक्षहरू, वनस्पतिहरू, जडीबुटीहरू पाइन्छन् । यो क्षेत्र भौगोलिक, जैविक र वानस्पतिक विविधताले भरिएको छ । यो एउटा विशिष्ट वानस्पतिक उद्यान हो । यो क्षेत्र प्राकृतिक, धार्मिक, ऐतिहासिक, पौराणिक विशेषताहरूले भरिएको छ । रेसुङ्गाक्षेत्र भन्नाले यहाँको सबै वनक्षेत्र, आश्रम, धर्मक्षेत्र, मठमन्दिर, पँधेरा, कुण्ड,

पोखरी, जलस्रोत, पाटीपौवा, यज्ञशाला, धर्मशाला एवं भग्नावशेषहरू बुझिन्छन् । यस क्षेत्रमा दुर्लभ चरा, पुतली, सरिसृप एवं स्तनधारी जीवहरू पाइन्छन् ।

## २. पौराणिकता

रेसुङ्गाको सम्बन्ध महर्षि ऋष्यशृङ्गसित छ । ऋष्यशृङ्गबाटै अपभ्रंश भई रेसुङ्गा बनेको कुरामा अन्वेषक विद्वान्हरू एकमत छन् । त्रेता युगदेखि नै यस तपोभूमिमा अनेक ऋषिमुनि र साधुसन्तहरूले तपस्या गर्दै आएका थिए । त्रेता युगमै महर्षि ऋष्यशृङ्गले यहाँ आई तपस्या गरेका थिए । ऋष्यशृङ्ग महर्षि विभाण्डकका छोरा थिए । उनले नै अयोध्याका राजा दशरथको पुत्रेष्टि यज्ञ गराएका थिए । जुन यज्ञका कारण राजा दशरथलाई राम, लक्ष्मण, भरत र शत्रुध्न जस्ता पुत्ररत्नहरू प्राप्त भएका थिए भन्ने कुरा वाल्मीकि रामायणको बालकाण्डको ९-१५ सर्गसम्ममा विस्तृत वर्णन गरिएको छ । पछि ऋष्यशृङ्गलाई भेट्न भगवान् राम रेसुङ्गामा आएको, रेसुङ्गाको भुवानी डाँडा हुँदै आउँदा त्यहाँ पत्थरमा पाइला अङ्कित भएको जनश्रुति छ । सो ठाउँमा अहिले सीतारामको मन्दिर स्थापना भएको छ । माथि यज्ञशाला मुनि रामले बाण हानी ऋष्यशृङ्गका लागि पानीको व्यवस्था गरिएको जनश्रुति छ । अर्को जनश्रुतिअनुसार समुद्रमन्थनपछि अमृत बाँड्दै गर्दा दैत्यहरूले खालान् भनेर गरूडले अमृतको घडा लिएर उडे । त्यसरी उड्दा घडा छचल्किएर अमृतका केही बूँदहरू यहाँ खसे । अमृतका बूँदहरू खसेको भूमि भएकाले यस भूमिमा देवताहरू आएर बसे । अमृतले सिंचेको भूमि भएकाले यहाँ गरेका साधना, तपस्या सिद्ध हुन थाले । यहाँ भगवान् गरूडको निवास पनि भयो । यही प्रतीकको रूपमा रामकुबाको नजिकै यज्ञशाला निस्किने बाटोमा गरूडस्थान स्थापित छ । अर्को जनश्रुतिअनुसार महाभारतको युद्धपछि अर्जुनले शान्त एकान्त ठाउँमा श्रीकृष्णबाट पुनः गीताको उपदेश श्रवण गर्ने इच्छा गरेछन् । श्री कृष्ण र अर्जुन दुबै यहाँ आएछन् श्रीकृष्ण रेसुङ्गामा दक्षिण फर्की अर्जुनलाई गीताको उपदेश दिएछन् र अर्जुन दक्षिणतिर रहेको अर्जुन पर्वतमा उत्तर फर्की गीताश्रवण गरेछन् । त्यसबेलादेखि रेसुङ्गाको नाम श्रीकृष्ण पर्वत पनि भन्न थालिएछ र दक्षिणपट्टिको पर्वतलाई अर्जुन भन्न थालिएछ । अहिले अर्जुनमा भव्य भगवतीको मन्दिर स्थापित भएको छ ।

## ३. ऐतिहासिकता

रेसुङ्गामा तपस्या गर्ने प्रथम ऐतिहासिक योगी स्वामी शशिधर हुन् यिनको जन्म अर्घखाँची, बामरुकमा भएको थियो । यिनी मरासिनी थरका ब्राह्मण थिए । तत्कालीन समयमा शशिधर स्वामी अत्यधिक चर्चित योगी थिए । उनीबाटै धेरै

व्यक्तिहरू प्रभावित भएका थिए । उनले भारतको उडिसा, गुजरात र गढवाल पौडीमा योग र अध्यात्मको साधना गरेका थिए । उनको व्यक्तित्वबाट नेपालका एकीकरणकर्ता पृथ्वीनारायण शाह र उनका भाइ भारदारहरू पनि प्रभावित थिए । रेसुङ्गामा साधनारत हुँदा नै उनले जोसमनि सम्प्रदायको स्थापना गरेका थिए । जोसमनिको स्थापनाद्वारा उनले आध्यात्मिक तत्त्वज्ञानका साथै सामाजिक क्रान्तिको शंखघोष पनि गरेका थिए । अहिले पनि जोसमनि सम्प्रदायका लाखौं अनुयायीहरू छन् भनिन्छ । शशिधर स्वामीका बाणोपनिषद्‌लगायत योग र अध्यात्म विषयका २४ वटा ग्रन्थहरू रहेका छन् । अहिले रेसुङ्गा महापोखरीको पूर्वोत्तर कोणको ढिस्कोमा पुरानो आश्रमका अवशेषहरू छन् । उनको पुरानो कुटीलाई अहिले जीर्णोद्धार गरिएको छ ।

रेसुङ्गाका अर्का तपस्वी महाप्रभु लक्ष्मीनारायण हुन् । उनी शशिधर स्वामीका पुत्र थिए र आजीवन ब्रह्मचारी रहे । उनी चमत्कारिक शक्तिले सम्पन्न थिए । कुण्डको आकारमा रहेको सिद्धपोखरीलाई महापोखरीको आकार उनैले दिएका हुन् । रेसुङ्गाभन्दा उत्तरतर्फ तल साउने(सावनी) आश्रम पनि लक्ष्मीनारायणकै हिउँदे आश्रम थियो । रेसुङ्गा प्राचीन कालदेखि गोबिर्ता रहेकोले पछि लक्ष्मीनारायणकै सत्प्रयासमा यसलाई राज्यस्तरबाटै गोविर्ता घोषण गराइएको थियो । लक्ष्मीनारायणकै इच्छाबमोजिम साउनेको शिवालय र माथि चुचुरोमा रहेको शिवालय जङ्गबहादुरका छोरा जर्नेल ललितजङ्गद्वारा बनाइएका थिए । महाप्रभु लक्ष्मीनारायणको "शास्त्रकुसुमामृतम्" भन्ने दार्शनिक कृति किरण पुस्तकालय गुल्मीबाट प्रकाशित छ । त्यसपछि रेसुङ्गामा शशिधरका कान्छा भाइ बुद्धिधर र उनका छोरा छविलाल र उनका छोरा ठाकुरप्रसादले तपस्या गरे । ठाकुरप्रसादले रेसुङ्गाको दक्षिण-पश्चिमतर्फ तम्घासपट्टि रहेको मैरा भन्ने ठाउँमा कुटी र बगैंचा बनाई तपस्या गरे । त्यसपछि रेसुङ्गामा कमलापति मरासिनी आदिले तपस्या गरे । कमलापतिको अवसानपछि रेसुङ्गालाई बिउँझाउने र पुनरुत्थान गर्ने प्रभु यदुकानन्द हुन् । उनी काठमाडौँ कालिमाटीका रिजाल थिए । प्रारम्भमा रेसुङ्गामा आई खर्सूको टोंडकामा बसेका यदुकानन्दले वि.सं. १९८३ देखि २०२१ सम्म ठूलाठूला राजसी यज्ञहरू गरेका थिए । उनले बनाएको यज्ञशाला र राधाकृष्ण मन्दिर अहिले रेसुङ्गाका मुख्य आकर्षण बनेका छन् । यसपछि रेसुङ्गामा भार्सेका प्रभु, खप्तडबाबाका शिष्य गौरीशंकर डोटिपाल भक्तिनी पूर्णकला, पण्डित परशुराम पन्थी, लाँकुरे हरिलाल पन्थी आदिले सेवा र साधना गरेको देखिन्छ । २०४२ सालमा महर्षिकल्प योगी नरहरिनाथले कोटीहोम यज्ञ गरेपछि रेसुङ्गामा फेरि आध्यात्मिक जागरण आएको छ । यहाँ यज्ञशाला, गोशाला, वेदशाला पुनः जागृत भए । रेसुङ्गा संरक्षण समितिको गठन भई सो समिति आज तक रेसुङ्गामा धर्मरक्षा, गोरक्षा र प्रकृतिरक्षामा प्रयासरत छ ।

रेसुङ्गाक्षेत्रको संरक्षण र संवर्धनका लागि पण्डित नारायण पोखरेलको आचार्यत्वमा महायज्ञ पनि सम्पन्न भएको थियो । त्यसपछि पनि अनेक यज्ञहरू, अनुष्ठानहरू सम्पन्न भइरहेका छन् । वर्तमान रेसुङ्गा तपोभूमि ब्रह्मचारी तदर्थानन्दको संरक्षकत्वका रहेको छ ।

## ४. संस्कृति

रेसुङ्गा तपोभूमिको यस क्षेत्रको जनमानसमा गहिरो सांस्कृतिक छाप परेको छ । श्रावण महिनाभर महापोखरीमा स्नान गरी सिद्धेश्वर भगवान्को दर्शन गरेमा मनोरथ पूरा हुने, सिद्धि प्राप्त हुने जनविश्वास रहेको छ । श्रावण महिनाभर सिद्धलाई दूधधार दिने, खिर पकाएर चढाउने, पूजापाठ गर्ने गरेमा पशुधनको वृद्धि हुने, यश, ऐश्वर्य बढ्ने, आरोग्य बढ्ने जनविश्वास छ । त्यसैले यहाँ महापोखरीमा स्नान गर्ने र सिद्धको पूजा गर्नेको घुइँचो लाग्छ । यहाँ रामकुवामा नुहाई महर्षि ऋष्यशृङ्गको पूजा गरेमा असल सन्तान जन्मने विश्वास गरिन्छ । यहाँ साउने शिवालय र माथि शिवालयमा श्रावण महिना, प्रत्येक सोमबार र त्रयोदशी तिथिमा शिवपूजा गरिन्छ । यहाँ विभिन्न इच्छाहरू राखी भाकल, श्राद्ध र पाठपारायण पनि गरिन्छ । यस क्षेत्रमा वैशाख १ गते, अक्षय तृतीया, हरिशयिनी तथा हरिबोधिनी एकादशी, गाईपूजा औँशी, शशिधर र लक्ष्मीनारायणका तिथिहरूमा विशेष पूजापाठ र मेला लाग्दछ ।

## ५. प्रकृति

रेसुङ्गा तपोभूमि अध्यात्म र संस्कृतिले जति दिव्य छ त्यति प्राकृतिक सम्पदाले पनि भव्य छ । रेसुङ्गा वन उच्च पर्वत शिखरदेखि नदीका किनार र फाँटसम्म फैलिएको छ । यहाँ खस्रूदेखि सालसम्मका वृक्षहरू छन् । यहाँ भौगोलिक विविधताले जैविक र वानस्पतिक विविधता बढाएको छ । रेसुङ्गाबाट धौलागिरि, अन्नपूर्ण र मनासलु रेन्जका सुन्दर हिमशिखरहरूको अनुपम छटा देख्न सकिन्छ । यहाँबाट सूर्योदय र सूर्यास्तका मनमोहक दृश्यहरू देख्न सकिन्छ । उच्च क्षेत्र भएकोले यहाँबाट चारैतर्फका विहङ्गम दृश्यावलीहरू हेरेर आनन्द लिन सकिन्छ । रेसुङ्गा ठूलो जलाधार क्षेत्र हो । यहाँ ३५० भन्दा बढी खानेपानीका मूलहरू रहेका छन् । यहाँको खानेपानीबाट टाढा टाढाका जनताहरूसमेत लाभान्वित भएका छन् । यस क्षेत्रमा टिमुर, कुरिलो, चिराइतो, चुत्रो, पाषाणभेद, बज्रदन्ती, सेतो बस्र्वा, ठूलो ओखती, भूतकेश, सतुवा, जटामसीजस्ता महत्त्वपूर्ण जडिबुटीका साथै सल्ला,काफल, खस्रू, बाँझ, मलायगिरी, गुराँस, कटुस, उत्तीस, शाल, आदिका वृक्षहरू पाइन्छन् । यीबाहेक अनेक वनस्पति, लहरा, घाँस, झ्याउ, च्याउ, सुनाखरी आदि समेत पाइन्छन् । यस महावनमा मृग, घोरल, चितुवा, लगायत २५

प्रजातिका स्तनधारी जीवहरू,२५ प्रजातिका सरिसृपहरू, काँडेभ्याकुर, सुनगिद्ध, डङ्गर गिद्ध, कालिजलगायत २५३ प्रजातिका चराहरू तथा १९ प्रजातिका विशेष पुतलीहरू यहाँ पाइन्छन् । यहाँ मौसम अनुसारका फूलहरू फुलिरहन्छन् । फलहरू फलिरहन्छन् । वास्तवमा रेसुङ्गा जैविक र वानस्पतिक विविधताको क्षेत्र हो ।

## ६. दर्शनीय स्थल

### (क) महापोखरी

महाप्रभु लक्ष्मीनारायणद्वारा निर्मित त्यस पोखरीमा सम्पूर्ण तीर्थहरूको जल ल्याई पवित्र पारिएको छ । प्रत्येक वर्ष श्रावण महिनाभर यस क्षेत्रमा ठूलो मेला लाग्दछ र यस पोखरीमा स्नान गर्नाले सबै पाप नाश भई मनोकामना पूरा हुने विश्वास रहिआएको छ । श्रावण महिनामा यस महापोखरीमा स्नान गरी सिद्धेश्वर महादेवको पूजा गर्नाले ऋद्धिसिद्धि प्राप्त हुने जनविश्वास छ ।



### (ख) शशिधर स्वामीको आश्रम

महापोखरीको पूर्वोत्तर ढिस्कोमा शशिधर स्वामीको आश्रम छ । ऐतिहासिक रूपमा यो ठाउँ सर्वाधिक महत्त्वको छ । यस ठाउँलाई रेसुङ्गा गुफा पनि भन्छन् । यस रमणीय थुम्कोमा महायोगी शशिधर स्वामी र महाप्रभु लक्ष्मीनारायणले तपस्या साधना र अध्यात्मचिन्तन गरेका थिए । यसै ठाउँमा बसेर शशिधर स्वामीले जोसमनि सम्प्रदायको स्थापना, अनेकौं ग्रन्थहरूको रचना र हजारौं जिज्ञासुहरूलाई

सदुपदेश प्रदान गरेका थिए । यो रेसुङ्गाको आध्यात्मिक रूपमा ऊर्जामय क्षेत्र हो । यहाँ पुरानो पर्खालले घेरिएको वर्गाकार क्षेत्रमा शशिधर स्वामीको कुटीको पुनर्निर्माण गरिएको छ । पर्खाल बाहिर चारैतिर भक्तजन बस्ने ठाउँका भग्नावशेषहरू देखिन्छन् । यो योग र अध्यात्मसाधकहरूको लागि सर्वोत्तम गन्तव्य हो ।

## (ग) पशुपति मन्दिर



रेसुङ्गा पोखरी परिसरमा वि.सं. २०६६ मा रूरू-रेसुङ्गा पर्यटन बोर्डद्वारा निर्मित पशुपति मन्दिर देख्दा निकै भव्य छ । यो मन्दिर पैगोडा शैलीमा बनेको छ ।

## (घ) भोले बाबा मन्दिर

रेसुङ्गा पोखरी परिसरमा गुल्मी दरबार गाउँपालिका-६, खुर्या कोलडाँडा बस्ने लिलबहादुर टण्डनद्वारा निर्मित भोलेबाबा मन्दिर शिवालय हो । यसको निर्माण २०५१ सालमा भएको हो । यो गोलाकार शैलीमा छ ।

## (ङ) सानो रेसुङ्गा

पोखरीदेखि दक्षिण पूर्वमा सानो चुचुरो छ जहाँ त्रेतायुगमा ऋष्यशृङ्ग ऋषिले तपस्या गरेको विश्वास गरिन्छ । हाल यहाँ ऋष्यशृङ्गको प्रतिमा स्थापना गरिएको छ । यसै स्थानमा हाल बाल ब्रह्मचारी फलाहारी तदर्थानन्दजीले तपस्या गरी बस्नुभएको छ । रेसुङ्गा यज्ञशालाबाट दक्षिण पूर्वमा रहेको यो स्थान शान्त एकान्त र उज्ज्वल छ । तपोसाधनाका लागि ऊर्जामय रहेको यस स्थानमा सुन्दर प्राकृतिक शिलाखण्डहरू रहेका छन् । यहाँबाट सूर्योदय अनुपम दृश्य वर्णनातीत छ ।



## (च) गरूडस्थान

रेसुंगाक्षेत्रमा प्राचीन कालदेखि गरूडको पूजा गर्दै आएको कुरा सर्वविदित छ । किंवदन्ती अनुसार समुद्रमन्थनपश्चात् प्राप्त भएको अमृत असुरहरूले खान्छन् भन्ने डरले अमृतको घडा लिएर गरूड उडेछन् । उड्दा अमृत छचल्किएर एक बूँद रेसुङ्गाको शिखरमा झरेछ । त्यसपछि रेसुङ्गा अमृत तीर्थ मानियो । गरूडको सम्मानमा यहाँ गरूडस्थान बन्यो । ललितजंग राणाले महाप्रभु लक्ष्मीनारायणको आज्ञाले सुन्दर गरूड मूर्ति बनाई त्यहाँ स्थापित गरेका थिए । अहिले त्यहाँ अर्को गरूडमूर्ति स्थापित भएको छ ।

## (छ ) रामकुवा

रेसुङ्गा तपोभूमिभन्दा तल गरूड स्थान छ । त्यसको उत्तरतिर नजिकै रामकुवा रहेको छ । यो अति प्राचीन कुवा हो । किंवदन्तीअनुसार महर्षि ऋष्यशृङ्गलाई भेट्न अयोध्याबाट भगवान् रामचन्द्र लक्ष्मणसहित रेसुङ्गामा आए । रेसुङ्गामा पानीको अभाव देखेर रामले बाण हानी पानी निकालिदिएछन् । त्यहाँ सानो कुवा बनेछ । त्यसैलाई रामकुवा भनियो । अहिले त्यहाँ संरक्षण गरेर राम्रो रामकुवा बनाइएको छ । त्यहाँको पानी अमृतमय छ, त्यसको पान गरेमा रोगहरू नाश हुने र सुयोग्य सन्तान जन्मने जनविश्वास रहेको छ ।

## (छ) रेसुङ्गा यज्ञशाला

रेसुङ्गा शिखरको पूर्वोत्तर समथर ढलानमा सिद्धस्थानको केही तल यज्ञशाला रहेको छ । घना जङ्गलको बीचमा पर्खालले घेरिएको यज्ञशाला परिसर शान्त, भव्य र मनोरम छ । यस परिसरमा सुनको गजुर र तामाको छाना भएको प्यागोडा शैलीको यज्ञशाला छ । जसको निर्माण प्रभु यदुकानन्दबाट १९८४ सालतिर भएको थियो । यस यज्ञशालामा भित्र देवीदेवताका मूर्ति, शालिग्राम र अखण्ड धुनी रहेका छन् । परिसरमा राधाकृष्ण मन्दिर, सभाभवन, नारायण पोखरेल स्मृति भवन र प्रभुगादी रहेका छन् । यो रेसुङ्गाको केन्द्रको रूपमा रहेको छ । यहाँ भक्तजनहरूलाई आवास र भोजनको प्रबन्ध पनि छ ।

## (ज) राधाकृष्ण मन्दिर

रेसुङ्गा यज्ञशाला परिसरमा रहेको राधाकृष्ण मन्दिरको निर्माण प्रभु यदुकानन्दद्वारा भएको हो । यसको निर्माण वि.सं. १९८३-१९९० को बीचमा भएको हो । गुम्बजशैलीको यस मन्दिरमा बलिया इटा र सुर्कीको प्रयोग भएको छ । यो मन्दिर भव्य छ । यसमा रहेका पुराना सिंगमर्मरका मूर्तिहरूको संरक्षण नहुँदा ती बदमासहरूले फुटालिदिए । पछि रेसुङ्गा नगरपालिका -१, निवासी पं. देवीप्रसाद पन्थी र उहाँकी काकीको सौजन्यमा राधाकृष्णका सिंगमर्मरका मूर्तिहरू ल्याई प्राणप्रतिष्ठा गरी राखिएको छ ।

## (झ) सिद्धस्थान

यज्ञशालामाथि दोस्रो चुचुरामा सिद्धस्थान छ । यो अति प्राचीन स्थान हो । यहाँ बाहिरै शिलामा पूजा गरिन्थ्यो । अहिलेको मन्दिर पूर्णकला भक्तिनीले बनाएकी हुन् । साक्षात् भगवान् शिव नै यहाँ सिद्धेश्वर महादेवको रूपमा प्रकट भएका हुन् भन्ने विश्वास गरिन्छ । यहाँ श्रावण महिनाभर भगवान् शिवको दूधधार,

पूजापाठद्वारा अर्चना गरिन्छ । सिद्धप्रति जनताको ठूलो आस्था रहेको छ । वरिपरिका गाउँमा बिहानको दूध दिनभर नखाने चलन रहेको थियो । आजभोलि श्रावणमा सिद्धलाई चढाएर खान थालेका छन् । सिद्धको पूजाअर्चना गर्दा जङ्गली जन्तुको भय नहुने, गरेका काम सफल हुने, आयु–आरोग्य मिल्ने, सन्तान नभएकाको लागि सन्तान प्राप्त हुने, राम्रो वर्षा हुने तथा शुद्धमनले पूजा अर्चना गरे चिताएको सबै पुग्ने विश्वास गरिन्छ ।

## (ञ) रेसुङ्गा टावर

सिद्धस्थान नजिकै अर्को चुचुरोमा २०६१ सालमा निर्माण भएको यस टावरबाट तम्घास बजार, गुल्मी, अर्घाखाँची, पाल्पा, बाग्लुङका ग्रामीण क्षेत्र देखिनुका साथै धौलागिरी, अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लु हिमशृङ्खलाको साथै वाइनाकुलरबाट तराईको मैदानसम्म देख्न सकिन्छ ।



## (ट) रेसुङ्गा मठ (विष्णुपादुका र शिवालय मन्दिर)

रेसुङ्गाको सर्वोच्च शिखरमा रहेको परिसरलाई मठ भनिन्छ । यो ऐतिहासिक क्षेत्र हो । यहाँ पहिले लक्ष्मीनारायणले झोलीको पैसाबाट लक्ष्मीनारायणको मन्दिर

विष्णुपादुका बनाई त्यसमा सामान्य मूर्ति निर्माण गरेर प्राणप्रतिष्ठा गरी पूजाआजा चलाएका थिए । पछि लक्ष्मीनारायणको इच्छाअनुसार ललितजंग राणाले उत्तरतर्फ शिवालय निर्माण गरी त्यसको पश्चिम-दक्षिण कोणमा विशाल घण्टको स्थापना गरेका थिए । यस क्षेत्रमा स्वामी शशिधर एवं महाप्रभु लक्ष्मीनारायणका पार्थिव शरीरहरूलाई दाह संस्कार गरिएको थियो । ंयय

चोरहरूले त्यो घण्टा दुईपल्ट हिँडाले तर दुईपल्टै सफल हुन सकेनन् । एकपल्ट भिरबाट पल्टाइदिए । अर्कोपल्ट माथिको झुण्डाउने काटेर फाले । त्यो घण्टा अहिले सुरक्षित राखिएको छ र अहिले त्यहाँ अर्को सानो घण्ट राखिएको छ । पुरानो घण्ट १४२ वर्ष पुरानो भएको र त्यसमा ऐतिहासिक अभिलेख हुनाले त्यसलाई सुरक्षित संग्रहालयमा राख्नुपर्ने भएको छ । यी मन्दिरहरूमा पूजा सञ्चालनार्थ अर्घाखाँचीको विभिन्न ठाउँमा र गुल्मीको अर्खले गुठमा खेत जग्गा निजी गुठी रहेको छ ।





## (ठ) गोशाला

२०४२ सालमा योगी नरहरिनाथज्यूद्वारा सञ्चालित कोटीहोमपछि प्राप्त भएका स्थानीय जातका करिब २०० गाईहरूको व्यवस्थापन हाल रेसुङ्गा संरक्षण समितिले गर्दै आएको छ । यहाँ कार्तिक लक्ष्मीपूजामा ठूलो मेला लाग्दछ । यो तम्घासबाट पराल्मी जाने बाटामा चौतारा भन्ने ठाउँमा पर्दछ । सनातन संस्कृतिमा गाईलाई माता भनिन्छ । धार्मिक र सांस्कृतिक आस्थाका केन्द्र गौमाताको संरक्षण र

संवर्धनका लागि स्थापित गोशालामा अहिले गोमूत्र सङ्कलन र प्रशोधन गरी वितरणसम्म गर्ने गरिएको छ ।


## (ड) राधाकृष्ण मन्दिर, चौतारा

रेसुङ्गा गोशालाक्षेत्रमा निर्मित राधाकृष्ण मन्दिरको निर्माण २०८१ मा रेसुङ्गा नगरपालिका -१,(हाल मणिग्राम, रूपन्देही) निवासी श्री बालकृष्ण भुसालद्वारा भएको हो । यो मन्दिर गोशालाकै परिसरमा निकै सुन्दर ठाउँमा बनेको छ ।

## (ढ) प्रभु ठाकुरप्रसादको आश्रम (मैरा)

महायोगी शशिधर स्वामी र महाप्रभु लक्ष्मीनारायणको वंशमा जन्मेका प्रभु ठाकुरप्रसादको यो आश्रम रेसुङ्गाको दक्षिणपश्चिम कोणमा रहेको तम्घासमाथिको सुरम्य वनमा अवस्थित छ । ढुङ्गा कुँदेर सुर्कीले जोडेर बनाइएको यो मन्दिर शिखर शैलीमा बनेको छ । यसमा केही ढुङ्गाहरू निस्केका थिए । पछि जीर्णोद्धार गरी शिवालय बनाइएको छ । त्यहाँ एउटा सुन्दर पोखरी पनि छ । यहाँबाट तम्घास नगरको मनोहर दृश्य देखिन्छ ।

## (ण) साउने (सावनी शिवालय)



महाप्रभु लक्ष्मीनारायणको हिउँदे आश्रमको रूपमा सञ्चालन भएको यो स्थान अत्यन्तै आकर्षक र रमणीय छ । यहाँ कलात्मक शिवालय छ र हाल रेसुङ्गा नगरपालिकाले कच्ची मोटर बाटो निर्माण गरेकोले आवागमन सहज भएको छ । यो ठाउँ रेसुङ्गाको आकर्षक गन्तव्य हो र ऐतिहासिक एवं प्राकृतिक महत्त्वले महिमामण्डित छ । रेसुंगा यज्ञशालाबाट पूर्वतर्फको न्यानो सुरम्य पाखामा रहेको सावनी सल्लाघारीको बीचमा छ । यसमा महाप्रभु लक्ष्मीनारायणको इच्छाअनुसार जर्नेल ललितजंगले बनाएको कलात्मक शिवालय छ । पर्खालले घेरिएको विस्तृत बगैँचा छ । पुराना भग्नावशेषहरू छन् । प्राकृतिक धार्मिक एवं ऐतिहासिक दृष्टिले यो क्षेत्र अनुपम छ ।

### (त) सीताराम मन्दिर

भगवान् राम ऋष्यशृङ्गलाई भेट्न आउँदा विश्राम गरेको भुवाने डाँडाको पत्थरमा श्रीरामका चरण अङ्कित छन् । त्यस ठाउँमा पुण्यात्मा टोपबहादुर बस्नेत (सुब्बा बस्नेत) द्वारा भव्य सीताराममन्दिर निर्माण भएको छ । रामायण पाठपारायण अनुष्ठानसहित प्राणप्रतिष्ठासमेत गरिएको छ । यो ठाउँ गौंडाकोटको नजिकै छ ।

### (थ) मनकामना मन्दिर

ऋष्यशृङ्गाश्रम (सानो रेसुङ्गा)को पूर्वोत्तर पाखामा तल जङ्गलमा अवस्थित मनकामना मन्दिर निकै सुन्दर र आकर्षक छ । समाजसेवी थम्मनबहादुर खड्काको नेतृत्वमा बनेको मनकामना माताको मन्दिरमा पूजाआजा समेत चलेको छ ।

### (द) मझिम आश्रम

सिद्धेश्वर महादेवको पाउ पखाली बग्ने पवित्र उत्तरबाहिनी मझिम जलधाराको दाहिने किनारामा अवस्थित मझिम आश्रम तपस्वी मुक्तिराम पन्थीको तपस्थली हो । दुई जलधाराको बीचमा रहेको यस आश्रममा तपस्वी मुक्तिराम पन्थीले कठोर तपस्या गरेका थिए । उनले त्यहाँ ठुल्ठुला पाठपारायण र अनुष्ठानहरू सम्पन्न गरेका थिए । समयगतिले अहिले आश्रम भत्किसकेको छ । पोखरी, शिवलिङ्ग, बगैंचा र अरू निर्माणहरूका भग्नावशेष मात्र छन् । महान् शिवभक्त मुक्तिरामले तपस्या गरेको यो ठाउँ भाडगाउँको पूर्वतर्फ तल खोलामा रहेको छ । हाल उक्त स्थानमा भग्नावशेष मात्रै देख्न सकिन्छ ।

### (ध) रेसुङ्गा पार्क

गर्जुरामा अहिले रेसुङ्गा पार्क (उद्यान) रेसुङ्गा नगरपालिकाको विशेष पहलमा निर्माण भएको छ । तम्घास नगरबाट निकट रहेकोले यसमा दर्शनार्थीहरूको उपस्थिति बाक्लो रहने गरेको छ । यस उद्यानबाट रेसुङ्गाको पूरै उत्तरपश्चिम ढलान देखिनुका साथै सुन्दर हिम शृङ्खला, सूर्योदय र सूर्यास्तका अनुपम दृश्यावलीहरू देखिन्छन् । यहाँबाट तम्घास बजार, गुल्मीको पश्चिमी क्षेत्र एवं बाग्लुङका पर्वतशृङ्खलाहरू देखिन्छन् । बालबालिका र युवायुवतीहरूको लागि यो उद्यान आकर्षक गन्तव्य बनेको छ ।

ooo

# साहित्य, सङ्गीत, कला, सूचना, सञ्चार र खेलकुदक्षेत्रमा रेसुङ्गा नगरपालिकाका प्रतिभाहरू

✍चन्द्रप्रकाश उपाध्याय

रेसुङ्गा नगरपालिकाभित्र गुल्मी जिल्लाको सदरमुकाम तम्घाससमेत पर्ने हुँदा यो क्षेत्र रेसुङ्गाकै मात्र नभएर सम्पूर्ण गुल्मी जिल्लाको प्रशासनिक केन्द्र पनि हो । त्यसो भएर यहाँको साहित्य, सङ्गीत, कला, सूचना, सञ्चार र खेलकुदक्षेत्रको विकासले सिङ्गो गुल्मी जिल्लालाई प्रभाव पार्दछ । जिल्लाका कुनाकुनामा रहेका प्रतिभाहरू पनि सदरमुकामसँग जोडिएका हुन्छन् । उनीहरूको जन्मस्थान अन्यत्र भएर पनि कर्मस्थान तम्घास बन्न पुगेको हुन्छ। यसरी भूगोलको सीमाभित्र कवि, लेखक, कलाकार, गायक र सञ्चारकर्मीहरूलाई छुट्याउन गाह्रो हुन्छ तापनि यहाँ रेसुङ्गा नगरपालिकाभित्र जन्मेका, स्थायी बासस्थान भएका र कर्मथलो तम्घासलाई बनाएका प्रतिभाहरूलाई संक्षेपमा विधागत, क्षेत्रगत र सम्बद्धताको दृष्टिले चिनाउने प्रयास गरिएको छ। यी नामावलीहरूको सङ्कलनमा शशि पन्थी, दीन पन्थी, रमेशजङ्ग कुँवर, चनकबहादुर कुँवर र अनिल खत्रीको सहयोग लिइएको छ ।

रेसुङ्गा नगरपालिका क्षेत्रअन्तर्गत रहेका विभिन्न समयका, विभिन्न विषयका, कवि, लेखक र फुट्कर रचना लेख्ने व्यक्तिहरूको विवरण यसप्रकार छ ।

## रेसुङ्गा नगरपालिकाका लेखक, साहित्यकारहरू

| सि.नं | नाम, थर | ठेगाना | प्रकाशित कृति |
|---|---|---|---|
| १. | पं. रुक्माङ्गद पन्थी | रे.न.पा-९, उपल्लो तम्घास | शृङ्गी मााहात्म्य (१९८४) |
| २. | पं. परशुराम उपाध्याय पन्थी | रे.न.पा-९, उपल्लो तम्घास | तपोभूमि रेसुङ्गाधाम |
| ३. | डा. टीकाराम पन्थी | रे.न.पा-३, भाडगाउँ | संस्कृत र नेपालीमा डेढ दर्जन जति कृतिहरू प्रकाशित |
| ४. | टेकबहादुर कुँवर | रे.न.पा-३, बेंहोरे | हाम्रो गुल्मी : मेरो अनुभव |

| सि.नं | नाम, थर | ठेगाना | प्रकाशित कृति |
|---|---|---|---|
| ५. | कृष्णबहादुर कुँवर | रे.न.पा-३, बेंहोरे | अंग्रेजी र नेपालीमा गरेर दर्जन जति |
| ६. | भेषबहादुर कुँवर | रे.न.पा-२, धागिथुम | बादललगायत ४ कविता-संग्रहहरू |
| ७. | लक्ष्मण रिजाल | रे.न.पा-१, सिम्लारुख | २ रेसुङ्गा महाकाव्य, विवेकानन्द महाकाव्य र फुटकर कविता प्रकाशित |
| ८. | दधिराम सापकोटा | रे.न.पा-८, खानीगाउँ, तम्घास | कविता-संग्रहहरू |
| ९. | स्थानेश्वर शर्मा | रे.न.पा-५, भुवनपानी | जीवनयात्रा, कविता-संग्रह (२०७८) |
| १०. | डा. सीता सुवेदी | रे.न.पा-९, उपल्लो तम्घास हाल - काठमाडौं | पुतलीको साथीलगायत एक दर्जन जति कविता-संग्रह प्रकाशित |
| ११. | प्रह्लाद पन्थी | रे.न.पा-९, उपल्लो तम्घास | कोपिलाका कोपिला कविता-संग्रह प्रकाशित |
| १२. | विष्णुप्रसाद खनाल | रे.न.पा-१, क्याम्पस रोड, तम्घास | गीतातत्त्व, अमृतपान गरी २ वटा निबन्ध-संग्रह प्रकाशित |
| १३. | दलबहादुर काउछा | रे.न.पा-८,खानीगाउँ | पितृहत्या नाटक, लाहुरेको जीवन कहानी लगायत आधा दर्जन भन्दा बढी विभिन्न विधाका कृतिहरू |
| १४. | चूडामणि पन्थी | रे.न.पा-९, उपल्लो तम्घास | स्मृतिका झोंक्काहरू |

| सि.नं | नाम, थर | ठेगाना | प्रकाशित कृति |
|---|---|---|---|
| १५. | खिमानन्द पोखरेल | रे.न.पा-१४, पराल्मी | मनका सुस्केरा, कविता-संग्रह, हिमाली गुराँस पत्रिकाको सम्पादक |
| १६. | केशरबहादुर थापा | रे.न.पा-१, नयाँबजार | जीवनका आठ दशक-संस्मरण, प्रकाशित |
| १७. | नित्यानन्द पाण्डे | रे.न.पा-९, उपल्लो तम्घास | मर्म पुराण, देखा जायगा, गन्तव्य विन्दु, कविता-संग्रह प्रकाशित |
| १८. | मञ्जु थापा | रे.न.पा-१, नयाँबजार | सञ्चारमा नियाल्दा महिला, नारी पत्रिकाको संपादन र विभिन्न पत्रिकामा लेखहरू प्रकाशित |
| १९. | मीरा बस्नेत | रे.न.पा.-१०, सिमिचौर | प्रजातान्त्रिक आन्दोलनमा महिला वर्गको भूमिका |
| २०. | कृष्ण पाण्डे | रे.न.पा.-९, उपल्लोतम्घास | १ कविता-संग्रह प्रकाशित |
| २१. | शैलजा श्रेष्ठ | रे.न.पा.-१, नयाबजार | तम्घासका हाम्रा अजा-अजी |
| २२. | काशीनाथ मरासिनी | रे.न.पा.-६, नेटाखर्क चेक्मी | विगतको सम्झना र अनुभूति, प्रकाशित |
| २३. | मथुराप्रसाद श्रेष्ठ | रे.न.पा.-१, नयाँबजार तम्घास | मेरा अनुभूतिहरू प्रकाशित |
| २४. | सावित्रा आचार्य | रे.न.पा.-१, आदर्श निकेतन, तम्घास | ओझेलका तस्वीरहरू कविता-संग्रह प्रकाशित |
| २५. | तिला पन्थी | रे.न.पा.-४, सेउवा | नवसृजना कविता-संग्रह |

| सि.नं | नाम, थर | ठेगाना | प्रकाशित कृति |
|---|---|---|---|
| २६. | अजय पन्थी | रे.न.पा.-१, उधिनढुँगा | एउटा हास्यव्यङ्ग कविता-संग्रह प्रकाशित |
| २७. | सन्तोष सगुन | रे.न.पा.-१, तम्घास,बजार | जीवनको गोरेटो कविता-संग्रह |
| २८. | पद्मप्रसाद पन्थी (सान्दाइ) | रे.न.पा.-९, उपल्लो तम्घास | हास्यव्यङ्ग कविता, निबन्ध प्रकाशित |
| २९. | घनश्याम सुस्मित | रे.न.पा.-१०, सिमिचौर | फुटकर कविता, निबन्धहरू प्रकाशित |
| ३०. | हेमराज मरासिनी | रे.न.पा.-३,भाडगाउँ | कथाहरू प्रकाशित |
| ३१. | गोकर्ण श्रमिक | रे.न.पा.-९, उपल्लो तम्घास बज्यान | हवाइपत्रमा चटनी कविता-सङ्ग्रह र फुटकर लेख कविताहरू प्रकाशित |
| ३२. | भुवन अर्याल | रे.न.पा.-१२, | समीक्षा, निबन्धहरू प्रकाशित |
| ३३. | रामप्रसाद पन्थी | रे.न.पा.-२,छापटोला | व्यंग्यात्मक कविताहरू प्रकाशित |
| ३४. | गोपाल पन्थी | रे.न.पा.-२, धागिथुम, तम्घास | निबन्ध, समीक्षा, कविताहरू प्रकाशित |
| ३५. | राधा पन्थी | रे.न.पा.-२, धागिथुम, तम्घास | फुटकर लेख-कविताहरू प्रकाशित |
| ३६. | हरिप्रसाद पन्थी | रे.न.पा.-१, भलुवाकुण्ड, तम्घास | फुटकर कविताहरू प्रकाशित |
| ३७. | प्रेमराज मरासिनी | रे.न.पा.-१, तम्घास | फुटकर कविताहरू प्रकाशित |

| सि.नं | नाम, थर | ठेगाना | प्रकाशित कृति |
|---|---|---|---|
| ३८. | नमोनारायण पन्थी | रे.न.पा.-१, तम्घास | फुटकर कविताहरू प्रकाशित |
| ३९. | चन्द्रकान्त पन्थी | रे.न.पा.-२, उधिनढुङ्गा, तम्घास | फुटकर रचनाहरू प्रकाशित |
| ४०. | विष्णुकान्त पन्थी | रे.न.पा.-२, उधिनढुङ्गा, तम्घास | फुटकर रचनाहरू प्रकाशित |
| ४१. | डा. केशव पोखेल | रे.न.पा-१४, पराल्मी | पाठ्य पुस्तकसहित समीक्षाहरू प्रकाशित |
| ४२. | मुकुन्दहरि गौतम | रे.न.पा.-१, क्याम्पसरोड | फुटकर कविताहरू प्रकाशित, विभिन्न नाटकमा अभिनय |
| ४३. | चिरञ्जीवी शर्मा | रे.न.पा.-४, रैंदी | फुटकर कविताहरू प्रकाशित |
| ४४. | चिन्तामणि राना | रे.न.पा.-४, जोगीथुम | एउटा वंशावली प्रकाशित |
| ४५. | गणेश श्रीपाली | रे.न.पा.-६, बालकाटे | लेख-निबन्धहरू प्रकाशित |
| ४६. | दीन पन्थी | रे.न.पा.-१, आदर्श निकेतन, तम्घास, गुल्मी । | परिचयात्मक नेपाली व्याकरण, पाल्पा-गुल्मेली उपभाषिका, हुटिट्याउँको मन निबन्ध-संग्रहसहित विभिन्न पत्रिकामा कविता,कथा, प्रबन्ध, निबन्ध, समीक्षाहरू प्रकाशित |

| सि.नं | नाम, थर | ठेगाना | प्रकाशित कृति |
|---|---|---|---|
| ४७. | शशि पन्थी | रे.न.पा.-१, आदर्श निकेतन, तम्घास, गुल्मी । | 'हाम्रो पुरुषार्थ' राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिकासहित दुई दर्जनभन्दा बढी पुस्तक तथा पत्र-पत्रिकाहरूको सम्पादन र विभिन्न पत्रिकाहरूमा लेखहरू प्रकाशित |
| ४८. | हिमबहादुर थापा | रे.न.पा.-४, अर्खले, गुल्मी, | भजनमाला-संग्रह २०७० प्रकाशित |
| ४९. | घनश्याम पराजुली | रे.न.पा-२, उधिनढुंगा | कार्गील र कान्छी (अनुवाद) |
| ५०. | वसन्त भुजेल | रे.न.पा.-८, खानीगाउँ | लकडाउन डायरी |
| ५१. | जनार्दन घिमिरे | रे.न.पा.-८, खानीगाउँ तम्घास, गुल्मी | चुनौती कथा-सङ्ग्रह प्रकाशित, पत्रकारिता व्यवसायमा संलग्न |
| ५२. | लक्ष्मी पन्थी अर्याल | रे.न.पा.-९, चारिखोला | पत्रिकासम्पादन, लेख-निबन्धहरू प्रकाशित |
| ५३. | हिमकला राना | रे.न.पा.-२, बाखे्रछेडा, तम्घास | लेख, निबन्ध प्रकाशित |
| ५४. | तुलसा पन्थी | रे.न.पा.-१, क्याम्पसरोड, भलुवाकुण्ड, तम्घास | गोपालप्रसाद स्मृति-काव्य |
| ५५. | गोपाल पन्थी | रे.न.पा.-३, भाडगाउँ, बाँजापाटा | लेख, निबन्धहरू प्रकाशित |
| ५६. | कविता पन्थी | रे.न.पा.-१, आदर्श निकेतन, तम्घास | विभिन्न पत्रपत्रिकामा लेख-रचनाहरू प्रकाशित |

| | | | |
|---|---|---|---|
| ५७. | गुणानिधि शर्मा | रे.न.पा.-८, तम्घास, गुल्मी | गुल्मी टाइम्स पत्रिकाको सम्पादन र अन्य लेखहरूको प्रकाशन |
| ५८. | श्रीप्रसाद भलामी | रे.न.पा.-८, खानीगाउँ, तम्घास | रेसुङ्गा शिखरसन्देश पत्रिकाको प्रकाशक सम्पादक |
| ५९. | डा. मणिलाल शर्मोपाध्याय | रे.न.पा.-१, क्याम्पसरोड, तम्घास | लेख, कविता र संस्कृत ग्रन्थ प्रकाशित |
| ६०. | डा. गोपालप्रसाद शर्मा | रे.न.पा.-१, क्याम्पसरोड तम्घास, गुल्मी | श्रुतिप्रयोग सङ्ग्रह, शुक्लयजुर्वेदमाध्यन्दिन-मालापाठः (२ भागमा) र संस्कृत भाषामा वेद सम्बन्धी अन्य ग्रन्थहरू प्रकाशित |
| ६१. | गोविन्द गौतम | रे.न.पा.-१, तम्घास | सहयात्री पत्रिकाको सम्पादन सहित लेखहरू प्रकाशित |
| ६२. | यदु पन्थी | रे.न.पा.-७, सिस्नेहार | कविता संग्रह प्रकाशित |
| ६३. | अम्बिकाप्रसाद मरासिनी | रे.न.पा.-६, चेक्मी | कवितासग्रह प्रकाशित |
| ६४ | विष्णु बस्नेत | रे.न.पा.-९ तम्घास | तस्वीर (कविता-सङ्ग्रह) |
| ६५. | नारायणप्रसाद पन्थी | रे.न.पा.-२, छापटोला | लेखरचनाहरू प्रकाशित रेसुङ्गा शिखरसन्देश साप्ताहिकको प्रधान सम्पादक |

| सि.नं | नाम, थर | ठेगाना | प्रकाशित कृति |
|---|---|---|---|
| ६६. | दीपक विश्वकर्मा (छविलाल) | रे.न.पा.-३ भाडगाउँ, हाल–रूपन्देही | अपहरणका २२५ घण्टासहित विभिन्न पत्रिकामा संस्मरणहरू प्रकाशित |

## पत्रकारिताक्षेत्रका प्रतिभाहरू

***नेपाल पत्रकार महासंघ***
***जिल्ला शाखा, गुल्मीका पदाधिकारीहरू***

अध्यक्ष : अनिल खत्री
उपाध्यक्ष : सुमन महतारा
महिला उपाध्यक्ष : गगनशिला खड्का
सचिव : सन्तोष महतारा
सह–सचिव : मनोज कार्की
सह–सचिव : मनु सुनार
कोषाध्यक्ष : सागर भण्डारी
सदस्यहरू : महेश बोहरा, सूर्य सुनार, अनिल खत्री, ईश्वरी बस्याल,

### (१.) गुल्मी जिल्लामा रहेका मिडिया र सम्पर्क व्यक्तिहरू

| क्र.स | मिडियाको नाम | सम्पर्क व्यक्ति | पद | मिडिया रहेको स्थान | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १ | रेडियो रेसुंगा | अनिता खत्री | स्टेशन म्यानेजर | रेसुङ्गा | ९८५७०६४००६ |
| २ | रुरु एफ.एम | युगराज बस्याल | संचालक | छत्रकोट | ९८४७०९८७९९ |

| क्र.स | मिडियाको नाम | सम्पर्क व्यक्ति | पद | मिडिया रहेको स्थान | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| ३ | सामुदायिक रेडियो स्काई | अनिल खत्री | स्टेशन म्यानेजर | रेसुङ्गा | ९८५७०७२९१८ |
| ४ | रेडियो समृद्धि | हुमाकान्त पोखरेल | स्टेशन म्यानेजर | रेसुङ्गा | ९८५७०४९३३३ |
| ५ | सामुदायिक रेडियो पुष्पाञ्जली | प्रकाश घिमिरे | स्टेशन म्यानेजर | मुसिकोट | ९८५७०६७८५८ |
| ६ | रेडियो छत्रभूमि | माधव खरेल | स्टेशन म्यानेजर | मुसिकोट | ९८६७३०५३०७ |
| ७ | रेडियो शृङ्गेश्वर | इश्वरी बस्याल | सम्पर्क व्यक्ति | छत्रकोट | ९८४७०९८७९९ |
| ८ | बि.टि.भी. | सूर्य सुनार | सम्पर्क व्यक्ति | रेसुङ्गा | ९८६४५५७४९७ |
| ९ | धुर्कोट एफएम | वासुदेव पोखरेल | सम्पर्क व्यक्ति | धुर्कोट | ९८५७०८८१४४ |

## (२.) अनलाइन

| क्र.स | मिडियाको नाम | सर्म्पक व्यक्ति | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | लाइभ गुल्मी | सन्तोष महतारा | संचालक | ९८५७०७९९०० |
| २ | प्रतिक खबर | महेश बोहरा | संचालक | ९८५७०८४७१५ |
| ३ | गुल्मी टुडे | हुमाकान्त पोखरेल | संचालक | ९८५७०४९३३३ |

| क्र.स | मिडियाको नाम | सर्म्पक व्यक्ति | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| ४ | जिटिभि नेपाल | दीपक नेपाली | संचालक | ९८६७७४८९७१ |
| ५ | गुल्मी अपडेट | दुर्गाबहादुर खड्का | संचालक | ९८५७०८४९६६ |
| ६ | ओझेलका खबर | प्रेम सुनार | संचालक | ९८५७०६१५३० |
| ७ | रेसुंगा न्युज | ताराप्रसाद भुसाल | संचालक | ९८५७०२२६७२ |
| ८. | देश दर्शन | भुवन भुसाल | संचालक | ९८५७०६४४२५ |
| ९. | नेपाल अपडेट | मोहन बस्नेत | संचालक | ९८४७३९०८५१ |

## (३.) क्रियाशील संचारकर्मी/पत्रकारहरूको नामावली र सम्पर्क नम्बर

| क्र.स | नाम, थर | पद | आबद्ध मिडिया | घर | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १ | अनिल खत्री | अध्यक्ष | नेपाल टेलिभिजन | इस्मा | ९८५७०१४४३४ |
| २ | सुमन महतारा | उपाध्यक्ष | मध्यान्ह दैनिक | मालिका | ९८५७००७३८३४ |
| ३ | गगनशिला खड्का | उपाध्यक्ष (महिला) | कान्तिपुर दैनिक | मालिका | ९८५७०६४८४१ |
| ४ | सन्तोष महतारा | सचिव | कान्तिपुर दैनिक | मालिका | ९८५७०७९९०० |
| ५ | मनोज कार्की | सह-सचिव | अन्नपूर्ण पोस्ट | मालिका | ९८५७०६७७३८ |
| ६ | मनु सुनार | सह-सचिव (समावेशी) | रेडियो रेसुंगा | रेसुङ्गा | ९८६७२४२७४८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | महेश बोहरा | सदस्य | हिमालय टेलिभिजन | चन्द्रकोट | ९८५७०८४७१५ |
| ९ | सूर्य सुनार | सदस्य | रेडियो नेपाल | मुसिकोट | ९८६४५५७४७९ |
| १० | अनिल खत्री | सदस्य | रेडियो स्काई | मदाने | ९८५७०७२९१८ |
| ११ | जनार्दन घिमिरे | पूर्वअध्यक्ष | रासस | मुसिकोट | ९८५७०२८४९५ |
| १२ | टोपलाल अर्याल | पूर्वअध्यक्ष | नयाँ पत्रिका | इस्मा | ९८५७०६७२२७ |
| १३ | भरत पाण्डे | पत्रकार | आजको पोस्ट | धुर्कोट | ९८५११०५३३० |
| १४ | प्रेम सुनार | पत्रकार | राज्य टेलिभिजन | मुसिकोट | ९८५७०६१५३० |
| १५ | रमेश विश्वकर्मा | पत्रकार | गोरखापत्र (गुल्मी) | मदाने | ९८५७०६७५५३ |
| १६ | हुमाकान्त पोखरेल | पत्रकार | राजधानी दैनिक | धुर्कोट | ९८५७०४९३३३ |
| १७ | अनिता खत्री | पत्रकार | रेडियो रेसुङ्गा | इस्मा | ९८५७०६४००६ |
| १८ | दुर्गाबहादुर खड्का | पत्रकार | नेपाल टेलिभिजन | मालिका | ९८५७०८४९६६ |

**खेलकुद तथा गीत-संगीत क्षेत्रका गौरवशाली प्रतिभाहरू**

रेसुङ्गा नगरपालिका प्राकृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदाले मात्र सम्पन्न छैन, यसले नेपाललाई खेलकुद र गीत-संगीतका क्षेत्रमा पनि उल्लेखनीय प्रतिभाहरू प्रदान गरेको छ । यहाँ जन्मिएका तथा हुर्किएका धेरै व्यक्तित्वहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो प्रतिभा प्रदर्शन गरी रेसुङ्गाको नामलाई गौरवान्वित बनाएका छन् । उनीहरूको योगदानले नयाँ पुस्तालाई आफ्नो प्रतिभा पहिचान गरी उत्कृष्टताको

यात्रामा अघि बढ्न पनि प्रेरित गरिरहेको छ ।

## खेलकुदक्षेत्रमा रेसुङ्गाको योगदान

रेसुङ्गा नगरपालिकाले विशेष गरी बक्सिङ, भलिबल, फुटबल तथा तेक्वान्दो जस्ता खेलहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन गरेको छ ।

### १. स्वर्गीय दलबहादुर राना मगर

(रेसुङ्गा नगरपालिका वडा नं.-४) नेपालका उत्कृष्ट बक्सिङ खेलाडीमध्ये एक मानिन्छन् । उनले बक्सिङ खेलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा उत्कृष्ट प्रदर्शन गर्दै रेसुङ्गाको नामलाई परिचित गराउन महत्त्वपूर्ण भूमिका निभाएका छन् । उनले १९८६ को एसियाली खेलकुदमा नेपालका लागि बक्सिङ खेलको ६० केजी तौल समूहमा कांस्य पदक जितेका थिए ।

### २. स्वर्गीय कृष्णबहादुर थापा

(रेसुङ्गा नगरपालिका वडा नं.-२) बक्सिङका सफल खेलाडी तथा प्रशिक्षक हुन् । उनले बक्सिङ खेलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा उत्कृष्ट प्रदर्शन गर्दै रेसुङ्गाको नामलाई परिचित गराएका छन् । उनले दोस्रो दक्षिण एसियाली खेलकुद प्रतियोगितामा कास्य पदक प्राप्त गरेका थिए । साथै, २०४२ सालमा राष्ट्रिय खेलकुद परिषद्को प्रशिक्षकमा नियुक्त भई उनले कैयौँ कुशल बक्सर उत्पादन गरेका थिए ।

### ३. झपटसिंह भुजेल

नेपालको बक्सिङ इतिहासका उल्लेखनीय खेलाडीमध्ये एक हुन् । उनले सन् १९८८ मा दक्षिण कोरियाको सियोलमा आयोजित ग्रीष्मकालीन ओलम्पिकमा नेपालका तर्फबाट लाइट वेल्टरवेट (६३.५ केजी) तौल समूहमा प्रतिस्पर्धा गर्दै नेपालको प्रतिनिधित्व गरेका थिए । उनी रेसुङ्गा नगरपालिका वडा नं.- ८, गुल्मीका प्रतिभाशाली बक्सर हुन्, जसले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको बक्सिङ र रेसुङ्गालाई चिनाउन महत्त्वपूर्ण योगदान पुर्‍याएका छन् ।

### ४. छवि खरेल

गुल्मी जिल्लाको आँपचौरमा जन्मी हाल तम्घासमा बस्ने छवि खरेल जिल्लाको पहिलो राष्ट्रिय खेलाडी हुन् । उनले २०३३ देखि २०३७ साल सम्म राष्ट्रिय भलिवल खेलाडीका रूपमा आफ्नो परिचय स्थापित गरेका थिए ।

## ५. प्रेम कुँवर

(रेसुङ्गा नगरपालिका वडा नं.-२) उनले भलिबल खेलमा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा उत्कृष्ट प्रदर्शन गर्दै रेसुङ्गाको नामलाई परिचित गराएका छन् । उनले नेपालको राष्ट्रिय टिमबाट १९८६-१९९२ सम्म विभिन्न देशहरूमा आफ्नो सक्रिय सहभागिता जनाएका थिए । विशेष गरी उनको सहभागिता चौथो र पाँचौं दक्षिण एसियाली खेलकुद (South Asian Federation Games) प्रतियोगितामा थियो जसमा नेपालले चौंथो स्थान हासिल गरेको थियो र सन् १९८९ मा दक्षिण कोरियाको सियोलमा सम्पन्न एसियाली भलिबल प्रतियोगितामा. समेत सहभागिता रहेको थियो ।

## ६. स्वर्गीय बद्रीप्रकाश श्रेष्ठ

(रेसुङ्गा नगरपालिका वडा नं.-१) ले भलिबलको नेपाली राष्ट्रिय टिममा रहेर अन्तराष्ट्रिय प्रतियोगिताहरूमा उत्कृष्ट प्रदर्शन गर्दै रेसुङ्गाको नामलाई परिचित गराएका छन् । उनले छैठौं दक्षिण एसियाली खेलकुद (South Asian Federation Games) प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्दै सहभागिता जनाएका थिए ।

## ७. ज्ञानेन्द्र शेरचन

(रेसुङ्गा नगरपालिका वडा नं.- ८) ले नेपालको फुटबल खेलमा उल्लेखनीय योगदान दिएका छन् । उनी मिडफिल्डरको रूपमा विश्वकप छनौट चरणमा इरान, ओमन, मालदिव्स संग, पाँचौं, छैठौं (स्वर्ण पदक), सातौं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा र प्री ओलम्पिक खेलकुद प्रतियोगितामा माल्दिव्स, सिंगापुर, उत्तरकोरिया, चिनसंग खेलेका थिए । साथै उनले दक्षिण एसियाली खेलकुद तथा एसियाली खेलकुद जस्ता अन्तर्राष्ट्रिय स्तरमा आफ्नो उत्कृष्ट खेल प्रदर्शनमार्फत नेपालको प्रतिनिधित्व गरेका छन् ।

## ८. वीरेन्द्र कुँवर

(रेसुङ्गा नगरपालिका वडा नं.-८) आई.टी.एफ तेक्वान्दो प्रशिक्षक, अन्तर्राष्ट्रिय खेलाडी तथा खेल प्रशासक हुन् । उनले आई.टी.एफ ब्ल्याक बेल्ट चौथो डान (४th Degree) प्राप्त गरेका छन्, नेपाल आई.टी.एफ तेक्वान्दो महासंघका क्लास 'ए' अम्पायर, अन्तर्राष्ट्रिय खेलाडी तथा प्रशिक्षक हुनुका साथै उनी तम्घास आई.टी.एफ तेक्वान्दो एकेडेमीका संस्थापक, गुल्मी आई.टी.एफ तेक्वान्दो संघका अध्यक्ष र लुम्बिनी आई.टी.एफ तेक्वान्दो महासंघका कार्यसमिति सदस्य पनि हुन् । उनले अन्तर्राष्ट्रिय ओपन च्याम्पियनसिप २०२४ (मलेसिया) मा कास्य पदक, दक्षिण एसियाली च्याम्पियनसिप २०१६ (भारत) मा स्वर्ण पदक, दक्षिण एसियाली च्याम्पियनसिप २०१८

(काठमाडौं) को टिम स्प्यारिङमा स्वर्ण पदक, राष्ट्रिय प्याटर्न च्याम्पियनसिप २०२० मा स्वर्ण पदक तथा राष्ट्रिय च्याम्पियनसिप २०१९ मा कास्य पदक जित्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा रेसुङ्गा नगरपालिकालाई गौरवान्वित बनाएका छन् ।

### ९. गिरिप्रसाद महाकिम

(रेसुङ्गा नगरपालिका वडा नं.- १२) गुल्मीको तम्घास डोजाङसँग आबद्ध एक समर्पित तेक्वान्दो खेलाडी हुन् । उनले सन् २०१६ मा आयोजित द वर्ल्ड तेक्वान्दो हान्मादाङ (AsianContinentChampionship) मा नेपालका तर्फबाट पुम्से (व्यक्तिगत, ३९ वर्षमुनि) विधामा सहभागिता जनाई अन्तर्राष्ट्रिय स्तरमा नेपालको प्रतिनिधित्व गरेका थिए । उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सहभागिता जनाउँदै रेसुङ्गाको खेलकुद प्रतिष्ठालाई थप उचाइ दिएका छन् ।

## गीत-संगीत क्षेत्रमा रेसुङ्गाको पहिचान

रेसुङ्गा नगरपालिका लोकगीत, आधुनिक गीत तथा संगीत सिर्जनाका क्षेत्रमा पनि उत्तिकै समृद्ध छ । यहाँका कलाकारहरूले आफ्ना मौलिक सिर्जना तथा सुमधुर प्रस्तुतिमार्फत नेपाली संगीत जगत्मा विशिष्ट पहिचान बनाएका छन् ।

### १. राजकुमार श्रेष्ठ

(रेसुङ्गा नगरपालिका वडा नं.- २) प्रतिष्ठित संगीतकारका रूपमा परिचित छन् । उनले नेपाली संगीत क्षेत्रमा धेरै सिर्जनात्मक योगदान दिएका छन् । विशेष गरेर उनले करिब तीन दशक बढी समय नारायणगोपाल सङ्गीत कोषको संगीत निर्देशक पदको जिम्मेवारी निभाएका थिए, अहिले उनले २०७६ सालमा स्थापित नेपालको पहिलो सक्रिय अन्नपूर्ण चेम्बर अर्केष्ट्राको स्थापना कालदेखि आजसम्म अध्यक्षको जिम्मेवारी निभाइरहेका छन्, अनि विगत एक वर्षदेखि आफ्नै स्वामित्वमा अन्नपूर्ण स्कुल अफ अर्केष्ट्रा संचालन गर्दै आएका छन् । नेपाली गीत-संगीतलाई विश्वव्यापीकरण गर्ने बलियो माध्यम पाश्चात्य स्वरलिपिमा लिपिबद्ध गर्दै नेपालभित्रै यो विधालाई लोकप्रिय बनाउन सफल भएका कारण विभिन्न संघ-संस्थाबाट समेत सम्मानित भएका छन् ।

### २. हरि श्रेष्ठ

(रेसुङ्गा नगरपालिका वडा नं.-२) आफ्नो लोकप्रिय गीत "रेसुङ्गालाई झरीले रुझायो" मार्फत विशेष चर्चामा आएका गायक हुन् । यस गीतले रेसुङ्गाको प्राकृतिक सौन्दर्य र स्थानीय भावनालाई कलात्मक रूपमा प्रस्तुत गरेको छ । उनले 'पारी गाउँकी गोरी" नामको एल्बम पनि निकालेका थिए ।

## ३. सन्तु थापा

(रेसुङ्गा नगरपालिका वडा नं.-२) आधुनिक तथा तीज गीतका लोकप्रिय गायक हुन् । उनका "सुपारी काँचो" तथा "मुखैले ठिक्क बनायौ" जस्ता गीतहरूले व्यापक लोकप्रियता प्राप्त गरेका छन् । उनले म्युजिक खबर अवार्ड तथा छायाँछवि तीज म्युजिक अवार्ड प्राप्त गरी आफ्नो सफलतालाई स्थापित गरेका छन् ।

## ४. मायालक्ष्मी कुँवर

(वडा नं. २) नेपाली संगीत क्षेत्रमा परिचित गायिका हुन् । उनको चर्चित गीत "कसरी सम्हालु यो मन" ले श्रोतामाझ विशेष स्थान बनाएको छ । यस गीतका लागि उनले बिन्ध्यवासिनी म्युजिक अवार्ड प्राप्त गरेकी छन् । उनले दर्जनौं गीतहरू श्रोतामाझ पस्किसकेकी छन् ।

## ५. तिलक बस्नेत

(वडा नं. १०) लोकप्रिय गायक तथा संगीत सर्जक हुन् । उनका "रेसुङ्गा घुम्न जाऊँ" तथा "माया पिरतीमा बैना मर्दिउ कि" जस्ता गीतहरू अत्यन्त लोकप्रिय छन् । उनले दिनेश म्युजिक अवार्डसमेत प्राप्त गरेका छन् । उनले आफ्नो सुमधुर स्वर र उत्कृष्ट प्रस्तुतिमार्फत नेपाली लोकसङ्गीतको संरक्षण तथा प्रवर्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

## ६. शान्तारानी परियार

(वडा नं. ११) उनी रेसुङ्गा नगरपालिकाकी चर्चित लोक तथा दोहोरी गायिका हुन् र "म त ढलैँ ढलैँ" "हानाहान भो तानातान भो" "सिरफुल सिरैको" लगायत उनले दर्जनौं चर्चित गीतहरू गाएकी छन् । उनी नेपाल म्यूजिक अवार्ड, राष्ट्रिय लोक दोहोरी अवार्ड र विन्ध्यवासिनी म्युजिक अवार्डबाट सम्मानित भैसकेकी छन् । उनले आफ्नो सुमधुर स्वर र उत्कृष्ट प्रस्तुतिमार्फत नेपाली लोकसङ्गीतको संरक्षण तथा प्रवर्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याएकी छन् ।

## ७. सुरेश राना

(वडा नं. ११) आधुनिक गीतका सफल गायक हुन् । उनका "भिजा पास" तथा "कति राम्रो कमल फूल" जस्ता गीतहरू लोकप्रिय छन् । उनले रंग दर्पण म्युजिक अवार्ड र एक्टिभ म्युजिक अवार्ड प्राप्त गरेका छन् ।

## ८. सीता राना

(वडा नं. ११) लोक तथा आधुनिक गीतकी चर्चित गायिका हुन् । उनका "नौतुनाको रेल" तथा "मलाई केटो चाहिएको पैसावाला हो" जस्ता गीतहरू लोकप्रिय भएका छन् । उनले विशाल लुम्बिनी म्युजिक अवार्ड प्राप्त गरेकी छन् ।

## ९. कल्पना कुसुम

(वडा नं. १०) नेपाली लोक तथा तीज गीतकी सफल गायिका हुन् । उनका "यसपालिको तीजमा लेँगा लगाउँछु" तथा "माथि पर्यो रेसुङ्गा" जस्ता गीतहरूले व्यापक लोकप्रियता हासिल गरेका छन् । उनले छायाँछवि तीज अवार्ड (२०७२ र २०७६) तथा तेस्रो राष्ट्रिय विशाल लोकदोहोरी अवार्ड प्राप्त गरेकी छन् ।

## १०. विशाल श्रेष्ठ

(वडा नं. २) पनि रेसुङ्गाका प्रतिभाशाली गायकका रूपमा परिचित छन् र उनले चमेली फूल, सिरैको सिरबन्दी, नसालु मृग जस्ता गीतहरू गाइसकेका छन् । उनले नेपाली संगीत क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

## ११. सिलु भट्टराई

(वडा नं. १०) आफ्नो लोकप्रिय गीत "गुम पाकुम गुम" मार्फत नेपाली संगीतक्षेत्रमा परिचित छन् । सुमधुर स्वर, आकर्षक प्रस्तुति र मौलिक गायनशैलीका कारण आफ्नो छुटै पहिचान बनाउन उनी सफल छन् ।

## १२. हेमन्तजङ्ग कुँवर

(रेसुङ्गा नगरपालिका-२) एक प्रतिभाशाली गायक हुन् । उनले 'हाँसो बनेर तिम्रो ओंठमा' र 'सपना भइदिए हुन्थ्यो नि' लगायतका गीतमार्फत नेपाली गीत-सङ्गीत क्षेत्रमा आफ्नो विशिष्ट पहिचान स्थापित गरेका छन् । सुमधुर स्वर, भावपूर्ण गायन, शैली र उत्कृष्ट प्रस्तुतिका कारण उनका गीत श्रोतामाझ लोकप्रिय छन् ।

## १३. रुद्र थापा

(वडा नं. ११) आफ्नो चर्चित गीत "आऊ आज बाचा गरी" मार्फत नेपाली संगीत क्षेत्रमा स्थापित गायक हुन् ।

यसै गरी खुमबहादुर खत्री दुबिचैर, विशाल श्रेष्ठ बाघमारे धागिथुम, दयासागर पन्थी, अर्खले(छल्दी) भगवती पाण्डे (शीतल पाण्डे), उपल्लो तम्घास, यम तङ्नामी, उर्लेनी आदि गीत-सङ्गीत र गायनको क्षेत्रका होनहार प्रतिभाहरू हुन् ।

त्यस्तै कलाकारिताको क्षेत्रमा भुवन श्रेष्ठ (चित्रकला) नयाँबजार, आश्विन श्रेष्ठ, जवार श्रेष्ठ पुरानो बजार, रमेशजङ्ग कुँवर धागिथुम, मानबहादुर चुँदारा भुजेलखर्क ( काष्ठकला, मूर्तिकला), ईश्वर वि.क डिजाइनर, लेखबहादुर राना (डिजाइनर), गणेश श्रेष्ठ, पुष्प भट्टराई आदि प्रमुख छन् ।

## निष्कर्ष

रेसुङ्गा नगरपालिकाभित्रका कवि, लेखक, पत्रकार, खेलाडी, कलाकार तथा संगीतकर्मीहरूले आफ्नो प्रतिभा, मेहनत र समर्पणका माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा रेसुङ्गाको पहिचानलाई उजागर गरेका छन् । उनीहरूको सफलता केवल व्यक्तिगत उपलब्धि मात्र नभई सम्पूर्ण रेसुङ्गा नगरपालिकाको गौरव हो । यस्ता व्यक्तित्वहरूको योगदानलाई दस्तावेजीकरण गर्दै नयाँ पुस्तासम्म पुऱ्याउनु स्थानीय इतिहास, संस्कृति र पहिचान संरक्षणका दृष्टिले अत्यन्त महत्त्वपूर्ण छ । भविष्यमा पनि रेसुङ्गा नगरपालिकाबाट यस्ता प्रतिभाशाली कवि, लेखक, खेलाडी तथा कलाकारहरूको उदय हुँदै जाने अपेक्षा गर्न सकिन्छ ।

०००


**किरण पुस्तकालयद्वारा**

**प्रकाशित तथा श्री दीन पन्थीद्वारा लिखित छोटा, मीठा निबन्धहरूको सङ्कलन**

**हुटिट्याउँको मन**

**पढ्नुहोस् ।**




**एक पटक पढेपछि फेरि पनि पढूँ पढूँ लाग्नेछ ।**

# तम्घासमा पहिले पाँच तालुकदार थिए



**✍ताराप्रसाद पाण्डे**

(श्री ताराप्रसाद पाण्डे तम्घासका रैथाने परिवारमध्येको एक कोले पाण्डे परिवारमा जन्मेका व्यक्ति हुनुहुन्छ । उहाँको जन्म वि.सं. १९९९ साल आषाढ १० गते तम्घासमा भएको थियो । ८४ वर्षीय पाण्डे अहिले पनि तम्घासका पुराना भद्र भलाद्मीहरूका माझमा सुपरिचित हुनुहुन्छ । उहाँसँग "हाम्रो पुरुषार्थ"को अनुभव/अनुभूति स्तम्भका लागि शशि पन्थीले लिएको लिखित अन्तर्वार्ताको सम्पादित अंश पाठकहरूको जानकारीका लागि यहाँ प्रस्तुत छ । **–सम्पादक**)

**१. तपाईँलाई आफ्नो वंशावलीबारे केही जानकारी छ कि ?**

- हाम्रा पुर्खाहरू उहिले कहिले हो कहिले भारतको अयोध्याको आदित्य नगरबाट गढवाल, नैनीताल हुँदै जुम्ला जिल्लाको सिन्जा भन्ने ठाउँमा खसान राज्यका राजाका आश्रयमा आएका रहेछन् । त्यहाँ कति सय वर्ष बसे तिथि मिति केही थाहा छैन । राष्ट्रगुरु योगी नरहरिनाथका अनुसार खसान राज्यमा पाणेहरूको ठूलो गाउँ बस्ती र टोलहरू अद्यापि छन् भन्ने सुनेको हुँ । त्यसै स्थानबाट नेपालको पूर्व दिशातिर बसाइ सर्दै जाने क्रममा विभिन्न जिल्लामा विभिन्न ठाउँमा बस्दै एकथरी पाण्डेहरू गुल्मी राज्यको माझकोट भन्ने ठाउँमा आइपुगेछन् र त्यहीँ नै आफ्नो बस्ती बसाएका रहेछन् । त्यहाँ आउँदा आफ्नो साथमा तिनीहरूले दुईवटा खुँडाहरू पनि पहिलेदेखि साथमै लिएर आएका रहेछन् । ती दुईवटा खुँडाहरू पाण्डेहरूद्वारा निर्मित कालिका भगवती मन्दिरमा राखी पूजा गर्दै आएको आज पनि देख्न पाइन्छ । उक्त मन्दिर हाल अर्घखाँची जिल्लाको माझकोटमा पर्दछ । वशिष्ठ गोत्रीय आइतबारे पाँडेहरूको २०७५ सालमा

प्रकाशित वंशावलीमा उक्त कुरा उल्लेख छ ।

**२. तम्घासमा तपाईँहरूको बसाइ कसरी प्रारम्भ भयो ?**

- माझकोट, ठूलापोखरा, किसान, खैरेनी, अर्घातोस, काहुले, तम्घास आदि ठाउँमा आइतबारे पाण्डेहरूको बाहुल्य छ । हाम्रा पुर्खाहरू त्यसै माझकोटदेखि बसाइ सरेर तम्घास आएका रहेछन् । हाम्रा चेपजु जेमदग्निका सन्तानमध्येका मणिभद्र तम्घासमा आई बसोबास बनाएका रहेछन् ।

**३. यहाँ आइतबारे र साठी पाणे भन्ने पनि छन् तपाइँहरू कुन पाण्डे या पाणे हो ?**

- हामी वसिष्ठगोत्रीय आइतबारे पाण्डे हौँ । यहाँ काश्यप गोत्रीय साठी पाणेहरू पनि छन् । दुबै थरी पाण्डेको गोत्र फरक फरक हो । आइतबारेहरू वशिष्ठ गोत्रका र साठी पाणेहरू कश्यप गोत्रका हुन् ।

**४. तपाईँले जान्दा तम्घास कस्तो थियो ? तम्घास नाम कसरी रह्यो ?**

- हाम्रा पुर्खा मणिभद्र तम्घास आउँदा यो ठाउँ कस्तो थियो यकिन गरी भन्न असहज छ । हाम्रा पुर्खाहरू तल्लो तम्घास साहूटोलामा बसेका रहेछन् । यो ठाउँ कृषि, पशुपालन र पशुचरनका लागि सुविधायुक्त उत्तम स्थान देखेर पन्थी परिवारकै समीपमा बसेका रहेछन् । माझकोटमा पनि पन्थीहरू हाम्रा गुरुपुरोहित रहेछन् । तम्घासमा आएर पनि उनीहरूलाई नै गुरु पुरोहित मानी एकै ठाउँ बस्ती मिलाएर बसेका रहेछन् । बसाइको वर्तमान भूगोलले पनि यसलाई प्रमाणित गर्दछ । तम्घास नामको बारेमा विभिन्न किंवदन्तीहरू छन् । यो ठाउँलाई पहिले जनबोलीमा तमास भन्ने गरेका थिए । लिखतहरूमा तम्घास लेखेको पाइन्छ । पहिले चमत्कारपूर्ण घटना घटेको भएर तमासा भयो भन्दै गर्दा यो ठाउँलाई तमास-तम्घास भन्न लागियो । हिजो-आज लेखाइमा तम्घास (तंघास) लेख्ने गरेको पाइन्छ ।

**५. तम्घासमा अरू साना गाउँ टोलहरू कसरी बने ? यहाँको मुखिया जिम्माली व्यवस्था के कस्तो जान्नुभयो ?**

- तम्घास भन्ने एउटा ठूलो गाउँ (अहिले रेसुङ्ग नगरपालिका) भन्ने हो । यसभित्र साना गाउँ र टोलहरू धेरै छन् । भलुवाकुण्ड, छापटोला,

खानीगाउँ, ओखरबोट, टुनीखोला, उधिनढुङ्गा, साहूटोला, धागिथुम, उपल्लो तम्घास, भुजेलखर्क आदि ठाउँहरू यहाँका मुख्य बस्तीहरू हुन् । ती बस्तीभित्र पनि सानासाना टोलहरू छन् । तम्घास बजारमा विभिन्न मिश्रित जातिहरूले व्यापार-व्यवसाय गर्दछन् । धागिथुममा बगाले थापा, कुँवरहरूको बाहुल्य छ । उधिनढुङ्गामा, भलुवाकुण्डमा पन्थीहरूको प्रधानता रहेको छ । उपल्लो तम्घासमा पन्थी, पाण्डे, मरासिनी, खनाल, आचार्य, सुनार, सार्की (नेपाली)हरूको बसोबास छ । खानीगाउँमा मगर, नेवार आदि छन् । यहाँ विविध जातजातिका मान्छेहरू राम्रोसँग मिलेर बसेका छन् । खानीगाउँमा तालुकदार श्रीस मगर १ र घर्ती मगर १ गरी तालुकदार मुखिया २, धागिथुममा, मुखिया जिम्माल १, भुजेलखर्क तालुकदार १, तम्घासमा तालुकदार मुखिया १, गरी ५ तालुकदार थिए । तम्घासमा खेत कम भएकाले जिम्मावाली प्रथा कम रहेको पाइन्छ । अघि भुजेलखर्क गोलभाराको रूपमा रहेको जग्गा रहेछ । खानीगाउँको जग्गालाई अदत भनिन्थ्यो । धागिथुमको जग्गा मानाचामलको हो । जनककुमारी मैयाँको नाममा माना चामल उठाएर जिम्मावालहरूले धैरेनी लगेर राजालाई बुझाउँथे । धैरेनीका राजा चिरञ्जीवी शाह २०१६ सालसम्म माना चामलका रकम बुझ्न उधिनढुङ्गामा कृपाराम पन्थीले बनाएको ठूलो तीन तले, दुई दलाने पौवामा बस्ने गरेको मैले राम्ररी जानेँ, देखेँ । त्यो पौवामा स्कूल पनि चल्यो । पर्वत पाङका ज्योतिषी आएर पनि बसे । ढाक्रे, मलामी सबै बस्थे । तम्घास बाहिरका मान्छेहरूले यसलाई धौले पौवा भन्थे । यो पौवामा महेन्द्र हाई स्कूलबाट छुट्टिएर अहिलेको रेसुङ्गा माध्यमिक विद्यालय चलेको हो । त्यत्रो पौवाको र जग्गाको अहिले नाम निसाना मेटिएकोमा मलाई अत्यन्त दुःख लागेको छ । यसबारे सबैले सोचेर इतिहास नमेटने गरे हुन्थ्यो भन्ने मेरो विचार हो । उधिनढुङ्गा, साहूटोला, तम्घास, उपल्लो तम्घास, बेदुखर्क, कुँडापानीका जग्गाहरू रैकरका हुन् ।

**६. तम्घासलाई गुल्मी जिल्लाको सदरमुकाम भनेर के कसरी छानियो ? यहाँ सुरुमा कुन कुन अड्डाहरू आए ?**

- नेपालको पुरानो राज्यव्यवस्थामा पहाडी क्षेत्रमा पर्ने जिल्लाहरूमा ३२ गढी गौंडा थिए । तराई क्षेत्रका जिल्लाहरूमा गोश्वारा भन्ने चलन थियो । पृथ्वीनारायण शाहद्वारा पूर्व र पश्चिमका ससाना राज्यहरूलाई एकीकरण गरी विशाल नेपाल राष्ट्र बनाएको हुनाले उनलाई राष्ट्रपिता भनिन्छ । १०४ वर्षसम्म यहाँ राणाहरूले निरङ्कुश शासन चलाएपछि २००७ सालमा राजा

र प्रजा मिलेर प्रजातन्त्र आएको हो । २००७ सालभन्दा पहिले गुल्मीमा ६ जिल्ला थिए । यी छ जिल्ला (१, गुल्मी, २. अर्घा, ३. खाँची, ४. धुर्कोट, ५. इस्मा, र ६. मुसिकोट) पाल्पा जिल्लाअन्तर्गत पर्दथे । गुल्मी जिल्लाको खेतपाखोको तिरोभरो बाग्लुङ जिल्लामा रहेको मालपोत कार्यालयमा मुखिया, जिम्मावालमार्फत बुझाउनुपर्दथ्यो । शान्तिसुरक्षा र अड्डा अदालतको काम पाल्पाबाट हुने गर्दथ्यो ।

२००८ सालमा गुल्मी ६ जिल्लाका तात्कालिक नेताहरूले छुट्टै गुल्मी जिल्लाको माग गरे । उनीहरूको मागअनुसार सबैको सहमतिमा २००९ सालमा गुल्मीमा छोटी गौंडा कायम भई तम्घासलाई सदरमुकाम बनाइएको थियो । गुल्मी जिल्लाका प्रथम बडाहाकिम गिरिप्रसाद बुढाथोकी हुन् । त्यसैबेला यहाँ माल, अदालत, हुलाक, प्रहरी थाना आदि कार्यालयहरूको स्थापना गरिएको थियो ।

**७. तपाईंको जन्म, शिक्षा, काम र व्यवसायसम्बन्धी जानकारी पनि छोटकरीमा बताइदिनुहोस् है त ?**

- मेरो जन्म २०९९ साल आषाढ महिनाको १० गते बुधवार भएको थियो । मेरा बुबाको नाम शोभाखर र आमाको नाम मतिकला पाण्डे हो । मैले गुरुकुल पद्धतिको शिक्षा प्राप्त गरेको हुँ । सुरुमा म घरबाटै साक्षर भएको हुँ । पर्वत जिल्लाको पाङमा गएर ज्योतिष विद्या पढेको हुँ । २००८ सालमा पञ्चाङ्गसम्बन्धी ज्ञानार्जन गरेर घर फर्कें । २००९ सालमा उधिनढुङ्गाको धौले पौवामा भारतको ऋषिकेशबाट आएका योगीबाट अंग्रेजी शिक्षाको प्रारम्भिक जानकारी लिई ४ कक्षा अध्ययन गरेको हुँ । त्यसपछि गुरुकुल पद्धतिकै प्रचलनअनुसार दुर्गाकवच, चण्डी, वेद पढी खिदमको हरिहर पाठशालाबाट चार पास गरेको हुँ । फेरि तम्घासमा स्थापित लक्ष्मीपुर मिडिल स्कूल (हालको महेन्द्र माध्यमिक विद्यालयबाट ५ कक्षा पास गरेँ र पछि काठमाडौं नक्सालबाट १० कक्षा पास गरेको थिएँ । २०१६ सालमा एक वर्ष ग्रामविकास प्रशिक्षणमा सरकारी विकास नीतिअनुसार तालिम प्राप्त गरी सरकारी ग्राम विकास कार्यालय तम्घासबाट जागिरमा प्रवेश गरेँ । त्यसपछि गृह मन्त्रालयअन्तर्गत रहेको वर्गीय संगठनको ना.सु. (नायव सुब्बा) पदमा पदोन्नति भयो । २०२८ सालमा राजनीति गरेको भनी पञ्चायत विरोधी आरोप लागी बर्खास्तमा परेको हुँ । त्यसपछि मेरो दिनचर्या सामाजिक कार्यमा बित्न थालेको हो । नेपाल रेडक्रस सोसाइटी, बालमन्दिर, महेन्द्र माध्यमिक विद्यालय, रेसुङ्गा संरक्षण समिति आदिमा मैले

सक्रियतापूर्वक काम गरौँ ।

## ८. गुल्मीबाट अर्घाखाँची जिल्ला कहिले कसरी छुट्टियो ?

- २०१५ सालको प्रथम ऐतिहासिक आम निर्वाचनमा गुल्मीमा चार निर्वाचन क्षेत्र ८९, ९०, ९१, ९२, थिए । अर्घा र खाँची पनि गुल्मी जिल्लाभित्रै पर्दथे । ८९ बाट गिरिप्रसाद बुढाथोकी, ९० बाट नीलाम्बर पन्थी, ९१ बाट सुवर्ण शम्शेर, ९२ बाट काशीनाथ गौतम, चारै जना नेपाली काङ्ग्रेसका उमेदवारहरूले जितेका थिए । २०१७ साल पुस १ गते विश्वेश्वरप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा गठित सरकारलाई राजा महेन्द्रले अपदस्थ गरेपछि पञ्चायती व्यवस्था लागु गरियो । २०१८ सालमा अर्घा र खाँचीलाई गुल्मीबाट छुट्ट्याई एउटा अर्को अर्घाखाँची जिल्ला बनाइएको हो ।

## ९. अर्जुन डाँडाको कोट र मन्दिरको ऐतिहासिक महत्त्व के छ नि ?

- अर्जुन डाँडाको भगवती मन्दिरलाई पहिलेदेखि नै देवीको एक शक्तिपीठको रूपमा मान्दै आएको मन्दिर हो । नेपाल बाइसे चौबिसे राज्यमा विभक्त हुनुपूर्व द्वापर युगको अन्तदेखि नै भुरे टाकुरे राजाहरूले यहाँबाट राज्य सञ्चालन गरेको पाइन्छ । यहाँ राजाको पँधेरो, ढुङ्गाको तगारो, रानीको कपाल कोर्ने ढुङ्गो, वेहारथला भन्ने ठाउँहरू भग्नावशेषका रूपमा रहेका छन् । श्रीथुमको डाँडामा राजाको सुरक्षा गर्ने, पालेपहरा बस्ने गर्दथे भन्ने जनश्रुति पनि छ । यहाँका अन्तिम राजाको कुकृत्यका बारेमा पनि किंवदन्तीहरू प्रचलित छन् । उपल्ला तम्घासको देउराली र तम्घास स्थान राजालाई श्राप दिई बन्न गएका माईका र सिद्धका स्थानहरू हुन् । वर्तमान समयमा पनि यी स्थानहरूको सुरक्षा गरी पूजा गर्ने प्रचलन छँदै छ ।

## १०. रेसुङ्गाका प्रभु यदुकानन्दको बारेमा के जानकारी छ नि ?

- रेसुङ्गामा प्रभु यदुकानन्दले धेरै लामो समयसम्म यज्ञ गराएको कुरा त मैले जानेँ । किरण पुस्तकालयका प्रकाशनहरू र अन्य पत्र-पत्रिकामा छापिएका लेख रचनाहरूमा उल्लेख गरेभन्दा बढी मैले थप्नु पर्ने आवश्यक ठानिनँ । २०११ सालमा रेसुङ्गामा आगलागी भएपछि यदुकानन्द प्रभु काठमाडौं जानु भयो । २०१४ सालमा पुनः रेसुङ्गामा आई यज्ञशालामा वरिपरि डढेका टिनका पाताले बारी आश्रम बनाएर बसेको मलाई संझना छ । प्रभु फेरि काठमाडौं गएपछि यज्ञशाला बेवारिसे भयो । २०२१ सालमा तत्कालीन

प्रधानपञ्च डिल्लीराज उपाध्याय पन्थीको पहलमा जिल्ला पञ्चायतको तर्फबाट म र मालपोत कार्यालयबाट एक जना कर्मचारी गरी ३ जनाको रोहवरमा सामानको लगत तयार गरी मालपोत कार्यालयमा बुझाएको हो ।

**११. तपाईं रेसुङ्गा संरक्षण समितिको सचिव भएर पनि कार्य गर्नुभयो । तपाईंको कार्यकालमा भए गरेका कामहरू के के थिए ?**

- रेसुङ्ग संरक्षण समितिको गठन भएपछि हामीले सुधारका धेरै कामहरू गऱ्यौँ । समितिले २०४२ सालमा योगी नरहरिनाथको समुपस्थितिमा सञ्चालित कोटिहोमको यज्ञशेषबाट रहेको रु. २० हजार नगद, ५०-६० जति गाई, हविष्यान्न र अन्य जिन्सी सामग्रीको विवरण तयार गरी योगी नरहरिनाथको र समितिका अन्य सदस्यहरूको रोहवरमा हस्ताक्षर गराई समितिलाई हस्तान्तरण गरेर अब निरन्तर रेसुङ्गामा पूजा सञ्चालन गर्ने, गोपालन र संरक्षणको व्यवस्था मिलाउने, संस्कृत पाठशाला सञ्चालन गर्ने जस्ता कामको जिम्मा समितिमा रहने निर्णयहरू भयो । त्यसै अनुसार समितिले काम गर्दै गयो । समितिलाई विधिवत् सञ्चालन गर्ने गरी जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्ने र विधान स्वीकृत गराउने काम भयो ।

  २०६० सालमा समितिको आयोजनामा तम्घास चिदीचौरमा एउटा महायज्ञ सञ्चालन गर्ने निर्णय गरियो । रुद्रबहादुर भुजेलको अध्यक्षता र पं. नारायण पोखरेलको प्रमुख वाचकत्वमा उक्त यज्ञ सम्पन्न भयो । यज्ञ सम्पन्न गर्न गराउन विभिन्न उपसमितिहरू गठन गरिएको थियो । हामीले गरेका मुख्य कामहरूमध्ये यो एउटा प्रमुख काम थियो । त्यसबेला उठेको रकमबाट रेसुङ्गाको धुरीमा बिजुली बाल्ने र नारायण पोखरेल स्मृति भवन बनाउने काम भए । वचत रकम, समितिको खातामा जम्मा गराउने हाम्रो प्रयास थियो । आफ्नो हैकम देखाउन चाहने केही व्यक्तिहरूका कारण उक्त रकम दुई वर्ष खातामा जम्मा हुन सकेन । विधान संशोधन गराई समितिमा नयाँ मान्छेहरू आएपछि खर्च पनि नयाँ तरिकाले हुँदै गयो । हाम्रो उद्देश्य अनुसार कार्य गर्न नपाएपछि म समितिबाट अलग भएको हुँ ।

**१२. त्यस बेलाका अभिलेख त सबै सुरक्षित होलान् नि होइन ?**

- समितिमा महायज्ञबाट रकम सञ्चित गरेपछि मान्छेहरू पनि एक से एक अगाडि सर्न थाले । हामीले इन्द्रवीर थापाले निर्माण गराएको पौवामा रेसुङ्गा संरक्षण समितिको कार्यालय सञ्चालन गरेका थियौँ । त्यहाँ हामीले

कार्यारम्भ गरेदेखिका सबै कागजपत्रहरू विधान, निर्णय पुस्तिका सुरक्षित नै थिए । त्यहाँबाट कार्यालय स्थानान्तरण गर्दा त्यहाँका महत्त्वपूर्ण कागजपत्रहरू कता कता गए, को को सँग छन् र के कसो भए मलाई जानकारी छैन ।

**१३. रेसुङ्गाका गुठीहरूको अहिले के कस्तो स्थिति छ नि ?**

- महाप्रभु लक्ष्मीनारायणको पालामा अर्घाखाँची जिल्लाको चौवा भन्ने फाँटमा रेसुङ्गाको गुठी थियो । सात सय मुरी माटो रेसुङ्गाको गुठी थियो । एक सय वीस मुरी माटोको एकै चाक्ला खेत अर्खलेको गुठ भन्ने ठाउँमा थियो । ती गुठीहरू अहिले के कति छन् , तिनको अवस्था के छ र के कति आयस्ता आउने गरेको छ, त्यसको सम्बन्धमा मलाई जानकारी छैन ।

**१४. तपाईंले सामाजिक क्षेत्रमा पनि धेरै काम गर्नुभयो । राजनीतिक क्षेत्रमा पनि लाग्नुभयो कि ?**

२०२८ सालदेखि यता मलाई सामाजिक क्षेत्रको सेवामा लाग्ने अवसर प्राप्त भएको हो । विभिन्न संघ-संस्थामा रहेर समाजको सेवा गर्न पाउँदा मलाई खुशी नै लागेको छ र त्यस क्षेत्रमा म सफल भएको अनुभव गरेको छु । श्री ५ महेन्द्रसंग मैले चार पटक दर्शन भेट पाएँ । श्री ५ वीरेन्द्रबाट सेवापदक ग्रहण गर्दा मैले सन्तुष्टिको अनुभव गरेँ ।

२०२८ सालपछि नै मैले नेपाली काङग्रेसको विश्वेश्वरप्रसाद कोइरालाले प्रतिपादन गरेको संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातान्त्रिक व्यवस्थाका पक्षमा लागेको हुँ । काशीनाथ गौतम, मोहनसिंह थापाहरू मेरा राजनीतिक गुरुहरू हो । २०३३ सालमा बिपीले राष्ट्रिय मेलमिलापको नीति अवलम्बन गरी विदेशबाट स्वदेश फर्केपछि नेपालका विभिन्न ठाउँमा विभिन्न चरणमा शान्तिपूर्ण आन्दोलनहरू भइरहे । २०३६ साल र २०४२ सालमा जनमत सङ्ग्रह र सत्याग्रहका आन्दोलनहरू भए । २०४६ सालको जनआन्दोलनको सन्दर्भमा हामी गुल्मी चारपालामा सरसल्लाहका लागि गएको बेलामा मलाई एक जना साथीले यहाँको अवस्था राम्रो छैन तपाईं तम्घास जानुस् भने । तम्घास आएको बखत बिहान ९ बजे ४ जना प्रहरी आई पकडेर प्रहरी कार्यालयमा लगे । त्यहाँबाट कारागार चलान गरे । कारागारमा हाम्रा साथीहरू जयप्रताप मल्ल, लोकनाथ कर्णेल, सुरेश भुसाल, अनिल श्रेष्ठ, र अन्य वामपन्थी साथीहरू संग-सँगै बसियो । आन्दोलन सफल भएपछि हामी कारागारबाट मुक्त भएका हौँ ।

**१५. अब अलिकति तपाईंको पारिवारिक स्थितिबारे केही बताउनुहोस् न ?**

- अहिले हाम्रो परिवारमा ६ जना छौं । हामी दुई बुढाबुढी, छोरा विनोद पाण्डे र बुहारी, नाति एक र नातिनी एक गरी ६ जना भयौं । मेरी एक छोरी रमा पाण्डे (पन्थ)को विवाह भइसकेको छ । छोराले तम्घासको रेसुङ्गा क्याम्पस पढाउने र वकालत गर्ने गर्छन् । स्नातक उत्तीर्ण बुहारी घरमै छन् । नातिले पुलचोक इञ्जिनियरिङ क्याम्पसमा एरोनेटिक इञ्जिनियरको पढाइ पढ्दैछन् । नातिनी पनि काठमाडौंमा बी. बी. एस. अन्तिम वर्षमा पढ्दैछन् ।

**१६. तपाईंको कुलायन पु**

**ज्ने परम्परा के कस्तो छ ?**

- हाम्रा सगोत्रीय दाजुभाइहरूको उपल्लो  तम्घासमा कुलायन मन्दिर छ । त्यहाँ शिला छन् । वर्षको एक पटक दूधधार दिने, खिर पकाई पितृप्रसाद चढाउने प्रचलन छ । बलि दिने प्रचलन छैन ।

**१७. भावी सन्ततिहरूका लागि तपाईंको सन्देश केही छ कि ?**

- जीवनचक्र बडो गजबको हुँदो रहेछ । जीवनमा कति धेरै सहज असहज परिस्थिति आउँदै जाँदै गर्दा रहेछन् । मैले गुल्मी, अर्घाखाँची, बाग्लुङ, म्याग्दी, पर्वत, स्याङ्जा, पाल्पा, मुस्ताङ, मुक्तिनाथसम्म पैदल भ्रमण गर्दा त्यहाँको सामाजिक जनजीवनको राम्ररी अध्ययन गर्ने मौका पाएको थिएँ । नेपालको पूर्व काकरभित्तादेखि पश्चिम गड्ढाचौकीसम्मको यात्रा पनि पूरा गरेको थिएँ । त्यस्तै भारतको  दार्जिलिङ्, गोरखपुर, लखनऊ, कानपुर, कुरुक्षेत्र, दिल्ली पनि पुगेको छु । त्यो बेलाको यात्रा र अहिलेको सुविधासम्पन्न यात्राको अध्ययन पनि निकै फरक हुँदो  रहेछ । भौतिकवादी चिन्तन र अध्यात्मवादी दृष्टिकोणमा पनि निकै अन्तर पर्दो रहेछ । शिक्षाको प्रभाव पनि समयअनुसार भिन्न हुँदै जादो रहेछ । हामीजस्ता पुराना मान्छेहरूका लागि नयाँ प्रचलनमा घुलमिल हुन पनि गाह्रो पर्दो रहेछ । आजको नयाँ पुस्ता हाम्रो उमेरमा पुग्दा तिनीहरू लाई पनि आउने नयाँ पुस्ताका लागि त्यस्तै अप्ठ्यारो लाग्न सक्छ  । जीवन भनेको तत्कालीन अवस्थाको भोगाइ मात्र रहेछ ।

ooo

पुस्तकालय परिचय

# भानु प्रेरणा पुस्तकालय, रत्ननगर, चितवन

✍ **भारद्वाज**

सुरेशचन्द्र आचार्यका अनुसार वि. सं. २०२८ सालमा बहुदलीय व्यवस्थाका पक्षधर स्थानीय युवाहरूले प्रेरणा पुस्तकालय स्थापना गरी बहुदलीय व्यवस्थाका पक्षमा जनमत बढाउने क्रियाकलापहरू सञ्चालन गर्न सुरु गरे । शेषनाथ अधिकारी, एकनाथ रानाभाट, रामचन्द्र पौडेल (वर्तमान सम्माननीय राष्ट्रपति) आदि थुप्रै युवाहरू यस कार्यक्रममा जोडिएका थिए । शेषनाथ अधिकारीको अध्यक्षतामा रत्ननगर टाँडी बजारमा रहेको सुबेदारको घरमा पुस्तकालय खोलेर बहुदलीय गतिविधिहरू सञ्चालन गरिएको छ भन्ने उजुरी जिल्ला प्रशासनमा पुग्यो । २०३१ सालमा प्रशासनमार्फत प्रहरीले उक्त स्थानमा छापा मारी पुस्तकहरू जफत गऱ्यो । पुस्तकालय बन्द गऱ्यो । अध्यक्ष शेषनाथ अधिकारीलाई गिरफ्तार गऱ्यो । पुस्तकालयमा प्रहरी आउँदैछ भन्ने थाहा पाएपछि केही पुस्तकहरू पहिले नै इन्द्रबहादुरको घरमा लुकाई सकिएको पनि थियो । ती पुस्तकहरू जफत हुनबाट जोगिए । पुस्तकालय सुषुप्त अवस्थामा पुग्यो ।

बाग्लुङमा पनि हरिप्रसाद पौडेलले सञ्चालन गरेको पुस्तकालयलाई निरन्तरता दिन नसकेर बाग्लुङ बस्न नसक्ने अवस्था भई पौडेल चितवन झरेपछि दुवै ठाउँका पुस्तकालयप्रेमीहरूको सल्लाह भयो । बाग्लुङको भानु र चितवनको प्रेरणा मिलाएर भानु प्रेरणा पुस्तकालय नाम राखी पुस्तकालय सञ्चालन गर्ने सल्लाह भयो ।

२०३७ सालमा विजयराज शर्माको अध्यक्षतामा भानु प्रेरणा पुस्तकालय सञ्चालन गर्न ११ सदस्यीय कार्यसमितिको गठन गरियो । पछि विस्तृत क्षेत्र समेट्ने गरी २० जनाको पुस्तकालय समिति बन्यो । एउटा कोठा भाडामा लिएर पुस्तकालय सञ्चालन गरियो । पाँच जनाको विधान मस्यौदा समिति गठन गरियो । एउटा ठूलो भेला बोलाइयो । ४६ जनाको सल्लाहकार समिति गठन गरियो । २०४९ साल श्रावण २० गते भानु प्रेरणा पुस्ताकालय आधिकारिक रूपमा दर्ता गरिएको थियो ।

स्थानीय समाजसेवी भवदत्त लामिछानेले देवौली दुई ख को साढे दुई धुर क्षेत्रफल बराबरको जग्गा दानपत्र गरी पारित गरिदिनुभयो । उक्त जग्गामा २०४१

साल श्रावण ९ गते एकनाथ भाटद्वारा पुस्तकालय भवनको शिलन्यास भएको थियो । भैलो खेलेर ठूलो रकम जम्मा गरी भवन निर्माणको काम सम्पन्न भएको थियो । पुस्तकालयका अध्यक्ष हरिप्रसाद पौडेलले नेपालबाहिर भारतको आसाम र गुजरातसम्म पुगेर सहयोग जुटाउनुभएको थियो । २०४६ भाद्र १ गतेदेखि पुस्तकालय आफ्नै भवनमा सञ्चालन हुन थालेको हो । नेत्र पौडेलको अध्यक्षतामा १७ सदस्य पुस्तकालय सञ्चालक युवा कमिटी गठन गरी सोही कमिटीका सदस्यहरूले पालैपालो नियमित रूपमा पुस्तकालय खोल्ने र पुस्तक, पत्र-पत्रिका पढ्न पाउने व्यवस्था मिलाएका थिए ।

२०४६ सालमा प्रजातन्त्रको पुनः स्थापना भएपछि पुस्तकालयले अझ राम्रो प्रगति गर्ने मौका पायो । पुस्तकालयमा धेरै प्रकारका पत्रिकाहरू आउन थाले । विद्यालय र क्याम्पसका लागि उपयोगी पुस्तकहरू थपिए । धार्मिक पुस्तकहरू जुटाउन धार्मिक पुराणहरू वाचन गराएर आर्थिक सहयोग जुटाउने काम भयो ।

यस पुस्तकालयले "किरण" नामक पत्रिका पनि प्रकाशित गरेको छ । पुस्तकालय भवन सानो र धेरै पुस्तकहरू नअट्ने भएको कारणले बुकलर माध्यमिक विद्यालयको नवनिर्मित माथिल्लो भवन पुस्तकालयलाई दिने निर्णय भए बमोजिम पहिलो तलामा सभाहल सहितको पुस्तकालय सञ्चालन गरियो । हरिप्रसाद पौडेलका जेठा छोरा चेतनाथ पौडेल, नाती नेत्रनाथ पौडेल गरी तीन पुस्ताका व्यक्तिहरूको पुस्तकालय सञ्चालनमा महत्त्वपूर्ण योगदान रहेको छ । गुरूदत्त आचार्यले धार्मिक पुस्तक जुटाउन पुराणहरू लगाई कुनै दक्षिणा नलिई गरेको काम प्रशंसनीय छ ।

यहाँ जिल्ला आयुर्वेदिक औषधालय स्थापना भएपछि त्यसको नयाँ भवन बनाउन विद्यालयले पुस्तकालय सञ्चालन गरेको भवन र जग्गा अस्पताललाई दिएको छ । नजिकैको सरस्वती मन्दिरको माथिल्लो तलामा पुस्तकालय रहेको छ । त्यो ठाउँ पनि पुस्तकालयका लागि साँघुरो भएको हुँदा पुस्तकालयकै जग्गामा पुनः नयाँ भवन बनाउने योजना बनेको छ । उक्त भवन रत्ननगर नगरपालिकाको सहयोगमा निर्माण हुँदैछ ।

**सन्दर्भ-सामग्री**

रत्नप्रभा वर्ष २, अङ्क २, (२०८२, जेठ) रत्ननगर वाङ्मय प्रतिष्ठान, रत्ननगर चितवन ।

ooo

## पुस्तकालय व्यवस्थापन आधारभूत तालिम

२०८३ जेठ १८ देखि २२ सम्म ५ दिने प्रदेश स्तरीय पुस्तकालय व्यवस्थापन आधारभूत तालिम नेपाल राष्ट्रिय पुस्तकालय काठमाडौँको सहजीकरण र किरण पुस्तकालयको समन्वयमा सम्पन्न भयो । उक्त तालिममा लुम्बिनी प्रदेशका गुल्मी, पाल्पा, कपिलवस्तु, प्युठान, बाँके र रूपन्देही गरी ६ जिल्लाका १९ जना सहभागी रहेका थिए । सो तालिमको सहजीकरण भूमि व्यवस्था सहकारी तथा संघीय मामिला मन्त्रालयका उपसचिव अरुणकुमार राई, नेपाल राष्ट्रिय पुस्तकालयका अधिकृत सुजाता पौडेल र पुस्तकालय सहायक संजीवकुमार चौधरीले गर्नुभएको थियो ।

## स्तरोन्नति-कार्यक्रम

आ. ब. २०८२ - ०८३ मा सामाजिक विकास डिभिजन कार्यालय पाल्पाबाट रू ४ लाख पुस्तकालयको स्तरोन्नति कार्यक्रमअन्तर्गत विनियोजित रकमबाट पुस्तक खरिद गर्नुका विभिन्न महत्त्वपूर्ण पुस्तक तथा पत्र-पत्रिकाहरू ब्यान्डिङ, भवनको रङ्गरोगन तथा मर्मत कार्य सम्पन्न गरिएको छ

## प्रदेश सरकारबाट सहयोग

यसैगरी यस वर्ष लुम्बिनी प्रदेश सरकारबाट पुस्तकालयमा ई-लाइब्रेरी निर्माण शीर्षक अन्तर्गत विनियोजित रकम रु. १० लाखबाट पुस्तकालयमा ई-लाइब्रेरी सिस्टम सफ्टवेयर, सर्वर तथा पोडकास्ट सिस्टम जडान गर्ने कार्य सम्पन्न भएको छ ।

## भानुभक्तको २१३ औं जन्मजयन्ती

२०८३ असार २९ गते पुस्तकालयमा आदिकवि भानुभक्त आचार्यको २१३औं जन्मजयन्ती विविध साहित्यिक कार्यक्रम गरी मनाइयो । उक्त कार्यक्रममा तम्घास स्थित माध्यमिक तहका ८ देखि १० कक्षासम्म अध्ययनरत विद्यार्थीहरूबीच कविता प्रतियोगिताको आयोजना गरिएको थियो । प्रतियोगितामा ७ वटा विद्यालयबाट सहभागिता रहेकोमा प्रथम स्थान हासिल गर्ने महेन्द्र माध्यमिक विद्यालयकी कक्षा-९ की छात्रा रोजी चुँदारा प्रथम, ब्रिलेन्ट युनाइटेड एकेडेमीकी कक्षा-१० की छात्रा एकता थापा द्वितीय र सिद्धबाबा माध्यमिक विद्यालयकी कक्षा-१० की

छात्रा वर्षा पाण्डे तृतीय स्थान हासिल गर्न सफल भएका थिए ।

कार्यक्रमको अध्यक्षता वरिष्ठ साहित्यकार पुस्तकालय व्यवस्थापन समितिका उपाध्यक्ष श्री दीन पन्थीले गर्नुभएको थियो भने प्रमुख अतिथिमा पूर्व क्याम्पसप्रमुख श्री चन्द्रकान्त पन्थी रहनुभएको थियो ।

## कृति प्रकाशन

यस वर्ष किरण पुस्तकालयले भानु जयन्तीको अवसर पारेर डा. हरिराज भट्टराई द्वारा लिखित **'सन्त प्रेमी'** नामक औपन्यासिक कृति प्रकाशनमा ल्याएको छ । उक्त कृतिसहित पुस्तकालयबाट प्रकाशित पुस्तकहरूको संख्या २१ पुगेको छ । डा. भट्टराईले उक्त उपन्यास यस पुस्तकालयबाट प्रकाशनमा ल्याउन पुऱ्याउनु भएको सहयोगका लागि उहाँप्रति आभार व्यक्त गर्दछौं ।

## मन्त्रीलाई स्वागत

किरण पुस्तकालयका संरक्षक सदस्य श्री डिल्लीराज भुसाल लुम्बिनी प्रदेश सरकारको ऊर्जा, जलस्रोत तथा सिञ्चाइ मन्त्री नियुक्त हुनुभएकोमा २०८३ साल असार ६ गतेका दिन पुस्तकालयको सभाहलमा एक विशेष समारोहको आयोजना गरी उहाँलाई स्वागत तथा सम्मान गरिएको थियो । श्री भुसाल रेसुङ्गा नगरपालिका भित्रबाट प्रदेशमा मन्त्री हुने पहिलो व्यक्ति हुनुहुन्छ ।

## पुरुषार्थ प्रकाशनमा विशेष सहयोग

किरण पुस्तकालयबाट नियमित रूपमा प्रकाशित भइरहेको **हाम्रो पुरुषार्थ**को सम्पूर्णाङ्क ११०, **रेसुङ्गाक्षेत्र विशेषाङ्क** प्रकाशनमा ल्याउँदा मुद्रणसम्बन्धी सम्पूर्ण कार्य गर्नुपर्ने हुन्छ । यो विशेषाङ्क प्रकाशनमा ल्याई हामीलाई उपलब्ध गराउन गुल्मी जिल्ला धुर्कोट गाउँपालिका वडा नं. २, पिपलधारा, सुफल निवासी, हाल काठमाडौंमा सफल इन्टरनेशनल मल्टीसर्भिसेज प्रा. लि.का प्रबन्ध सञ्चालक, साहित्यप्रेमी, सामाजिक एवं राजनीतिक व्यक्तित्व श्री गणेश खनालले छपाइसम्बन्धी सम्पूर्ण व्ययभार वहन गर्नुभएको छ । यस कार्यले हाम्रो प्रकाशनमा एउटा सिँढी थपिएको छ । पुस्तकालयलाई उहाँले निर्वाह गर्नुभएको भूमिका र सहयोगका लागि हामी उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**सचिव**
**किरण पुस्ताकालय, तम्घास, गुल्मी ।**

ooo

# नौलो सृष्टि : सानो दृष्टि

## १. श्रीराम विम्ब




लक्ष्मीराज शर्मा पौडेल (कुशुमाञ्जली) द्वारा रचित श्रीराम-विम्ब महाकाव्य अकिञ्चनका हातमा परेको छ । सीता, राम, लक्ष्मण र हनुमान्को सुन्दर चित्रसहित आवरणमा सजिएको प्रस्तुत महाकाव्यमा उपसंहारसहित विभिन्न शीर्षकका ६७ वटा सर्गभित्र ९९३ श्लोक छन् । लामा सर्गमा ५५ श्लोक र छोटामा ८ श्लोकसम्म राखेर रचना गरिएको प्रस्तुत महाकाव्य रामभक्तिधाराको उत्कृष्ट महाकाव्य मान्न सकिन्छ ।

उपोद्घात् , संकेतमूर्ति, प्रसङ्ग र भविष्यवाणी सम्मका चार सर्गमा महाकाव्यका कथानकको पृष्ठभूमि सङ्केत गरिएको छ भने पाँचौं सर्गमा 'वंशचिनारी' शीर्षक दिएर वास्तविक कथावस्तु उठान गरिएको छ । रामजन्म, संस्कार, शिक्षादीक्षा, रामका विविध कर्मलगायत रामायणका यावत् प्रसङ्गहरू प्रस्तुत महाकाव्यमा चर्चा गरिएको छ । ६७ औं उपसंहार खण्डमा महाकविले पुनः रामराज्य र रामका वानरसेनाको कल्पना गर्दै राष्ट्रिय हितमा लेख्दछन् :-

कहाँ छन् वानर भालू सहकर्मी श्रीरामका

ऐले पनि ती हुन्थे ता नास्थे यी द्वन्द्व राष्ट्रका


समन्वय लेखनी यो यै पोख्न खोज्छु धारणा

परन्तु नव दुर्दान्ती विध्नको गर्छ वर्षण (उपसंहार : १७)

रामायणका सबै प्रसङ्गलाई महाकविले प्रस्तुत गरेका छन् । पूर्वीय महाकाव्यका सिद्धान्तको परिधिभित्र रहेर रचना गरिएको प्रस्तुत महाकाव्य नेपाली साहित्यका कविता विधाका प्राथमिक कालको दोस्रो चरणमा देखापरेको भक्तिधाराअन्तर्गत रामभक्तिधाराको उल्लेखनीय महाकाव्य हो । रामायणलाई उपजीव्य ग्रन्थ बनाएर कविले आफ्ना प्रतिभाको परिचय प्रस्तुत गरेका छन् । प्रकाशोन्मुख आधा दर्जन


कृतिहरूको प्रकाशनका लागि शीघ्रातिशीघ्र चाँजोपाँजो मिलोस् शुभकामना ।

## २. नेपाल नदीतीर्थदर्पण




गुल्मीको रूरूक्षेत्र गाउँपालिका वाहादीमा जन्मेका हरिप्रसाद ज्ञवालीले प्रायः धर्म र संस्कृतिसम्बन्धी कृतिहरू रचना गर्दछन् । उनका यस्तै कृतिहरूमध्ये नेपाल नदीतीर्थदर्पण एक हो । लघु आकारमा रहेको यस कृतिका आरम्भ खण्डमा नेपालका प्रमुख तीर्थस्थल र दोस्रो खण्डमा पाणिनि, महर्षि वाल्मीकि, वेदव्यास र महर्षि विश्वासमित्रको पौराणिक सन्दर्भसहित संक्षिप्त जानकारी दिइएको छ ।

प्रस्तुत कृतिमा कालीगण्डकी, सप्तगण्डकी कोशी, वाग्मती, नारायणी, महाकाली, कर्णाली, दामोदरकुण्ड, गोसाइँकुण्ड, सेती नदी, उत्तरगङ्गा, छल्दी पनाहाका साथै आफ्नो स्थानीय स्तरका उर्लीखोला आदि खोलाहरूको पनि प्रसङ्ग उठाइएको छ । यसभित्र नेपालका प्रसिद्ध ताल र तीर्थस्थलको पनि चर्चा छ । स्रष्ट्राले संस्कृत श्लोक र तिनको भाव नेपालीमा पनि दिएर संस्कृत भाषा नजान्नेका लागि पनि सहज पठनीय बनाएका छन् । ग्रन्थ सानो छ तर यसले नेपालका तीर्थस्थलहरूको सूत्रात्मक बिम्ब प्रस्तुत गरेको छन् । स्रष्टाको प्रयासलाई साधुवाद । सुस्वास्थ्य र दीर्घायुको कामना ।





## ३. वसेरा

हरिराज शर्मा अर्याल (हराश) खण्डकाव्य र लामा कविताका स्रष्टा हुन् । उनले अवधि कविता-संग्रह पनि प्रकाशित गरेका छन् । प्रस्तुत कविता-संग्रहभित्र १७५ वटा नेपाली, हिन्दी र अवधि भाषाका कविताको संग्रह वसेरा प्रकाशित गरेका छन् । को ?

शीर्षकबाट आरम्भ गरिएको यस संग्रहमा व्यसन हुँदै अस्तु शीर्षकबाट समापन गरिएको छ । कुछ भी नही वचा, पार लगाओ नैयाँ , नारियलका पेड, नाक हि पायन, हमारी गारी आपकय घर, सबको कहे नवाबजस्ता हिन्दी र अवधि भाषाका कविताहरू छन् । नेपालको बहुभाषिक, बहुसांस्कृतिक पृष्ठभूमिलाई आधार बनाएर समाजका विविध पक्षलाई प्रस्तुत गद्य कवितामार्फत चित्रण गर्ने प्रयास भएको छ । भिन्न भाषा र भावलाई सन्तुलन मिलाएर लेखिएको प्रस्तुत संग्रहको सम्पादन गर्दा भाषाअनुसार अलग खण्ड सिर्जना गर्न सकेको भए सुनमा सुगन्ध हुने थियो । भिन्न भाव र भिन्न भाषाका स्रष्टालाई साधुवाद ।

## ४. शब्दका छर्रा





केही समय प्रशासन र लामो समय अध्यापनक्षेत्रमा बिताएका नारद गौतम 'रमा' बालशोककाव्यका माध्यमबाट वि.सं. २०५१ मा सार्वजनिक भए पनि वि.सं. २०२८ देखि नै विभिन्न अवसरमा श्रुतिमधुर छन्दोबद्ध कविता रचना गर्ने स्रष्टा हुन् । शब्दका छर्रा कविता संग्रहभित्र सामाजिक खण्ड, धार्मिक खण्ड र उत्तरापेक्षी खण्ड गरी तीन खण्डमा प्रस्तुत संग्रह तयार गरिएको छ ।

सामाजिक खण्डका कवितामा सदाचार नैतिकता, प्राकृतिक र सांस्कृतिक सम्पदा, ज्ञान, विवेक, बुद्धि संस्कारजस्ता विषय सन्दर्भ प्रस्तुत गरिएको छ । धार्मिक खण्डमा हाम्रो हिन्दुधर्मभित्र लुकेको वैज्ञानिक रहस्यलाई कलात्मक ढुङ्गाबाट विभिन्न शीर्षकमा उजागर गरिएको छ । अन्तिम उत्तरापेक्षी खण्डमा उत्तर मिलाऊ र उत्तर मिलाऊ दुईवटा कविता प्रस्तुत छन् । जम्मा ११ वटा कविता लयबद्ध ढाँचामा तयार गरी प्रस्तुत शब्दका छर्रा तयार भएका छन् । पाण्डुलिपि अवस्थामा रहेका कविता, गीत, कथा र एकाङ्की-संग्रहले छिट्टै प्रकाशित हुने अवसर पाऊन् । सिद्धहस्त प्रतिभाको श्रमलाई हार्दिक सम्मान ।

## ५. भुमरीको बतास

कपिल अज्ञात साहित्यका विविध विधामा कलम चलाएका व्यक्तित्व हुन् । उनका यस्तै रचनाहरूमध्ये भुमरीको बतास पनि एउटा हो । भावनाको भुमरी पर्दा

बतासमेत लागेर प्रस्तुत कृति जन्मेको देखिन्छ । यसभित्र कविता, मुक्तक र कोरोना कोषकाव्य पनि समावेश छ ।





यसभित्र ६१ वटा कविताहरू एउटा कोरोना कोषकाव्य पनि छ । अधिकांश कविता अनुष्टुप् छन्दमा छन् । कविले नेपाली राजनीति, मात्स्यन्याय र कमजोर गणतन्त्र, फुटको परिणाम सत्ता विशारदजस्ता समसामयिक राजनीति परिवेशमाथि दृष्टि पुऱ्याएर रचना गरेका छन् ।

भुमरीको बतासमा हाम्रो समाजका विविध क्षेत्रमा देखिएका विकृति, विसंगति र विरोधाभासपूर्ण मानवीय चरित्रको चित्रण गरिएको छ । प्रस्तुत संग्रहका केही कविता कोरोना कालखण्डभित्रका छन् । सिद्धहस्त कविको भुमरीको बतास छुट्टै सुवाससहित बगेको छ ।

## ६. सर्वोदय

सर्वोदय पुस्तकालय तथा वाचनालय घोराही, दाङको वार्षिक मुखपत्र २०८२ वैशाख वर्ष ४, अङ्क ४, दृष्टिमा परेको छ । भिन्न ३२ शीर्षकमा स्रष्टाहरूका रचनाहरू छन् भने बाँकी तीनवटा लेखमा २०८१ का पुस्तकालयको गतिविधि, पुस्तकदाता व्यक्ति र संस्थाहरू एवं आजीवन सदस्यहरूको नामावली प्रस्तुत छ ।





यस मुखपत्रमा धेरैजसो लेखहरू पुस्तकालयसँग सम्बद्ध छन् । यस्ता लेखहरूमा सर्वोदय क्लब, सर्वोदय पुस्तकालय तथा वाचनालय, देउखुरी सामुदायिक पुस्तकालय, ज्ञानको खुला भण्डारशाला सर्वोदय पुस्तकालय, पुस्तकालय आदि रहेका छन् । त्यस्तै तीनवटा लेखमा महेन्द्र बहुमुखी क्याम्पस, जनता संस्कृत माध्यमिक विद्यालय, पद्मोदय पब्लिक नमुना मा. वि. जस्ता दाङ

क्षेत्रका अग्रणी संस्थाको चर्चा छ । अन्य रचनाहरू विविध विषय सन्दर्भका ज्ञानप्रद छन् । सर्वोदयका सन्दर्भमा जानकारी लिन प्रस्तुत मुखपत्र उपयोगी छ । मुखपत्रभित्र विविध विषय सन्दर्भ समेटेर पठनीय बनाइएको छ । सर्वोदय पुस्तकालय, दाङको उत्तरोत्तर प्रगतिको कामना ।

## ७. खप्तडी बस्नेत वंशावली

पूर्व राष्ट्रसेवक डबलबहादुर बस्नेतले खप्तड लेकबाट फैलिएका बस्नेतहरूको वंशावली र कुलपूजाविधिसमेत समेटेर प्रस्तुत पुस्तक तयार गरेका छन् ।




यसभित्र खप्तडी बस्नेतको ऐतिहासिक पृष्ठभूमि, अर्थ, बस्नेत नामकरण, खप्तड परिचय, कुलपूजा आरम्भ, मस्टको अर्थ, बराहको अर्थ, पुर्खाले खप्तड छाड्नुको अर्थ, खप्तडी बस्नेतका विशेषता, कुलायन व्यवस्थापनजस्ता शीर्षकहरू राखेर परिचय दिइएको छ । वंशका मूर्धन्य ऐतिहासिक व्यक्तित्व, पारिवारिक विवरण र बस्नेतहरूका गतिविधिहरू यसमा समावेश छन् । प्रस्तुत कृति विशेष गरी खप्तडी बस्नेतहरूको वंशविस्तार, कुलपूजा र त्यसका गतिविधिसँग सम्बद्ध छ । एउटा वंश र तिनीहरूको कुलपूजाका लागि प्रस्तुत ग्रन्थ उपयोगी छ, खप्तडी बस्नेतहरूका लागि यो संग्रहणीय कृति पनि हो ।


## ८. अमरामृत

पुष्कर अथक रेग्मी अथक स्रष्टा हुन् । उनले उपन्यास, कविता-संग्रह, बालसाहित्य, गजलसंग्रहका साथै कथा-संग्रह, जीवनी-संग्रह, ऐतिहासिक प्रबन्ध-संग्रह, ऐतिहासिक आख्यानका साथै कविताका लघुतम उपविधा शीत र त्रिशूलका पनि परिकल्पनाकार मानिन्छन् । उनको २७ औं कृति 'अमरामृत' अकिञ्चनका हातमा परेको छ ।

रानी महल पश्चिम पहाडी भागअन्तर्गत लुम्बिनी प्रदेशको पाल्पा जिल्लामा स्थित काली गण्डकी र बराङ्दी नदीको दोभानमा अवस्थित छ । यसका निर्माता खडग शमशेर हुन् । उनले आफ्नी प्रिय रानी तेजकुमारीको स्मृतिमा यो महल खडा गरेका थिए । यो स्थान उत्तरबाहिनी नदी क्षेत्रमा पर्ने हुनाले धार्मिक हिसाबले पनि

महत्त्वपूर्ण छ ।

यही ऐतिहासिक पर्यटकीय क्षेत्रलाई आधार बनाएर उपन्यासकार अथकले प्रस्तुत उपन्यास रचना गरेका छन् । यसभित्र भिन्न शीर्षकका २७ वटा खण्ड छन् । हरेक खण्डको प्रारम्भ ७ अक्षरका अनुप्रासयुक्त तीन पङ्तिका (त्रिशूल) पद्यबाट गरिएको छ भने अन्त्य पनि ८ अक्षरका अनुप्रासयुक्त शीत पद्यबाट गरिएको छ । ऐतिहासिक कथानकको आदि र अन्त्यमा पद्य प्रस्तुत गरेर प्रस्तुत उपन्यासमा नयाँ ढाँचा प्रयोग गरिएको छ । यसभित्रका खण्डमा दिइएका शीर्षकहरू ऐतिहासिक सन्दर्भलाई उजागर गर्ने प्रकृतिका छन् । दुर्दिन पहिलो शीर्षकबाट आरम्भ गरिएको यस उपन्यासमा २७ औं शीर्षक अमरामृत दिइएको छ, जुन कृतिको शीर्षक पनि हो । ताजमहलको सन्दर्भ झल्काउने प्रस्तुत उपन्यासको रचनामा स्रष्टको कल्पना र यथार्थको सुन्दर मिश्रण छ । उपन्यास पढ्न बसेपछि मनले नसकी छोड्न, मान्दैन ।





आख्यानमा हुनुपर्ने कौतूहल तत्त्व यसभित्र प्रशस्त छन् । १९ औं शीर्षकको प्रेमालाप संयोग श्रृङ्गारमा आधारित छ भने २१ औं शीर्षकमा स्रष्टाले गण्डकी माहात्म्यसमेत प्रस्तुत गरेर गण्डकी महिमागानमा सुगन्ध भरेका छन् । उपन्यास पठनीय छ । स्रष्टा अथकका कलमले विश्राम नलेओस् निरन्तर प्रगतिको शुभकामना ।

## ९. जीवनका अनुभव र यात्रा संस्मरण

जीवनका ३४ वर्ष राष्ट्रसेवक भएर बिताएका तेजनिधि पौडेल विभिन्न संघसंस्थामा आबद्ध रही समाजसेवा गर्ने व्यक्ति हुन् । उनले आफ्ना 'जीवनका अनुभव र यात्रा संस्मरण' कृति (२०८२) तयार गरेका छन् । प्रस्तुत कृति वैयक्तिक जीवन, यात्रास्मरण र साक्षात्कारको त्रिवेणी बनेको छ ।

पहिलो खण्डका चारवटा लेखमा व्यक्तिगत, पारिवारिक र पौडेल वंशावलीका विवरणहरूका साथै आफ्नो बाल्यकालदेखि हालसम्मको जीवन-यात्रा समेटिएको छ ।

दोस्रो खण्डमा 'तीर्थयात्रा र तीर्थस्थल' मूल शीर्षकअन्तर्गतका १२ वटा लेखमा नेपाल तथा भारतका पवित्र तीर्थस्थल र तिनीहरूको ऐतिहासिक, धार्मिक महत्त्वका साथै श्रद्धाभाव प्रकट गरिएको छ । मूल शीर्षकअनुसारको आशयभन्दा बाहिरका सिङ्गो महादेश भएको अष्ट्रेलिया र नेपालको आँखाबाट क्यानाडाले मूल शीर्षक र पवित्र तीर्थस्थलको वर्णनमा दोस्रो गासमा ढुङ्गा मिसाएका छन् । यसलाई छुट्टै शीर्षकमा राख्न सकेको भए उपयुक्त हुने थियो । यीबाहेक अन्यमा तीर्थस्थल र तीर्थयात्राका वृत्तान्त प्रस्तुत गरिएको छ । यस खण्डले मूलत : नेपाल र भारतका प्रमुख तीर्थस्थलका बारेमा जानकारी दिएको छ ।





तेस्रो खण्डमा व्यक्ति, व्यक्तित्व र अनुभव शीर्षक दिइएको छ । व्यक्ति–व्यक्तित्वअन्तर्गत विभिन्न सात जना विद्वान् तथा अनुभवी व्यक्तिहरूको चर्चा गरिएको छ । तीमध्ये स्वर्गद्वारी महाप्रभु एवं हाम्रो पुरुषार्थ र विद्वान शशि पन्थीको पनि चर्चा छ । सामग्री सङ्कलनमा त्रुटि छ । शशि पन्थी महेन्द्र (विद्याबोध) मा.वि.का शिक्षक भन्ने उल्लेख छ । त्यसपछिका लेखहरू स्रष्टाका अनुभव र अनुभूतिमा आधारित छन् । ऐतिहासिक र पौराणिक तथ्यका कुराहरू उल्लेख छन् तर स्रोत खुलाइएको छैन । लेखकका अनुभवजन्य विचारहरू ऐतिहासिक र पौराणिक भए पनि मौलिक बनाउने प्रयास छ जुन गुरुग्रन्थहरूप्रतिको अतिक्रमण जस्तै मानिन्छ । यस खण्डका २१ वटा लेखमा लेखकले आफ्ना अनुभव र विचारहरू पस्कने प्रयास गरेका छन् । यो उल्लेखनीय पक्ष हो । अन्त्यतिरका रङ्गीन पानाहरूमा पारिवारिक विविध तस्वीरहरू छन् । तीभन्दा अगाडि नेपाली टाइम्स सिड्नीमा प्रकाशित यात्रा अनुभव छ । लेखकको प्रयास स्तुत्य छ । प्रगतिको कामना ।

## १०. महाभूकम्प

दशवर्षे जनयुद्धको ठिक अघि र महाभूकम्पपछि अर्थात् वि.सं. २०५१ देखि २०७५ सम्म साडे दुई दशकको अवधिमा रचिएका र विभिन्न पत्रपत्रिकामा प्रकाशित कथाहरूलाई बटुलेर विजय सागरले महाभूकम्प कथा–संग्रह प्रकाशित गरेका छन् । यो उनको आठौं कृति हो । भिन्न शीर्षक र आशय सहितका १५ वटा कथाहरू

महामुकम्पभित्र छन् ।




संग्रहको शीर्षकलाई पहिलो कथाले प्रतिनिधित्व गरेको छ । महाभूकम्पभित्रका कथाहरूले हाम्रै समाजका भिन्न भिन्न परिवारभित्रका कथा व्यथाहरू प्रस्तुत गरेका छन् । माओवादी जनयुद्धताकाका प्रसङ्ग, वृद्ध मानिस हराएको सूचना, एउटी नारीले दिएको पीडा, एक्लो हुनुको पीडाजस्ता कथाहरू पढ्दा हाम्रै समाजका वरपर घटेका घटनाजस्तै लाग्छन् । पारिवारिक, समस्या, आर्थिक द्वन्द्व, मानवीय अन्तर्द्वन्द्व, दमित यौनजन्य मनोविज्ञानजस्ता विषयवस्तु कथाभित्र छन् । कथाहरू सहरी परिवेशमा आधारित छन् । कतिपय स्थानमा घटनावस्तुलाई भावुकता र लेखकका निजी विचारले जित्न खोजेका छन् जसले गर्दा घटनाभन्दा विवरणको अधिकता र विचारले स्थान पाएका अनुभव हुन्छ । यी सबै मसिना दाग लेखकका विचारले उब्जाएका हुन् ।

विजय सागर सिद्धहस्त कथाकार हुन् ।

वर्तमान समाजले भोगेका पीडाहरूलाई कथाको रूप दिएर उनले महाभूकम्प शीर्षक दिंदै पाठकका भावनामा पनि भूकम्प ल्याइदिएका छन् । कथाहरू पठनीय छन् ।

**-अकिञ्चन**

ooo

**पुस्तकालयहरू ज्ञानका भण्डार हुन् । यिनीहरूको संरक्षण गर्नु सबैको कर्तव्य हो ।**

# गुल्मीमा पुस्तकालय व्यवस्थापन तालिम सुरू

**२०८३ जेठ १८ सोमबार ०१:२९३२७**




**मनु सुनार, गुल्मी** : 'हाम्रो पुस्तकालय : हाम्रो भविष्य' भन्ने मूल नाराका साथ गुल्मीको सदरमुकाम तम्घासमा पुस्तकालय तथा सूचना व्यवस्थापनसम्बन्धी आधारभूत तालिम सुरु भएको छ । पुस्तकालयलाई समयानुकूल, प्रविधिमैत्री र प्रभावकारी बनाउने उद्देश्यका साथ नेपाल सरकार शिक्षा, विज्ञान तथा खेलकुद मन्त्रालयअन्तर्गतको राष्ट्रिय पुस्तकालय सानोठिमी भक्तपुर र किरण पुस्तकालय तम्घास गुल्मीको संयुक्त आयोजनामा तालिम सञ्चालन गरिएको हो ।

तालिमको उद्घाटन लुम्बिनी प्रदेशसभासदस्य डिल्लीराज भुसालले गर्नुभएको थियो । उद्घाटन कार्यक्रममा बोल्दै सांसद भुसालले पुस्तकालयप्रतिको आफ्नो लगाव सुरुदेखि नै रहेको बताउनुभयो । उहाँले रेसुङ्गा नगरपालिकाको तत्कालीन नगरप्रमुख रहँदादेखि नै पुस्तकालयको विकास र प्रवर्धनमा सहयोग गर्दै आएको स्मरण गर्दै ज्ञान र चेतनाको विकासका लागि पुस्तकालयको भूमिका महत्त्वपूर्ण रहने बताउनुभयो । उहाँले देशभर रहेका पुस्तकालयहरूमध्ये किरण पुस्तकालयले विशिष्ट पहिचान बनाउन सफल भएको उल्लेख गर्दै यसलाई गुल्मी जिल्लाको

गौरवको केन्द्रका रूपमा चर्चा गर्नुभयो ।

"पुस्तकालय सानो दुःखले निर्माण भएको होइन, ठूलो संघर्ष र निरन्तरको मेहनतबाट निर्माण भएको हो । इच्छाशक्ति र समर्पण भए असम्भव जस्तो लाग्ने काम पनि सफलतापूर्वक सम्पन्न गर्न सकिन्छ भन्ने उदाहरण किरण पुस्तकालय हो," उहाँले भन्नुभयो । कार्यक्रममा राष्ट्रिय पुस्तकालयका अधिकृत सुजाता पौडेल र इन्द्रबहादुर कोइरलाले पुस्तकालय व्यवस्थापन, सूचना सेवाको विस्तार तथा पुस्तकालयप्रति नागरिकको आकर्षण बढाउने विषयमा धारणा राख्नुभएको थियो ।

उहाँहरूले पुस्तकालयलाई केवल पुस्तक राख्ने स्थलका रूपमा नभई ज्ञान, सूचना, अनुसन्धान र अध्ययन संस्कृतिको केन्द्रका रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । कार्यक्रममा नेपाल नेत्रज्योति संघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष श्यामकुमार पोखरेलले लुम्बिनी प्रदेशका पुस्तकालयहरूलाई सबल, सक्षम र व्यवस्थित बनाउन तालिमले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । पुस्तकालय व्यवस्थापनमा दक्ष जनशक्ति तयार पार्न यस्ता तालिम आवश्यक रहेको उहाँको भनाइ थियो ।

किरण पुस्तकालयका अध्यक्ष शशि पन्थीले पुस्तकालयको संरक्षण, व्यवस्थापन र आधुनिकीकरण आजको आवश्यकता भएको बताउनुभयो । उहाँले पुस्तकहरूलाई व्यवस्थित रूपमा संरक्षण गर्दै पाठकमैत्री वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । राज्यबाट पर्याप्त सहयोग प्राप्त हुन नसकेको उल्लेख गर्दै उहाँले पुस्तकालय सबै वर्ग र समुदायका लागि खुला ज्ञानको केन्द्र भएको बताउनुभयो ।

अध्यक्ष पन्थीले आधुनिक प्रविधिको विकाससँगै पुस्तकालयलाई पनि डिजिटल प्रणालीमा रूपान्तरण गर्नुपर्ने आवश्यकता औँल्याउँदै ई-लाइब्रेरीको अवधारणातर्फ अघि बढ्नुपर्ने धारणा राख्नुभयो । "अहिलेको पुस्तालाई प्रविधिसँग जोडेर ज्ञानको पहुँच विस्तार गर्नुपर्छ । पुस्तकालयलाई समयानुकूल रूपान्तरण नगरे ज्ञान केन्द्रहरूको प्रभावकारिता घट्न सक्छ," उहाँले भन्नुभयो ।

उहाँले पुस्तकालयलाई ज्ञानको भण्डार र समग्र बौद्धिक सम्पदाको संरक्षण गर्ने स्थलका रूपमा चित्रण गर्दै विकसित मुलुकहरूले ज्ञानमा ठूलो लगानी गर्ने गरेको उदाहरण प्रस्तुत गर्नुभयो । "ज्ञान नै विकासको आधार हो । ज्ञानका भण्डारको संरक्षण गर्नु सबैको दायित्व हो । सिकेको ज्ञानलाई व्यवहारमा लागू गर्न सके मात्र समाज रूपान्तरण सम्भव हुन्छ," उहाँले बताउनुभयो ।



तालिममा पुस्तकालय व्यवस्थापन, अभिलेख तथा सूचना व्यवस्थापन, पुस्तक वर्गीकरण, पाठक सेवा, पुस्तकालय सञ्चालनका आधुनिक विधि तथा डिजिटल पुस्तकालयसम्बन्धी विषयमा प्रशिक्षण प्रदान गरिने जनाइएको छ । प्रशिक्षणका लागि भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उप-सचिव अरुणकुमार राई, राष्ट्रिय पुस्तकालयकी अधिकृत सुजाता पौडेल तथा सहायक सञ्जीव चौधरी प्रशिक्षकका रूपमा सहभागी रहनुभएको छ ।

तालिममा लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा रहेका सार्वजनिक, सामुदायिक तथा शैक्षिक संस्थाका पुस्तकालयसँग सम्बन्धित पदाधिकारी, कर्मचारी तथा प्रतिनिधिहरूको सहभागिता रहेको छ । सहभागीहरूले तालिमबाट पुस्तकालय व्यवस्थापन सम्बन्धी व्यावहारिक ज्ञान हासिल गरी आ-आफ्ना संस्थामा प्रभावकारी रूपमा लागू गर्न सक्ने अपेक्षा गरिएको आयोजकले जनाएको छ ।

पुस्तकालय व्यवस्थापन समितिका अध्यक्ष शशि पन्थीको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तित्व, पुस्तकालयकर्मी तथा सरोकारवालाहरूको उपस्थिति रहेको थियो । पुस्तकालयका उपाध्यक्ष दीन पन्थीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको कार्यक्रमको सञ्चालन सचिव चनकबहादुर कुँवरले गर्नुभएको थियो ।

ज्ञान, सूचना र अध्ययन संस्कृतिको प्रवर्धन गर्ने उद्देश्यले सञ्चालन गरिएको यो तालिमले लुम्बिनी प्रदेशका पुस्तकालयहरूको क्षमता अभिवृद्धि गर्दै पुस्तकालय सेवालाई थप प्रभावकारी, प्रविधिमैत्री र पाठकमुखी बनाउन महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास गरिएको छ ।

# पुस्तकालय तथा सूचना व्यवस्थापनसम्बन्धी आधारभूत पाँच दिने तालिमको समापन

Radio Resunga२०८३ जेठ २३ शनिबार ०१:२२३७५



गुल्मी : 'हाम्रो पुस्तकालय : हाम्रो भविष्य' भन्ने मूल नाराका साथ सञ्चालन गरिएको पुस्तकालय तथा सूचना व्यवस्थापनसम्बन्धी आधारभूत पाँच दिने तालिमको समापन गरिएको छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा खेलकुद मन्त्रालयअन्तर्गतको राष्ट्रिय पुस्तकालय तथा किरण पुस्तकालय तम्घास गुल्मीको संयुक्त आयोजनामा जेठ १८ गतेदेखि २२ गतेसम्म सञ्चालन गरिएको तालिमको शुक्रबार समापन गरिएको हो ।

पुस्तकालयलाई समयानुकूल, प्रविधिमैत्री र प्रभावकारी बनाउने उद्देश्यले आयोजना गरिएको तालिममा लुम्बिनी प्रदेशका विभिन्न जिल्लाका सार्वजनिक, सामुदायिक तथा शैक्षिक संस्थासँग आबद्ध पुस्तकालयकर्मी, कर्मचारी तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो । समापन कार्यक्रममा बोल्दै किरण पुस्तकालयका अध्यक्ष शशि पन्थीले

पुस्तकालयको संरक्षण, व्यवस्थापन र आधुनिकीकरण वर्तमान समयको आवश्यकता रहेको बताउनुभयो ।

उहाँले सूचना प्रविधिको तीव्र विकाससँगै पुस्तकालयलाई डिजिटल प्रणालीमा रूपान्तरण गर्दै ई-लाइब्रेरीको अवधारणातर्फ अघि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले पुस्तकालयलाई ज्ञानको भण्डार तथा बौद्धिक सम्पदाको संरक्षण गर्ने केन्द्रका रूपमा व्याख्या गर्दै विकसित राष्ट्रहरूले ज्ञानमा ठूलो लगानी गर्ने गरेको उल्लेख गर्नुभयो । ज्ञान नै विकासको आधार भएकाले ज्ञानका स्रोतहरूको संरक्षण र प्रवर्धनमा सबैको साझा जिम्मेवारी रहेको उहाँको भनाइ थियो ।

पुस्तकालयका उपाध्यक्ष दीन पन्थीका अनुसार तालिमले पुस्तकालय व्यवस्थापनमा दक्ष जनशक्ति उत्पादन गर्न सहयोग पु¥याउने विश्वास व्यक्त गरिएको छ । तालिमबाट प्राप्त ज्ञान र सीपले लुम्बिनी प्रदेशका पुस्तकालयहरूको सेवा थप प्रभावकारी, पाठकमैत्री र प्रविधिमैत्री बनाउन योगदान पुग्ने बताउनुभयो ।

किरण पुस्तकालयका अध्यक्ष शशि पन्थीको अध्यक्षतामा सम्पन्न समापन कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाइ गुल्मीका प्रमुख थानेश्वर घिमिरे प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो । राष्ट्रिय पुस्तकालय सानोठिमी, भक्तपुरका पुस्तकालय अधिकृत सुजाता पौडेल, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहजकर्ता उप-सचिव अरुण कुमार राई प्रशिक्षक रहनुभएको थियो ।

त्यस अवसरमा सहभागीहरूको तर्फबाट तालिमको अनुभव आदान-प्रदान गर्दै कपिल प्रज्ञा पुस्तकालय कपिलवस्तुका इन्द्रबहादुर कोइराला, नवजागृति पुस्तकालय, वुटवलका सरिता घिमिरे, सहजकर्ता सुजाता पौड्याल, उप-सचिव अरुणकुमार राईले मन्तव्य व्यक्त गर्नुभयो । समापनका अवसरमा सहभागीहरूलाई प्रमाणपत्र वितरणसमेत गरिएको थियो ।

आयोजकका अनुसार तालिमले पुस्तकालय व्यवस्थापन, सूचना सेवा, अभिलेख संरक्षण तथा आधुनिक प्रविधिको प्रयोगसम्बन्धी व्यावहारिक ज्ञान प्रदान गरेको छ । तालिमबाट प्राप्त सीपलाई आ-आफ्ना संस्थामा कार्यान्वयन गर्दै पुस्तकालय सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाउन सकिने अपेक्षा गरिएको छ । कार्यक्रमको सञ्चालन किरण पुस्तकालयका सचिव चनकबहादुर कुँवरले गर्नुभएको थियो ।

ooo

**५० वर्ष पहिलेको समचार**

## चिठी चपेटा

(पत्रको जबाफदेही लेखुवा नै हुन्छ ।)

# रेसुङ्गाको संरक्षण आवश्यक

**सम्पादक ज्यू,**

ऐतिहासिक महत्त्वले पूर्ण, प्राचीन सन्त, महात्मा ऋषिहरूको तपस्यास्थल, गुल्मी जिल्लाको अमूल्य रत्नको खानी, घना जङ्गलले युक्त, अनेकौं प्राणीहरूले सुशोभित, दर्शनीय एवं रमणीय भएको गुल्मी जिल्लाको सदरमुकाम तम्घासको काखबाट उठेको अवर्णनीय महत्त्वले भरिएको यस रेसुङ्गाको संरक्षणार्थ आजसम्म कुनै योग्य पाइला कतैबाट चालिएको देखापरेको छैन । समय समयमा केही कतै दाउरा, दारमा प्रतिबन्ध नलगाइएको पनि होइन किन्तु स्थायी रूपमा तथा नियमित रूपमा कुनै समयमा पनि रोक्ने प्रयास गरिएन ।

आज भोलि यस्तो महत्त्वपूर्ण जङ्गल मासिदै गएको छ । कसैको ध्यान यतापट्टि तानिएको छैन । दुई वर्षपूर्व यसको महिमाबाट प्रभावित भएर स्वयं श्री ५ महाराजधिराज महेन्द्रवीर विक्रमबाट तम्घास सवुजमा आएको समयमा हेलिकप्टरद्वारा नजर गरिबक्सेको थियो । श्री ५ रणबहादुर शाहको पनि यहाँ उस समय सवारी भएको थियो । सन्त शशिधरले आफ्नो मत र शिक्षा यहीँबाट प्रचार गरेका थिए । स्वामी यदुकानन्दद्वारा महान् यज्ञहरू सञ्चालित भएका थिए । अन्य महापुरुषहरूबाट ठाउँठाउँमा एवं समय-समयमा अरू केही महत्त्व बढाउने प्रयास पनि भए । सदरमुकाम तम्घासमा भएपछि झन् संरक्षण हुनु पर्नेमा ह्रास हुँदै गएको छ । सबुजबाट पहिलेपहिले असंख्य काठहरू काटिएका थिए । बजारले गर्दा तम्घासका धेरै जसो व्यक्तिहरूले बाह्रैमास दाउरा बोकेर आफ्नो जीवननिर्वाह गरेका छन् । चारैतिरबाट प्रतिदिन हजारौं संख्यामा दाउरा, काठ, घाँस फाँडिएको छ । वन सुखा हुँदै छ, रित्तै भएको छ एवं उजाड । समयमै यसको संरक्षण गरिएन भने पछि भावी सन्तानलाई पछुतो पर्नेछ । त्यहाँको पोखरीनेर मसानघाट भएकोले अझ नराम्रो प्रतिक्रिया देखा पर्न थालेको छ ।

अन्ततोगत्वा जङ्गल मासिएमा सबै मूलको पानी सुक्नाले तम्घास, जुभुङ्, झिर्वासका जनताहरू तिर्खाएर मर्नु पर्ने स्थिति पनि उत्पन्न हुन सक्ने सम्भावन

हुन जान्छ । अतः सबै कुरालाई पहिले नै ध्यानमा राखेर प्रशासनले उचित कदम समयमै चालेर यसको संरक्षरण गर्नु आवश्यक छ ।

**भवदीय**
**शशि पन्थी, गुल्मी**
**– साभार : निष्पक्ष ध्वनि(राष्ट्रीय साप्ताहिक)**
वर्ष १, अङ्क ९, भैरहवा, २०२७
माघ २८ गते बुधवार (१०, फरवरी १९७१) बाट ।

**०००**

# किरण पुस्तकालयमा विचार गोष्ठी

**(ध्वनि प्रतिनिधिबाट)**

**तम्घास,**

वसन्त पञ्चमीको उपलक्ष्यमा तम्घास किरण पुस्तकालयमा एक समारोहको आयोजना गरिएको थियो । समारोहमा माघ २८ गते प्रातः सरस्वती पूजा विधिवत् गरियो ।

वसन्त पञ्चमीको उपलक्ष्यमा आयोजना गरिएको यस सरस्वती पूजाका अतिरिक्त यहाँ अर्को प्रमुख कार्यक्रम विचार गोष्ठी राखिएको थियो । गोष्ठीमा आजको राष्ट्रिय समस्याको विषयमा विचार विमर्श भयो । यस गोष्ठीमा विभिन्न युवकहरूले आ–आफ्नो विचार व्यक्त गरेका थिए । विश्वमा मानवको परिचय केबाट र कसरी दिने प्रश्नको समाधानका लागि श्री खगेश्वर शर्मा, देवीप्रसाद पन्थी, तेजबहादुर थापा, टीकाराम खनाल, मुक्तिराम ढकाल आदि व्यक्तिहरूले यसको ठीक परिभाषा दिने प्रयास गर्नुभएको थियो ।

गोष्ठीमा खास गरेर नेपाल–भारत वाणिज्य एवं पारवहन वार्ता, नेपालको असंलग्न परराष्ट्र नीति, निर्दयलीय पञ्चायत व्यवस्था, श्री ५ युवराजाधिराजको निग्रानीमा गठित जाँच बुझ केन्द्र, पञ्चायत व्यवस्थाको दोस्रो दशक र सौन्दर्य प्रतियोगिताको विषयमा विशेष छलफल र समालोचना गरिनुको साथै यस व्यवस्थालाई सफल पारेर देशविकासमा दृढ संकल्पित छौं भन्ने कुरामा विशेष जोड दिइयो ।

उक्त अवसमा आयोजना गरिएको स्थान, विश्वका महान् व्यक्तिका वाणीहरू, विश्वका विभिन्न महत्त्वपूर्ण चित्रहरू, सरस्वती, लक्ष्मी, गणेश, विष्णु, शिव, ब्रह्मा आदि देवी-देवताहरूका फोटा एवं मालाहरूले सुशोभित र सुसज्जित बनाइएको थियो ।

– साभार : **निष्पक्ष ध्वनि(राष्ट्रिय साप्ताहिक)**
वर्ष १, अङ्क ९, भैरहवा, २०२७
माघ २८ गते बुधवार (१० फरवरी १९७१) बाट ।

ooo

**अक्षरहरू अजरामर हुन्छन् ।**

**अक्षरबाट शब्द बन्छन् ।**

**शब्दहरू वाक्यमा उनिएर पुस्तकमा रहन्छन् ।**

**पुस्तकमा मान्छेका ज्ञान, अनुभव सभ्यता, संस्कृति, इतिहास, कला र साहित्य अजरामर बनेर रहन्छन् ।**

**पठन संस्कृति बढाऊँ,**

**ज्ञानी, सभ्य, दक्ष र सुसंस्कृत मान्छे बनौं ।**

# हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क १०९ बारे

श्रीमान् सम्पादकज्यू ,
हाम्रो पुरुषार्थ, गुल्मी ।

हाम्रो पुरुषार्थको २०८२ माघ-चैत्र अर्थात् वर्ष ५३, सम्पूर्णाङ्क १०९ पढ्ने अवसर प्राप्त गरेँ । यसबारे संक्षिप्त प्रतिक्रिया निम्न अनुसार व्यक्त गर्न चाहन्छु ।

यसको सम्पादकीयले देशको विकास भयो भन्ने सत्तासीनलाई राम्रो झापड हानेको छ ।

यस अङ्कमा प्रकाशित डा. लक्ष्मीकान्त पन्थीको कथा "पुनर्मिलन"ले सम्बन्ध विच्छेदको समस्याले समाजलाई पारेको प्रभावलाई पुनः परिभाषित गरेको छ । शंकर गौतमको 'कारावास' कथाले कसरी वैदेशिक रोजगारको मोहमा मानिस ठगीको शिकार भएका छन् भन्ने कुराको बोध गराउन सफल भएको छ ।

ज्ञानबहादुर क्षेत्रीको नाटक "मधौरु" ले हाम्रो पुरुषार्थमा नाटक प्रकाशनको खडेरीलाई पूर्ति गर्ने प्रयास गरेको छ । यस नाटकमा लामखुट्टेलाई व्यक्तिको रूपमा पात्र बनाई मलेरिया डेंगु जस्ता रोगबाट बच्न, सजग रहन सन्देश दिएको छ ।

यस अङ्कमा प्रकाशित सबै कविता उत्कृष्ट भए पनि पाना ५७ मा प्रकाशित कविता "आत्मज्ञानको दृष्टान्त" कविताले मन छोयो । बाहिरी आडम्बरले कर्म हुँदैन । आन्तरिक हृदयदेखि नै सत्कर्म गरे ईश्वरको दर्शन पाइने सन्देश यस कविताले दिएको छ ।

पाना ११३ मा सेवा, निष्ठा र त्यागको त्रियोग शीर्षक दिएर गुल्मी पुर्कोटदहक्षेत्रको विकासमा योगदान पुऱ्याएका चक्रबहादुर कुँवरको योगदानको चर्चा गरिएको लेख निकै प्रशंसनीय छ । यस्ता विकासपुरुषहरूको बारेमा अझ बढी सामग्रीहरू आगामी अंकहरूमा पढ्न पाउने आशा गर्दछु ।

अन्य स्थायी स्तम्भहरू सबै पठनीय छन् ।

अनुभव र अनुभूति शीर्षकअन्तर्गत ८७ वर्षको उमेरमा नातिनीसंग कम्प्यूटर टाइप सिकेर चार कृति (पुस्तक) को पाण्डुलिपि तयार गरेको मीनप्रसाद गौतमको अनुभव निकै प्रेरणादायी छ । यसले सिकाइका लागि कुनै उमेर हुँदैन भन्ने पाठ सिकाएको छ ।

हाम्रो पुरुषार्थको निरन्तरता र अमरताको हार्दिक शुभकामना प्रकट गर्दछु । हाम्रो पुरुषार्थको जय होस् ।

**पाठक**
**रविचन्द्र शाक्य**
**तौलिहवा, कपिलवस्तु ।**

०००

---

**श्रीमान् संपादकज्यू,**
**हाम्रो पुरुषार्थ त्रैमासिक**
**किरण पुस्तकालय, तम्घास, गुल्मी ।**

हाम्रो पुरुषार्थको अंङ्क १०९ (माघ-चैत्र २०८२) प्राप्त गरें, पढें र ज्ञान आर्जित गरें । विशेष ८७ वर्षको उमेरमा पनि नातिनीसित कम्प्यूटर सिकेर चार कृति तयार पार्न सफल मीनप्रसाद गौतमको दृढ सङ्कल्प शक्ति र ९१ वर्षको उमेरमा पनि देखिएको क्रियाशीलताले ८३ वर्षको मलाई घच्घच्याएको छ ।

यस अंङ्कमा श्री राम ज्ञवालीले म संग गर्नुभएको संवाद अन्तर्वार्ताको रूपमा प्रकाशित गर्नुभएकोमा 'हाम्रो पुरुषार्थ' प्रकाशनलाई धन्यवाद ज्ञापन गर्दछु । हस्तलिखित अक्षर नबुझिएर होला केही त्रुटि देखिएका छन् । सच्याई पढ्ने सूचना प्रकाशित गरिदिनुहोला ।

| पेज | ठाउँ | भएको | हुनुपर्ने |
|---|---|---|---|
| १. | संपादकीय टिप्पणीको सातौ पंक्ति | (सुस्क/टढेरा) | सुस्केरा |
| ३. | कविताको चौथो पंक्ति | (शब्दब्रह्मा) | सद्ब्रह्म |
| ४. | प्रश्न ७को उत्तर चौथो पंक्ति | (भौक) | भौतिक |
| ६. | प्रश्न १४को उत्तर दोस्रो पंक्ति | (काव्यसूत्र) | काव्यसूत्रमा |
| ९. | प्रश्न २४को उत्तर पहिलो पंक्ति | (साहित्य) | जीवन |

**भवदीय**
**कृष्णप्रसाद कोइराला**

०००

# किरण पुस्तकालयका आजीवन सदस्यको परिचय

## आजीवन सदस्य नं. १४९



नाम : कृष्णप्रसाद खनाल

जन्ममिति : २०३२/०१/१२

ठेगाना : रेसुङ्गा नगरपालिका वडा नं. ५, भुवनपानी

हाल : " " " " "

पिता/माता : तुल्सीराम खनाल / रुकी खनाल

पत्नी : जबुना खनाल

शिक्षा : एम. बी. एस.

अभिरुचि : अध्ययन

संलग्नता : हाल – लेखा अधिकृत, रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मी ।

मोवाइल नं. : ९८६७२४०३५५

इमेल : krishnakhanal6375@gmail.com

---

## आजीवन सदस्य नं. १५०



नाम : विजयविक्रम बस्नेत

जन्ममिति : २०४०/०६/१९

ठेगाना : रेसुङ्गा नगरपालिका- ९, उपल्लो तम्घास, गुल्मी

हाल : चन्द्रागिरि न.पा.-१३, पुरानो नैकाप, काठमाडौं

पिता/माता : वीरसिँह बस्नेत / लक्ष्मी बस्नेत

पत्नी : प्रियंका बस्नेत

शिक्षा : एम. ए.

अभिरुचि : अध्यात्म

पेशा : नेपाली सेना

संलग्नता : सामाजिक सेवा ।

मोवाइल नं. : ९८५१०४९४०६

## आजीवन सदस्य नं. १५१



**नाम : कृष्ण खनाल**

**जन्ममिति : २०४५/०४/०८**

**ठेगाना : रेसुङ्गा नगरपालिका वडा नं. १, पुतलीवजार**

**पिता/माता : हुमनाथ खनाल / मिना खनाल**

**पत्नी : बिना अधिकारी खनाल**

**शिक्षा : मास्टर्स**

**अभिरुचि : समाजसेवा, भ्रमण**

**संलग्नता : गुल्मी उद्योग वाणिज्य संघ सदस्य, कम्प्युटर एसोसियसन प्रदेश उपाध्यक्ष ।**

**मोवाइल नं. : ९८५७०६१८५४ / ९८५७०६६८५४**

**पेशा/व्यवसाय : हाई स्पिड कम्प्युटर तम्घास, गुल्मी /**
**-आजीवन सदस्य-सिद्धबाबा मा. वि. तम्घास, गुल्मी**

**इमेल : krishnakhanal6375@gmail.com**

---

## आजीवन सदस्य नं. १५२



**नाम : अनन्तराम पन्थी**

**जन्ममिति : २०२१/०९/०५**

**ठेगाना : धुर्कोट -७, वाग्ला, बडाचौर**

**पिता/माता : फणाधर पन्थी / घनाकुमारी पन्थी**

**पत्नी : सीता पन्थी**

**शिक्षा : एम. ए. / बि. एड**

**अभिरुचि : अध्यात्म, भ्रमण**

**संलग्नता : सामाजिक सेवा ।**

**मोवाइल नं. : ९८६७५८८८६६**

**पेशा : पूर्व शिक्षक**

# हाम्रो पुरुषार्थका आजीवन/स्थायी ग्राहकको नामावली

<u>आजीवन ग्राहक</u>

| **क्र.सं. ग्राहकको नाम** | **ठेगाना** |
|---|---|
| ९८४. श्री विजयविक्रम बस्नेत | रेसुङ्गा नगरपालिका- ९, उपल्लोतम्घास, गुल्मी ।<br>हाल : चन्द्रागिरी न.पा.-१३, पुरानो नैकाप, काठमाडौं<br>मो. नं. : ९८५१०४९४०६ |
| ९८५. श्री कृष्ण खनाल | रेसुङ्गा नगरपालिका वडा नं. १, पुतलीबजार ।<br>मो. नं. : ९८५७०६१८५४ |
| ९८६(११) श्री गोविन्द पोखरेल | धुर्कोट नया गाउँ, अरौंदी गुल्मी<br>हाल - पेप्सीकोला, काठमाडौं ।<br>मो. नं. : ९८४१८४९६६६ |

## स्थायी ग्राहक

**६९. गुल्मी जिल्ला अदालत बार एशोसिएशन, गुल्मी, तम्घास ।**
**सम्पर्क नं. : ०७९५२०३७९**

**पुस्तकालयमा जाने र पुस्तक, पत्र-पत्रिका पढ्ने बानी बसालौं ।**



शिवालय मन्दिर सावनी



गोशाला, चौतारा



अर्जुन भगवती मन्दिर



जोगीथुम भगवती मन्दिर



धागिथुम भगवती मन्दिर



भाडगाउँ शिवालय मन्दिर

जि.का. गुल्मी द.नं. : ०१/२०३५/०३६



रेसुङ्गा विमानस्थल




रेसुङ्गा नगरपालिका तम्घास, गुल्मी

ISSN 2091-2013